राजस्व सम्बन्धी स्रोत सामग्री

प्रकाशक

महान्यायाधिवक्ताको कार्यालय

सिंहदरबार, काठमाडौं

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

राजस्व सम्बन्धी स्रोत सामग्री

प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय, नेपाल

सम्पादक : सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

सम्पादन सहायक : नायब सुब्बा श्री चन्दन कुमार ठाकुर

: कम्प्युटर अपरेटर श्री नारायण स्वर्णकार

प्रकाशित मिति : २०७६, जेष्ठ

प्रकाशन संख्या : १००० (एक हजार प्रति)

विषय सूची

क्र.सं.	नाम	कार्यपत्रको विषय	पेज नं.
१	श्री नारायण प्रसाद पौडेल	मुल्य अभिवृद्धि कर सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फौसलाहरूको विश्लेषण कानून र प्रतिपादित सिद्धान्त	
२	श्री विश्वराज कोईराला	राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ अन्तरगत सर्वोच्च अदालतमा पुनरावेदनको अनुमती सम्बन्धी व्यबस्थाको प्रयोग र रिट क्षेत्राधिकार	
३	श्री गोपाल प्रसाद रिजाल	राजस्व सम्बन्धी मुद्दामा असाधारण अधिकार क्षेत्रको प्रयोग एक अध्ययण	
४	श्री सञ्जीव राज रेग्मी	अन्त शुल्क सम्बन्धमा सर्वोच्च अदालतकबाट भएका फैसलाहरुको विश्लेषण कानून र प्रतिपादित सिद्धान्त	
५	श्री कृष्णमोहन काईराला	भ्याट कार्यान्वयनमा अदालतका केहि फैसलाका विश्लेषण	
६	श्री गोविन्दराज गौली	आयकर छुट सम्बन्धमा सर्वोच्च अदालतको दृष्टिकोण	
७	श्री नारायण बहादुर थापा	राजस्व सम्बन्धी विषयमा सर्वोच्च अदालतको न्यायिक संयमता एक सिमाहावलोकन	
८	श्री हरिशंकर ज्ञावली	नेपालमा राजस्व प्रशासन र सर्वोच्च अदालतबाट फैसला भएका मुद्दाहरुको अध्ययण विश्लेषण कानून र व्यवहार	

९	श्री केशव प्रसाद पन्त	भन्सार महसुल निर्धारण र असुलीमा भएका कानूनी व्यवस्था र सर्वोच्च अदालतको दृष्टिकोण एक चर्चा	
१०	श्री अच्युतमणि न्यौपाने	नेपालमा कर प्रशासन कानून र व्यवहार	
११	श्री नारायण रिमाल	कर सम्बन्धी कानून र सर्वोच्च अदालतको दृष्टिकाण	
१२	श्री लोकबहादुर कटुवाल	मूल्य अभिबृद्धि कर सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसलाहरुको विश्लेषण कानून र प्रतिपादित सिद्धान्त	
१३	श्री नवराज पराजुली	राजस्वमा भन्सार क्षेत्रको योगदान एक अध्ययण	
१४	श्री टेकराज भुषाल	राजस्व चुहावट हुने क्षेत्रहरु, समस्या र समाधानहरु	
१५	श्री अञ्चन भट्टराई	कर निर्धारणको सुचनामा न्यायिक दृष्टिकोण	
१६	श्री ओमप्रकाश बराल	नेपालमा आयकर ऐन अभ्यास एवं करका बिवादित विषयमा सर्वोच्च अदालतका दृष्टिकोण	
१७	श्री नगेन्द्र लम्साल	आयकर ऐनमा कर छुट सम्बन्धी व्यवस्था र न्यायिक दृष्टिकोण	
१८	श्री केदार कुमार अधिकारी	राजस्व चुहावट हुने क्षेत्रहरु समस्या र समाधान	
१९	श्री खुमबहादुर कुँवर	नेपालमा आयकर सम्बन्धी कानूनी व्यवस्था र अदालतको अभ्यास	
२०	श्री बद्रीकुमार कार्की	आयकर ऐन, २०५८ र सो सम्बन्धमा सर्बोच्च अदालतबाट प्रतिवादी सिद्धान्तहरुको बिश्लेषण	

Contents

मुल्य अभिवृद्धि कर सम्वन्धमा सर्वोच्च अदालतबाट भएका फैसलाहरुको बिष्लेषण: कानून र प्रतिपादीत सिद्धान्त.....७

नारायण प्रसाद पौडेल

कर र राजश्व सम्वन्धी विवादमा पुनरावेदनको व्यवस्था र रीट क्षेत्राधिकार..... ४९

विश्वराज कोइराला

राजश्वसम्बन्धी मुद्दामा असाधारण अधिकार क्षेत्रको प्रयोग.....६८

गोपालप्रसाद रिजाल

नेपालमा अन्त:शुल्क सम्बन्धी कानून र सर्वोच्च अदालतको दृष्टिकोण ८९

संजीवराज रेग्मी

मूल्य अभिवृद्धिकरको कार्यान्वयनको चरणमा भएका केही न्यायिक निर्णयको सिंहावलोकन.....१२७

कृष्णमोहन कोइराला

आयकर छुट सम्बन्धमा सर्वोच्च अदालतको दृष्टिकोण.....१४९

गोविन्दराज गौली

ाजश्व सम्बन्धी बिवादमा न्यायिक संयमता.....१८२

नारायण बहादुर थापा

कर राजस्व प्रशासन तथा राजस्वसंग सम्बन्धित केही मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसला तथा प्रतिपादित सिद्धान्तहरु २३२

हरि शंकर ज्ञवाली

भन्सार महसुल सम्बन्धमा भएका कानूनी व्यवस्था र सर्वोच्च अदालतको दृष्टिकोण 254

केशवप्रसाद पन्त

नेपालमा कर प्रशासन: कानून र व्यवहार.....२७४

अच्यूतमणी नेउपान

राजस्व चुहावटका प्रवृत्ति र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु.....२९०

नारायण रिमाल

मूल्य अभिवृद्धि कर: अवधारणागत पक्ष र सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण ३१०

लोकबहादुर कटुवाल

राजश्व संकलनमा भन्सारको योगदान ३३४

नवराज पराजुली

कर निर्धारणको सुचनामा न्यायिक दृष्टिकोण ३५५

अञ्चन भट्टराई

नेपालमा आयकर ऐनको अभ्यास एवं करका बिवादित विषयमा सर्वोच्च अदालतका दृष्टिकोण ३९७

ओम प्रकाश बराल

आयकर ऐनमा कर छुट सम्बन्धी व्यवस्था र न्यायिक दृष्टिकोण ४२२

नगेन्द्र लम्साल

नेपालमा राजस्व चुहावटका क्षेत्रहरु, समस्या र नियन्त्रणको उपाय ४३६

केदारकुमार अधिकारी

नेपालमा आयकर सम्बन्धी कानूनी व्यवस्था र अदालतको भूमिका ४६७

खुम बहादुर कुँवर

आयकर ऐन, २०५८ र सो सम्बन्धमा सर्बोच्च अदालतबाट प्रतिवादी सिद्धान्तहरुको बिश्लेषण ४९४

बद्रीकुमार कार्की

मुल्य अभिवृद्धि कर सम्वन्धमा सर्वोच्च अदालतबाट भएका फैसलाहरुको बिष्लेषण: कानून र प्रतिपादीत सिद्धान्त

नारायण प्रसाद पौडेल[◊]

१. विषय प्रवेशः

राज्य सञ्चालनको महत्वपूर्ण आधारहरु मध्य राजश्वलाई एउटा प्रमुख आधारको रुपमा लिईन्छ । राजश्वको माध्यमबाट सरकारले जनतालाई विभिन्न सेवा सुविधा प्रदान गर्नुका साथै विकास निमार्णका कामहरु संञ्चालन गरेको हुन्छ । सरकारका नीतिगत एंव दैनिकी क्रियाकलापहरु संचालन गर्नको लागि बजेट अपरिहार्य हुन्छ । सरकारले कर एवं गैह्र कर क्षेत्रबाट राजस्व संचालन गरी खर्च गर्ने गर्दछ । देशको संविधान एंव कानूनको परिधि भित्र रही राजस्वको संकलन र खर्च गर्ने प्रावधान रहेको हुन्छ । कानून बमोजिम बाहेक कर लगाउन नपाईने (No taxation without representation) र कानूनको परिधि भन्दा बाहिर गएर राजस्वको खर्च गर्न नपाईने सिद्धान्त अपनाईएको हुन्छ । कर राजस्व अन्तरर्गत हाल नेपालमा मुख्य रुपमा आयकर, अन्तशुल्क, भन्सार कर र मूल्य अभिवृद्धि करलाई लिईन्छ । यी करहरु निर्धारण गर्न संकलन गर्ने छुट दिने यस सम्बन्धमा उठेका विवादहरुको समाधान गर्ने जस्ता विविध कुराहरु कानूनद्धारा नै व्यवस्थित गरिएको पाईन्छ । जस्तै : आयकर सम्बन्धी विषय आयकर ऐन, २०५८, अन्तशुल्क सम्बन्धी कुरा अन्तःशुल्क ऐन, २०५८, मूल्य अभिवृद्धि कर सम्बन्धी कुराहरु मूल्य अभिवृद्धि कर ऐन, २०५२ र भन्सार सम्बन्धी बिषय भन्सार ऐन, २०६४ र तत्सम्बन्धी नियमावलीहरुबाट व्यवस्थित गरिएको पाईन्छ । यसका अलावा सम्पत्ति कर ऐन, २०४७, विदेशी लगानी कर ऐन, २०१९, सवारी साधन कर ऐन, २०३१ लगाएत थुपै्र कानूनहरुले कर सम्बन्धी विषयमा विविध व्यवस्था गरेका छन् । सालवहाली रुपमा संशोधन हुने आर्थिक ऐनबाट पनि कर सम्बन्धी कानूनमा विभिन्न संशोधन र थप व्यवस्थाहरु गर्ने गरेको हुन्छ ।

◊ नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

कर सम्बन्धी यी विविध कानूनहरु मध्य २०५२ सालमा तत्काल प्रचलनमा रहेका विक्री कर ऐन, २०२३, होटेल कर ऐन, २०१८, ठेक्का कर ऐन, २०२३, होटेल २०१७ लाई प्रतिस्थापन गरी बनेको मूल्य अभिवृद्धि कर ऐनलाई नेपालको राजस्व प्रशासनमा एउटा ज्यादै महत्वपुर्ण आयामाको रुपमा लिईन्छ । विश्वका धेरै विकशित मुलुकहरुमा धेरै पहिला देखि प्रयोगमा आई ज्यादै प्रभावकारी मानिएको मूल्य अभिवृद्धि कर सम्बन्धी कानूनको अवधारणलाई मुल्य अभिवृद्धि कर ऐन, २०५२ ले बैधानिक रुपमा अंगिकार गरेको पाईन्छ । शुरुमा २०५२ साल चैत्र ७ गतेको राजपत्रमा प्रकाशित यो ऐन २०५४।०५।०२ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार मिति २०५४ साल मंसिर १ गते देखि लागु भएको हो । सोही दिन देखि मूल्य अभिवृद्धि कर निययमावली, २०५३ पनि लागु भएकोले यो ऐन र यस अन्तर्गतको नियमावलीले मुल्य अभिवृद्धि कर सम्बन्धी विभिन्न सारवान तथा कार्यविधिगत व्यवस्थाहरु गरेका छन् । यस अन्तर्गत मुल्य अभिवृद्धि कर कानूनमा प्रयूक्त हुने विभिन्न शब्दावलीहरुको परिभाषा गरिएको साथै मूल्य अभिवृद्धि कर लाग्ने कारोवार, यस सम्बन्धी करको दर, कर निर्धारण र असुल गर्ने तरिका, मूल्य अभिवृद्धि कर लाग्ने मुल्य र भुक्तानी, मूल्य अभिवृद्धि कर छुट र कर फिर्ता लगाएतका विविध विषयमा विस्तृत व्यवस्था गरिएको पाईन्छ ।

मूल्य अभिवृद्धि कर वस्तु र सेवाको उपभोगमा लाग्ने अप्रत्यक्ष कर भएको र यो कर वस्तु वा सेवाको उत्पादन, पैठारी तथा वितरणका विभिन्न तह र चरणमा हुने मुल्य वृद्धिको अशंमा लाग्ने कर भएकोले यसलाई प्रयोगमा ल्याउने कुरामा शुरुका दिनहरुमा केही अप्ठेरो महसुस पनि भएको चर्चा पनि सुनिने गरेको थियो । यो करलाई बैज्ञानिक र सजिलो कर प्रणालीको रुपमा लिईन्छ। तापनी प्रयोगको अभ्यासको कमिले शुरुका दिनमा केही अप्ठेरो महसुस हुनुलाई अस्वभाविक मानिदैन। मूल्य अभिवृद्धि कर सम्बन्धी कानूनको प्रयोग गर्दै जादा के कुन वस्तुमा मूल्य अभिवृद्धि कर लाग्ने र कस्तो वस्तुको कारोवारमा मूल्य अभिवृद्धि कर नलाग्ने, कस्तो वस्तुको कारोवारमा कर छुट अन्तर्गत पर्ने र कस्तो कारोवारमा के कस्तो छुट सुविधा (Credit) प्राप्त हुने, मूल्य अभिवृद्धि कर निर्धारण गर्ने अन्तिम अधिकार

कसलाई हुने, यस सम्बन्धी के कस्ता विवाद कर अधिकृतले समाधान गर्ने, के कस्तो अवस्थामा आन्तरिक राजस्व विभागले प्रशासकीय पुनरावलोकनको माध्यमबाट समाधान गर्ने, मूल्य अभिवृद्धि कर सम्बन्धी कस्ता विवाद कसरी राजस्व न्यायाधिकरणमा प्रवेश गर्ने, राजस्व न्यायाधिकरणले गरेको फैसलामा चित्त नबुझेमा कस्तो कानूननी उपचार प्राप्त हुने, कस्ता विषयहरु रिट क्षेत्रबाट सोझै सर्बोच्च अदालतमा प्रवेश गर्ने, यस सम्बन्धी मुद्दा हेर्ने अदालत र निकायहरुको क्षेत्राधिकार के कति हुने भन्ने जस्ता थुप्रै कुराहरु विवादका विषयको रुपमा देखा परे । यी विषयहरु विभिन्न रुपमा सर्बोच्च अदालत र राजस्व न्यायाधिकरण तथा अन्य निकायहरुमा प्रवेश गरे र कतिपय विषयहरु न्यायिक प्रक्रियाद्धारा र कतिपय विषयहरु प्रशासकीय पुनरावलोकनको माध्यमद्धारा निप्टारा लागेका छन । यस सम्बन्धी कैयौं विषयहरु अहिले पनि आन्तरिक राजस्व विभाग, राजस्व न्यायाधिकरण र सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा छन् । कतिपय विवादका विषयहरु कर अधिकृतबाट, कतिपय विषयहरु प्रशासकिय पुवरावलोकनका माध्यमबाट र कतिपय विषयहरु राजस्व न्यायाधिकरणबाट समाधान भएको अवस्था भए पनि सर्बोच्च अदालत पुगी समाधान भएको विवादको स्थायी रुपमा निप्टारा लागेको मानिने र विवादित विषयमा सर्बोच्च अदालतबाट भएको व्याख्याबाट न्यायिक सिद्धान्त कायम हुन गै पछि आउँने त्यस्तै प्रकृतिका विवादको लागि मार्ग दर्शन पनि बन्ने भएकोले यहाँ सर्बोच्च अदालतबाट मूल्य अभिवृद्धि कर सम्बन्धी विवादमा भएका केही फैसलाहरुको बारेमा चर्चा गर्ने प्रयत्न गरिएको छ । प्रस्तुतिको सहजताको लागि फैसला भएका मुद्दाको मुख्य विवादको विषय (Main issue), फैसलाबाट कायम भएको न्यायिक सिद्धान्त, मुद्दाको संक्षिप्त तथ्यको वारेमा प्रकाश पार्ने फैसलाको संक्षिप्त विश्लेषण पनि गरिएको छ ।

२. मुल्य अभिवृद्धि कर सम्वन्धी केही मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसलाबाट प्रतिपादित सिद्धान्त

मुल्य अभिवृद्धि कर ऐन, २०५२ लागू भए पछि मूल्य अभिवृद्धि कर लाग्ने र कर छुट हुने तथा कट्टी गर्ने आधारहरु, मूल्य अभिवृद्धि कर निर्धारण गर्ने अधिकार र

सीमा,यस सम्बन्धी विवाद समाधान गर्ने अधिकारी तथा निकाय लगायतका विविध विषयमा विभिन्न विवादहरु सृजना भै कतिपय विवादहरु आन्तिरक राजश्व विभागवाट समाधान भएका छन् भने कतिपय विवादहरु राजश्व न्यायाधिकरणमा पुगेर टुगो लागेका छन्।केही विवादहरु राजश्व न्यायाधिकरणले गरेको फैसला उपर पुनरावेदनको अनुमतीको माध्यमवाट र धेरै विवादहरु रिटको माध्यवाट सर्वोच्च अदालतमा पुगी अन्तिम टुँगो पनि लागि सकेको छन् ।अहिले पनि आन्तिरक राजश्व विभाग,राजश्व न्यायधिकरण र सर्वोच्च अदालतमा मूल्य अभिवृद्धि कर सम्बन्धी धेरै विवाद तथा मुद्दाहरु विचाराधिन अवस्थामा छन् ।सर्वोच्च अदालतवाट अन्तिम टुँगो लागि सकेको विवादको विषय स्थायी रुपमा टुँगो लागेको मानिने र यसले न्यायिक सिद्धान्त कायम गरी पछि आउने विवादको लागि पनि मार्गदर्शन गर्ने हुँदा यहाँ सर्वोच्च अदातलवाट फैसला भै न्यायिक सिद्धान्त प्रतिपादन भएका मूल्य अभिवृद्धि कर सम्बन्धी केही मुद्दाहरुको बारेमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

निवेदकः अधिवक्ता कोपिल प्रसाद अधिकारी विरुद्ध विपक्षीः मन्त्रीपरिषद् सचिवालय समेत [१]

विषयः उत्प्रेषणयुक्त परमादेशको लगायतका जो चाहिले आज्ञा आदेश पुर्जि जारी गरी पाउ।

फैसला मितिः२०५५/५/१८

मुख्य विवादको विषय (Main Issue):

मूल्य अभिवृद्धि ऐन,२०५२ को दफा २१(२)मा भएको ६ वर्ष पछि राजश्व (मूल्य अभिवृद्धिकर)असुल गर्न नसकिने व्यवस्था र मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ५१(१),(२),(३) मा भएको मूल्य अभिवृद्धि कोष राख्ने तथा संचालन गर्ने सम्बन्धी व्यवस्था नेपाल अधिराज्यकव संविधान २०४७ को धारा ११(१),(२)द्धारा प्रदत्त समानताको हक र धारा ७४ द्धारा व्यवस्थित संचित कोष सम्बन्धी

१ ने.का.पा.२०५६,अंक २,नि.न.६६६५

व्यवस्थाको प्रतिकूल रहेकोले उक्त व्यवस्था प्रारंभ देखिदै निष्कृय र असंवैधानिक घोषित गर्न माग गरिएको ।

प्रतिपादित सिद्धान्तः

▪ आयात विन्दु अर्थात भन्सार कार्यलयमा धरौटी स्वरुप उठाइने मूल्य अभिवृद्धि वापतको रकम मध्ये कति राजश्व खातामा दाखिला हुने र कति रकम दाखिला गर्ने व्यक्तिलाई नै फिर्ता दिने भन्ने कुरा कर दाताले पछि पेश गर्न विवरणबाट मात्र यकिन हुन्छ । उक्त व्यवस्थाबाट वास्तविक राजश्व स्वरुपको कर रकम यो यति भयो भनी पछि सर्वसञ्चित कोषमा जम्मा गर्दा यकिन हुने र सो वाहेक उक्त रकम अन्य खातामा राख्न नपाउने कानूनी प्रावधान देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले कुनै आर्थिक वर्षको निमित्त बनेको आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर लगाई असूल उपर गर्न सक्ने अधिकार सम्म यो ऐनले दिएको छ। मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २१ मा ऐन बमोजिम निर्धारण भएको कर त्यसरी निर्धारण भएको मितिले ६ वर्ष पछि असुल गर्न सकिने छैन भन्ने कानूनी प्रावधानबाट सो दफा संविधानसंग बाझिएको छ भनि निष्कर्ष निकाल्न मिल्ने कुरा पनि देखिदैन र साथै राजश्व असूलीका सम्बन्धमा गरिएको व्यवस्थालाई राजश्व असूल नगर्ने भन्ने अर्थ लगाउन पनि मिल्दैन । ऐनको दफा २१ को उपदफा (२) को व्यवस्थालाई उपदफा १ बाट अलग गरेर हेर्न मिल्ने पनि होइन र दफा २०(१) मा कर असूलीको सम्बन्धमा अवलम्वन गरिने तरिकाको उल्लेख गरिएको म्याद भित्र कर नबुझाउने करदाताबाट उल्लेखित तरिका अपनाई कर असूली गर्न सक्ने व्यवस्था समेत रहेको हुँदा ऐनको दफा २१(२) मा वर्णित उक्त प्रावधान बढीमा ६ वर्ष भित्र राजश्व उठी सकोस भन्ने हेतुले विद्याधिकाले राखेको देखिन्छ ।

▪ तसर्थ नेपाल अधिराज्यको संविधानको धारा ७४ संग मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१)२(र ऐजनको नियमावली, २०५३ को नियम ५१)१)(२)(३(बाझिएको भन्ने निवेदन जिकिरसंग सहमत हुन नसकिने ।

तथ्य विवरणः

प्रस्तुत मुद्दामा अधिवक्ता कोपिल प्रसाद अधिकारीले सार्वजानिक सरोकारको विषय उठान गरी मूल्य अधिवृद्धि कर ऐन,२०५२ को दफा २१ को उपदफा (२) मा भएको उक्त ऐन वमोजिम निर्धारण भएको कर त्यसरी निर्धारण भएको मितिले ६ वर्ष पछि असुल गर्न सकिने छैन भन्ने व्यवस्था नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(१),(२) द्धारा प्रदत्त समानताको हक प्रतिकुल रहेको र मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ५१(१)(२)(३) मा भएको को मूल्य अभिवृद्धि कोष राख्ने तथा सन्चालन गर्ने सम्बन्धी व्यवस्था सोही संविधानको धारा ७४ मा उल्लेखित सन्चित कोष सम्बन्धी व्यवस्थाको प्रतिकुल रहेकोले उल्लेखित ऐन र नियमावलीको प्रावधान प्रारभ देखि नै अमान्य र वदर घोषित गरी पाउँ भनी संसद सचिवालय समेतका र ८ वटा निकायहरुलाई विपक्षी वनाई सर्वोच्च अदालतमा सोही संविधानको धारा ८८(१),(२),वमोजिमको रिट निवेदन दिनु भएकोमा सर्वोच्च अदालतका ३ जना माननीय न्यायधीशज्यूहरु संलग्न विशेष इजलासवाट उक्त ऐन तथा ऐन तथा नियमावलीको व्यवस्था नेपाल अधिराज्यको संविधानको धारा ११ र धारा ७४ सँग भन्ने निवेदन जिकिर सँग सहमत हुन नसकिएको भनी उक्त रिट निवेदन खारेज हुने ठहर्छ भन्ने आदेश भएको अवस्था छ।

फैसलाको ठहर खण्डः

नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक अधिवक्ता श्री कोपिल प्रसाद अधिकारीले नियमले अन्य कोष खडा गर्न नसक्ने ऐनद्वारा नै कोष खडा गर्नुपर्ने व्यवस्था हुनुपर्नेमा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ५१ ले अर्को कोष खडा गर्ने रहेको व्यवस्था संविधान बिपरित छ, साथै मूल्य अभिवृद्धि कर ऐनको दफा २१ (२) को व्यवस्था समान संरक्षणको सिद्धान्त विपरित छ भन्ने समेत व्यहोराको बहस जिकिर प्रस्तुत गर्नु भयो । निवेदक तर्फकै अर्का विद्वान वरिष्ठ अधिवक्ता श्री बासुदेव ढुंगानाले No Taxation without Representation को सिद्धान्त रहेको व्यहोरा उल्लेख गर्दै

ऐनको दफा २४ र २५ अनुसार फिर्ता दिनु पर्ने रकम फिर्ता दिई बाकी रकम सर्वसन्चित कोषमा जाने हो भन्ने व्यहोराको वहस जिकिर प्रस्तुत गर्नुभयो भने विद्वान अधिवक्ता श्री हरिप्रसाद उप्रेतिले ऐनको दफा २१(२) मा कर तिर्नु पर्ने दायित्व ६ वर्षपछि पूरा गर्न नपर्ने भनेबाट कर तिर्ने र ६ वर्ष सम्म नतिर्नेका बिच असमानता भयो केही समयका लागि पनि ऐनले खडा नगरी नियमले खडा गरेको कोषका राजश्व रकम राख्न नमिल्ने हुँदा नियमावलीको नियम ५१ को व्यवस्था संविधान प्रतिकुल छ भन्ने समेत व्यहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

विपक्षी श्री ५ को सरकारका तर्फबाट उपस्थित विद्वान वरिष्ठ सरकारी तर्फवाट सरकारी अधिवक्ता श्री बलराम के.सी.ले मूल्य अभिवृद्धि कर ऐनको प्रकृति नै पहिले उठाएको कर पछि हिसाब गरी फिर्ता दिने खालको भएको र त्यसरी फिर्ता दिने कार्यमा सरलता ल्याउने उद्देश्यले छुट्टै कोषको व्यवस्था गरिएको हो, First entry Point मा लगाएको करलाई असुल भएको कर मान्न मिल्दैन, त्यस्तो कर भन्सारबाट महसुल तिर्ने वित्तिकै राजश्वमा जाने होइन, ६ महिना पछि मात्र फिर्ता दिन पर्ने नपर्ने टुंगो लाग्दछ । तत्पश्चात फिर्ता दिन नपर्ने भए जति मात्र राजश्व रकम हुन्छ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो ।

आज निर्णय सुनाउनका लागि तोकिएको प्रस्तुत निवेदनका निवेदक एवं बिपक्षीहरु तर्फबाट उपस्थिति विद्वान अधिवक्ताहरुले गर्नु भएको वहस जिकिर समेत सुनी फाइल कागजात अध्ययन गरी निवदेन माग बमोजिमको आदेश जारी गर्नु पर्ने हो वा होइन? भन्ने प्रश्नको सम्बन्धमा नै निर्णय दिनु पर्ने हुन आएको छ ।

प्रस्तुत रिट निवेदनमा २०५४ साल मंसिर १ गते देखि लागु भएको मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१)२(को कानूनी व्यवस्था र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१)१)(२)(३(भएको व्यवस्था नेपाल अधिराज्यको संविधानको धारा ११)१)(२(र धारा ७४ को विपरित हुँदा उल्लेखित ऐन एवं नियमावलीको व्यवस्था निष्कृय एवम् असंवैधानिक घोषित गरी पाउँ भन्ने निवेदन जिकिर देखिन्छ । करको आधार विस्तार गर्ने र कर प्रणालीलाई राजश्व उत्पादन लक्ष्य सक्षम तथा पारदर्शी बनाउने निर्यातलाई प्रोत्साहन गर्ने, न्यून विजकीकरण तथा

चोरी पैठारीलाई हतोत्साहित गर्ने प्रमुख लक्ष्यका साथ मंसिर १,२०५४ देखि मूल्य अभिवृद्धि कर ऐन, २०५२ र ऐजन नियमावली, २०५३ लागु भएको र सो ऐन एवम् नियमावली अन्तरगतका कुनै पनि प्रावधान नेपाल अधिराज्यको संविधानको कुनै पनि धारा संग बाझिएको छैन, रिट निवेदन खारेज होस भनि विपक्षी तर्फका लिखित जवाफ रहेछ ।

सर्वप्रथम मूल्य अभिवृद्धि कर संबन्धमा के कस्तो व्यवस्था रहेछ भनि समष्टिगत रुपबाट कानूनी व्यवस्था तर्फ हेर्दा कानून बमोजिम बाहेक कुनै कर लगाउने र उठाइने छैन भन्ने र गुठी रकम बाहेक श्री ५ को सरकारलाई प्राप्त हुने सबै प्रकारका राजश्व, राजश्वको धितोमा लिइएका सवै कर्जाहरु र ऐनको अधिकार अन्तरगत दिइएको जुन सुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन ऐनद्धारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाधिनेछ जसलाई सन्चित कोष भनिनेछ भन्ने नेपाल अधिराज्यको संविधानको धारा ७३(१) र धारा ७४ मा व्यवस्था भएको देखिन्छ । देशको आर्थिक विकासको लागि आवश्यक राजश्व संकलन गर्ने प्रकृयालाई प्रभावकारी बनाइ राजश्व परिचालन बढाउन वस्तु वा सेवाको विक्री वितरण हस्तान्तरण, आयात वा निर्यात लगायतका सवै कारोवारमा मूल्य अभिवृद्धि कर लगाइने र असुल उपर गर्ने प्रकृयालाई व्यवस्थित गरी राजश्व संकलन प्रभावकारी ढंगबाट गर्ने समेतको उद्देश्य लिई मूल्य अभिवृद्धि कर ऐन २०५२ र ऐजनको नियमावली २०५३ मंसिर १, २०५४ साल देखि लागु भएको पाइन्छ ।

नेपाल अधिराज्य भित्र आपूर्ति भएको, आयात गरिएको वा बाहिर निर्यात गरिएको वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने कुरा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१) ले स्पष्ट गर्दछ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २८ बमोजिम श्री ५ को सरकारले अन्यथा तोकेकोमा बाहेक आयात हुने वस्तुमा भन्सार अधिकृतले यस ऐन बमोजिम कर असूल गर्न सक्ने कुरा सोही दफामा उल्लेख भएको पाइन्छ । यसरी ऐन बमोजिमको व्यवस्था अनुरुपको कर आयात विन्दु अर्थात भन्सार कार्यलयमा असूल उपर गर्ने र नियमावलीको नियम ५(१)बमोजिम संपूर्ण कर रकम मूल्य अभिवृद्धि कर कोष खातामा जम्मा गर्नु पर्ने कानुनी व्यवस्था

भएको देखिन्छ । तर कोषमा जम्मा हुन आउको रकमबाट मूल्य अभिवृद्धि कर विभागले ऐनको दफा २४ र २८ बमोजिम फिर्ता दिनुपर्ने ठहर गरि, आदेश दिई ततपश्चात बाँकि रकम मात्र राजश्व कर हुने हुनाले सो रकम संवैधानिक व्यवस्था बमोजिम सन्चित कोषमा दाखिला गर्नुपर्ने कानूनी व्यवस्था देखिन्छ । उल्लेखित नियम ५१ को व्यवस्थाबाट करको रकम आखिर सर्व सन्चित कोषमा नै दाखिला नगरि श्री ५ को सरकार वा अन्य कुनै पनि व्यक्ति विशेषले उक्त रकम स्वैच्छिक रुपबाट खर्च गर्न पाउने कुरा देखिँदैन । यसरी आयात विन्दु अर्थात भन्सार कार्यालयका धरौटी स्वरुप उठाइने मूल्य अभिवृद्धि वापतको रकम मध्ये कति राजश्व खातामा दाखिला हुने र कति रकम दाखिला गर्ने व्यक्तिलाई नै फिर्ता दिने भन्ने कुरा कर दाताले पछि पेश गर्ने विवरणबाट मात्र यकिन हुन्छ । उक्त व्यवस्थाबाट वास्तविक राजश्व स्वरुपको कर रकम यो यति भयो भनि पछि सर्व सन्चित कोषमा जम्मा गर्दा यकिन हुने र सो वाहेक उक्त रकम अन्य खातामा राख्न नपाउने कानूनी प्रावधान देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन.२०५२ ले कुनै आर्थिक वर्षको निमित्त बनेको आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर लगाई असूल उपर गर्न सक्ने अधिकार सम्म यो ऐनले दिएको छ । मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २१ मा ऐन बमोजिम निर्धारण भएको कर त्यसरी निर्धारण भएको मितिले ६ वर्ष पछि असुल गर्न सकिने छैन भन्ने कानूनी प्रावधानबाट सो दफा संविधानसँग बाझिएको छ भनि निष्कर्ष निकाल्न मिल्ने कुरा पनि देखिदैन र साथै राजश्व असूलीका सम्बन्धमा गरिएको व्यवस्थालाई राजश्व असूल नगर्ने भन्ने अर्थ लगाउन पनि मिल्दैन । ऐनको दफा २१ को उपदफा (२) को व्यवस्थालाई उपदफा १ बाट अलग गरेर हेर्न मिल्ने पनि होइन र दफा २०(१) मा कर असूलीको सम्बन्धमा अवलम्बन गरिने तरिकाको उल्लेख गरिएको म्याद भित्र कर नबुझाउने करदाताबाट उल्लेखित तरिका अपनाई कर असूल गर्न सक्ने व्यवस्था समेत रहेको हुँदा ऐनको दफा २१(२) मा वर्णित उक्त प्रावधान बढीमा ६ वर्ष भित्र राजश्व उठी सकोस भन्ने हेतुले विद्याधिकाले राखेको देखिन्छ ।

तसर्थ नेपाल अधिराज्यको संविधानको धारा ७४ संग मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१(२) र ऐजनको नियमावली, २०५३ को नियम ५१(१) (२)(३) बाझिएको भन्ने निवेदन जिकिरसंग सहमत हुन सकिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानूसार गरी बुझाई दिनु ।

फैसलाको विश्लेषणः

प्रस्तुत मुद्दामा रिट निवेदन खारेज गर्न गरी भएको आदेशवाट मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २१(२)मा उल्लेखित व्यवस्थाको व्याख्या भएको छ । यो आदेशले उक्त दफामा भएको सो ऐन वमोजिम निर्धारण भएको मूल्य अभिवृद्धि कर सो कर निर्धारण भएको ६ वर्ष पछि कर तिर्नु नपर्ने सुविधा दिएको भन्ने अर्थ गर्न मिल्दैन ।उक्त दफा २१(२) को व्यवस्था सोही दफा २१ को उपदफा (१)द्धारा व्यवस्थित कर असुल गर्ने उपायसँग जोडी हेर्नु पर्ने र ६ वर्ष अगाडी नै उक्त उपायहरु अवलम्वन गरी कर असुल गर्न .....भन्ने उद्देश्य राखिएको व्यवख्या भएकोले यसलाई नकारात्मक रुपमा बुझन नहुने र मुल्य अभिवृद्धि कर नियमावलीको नियम ५१(१) (२)(३) मा भएको मूल्य अभिवृद्धि सम्बन्धी छुट्टै कोष राख्ने तथा सन्चालन गर्ने सम्बन्धी व्यवस्थाले संविधानद्धारा व्यवस्थित सन्चित कोष सम्बन्धी व्यवस्थालाई प्रतिस्थापन गर्ने वा समानान्तरको .....गर्ने नभै मूल्य अभिवृद्धि कर वापत करदाताले अग्रिम कर बुझाएकोमा आफुले आयात गरेको सामान वा सेवा विक्कि गर्दा उठाएको मूल्य अभिवृद्धि कर रकम त्यसरी आफुले पहिला बुझाएको मूल्य अभिवृद्धि कर रकम भन्दा घटी हुन गएमा त्यस्तो रकमवाट आफुले उठाएको करवापतको रकम फिर्ता पाउने हुँदा त्यसरी फिर्ता गरी सकेपछिको बाँकी रहेको कर रकममै वास्तविक रुपमा राजश्व रकम हुने र त्यस्तो रकम संचितकोषमा जम्मा हुने हुँदा मूल्य अभिवृद्धि कोष राख्ने सम्बन्धी कानूनी व्यवस्था संविधान प्रतिकुल नहुने भनी कानूनको व्यावहारिक व्याख्या भएको पाईन्छ।यो व्याख्यावाट उक्त ऐन र नियमावलीकव व्यवख्यामा दुविधा नभएको हुँदा ..स्पष्ट भएको छ ।\

पुनरावेदकःमित्तल टि. इण्डस्ट्रिज प्रा.ली.को तर्फबाट ऐ. का अधिकार प्राप्त सञ्चालक महेश कुमार अग्रवाल विरुद्ध प्रत्यर्थीः साविक मुल्य अभिवृद्धि कर विभाग,हाल आन्तरिक राजश्व विभाग,काठमाडौं

मुद्दाः- मूल्य अभिवृद्धि कर

फैसला मिति :-२०६५/१२/१०

मुख्य विवादको विषय (Main Issue):

- मूल्य अभिवृद्धि कर कट्टी सुविधा (text credit)लिनको लागि रितपूर्वक विजक जारी गरेको हुनुपर्ने नपर्ने
- स्टक र विक्कीको परिमाण खरिद वा आयात गरेको परिमाण संग मेल खानु अनिवार्य हुने नहुने र सर्टेजमा मू.अ.कर लाग्ने नलाग्ने
- उप्पादनको लागि ल्याएको कच्चा पदार्थ र उत्पादित सामानको परिमाण विचको अन्तरमा जती ...सुविधा पाउने कि नपाउन

प्रतिपादित सिद्धान्तः

कुनै मूल्य अभिवृद्धि करमा दर्ता भएको कुनै करदाताले वस्तु खरिद गर्दा तिरेको करको रकम उक्त वस्तु बिक्री गर्दा संकलन गरेको रकमबाट कट्टा गराई फिर्ता लिने तर यसरी कर कट्टा गरिएको वस्तुको बिक्री गरेको अभिलेख पनि नदेखाउने र स्टकमा रहेको पनि देखाउन नसकेको अवस्थामा खरिद गर्दा संकलन गरेको कर उक्त वस्तुको बिक्रीबाट संकलन गरेको करको रकमबाट कट्टा गरी फिर्ता लिन पाउने सम्बन्धमा मूल्य अभिवृद्धि नियमावली,२०५३ को नियम ३९(१) र ३९(३) मा गरिएको व्यवस्थाको दुरुपयोग हुन सक्ने ।

- करकट्टि गरिलिएको वस्तुको बिक्री र स्टकमा रहेको वस्तुको परिणामको बीचमा भिन्नता देखिएमा सो भिन्नताको हदसम्मको परिमाणका वस्तु स्टकमा रहेको मानिने कुरा तर्कसँगत र न्यायसँगत पनि छ । तर यो व्यवस्था कुनै वस्तुको

उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको रुपमा प्रयोग हुने वस्तुको हकमा भने लागू हुन नसक्ने ।(प्रकरण नं.७)

- कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थ र बिक्रीको लागि खरिद गरिएका सामान्य खरिद बिक्रीका सामानहरूको खरिद,बिक्री तथा प्रयोगको सन्दर्भलाई छुट्याएर हेर्नु पर्ने ।
- उत्पादनको प्रक्रियामा जर्ती जान सक्ने प्रकृति र परिमाणको कच्चा पदार्थलाई नियमित व्यापारिक प्रक्रियामा बिक्री गर्नको लागि खरिद गरी करकट्टा गरिएको वस्तुको समकक्षमा राखी जर्ती गएको कच्चा पदार्थको हकमा पनि मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(१) को व्यवस्था लागू गर्नु उक्त नियमको उद्देश्य र प्रयोजन विपरीत हुने ।

(प्रकरण नं.९)

- कच्चा पदार्थको प्रयोग गरी उत्पादन गर्दा कच्चा पदार्थमा केही सर्टेज हुन्छ भनी मानेको अवस्थामा त्यस्तो सर्टेज भएको वस्तु स्टकमा रहेको हुन्छ भनी मान्न सकिँदैन र बिक्री भएको मान्न पनि नसकिने ।

तथ्य विवरणः

पुनरावेदनक महेश कुमार अग्रवालद्धारा सन्चालित मित्तल टि.इण्डण्ड्रीज प्रा.ली.ले बुझाएको मू.अ.कर विवरण ..विभिन्न अवधिको गरी कुल १५ महिना अवधिको कर विवरणमा मूल्य अभिवृद्धि कर विभागवाट पूर्व कर निर्धारणमा परिवर्तन गर्नुपर्ने देखि निजको कर विवरण लेखा परिक्षण गरी जारी गरेको कर,जरिवाना,दस्तुर र व्याज समेत रु ४,५४,६३१/- मू.अ.कर लाग्ने गरी भएको कर निर्धारण आदेश उपर उक्त प्रा.लि.को तर्फवाट राजश्व न्यायधिकरणमा पुनरावेदन परेकोमा सो न्यायाधिकरणवाट अरुमा मूल्य अभिवृद्धि विभागको कर निर्धारण आदेश गरी २% जरिवाना गर्नुको औचित्य र कानूनको उल्लेख नगर्नु ४,१४८ जरिवाना गरेको हदसम्म कर निर्धारण आदेश नमिलेको फैसला भएको र सो फैसला उपर चित्त नबुझी पुन; निर्धारण भएको कर दायित्व वाट मुक्ति पाउँ भनी उक्तटि.इण्डण्ड्रीज

प्रा.ली तर्फवाट पुनरावेदनको अनुमतीको लागि सर्वोच्च अदालतमा निवेदन परेको भनि सर्वोच्च अदालतवाट सर्टेजमा राजश्व न्यायाधिरणले कर लगाएको फैसला नमिलेको भनी फैसला केही उल्टी गर्ने र अरु कुराका हकमा राजश्व न्यायधिकरणको फैसला नै सदर गर्ने फैसला भएको अवस्था छ ।

फैसलाको ठहर खण्डः

नियमबमोजिम दैनिक पेसी सूचीमा समावेश भई यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता अनिलकुमार सिन्हाले मूल्य अभिवृद्धि कर ऐन अनुसार मूल्य अभिवृद्धि कर वस्तु तथा सेवाको उपभोगमा लाग्ने कर हो, सर्टेजमा लगाउन मिल्दैन । मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(१) को व्यवस्था सर्टेजमा लागू हुन सक्दैन । कानूनले स्पष्ट रुपमा कर लाग्ने भनी नभनेको कुरामा कर अधिकृतको स्वैच्छाचारी निर्णयबाट कर लगाउन नमिल्ने हुँदा राजश्व न्यायाधिकरणको फैसला उल्टी भई गैरकानूनी रुपबाट लगाइएको कर तथा जरीवाना लगाउने निर्णय बदर हुनुपर्छ भनी बहस गर्नुभयो । आन्तरिक राजश्व विभाग तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता कृष्णप्रसाद पौडेलले उद्योगले खरिद गरेको सामान बिक्री गरेको नदेखिएको अवस्थामा मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(१) अनुसार बिक्रीसरह मानी मूल्य अभिवृद्धि कर लगाउने गरी भएको निर्णय कानूनसम्मत हुँदा राजश्व न्यायाधिकरणको फैसला मिलेकै हुँदा सदर हुनुपर्छ भनी बहस गर्नुभयो ।

पक्ष विपक्षबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरूको बहस सुनी पेश भएका मिसिल कागजातहरू अध्ययन गरी हेर्द राजश्व न्यायाधिकरणबाट भएको फैसला मिलेको छ छैन? पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्छ सक्दैन भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ बिचार गर्दा कर दाताले मूल्य अभिवृद्धि कर अवधि ०५५ साल साउन महिना १ ऐ ०५५ साल मंसिर महिना देखी ऐ चैत महिनासम्म महिना ५, ०५६ साल असार महिना १, ऐ २०५६ साल मंसिरमहिना देखि २०५७ असार सम्म ८(आठ) महिना गरी जम्मा १५ महिना अवधिको करको सम्बन्धमा पूर्व कर

निर्धारणमा परिवर्तन गरी थप दस्तूर, व्याज, जरीवाना समेत रु. ४,५४,६३१।- कर मूल्य अभिवृद्धि कर विभागबाट कर निर्धारण आदेशउपर राजश्व न्यायाधिकरणमा परेको पुनरावेदनमा राजश्व न्यायाधिकरण काठमाडौबाट फैसला हुँदा पुनरावेदकलाई रु. ४,१४८।- जरीवाना गरेको हदसम्मको मूल्य अभिवृद्धि कर निर्धारण निर्णय मिलेको नदेखिँदा आन्तरिक राजश्व विभागको निर्णय केही उल्टी हुने ठहरी फैसला भएको देखिन्छ। पुनरावेदकले राजश्व न्यायाधिकरणको आदेशमा चित्त नबुझाई यस अदालतमा पुनरावेदन गर्न अनुमतिको लागि निवेदन गरेकोमा यस अदालतबाट २०६२।२।५।५ मा पुनरावेदन गर्ने अनुमति प्रदान भई यस अदालतको पुनरावेदन दायरीमा दर्ता भई पेश हुन आएको रहेछ ।

यसमा मुख्य गरेर मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७(३) ले रु. पचास हजार सम्मको चिज वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको बीजकमा निजको नाम, ठेगाना र स्थायी लेखा नम्वर उल्लेख गरेको भए करकट्टि गर्न पाउनेमा नाम उल्लेख नभएको बीजकको हकमा क्रेडिट दावी गर्न नपाउने र सोही मू.अ. कर नियमावलीको नियम ४०(१) मा स्टकमा रहनु पर्ने वस्तु स्टकमा रहेको नपाइएको अवस्थामा प्रचलित बजार मूल्यमा बिक्री भएको मानिने व्यवस्था रहेको सन्दर्भमा स्टकमा रहनु पर्ने माल स्टकमा नरहेमा सर्टेज भनी मान्ने नभई बिक्री भएको अनुमान गर्नुपर्ने भन्ने राजश्व न्यायाधिकरणको फैसला नमिलेको भन्ने निवेदन जिकीर रहेको पाइयो ।

पचास हजार रुपैया सम्मको वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको बीजकमा निजको नाम ठेगाना र स्थायी लेखा नम्वर उल्लेख नभएको करकट्टिको सुविधा प्राप्त हुन्छ हुँदैन भन्ने सन्दर्भमा हेर्दा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७(३) मा खुद्रा बिक्रेताले स्थायी लेखा नम्वर नभएका व्यक्तिलाई जतिसुकै रकमको वस्तु वा सेवा आपूर्ति गर्दा लाग्ने कर समेत नदेखाई मूल्यमा गाभी अनुसूची ५क बमोजिमको ढाँचामा एकमुष्ट कर बीजक जारी गर्नुपर्ने छ । स्थायी लेखा नम्वर भएका प्रत्येकले पचास हजार रुपैया सम्मको वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको बीजकमा निजको नाम ठेगाना स्थायी लेखा नम्वर उल्लेख गरेको भए

करकट्टि सुविधा पाउने छ भन्ने व्यवस्था भएको र त्यस्तो नाम ठेगाना र स्थायी लेखा नम्वर उल्लेख नभएको बीजकको सम्बन्धमा सोही नियमावलीको नियम १७(४) मा कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने सबै बिक्रेताले आफ्नो तथा प्रापकको नाम ठेगाना,स्थायी लेखा नम्वर, मिति र सिलसिलावार र नम्वर तथा सामानको स्पष्ट विवरण सहितको बीजक जारी गर्नुपर्ने छ । उत्पादक तथा आयातकर्ताले प्रापकको नाम, स्थायी लेखा नम्वर र ठेगाना स्पष्ट उल्लेख नगरी बीजक जारी गरेमा त्यस्तो बिक्रीलाई प्रचलित बजार मूल्यमा खुद्रा बिक्री सरह मानिनेछ छ" भन्ने उल्लेख भएको देखिन्छ । यसबाट प्रस्तुत नियमावलीले मूल्य अभिवृद्धि करमा दर्ता भएको खरिद कर्ता र दर्ता नभएको खरिदकर्तालाई जारी गरिने बीजक फरक फरक गरेको देखिन्छ । मूल्य अभिवृद्धि कर वस्तु वा सेवा बिक्रीको प्रत्येक तहको मूल्य अभिवृद्धिमा कर लगाइने हुँदा सोको बीजक जारी गर्नुपर्ने हुन्छ। साथै त्यस्तो कर प्रत्येक तहको मूल्य अभिवृद्धिमा मात्र लगाइने हुँदा मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७ बमोजिम कट्टी गर्न पाउने व्यवस्था गरेको पाइन्छ । तर उपभोक्तालाई बिक्री गरीने वस्तु तथा सेवामा र मूल्य अभिवृद्धिमा दर्ता नभएको बिक्रेतालाई सामान बिक्री गर्दा निजहरूले आफूले बुझाएको करको रकम फिर्ता पाउने नसक्ने हुँदा मूल्य अभिवृद्धि कर नियमावलीको नियम १७(३) मा कर रकम समेतलाई मूल्यमा गाभी कर बीजक जारी गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ । त्यस्तै गरी सोही नियमावलीको नियम १७(४) ले प्रापकको नाम, ठेगाना र स्थायी लेखा नम्वर नखुलेको बिक्रीलाई खुद्रा बिक्रीसरह मानेको देखिन्छ।

पुनरावेदकको पुनरावेदन जिकीरमा बीजकमा क्रेताको नाम लेख्न छुटाउने गल्ती निवेदकबाट भएको नभई आपूर्तिकर्ताबाट भएकोले निजले गरेको गल्तिको सजायको भागिदार बनाउन मिल्दैन भन्ने जिकीर लिएको देखिए तापनि मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ अनुसार आपूर्तिकर्ताले बीजक जारी गर्नुपर्ने र बीजक लिनु प्रापकको कर्तव्य हुने देखिन्छ । यसमा पनि मूल्य अभिवृद्धि करमा दर्ता भएको बिक्रेताले आफूले खरिद गरेको सामानको रित पूर्वक बीजक लिनु निजको कानूनी कर्तव्य हुन्छ । निजले आफूले तिरेको करकट्टि गरी फिर्ता लिने प्रयोजनको लागि

रीतपूर्वकको बीजक हुनु कानूनतः अनिवार्य हुँदा सो सम्बन्धमा पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्ने देखिदैन ।

कारोवारको सिलसिलामा भएको सर्टेज सम्बन्धमा हेर्दा सो सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीमा स्पष्ट व्यवस्थाको अभाव देखिन्छ । राजश्व न्यायाधिकरणबाट फैसला हुँदा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(१) स्टकमा रहनु पर्ने वस्तु स्टकमा रहेको नपाइएको अवस्थामा प्रचलित बजार मूल्यमा बिक्री भएको मानिने भन्ने ठहर भएको सम्बन्धमा हेर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(१) मा कस्तो व्यवस्था गरिएको छ र उक्त व्यवस्थाको उद्देश्य र प्रयोजन के हो भन्ने कुरा तर्फ पनि बिचार गर्नुपर्ने हुन आयो। उक्त नियमको ४०(१) निम्नानुसार छः-

"करकट्टि गरिएको वस्तुहरू स्टकमा रहेको छ भने त्यस्तो वस्तुहरू कर अधिकृतले हेर्न चाहेमा वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनुपर्नेछ । कर अधिकृतले त्यस्ता बस्तुहरू हेर्दा वा गणना गर्दा त्यस्तो वस्तुहरू कर लाग्ने कारोवारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनु पर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरू प्रचलित बजार मूल्यमा बिक्री भएको मानिने छ"

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(१) को उद्देश्य र प्रयोजनको वारेमा बिचार गर्दा उक्त नियमावलीको नियम ३९(१) तथा ५९(३) मा गरिएको व्यवस्था समेत हेर्नु पर्दछ । उक्त नियमावलीको नियम ३९(३) मा गरिएको व्यवस्था अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा निजले वस्तु बिक्री गर्दा संकलन गरेको करबाट वस्तु खरिद तथा आयात गर्दा तिरेको कर कटाई बाँकी रहेको रकम कर विवरण माथि कर कार्यालयमा दाखिला गर्नुपर्दछ । उक्त नियमावलीको नियम ४०(१) मा गरिएको व्यवस्थालाई नियम ५९(१) तथा ५९(३) मा गरिएको व्यवस्थासँग तुलना गरी हेर्दा नियम ५९(१) तथा ५९(३) अनुसार कुनै वस्तु खरिद गर्दा खरिद कर्ताले भुक्तानी गरेको मूल्य अभिवृद्धि करको रकम निजले यस्तो वस्तु बिक्री गर्दा संकलन गरेको करको रकम कट्टा गरी लिएको वस्तुहरूको स्टकको सम्बन्धमा मात्र लागू

हुने देखिन्छ । कुनै मूल्य अभिवृद्धि करमा दर्ता भएको कुनै करदाताले वस्तु खरिद गर्दा तिरेको करको रकम उक्त वस्तु बिक्री गर्दा संकलन गरेको रकमबाट कट्टा गराई फिर्ता लिने तर यसरी कर कट्टा गरिएको वस्तुको बिक्री गरेको अभिलेख पनि नदेखाउने र यस्तो वस्तु स्टकमा रहेको पनि देखाउन नसकेको अवस्थामा खरिद गर्दा संकलन गरेको कर उक्त वस्तुको बिक्रीबाट संकलन गरेको करको रकमबाट कट्टा गरी फिर्ता लिन पाउने सम्बन्धमा मूल्य अभिवृद्धि नियमावलीको नियम ३९(१) र ३९(३) मा गरिएको व्यवस्थाको दुरुपयोग हुन सक्ने अवस्था रहन्छ । यसै कारणले नै कर कट्टि गरी लिएको वस्तुको बिक्री र स्टकमा रहेको वस्तुको परिणामको बीचमा भिन्नता देखिएमा सो भिन्नताको हदसम्मको परिमाणका वस्तु स्टकमा रहेको मानिने कुरा तर्कसँगत र न्यायसँगत पनि छ । तर यो व्यवस्था कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको रुपमा प्रयोग हुने वस्तुको हकमा लागु हुन सक्दैन ।

यसैगरी कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको शतप्रतिशत नै उत्पादित वस्तुमा समाहित हुने वा मिसिएर आउने भन्ने कुराको पनि तर्कसँगत अनुमान गर्न सकिदैन । उत्पादनको प्रक्रियामा कच्चा पदार्थको केही अंश नष्ट हुने,प्रयोगमा नआउने वा कम हुने वा जर्तीमा जाने भन्ने कुरा सबै प्रकारका वस्तुको उत्पादनको सम्बन्धमा लागु हुने कुरा हो । यो कुरा चिया उत्पादन गर्ने उद्योगहरूको हकमा चियाको उत्पादन तथा प्रशोधनको प्रक्रियामा १% देखि २% सम्म जर्ती जाने भन्ने कुरा नेपाल सरकारको निकायको रुपमा रहेको राष्ट्रिय चिया तथा कफी विकास वोर्ड (National Tea and Coffee Development Board) को मिसिल संलग्न मिति २०५९।४।२२ को पत्रबाट पनि देखिन्छ । प्रस्तुत विवादमा जर्तीको अंश कुनै आ.व मा १.४१% र कुनै आ.व मा १.५% सम्म मात्र रहेको भन्ने पुनरावेदनको जिकीर रहेको छ र यो तथ्यलाई विपक्षी कर कार्यालयले खण्डन गर्न सकेको अवस्था पनि देखिदैन ।

उपरोक्त आधार र कारणबाट कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थ र बिक्रीको लागि खरिद गरिएका सामान्य खरिद बिक्रीका सामानहरूको

खरिद, बिक्री तथा प्रयोगको सन्दर्भलाई छुट्याएर हेर्नु पर्दछ । उत्पादनको प्रक्रियामा जर्ती जाने परिमाण र खरिदमा कर कट्टा गरिएका तर बिक्री भएको देखाउन नसकिएका वस्तुहरू फरक हुन । यसैले उत्पादनको प्रक्रियामा जर्ती जाने सक्ने प्रकृति र परिमाणको कच्चा पदार्थलाई नियमित ब्यापारिक प्रक्रियामा बिक्री गर्नको लागि खरिद गरी करकट्टा गरिएको वस्तुको समकक्षमा राखी जर्ती गएको कच्चा पदार्थको हकमा पनि मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(१) को व्यवस्था लागु गर्नु उक्त नियमको उद्देश्य र प्रयोजन विपरीत हुने देखिन्छ ।

तर प्रस्तुत मुद्दामा पुनरावेदकले स्टकमा रहेका वस्तुहरू उत्पादन प्रक्रियामा सर्टेज भएको कारणले घट्न गएको भन्ने जिकीर लिएको देखिन्छ । राजश्व न्यायाधिकरणको फैसलाबाट पुनरावेदकले जिकीर लिएको सर्टेज भएको बस्तु सर्टेज नभई अन्यथा भएका हुन् भन्ने देखाइएको पाइदैन । उल्लिखित आर्थिक वर्षहरूको विवादित कर निर्धारण चियाको धुलो पुर्नउत्पादन गरी प्याकेजिङ गर्ने इण्डस्ट्रिजको कारोबारका सम्बन्धमा गरिएको र यस्तो वस्तुहरूको उत्पादन गर्दा सर्टेज नै हुँदैन भन्न सकिने अवस्था पनि हुँदैन । सर्टेजमा कर लगाउने व्यवस्था मूल्य अभिवृद्धि कर ऐन, २०५२ लगायत कुनै पनि कानूनमा भएको देखिदैन । कच्चा पदार्थको प्रयोग गरी उत्पादन गर्दा कच्चा पदार्थमा केही सर्टेज हुन्छ भनी मानेको अवस्थामा त्यस्तो सर्टेज भएको वस्तु स्टकमा रहेको हुन्छ भनी मान्न सकिदैन र बिक्री भएको मान्न पनि सकिदैन । विधायिकाले बनाएको स्पष्ट कानूनको अभावमा अनुमानको आधारमा कर लगाउन नमिल्ने हुँदा त्यस्तो प्रष्ट कानूनी व्यवस्था छैन भनी जानी जानी सर्टेजमा कर लगाउने र असूल उपर गर्ने कार्य अन्तरिम संविधानको धारा ८९ को विपरीत हुनुको साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को समेत विपरीत देखियो ।

उपरोक्त आधार र कारणबाट खरिद गरेको सामानको रीतपूर्वकको बीजक नभएको सम्बन्धमा राजश्व न्यायाधिकरणको फैसला सदर हुन्छ । मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(१) को आधारमा सर्टेजमा मूल्य अभिवृद्धि कर लगाएकोलाई सदर गरेको राजश्व न्यायाधिकरणको फैसला सो हदसम्म नमिलेकोले

केही उल्टी हुन्छ । अव सो सम्बन्धमा कर निर्धारण गरेको कर हिसाव गरी कटाई कानूनबमोजिम गर्नु भनी शुरु कर कार्यालयमा लेखी पठाउने ठहर्छ । अरु तपसिल बमोजिमगर्नु।

फैसलाको विश्लेषणः

प्रस्तुत फैसलामा विवादको मुख्य विषयको रुपमा रहेको के कस्तो विजकमा विक्रेताले कर कट्टि सुविधा पाउने भन्नेर सम्वन्धमा मुल्य अभिवृद्धि कर ऐन.२०५२ को दफा १४, दफा १७, मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियमम १७(३) समेतको व्याख्या गरी निजोड निकालिएको छ। यसमा उक्त नियमावलीको नियम १७ (३) मा रु. ५० हजार सम्मको चिज, वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको विजकमा निजको नाम, ठेगाना र स्थायी लेखा नम्वर उल्लेख भएको भए कर कट्टिको सुविधा पाउने र त्यस्तो विवरण उल्लेख गरी विजक जारी नगरेको भए ऐ. नियम १७(४) अनुसार त्यस्तो विक्रीलाई प्रचलित वजार मूल्यमा खुद्रा विक्री गरे सरहको मानी त्यस्तो विक्रिमा कर कट्टि सुविधा नपाउने भनी कर कट्टि सुविधा लिनको लागि रितपूर्वकको विजक जारी भएको पर्ने भन्ने व्याख्या भएको छ।

त्यसैगरी व्यापारिक कारोवारको सिलसिलामा ल्याएको मालवस्तु मध्ये कर कट्टि गरिएको वस्तु स्टकमा पनि रहेको छ भने सो को विवरण करदाताले देखाउन सक्नु पर्ने हुन्छ। अन्यमा त्यो मालवस्तु प्रचलित बजार मूल्यमा विक्रि गरे सरह मान्नु पर्दछ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(१) भएको यो व्यवस्थाले कर करदाताले एक पटक विक्रि भएको मालवस्तुको आधारमा कर कट्टी सुविधा लिईसके पछि खरिद भएको वस्तुमध्य केही वस्तु स्टकमा रहेको भनेकोमा पछि स्टकमा रहेको वस्तु जाँच गर्दा स्टकमा नभएमा वा कम भएको अवस्थामा भएमा त्यस्तो वस्तु विक्री वापतको रकम बजार मूल्यमा विक्री गरे सरहको हुने हुँदा विक्रेताले दोहोरो सुविधा लिन सक्दछन भन्नेम उद्देश्यलेनै स्टकमा भएको परिमाण र विक्री भएको परिमाण खरिद गरेको परिमाण सँग मेल खानु पर्ने भन्ने कुराको व्याख्या भएको छ।त्यस्तो परिणाम मिल्न नआई स्टकमा हुनुपर्ने माल वस्तु नभई भएको सर्टेजमा कर कट्टिको सुविधा लिन नपाईने तर उत्पादनको लागि कच्चा

पदार्थको रुपमा खरिद गरिएको सामानवाट उत्पादन गर्दा उक्त खरिद गरिएको परिमाणभन्दा कम परिमाणमा उत्पादन हुन सक्ने हुदा त्यस्तो परिमाणको हिसाब गर्दा जर्ति कटाएर हिसाब गर्नु पर्ने र त्यस्तो जर्तिमा मूल्य अभिवृद्दि कर नलाग्ने हुंदा त्यो हदसम्मको स्टकको सर्टेजमा पनि मूल्य अभिवृद्दि कर नलाग्ने भन्ने व्याख्या भएको छ। कानून वमोजिम वाहेक कर नलाग्ने संवैधानिक व्याख्या भएको र जर्तिमा कर नलाग्ने कानूनी व्याख्या नदेखिएकोले जर्ति कट्टि तथा सो अनुसारको स्टक सर्टेजमा पनि मूल्य अभिवृद्दि कर नलाग्ने भनी स्पष्ट व्याख्या भएको छ। यो फैसलाले कर कट्टि सुविधा लिन रित पूर्वकको विजक जारी गर्नु पर्ने र को कस्तो सटेजमा करकट्टिको सुविधा पाईने भन्ने स्पष्ट पारिदिएको छ।

पुनरावेदक प्रतिवादीशंकर सिमेन्ट कंक्रिट उद्योग प्रा.लि.को तर्फबाट अधिकार प्राप्त प्रबन्ध संचालक तिलक प्रसाद रिजाल विरुद्ध विपक्षी वादी आन्तरिक राजश्व कार्यालय विराटनगर समेत

मुद्दाः- मुल्य अभिवृद्धिकर।

फैसला मितिः- २०६८/०१/०५

मुख्य विवादको विषय (Main Issue):

- आन्तरिक राजस्व विभागले प्रशासकीय पुनरावलोकन गरी पुनःकर निर्धारण गर्न निर्देशन दिएकोमा आन्तरिक राजश्व विभागको उक्त निर्णय र कर अधिकृतको अन्तिम कर निर्धारण आदेश उपर एकैचोटी राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न मिल्ने कि नमिल्ने ।
- आन्तरिक राजस्व विभाग र आन्तरिक राजश्व विभाग र आन्तरिक कर कार्यालयको क्षेत्राधिकार के कति हुन्छ।
- आन्तरिक राजश्व कार्यालयवाद एक पटक कर निर्धारण आदेश भै सकेको आवस्थामा सोही कार्यालयले पुनःकर निर्धारण आदेश गर्न मिल्ने नमिल्ने ।

प्रतिपादित सिद्धान्तः

- आन्तरिक राजश्व कार्यालयले मूल्य अभिविद्दि कर निर्धारण गर्ने गरी गरेको अन्तिम आदेश उपर आन्तरिक राजश्व विभागमा प्रसासकीय पुनरावलोकनको लागि निवेदन परी सो विभागवाट आन्तरिक राजश्व कार्यालयलाई पुनःकर निर्धारण गर्न आदेश भएकोमा सो उपर आन्तरिक राजश्व विभाग र आन्तरिक राजश्व कार्यालयलाई विपक्षी वनाई राजश्व न्यायधिकरणमा परेको पुनरावेदनमा उक्त विभाग र कार्यालय दुवैको निर्णय सदर गर्ने गरी फैसला गर्न नमिल्ने हुंदा आन्तरिक राजश्व विभागको निर्णय सदर सम्म सदर र आन्तरीक राजश्व कार्यालयको निर्णय सदर गरेको हदसम्मको फैसला केही उल्टी हुने।
- मूल्य अभिवृद्धि कर निर्धारण गर्ने अन्तिम नर्णय गर्ने अधिकार आन्तरिक राजस्व कार्यालय कर अधिकृतलाई हुने । तर उक्त निर्णय उपर कानुन वमोजिम आन्तरिक राजस्व विभागमा प्रशासकिय पुनरावलोकनको लागि निवेदन परी राजस्व अनुसन्धान विभागले आन्तरिक राजस्व कार्यालयलाई पुनः कर नर्धारण गर्ने आदेश दिएकोमा सो कार्यालयकले पुनः कर निर्धारणको निर्णय गर्नु पर्ने ।
- आन्तरिक राजस्व कार्यालयले एक पटक कर निर्धारण गर्ने निर्णय गरेकोमा सो निर्णय वदर नभएसम्म पुनः सो कार्यालयले कर निर्धारणको आदेश गर्न नमिल्ने । तर सो कार्यालयकले एक पटक कर निर्धारण गरि सकेको पुनरावेदन जिकिर मात्र लिएर नहुनेपहिले निर्णय भै सकेको भन्ने कुराको , प्रमाण त्यस्तो जिकिर लिनेलेनैपुऱ्याउनु पर्ने ।

तथ्य व्यहोराः—

- यस मुद्दामा पुनरावेक शंकर सिमेन्ट किक्रिर उद्योग प्र.लि.का प्रवन्धक संचालक तिलक प्रसाद रिजालले निज पुनरावेदकलाई मूल्य अभिवृद्धि कर र जरिवाना समेत गरी रु.४,७४,२०७/– कर लगाउने गरी आन्तरिक राजस्व कार्यालय विराटनगरवाट भएको मिति २०५८/१०/०५ को आन्तिम कर

निर्धारण आदेश उपर उक्त उद्योगको तर्फवाट राजस्व न्यायाधिकरणमा पुनरावेदन परेकोमा सो न्यायाधिकरणवाट आन्तरिक राजस्व विभागको कर निर्धारण गर्ने निर्णय वदर गरी पुनरावेदकलाई सुकुवाईको मौका समेत दिई पुनः कर निर्धारण गर्ने आदेश दिएको र आन्तरिक राजस्व कार्यालयले पुनः कर निर्धारण आदेश गर्दा पहिलाको निर्णय वमोजिमकै कर निर्धारण गर्ने निर्णय गरेको । सो निर्णय उपर उक्त उद्योग को तर्फवाट आन्तरिक राजस्व विभागवाट प्रशासकिय पुनरावलोकनको लागि निवेदन परेकोमा सो विभागवाट आन्तरिक राजस्व कार्यालयले पुनः कर नर्धारण गर्ने गरी निर्णय गर्दा राजस्व न्यायाधिकरणको आदेश वमोजिमको प्रक्रिया पुरा नगरेको भनी सो कार्यलयको निर्णय वदर गरी पुनः प्रक्रिया पुरा गरी निर्णय गर्न आदेश दिएकोमा पुनरावेदको तर्फवाट आन्तरिक राजस्व कार्यालयको पुनः कर निर्धारण आदेश र विभागको प्रशासकिय पुनरावलोकनको आदेश वदरको माग गरी पुनः राजस्व न्यायाधिकरणमा पुनरावेदन परेको । उक्त पुनरावेदनमा सुनुवाई गरी राजस्व न्यायाधिकरणवाट आन्तरिक राजस्व कार्यालय र विभाग दुवै को निर्णय सदर भएको । सो फैसला उ उपर पुनरावेदको तर्फवाट सर्वोच्च अदालतमा पुनरावेदन परेकोमा सर्वोच्च अदालतवाट आन्तरिक अदालतवाट आन्तरिक राजस्व विभागको निर्णय सरद गरेको हदस्म राजश्व न्यायधिकरणको निर्णय सदर गर्न र आन्तिरक राजश्व कार्यालयको निर्णय सदर गरेको हदसम्म सो न्यायधिकरणको निर्णय केही गर्ने गरी फैसला भएको।

फैसला विश्लेशणः

उक्त मुद्दा, सर्वोच्च अदालतवाट भएको फैसला नजिरको रुपमा नेपाल कानून पत्रिकामा प्रकाशित भएको नपाईए तापनि सो फैसलाले आन्तरिक राजश्व कार्यालय,आन्तरीक राजश्व विभाग र राजश्व न्यायधिकरणको क्षेत्राधिकारको दायरा र सीमाको बारेमा स्पष्ट व्याख्या गरिदिएको छ। कर निर्धारण गर्ने कुरामा आन्तरिक राजश्व कार्यालायको अन्तिम अधिकार हुने तर त्यो कर निर्धारणको निर्णय उपर कानून वमोजिम प्रशासकीय पुनरावलोकनको लागि निवेदन परी आन्तरिक राजश्व

विभागवाट उक्त निर्णय वदर गरी पुन कर निर्धारण गर्ने आदेश भएकोमा आन्तरिक राजश्व कार्यालयले पुनः कर निर्धारण गर्ने गरी निर्णय गर्नु पर्ने भन्ने व्याख्या भएको छ। यस्तो आवस्थामा पनि अन्तिम कर निर्धारण गर्ने निर्णय गर्ने अधिकार चाही आन्तरिक राजश्वको कर आधिकृतलाई नै हुने कुरा पनि सुनिश्चित गरिएको छ। यो फैसलामा राजश्व न्यायधिकरणलाई प्रदत्त पुनरावेदकीय अधिकारको दायराको पनि व्याख्या गरीएको छ। उक्त न्यायधिकरणवाट पुनरावेदनकीय अधिकार प्रयोग गरी फैसला गर्दा ऐउटै विषयमा दुई भिन्न निकाय पर स्पष्ट भिन्न प्रकृतिका निर्णयहरु सदर गर्न नमिल्ने भन्ने व्यख्या पनि भएको छ। यसको साथै पुनरावेदकले पनि त्यही विषयमा २०५५ सालमै कर निर्धारण आदेश भैसकेको भनी लिएको जिकिरका सम्बन्धमा त्यस्तो जिकिर लिनेले पहिले कर निर्धारण भैसकेको भनी जिकिर लिएर मात्र हुदैन ,सो कुरा प्र,णवाट पनि पुष्टी गर्न सक्नु पर्दछभन्ने व्याख्या भएको छ। विवाद टुंगो लगाउन ज्यादै राम्रो मारग दर्शन गरेको पाईन्छ।

निवेदकः ड्युसफ्ट ओभरसिज नेपाल प्रा.लि.को तर्फबाट ऐ.को अधिकारप्राप्त धनकुमार राई विरुद्ध विपक्षीः राजस्व अनुसन्धान विभाग समेत

विषयः उत्प्रेषणमिश्रित परमादेश समेत ।

मुख्य विवादको विषय (Main Issue):

- राजश्व अनुसन्धान विभागबाट अन्तिम मूल्य अभिवृद्धि कर निर्धारण आदेश जारी गर्न मिल्ने हो,होइन
- मूल्य अभिवैद्धि ऐन,२०५२ को दफा ३ अनुसार कर अधिकृतबाट भएको कर निर्धारण आदेश उपर राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने हो कि सोझै रिट क्षेत्रमा उपचारको लागि जान पाउने हो
- मूल्य अभिवृद्धि कर ऐन,२०५२को अनुसुची १ को समूह ७ मा मूल्य अभिवृद्धि कर छुट हने आइटममा 'किताब' उल्लेख भएकोमा 'e-Book'को कारोवारमा मूल्य अभिवैद्धि कर छुट हुने हो होइन

- वैकल्पिक उपचार र असाधारण क्षेत्र अन्तर्गतको उपचार संग संगै प्राप्त हुन सक्छ सक्दैन
- राजश्व अनुसन्धान विभागलाई करदाताले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर लगायतका कर करदाताको बैंक खाता रोक्का गरी असुल गर्ने अधिकार छ, छैन नेपाल भारत विच दोहोरो करमुक्कति सम्झौता (Double Taxation Avoiding Agreement)भएको अवस्था हुँदा निवेदकले नेपालमा कर छुट पाँउछ कि पाँउदैन

<u>प्रतिपादित सिद्धान्तः</u>

- मूल्य अभिवृद्धि कर ऐन,२०५२ को अनुसूची १ को समूह ७ ले मुद्रण भैसकेको (Printed) कितावलाई समेटेको देखिएपनि Online सेवामार्फत् कारोवार हुने E-book लाई समेटेको देखिन नआएकोले E-book को बिक्री कारोवारलाई मूल्य अभिवृद्धि कर छूट हुने कारोवार मान्न नमिल्ने । (प्रकरण नं.२)
- करसम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम नेपाल सरकारको निर्णयअनुरूप कर अधिकृतको रुपमा तोकिएको राजस्व अनुसन्धान अधिकृतले मूल्य अभिवृद्धि कर ऐन,२०५२ मा तोकिएका कानूनी प्रावधानबमोजिम करदाताले तिर्नुपर्ने कर निर्धारण गर्नसक्ने नै देखिएकोले राजस्व अनुसन्धान विभागका राजस्व अनुसन्धान अधिकृतबाट मूल्य अभिवृद्धि कर ऐनबमोजिम लाग्ने कर निर्धारण गरेको कार्यलाई कानूनी क्षेत्राधिकारविहीन रहेको भनी मान्न नमिल्ने । (प्रकरण नं.४)
- म्यादभित्र बुझाउनु पर्ने कर कुनै करदाताले नबुझाएमा करदाताको चल अचल सम्पत्ति कब्जामा लिई कर असूल गर्नसक्ने गरी मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २१(१)(ख),र दफा २३(घ) तथा आयकर ऐन,२०५८ को दफा ११० (१)(ख) ले कर अधिकृतलाई अधिकार दिएको देखिँदा उक्त कानूनी व्यवस्थाअनुसार निवेदकको चल सम्पत्तिको रुपमा रहेको खाताको नगद रकम रोक्का राख्न र त्यसबाट निर्धारित कर रकम असूलउपर गर्न कुनै कानूनी बाधा नरहेको अवस्थामा खाता रोक्का राख्ने कार्यलाई कानूनविपरीत भएको भनी मान्न नमिल्ने । (प्रकरण नं.६)

तथ्य विवरणः

प्रस्तुत मुद्दामा निवेदक ड्युसफ्त ओभरसिज नेपाल प्रा.लि वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिमको प्रक्रिया पुरा गरी कम्पनी ऐन, २०५३ वमोजिम विदेशी लगानीमा स्थापित कम्पनी भएको र उक्त कम्पनीको उद्देश्य इन्टरनेट मार्फत नेपालमा विभिन्न शैक्षिक सामाग्री (E-book) को विक्रि कारोवार गर्ने भएको र उक्त कम्पनीका संचालकहरु भारतीय नागरिक भएको उक्त कम्पनीले नेपालमा E-book को कारोवार गर्दा श्रोतमा मूल्य अभिवृद्दि कर (VAT) र विक्रीबाट आएको आयमा आयकर समेत नतिरेको भन्ने आधारमा राजश्व अनुसन्धान विभागका कर अधिकृतबाट उक्त कम्पनीको कारोवार जाँचबुझ गरी कर, जरिवाना, थप दस्तुर र ब्याज गरी ऐकमुष्ट रू १०,६,९६,२२२/- कर लगाउने गरी मिति २०६४/१०/०७ मा अन्तिम कर निर्धारण आदेश जारी भएको र सो असुल गर्नको लागि निवेदनको बैंक खाता समेत रोक्का भएको। राजश्व अनुसन्धान विभागलाई मूल्य अभिवृद्दि कर ऐन, २०५८ र आयकर ऐन, २०५८ वमिजिम कर निर्धारण गर्ने अधिकार नहुने, E-Book मा कर नलाग्ने, खाता रोक्का गर्ने समेतका अधिकार नभएको भनी उक्त प्रा.लि.को तर्फबाट आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिएकोमा सो विभागबाट पनि राजश्व अनुसन्धान विभागबाट भएको कर निर्धारण आदेश सदर भएको। राजश्व अनुसन्धान विभागका कर अधिकृतबाट भएको आदेश उपर उक्त प्रा.लि.को तर्फबाट एकातिर सर्वोच्च अदालतमा उत्प्रेषण परमादेश लगायतको आदेश जारी गरी पाउँ भनि सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको र अर्को तर्फ सो आदेश उपर प्रशासकीय पुनरावलोकनको वैकल्पिक उपचारको बाटो अवलम्बन गरी आन्तरिक राजश्व विभागमा निवेदन दिएकोमा सो विभागमको निर्णय उपर राजश्व न्यायाधिकरणमा पुनरावेदन गरेको। राजश्व न्यायाधिकरणबाट पनि आन्तरिक राजश्व विभागको निर्णय सदर गर्ने गरी फैसला भएपछि पुनरावेदनको अनुमतीको लागि सर्वोच्च अदालतमा निवेदन दिएको।

सर्वोच्च अदालतबाट मिति २०६९/०२/२३ मा राजश्व न्यायाधिकरणको फैसला उपर पुनरावेदनको अनुमतीको लागि दिएको निवरदनमा अनुमती नदिने गरी आदेश भएको र सोही दिन उक्त प्रा.लि.ले दिएको रिट निवेदन पनि खारेज हुने ठहर गरी सो अदालतबाट अन्तिम आदेश भएको।

फैसलाको विश्लेषणः

प्रस्तुत मुद्दाको विवादमा उठाइएका विषयहरुमा सर्वोच्च अदालतबाट बिस्तृत विवेचना भै विभिन्न सिद्दान्तहरु प्रतिपादन भएका छन्। सर्वप्रथम निवेदक प्रा.लि.ले राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ वमोजिमका अनुसन्धान गर्न गरीत राजश्व अनुसन्धान विबागलाई मूल्य अभिवृद्दि कर लगायतका कर निर्धारण गर्ने क्षेत्राधिकार नहुने भनी लिएको जिकिरका कर सम्बन्धामा उक्त ऐनको दफा ३ मा नेपाल सरकारले आवश्यक संख्यामा कर अधिकृत नियुक्त गर्ने सक्ने र नेपाल सरकारले आवश्यक देखेमा नेपाल सरकारको अन्य कुनै अधिकृतलाई पनि कर अधिकृतको कार्य गर्ने गरी तोक्न सक्ने व्यवस्था भएको र सोही व्यवस्था वमोजिम नेपाल सरकारको मिति २०६४/०६/२९ र २०६४/०५/१३ निर्णयानुसार तोकिएका राजश्व अनुसन्धान विभागका अधिकृतबाट नै उक्त प्रा.लि.को मूल्य अभिवृद्दि तर्फको कर निर्धारण आदेश भएकोले उक्त कर निर्धारण आदेशलाई क्षेत्राधिकार विहिन अधिकृतबाट कर निर्धारण भएको भन्न नमिल्ने भन्ने व्याख्या भएको छ।

निवेदकले सञ्चालन गरेको E-Book को कारोवारमा मूल्य अभिवृद्दि कर लाग्ने कि नलाग्ने भन्ने सम्बन्धमा मूल्य अभिवृद्दि कर ऐन, २०५२ को दफा ५(१)(क) र (ख)ले नेपालमा आपूर्ति वा आयात भएका वस्तु वा सेवामा मूल्य अभिवृद्दि कर लाग्ने व्यवस्था गरेको र उक्त ऐनको अनुसूची १ को कर छुट हुने वस्तु वा सेवा अन्तर्गत समूह ७ मा किताव भन्ने उल्लेख भएपनि E-Book लाई समेतेको नदेखिएको Online सेवा मार्फत कारोवार हुने E-Book को कारोवारमा मूल्य अभिवृद्दि कर छुट हुन नसक्ने भन्ने व्याख्या भएको छ।

नेपाल भारत विच दोहोरो कर मुक्ति संझौता (DTAA) भएकोले भारतीय नागरिकले संचालन गरेको उक्त कम्पनीको कारोवारमा नेपालमा कर लाग्ने नलाग्ने भन्ने सम्बन्धमा नेपालमा कारोवार गर्ने भारतीय व्यक्ति वा कम्पनीले नेपालमा नेपालको कानून वमोजिम कर नै तिर्नु नपर्ने व्यवस्था उक्त संझौतामा नभएको भनी उक्त कम्पनीले कर तिर्नु पर्ने गरी व्याख्या भएको अवस्ता छ।

त्यसैगरी राजश्व अनुसन्धान अधिकृतले उक्त कम्पनीले तिर्क पर्ने कर असुल गर्ने प्रयोजनको लागि मूल्य अभिवृद्दि कर ऐन, २०५३ को दफा २१(१)(ख) र दफा २३(घ) ले दिएको अधिकार प्रयोग गरी करदाताको चल असल सम्पत्ती कब्जामा लिई कर असुल गर्न सक्ने नै हुँदा निवेदकको चल असल सम्पत्तीको रुपमा रहेको वैंक खाताको रकम रोक्का गरी कर असुल गर्न सक्ने भन्ने व्याख्या भएको छ।

उक्त फैसलाले त्यस्तो कर निर्धारण आदेश उपर रिट क्षेत्रबाट कानूनी उपचार प्राप्त हुन सक्ने हो कि वैकल्पिक उपचारको बाटो अवलम्वन गर्नुपर्ने हो भन्ने सम्बन्धमा पनि सिद्दान्त प्रतिपादन गरेको छ। न्यायिक वा अर्धन्यायिक निकायको निरणय वा आदेश अधिकार क्षेत्र विहिन छ, वा निजले प्रयोग गरेको कानून नै संविधान सम्मत छैन वा प्राकृतिक न्यायको सिद्दान्त वा कानून वमोजम सुनुवाईको मौका दिएको छैन भने मात्र रिट क्षेत्रबाट उपचार प्राप्त हुनेमा उक्त प्रा.लि.को हकमा निर्णय गर्दा त्यस्तो आवस्था नभएको र निवेदकले वैकल्पिक उपचार अवलम्बन गरी सकेको अवस्था भएको भनी रिट निवेदन खारेज भएको छ। यो फैसलाले मूल्य अभिवृद्दि कर लाग्ने निर्धारण गर्ने र कानूनी उपचार प्राप्त गर्ने र कानूनी उपचार प्राप्त गर्ने विषयमा ज्यादै महत्वपूर्ण सिद्दान्तहरु प्रतिपादन गरेकोले यो फैसलाले धेरै कुराको मार्गदर्शन गरेको छ।

फैसलाको ठहर खण्डः

नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरियो। निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू अनिल कुमार सिन्हा र नारायण नेपालले कर निर्धारण नहुँदै निवेदकको खाता रोक्का राख्ने अधिकार विपक्षीहरूलाई कुनै कानूनले दिएको छैन।

कर निर्धारण हुँदैमा पनि कम्पनीले व्यापार व्यवसाय नै गर्न नपाउने गरी खाता रोक्का राख्ने अख्तियारी विपक्षीहरूलाई छैन । निवदेक कम्पनीले मूल्य अभिवृद्धि करमा दर्ता भई विवरण पेश गरेको छ । यस्तो अवस्थामा मूल्य अभिवृद्धि कर कार्यालयको अधिकृतले प्रयोग गर्ने कर निर्धारण सम्बन्धी अधिकार राजस्व अनुसन्धान विभागले प्रयोग गर्न पाउने होइन । यस्तोमा कर असूल गर्ने अधिकार राजस्व अनुसन्धान विभागलाई हुँदैन । कर असूल गर्न कानूनले तोकेको प्रक्रिया अक्षरस पालना गरिनु पर्दछ । कानूनी प्रक्रिया बाहिर गई भएको कामकारवाहीले वैधता प्राप्त गर्न नसक्ने भएकोले विपक्षी राजस्व अनुसन्धान विभागले खाता रोक्का राख्न लेखेको मिति २०६४।४।२४ को पत्रहरू उत्प्रेषणद्वारा बदर गरी अग्रिम आयकरको नामबाट कब्जा भएको रकम समेत रु.५,२५,७१,७२६।–निवेदकलाई फिर्ता गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुनुपर्दछ भन्ने समेत वहस गर्नुभयो ।

विपक्षी तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ताहरू तेजनारायण पौडेल र हरिप्रसाद रेग्मीले मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३ मा नेपाल सरकारले आवश्यक देखेमा नेपाल सरकारको अन्य कुनै अधिकृतलाई पनि कर अधिकृतको कार्य गर्ने गरी तोक्न सक्ने व्यवस्था रहेकोले ऐनको उक्त व्यवस्थाबमोजिम नेपाल सरकारको मिति २०६४।४।२९ र २०६४।५।१३ को निर्णयानुसार मूल्य अभिवृद्धि कर ऐनको दफा ३ र २० को अधिकार समेत प्रयोग गर्ने गरी राजस्व अनुसन्धान विभागलाई अधिकार प्रत्यायोजन गरिएको हुँदा आधिकारिक निकायबाट नै निवेदक कम्पनीको कर निर्धारण भएको छ । निवेदकले आफ्नो सेवा बिक्री गरे वापत १५ करोड भन्दा बढी कमाएका छन । सेवा बिक्री वापत कर विजक जारी गरी E-books भनेर उल्लेख गर्दैमा राजस्व तिर्ने दायित्वबाट निवेदकले उन्मुक्ति पाउने अवस्था छैन । निवेदक कम्पनी स्पष्ट रुपमा करको दायरामा पर्दछ । कर निर्धारण सम्बन्धमा निवेदकले २ तहबाट वैकल्पिक उपचार प्राप्त गरिसकेको र कर विवाद Settle भैसकेको हुँदा रिट जारी हुने अवस्था नरहेकोले निवेदन खारेज हुनुपर्दछ भन्ने समेत वहस गर्नुभयो ।

विद्वान कानून व्यवसायीहरूले गर्नु भएको वहस जिकीर समेत सुनी इन्साफ तर्फ विचार गर्दा निवेदक Deo Soft Overseas कम्पनीले नेपालमा खासगरी इन्टरनेटमार्फत् E-book बिक्री सम्बन्धी कारोवार गर्ने भएकोले मूल्य अभिवृद्धि कर ऐन,२०५२ को अनुसूची–१ को समूह ७ अन्तर्गत किताव (Books) को कारोवार गर्दा मूल्य अभिवृद्धि कर छूट हुनेमा सोको विपरीत कानूनले अख्तियारी नै नदिएको विपक्षी राजस्व अनुसन्धान विभागले कर अधिकृतको अधिकार प्रयोग गरी वलपूर्वक कम्पनीले विभिन्न कर तिर्नुपर्ने गरी कर निर्धारण गरेको र सो असूल गर्ने सन्दर्भमा निवेदक कम्पनीको बैक खाता नै रोक्का राखी निवेदकलाई व्यापार व्यवसाय गर्ने हकबाट नै वञ्चित गरिएकोले विपक्षीहरूबाट भएको कर निर्धारण र बैंक खाता रोक्का राख्ने लगायतका कामकारवाहीहरू उत्प्रेषणद्वारा बदर गरी निवेदकको रोक्का खाता फुकुवा गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिपाऊँ भन्ने मुख्य निवेदन जिकीर रहेको देखिन्छ। साथै निवेदकले दोहोरो कर मुक्तिसम्बन्धी नेपाल भारतबीच भएकोDTAA सम्झौताबमोजिम आफूलाई कर नलाग्ने भन्ने समेत निवेदन जिकीर लिएकोमा विपक्षीहरूको लिखित जवाफमा निवेदकले कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने करहरू सरकारलाई नबुझाई राजस्व छली गरेको कारण राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ६ बमोजिम अनुसन्धानको सिलसिलामा निवेदकको खाता रोक्का भई सरकारको मिति २०६४।४।२९ र २०६४।५।१३ को निर्णयअनुरूप प्राप्त अख्तियारी बमोजिम निवेदकले तिर्न बुझाउनु पर्ने कर निर्धारण गरी निर्धारित कर रकम सो रोक्का खाताबाट कट्टा गरी दाखिला गरिएको भन्ने उल्लेख गरिएको र कर निर्धारणउपर चित्त नबुझेमा सो सम्बन्धमा निवेदकलाई वैकल्पिक उपचारको मार्ग उपलब्ध रहेको हुँदा रिट निवेदन खारेज हुनुपर्ने भन्ने उल्लेख भएको पाईयो। निवेदन माग बमोजिम आदेश जारी हुने हो होइन ?भन्ने विषयमा निर्णय दिनु पूर्व निम्न प्रश्नहरूको निराकरण गर्नुपर्ने देखियोः

(१) निवेदक कम्पनीको व्यवसाय करको दायरा भित्र पर्छ,पर्दैन ?

(२) राजस्व अनुसन्धान विभागका राजस्व अनुसन्धान अधिकृतलाई कर निर्धारण गर्ने अख्तियारी रहेको छ, छैन ?

(३) नेपाल भारत बीच भएको दोहोरो कर मुक्ति सम्झौता (DTAA) बमोजिम निवेदकले नेपालमा करमुक्ती पाउने अवस्था रहेको छ, छैन ?

(४) निवेदकका नामको बैंक खाता रोक्का राखी निवेदकले तिर्नु बुझाउनु पर्ने कर सो रोक्का खाताबाट असूलउपर गर्न सक्ने अधिकार विपक्षी राजस्व अनुसन्धान विभागलाई रहेको छ, छैन ?

(५) निवेदन माग बमोजिमको आदेश जारी हुने हो होइन ?

सर्वप्रथम पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा निवेदक ड्युसफ्ट ओभरसिज नेपाल प्रा.लि. विदेशी लगानीमा कम्पनी ऐन, २०५३ बमोजिम मिति २०६०।१।३१ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०६०।२।६ मा उद्योग विभागमा कम्प्युटर तथा भाषा प्रशिक्षण दिने सेवामूलक उद्योगको रुपमा दर्ता भएको दर्ता प्रमाण पत्रबाट देखिन्छ। साथै निवेदक प्रा.लि. मूल्य अभिवृद्धि कर प्रयोजनको लागि आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ मा दर्ता रहेको समेत देखिन्छ। निवेदक प्रा.लि. ले दर्ता प्रमाणापत्रमा उल्लिखित उद्देश्यका अलावा Online Internet मार्फत् Software educationलगायतका विविध सेवा दिनुका साथै आफ्ना ग्राहक सदस्यहरूलाई विश्वविद्यालयको Course मा आधारित E-book हरू समेत उपलब्ध गराउँदै आएको भन्ने कुरा निवेदन व्यहोरा तथा अनुसन्धान सम्बन्धी मिसिलबाट देखिएको छ। यसरी निवेदकले नेपालमा रहेका आफ्ना ग्राहकहरूलाई विविध Online सेवाको बिक्री कारोवार गर्दै आएको भन्नेमा विवाद देखिदैन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१)(क) र (ख) ले नेपालभित्र आपूर्ति वा आयात भएका वस्तु वा सेवाको कारोवारमा मूल्य अभिवृद्धि कर लाग्नेछ भनी उल्लेख गरेको देखिएकोले निवेदकको बिक्री कारोवार गर्दै आएको सेवा मूल्य अभिवृद्धि करको दायराबाट बाहिर पर्न जाने देखिँदैन। निवेदकले E-book को कारोवार गर्ने हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ को कर छूट हुने वस्तु तथा सेवाहरू अन्तर्गत समूह ७ मा पर्ने कितावको परिधिभित्र पर्ने भएकोले कर

छूटको जिकीर लिएको देखिन्छ। उक्त ऐनको अनसूची १ को समूह ७ ले मुद्रण भैसकेको (Printed) कितावलाई समेटेको देखिएपनि online सेवामार्फत् कारोवार हुने E-book लाई समेटेको देखिन नआएकोले E-book को बिक्री कारोवारलाई मूल्य अभिवृद्धि कर छूट हुने कारोवार मान्न मिल्ने देखिएन।

साथै निवेदक ड्युसफ्ट ओभरसिज नेपाल प्रा.लि. ले भारतीय कम्पनी ड्युसफ्ट इण्डिया प्रा.लि. र भारतकै MADSकम्पनीमार्फत् अनलाईन सेवा प्याकेजमा प्राप्त गरेवापत विभिन्न मितिमा सेवा शुल्कको रुपमा रकम भुक्तानी गरेको भन्ने राजस्व अनुसन्धान विभागबाट प्राप्त अनुसन्धानसम्बन्धी मिसिलबाट देखिन्छ। निवेदक कम्पनीले भारतीय कम्पनीहरूलाई Online सेवा प्राप्त गरेवापत भुक्तानी गरेको रकम आयकर ऐन, २०५८ को दफा २(क म) बमोजिम सेवा शुल्कभित्र पर्ने देखिएकोले उक्त ऐनको दफा ८८(१) मा सेवा शुल्क रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले अग्रिम रुपमा कर कट्टी गर्नुपर्ने तथा त्यस्तो अग्रिम कर कट्टी गरिएको रकम प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र राजस्व अनुसन्धान विभागमा दाखिला गर्नुपर्ने गरी उक्त आयकर ऐनको दफा ९०(२) मा व्यवस्था भएको देखिँदा निवेदक प्रा.लि. ले भारतीय कम्पनीहरूलाई Online सेवा प्राप्त गरेवापत सेवा शुल्क भुक्तानी गर्दा अग्रिम रुपमा कट्टा गर्नुपर्ने आय कर तथा आफ्ना ग्राहक उपभोक्ताहरूलाई अनलाईन सेवा बिक्री कारोवार गरेवापत निजहरूबाट लाग्ने मूल्य अभिवृद्धि कर असूलउपर गरी सरकारी कोषमा दाखिला गर्नुपर्ने कानूनी जिम्मेवारीबाट उन्मुक्ति पाउन सक्ने नदेखिँदा निवेदक कम्पनी मूल्य अभिवृद्धि कर र आयकरको दायरा भित्रै रहेको देखियो।

राजस्व अनुसन्धान अधिकृतलाई कर निर्धारण गर्ने अख्तियारी रहेको छ, छैन भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ मा सो ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले आवश्यक संख्यामा कर अधिकृतहरू नियुक्त गर्न सक्ने र नेपाल सरकारले आवश्यक देखेमा नेपाल सरकारको अन्य कुनै अधिकृतलाई पनि कर अधिकृतको कार्य गर्ने गरी तोक्न सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुरूप नेपाल सरकारको

मिति २०६४।४।२९ र मिति २०६४।५।१३ को निर्णयबमोजिम उक्त ऐनको दफा २० अनुरूप कर निर्धारण गर्ने प्रयोजनको लागि राजस्व अनुसन्धान अधिकृतलाई पनि कर अधिकृतको रुपमा काम गर्ने गरी अख्तियारी प्रदान गरेको मिसिल संलग्न निर्णय फाईलबाट देखिन्छ। यसरी करसम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम नेपाल सरकारको निर्णयअनुरूप कर अधिकृतको रुपमा तोकिएको राजस्व अनुसन्धान अधिकृतले उक्त मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा तोकिएका कानूनी प्रावधानबमोजिम करदाताले तिर्नुपर्ने कर निर्धारण गर्न सक्ने नै देखिएकोले निवेदकका हकमा राजस्व अनुसन्धान विभागका राजस्व अनुसन्धान अधिकृतबाट मूल्य अभिवृद्धि कर ऐनबमोजिम लाग्ने कर निर्धारण गरेको कार्यलाई कानूनी क्षेत्राधिकारविहीन रहेको भनी मान्न मिल्ने देखिएन।

नेपाल भारतबीच सम्पन्न दोहोरो कर मुक्ति सम्झौता (Double Taxation Avoiding Agreement) बमोजिम निवेदकले नेपालमा कर मुक्ति पाउने अवस्था रहेको छ, छैन ? भन्ने तेस्रो प्रश्नमा विचार गर्दा निवेदक ड्यु सफ्ट ओभरसिज नेपाल प्रा.लि. का सञ्चालकहरू ऋषि सहदेव तथा जगजीत सहदेव भारतीय नागरिक भएको कारण निवेदकले दोहोरो करमुक्ती सम्बन्धी जिकीर लिएको देखियो। कुनै एउटा देशको व्यक्तिले सो देशको करदाता भई अर्को देशमा पनि लगानी गऱ्यो वा त्यही आयवर्षमा एकभन्दा बढी देशमा कारोवार गरेको अवस्थामा निजले आफू वासिन्दा रहेको देशमा एवं लगानी गरेको देशमा एउटै आय वा सम्पत्तिमा एउटै नामको वा एकै प्रकारको कर एकपटक भन्दा बढी तिर्नु नपरोस भन्ने उद्देश्यले अन्तर्राष्ट्रिय कर प्रणाली बमोजिम दुई देश बीच दोहोरो कर नलाग्ने सम्झौता गर्ने गरिन्छ। यस्तो सम्झौताले खासगरी करदातालाई दोहोरो करको भारबाट मुक्ति दिई वैदेशिक लगानीलाई प्रोत्साहित गर्न मद्दत पुग्ने भएकोले नेपालको आयकर ऐन, २०५८ को दफा ७३ ले पनि सरकारले विभिन्न देशसँग यस्ता खालका दोहोरो कर मुक्तिसम्बन्धी सम्झौता गर्न सक्ने गरी कानूनी व्यवस्था गरेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाअनुरूप नेपाल र भारत सरकारबीच दोहोरो कर नलाग्ने सम्झौता DTAA भएको देखिन्छ। नेपाल र भारतबीच सन् १९८८ मा

भएको DTAA सम्झौताको खण्ड ३ को दफा ७ र सन् २०११ मा सम्पन्न सोसम्बन्धी परिमार्जित सम्झौताको दफा २३(२)(ii)(a) मा उल्लेख भएअनुसार कुनै भारतीय नागरिक वा कम्पनीले नेपालमा लगानी गरी गरेको आयमा तिरेको आयकर रकम भारतमा निजले सोही आयवर्षमा तिर्नुपर्ने ठहरिएको आयकरमा घटाई तिर्न पाउनेसम्म हुन्छ भने भारतमा लगानी गर्ने नेपाली व्यक्ति वा कम्पनीले पनि सोही अनुरूपको आयकर छूट नेपालमा पाउने हुन्छ। नेपालमा व्यवसाय गर्ने भारतीय व्यक्ति वा कम्पनीले नेपालमा नेपालको कानूनबमोजिम आयकर नै तिर्नु नपर्ने भन्ने व्यवस्था उक्त दोहोरो कर मुक्तिसम्बन्धी सम्झौतामा उल्लेख भएको देखिदैन। त्यस्तै आयकर ऐन, २०५८ को दफा ८८(१) मा सेवा शुल्कबापत रकम भुक्तानी गर्दा भुक्तानीकर्ताले भुक्तानी रकमको स्रोतमा नै १५ प्रतिशत आयकर कट्टा गरी सरकारी कोषमा दाखिला गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा नेपाल भारत बीच सम्पन्न उल्लिखित दोहोरो कर मुक्ति सम्बन्धी सम्झौता (DTAA) मा त्यस्तो स्रोतमा नै आयकर कट्टा गर्नुपर्ने भन्ने कानूनी व्यवस्था लागू नहुने गरी कुनै प्रावधान रहेको नदेखिएकोले निवेदक कम्पनीले ड्युसफ्ट इण्डिया प्रा.लि. र MADS नामक भारतीय कम्पनीलाई सेवा शुल्क वापत भुक्तानी गरेको रकमबाट अग्रिम रुपमा १५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने नै देखियो। यस्तो अवस्थामा निवेदक कम्पनीले नेपालको आयकर सम्बन्धी कानूनबमोजिम लाग्ने आयकर तिर्ने तथा निवेदकले भारतीय कम्पनीहरूलाई सेवा शुल्क वापत भुक्तानी गरेको रकमबाट अग्रिम रुपमा आयकर कट्टा गरी नेपालमा दाखिला गर्नुपर्ने दायित्वबाट मुक्त रहेको नदेखिँदा सो तिर्न बुझाउन नपर्ने भन्ने निवेदन जिकीर मनासिव देखिन आउँदैन।

निवेदकका नामको बैंक खाता रोक्का राखी निवेदकले तिर्नु बुझाउनु पर्ने कर सो रोक्का खाताबाट असूलउपर गर्नसक्ने अधिकार विपक्षी राजस्व अनुसन्धान विभागका राजस्व अनुसन्धान अधिकृतलाई छ, छैन ? भन्ने चौथो प्रश्नका सन्दर्भमा हेर्दा माथि प्रश्न नं. १, २ र ३ मा भएको विवेचनाबाट निवेदक कम्पनीले गरी आएको Online सेवा सम्बन्धी कारोवार मूल्य अभिवृद्धि कर तथा आयकरको दायरामा रहेको भन्ने स्पष्ट भएकोले निवेदकले मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा आयकर ऐन, २०५८ ले

तोकेको प्रक्रिया र मापदण्डअनुरूप तिर्नुपर्ने कर सरकारी कोषमा दाखिला गर्नुपर्ने कुरामा विवाद हुन सक्दैन। निवेदक ड्युसफ्ट नेपाल ओभरसिज प्रा.लि. ले मूल्य अभिवृद्धि करको निमित्त दर्ता भएपछि मिति २०६०।८।८ देखि २०६२ आषाढ मसान्तसम्मको बिक्री कारोवारमा करयोग्य बिक्री देखाई नियमित रुपमा कर विवरण पेश गरी सम्पूर्ण मूल्य अभिवृद्धि कर दाखिला गरी आएकोमा सो प्रा.लि. ले गरी रहेको सोही कारोवारमा २०६२ साउनदेखि कानूनबमोजिम मूल्य अभिवृद्धि कर संकलन र दाखिला गर्ने कार्य नगर्नुका साथै निवेदक कम्पनीले ड्युसफ्ट इण्डिया प्रा.लि. र MADS नामक भारतीय कम्पनीलाई अनलाईन प्याकेज सेवा प्राप्त गरी सो सेवा प्राप्त गरेवापत विभिन्न मितिमा रु.१५ करोड भन्दा बढी सेवा शुल्क वापत भुक्तानी गरेकोमा सो भुक्तानीबाट अग्रिम रुपमा आयकर कटाई दाखिला गर्नुपर्नेमा नगरेको भन्ने समेतका कारणबाट निवेदक उपर राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम राजस्व अनुसन्धान विभागबाट अनुसन्धान भएको भन्ने प्राप्त अनुसन्धानसम्बन्धी मिसिलबाट देखिन्छ। अनुसन्धानबाट निवेदकले तिर्नु बुझाउनु पर्ने गरी निर्धारण गरिएको कर रकम निवेदक कम्पनीका सञ्चालक विदेशी नागरिक रहेको कारण राज्य छाडी जान सक्ने वा आफ्नो सम्पत्ति अरु कसैलाई हस्तान्तरण गर्ने, हटाउने वा लुकाउने सम्भावना भई कर असूली हुन नसक्ने अवस्थालाई मध्यनजर राखी निवेदकको खाता रोक्का राखेको भन्ने अनुसन्धान सम्बन्धी मिसिलबाट देखियो। म्यादभित्र बुझाउनु पर्ने कर कुनै करदाताले नबुझाएमा करदाताको चल अचल सम्पत्ति कब्जामा लिई कर असूल गर्नसक्ने गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१(१)(ख), र दफा २३(घ) तथा आयकर ऐन, २०५८ को दफा ११० (१)(ख) ले कर अधिकृतलाई अधिकार दिएको देखिँदा उक्त कानूनी व्यवस्थाअनुसार निवेदकको चल सम्पत्तिको रुपमा रहेको खाताको नगद रकम रोक्का राख्न र त्यसबाट निर्धारित कर रकम असूलउपर गर्न कुनै कानूनी बाधा रहेको नदेखिँदा निवेदकको खाता रोक्का राख्ने कार्यलाई कानूनविपरीत भएको भनी मान्न मिल्ने देखिएन।

अव निवदेन माग बमोजिमको आदेश जारी हुने हो,होइन ?भन्ने पाँचौ तथा अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा माथि प्रश्न नं. १ देखि ४ सम्म गरिएको विवेचनाबाट यी निवेदक ड्युसफ्ट ओभरसिज नेपाल प्रा.लि. ले नेपालमा गर्दै आएकोOnline सेवा बिक्रीसम्बन्धी कारोवार मूल्य अभिवृद्धि कर ऐन,२०५२ र आयकर ऐन,२०५८ बमोजिम करको दायराभित्र पर्ने कारोवार हो भन्ने देखियो। यस्तो करको दायराभित्र पर्ने कारोवार गरे वापत निवेदकले तिर्नुपर्ने कर रकम २०६२ साउनदेखि नतिरी कर छली गरेको भन्ने विषयमा राजस्व अनुसन्धान विभागबाट निवेदकउपर छानविन र अनुसन्धान भई मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३ बमोजिम नेपाल सरकारले कर निर्धारण गर्न पाउने गरी मिति २०६४।४।२९ र मिति २०६४।५।१३ को निर्णयबमोजिम दिएको प्रत्यायोजित अख्तियारी बमोजिम राजस्व अनुसन्धान विभागका अनुसन्धान अधिकृतबाट निवेदक ड्युसफ्ट ओभरसिज प्रा.लि. ले तिर्नुपर्ने कर निर्धारण भई निर्णय भएको देखियो। यसरी नेपाल सरकारले प्रत्यायोजन गरी दिएको अख्तियारी बमोजिम कर अधिकृतको हैसियतबाट राजस्व अनुसन्धान अधिकृतले गरेको कर निर्धारण सम्बन्धी निर्णयमा चित्त नबुझेकोले निवेदकले मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३१(क) र आयकर ऐन,२०५८ को दफा ११५(१) बमोजिम आन्तरिक राजस्व विभागसमक्ष निवेदन दिई सो विभागको निर्णयउपर पनि चित्त नबुझाई उक्त मूल्य अभिवृद्धि कर ऐनको दफा ३२ तथा आयकर ऐनको दफा ११६ बमोजिम राजश्व न्यायाधिकरणसमक्ष पुनरावेदन दिई सोउपर राजस्व न्यायाधिकरण काठमाडौंबाट निवेदकका हकमा भएको कर निर्धारणसम्बन्धी निर्णय सदर हुने ठहरी मिति २०६६।४।२० मा निर्णय भएकोमा सो राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको निर्णयउपर पुनरावेदनको अनुमतिका लागि यस अदालतमा दायर भएका लगाउका ०६७–LE–०००३, ०६७–LE–०००४, ०६७–LE–०००५, ०६७–LE–०००६ र ०६७–LE–०००७ समेतका निवेदनमा आजै यसै इजलासबाट अनुमति प्रदान नहुने गरी निर्णय भई निवेदकलाई प्राप्त साधारण उपचारको वैकल्पिक मार्ग अवलम्बन भई अन्तिम टुङ्गो लागी सकेको कर निर्धारण सम्बन्धी सोही विषयमा नै राजस्व अनुसन्धान विभागले अधिकारक्षेत्र भन्दा बाहिर गई गैरकानूनी रुपमा कर निर्धारण गरेको भन्ने

जिकीर लिई प्रस्तुत विवादको अन्तिम टुङ्गो लाग्नु अगावै यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत प्रस्तुत निवेदन परेको देखियो । "न्यायिक वा अर्धन्यायिक अधिकारिको निर्णय वा आदेश अधिकारक्षेत्रविहीन छ वा निजले प्रयोग गरेको कानून नै संविधानसम्मत छैन वा अधिकारै नभएको निकायले अधिकारक्षेत्र ग्रहण गरेको छ अथवा प्राकृतिक न्यायको सिद्धान्त वा कानूनविपरीत मर्का पर्ने पक्षलाई प्रतिवाद गर्ने मौका नै नदिई निर्णय भएको भन्ने जिकीर लिएर सम्बन्धित पक्ष त्यसको उपचारको लागि यस अदालतको असाधारण अधिकारमा आएको छ र निजको जिकीर उचित देखिन्छ भने त्यस अवस्थामा मात्र यस अदालतको असाधारण अधिकारक्षेत्र अनुरूप विचार गर्न सकिने हुन्छ" भनी (नेकाप २०५२, नि.नं. ६०३२, प्रदिपकुमार अग्रवाल वि. कर कार्यालय मोरङ, सुनसरी समेत) भएको उत्प्रेषण मुद्दामा नजीर सिद्धान्त कायम भएको सन्दर्भमा माथि प्रश्न १, २, ३ र ४ मा गरिएको विवेचनाबाट यी निवेदकका हकमा भएको कर निर्धारण समेतका काम कारवाहीमा अधिकार क्षेत्रविहीन अधिकारीबाट कर निर्धारण भएको वा गैरकानूनी रुपमा कर निर्धारण भएको तथा सुनुवाइको मौकाबाट निवेदकलाई वन्चित गरिएको भन्ने समेत नदेखिएको अवस्थामा कानूनी रुपमा अख्तियार प्राप्त कर अधिकृतबाट कानून अनुरूप निवेदकका हकमा भएको कर निर्धारण समेतका काम कारवाही यस अदालतको असाधारण अधिकार क्षेत्रबाट बदर हुनुपर्ने भन्ने निवेदन जिकीर मनासिव देखिन आएन ।

उल्लिखित आधार कारण र विवेचना समेतबाट यी निवेदकको नाममा रहेको बैंक खाता रोक्का राखी निवेदकले तिर्नुपर्ने मूल्य अभिवृद्धि कर र आयकर निर्धारण सम्बन्धमा राजस्व अनुसन्धान विभागबाट भएको निर्णयमा कुनै कानूनी तथा प्रक्रियागत त्रुटि नदेखिएको र कर निर्धारण सम्बन्धमा भएको आदेशउपर निवेदकलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१(क) र दफा ३२ एवं आयकर ऐन, २०५८ को दफा ११५ र दफा ११६ र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम प्राप्त उपचारको वैकल्पिक मार्ग बमोजिम निवेदकले चलाएको कारवाही स्वरुप यस अदालतमा यसै विषयमा परेका ०६७–LE–

०००३ समेतका निवेदनमा पुनरावेदनको अनुमति प्रदान नहुने गरी आजै यसै इजलासबाट आदेश भई अन्तिम टुङ्गो लागेको विषयमा नै पर्न आएको प्रस्तुत निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल बुझाई दिनू।

फैसलाको विश्लेषणः

उक्त मुद्दा, सर्वोच्च अदालतवाट भएको फैसला नजिरको रुपमा नेपाल कानून पत्रिकामा प्रकाशित भएको नपाईए तापनि सो फैसलाले आन्तरिक राजश्व कार्यालय,आन्तरीक राजश्व विभाग र राजश्व न्यायधिकरणको क्षेत्राधिकारको दायरा र सीमाको बारेमा स्पष्ट व्याख्या गरिदिएको छ।कर निर्धारण गर्ने कुरामा आन्तरिक राजश्व कार्यालायको अन्तिम अधिकार हुने तर त्यो कर निर्धारणको निर्णय उपर कानून वमोजिम प्रशासकीय पुनरावलोकनको लागि निवेदन परी आन्तरिक राजश्व विभागवाट उक्त निर्णय वदर गरी पुन कर निर्धारण गर्ने आदेश भएकोमा आन्तरिक राजश्व कार्यालयले पुनः कर निर्धारण गर्ने गरी निर्णय गर्नु पर्ने भन्ने व्याख्या भएको छ। यस्तो आवस्थामा पनि अन्तिम कर निर्धारण गर्ने निर्णय गर्ने अधिकार चाही आन्तरिक राजश्वको कर आधिकृतलाई नै हुने कुरा पनि सुनिश्चित गरिएको छ।यो फैसलामा राजश्व न्यायधिकरणलाई प्रदत्त पुनरावेदकीय अधिकारको दायराको पनि व्याख्या गरीएको छ। उक्त न्यायधिकरणवाट पुनरावेदनकीय अधिकार प्रयोग गरी फैसला गर्दा ऐउटै विषयमा दुई भिन्न निकाय पर स्पष्ट भिन्न प्रकृतिका निर्णयहरु सदर गर्न नमिल्ने भन्ने व्यख्या पनि भएको छ।यसको साथै पुनरावेदकले पनि त्यही विषयमा २०५५ सालमै कर निर्धारण आदेश भैसकेको भनी लिएको जिकिरका सम्बन्धमा त्यस्तो जिकिर लिनेले पहिले कर निर्धारण भैसकेको भनी जिकिर लिएर मात्र हुदैन ,सो कुरा प्र,णवाट पनि पुष्टी गर्न सक्नु पर्दछभन्ने व्याख्या भएको छ।विवाद टुंगो लगाउन ज्यादै राम्रो मारग दर्शन गरेको पाईन्छ।

पुनरावेदक / वादी : ठूला करदाता कार्यालय, ललितपुर विरूद्ध प्रत्यर्थी / प्रतिवादी :पशुपति सिमेन्ट प्रा.लि.का अध्यक्ष वीरेन्द्र कुमार संघाईमुद्दाः मूल्य अभिवृद्धि कर (०६५/०६४.व.आ)

मुख्य विवादको विषय (Main Issue):

- सिमेन्ट उद्योगले खरिद गरी आयात गरेको डवल पिक अप भ्यान मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ४१(२)(ख)ले परिभाषित गरेको अटोमोवाइल्समा पर्ने हो होइन
- डवल पिक अप भ्यान सिमेन्ट उद्योगको सामान ओसारपसार गर्ने सवारी साधनमा पर्छ वा पर्दैन र उक्त भेनको खरिद मूल्य अभिवैद्धि कर पूर्ण रुपमा छुट हुने हो होइन

प्रतिपादित सिद्धान्तः

कुनै उद्योगले आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि प्रचलित कानूनको अधीनमा रही सवारी साधन खरिद गर्न पाउने नै हुन्छ । उद्योगको व्यवसायिक कारोबार सञ्चालन गर्न आवश्यक भई खरिद गरी प्रयोगमा ल्याइएको सवारी साधन खरिदसम्बन्धी मूल्य अभिवृद्धि करबापतको कर कट्टा गर्न पाउने छुट करदाताले पाउने नै देखिन्छ । यसप्रकारको कुरामा सामान्य प्राविधिक तर्कअगाडि सारेर करदातालाई कानूनबमोजिमको सुविधा प्राप्त गर्नबाट वञ्चित गर्न नमिल्ने ।(प्रकरण नं(४.

तथ्य विवरणः

प्रस्तुत मुद्दामा पशुपति सिमेन्ट प्रा.लि ले खरिद गरी आयात गरेको निशान कम्पनीको डबल पिक अप भ्यानको खरिदमा मूल्य अभिवृद्धि कर लाग्ने हुँदा मूल्य अभिवैद्धि कर ऐन,२०५२को दफा २९(१)बमोजिम कर र जरिवाना समेत रु.१,५९,९६४ ।- कर लगाउने गरी ठुला करदाता कार्यालयबाट मिति २०६७।०४।२१ मा अन्तिम कर निर्धारण आदेश जारी भएकोमा उक्त सवारी साधन उद्योगको काममा प्रयोग गर्नको लागि आयात यरिएङ्को हुँदा मूल्य अभिवृद्धि

कर पुरै छुट पाँउ भनी उक्त उद्योगको तर्फबाट आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकनको लागि निवेदन परेको र आन्तरिक राजश्व विभागबाट समेत ठूला करदाता कार्यालयको आदेशनै सदर भएको । सो निर्णय उपर उद्योगको तर्फबाट राजश्व न्यायाधिकरणमा पुनरावेदन परेकोमा सो न्यायाधिकरणबाट ठूला करदाता कार्यालय र आन्तरिक राजश्व विभागको निर्णय उल्टी गर्ने पुनरावेदनको गरी फैसला भएको र फैसला उपर ठूला करदाता कार्यालयको तर्फबाट सर्वोच्च अदालतमा पुनरावेदनको अनुमितको लागि निवेदन परेकोमा सर्वोच्च अदालतबाट राजशेव न्यायाधिकरणको फैसला सदर गर्ने गरी फैसला भएको ।

फैसलाको ठहर खण्डः

निर्णयतर्फ विचार गर्दा, पशुपति सिमेन्ट प्रा.लि.को लेखा परीक्षण सम्पन्न भई कर, जरिवानासमेत गरी जम्मा रू.१,५९,९४६।- रकम कर निर्धारण गर्ने ठूला करदाता कार्यालयको आदेशउपर करदाताले पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा मिति २०६७।७।१७ गते ठूला करदाता कार्यालयको निर्णय सदर भएको देखियो । सो निर्णयउपर करदाताको राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन परी ठूला करदाता कार्यालयबाट मिति २०६७।४।२१ मा भएको निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।७।१७ को निर्णय उल्टी हुने ठहरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।३।२७ मा फैसला भएको देखियो । उक्त फैसलाउपर ठूला करदाता कार्यालयको यस अदालतमा पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन परी पुनरावेदन गर्ने अनुमति प्रदान भई प्रस्तुत मुद्दा यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको पाइयो ।

प्रत्यर्थी करदाता पशुपति सिमेन्टले सामान ढुवानी तथा ओसारपसार गर्ने प्रयोजनको लागि पिकअप भ्यान खरिद गरी सोमा तिरेको भनिएको मूल्य अभिवृद्धि कर पूरै कर कट्टीको दाबी गर्न पाउने हो वा होइन भन्ने नै निर्णय गर्नुपर्ने मूल प्रश्न रहेको छ । प्रत्यर्थी उद्योगले सामान ढुवानी तथा ओसारपसार गर्ने प्रयोजनको लागि पिकअप भ्यान खरिद गरेको तथ्यमा कुनै विवाद देखिँदैन । यस तथ्यलाई पुनरावेदकले

समेत अन्यथा भन्नसकेको पाइँदैन । उक्त निसान डबल पिकअप क्याब यात्रुबाहक सवारी साधन नभई सामान ओसारपसार गर्ने सवारी साधन हो भन्ने करदाताको दाबी रहेको छ । ठूला करदाता कार्यालयले समान ओसारपसार गर्ने प्रयोजनको लागि सिङ्गल क्याब भ्यान मात्र झिकाउन पाइने भन्ने जिकिर गरेको देखिन्छ । उक्त सवारी साधन खरिदमा तिरेको मूल्य अभिवृद्धि करमा करदाताको पूरै कर कट्टीको माग दाबी भएकोमा सोबमोजिमको कर कट्टीको सुविधा नदिई ४० प्रतिशत क्रेडिट मात्र दाबी गर्नुपर्ने भनी ठूला करदाता कार्यालयबाट कर निर्धारण भएको पाइन्छ ।

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को ४१(२) (ख) को व्यवस्था हेर्दा "अटोमोबाइल्समा खरिद मूल्यको ४० प्रतिशत" भनी कर कट्टी गर्न पाउने दररेट तोकिएको पाइन्छ । सोही नियमावलीको स्पष्टीकरणमा उक्त खण्ड (ख) को प्रयोजनको लागि "अटोमोबाइल्स भन्नाले कुनै पनि तीन वा सोभन्दा बढी पाङ्ग्रा भएको सडकमा गुड्ने यात्रुवाहक सवारीको साधन सम्झनु पर्छ" भनी उल्लेख भएको देखिन्छ । करदाताको उद्योग व्यवसायको प्रकृति हेर्दा पिकअप भ्यान आवश्यदक पर्ने र व्यापारिक कारोबारसँग मिल्दो नै देखिएको छ । यसप्रकारको सवारी साधन खरिद गर्न कानूनले नै सुविधा दिएको अवस्थामा सो सुविधा नपाउने भन्नु उचित र तर्कपूर्ण देखिँदैन । यसलाई करदाताको आय आर्जन गर्ने कारोबारको सिलसिलामा भएको खर्चको रूपमा समेत हेर्नुपर्ने देखिन्छ । कुनै उद्योगले आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि प्रचलित कानूनको अधीनमा रही सवारी साधन खरिद गर्न पाउने नै हुन्छ । उद्योगको व्यावसायिक कारोबार सञ्चालन गर्न आवश्यक भई खरिद गरी प्रयोगमा ल्याइएको सवारी साधन खरिदसम्बन्धी मूल्य अभिवृद्धि करबापतको कर कट्टा गर्न पाउने छुट करदाताले पाउने नै देखिन्छ । यसप्रकारको कुरामा सामान्य प्राविधिक तर्क अगाडि सारेर करदातालाई कानूनबमोजिमको सुविधा प्राप्त गर्नबाट वञ्चि त गर्न मिल्दैन ।

तसर्थ, माथि उल्लिखित आधार र कारणसमेतको आधारमा ठूला करदाता कार्यालयले सवारी साधन खरिदमा ४०% मात्र कर छुट पाउने गरी मिति २०६७।४।२१ गते गरेको कर निर्धारण आदेश र सो निर्णय आदेशलाई सदर गरेको आन्तरिक राजस्व

विभागको मिति २०६७।७।१७ को निर्णय उल्टी गरी प्रत्यर्थी उद्योगले सवारी साधन खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउने ठहर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।३।२७ गतेको फैसला कानूनसम्मत र मनासिब देखिएकाले सदर हुने ठहर्छ । ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

फैसलाको विश्लेषणः

प्रस्तुत मुद्दामा उक्त सिमेन्ट उद्योगले गरेको डवल पिक अप भेन मूलेय अभिवृद्धि कर पूर्ण रुपमा छुट हुने प्रकृतिको उद्योगको काममा प्रयोग हुने सवारी साधनमा पर्ने हो होइन भन्ने मुख्य विवादको विषय रहेकोमा सर्वोच्च अदालतबाट उक्त पिकअप भेन पूर्णकर छुट हुने प्रकृतिको सवारी साधनमा पर्ने र सो साधनको खरिदमा मूल्य अभिवृद्धि कर लगाउने ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश वदर हुने गरी फैसला भएङ्को छ ।उक्त फैसलामा मूल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम ४१(२)(ख) को स्पष्टीकरणमा उल्लेखित 'अटोमोवाइल्स 'को परिभाषा भित्र उक्त डवल पिक अप भेन नपर्ने र उक्त भेन पिक अप भेन भएकोले सिमेन्ट उद्योगको काममा प्रयोग हुने प्रकृतिको सवारी साधन अन्तर्गत पर्ने देखिएकोले त्यस्तो भेनको आयातमा लाग्ने मूल्य अभिवृद्धि करमा कर कट्टिको सुविधा (credit)मात्र पाउनेनभै मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम पूर्ण कर छुटको साधन भित्र पर्ने भएकोले मूल्य अभिवृद्धि कर नलाग्ने भन्ने व्याख्या भएको छ।यो फैसलाले के कस्तो सवारी साधन उद्योगको कामसंग सम्बन्धित भै कर छुटको आइटममा पर्ने र कस्तो सवारी साधनमा मूल्य अभिवृद्धिको कर कट्टिको सुविधा मात्र पाउने भन्ने कुराको मार्गदर्शन गरेको छ।यो फैसलाले उद्योगमा संचालकलाई उद्योगको प्रयोगको लागि खरिद गरि आयात गरिने सवारी साधनको आयात प्रक्रियालाई सहज बनाएको देखिन्छ ।त्यस्ता सवारी साधनमा लाग्ने मूल्य कर सम्बन्धी दुविधा धेरै हदसम्म समाधान गरेको अवस्था छ।

s/ / /fhZj ;DjGwL ljjfbdf k'g/fj]bgsf] Joj:yf / /L6 If]qflwsf/

विश्वराज कोइराला[◊]

१. विषय प्रवेश

जनताले राज्यलाइ वुझाउने तिरो वा शुल्कलाइ कर भनिन्छ । यस्तो कर स्वेच्छाचारी रुपमा उठाउन पाइदैन । त्यसैले No taxation without representation भन्ने भनाई विश्वव्यापी रुपमा प्रचलित र मान्य छ । नेपालमा लागु भएका संविधानहरुमा पनि कानून वमोजिम वाहेक कर लगाउन र उठाउन नपाइने कुरालाइ स्वीकार गरिएको थियो । वर्तमान नेपालको संविधानको धारा ११५ ले पनि कानून वमोजिमवाहेक कर लगाउन र उठाउन नपाइने कुरालाइ सुनिश्चितता प्रदान गरेको छ ।[१] संविधानको भाग १० मा संघीय आर्थिक प्रणाली सम्वन्धी व्यवस्था गरीएको र सोही व्यवस्था वमोजिम प्रत्येक आर्थिक वर्षको लागी विविध कर सम्वन्धी व्यवस्था समेटीएको आर्थीक ऐन संसद बाट परीत भएपछी मात्र कार्यान्वयन गरिन्छ ।[२] मुलुक संघीयतामा प्रवेश भएपछि संघिय संसद, प्रदेश व्यवस्थापीका र स्थानिय तहलाई समेत आ आफ्नो क्षेत्रमा कानून वनाउने अधिकार सविधनले प्रदान गरेको छ । सोही अधिकार प्रयोग गरी तिनवटै तहले आ-आफ्ना कानूनहरु वनाएका छन् । कर र राजश्व सम्वन्धी विषयमा पनि तीनवटै सरकारले कानून वनाइ कर उठाएको विषय हाल चर्चामा रहेको छ ।

यहाँ चर्चा गर्न खोजीएको विषय भने हाल नेपालमा कार्यान्वयनमा रहेको केन्द्रिय कर प्रणाली सम्वन्धी व्यवस्था अन्तर्गत उठाइएको वा उठाउन खोजीएको करका विषयमा करदाता र कर अधिकृत वा कर कार्यालयका विचमा परेको विवादमा सम्वन्धित कर अधिकृत र कर कार्यालय वा भंसार कार्यलय वा भंसार अधिकृत बाट भएको निर्णय उपर थप उपचारको लागी गरीएको पुनरावेदकीय क्षेत्राधिकार अन्तर्गत रहेर राजश्व न्यायाधिकरण ऐन २०३१ को दफा ८ वमोजिम सर्वोच्च अदालतमा गरीने पुनरावेदन सम्वन्धी व्यवस्था र त्यसको प्रयोग तथा उल्लेखित पुनरावेदन सम्वन्धी व्यवस्थाको प्रयोग नगरी सोझै सर्वोच्च अदालतमा रीट क्षेत्राधिकार मार्फत प्रवेश गरी रीट मार्फत हेरीएको विवाद र सो सम्वन्धमा भएको फैसला, आदेश र व्यख्याका सम्वन्धमा रहेको छ ।

◊ नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

[१] नेपालको संविधान, धारा ११५,

[२] नेपालको संविधान, भाग १०,

कर, राजश्व र भंसार सम्वन्धी सवैजसो विवादहरुमा सम्वन्धित अधिकृत बाट भएको निर्णय उपर सोझै वा प्रशसकीय पुनरावलोकन मार्फत हुदै राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न सकिने कानूनी व्यवस्था रहेको छ । पुनरावेदन सम्वन्धी व्यवस्था साधारण कानूनी उपचारको प्रभावकारी माध्यम पनि हो । साथै राजश्व न्यायाधिकरणलाइ पुनरावेदन सुन्ने र निर्णय दिने सन्द्रर्भमा व्यापक अधिकार प्राप्त छ । त्यस्तो अधिकार प्राप्त न्यायाधिकरण हुदाहुदै पनि संविधानमा व्यवस्था गरीएको सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गतको रीट क्षेत्राधिकार मार्फत उपचार खोज्ने र अदलतले पनि सोमाध्यमलाइ अधिक रुपमै स्वीकार गरेको देखिन्छ । रीट क्षेत्राधिकारको विषयमा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गतको व्यवस्था हेर्दा,संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई रहेको देखिन्छ ।[३] प्रस्तुत सन्द्रर्भमा सामान्तया सर्वोच्च अदालतको रीट क्षेत्राधिकार आकर्षीत हुने देखिदैन भन्न सकिन्छ ।

२. कर र राजश्व प्रशासन सम्वन्धी कार्यलय, निकायहरुर कानूनी व्यवस्था व्यवस्था

कर वा राजस्व प्रशासनको सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धिकरण विभाग समेत रहेका छन। राजस्व प्रशासनको नीति निर्माणको कार्य नेपाल सरकार अर्थ मन्त्रालयवाट हुने गरेको छ भने आयकर, मूल्य अभिवृद्धि कर, अन्तः शुल्क प्रशासन आन्तरिक राजस्व विभागवाट हुने गरेको छ । भंसार महशुल निर्धारण, असूल उपर, भन्सार वस्तु वर्गिकरण तथा भन्सार छली हुने चोरी निकासी पैठारी नियन्त्रण गर्न अनुसन्धान तथा छानविन गर्ने निर्णय गर्ने समेतको कार्य भंसार कार्यालय र विभागबाट, राजस्व चुहावटका सम्वन्धमा अनुसन्धान तथा छानवीन गरी मुद्दा दायर गर्ने कार्य राजस्व अनुसन्धान विभागवाट हुने गरेको छ ।

३.कर र राजश्व प्रशासन सम्वन्धी निकायका कार्यहरु रकानूनी व्यवस्था व्यवस्था

कर कानूनको अधीनमा रही करदाताको कर दायित्व एकिन गर्ने कार्य कर निर्धारण अन्तर्गत पर्दछ । कर निर्धारण अन्तर्गत कर दायित्व कम गरी कर निर्धारण गर्ने वा कर

[३]नेपालको संविधान धारा १३३(२)

नै नतिर्ने वा छल्ने करदातालाई जरिवाना, शुल्क, ब्याज निर्धारण गर्ने कार्य समेत पर्दछ । कर निर्धारण गर्ने व्यवस्थाले कर,राजश्व अशुलीमा महत्वपूर्ण भूमिका खेल्दछ । राजश्व अशुलीको दृष्टिकोणबाट कर निर्धारण हुनु गरिनु मात्रै ठुलो कुरा होइन । कर निर्धारणबाट करदाताको वास्तविक कर दायित्वलाई प्रतिविम्वित गर्न सक्नु पर्छ । त्यति मात्रै हैन कि कर निर्धारण कानून अनुरुप सहीढंगले गरिनु अनिवार्य हुन्छ । अन्यथा कर निर्धारणबाट अपेक्षित कर राजश्व अशुली गर्न सकिदैन ।

आयकर कर निर्धारण भएको व्यक्तिको करको दायित्व न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था आयकर ऐन २०५८ को दफा १०१ गरिएको छ ।[४] यसरी संशोधित कर निर्धारण गर्दा सामान्यतया ४ वर्ष भित्र गर्नु पर्ने हुन्छ । तर जालसाजीको कारणले गर्दा कुनै व्यक्तिको कर निर्धारण गलत ढंगवाट भएको रहेछ भने विवरण राखेको वा कर निर्धारण भएको मितिले एक वर्ष भित्र विभागले कर निर्धारण गर्न सक्दछ । कर निर्धारण गर्दा कर निर्धारण गर्नु पर्नाको आधार स्पस्ट रुपमा खुलाई सो व्यक्तिलाई सफाइको सवुद प्रमाण पेश गर्न १५ दिनको म्याद दिई लिखित सूचना दिनुपर्दछ । सो अनुसारको जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि विभागले गरेको कर निर्धारणको लिखित सूचना दफा १०२ बमजिम कर निर्धारण गरिएको व्यक्तिलाई दिनुपर्ने व्यवस्था छ ।[५]

त्यसै गरी मूल्य अभिवृद्धि कर निर्धारण सम्बन्धमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने, कर निर्धारण गर्दा प्रमाण पुयाउने भार कर अधिकृतमा हुने, कर निर्धारण गर्दा सामान्यतया ४ वर्ष भित्र गर्नु पर्ने तर जालसाजीको कारणले गर्दा कुनै व्यक्तिको कर निर्धारण गलत ढंगवाट भएको रहेछ भने जुनसुकै बखत विभागले कर निर्धारण गर्न सक्ने व्यवस्थ छ । मूल्य अभिवृद्धि कर निर्धारण गर्दा पनि कर अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्न १५ दिनको म्याद दिनुपर्ने हुन्छ । उक्त अवधि पछि अन्तिम कर निर्धारण गरिसकेपछि सो को लिखित सूचना कर निर्धारण गरिएको व्यक्तिलाई दिनु पर्ने व्यवस्था छ ।

अन्तःशुल्क सामन्यतया मानव शरीरलाइ नकारात्मक असर पार्ने वस्तु वा वातावरणमा प्रतिकुल प्रभाव पार्ने वस्तु वा सेवामा लगाइने गरीएको पाइन्छ ।अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा अन्तःशुल्क वुझाउनु पर्ने हुन्छ । अन्त शुल्क निर्धारणको सम्बन्धमा पनि अन्त शुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने व्यवस्था छ । अन्तःशुल्क ऐन २०५८ को दफा ३(१)(क) अनुसार पैठारी हुने वस्तुको अन्तःशुल्कको निर्धारण र असुली

[४]आयकर ऐन २०५८,दफा १०१

[५]आयकर ऐन २०५८,दफा १०२

सम्वन्धित भंसार कार्यलयले गर्ने व्यवस्था छ ।[6] यसरी अन्त शुल्क निर्धारण गर्दा अन्त:शुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्न १५ दिनको म्याद दिनु पर्ने कानूनी व्यवस्था रहेको छ । अन्त:शुल्क निर्धारण सम्बन्धमा विभागले अनुगमन गर्न सक्ने, कुनै त्रुटी देखिएमा पुन: कर निर्धारण गर्न आदेश दिन सक्ने र कर निर्धारणको लिखित सूचना कर निर्धारण गरिएको व्यक्तिलाई दिनु पर्ने व्यवस्था अन्त:शुल्क ऐनमा रहेको छ । अन्त:शुल्क ऐन २०५८ को दफा १९ को आर्थिक ऐन २०७५ द्वारा संशोधन समेत भएको कानूनी व्यवस्थालाइ हेर्दा १९(१) मा अन्त:शुल्क अधिकृतले गरेको अन्त:शुल्क निर्धारण तथा असुलीका सम्वन्धमा चित्त नवुझेमा ३५ दिन भित्र आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासिकय पुनरावलोकनको लगी निवेदन दिन सकिने व्यवस्था रहेको छ । तर यस सम्वन्धमा कारवाही गर्दा अन्त:शुल्क अधिकृतले कैदको सजाय समेत गर्न सक्ने र त्यसरी कैदको सजाय गरेकोमा भने महानिर्देशक समक्ष प्रशासिकय पुनरावलोकनको निवेदन नगरी सोझै राजश्व न्यागाधिकरणमा पुनरावेदन दिन सकिने व्यवस्था रहेको छ ।

भन्सार ऐन २०६४ बमोजिम भन्सार अधिकृतले भन्सार महशुल निर्धारण गर्न तथा चोरी निकासी सम्बन्धमा आवस्यक निर्णय गर्न सक्ने व्यवस्था छ । राजस्व चुहावटको कसूरको सम्बन्धमा भने राजस्व अनुसन्धान विभागले अनुसन्धान तहकिकात गरी जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने व्यवस्था छ ।

कर राजस्वसंग सम्बन्धित कर निर्धारण आदेशमा चित्त नबुझ्ने व्यक्तिले सूचना प्राप्त गरेको मितिले ३५ दिन भित्र आन्तरिक राजस्व विभाग समक्ष प्रशासिकय पुनरावलोकनको लगी निवेदन दिन सकिने कानूनी व्यवस्था रहेको पाइन्छ ।

४.राजस्व न्यायाधिकरण र पुनरावेदन लाग्ने अवस्था

प्रशासकिय पुनरावलोकनको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको जानकारी प्राप्त गरेको मितिले ३५ दिन भित्र राजस्व न्यायाधिकरण मा पुनरावेदन गर्न पाउने व्यवस्था छ । राजस्व सम्वन्धी विवादमा पुनरावेदन सुन्नका लागी विषेश ऐन द्वारा नियमीत अदालत भन्दा फरक प्रकृतीको फरक फरक निकायका एक एक जना गरी दुइ जना सदस्य रहने र अध्यक्षको रुपमा उच्च अदालतका न्यायाधीश समेत गरी तीन सदस्सिय (राजश्व अधिकृत र एकजना लेखाको अधिकृत समेत सम्मिलित) न्यायाधिकरण बाट विज्ञताको आधारमा मुद्दा सुनवाइ गरी फैसला हुने व्यवस्थालाइ प्रभावकारी उपचारको रुपमा लिन सकिन्छ । साथै प्रशासकिय पुनरावलोकनको निर्णय सामान्यतया ६० दिन भित्र गरी सक्नु पर्ने छ । यसरी ६० दिन भित्र निर्णय नगरीदिएमा

[६]अन्त:शुल्क ऐन २०५८, दफा ३(१)(क)

सम्वन्धित करदाताले आन्तरीक राजश्व कार्यालयलाइ लिखित जानकारी दिइ सोझै राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन पाउने कानूनी व्यवस्था रहेको छ भने आन्तरीक राजश्व कार्यालयलाइ जानकारी नदीइ पुनरावेदन दर्ता भएको पनि देखिन्छ । त्यस्ता पुनरावेदन पत्र पनि राजस्व न्यायाधिकरण बाट स्वीकार गरी हेरीएको देखिन्छ । सो विषयलाइ कानूनी कार्यविधि पुरा भएको मानीएको छ । त्यसैगरी भन्सार ऐन २०६४ को दफा १३ बमोजिम भएको महशुल निर्धारणसंग सम्बन्धित निर्णय उपर १५ दिन भित्र मूल्यांकन पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिन्छ । समितिबाट भएको निर्णयमा चित्त नबुझेमा वा दफा १३ बाहेकको अन्य कुनै पनि निर्णय उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न पाइने व्यवस्था छ ।

राजश्व न्यायाधिकरण ऐन २०३१ को दफा ६ (२) (क) ले पुनरावेदन सुन्दा न्यायाधिकरणलाई निम्न वमोजिमको अधिकार रहेको छ ।

मुद्दाको अन्तिम निर्णय गर्ने,

मुद्दामा मुख्य ठहर्याउनु पर्ने कुरा खुलाई मुनासिब समय तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारवाई र किनारा गर्न शुरु किनारा गर्ने अड्डा वा अधिकारी छेउ फिर्ता पठाउने,

शुरु किनारा गर्ने अड्डा वा अधिकारीले गरेको फैसला वा आदेशलाई सदर उल्टी वा केही उल्टी गर्ने र सो तल्लो अड्डा वा अधिकारीले गर्न पाउने कारवाई वा निर्णय गर्ने, आफैले बढी प्रमाण बुझ्ने र तल्लो अड्डा वा अधिकारीबाट पनि बुझ्न लगाउने, र पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानूनबमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने ।[७]

राजस्व न्यायाधिकरणबाटबाट भएको फैसला सामान्यतया अन्तिम हुन्छ तर राजस्व न्यायाधिकरणबाट भएको फैसलामा राजस्व न्यायधिकरण ऐन २०३१ को दफा ८ को अवस्था विद्यमान भएमा सर्वोच्च अदालतमा पुनरावेदन अनुमतिको निवेदन दिन सकिने व्यवस्था छ । राजस्व न्यायाधिकरणमा ऐन २०३१ को दफा ८ मा राजस्व न्यायाधिकरणको फैसलामा प्रत्यक्ष कानूनी त्रुटी भइ सो निर्णय पूर्ण वा आंशिक रुपमा उल्टीने देखिएमा निम्न अवस्थामा सर्वोच्च अदालतले आफु समक्ष पुनरावेदन अदालतमा गर्न अनुमती दिएकोमा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको छ। जसमा अधिकार क्षेत्रको प्रश्न, वुझ्नु पर्ने प्रमाण नवुझेको वा वुझ्न नहुने

[७]राजश्व न्यायाधिकरण ऐन २०३१,दफा ६ (२) (क)

प्रमाण वुझेको प्रश्न वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधि सम्वन्धी कानूनको उल्लङ्घन भएको प्रश्न वा गंभीर कानूनी त्रुटी सम्वन्धी प्रश्न रहेका छन् ।[८]

उल्लेखित सन्द्रर्भमा सर्वोच्च अदालतबाट के कस्तो व्याख्या भएको छ र राजश्व , कर र भंसार संग सम्वन्धीत विषयमा कस्ता कस्ता विवादमा नियमित र साधारण अधिकार क्षेत्र अन्तर्गत पुनरवेदनको माध्यम अपानाउनु पर्दछ र केकुन अवस्थामा सर्वोच्च अदालतमा असाधारण अधिकार क्षेत्र अन्तर्गत रीटको माध्यम बाट जान सकिन्छ भनि भएका व्याख्याका आधारमा निम्न वमोजिमका ५ वटा मुद्दामा भएका फैसला वा आदेश को विश्लेषण गर्ने प्रयाश गरीएको छ ।

५.सर्वोच्च अदालत बाट भएका फैसलाहरु

५.१.प्रदिप कुमार अग्रवाल विरुद्ध कर कार्यालय विराटनगर समेत ने.का.प. २०५२ नि.नं. ६०३२ अंक ७

(क) विवादित विषय

औद्योगिक व्यवसाय ऐन, २०३८ ले ६ वर्षसम्म आयकर छुट पाएको उद्योगलाई विपक्ष कर कार्यालयबाट कर निर्धारण गरेबाट आद्योगिक व्यवसाय ऐन, २०३८ तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु समेतको विपरीत भएबाट रिट निवेदकको नेपालको संविधान, २०१९ को धारा १०(१) द्वारा अभिनिश्चित कानूनी समानताको हक धारा (११)(२) ङ तथा १५ द्वारा प्रदत्त सम्पत्ति सम्बन्धी मौलिक हक धारा ५८ बमोजिमको संवैधानिक लगायत औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १०(क)(१) तथा २०(क)(२) र २१ समेतको कानूनी हकको प्रचलनमा अवरुद्ध हुन गएकाले अन्य कानूनी उपचारको मार्ग समेत नहुँदा धारा ७१ अन्तर्गत उत्प्रेषणयुक्त परमादेश अन्य जो चाहिने आज्ञा आदेश वा पूर्जि जारी गरी विपक्ष कर कार्यालय कर निर्धारण आदेश वदर गरी विपक्षहरुको नाममा उत्पादन शुरु भएको मिति २०४१र१२र४ देखि ६ वर्षसम्मको आयकर छुट सुविधा दिनु भन्ने परमादेश समेत जारी गरी पाउँ भन्ने व्यहोराको निवेदन भएकोमा सर्वोच्च अदालतको डिभिजन वेन्चमा रायवाझी भइ हुदै वृहत पूर्ण इजलाशमा पेश भएको अवस्था छ ।

(ख) सर्वोच्च अदालतको फैसला

औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १०(क)(२) मा उपदफा (१) बमोजिम सुविधा पाएको उद्योगले त्यस्ता सुविधा अवधि भर पाउने छ भनी लेखिएको पाइन्छ । उक्त दफा १०(क)(१) बमोजिम आयकर सुविधा पाएको उद्योगले त्यस्तो सुविधा पूर्ण अवधि

[8]राजश्व न्यायाधिकरण ऐन २०३१,दफा ८

अर्थात ६ वर्षसम्म पाउने हुँदा मिति २०४३।१।१५ को सूचनाले निवेदक उद्योगले पाइ रहेको सुविधालाई प्रतिकूल असर पार्न सक्ने देखिन्न ।

कर कार्यालय विराटनगरले निवेदक उद्योगमा आ.व. २०४२।४३ को आयमा कर निर्धारण गरेको देखिएको छ । औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १०(क)(१) को कानूनी प्रावधानले नै ६ वर्ष आयकर छुट पाउने व्यवस्था गरेकोले कर कार्यालयबाट आयकर निर्धारण गर्नु उक्त दफाको विपरीत देखिन्छ । औद्योगिक व्यवसाय ऐन, २०३८ को संरचना हेर्दा उक्त ऐन अन्तर्गत स्थापित हुने उद्योगहरुलाई संरक्षण तथा विभिन्न किसिमको सुविधा तथा सहुलियत प्रदान गरेको छ । सुविधा तथा सहुलियत अन्तर्गत आयकर छुट समेत प्रदान गरेको छ । औद्योगिक व्यवसाय ऐन, २०३८ आफैंमा एउटा विशेष ऐन हो । सो ऐनको दफा २१ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुले लेखिए जति कुरामा सोही बमोजिम हुनेछ भनी कानुनी व्यवस्था गरेकोले औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम आयकर छुट पाउने उद्योगले सो ऐन अन्तर्गत जे जति अवधिको लागि आयकर छुट पाउने हो सो अवधिभर आयकर ऐन, २०३१ बमोजिम आयकर नलाग्नेमा विवाद देखिन्न ।

औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम आयकर छुट पाउने उद्योगलाई आयकर छुट नदिएमा त्यस्तो निर्णय उपर पुनरावेदन गर्ने व्यवस्था उक्त औद्योगिक व्यवसाय ऐन, २०३८ मा रहे भएको पाइन्न । औद्योगिक व्यवसाय ऐन, २०३८ उद्योगलाई सहुलियत र सुविधा दिने विशेष ऐन भएकोले सोही ऐनले गरेको व्यवस्था उल्लंघनीय छ । सर्वोच्च अदालतको नि.नं. १०८४ ने.का.प. २०३४ मा प्रतिपादित सिद्धान्तले आयकर ऐन कर लगाउने र ऐन र उद्योग खोल्ने वा खोल्दा पाउने सहुलियत बारेमा औद्योगिक व्यवसाय ऐन भएको स्वीकार गरिएको छ ।

उपचारको व्यवस्था भएमा सो उपचार पर्याप्त वा प्रभावकारी छ भन्ने कानुनी हकको सम्बन्धमा उक्त उपचारको खोजी तर्फ जानु पर्ने हो । तर प्रस्तुत केश औद्योगिक व्यवसाय ऐन, २०३८ अन्तर्गतको हो । औद्योगिक व्यवसाय ऐन, २०३८ मा अर्को उपचार अर्थात् पुनरावेदनको व्यवस्था नभएकोले औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम आफूले पाएको कानुनी हक प्रचलन गराउन निवेदक संविधानको धारा ८८(२) अन्तर्गत यस अदालतमा आएको संवैधानिक र कानुनी छ ।

माथि लेखिए बमोजिम उद्योगले आयकर छुट पाउनेमा विवाद देखिन्न । तर कर कार्यालयले निवेदक उद्योगलाई आ.ब. २०४२।४३ को खूद आय कायम गरी असुलीको लागि कर निर्धारण गरेको छ । आयकर ऐन, २०३१ को दफा ४ मा साल बसाली वा कुनै सालको निमित्त आयकर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो

आयकर यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम करदाताले आय वर्ष भित्र आर्जन गरेको वा प्राप्त गरेको आयमा त्यस्तो आय वर्षको अन्तिम ऐन लागू रहेको आयकर दर बमोजिम निर्धारण गरी असुल उपर गरिनेछ भनी लेखिएको पाइन्छ ।

उपरोक्त कानुनी व्यवस्थाबाट साल बसाली वा कुनै एक सालको निमित्त आयकर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएकोमा सम्बन्धित कर कार्यालयले आयकर ऐन बमोजिम कर निर्धारण गरी असुल गर्ने हो र कर निर्धारण गरी कर छुट दिने व्यवस्था ऐनको दफा ४२(२) हो।

तर औद्योगिक व्यवसाय ऐन, २०३८ ले निवेदक उद्योगलाई उत्पादन शुरु भएको मिति २०४१।१२।४ बाट ६ वर्षको लागि आयकर छुट दिएकोले त्यस्तो छुट दिएको अवधिमा कर कार्यालयले आयकर निर्धारण गरी कर असूल गर्ने क्रिया अधिकारको अतिक्रमण हो । अधिकारको अतिक्रमण गरी भएको आयकर निर्धारण आदेश शुन्य (Void) हुन्छ । त्यस्तो निर्णय बदर गर्न निवेदक उद्योग रिट क्षेत्रमा आउन सक्दछ । अब बैकल्पिक उपचार तर्फ हेरौं कानुनी हकको प्रचलनको लागि वैकल्पिक उपचारको व्यवस्था भएकोमा त्यस्तो उपचार प्रयुक्त हुनु पर्दछ । तर उपचार प्रभावकारी वा पर्याप्त छैन भने त्यस्तो उपचार प्रयुक्त गर्नु पर्छ भने होइन । वैकल्पिक उपचारमा जाने मुद्दाको तथ्य अवस्था परिस्थितिमा निर्भर गर्दछ । पुनरावेदनको बाटो गाह्रौ एवं भारी (Burden Some) हुन्छ भने त्यस्तो उपचार प्रभावहिन हुन सक्छ । त्यो मुद्दाको तथ्यको परिस्थिति अवस्थामा निर्भर हुने हुँदा समय समयमा विवेचना हुने कुरा हो ।

अब उपचारको व्यवस्था तर्फ नेपाल अधिराज्यको संविधानको धारा ८८(२) ले के कस्तो व्यवस्था गरेको छ सो तर्फ हेरौं । नेपाल अधिराज्यको संविधानको धारा ८८(२) मा "यस संविधानको धाराद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा भएपनि सो उपचार अपर्याप्त वा प्रभावहिन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरोपणको लागि आवश्यक र उपयोगी आदेश जारी गरी त्यस्तो हक प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सो प्रचलनको लागि पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण,प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ" भन्ने लेखिएको पाइन्छ । यस सम्बन्धमा माथि पनि विवेचना गरिएकै छ ।

नेपाल अधिराज्यको संविधानको धारा ८८(२) ले यस अदालतलाई पूर्णरुपमा न्याय दिने उचित उपचार प्रदान गर्न सक्षम तुल्याइएकोले पूर्णरुपमा न्याय दिन के कस्तो गर्नुपर्छ

सो तर्फ अदालत सदैव सचेत र जागरुक रहनु पर्ने देखिन्छ । यसले कडापन (Rigidity) लाई अस्वीकार गरेको छ ।

प्रस्तुत मुद्दामा माथि उल्लेख गरे बमोजिम प्रथमत औद्योगिक व्यवसाय ऐन, २०३८ स्वयंले वैकल्पिक उपचारको बाटो प्रदान नगरेकोले निवेदक उद्योगले सर्वोच्च अदालतलाई प्रदान गरेको असाधारण अधिकार क्षेत्रको माध्यम रिटद्वारा यस अदालतमा आएको मिलेकै देखिन्छ । दोश्रो कर कार्यालयले कानूनले आयकर नलाग्ने उद्योगमा आयकर लगाई कर असुल गर्ने क्रिया आफ्नो अधिकारको सीमाको अतिक्रमण गरेकोले अधिकारको अतिक्रमण भएकोमा वैकल्पिक उपचारको बाटो भए पनि त्यसले अधिकारको अतिक्रमणमा त्यस्तो उपचार प्रयुक्त हुनु पर्छ भन्न मिल्दैन ।

अब यसै प्रश्नमा यस अदालतबाट हालसम्म प्रतिपादित सिद्धान्तहरु हेर्दा औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिमको सुविधा पाउने स्थापित उद्योगलाई सो ऐन बमोजिम दिइएको संरक्षण तथा प्रदान गरिएको आयकर, भन्सार, अन्तशुल्क र कर बिक्रीकर सुविधा, कर कार्यालयबाट नदिई आयकर निर्धारण गरिएकोमा त्यस्तो उद्योग असाधारण अधिकारको माध्यमबाट सोझै यस अदालतमा आएको र यस अदालतबाट त्यस्तो सुविधा दिनु भनी परमादेश सहितको रिट माथि उल्लेख गरेको उदाहरणको रिट समेतमा जारी भएको पाइन्छ ।

यस अदालतबाट प्रतिपादित नजीरहरु अनुरुप नै निवेदक उद्योग पनि रिट क्षेत्रमा प्रवेश गरेको पाइन्छ । नजीर कानून सरह नै हुन्छ । जुन वेला जुन नजीर थियो सो नजीरको आधारमा यस अदालतमा प्रवेश गर्नलाई त्यो बाटो गलत हो भनि रिट निवेदकले बाटो विराएको भन्नु र उपचार प्रदान गर्न इन्कार गर्नु न्यायसंगत देखिदैन । संविधानको धारा ८८(२) ले पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्ने भनेकै पाइन्छ ।

निर्णय नं. ४३०० निवेदक परशुराम झा वि. श्री ५ को सरकार मनित्रपरिषद् भएको उत्प्रेषणको मुद्दा यसै अदालतमा ७ जना न्यायाधीशहरु भएको वृहत पूर्ण इजलासले रिट जारी गरी उपरोक्त सिद्धान्तलाई अंगिकार गरेकोले उक्त सिद्धान्तलाई असहमति जनाउनु पर्ने कारण देखिँदैन । अतः आयकर ऐन, २०३१ को दफा ५७ बमोजिम वैकल्पिक उपचारको बाटो पुनरावेदनको माध्यम कायम रहेकोले पुनरावेदनमा जानु पर्छ भनी उक्त ऐनको दफा ३४ लाई औंलाई रिट निवेदन खारेज गरेको बहुमतको रायसंग सहमत हुन सकिएन[9] भनि व्याख्या भएको पाइन्छ ।

यस्तै प्रकृतीको एक मुदामा मुद्दामा एक पटक सर्वोच्च अदालतको वृहत पूर्ण इजलाश बाट भएको फैसला पछि पनि पुनः सोही प्रकृतीको निवेदन कंचनपुरका गणेश

[9]ने.का.प. २०५२ नि.नं. ६०३२ अंक ७

वस्त्रालय फर्मको प्रोपाइटर प्रेम बहादुर सुनारको परेकोमा देखिन्छ । जसमा कर कार्यालय महेन्द्रनगरले निवेदकका नाममा आय कर दर्ता प्रंमाणपत्र प्रदान गरेको छ । निजले नै सो फर्मको कारोवार गरेको कुरा आ.व.०४७।०४८ सम्म निजका नाउँमा आय कर निर्धारण भई निजले नै कर तिरी बुझाई आइरहेको कर कार्यालयको रकर्डबाट प्रष्ट देखिन्छ । यस सम्वन्धमा सम्वन्धित कर कार्यालयले सो फर्मको आ.व. ०४८।०४९ को आय विवरण पेश नगरेको तथा निजले कर कार्यालयको चिट्ठीहरु समेत नबुझेको भन्ने व्यहोरा निर्णय पर्चामा उल्लेख गरी सो को दोषी गा.वि.स. अध्यक्ष म मानबहादुर सुनारलाई संझी रिसराग राखी दुराशयका साथ मलाई प्रेम बहादुर सुनारको गणेश वस्त्रालय फर्मको मुख्य भई कारोवार गर्ने व्यक्ति भनि आफूखुशी सो फर्मको खूद आय रु. ३४,६३,०००। हचुवा तवरले कायम गरी त्यसमा कर रु. १७,००,५००। लगाउनुका साथै स्पष्ट कानूनी व्यवस्था तथा हिसाब समेत प्रष्ट नपारी प्राकृतिक न्याय सिद्धान्त विपरीत आयकर ऐन, २०३१ तथा नियमावली २०३९ का नलाग्ने प्रावधान लगाई विनाकसूर जरिवाना रु. ३,९२,१०१। समेत कायम गरीएको हुदा सो निर्णय वदर गरी पाउ भनि परेको निवेदनमा वैकल्पीक उपचारको प्रभावकारी हुने देखिएको र हाल सम्म सो बाटो कायम रहेको भन्दै निम्न वमोजिम फैसला भएको छ

आयकर ऐन, २०३१ को दफा २४(२) मा कुनै व्यक्तिले आफ्नो नाम नराखी अरुको नाम वा कुनै नामबाट कुनै कारोवार गरेको रहेछ भने त्यस्तो कारोवारको मुख्य नियन्त्रण वा कारोवारको बन्दोबस्त निजले नै गरि आएको र त्यस्तो कारोवारबाट भएको आयको सबै वा मुख्य हिस्सा निजले नै प्राप्त गर्ने गरी आएको भन्ने कुरा कर अधिकृतलाई यकिन भएमा सो कारोवारबाट भएको आय निजको आय मानी कर निर्धारण गरिनेछ भन्ने उल्लेख भएको पाइन्छ । निवेदकले आफ्नो एकाघरका भाइ प्रेमबहादुरका नाममा गणेश वस्त्रालय दर्ता गरी आफूले कारोवार गरेको भन्ने दोधारका व्यापारी तथा भद्रभलादमी समेतको भनाइको आधारमा कर निरीक्षकबाट उक्त वस्त्रालयको कारोवार माथि सम्पूर्ण रुपले मानबहादुरको नियन्त्रण रहिरहेको भन्ने कर निरिक्षकको प्रतिवेदन परेपछि सो कुरा हो, होइन भन्ने विषयमा सम्वद्ध प्रमाणहरु समेत बुझी त्यस्तो खास कारोवार गर्ने व्यक्ति निवेदकलाई नै ठहर्याई निजका नाउँमा आयकर निर्धारण भएकोदेखिन आउँछ। यसरी ऐनको दफा २४(२) अवस्था विद्यमान भएको भन्ने कुरा विवादिन निर्णयमा खुलाइएको र यस्को आधार प्रमाण उल्लेख गरेको पाइन्छ । तसर्थ अर्काको नाउँमा फर्म दर्ता गराई निवेदकले कारोवार गरेको भन्ने ठहर गरेको देखिंदा क्षेत्राधिकारको अभाग भन्न मिलने ।

निवेदकले प्राकृतिक न्याय विपरीत निवेदकलाई सुनुवाइको मौका प्रदान नगरी निर्णय गरेको भन्ने अर्को अपवादात्मक अवस्था विद्यमान छ छैन भन्ने तर्फ विचार गर्दा

निवेदकका नाउँमा कर कार्यालयबाट पठाएको सूचना म्याद गा.वि.स.ले निवेदकले नबुझेको भनी फिर्ता पठाएको ततपश्चात २०५०।१२।५ को पत्रबाट सबूद प्रमाण पेश गर्न निवेदकका नाउँमा म्याद पठाइएकोमा गणेश वस्त्रालयका स्टाफ देव गिरीले बुझेको र २०५०।१२।१५ मा निवेदकले आफू सो फर्मको मुख्य व्यक्ति नरहेको भन्ने जवाफ पठाएको र निजको जवाफ समेतलाई मध्यनजर राखी कर निर्धारण भएको देखिन आएकोले आफ्नो कुरा भन्ने मौका प्रदान नगरेको भन्ने भनाई पनि स्वीकारयोग्य देखिएन ।

वदनियतपूर्वक कर निर्धारण गरेको भन्ने निवेदकको अर्को कथनतर्फ विचार गर्दा निवेदकले वदनियतको वस्तुनिष्ठ आधार प्रमाण दिन गुजार्न नसकेको तथा वदनियतको आरोप लगाउनु मात्र पर्याप्त हुँदैन । वस्तुनिष्ठ आधारमा आधारित हुनुपर्ने हुन्छ । त्यस्तो आधार विद्यमान देखिएन । विपक्षी कर अधिकृतले निर्णय गर्दा आधारहरु उल्लेख गरेको देखिन्छ । ती आधार प्रमाणहरु पर्याप्त भए नभएको कारणले मात्र वदनियत भन्न मिल्दैन तसर्थ निवेदकको यस भनाइसँग पनि सहमत हुन नसकिने ।[१०] प्रस्तुत व्याख्या वस्तुतःनियमित क्षेत्राधिकार कायम रहेको र कानून पनि स्पष्ट हुदाहुदै रीट क्षेत्र बाट सुनवाइ गरीने परम्परालाइ रोकीनु पर्छ भन्ने सिद्धान्त बाट निर्देशित छ भन्न सकिन्छ ।

(ग) विश्लेषण

उल्लेखित फैसलामा वैकल्पीक उपचारको व्यवस्था प्रभावकारी र प्रत्यक्ष हुनु पर्दछ । साथै सम्वीन्धत ऐनमानै सो सम्वन्धी विवादमा कहा र कसरी उजुर गर्ने भन्ने स्पष्ट गरीएको हुनु पर्दछ । अन्य कुनै ऐनमा राखिएको र घुमाउरो बाटो छ भने त्यो उपचार प्रयोजन हिन हुन जान्छ त्यसकारण वैकल्पीक उपचार मार्ग प्रभावकारी हुनु पर्दछ । त्यस्तो मार्ग देखाउनकोलागी नभ वास्तम्मै प्रयोग गर्न सक्ने अवस्थाको हुनु पर्नेमा जोड दिएको पाइन्छ । समग्रमाकानूनी उपचारका लागीप्रभावकारी वैकल्पीक मार्गको वारे जोड दिइएको देखिन्छ । प्रस्तुत विवादमा निवेदकले कानूनन अनुसार ६ वर्ष कर छुट पाउने अवस्था देखिएकोले सो छुट प्रदान गरीएको छ ।

५.२. ने.का.प.२०७१ अंक १० नि नं. ९२६५

निवेदक :नेपाल दूरसञ्चार कम्पनीका निमित्त प्रबन्ध निर्देशक बुद्धिप्रसाद आचार्य

विरूद्ध ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेत भएको उत्प्रेषण र प्रतिषेध र परमादेश

---

[१०] ने.का.प. २०५८ निर्णय नं. ६९८४ अङ्क ३.४

(क) विवादको विषय

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(३), २०(४), २०(४क) , २९(२क) तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९, धारा १२(२)(च), १३(१), धारा १९ र धारा २४(४) समेतको विपरीत हुने गरी भएको प्रारम्भिक कर निर्धारण आदेश र त्यसका आधारमा जारी गरिएको, अन्य आदेश निर्णय कारवाहीहरू समेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गत उत्प्रेषणको आदेशले बदर गरी राजस्व न्यायाधिकरणमा विचाराधीन पुनरावेदनमा उठेका जिकिरहरूलाई प्रभावित हुने गरी जरिवाना लगायत थप दायित्व पर्ने कुनै कार्य नगर्नु भनी प्रतिषेध र परमादेश लगायतको उपयुक्त आदेशसमेत जारी गरिपाउँ भन्ने समेत व्यहोराको :नेपाल दूरसञ्चार कम्पनीको रिट निवेदन ।

(ख) सवोच्च अदालतको फैसला र प्रतिपादित सिद्धान्त

आन्तरिक राजस्व विभागको निर्णय उपर रिट निवेदकले राजस्व न्यायाधिकरण समक्ष पुनरावेदन गरेको र विभागको उक्त निर्णय राजस्व न्यायाधिकरण समक्ष विचाराधीन रहेको देखिन्छ । राजस्व न्यायाधिकरणबाट जस्तो अन्तिम निर्णय हुन्छ सोही अनुसार ठूला करदाता कार्यालयको निर्णयको परिणाम स्वतः हुने देखिन्छ । विपक्षी ठूला करदाता कार्यालयले गरेको निर्णयको स्रोतको रूपमा रहेको आन्तरिक राजस्व विभागको निर्णय नै राजस्व न्यायाधिकरण समक्ष विचाराधीन रहेको र त्यसबाट नै निवेदकले उपचार पाउने अवस्था रहन्छ । यिनै निवेदकले ठूला करदाताको निर्णयउपर यसभन्दा पहिले पुनरावेदनको उपचार ग्रहण गरिसकेकोमा सोही स्थिति र सोही आधारमा विवादित निर्णयउपर पनि साधारण अधिकारक्षेत्र अन्तर्गत उपचारमा जानुपर्नेमा रिटमा प्रवेश गरेको मिलेको देखिँदैन । वैकल्पिक उपचार रहेसम्म रिट क्षेत्राधिकार सामान्यतया आकर्षित हुँदैन । एउटै विषयवस्तुमा एकैपटक दुई निकायले हात हाल्दा न्यायिक अराजकता समेत जन्मिन्छ । निवेदकलाई पुनरावेदनको सशक्त र सक्षम वैकल्पिक उपचारको मार्ग रहेको समेतको अवस्थामा रिटबाट आदेश गर्न मिल्ने नदेखिँदा निवेदकको रिट निवेदन खारेज हुने ठहर्छ [११] भनि फैसला भएको छ ।

(ग) विश्लेषण

सवोच्च अदालतको फैसलाका आधारहरु हेर्दा निवेदकले ठूला करदाता कार्यालयको निर्णय उपर यसभन्दा पहिले पुनरावेदनको उपचार ग्रहण गरिसकेकोमा सोही स्थिति र सोही आधारमा विवादित निर्णय उपर पनि साधारण अधिकारक्षेत्र अन्तर्गत उपचारमा जानुपर्नेमा रिटमा प्रवेश गरेको मिलेको नदेखिने ।

---

[११] ने.का.प.२०७१ अंक १० नि नं. ९२६५

वैकल्पिक उपचार रहेसम्म रिट क्षेत्राधिकार सामान्यतया आकर्षित हुँदैन । एउटै विषयवस्तुमा एकैपटक दुई निकायले हात हाल्दा न्यायिक अराजकता समेत जन्मिन्छ । विवादित विषयको वैकल्पिक उपचारको मार्ग अन्तिम भई बसेको र विवादित निर्णयमा कानूनको घोर त्रुटि भएको भन्ने कुरा स्पष्ट देखिएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने कुरालाई अपवादको रूपमा लिइने । अतःसामान्यतया वैकल्पिक उपचार रहेसम्म रिट क्षेत्राधिकार आकर्षित हुँदैन भन्ने मान्यतालाइ अंगीकार गरीएको छ र कर कार्यालय बाट निर्धारण गरीएको कर उपयुक्त छ भनि भन्न सकिन्छ ।

५.३.ने.का.प. २०६८, अङ्क १० निर्णय नं. ८६९४

जावलाखेल डिष्टिलरी प्रा.लि. को र आफ्नो हकमासमेत ऐ.का अधिकारप्राप्त सञ्चालक राजबहादुर शाहविरुद्धविपक्षीः मन्त्रिपरिषद् सचिवालय समेत भएको उत्प्रेषण समेत

(क) विवादको विषय

प्रचलित संविधान तथा कर वा राजश्व असूल उपर गर्न पाउने सम्बन्धी कानूनी प्रक्रिया विपरीत अन्तःशुल्क लगायतको कर असूली सम्बन्धी निर्णय गर्ने कुनै प्रशासकीय अर्धन्यायिक वा न्यायिक अधिकार नभएको महालेखा परीक्षकको कार्यालयबाट हामी निवेदकलाई कुनै स्पष्टीकरण नसोधी सफाइको मौका नदिई एवं एकपक्षीय रुपमा उद्योगले उत्पादन नगरेको बिक्रीको लागि कारखाना बाहिर निकासी नै नभएको र कुनै व्यक्तिलाई बिक्री समेत नभए नगरेको वस्तुलाई उत्पादन गरेको भन्ने एउटा काल्पनिक अङ्कको उत्पादन परिमाण कायम गर्ने र बास्तविक वस्तु उत्पादन तथा बिक्री गरेको अवस्थामा मात्र लागू हुने राजश्व असूली कानूनको गलत एवं गैरकानूनी अर्थ लगाई रु.४,२९,७८,४२४।- नतिरेको भनी बेरुजु कायम गरी असूलउपर गर्ने निर्णय गरेको र बिक्रीकर ऐन, २०२३ को दफा २(क), २(छ) दफा ८, १० एवं बिक्रीकर नियमहरू, २०२४ को नियम ७ बमोजिम मात्र बिक्रीकर माग गर्न सक्नेमा कुनै कारणले छूट भएको अन्तःशुल्क भए अन्तःशुल्क नियमहरू, २०१९ को नियम १२ ले सो उठाउन तोकेको म्याद ६ महिनाभित्र गरी सक्नु पर्नेमा । त्यस्तो म्यादको पनि ४ बर्ष नघाई अन्तःशुल्क र बिक्रीकर माग गर्ने बिक्रीकरको नामबाट कर असूल गर्ने र ऐनले तोकेको दरभन्दा पनि बढी दरले अन्तःशुल्क लगायतको कर लगाउने अधिकार महानिर्देशकलाई नभएको र निर्देशन दिन समेत नमिल्ने तथा आर्थिक ऐन, २०५४ को अनुसूची- ३ को खण्ड (९) ले महानिर्देशकलाई अन्तःशुल्क समेतको दर तोक्ने अधिकार छैन । महालेखा परीक्षकको विभागले बेरुजु औंल्याएको अवस्थामा कर प्रशासनसँग सम्बन्धित निकायहरूले त्यसलाई आधार बनाई अन्तःशुल्क असूल उपर गर्न मिल्ने हुँदैन अतः सो व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७

को धारा १, ११, ७३ सँग बाझिई असंवैधानिक भएकाले प्रारम्भतः अमान्य हुँदा सोही आधारमा बदर घोषित गरिपाऊँ ।

(ख) सवोच्च अदालतको फैसला र प्रतिपादित सिद्धान्त

निवेदकले उत्प्रेषणको आदेश माग गरेको आन्तरिक राजस्व कार्यालय, ललितपुरको मिति २०६०।३।१७ को निर्णयको सन्दर्भ छ, सो निर्णयमा आर्थिक ऐन, २०५४ को अनुसूची-३ को खण्ड (९) लाई उद्धृत गर्दै जावलाखेल डिष्टिलरी प्रा.लि.ले आर्थिक वर्ष २०५४र०५५ मा प्रतिलब्धि दरभन्दा घटी उत्पादन गरेको स्पिरिट लेखा परीक्षणबाट असूल गर्नुपर्ने देखिएको रु.४,२९,७८,४२४।- असूल गर्ने भनी आन्तरिक राजस्व विभाग (साविक मूल्य अभिवृद्धि कर विभाग) को बेरुजू शाखाको मिति २०६०।२।२१ को पत्रबाट लेखी आएको भन्ने समेतको व्यहोरा उल्लेख भएको देखिन्छ । सो निर्णयमा लेखा परीक्षणबाट बेरुजू देखिएको र आन्तरिक राजस्व विभागले असूल गर्ने भनी निर्देशन दिएको कुरालाई समेत निर्णयाधारका रुपमा ग्रहण गरिएको भएपनि सो निर्णयमा आर्थिक ऐनले तोकेको प्रतिलब्धि दरलाई नै मुख्य आधार बनाई आर्थिक ऐन, २०५४ को अनुसूची- ३ को खण्ड (९), अन्तःशुल्क ऐन, २०१५ को दफा ३, दफा १२क. समेतका आधारमा निर्णय गरेको भन्ने देखिएको छ । त्यसरी निर्णय गर्न सक्ने अधिकार आन्तरिक राजस्व कार्यालयलाई रहे भएको कुरामा निवेदनमा पनि प्रश्न उठाइएको पाइँदैन । आन्तरिक राजस्व कार्यालयले विधायिकी प्रबन्धद्वारा अर्थात् आर्थिक ऐनद्वारा निर्धारण गरिएको महसूल, कर, पोत, शुल्क र दस्तूर उठाउने, असूलउपर गर्ने साधिकार निकाय हो भन्ने कुरामा त्यसै पनि विवाद हुन सक्दैन ।

प्रस्तुत निवेदन अन्तःशुल्क असूलीको विषयसँग सम्बन्धित रहेको र अन्तःशुल्क ऐन, २०१५ मा गरिएको कानूनी व्यवस्था र ऐनको प्रस्तावनाबाट नेपालमा बनेको वा पैदा भएको केही पदार्थहरूमा अन्तःशुल्क लगाउने र असूल गर्ने व्यवस्था गर्ने उद्देश्यका साथ ऐन तर्जुमा गरिएको भन्ने स्पष्ट रुपमा देखिन्छ । सालबसाली वा कुनै एक सालको निमित्त कुनै पदार्थमा अन्तःशुल्क लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो अन्तःशुल्क यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असूलउपर गरिने छ भनी गरिएको व्यवस्थाले पनि आर्थिक ऐनका माध्यम बाट अन्तःशुल्कको दर निर्धारण गर्न सकिने र त्यसरी निर्धारण भएबमोजिम असूलउपर गरी कानून कार्यान्वयन गरिने कार्यको वैधता स्थापित हुन्छ । अन्तःशुल्क ऐनमा कसैले अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा हुने सजायको समेत व्यवस्था गरिएको छ । आर्थिक ऐन, २०५४ को अनुसूची-३ को खण्ड (९) ले स्पष्ट रुपमा न्यूनतम प्रतिलब्धि दर तोकेको अवस्थामा त्यसभन्दा फरक ढंगले उत्पादन मापदण्डको खोजी गर्न मिल्ने हुँदैन । कानूनमा स्पष्ट मापदण्ड उल्लेख भए बाट निवेदक जावलाखेल डिष्टिलरी प्रा.लि.ले

प्रति क्विन्टल मोलासेसबाट कति लिटर स्पिरिट उत्पादन गर्योब भन्ने जस्ता तथ्यगत अवस्थाका बारेमा र उत्पादन घटी वा बढी भयो भन्नेसमेतका बारेमा तथ्यभित्र प्रवेश गरी विचार गरिरहनु पर्ने देखिएन ।

अन्तःशुल्क नियमहरू, २०१९ को नियम १२ अनुसार कुनै पदार्थको सम्बन्धमा लाग्ने अन्तःशुल्क दस्तूर कुनै कारणबाट लाग्नुपर्ने अङ्कभन्दा घटी असूल उपर भएको भए छ महिना भित्र विभागले सम्बन्धित कारखानाबाट असूलउपर गर्न लगाउन सक्ने देखिन्छ ।

संविधान र कानूनबमोजिम राजस्व लगायतका समस्त आम्दानी र धरौटी समेतको लेखाको मूल्याङ्कन गर्ने र असूल तहसिल गर्ने, गर्न लगाउने समेतको अधिकार महालेखा परीक्षकमा निहीत रहेको र आर्थिक ऐन, २०५४ ले मूल्य अभिवृद्धि कर विभागलाई समेत निश्चित् अधिकार प्रदान गरेको परिप्रेक्ष्यमा सोही अधिकार अन्तर्गत दिइएको निर्देशन र कानूनले तोकेको दर भन्दा घटी अन्तःशुल्क असूल भएको अवस्थामा त्यसरी तालुक निकायबाट प्राप्त भएका निर्देशन समेतलाई निर्णयाधार बनाई आर्थिक ऐन, अन्तःशुल्क ऐन र अन्तःशुल्क नियमहरू समेतका आधारमा जावलाखेल डिष्टिलरी प्रा.लि.बाट घटी भएजति अन्तःशुल्क असूलउपर गर्ने र जरीवाना समेत गर्ने गरी भएको आन्तरिक राजस्व कार्यालय, ललितपुरको निर्णय मनासिव नै देखियो ।

अन्तःशुल्क ऐन, २०१५ को दफा १३ मा यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ भनी स्पष्ट व्यवस्था गरिएको र आन्तरिक राजस्व कार्यालयको मिति २०६०।३।१७ को निर्णयको तपसील खण्ड नं. ३ मा पनि यो निर्णयमा चित्त नबुझेमा कानून बमोजिम पुनरावेदनमा जान सक्ने जनाउ दिने भन्ने व्यहोरा उल्लेख भएको परिप्रेक्ष्यमा उक्त निर्णयउपर राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सकिने नै थियो । यी निवेदकलाई कानून र सम्बन्धित निर्णय समेतबाट उपचारको मार्ग खुलाइएको र सो मार्ग अपर्याप्त वा प्रभावहीन भन्ने पनि नदेखिएको अवस्थामा कानून र निर्णयमा उल्लेख भए बमोजिम पुनरावेदन नगरी सीधै यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गतबाट उपचारको माग गरेको देखिँदा सो आधारमा पनि निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिँदैन [12]।

(ग) विश्लेषण

ऐनले स्पष्ट रुपमा प्रतिलब्धि दर तोकेको र सोभन्दा घटी देखाइएको अवस्थामा मूल्य अभिवृद्धि कर विभागले निर्देशन दिएबमोजिम हुने भनी उल्लेख भएको अवस्थामा मूल्य अभिवृद्धि कर विभागले अन्तःशुल्क असूलउपर गर्ने गरी निर्देशन दिन सक्ने ।अन्तःशुल्क ऐन, २०१५ को दफा १३ मा यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय

[12]ने.का.प. २०६८, अङ्क १० निर्णय नं. ८६९४

उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ भनी स्पष्ट व्यवस्था गरिएको र सो मार्ग अपर्याप्त वा प्रभावहीन भन्ने पनि नदेखिएको अवस्थामा कानून र निर्णयमा उल्लेख भए बमोजिम पुनरावेदन नगरी सीधै अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गतबाट उपचारको माग गरेको मिल्ने नदेखिने ।सम्वन्धित कर कार्यालयको निर्णय मनासीव हुने ।

५.४.उत्प्रेषण / परमादेश ०६९ -WO-०८२९ फैसला मिति२०७० ।०३। ०९

(क) विवादित विषय

आयकर ऐन वमोजिम कर छुट हुने निवेदक संस्था मुनाफा रहित संस्थाका रूपमा स्थापित हो संस्थाले दातृ निकायबाट अनुदान स्वरूप चन्दा, उपहार, प्रतिफल र अन्य योगदानहरू प्राप्त गर्नुको साथ साथै वित्तीय कारोबार गरी सो वित्तीय कारोबारबाट आय आर्जन गरेको भए पनि कर नलाग्नेमा १२ वर्षको आय एकै चोटी निर्धारण गरी आफैले पहिले छुट दिएको आय गैर कानूनी रुपमा असुल गर्न लागेको निर्णय र कार्य उत्प्रषणको आदेशले वदर गरी पाउ ।

(ख) सवोच्च अदालतको फैसला र प्रतिपादित सिद्धान्त

वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा २४ बमोजिमका आयमा सोही ऐनको दफा ३१ बमोजिम दिन सकिने कर छुट जस्ता कानूनी प्रक्रियागत कार्य पूरा नगरी संस्थाले प्राप्त गरेको आयलाई करयोग्य आय कायम गरी १२ वर्षको आय एकै चोटी निर्धारण हुने भनी भए गरेका त्यस्ता निर्णयहरूलाई कानून सम्मतको निर्णय मान्न नमिल्ने ।

कुन आय करयोग्य आय हो र कुन आय कर छुट योग्य आय हो भन्ने कुराको निर्णय गर्न सम्बन्धित अधिकारी सक्षम छ तर कानून विपरीत गएर निर्णय गरिन्छ र निर्णयाधिकारीका निर्णयमा कुनै कानूनी प्रश्नमा विवाद रहेको देखिन्छ भने त्यस्तो कानूनी प्रश्नको निराकरण रिट क्षेत्रबाट नहुने भन्न नमिल्ने ।

निवेदक संस्था मुनाफारहित संस्थाका रूपमा स्थापित भए पनि निज संस्थाले दातृ निकायबाट अनुदान स्वरूप चन्दा, उपहार, प्रतिफल र अन्य योगदानहरू प्राप्त गर्नुको साथ साथै वित्तीय कारोबार गरी सो वित्तीय कारोबारबाट आय आर्जन गरेको देखिँदा मुनाफारहित संस्थाका रूपमा स्थापना भए पनि व्यापारिक कारोबार गरेको त्यस्तो अवस्थामा मुनाफारहित भन्ने बित्तिकै सम्पूर्ण आयमा कर छुट हुने भन्न नहुने ।

नेपाल सरकारबाट कर छुट पाएको बाहेक अन्य कुनै विशुद्ध व्यापारिक वा वित्तीय कारोबार गरी सो माध्यमबाट आय आर्जन गरी खूद मुनाफा गरेको छ भने त्यस्तो खुद मुनाफा रकम कररहित हुन नसक्ने ।

निवेदक कर नलाग्ने संस्थाका रूपमा दर्ता भएको प्रमाणपत्र आफैँले जारी गरेको प्रमाणपत्र नहेरी मुनाफारहित हो होइन, संस्थाले गरेको आयमध्ये कुन कुन रकम करयोग्य आय हो र कुन कुन आय कर नलाग्ने आय हो भन्ने कुरातर्फ विश्लेषण र विवेचना गरी कर निर्धारण गर्नुपर्नेमा सोतर्फ विचार नगरी नलाग्ने रकममा समेत कर लगाउने गरी विपक्षी आन्तरिक राजस्व कार्यालयबाट जारी गरिएका निर्णय उपर पुनरावेदनको व्यवस्था छ भन्दैमा त्यस्तो कानूनी प्रश्नको निराकरण रिट क्षेत्रबाट नहुने भन्न नमिल्ने ।[१३]

(ग) विश्लेषण

प्रस्तुत फैसलामा पुनरावेदनको उपचारको वैकल्पीक मार्ग छ भन्दैमा कानून वमोजिम कर छुट पाउने संस्थाले करछुट पाउने कारोवार गरेकोमा सो विषयलाइ अनदेखा गरी कुन कुन रकम करयोग्य आय हो र कुन कुन आय कर नलाग्ने आय हो भन्ने कुरातर्फ विश्लेषण नगरी समग्रमा कर असुल गर्ने कार्य स्वतःनै गैर कानूनी हुदा साधरण अधिकार क्षेत्र अन्तर्गतको पुनरावेदनको व्यवस्था छ भनी भन्न नमिल्ने विषयलाइ जोड दिएको छ ।यस फैसलाले कर छुट हुने संस्था हो भन्ने पुष्टी भइसकेकोमा सो संस्थाले गरेको कुन कार्य बाट कती आम्दानी गरेको हो र सो वपत कती के कस्तो शिर्षकको कर लाग्ने हो स्पष्ट नगरी समग्रमा कर शसुल गर्न खोजीएको देखिदा रीट क्षेत्र बाट हस्तक्षेप गर्न सकिने सिद्धान्तलाइ मान्यता दिइएको देखिन्छ ।

५.५.०७२-WO-१४४ विमानस्थल हवाई यात्रु सेवा व्यवस्था लि.विरुद्ध नेपाल नागरीक उड्यन प्राधिकरण त्रि.अ.वी समेत उत्प्रेषण

(क) विवादित विषय

नेपाल नागरीक उड्यन प्राधिकरणले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल बाट यात्रुलाई ओसार पसार गर्ने कार्यका लागी प्रिपेड ट्याक्सी सेवा संचालन गर्ने र त्यस्तो ट्याक्सी सेवा संचालन गर्ने कार्यका लागि एउटै कम्पनीले जिम्मेवारी लिएमा सहज हुने भनि सोही वमोजिम स्तरीय यातायात ट्याक्सी सेवा संचालन गर्न वोलपत्र आव्हान गरी ठेक्का दिइएकोमा संझौतामा ट्याक्सी सेवा संचालन गरे वापत लाग्ने मुल्य अभिवृद्धी कर वारे केही उल्लेख नभएको र त्यस्तो व्यवसायमा मुल्य अभिवृद्धी कर असुल गर्नु

[१३]०६९ -WO-०८२९,उत्प्रेषण / परमादेश ,फैसला मिति२०७० ।०३। ०९

पर्ने गरी आन्तरीक राजश्व कार्यलय बाट आदेश भएकोमा ट्याक्सी संचालनमा मू अ कर नलाग्ने, यस अवस्थामा ट्याक्सी सेवा संचालन गर्न विमानस्थल हवाई यात्रु सेवा व्यवस्था लिमिटेड र नेपाल नागरिक उड्डयन प्राधिकरण त्रि अ वि का विचमा भएको संझौता अनुसारको ठेक्का रकम असूलीमा मू अ कर लाग्ने विषयनै उल्लेख नभएकोमा हाल आएर अकस्मात मू अ कर लाग्ने भनि असुल गर्न लागेकोले उक्त निर्याय र पत्राचार समेत वदर गरी पाउ भन्ने निवेदन ।

(ख) सवोच्च अदालतको फैसला र प्रतिपादित सिद्धान्त

विमान स्थल सम्म यात्रुहरुलाई आवत जावत गर्ने र गन्तव्यमा पुर्याउन निम्ती निवेदकले प्रिपेड ट्याक्सी सेवा दिएको र त्यस्तो प्रिपेड ट्याक्सी सेवा दिए वापत निवेदकले यात्रुसंग मू अ कर असूल उपर गर्न पाउने व्यवस्था नदेखिंएको साथै मुल्य अभिवृद्धी कर ऐन २०५२ को दफा ५ को उपदफा ३ ले तोकेको अनूसूचि १ को समूह ९ मा यात्रु वाहक यातायात तथा ढुवानी गर्ने सेवाहरुको कारोवारमा मू अ कर नलाग्ने भन्ने व्यवस्था भएकाले ट्याक्सी संचालनमा मू अ कर नलाग्ने हुदा रीट जारी हुने ।[१४]

(ग) विश्लेषण

प्रस्तुत विवादमा आन्तरीक राजश्व कार्यलयले प्रिपेड ट्याक्सी सेवा संचालन गर्ने संस्थाले यात्रुबाट मू अ कर उठाउने हुनाले निजले मू अ कर तिर्नु पर्छ भनि भनेको नभै निजल ेनेपाल नागरीक उड्यन प्राधिकरण त्रि.अ.वी.को स्वमित्वमा रहेको विमानस्थल अगाडीको पार्कीङ्ग स्थलमा एकलौटी रुपमा टेक्सी सेवा संचालन गर्ने ठेक्का प्राप्त गरेको र सो ठेक्कामा मू अ कर नलाग्ने भन्ने नदेखिदा सो वापतको मू अ कर लगाइएको भन्ने जिकीर रहेको र सो जिकीर कानूननत सही रहेको भन्ने देखदा सो फैसला उपर पुनरावलोकनको लागी निवेदन गरीएकोमा अनुमती प्राप्त नभै टुङ्गिएको छ ।

६.निष्कर्ष

प्रस्तुत सन्द्रर्भमा हेर्दा राजश्व र कर सम्वन्धी विवादहरुमा समान्यतया कर अधिकृतको निर्णय अन्तिम नहुने र सो उपर प्रसशकिय पुनरावलोकनको व्यवस्था पनि रहेको छ । तर त्यस्तो पुनरावदकिय अधिकारको प्रयोग गर्ने अधिकारी बाट कानूनको प्रयोगगर्दा यदाकदा सही अक्षरस पालना हुन सकेको देखिदैन । आयकर र मू अ कर सम्वन्धमा परेका प्रसशकिय पुनरावलोकनमा करीव करीव ९९%निर्णयहरु सूरु सदर हुने गरेको देखिएको छ । ज्यादै न्यून संख्यामा मात्र पुनः निर्णयका लागी फीर्ता गएका देखिन्छन् ।

---

[१४] ०७२-WO-१४४

प्रसशकिय पुनरावलोकनको व्यवस्थाको प्रयोग कमै मात्र भएको भएता पनि राजश्व न्यायाधिकरकण बाट गरीने पुनरावेदन प्रभावकारी हुदाहुदै पनि रीट क्षेत्रमा प्रवेश गर्ने र गंभीर त्रुटी नदेखिएको अवस्थामा पनि प्रभावकारी उपचार छैन भन्दै त्यसलाइ ग्रहण गरी अदेशहरु पनि भएका छन् । यो प्रवृतीलाइ कानूनत नियन्त्रित गर्नु पर्ने देखिन्छ । साथै सम्वन्धित अधिकृतहरुले पनि कानूनको मकसदलाइ ख्याल नगरी विधि र प्रकिया नपुचाइ निर्णय गर्ने गरेका कारण पटक पटक उस्तै समस्या दाहोरीएका छन् भन्ने देखिन्छ । राजश्व न्यायाधिकरण ऐन २०३१ को दफा ६ (२) (क) को व्यवस्था व्यापक रहेको नलग्ने कर लगाएको वा असुल गर्न पत्राचार गरेको अवस्थामा पनि पुनरावेदनको माध्यम बाट सो निर्णय वदर हुन सक्ने अवस्था रहदा रहदै रीट क्षेत्रको प्रयोग गर्ने अवस्थालाइ कम गर्न ने.का.प. २०५८ को नि.नं ६९८४ अंक ३,४ को मान वहादुर सुनार विरुद्ध कर कार्यालय महेन्द्रनगरको मुद्दामा सर्वोच्च अदालतको वृहत पूर्ण इजलाशको फैसलामा प्रतिपादीत सिद्धान्तलाइ पालन गरीनु उपयुक्त देखिन्छ । यसले मुल रुपमा गरीएको कर निर्धारणको कम्तीमा एकतिहाइ रकम धरौटीको रुपमा जम्मा गर्नुपर्ने व्यवस्थालाइ निष्कय वनाउने देखिन्छ । अधिकार क्षेत्रको प्रत्यक्ष त्रुटी र संविधान र कानूनलेनै निषेध गरेका विषयमा कर लगाइएको वा प्रकृतिक न्यायको सिद्धान्त विपरीत निर्णय भएको अवस्थामा वाहेक अन्य अवस्थामा नियमित बाटो अपनाउनुनै उपयुक्त हुन्छ भन्न सकिन्छ ।

/fhZj;DaGwL d'2fdf c;fwf/0f clwsf/ If]qsf] k|of]u

गोपालप्रसाद रिजाल◊

१. विषय प्रवेशः

कानून बमोजिम बाहेक कुनै कर नलगाईने र नउठाइने कुरा नेपालको संविधानले सुनिश्चित गरेको छ।[१] त्यसै गरी सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीब्र आर्थिक बृद्धि हासिल गर्दै दिगो विकास गर्ने तथा प्राप्त उपलब्धीहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतीशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने कुरा पनि संविधानमा उल्लेख छ।[२] देशको आर्थिक विकासको लागि आवश्यक राजश्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी वनाई राजश्व परिचालन वढाउन वस्तु वा सेवाको विक्रि, वितरण, हस्तान्तरण, आयात वा निर्यात लगायतका सवै कारोवारमा मूल्य अभिवृद्धि कर लगाउने असूल उपर गर्ने प्रक्रियालाई व्यवस्थित गरी राजश्व संकलन प्रभावकारी ढंगवाट गर्न मूल्य अभिवृद्धि कर ऐन, २०५२, मुलुकको आर्थिक विकासको लागि राजश्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजश्व परिचालनलाई अभिवृद्धि गर्न आयकर सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गरी समयानुकूल बनाउन आयकर ऐन, २०५८, मुलुकको आर्थिक विकासको लागि आवश्यक राजश्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी वनाई राजश्व परिचालन बढाउन नेपालमा उत्पादन भएका वा पैठारी हुने वस्तु वा प्रदान गरिने सेवामा अन्तःशुल्क लगाउने र असूल उपर गर्ने सम्बन्धमा व्यवस्था भएका कानूनलाई समयानुकूल बनाई संशोधन र एकिकरण गर्न अन्तः शुल्क ऐन, २०५८ जारी भई लागू भएका छन् ।त्यसै गरी भन्सार प्रसाशनलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाई अन्तराष्ट्रिय व्यापारलाई सुरक्षित एवं सहज बनाउन भन्सार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न भन्सार ऐन, २०६४ जारी भई लागू रहेको छ ।

◊ सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, सिंहदरवार ।

[१] नेपालको संविधानको धारा ११५

[२] सोही संविधानको धारा ५० को उपधारा (३)

राजश्व तथा कर प्रशासनसंग सम्बन्धित यी मुख्य कानूनका अलावा अन्य आर्थिक कानूनहरु पनि देशमा लागू रहेका छन्।[३] देशमा प्रचलित राजश्व तथा आर्थिक प्रशासनसँग सम्बन्धित कानून कार्यान्वयनको क्रममा अधिकार प्राप्त अधिकारीले गरेको काम कारवाही उपर चित्त नबुझ्ने व्यक्तिले तोकिए बमोजिम महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकन[४] र राजश्व न्यायाधिकरणमा पुनरावेदन[५] गर्न सक्दछ । राजश्व सम्बन्धी मुद्दामा सामान्यतया राजश्व न्यायाधिकरणले गरेको फैसला अन्तिम हुन्छ । तर, अधिकार क्षेत्रको प्रश्न, बुझ्न पर्ने प्रमाण नबुझेको वा नबुझ्नुपर्ने प्रमाण बुझेको प्रश्न, बाध्यात्मक रुपमा पालना गर्नुपर्ने कार्यबिधि सम्बन्धी कानूनको उल्लङ्घन भएको प्रश्न वा गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्नमा न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखि सर्वोच्च अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमती दिइकोमा न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर पुनरावेदन लाग्ने व्यवस्था छ।[६]

त्यसै गरी कर फछ्र्यौट आयोगले करदातासंग आपसी कुराकानी गरी कर निर्धारण गरेको, करदाताले निवेदन दिई राजश्व न्यायाधिकरणमा विचाराधिन मुद्दा कर फछ्र्यौट आयोगमा ल्याएको र राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्ने म्याद गुज्रीसकेको कर निर्धारण सम्बन्धी विषयमा कर फछ्र्यौट आयोगवाट पुनः छानविन गरी कर निर्धारण गर्न करदाराले निवेदन दिई आयोगले पुनः कर निर्धारण गरेको निर्णय बाहेक आयोगले गरेको कर निर्धारण उपर अधिकार क्षेत्रको प्रश्न, बुझ्न पर्ने प्रमाण नबुझेको वा नबुझ्नुपर्ने प्रमाण बुझेको प्रश्न, बाध्यात्मक रुपमा पालना गर्नुपर्ने कार्यबिधि सम्बन्धी कानूनको उल्लङ्भन भएको प्रश्न वा गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्नमा प्रत्यक्ष कानूनी त्रुटी भइ आयोगको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखि सर्वोच्च अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमती दिइकोमा आयोगको त्यस्तो निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ।[७] त्यसै गरी नेपालको संविधानको धारा ४६ तथा १३३ बमोजिम सर्वोच्च अदालतमा

---

[३] हेर्नुहोस् सालबसाली आर्थिक ऐनहरु, शम्पत्ति कर ऐन, २०४७, निकासी पैठारी नियन्त्रण ऐन, २०१३, राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,
२०५२, कर फर्छ्यौट आयोग ऐन, २०३३ आदि ।

[४] आयकर ऐन, २०५८ को दफा ११५, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को धफा ३१क. , अन्तःशुल्क ऐन, २०५८ को दफा २३,

[५] आयकर ऐनको दफा ११६, मूल्य अभिबृद्धि कर ऐनको दफा ३२, अन्तः शुल्क ऐनको दफा २३को उपदफा (३)

[६] राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८

[७] हेर्नुहोस् कर फर्छ्यौट आयोग ऐन, २०३३ को दफा १२

राजश्व सम्बन्धी विवादको विषयलाइ लिएर रिट निवेदन दिने गरेको पनि पाइएको छ । प्रस्तुत कार्यपत्रको क्षेत्र वा विषय राजश्व सम्बन्धी मुद्दामा असाधारण अधिकार क्षेत्रको प्रयोग भएकाले यहाँ सोही विषयवस्तुमा सिमित रहेर चर्चा / विश्लेषण गर्ने प्रयास गरिएको छ।

रिट सम्बन्धी सामान्य अवधारणाः

रिट सम्बन्धि अवधारणा कमन ल प्रणालीको उपज हो । सामान्य अर्थमा रिट भन्नाले कुनै काम गर्न वा नगर्न जारी गरिने विशेषाधिकारयुक्त आदेश भन्ने बुझिन्छ । यसलाई विशेषाधिकारयुक्त यस अर्थमा भनिन्छ कि शुरुमा यस किसिमको आदेश जारी गर्ने अधिकार राजालाई मात्र थियो । त्यतिबेला सार्वजनिक पदाधिकारीहरुले कानून बमोजिम आफूलाई तोकिएको कर्तव्य उचित ढङ्गमा निर्वाह गरेका छन् वा छैनन् तथा मातहत न्यायाधीकरणहरुले पनि आफूलाई प्राप्त अधिकार क्षेत्र भित्र रहेर काम गरेका छन् या छैनन् भनेर सुनिश्चित हुने आधारका रुपमा राजाले रिटलाई प्रयोग गर्ने गरेको पाइन्छ । जस अनुसार सबै अदालत, आयोग र पदाधिकारीहरुको कार्यमा प्रभावकारिता ल्याउने र सुव्यवस्थित ढङ्गबाट सम्पादन गराउने उपायको रुपमा रिट उपचारहरु प्रचलनमा थिए ।

ब्ल्याक्स ल डिक्सनेरीमा रिटको परिभाषा यसरी गरिएको छः– "A court's written order in the name of a state or other competent legal authority, commanding the addressee to do or refrain from doing some specified act." अर्थात राज्य वा सक्षम न्यायिक निकायका नाममा कुनै कार्य गर्न वा त्यस्तो कार्य गर्नबाट रोक्नका लागि अदालतबाट जारी गरिएको लिखित आदेश ।त्यस्तै अक्सफोर्ड डिक्सनरीमा A form of written command in the name of a court or other legal authority to act, or abstain from acting, in a particular way.[8] भनि परिभाषा गरेको पाईयो ।

व्यापक अर्थमा रिटलाई यसरी बुझ्न सकिन्छः-

- पूर्ण न्यायका लागि सार्वजनिक अधिकारकि विरुद्ध कुनै कार्य गर्न वा नगर्नका लागि जारी गरिएको सर्वोच्च न्यायिक आदेश
- सारवान अधिकारको प्रभावकारी कार्यान्वयनका लागि असाधारण अधिकारक्षेत्र अन्तर्गतको उपचारात्मक आदेश
- उच्च तहको अदालतबाट जारी गरिने विशेषाधिकारयुक्त आदेश

[8] https://en.oxforddictionaries.com/definition/writ

- सार्वजनिक अधिकारीलाई कानूनी कर्तव्य पूरा गर्नका लागि जारी गरिने लिखित आदेश
- कानूनी शासन,संवैधानिक सर्वोच्चता र मौलिक हक रक्षाका लागि गरिने आदेश
- अधिकार र न्याय कसैलाई इन्कार नगरिने भन्ने सिद्धान्तमा आधारित (म्याग्नाकार्टा,१२१५ को मूख्य सार)
- राज्य नागरिकको संरक्षक (Parens patriae) हो, अधिकार राज्यद्वारा मान्यता प्राप्त र संरक्षित व्यक्तिका हित हुन् भन्ने मान्यतालाई आत्मसात,
- अधिकार र कर्तव्य एक अर्काका परिपूरक हुन् जहाँ अधिकार रहन्छ त्यहाँ उपचार हुन्छ भन्ने कुरालाई स्थापित गरिने,
- उपचार विनाको अधिकार निरर्थक हुन्छ त्यसैले रिट अधिकार प्राप्तीको प्रभावकारी उपचारको उपाय हो,
- नागरिक अधिकारको रक्षाका लागि राज्य/सरकारका विरुद्ध रिट जारी गरिन्छ ।

रिटको उत्पत्ति कमन ल अन्तरगत वेलायतबाट भएको हो । बेलायतमा सन् १२५८ देखि Royal Chancery Court of Exchequer / Court of Common Pleas अन्तर्गत Prerogative Writ जारी गरिन्थ्यो । सारवान कमन ल अन्तर्गत No writ, no right को मान्यता रहेको छ । भारतमा सन् १७७४ मा दोस्रो चार्टरबाट कलकत्तामा उच्च अदालत स्थापना भै रिट जारी गर्ने क्षेत्राधिकार दिइयो । नेपालमा व्यक्तिगत स्वतन्त्रता ऐन, २००६ को दफा ४ ले रिटको प्रकृति समानको आदेश जारी गर्ने व्यवस्थाको शुरूवात भएकोमा नागरिक अधिकार ऐन,२०१२ ले रिट जारी गर्ने व्यवस्था गरेको थियो । संविधान देशको मूल कानून हो सो संग बाझिने कानून अमान्य हुने –धारा १ मा व्यवस्था छ । नेपालको संविधानको भाग ३ मा विभिन्न ३१ वटा मौलिक हक (जसमा संवैधानिक उपचारको हन समेत पर्दछ)को व्यवस्था गरी मौलिक हक उपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानून संविधानसंग बाझिएको देखिए बदर घोषित गरिने, संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था प्रभावकारी नभएको कानूनी हकको प्रचलनका लागि, सार्वजनिक हक वा सरोकार निहित विवादमा संवैधानिक र कानूनी प्रश्नको निरुपणका लागि उपयुक्त आदेश जारी गर्ने , पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्ने असाधारण अधिकार अन्तर्गत बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत

जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने अधिकार सर्वोच्च अदालतलाई रहेको छ।[९] नेपालको संविधान जारी भएपछि[१०] उच्च अदालतलाई सबै प्रकारका रिट[११] र जिल्ला बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन सुनुवाई गर्ने अधिकार[12] प्रदान गरिएको छ ।

राजश्व सम्वन्धी मुद्दामा रिट क्षेत्रको प्रयोग र यसमा सर्वोच्च अदालतको दृष्टिकोणः

राज्यको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको राजश्वको निर्धारण, संकलन र यस सम्बन्धी व्यवस्थापन तथा विवादको समाधानका लागि आर्थिक प्रशासन संग सम्बन्धित कानूनहरुले एउटा निश्चित व्यवस्था (साधारण उपचार) गरेका छन् । करका विज्ञ कर अधिकृतहरुवाट करको निर्धारण हुने, कर निर्धारित कुनै त्रुटी भए नभएको सम्बन्धमा विभागिय प्रमुख महानिर्देशकवाट पुनरावलोकन गर्ने, यसरी भएको प्रशासकीय पुनरावलोकन उपर समेत चित्त नबुझ्ने पक्षले राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने र विषयगत विज्ञहरु समावेश गरी गठन भएको राजश्व न्यायाधिकरणवाट पुनरावेदन सुनी न्याय निरुपण गर्ने व्यवस्था रहेको छ । राजश्व न्यायाधिकरणले गरेको निर्णय उपर निश्चित आधारमा सर्वोच्च अदालतले पुनरावेदन गर्न अनुमति दिई पुनरावेदन सुन्ने जस्ता विवाद समाधानका क्रमबद्ध उपायहरु प्रचलित कानूनले गरेको पाईन्छ । यो साधारण उपचारको बाटो भन्दा बाहिर गएर कतिपय अवस्थामा सर्वोच्च अदालतमा राजश्व सम्वन्धी विषयलाई लिएर असाधारण अधिकारक्षेत्र अन्तरगत रिट निवेदन दर्ता गर्ने र रिटकै माध्यमवाट पनि सर्वोच्च अदालतले उपचार प्रदान गर्ने गरेको पाइएको छ। यहाँ रिट विनेदनको रूपमा सर्वोच्च अदालतमा दर्ता रहेका केहि निवेदनहरुमा सर्वोच्च अदालतवाट प्रतिपादित शिद्धान्तको विश्लेषण गर्ने प्रयास गरिएको छः

राजश्व सम्बन्धी विवादमा रिट क्षेत्रधिकार अन्तर्गत सर्वोच्च अदालतमा दर्ता भएका, छानिएका केहि मुद्दाहरुमा प्रतिपादित सिद्धान्तको सारांश सहितको तालिकीकरण

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
१	ने.का.प.	औद्योगिक व्यवसाय ऐन,	आयकर ऐन, २०३१ बमोजिम कर

[९] हेर्नुहोस् नेपालको संविधानको धारा १३३
[१०] नेपालको संविधान २०७२ साल अशोज ३ गते देखि प्रारम्भ भएको हो।
[११] उही नेपालको संविधानको धारा १४४
[१२] उही धारा, १५१

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
	२०५२ अंक ७ नि.नं. ६०३२, प्रदिप कुमार अग्रवाल विरुद्ध कर कार्यालय मोरङ (पूर्ण ईजलाश -७ जना)	२०३८ बमोजिम उत्पादन शुरू भएको मितिले ६ बर्ष सम्म आयकर बुझाउनु नपर्ने सुविधा प्राप्त ड्राइसेल ब्याट्रि उत्पादन गर्ने विवेदक कम्पनीलाई सो बमोजिमको छुट प्रदान नगरी कर निर्धारण गरेको, औद्योगिक व्यवसाय ऐनमा सो ऐन अन्तर्गत कर छुट नदिए उपर उपचारको व्यवस्था नभएको, आयकर ऐन, २०३१ को दफा ५७ बमोजिम राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न ५० प्रतिशत धरौट राख्नुपर्ने र जिकिर नपुगे २५ प्रतिशत जरिवाना हुने व्यवस्थाले उपचार प्रभावविहिन हुन गई	अधिकृतले गरेको कार्बाही वा निर्णय उपर दफा ३४ बमोजिम अनियमितता वा त्रुटी सच्याउन महानिर्देशकले पुनः कर निर्धरण गर्न आदेश दिन सक्ने व्यवस्था भएकाले महानिर्देशक समक्ष उजुरी गर्न सक्ने वा कर निर्धारण आदेश उपर दफा ५७ बमोजिम राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने व्यवस्था रहेकोले वैकल्पिक उपचार रहेको देखिने, अधिकार प्राप्त अधिकारीले गरेको कर निर्धारणको आदेश उपर पुनरावेदन गर्न निर्धारित करको केही प्रतिशत रकम धरौट राख्नु पर्ने वा थप शुल्क बुझाउनुपर्ने व्यवस्थाले कानूनी उपचारलाई अपर्याप्त वा प्रभावहिन भन्न नमिल्ने, कानूनले कुनै अधिकारीलाई प्रदान गरेको अधिकार बमोजिम भएको निर्णय माथिल्लो अधिकारी वा निकायवाट बदर नभएसमम त्यो निर्णय कानूनको दृष्टीमा वैध नै हुने भएकाले मौलिक हकमा आघात परेको भनी सोझै रिट क्षेत्रवाट उपचार खोज्न पाउने हो भने संविधान र कानूनले विवाद निरुपण गर्न न्यायीक वा अर्ध न्यायीक अधिकार

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
		निवेदकको सम्पत्ति सम्बन्धी मौलिक हक हनन भएकोले त्यस्तो कर निर्धारण आदेश उत्प्रेषणको आदेशले बदर गरिपाउँ ।	प्रदान गर्नु र सो उपर पुनरावेदनको व्यवस्था गर्नुको कुनै अर्थ नहुने, न्यायिक वा अर्ध न्यायिक अधिकारीको निर्णय वा आदेश अधिकार क्षेत्र विहिन छ वा निजले प्रयोग गरेको कानुन नै संविधान सम्मत छैन वा अधिकारै नभएको निकायले अधिकार क्षेत्र ग्रहण गरेको छ अथवा प्राकृतिक न्यायको सिद्धान्त वा कानुन विपरीत मर्का पर्ने पक्षलाई प्रतिवाद गर्ने मौका नै नदिई निर्णय भएको छ भन्ने जिकिर लिएर सम्बन्धित पक्ष त्यसको उपचारको लागि यस अदालतको असाधारण अधिकारमा आएको छ र निजको जिकिर उचित देखिन्छ भने त्यस अवस्थामा निजलाई असाधारण अधिकार क्षेत्र अन्तर्गत उपचार प्रदान गर्न सकिने, प्रस्तुत मुद्दामा आयकर ऐनको संवैधानिकता र प्रकृतिक न्याय सम्बन्धी प्रश्न समाबेश नभएको, कर अधिकृतको अधिकारक्षेत्रलाई लिएर शंका उठाउने प्रयास गरेको भए पनि तर्कसंगत नभएकोले रिट निवेदन खारेज हुने माननीय न्यायाधीश लक्ष्मणप्रसाद

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
			अर्यालको राय सदर हुने । **यस मुद्दामा २ जना माननीय न्यायाधिशको फरक मत रहेको थियो** औद्योगिक व्यवसाय ऐन, २०३८ मा अर्को उपचार अर्थात् पुनरावेदनको व्यवस्था नभएकोले औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम आफूले पाएको कानुनी हक प्रचलन गराउन निवेदक संविधानको धारा ८८(२) अन्तर्गत यस अदालतमा आएको संवैधानिक र कानुनी छ । कर कार्यालयले कानूनले आयकर नलाग्ने उद्योगमा आयकर लगाई कर असुल गर्ने क्रिया आफ्नो अधिकारको सीमाको अतिक्रमण गरेकोले अधिकारको अतिक्रमण भएकोमा वैकल्पिक उपचारको बाटो भए पनि त्यसले अधिकारको अतिक्रमणमा त्यस्तो उपचार प्रयुक्त हुनु पर्छ भन्न मिल्दैन । प्रत्यर्थी कर कार्यालयले गरेको निर्णय पर्चा तथा कर निर्धारण आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी उत्पादन शुरु भएको मिति २०४१।१२।४ देखि ६ वर्षसम्मको आयकर छुट सुविधा दिनु भनी

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
			विपक्षीकर कार्यालयका नाउँमा परमादेशको आदेश समेत जारी हुने ठहऱ्याएको मा.न्या. गजेन्द्र केशरी वास्तोलाको राय मनासिब ठहर्छ ।
२	ने.का.प. २०५८ अंक ३,४ नि.नं. ६९८४, मानबहादुर सुनार विरुद्ध कर कार्यालय महेन्द्र नगर (पूर्ण ईजलाश - ९ जना)	गणेश बस्त्रालय फर्मको प्रोपाइटर म नभएको हुँदा सो फर्मको कर निर्धारणसंग मेरो कुनै सम्बन्ध नभएकोमा पनि प्राकृतिक न्यायको सिद्धान्त विपरित म प्रति दुराशय राखि हचुवा तवरले आय कायम गरी कर र जरिवाना मैले तिर्नुपर्ने र नतिरे मेरो सम्पत्तिवाट अशुल गर्ने भनियो । कर विभागमा उजुरी गर्न जाँदा लागेको करको एक तिहाई र जरिवाना पुरै धरौटी नराखि जिवेदन दर्ता हुँदैन भन्ने जवाफ दिएकोले उपचारको बाटो अपर्याप्त र प्रभावहीन भई अर्को विकल्प नभएको, गैर	क्षेत्राधिकार विहिन गैर कानूनी निर्णय भएको तथा प्राकृतिक न्यायको सिद्धान्त विपरित प्रतिवाद गर्ने मौका नदिई निर्णय भएको भन्ने निवेदन जिकीर रहेकोले रिट क्षेत्रवाट हेर्न मिल्ने देखियो, आयकर ऐन,२०३१ को दफा २४(२) मा कुनै व्यक्तिले आफ्नो नाम नराखी अरुको नाम वा कुनै नामबाट कुनै कारोवार गरेको रहेछ भने त्यस्तो कारोवारको मुख्य नियन्त्रण वा कारोवारको बन्दोबस्त निजले नै गरि आएको र त्यस्तो कारोवारबाट भएको आयको सबै वा मुख्य हिस्सा निजले नै प्राप्त गर्ने गरी आएको भन्ने कुरा कर अधिकृतलाई यकिन भएमा सो कारोवारबाट भएको आय निजको आय मानी कर निर्धारण गरिनेछ भन्ने उल्लेख भएको हुँदा निवेदकले आफ्नो एकाघरका भाइ प्रेमबहादुरका नाममा गणेश वस्त्रालय दर्ता गरी आफूले

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
		कानूनी कर निर्धारण आदेशवाट सम्पत्ति अपहरण भै घरबार बिहीन हुनुपर्ने अवस्था भएकोले उत्प्रेषण वा अन्य उपयुक्त आदेश जारी गरी गैरकानूनी कर निर्धारण आदेश बदर गरी निवेदकवाट कर, जरिवाना हशूल नगर्नु भनी परमादेश जारी गरिपाउँ ।	कारोवार गरेको भन्ने कर निरिक्षकको प्रतिवेदन परेपछि सो कुरा हो, होइन भन्ने विषयमा सम्वद्ध प्रमाणहरु समेत बुझी त्यस्तो खास कारोवार गर्ने व्यक्ति निवेदकलाई नै ठहर्याई निजका नाउँमा आयकर निर्धारण भएको देखिँदा क्षेत्राधिकारको अभाव भन्न मिलेन। निवेदकले प्राकृतिक न्याय विपरीत निवेदकलाई सुनुवाइको मौका प्रदान नगरी निर्णय गरेको भन्ने अवस्था विद्यमान छ छैन भन्ने तर्फ विचार गर्दा निवेदकका नाउँमा कर कार्यालयबाट पठाएको सूचना नबुझेको भनी फिर्ता पठाएको, ततपश्चात सबूद प्रमाण पेश गर्न निवेदकका नाउँमा म्याद पठाइएकोमा गणेश वस्त्रालयका स्टाफ देव गिरीले बुझेको र निवेदकले आफू सो फर्मको मुख्य व्यक्ति नरहेको भन्ने जवाफ पठाएको देखिन आएकोले आफ्नो कुरा भन्ने मौका प्रदान नगरेको भन्ने भनाई पनि स्वीकारयोग्य देखिएन। वदनियतपूर्वक कर निर्धारण गरेको भनेता पनि सो को वस्तुनिष्ठ आधार प्रमाण दिन गुजार्न नसकेको र कानून बमोजिमको अधिकार प्रयोग गरी कर अधिकृतले निर्णय गरेको देखिंदा रिट

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
			जारी हुने अवस्था देखिएन ।
३	ने.का.प. २०६५ अंक ३ नि.नं. ७९४३ टाइम फर्मा स्युटिकल प्रा.लि. विरुद्ध आन्तरिक राजश्व कार्यालय चितवन, (संयुक्त ईजलाश)	यसमा अन्तराष्ट्रिय स्तरको औषधी उत्पादन गर्ने यस कम्पनीले विदेशवाट कच्चा पदार्थ आयात गर्दा भन्सार विन्दुमा तिरेको मूल्य अभिबृद्धि कर शुन्य दरको कर भएकाले शुन्य दरको कर सुविधा बमोजिम कम्पनीले खरिदको अवस्थामा तिरेको क्रेडिटमा रहने रकम फिर्ता पाउन विपक्षी कार्यालय र विभागसंग माग गरिआएकोमा मूल्य अभिबृद्धिकर ऐन, २०५२ को वर्खिलाप कार्य गरी विगतमा दिई आएको सुविधा समेत दिन नमिल्ने भनी जानकारी गराएकोले उक्त पत्र र भए गरिएका निर्णय	लामो समयदेखि फिर्ता हुँदै आएको र फिर्ता पाउनुपर्ने बाँकी रकम फिर्ता हुने भनी माग गर्नु निवेदकको वैधानिक अपेक्षाको सिद्धान्त (Doctrine of Legitimate Expectation) भित्र कै कुरा हो । कानून त्यही छ, त्यही कानूनको परिधिभित्र रही एकपटक एउटा निर्णय गर्न र अर्को पटक अर्को निर्णय गर्न छुट कानूनले राज्यलाई दिन सक्दैन । पूर्ववती निर्णय कानूनको कसीमा जांचीएर सक्षम निकायबाट बदर भएको अवस्था वा कानूनमा नै संशोधन भएको अवस्था बाहेक उही कानूनी प्रावधानलाई टेकेर पहिले एउटा निर्णय गर्न र पछि त्यसको विपरीत अर्को निर्णय गर्ने छुट रहन्छ भन्न मिल्दैन । निवेदक उद्योगले २०५८।८।२९ देखि पाउंदै आएको कर फिर्ता सुविधालाई विपक्षी आन्तरिक राजस्व विभागबाट मिति २०६२।९।२१ मा कर फिर्ता दिन नमिल्ने गरी निर्णय गरी कर फिर्ता नदिएको देखिंदा उक्त मिति २०६२।९।२१ को निर्णय, सो को

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
		समेत उत्प्रेषणको आदेशले बदर गरी कम्पनीले फिर्ता पाउनु पर्ने रकम फिर्ता दिनु भनी परमादेश जारी गरिपाऊँ ।	आधारमा गरिएको आन्तरिक राजस्व विभागको २०६२।९।२५ को पत्र र आन्तरिक राजस्व कार्यालय चितवनको २०६३।२।१ को पत्र समेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अव निवेदक उद्योगलाई निजले पाउने कर फिर्ता रकम उपलव्ध गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश समेत जारी हुने ठहर्छ ।
४	ने.का.प. २०६७ अंक ७ नि.नं. ८४०५, सूर्य नेपाल प्रा.लि. विरुद्ध आनतरिक राजश्व कार्यालय, बारा (विशेष ईजलाश - ३ जना)	निवेदक कम्पनीले उत्पादनको नियमित विवरण र हिसाव राखेको र सोही आधारमा वास्तविक रुपमा उत्पादित पदार्थमा लाग्ने विभिन्न आर्थिक वर्षको अन्तःशुल्क रकम विपक्षी आन्तरिक राजश्व कार्यालयलाई तिरी बुझाई सकेको अवस्थामा पूर्व जानकारी विना अप्रत्यासीत रुपमा आन्तरिक राजश्व कार्यालयका कर अधिकृतले कुनै कानूनी	अनुमानित उत्पादनको आधारमा थप अन्तःशुल्क रकम माग गर्ने सम्बन्धमा विपक्षी आन्तरिक राजश्व कार्यालबाट कुनै कानूनको व्यवस्था उल्लेख नगरी रिट नं. २८२५ को पुनरावलोकनको आधारसम्म उल्लेख गरेको अवस्थामा आन्तरिक राजश्व कार्यालय सिमरा वाराको मिति २०६२।३।२७ को टिप्पणी व्यहोरा प्रमुख कर अधिकृतबाट २०६२।३।२८ मा सदर भएको आदेश एवं सोअनुसार निवेदक कम्पनीसँग उक्त आ.व. २०५५।५६ देखि २०५९।६० सम्मको थप अन्तःशुल्क कर रकम माग गर्ने गरी भएका पत्राचार समेत कानून अनुकूल भए गरेको नदेखिँदा

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
		आधार उल्लेख नगरी उल्लिखित आ.व.का छुट्टा छुट्टै अन्तःशुल्क रकम निवेदक कम्पनीसँग माग गर्ने गरी उठाएको टिप्पणी प्रमुख कर अधिकृतबाट सदर गरिएको, उत्पादन नै नगरिएको काल्पनिक वस्तुमा माग गरिएको अन्तःशुल्क रकमको विषयमा महानिर्देशक समक्ष दिएको प्रशासकीय पुनरावलोकनको निवेदनमा समेत पूर्वाग्रही भै सदर गरिएको हुँदा निवेदक कम्पनीका विरुद्ध अन्तःशुल्क रकम माग गर्ने विषयमा भए गरेको विपक्षीहरूका काम कारवाही एवं निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरि आन्तरिक राजश्व विभागका महानिर्देशकको	उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णयउपर पुनरावेदन गर्दा धरौटी राख्नुपर्ने कुनै व्यवस्था नगरिएको अवस्थामा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) को पचास प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्था तत्कालीन नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ७३ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९ मा रहेको कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाईने संवैधानिक प्रावधानसँग के कसरी बाझियो भन्ने कुरा निवेदकले सारभूत रुपमा पुष्ट्याई दिई दावी लिन सकेको पाइएन । निवेदकले नितान्त निजी हक हितमा असर परेको कुरा उल्लेख गरी अमुक कानूनको व्यवस्था बाझिएको भनी गोश्वारा रुपमा दावी लिएकै आधारमा विधायिकी प्रक्रियाद्वारा निर्मित कानूनलाई न्यायिक पुनरावलोकनको

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
		निर्णयउपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को (ख) को व्यवस्था संवैधानिक प्रावधानसँग वाझिएकोले अमान्य र बदर घोषित गरिपाऊँ ।	विशिष्ट अधिकारक्षेत्र प्रयोग गरी अमान्य र बदर गर्नु न्यायिक मूल्य र मान्यताविपरीत हुन जानेे भएकाले सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ ।
५	ने.का.प. २०६७ अंक ८ नि.नं. ८४४१, नेम ईन्ष्टिच्यूट फर मेडिकल एजुकेशन प्रा.लि. विरूद्ध आन्नतिक राजश्व विभाग लाजिम्पाट (संयुक्त ईजलाश)	निवेदकले प्रदान गर्ने सेवा शिक्षा सेवा भएको र यस्तो सेवामा शिक्षा सेवा कर र आयकर मात्र लाग्ने व्यवस्था कायम रहेकोमा सो व्यवस्थाविपरीत हुने गरी लाग्दै नलाग्ने ऐनको प्रयोग गरी प्रारम्भिक कर निर्धारण आदेश भएको छ । सो बमोजिम अन्तिम कर निर्धारण भएमा निवेदकलाई अपूरणीय क्षति हुने भएकाले मूल्य अभिबृद्धि कर नै नलाग्ने शिक्षण सेवामा गलत	आफ्नो संस्था शिक्षण संस्था भएको र शिक्षा कर र आयकर मात्र लाग्नुपर्ने, मूल्य अभिवृद्धि कर लाग्ने होइन भनी मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कर दाखिला गर्नु नपर्ने आधार र कारण तथा त्यसको पुष्ट्याईंसहितको प्रमाण कागजात कर अधिकृतसमक्ष दाखिला गरी सफाई लिन सक्ने । तोकिएको रकमभन्दा बढीको सेवा प्रदान नगरेको भए सोहीबमोजिमको स्पष्टीकरण सो पत्रमा तोकिएको म्यादभित्र दिनपर्नेमा सो स्पष्टीकरण नदिएको अवस्थामा कानूनी व्यवस्थाबमोजिम कर अधिकृतले प्रारम्भिक मूल्य अभिवृद्धि कर निर्धारण

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
		ऐनको प्रयोग गरी मूल्य अभिवृद्धि कर लगाई कर निर्धारणको प्रक्रिया अगाडि बढाएको कार्यबाट निवेदक संस्थालाई कानूनी तथा संवैधानिक हकमा आघात परेको हुँदा प्रारम्भिक कर निर्धारण आदेश र सोसँग सम्बन्धित सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी शिक्षण सेवालाई मूल्य अभिबृद्धि कर नलाउनु, निर्धारण नगर्नु नगराउनु र असूलउपर नगर्नु नगराउनु भनी प्रतिषेधको आदेश समेत जारी गरिपाऊँ ।	गर्न नपाउने भन्ने अवस्था नदेखिने । प्रचलित कानूनबमोजिम उपलव्ध रहेको प्रशासकीय पुनरावलोकन अथवा राजस्व न्यायाधिकरणमा उपचारको अवलम्बन गर्दा कानूनले तोकेको धरौट राख्नुपर्ने कारण देखाई संवैधानिक उपचार वा असाधारण अधिकारक्षेत्र गुहार्न सकिने भन्ने संवैधानिक व्यवस्था रहेको नपाइने । राजस्व असूलउपर गर्ने अधिकारप्राप्त अर्ध न्यायिक निकाय वा अधिकारीले आफ्नो अधिकारक्षेत्रभित्र रही गरेको कार्यबाट आर्थिक दायित्व सिर्जना हुन गएको कारणले मात्र त्यस्तो आदेश वा निर्णयबाट मौलिक हकको अपहरण वा अतिक्रमण भयो भनी भन्न नसकिने । कानूनद्वारा नै त्यस्तो अधिकारी वा निकायलाई कर निर्धारणसम्बन्धी निर्णय गर्न पाउने अधिकार प्रदान गरेको र सो अधिकारअन्तर्गत गरिएको निर्णयमा कुनै त्रुटि नहुने हुँदैन र त्यस्तो त्रुटि हुन गएमा कानूनबमोजिम माथिल्लो अधिकारी वा निकायबाट सो त्रुटिपूर्ण निर्णय बदर गराउन सकिने हुन्छ र बदर नगराएसम्म त्यस्तो निर्णयलाई

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
			अन्यथा भन्न नमिल्ने । इन्ष्टिच्यूटले प्रदान गर्ने शिक्षा विद्यालय, विश्वविद्यालय, महाविद्यालय तथा प्राविधिक शिक्षालयको जस्तो शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्र दिन पाउने शैक्षिक संस्था नभई प्रवेश परीक्षाको लागि पूर्व तयारी कक्षा सञ्चालन गर्ने सेवा प्रदायक इन्ष्टिच्यूट भएको तथा कानूनबमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएकोले मूल्य अभिवृद्धि कर नलाग्ने भनी अर्थ गर्नु सान्दर्भिक नदेखिने ।
६	ने.का.प. २०७३ अंक ६ नि.नं. ९६१३, वन पैदावार व्यवसायी संघ, नेपाल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार	नेपाल सरकारको आ.व. २०६४।६५ को बजेट वक्तव्यमा बोलिएका कुरालाई कार्यान्वयनमा ल्याउने भनी वन तथा भू-संरक्षण मन्त्रालयको मन्त्री स्तरीय निर्णयबाट वन विकास कोष निर्देशिका, २०६४ स्वीकृत गरी सो कार्यान्वयन गर्नु गराउनु भन्ने वन विभागलाई भएको पत्राचारअनुसार	नेपालको अन्तरिम संविधान, २०६३ को धारा८९(१) मा "कानूनबमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन" भन्ने व्यवस्था भएको पाइन्छ । आयकर ऐन, २०५८ को दफा २(ढ) मा शुल्कलाई समेत करको परिभाषामा समेटेकोले सरकारी कोषमा जम्मा हुने गरी असुल गरिने कर, शुल्क वा अन्य रकमसमेत करको परिभाषाको दायरामा आउँने हुँदा विपक्षीहरूले निवेदकबाट वन विकास कोषबापत भनी रसिद काटी असुल गरेको शुल्क पनि कर कै रूप हो भन्ने मान्नु पर्ने हुन्छ ।

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
	(संयुक्त ईजलाश)	सो निर्देशिका कार्यान्वयनमा ल्याउनका लागि वन विभागले तोकेको मापदण्डमा "व्यावसायिक प्रयोजनका लागि इजाजत दिने काठको हकमा रू. ५।- प्रति क्यु फिटका दरले वन विकास कोषको रकमसमेत लिने" कार्यले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १८, १९ र ३२ द्वारा प्रदत्त संवैधानिक हकको हनन् हुन गएकाले वन विकास कोषको नाममा रकम उठाउने भनी पारित निर्देशिका, निर्णय, परिपत्र तथा पत्राचारसमेतका सम्पूर्ण कार्य उत्प्रेषणको आदेशले बदर गरी गैरकानूनीरूपमा उठाइएको सम्पूर्ण रकमको साँवा र	यसरी कर लगाउने, उठाउने जस्तो करसँग सम्बन्धित विषयलाई सारवान कानूनमा नै स्पष्टरूपमा समेटिएको हुनु पर्ने र त्यस्तो सारवान कानून संविधानअनुसार नै बनेको हुनु आवश्यक हुन्छ । तसर्थ मन्त्री स्तरीय निर्णयबाट वन विकास कोषका लागि वन व्यवसायीहरूबाट शुल्क उठाउने भनी भए गरेका निर्णय पत्राचारलगायतका विपक्षीहरूका काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर भई अव उप्रान्त ऐनको अख्तियारीविना वन विकास कोषका लागि भनी वन व्यवसायीहरूबाट थप शुल्क नउठाउनु भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी हुने ठहर्छ । रिट निवेदकले हालसम्म उठाएको रकम फिर्ता पाउँ भनी गरेको निवेदन माग सम्बन्धमा विचार गर्दा निवेदकले माग गरेको रकमका सम्बन्धमा के कति रकम को कसलाई बुझाएको हो र को कसबाट के कति रकम फिर्ता

सि.नं.	उद्धरण	रिट निवेदन मूख्य जिकीर	प्रतिपादित सिद्धान्तको मूख्य बुँदा
		कानूनबमोजिमको ब्याजसमेत फिर्ता गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ	पाउनु पर्ने हो भन्ने सम्बन्धमा निवेदनमा र बहसको क्रममासमेत स्पष्टरूपमा खुलाउन नसकेको हुँदा अनुमानका आधारमा मात्र रकम फिर्ता दिनु भनी आदेश जारी गर्न मिल्ने देखिएन ।

प्रतिपादित सिद्धान्तको विश्लेषण

माथीको टेवलमा उल्लिखित राजश्व / करसंग सम्बन्धित विवाद रहेका छवटा रिट निवेदन मध्ये दुई वटा रिट निवेदन बृहद पूर्ण ईजलाशवाट, एउटा बिशेष ईजलाशवाट र तीन वटा संयुक्त ईजलाशवाट सुनुवाई भइ न्यायीक सिद्धान्त प्रतिपादन गरेको पाईन्छ ।

सात जनाको बृहद पूर्ण ईजलाशमा पुगी विवाद समाधान भएको प्रदिप कुमार अग्रवालको मुद्दामा औद्योगिक व्यवसाय ऐन २०३८ ले निवेदक उद्योगलाई उपलब्ध गराएको कर छुट नदिई कर अधिकृतवाट आयकर निर्धारण गरेको भन्ने विषय रहेकोमा रिट क्षेत्रवाट प्रस्तुत विषय हेर्न मिल्ने नमिल्ने सम्बन्धमा संयुक्त ईजलाशका माननीय न्यायाधिश वीच राय बाझिई पूर्ण ईजलाशमा पेश भएको र पूर्ण ईजलाशले यस अधि परशुराम झाको मुद्दामा पुनरावेदनको अनुमतीको वाटो हुदा हुँदै रिट क्षेत्रवाट उपचार प्रदान गरेको पूर्ण ईजलाशवाट प्रतिपादित नजिर[13] र रामरिक्षपाल अग्रवालको मुद्दामा पुनरावेदन गर्ने कानूनी उपचार अबलम्बन नगरी रिट क्षेत्रवाट आएकोले रिट खारेज गर्ने पूर्ण ईजलाशको नजिर[१४] कुन अबलम्बन गर्ने भन्ने प्रश्नको निराकरण गर्न यो बृहद पूर्ण ईजलाशमा पठाएको देखिन्छ । यसमा पूर्ण ईजलाशबाट स्पष्टरुपमा निम्न कानूनी सिद्धान्तहरु प्रतिपादन भएका छन्;

- कुनै न्यायीक वा अर्धन्यायीक अधिकारीको निर्णय वा आदेश उपर निवेदन वा पुनरावेदन दिन पाउने वैकल्पिक उपचार सम्बन्धी कानूनी व्यवस्था भएकोमा सोको प्रयोग नगरी सिधै रिट क्षेत्रमा आउन नमिल्ने,

[१३] ने.का.प. २०४८ पृष्ट २३३

[१४] ने.का.प. २०४९ पेज ७३१

- अधिकार प्राप्त अधिकारीले गरेको कर निर्धारण आदेश उपर पुनरावेदन गर्न केहि प्रतिशत रकम धरौट राख्नु पर्ने वा शुल्क बुझाउनु पर्ने व्यवस्थालाई संविधानसंग बाझिएको भन्न नमिल्ने साथै त्यस्तो धरौट वा शुल्क राख्नु पर्ने कानूनी व्यवस्थाले उपचार प्रभावहीन भएको भन्न नमिलने,
- न्यायिक वा अर्ध न्यायिक अधिकारीको निर्णय वा आदेश अधिकार क्षेत्र विहिन छ वा निजले प्रयोग गरेको कानुन नै संविधान सम्मत छैन वा अधिकारै नभएको निकायले अधिकार क्षेत्र ग्रहण गरेको छ अथवा प्राकृतिक न्यायको सिद्धान्त वा कानून विपरीत मर्का पर्ने पक्षलाई प्रतिवाद गर्ने मौका नै नदिई निर्णय भएको छ भन्ने जिकिर लिएर सम्बन्धित पक्ष त्यसको उपचारको लागि अदालतको असाधारण अधिकारमा आएको छ र निजको जिकिर उचित देखिन्छ भने यस्तोमा पुनरावेदनको कुनै औचित्य नहुने भएकाले असाधारण अधिकार क्षेत्र अन्तर्गत उपचार प्रदान गर्न सकिने ।

नौ जना माननीय न्यायाधिशको ईजलाशवाट विवाद समाधान भएको मान बहादुर सुनारको मुद्दामा अकैं व्यक्तिको नाममा दर्ता रहेको फर्मले आय विवरण नबुझाएको भनी सरोकार नै नभएका निनेदकलाई प्रतिवाद गर्ने मौका नै नदिई आयकर र जरिवाना लगाएकोले त्यस्तो आदेश पत्राचार बदर गराउन रिट क्षेत्र प्रवेश गरेकोमा प्रदिप कुमार अग्रवालको मुद्दामा जस्तै रिट जारी गर्ने वा खारेज गर्ने सम्बन्धमा संयुक्त ईजलाशका माननीय न्यायाधिश वीच राय बाझी भै पूर्ण ईजलाशमा पेश भएकोमा तीन सदस्यीय पूर्ण ईजलाशले पुनः परशुराम झाको नजिर र प्रदिप कुमार अग्ररवालको नजिरको अनुसरणमा प्रश्न उठाई यस ९ सदस्यीय पूर्ण ईजलाशमा पठाएकोमा यसमा प्रदिप कुमार अग्रवालको मुद्दामा प्रतिपादित सिद्धान्तलाई अनुशरण गर्दै कुनै व्यक्तिले आफ्नो नाम नराखी अरुको नाम वा कुनै नामबाट कुनै कारोवार गरेको रहेछ भने त्यस्तो कारोवारको मुख्य नियन्त्रण वा कारोवारको बन्दोबस्त निजले नै गरि आएको र त्यस्तो कारोवारबाट भएको आयको सबै वा मुख्य हिस्सा निजले नै प्राप्त गर्ने गरी आएको भन्ने कुरा कर अधिकृतलाई यकिन भएमा सो कारोवारबाट भएको आय निजको आय मानी कर निर्धारण गर्ने अधिकारक्षेत्र कानूनले कर अधिकृतलाई दिएको, कानूनले दिएको अख्तियारी भित्र रही सुनुवाईको मौका समेत प्रदान गरी निर्णय गरेकोमा निवेदकले बदनीयत पुष्टी गर्न नसकेकोले रिट जारी नहुने भन्नेर नजिरको पालनाका सम्बन्धमा प्रदिपकुमार अग्रवालको रिट निवेदनको निर्णय हुँदा नै ७ सदस्यीय पूर्ण इजलासबाट भएको निर्णयमा नै परशुराम झाको मुद्दासँग निवेदक प्रदिपकुमार अग्रवालको

मुद्दाको बस्तुस्थिति र परिस्थिति नै अलग रहेको भनी एउटा निश्चित मार्गदर्शन गरिसकेको अवस्थामा सो सम्बन्धमा उठेको समस्या समाधान (Settle) भैसकेको हुँदा पुनः सोही प्रश्न उठाउनु उपयुक्त र मनासिव भन्न मिल्दैन । तसर्थ प्रस्तुत मुद्दाका तीन जना माननीय न्यायाधीशहरुको पूर्ण इजलासले फेरी सोही विषयमा नै यस बृहद पूर्ण इजलासमा रुलिङ्ग बाझिएको भनी पठाइएको आदेश मिलेको देखिदैन भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।

अर्को, सूर्य टोवाको कम्पनिको मुद्दामा साविकमा अन्तःशुल्क बुझाइसकेकोमा पनि विना कानूनी आधार पुनः ती बर्षका अन्तःशुल्क रकम लिन छुट भएको भनी रकम माग गरेको कार्य उत्प्रेषणको आदेशले बदर गर्न र राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न धरौटी राख्नुपर्ने व्यवस्थालाई असंवैधानिक धोषित गरी पाउन माग गरी रिट निवेदन गरेकोमा तीन सदस्यीय बिशेष ईजलाशवाट थप अन्तशुल्क माग गरेको विषयमा पुनरावेदन जाने वैकल्पिक उपचार भए नभएको वा प्रस्तुत विवादमा रिटवाट हेर्न मिलने वा नमिल्ने सम्बन्धमा कुनै विवेचना नगरी महालेखा परिक्षकको विभागवाट बेरूजु औंल्याएको आधारमा विना कानूनी आधार अनुमानित उत्पादनको आधारमा थप अन्तःशुल्क रकम माग गर्न नमिल्ने भनी त्यस्तो निर्णय र कारबाही उत्प्रेषणको आदेशले बदर गरी प्रदिप कुमार अग्रवाल लगायतको मुद्दामा स्थापित सिद्धान्त बमोजिम नै यस मुद्दामा पनि राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न धरौटी राख्नु पर्ने व्यवस्था असैंधानिक नभएको भन्ने सिद्धान्त कायमै राखिएको छ।

माथी तालिकीकरण गरिएका संयुक्त ईजलाशवाट कायम भएका तीन वटा रिट निवेदन मध्ये टाईम फर्मास्युटिकल प्रा.लि.को मुद्दामा औषधी उत्पादक यस कम्पनिले विदेशवाट आयात गरेको शुन्य दरको कच्चा पदार्थमा भन्सार विन्दुमा तिरेको मूल्य अभिबृद्धि कर साविक बमोजिम क्रेडिट नदिएको भन्ने निवेदन जिकिरमा उही कानूनी व्यवस्था वमोजिम पहिले कर फिर्ता गर्ने निर्णय गरेकोमा सोही कानून कायमै रहेको अवस्थामा पूर्ववर्ती निर्णय सक्षम निकायवाट बदर नभएसम्म वैधानिक अपेक्षाको सिद्धान्त (Doctrine of Legitimate Expectation) साविक बमोजिम कर फिर्ता गर्नुपर्ने गरी सिद्धान्त प्रतिपादन भएको छ । त्यस्तै वन पैदावार व्यवसायी संग, नेपालको मुद्दामा समेत विना कानूनी अख्तियारी निर्देशिका जारी गरी वन विकास कोषका नाममा कर लगाएको कार्यलाई बदर गरिपाउन रिट परेकोमा वन विकास कोष बापत भनी रसिद काटी असुल गरेको शुल्क पनि कर कै रूपमा हुने भएकाले कर लगाउने, उठाउने जस्तो करसँग सम्बन्धित विषयलाई सारवान कानूनमा नै स्पष्टरूपमा समेटिएको हुनु पर्ने अन्यथा त्यस्तो कार्य बदर हुने भन्दै रिट जारी भएको अवस्था छ ।

नेम ईन्टिच्यूट फर मेडिकल एजुकेशन प्रा.लि.को मुद्दामा भने निवेदक संस्थाले शिक्षा सेवा प्रदान गरेकोमा कानूनले लगाउन नमिल्ने मूल्य अभिबृद्धि कर लगाएको भनी के निर्धारण आदेश बदर गरिपाउन परेको रिटमा इन्ष्टिच्यूटले प्रदान गर्ने शिक्षा विद्यालय, विश्वविद्यालय, महाविद्यालय तथा प्राविधिक शिक्षालयको जस्तो शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्र दिन पाउने शैक्षिक संस्था नभई प्रवेश परीक्षाको लागि पूर्व तयारी कक्षा सञ्चालन गर्ने सेवा प्रदायक इन्ष्टिच्यूट भएको तथा कानून बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएकोले मूल्य अभिवृद्धि कर नलाग्ने भनी अर्थ गर्नु सान्दर्भिक नदेखिने भन्दै कर निर्धारणमा चित्त नबुझे प्रशासकीय पुनरावलोकनका साथै पुनरावेदन गर्न पाउने वैकल्पिक उपचारको व्यवस्था भएकोले रिट जारी गर्न नमिल्ने भनी रिट खारेज भएको अवस्था छ । यसरी सम्मानित सर्वोच्च अदालतवाट राजश्व सम्बन्धी विषयवस्तु समावेश गरी रिट निवेदन दिएकोमा अधिकाश रिट खारेज गरेको र केहि निश्चित अवस्थामा रिट जारी गरेको समेत पाइयो ।

निश्कर्ष

अतः माथी उल्लिखित तालिकीकरण तथा विश्लेषण गरिएका रिट निवेदनहरुमा सर्वोच्च अदालतवाट भएको व्याख्याको निष्कर्ष निकाल्दा राजश्व सम्वन्धी विषयवस्तु समावेश भएको खासगरी कर निर्धारण सम्बन्धी मुद्दामा सम्बन्धित कानूनले त्यस्तो कर निर्धारण उपर विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिई त्रुटीपूर्ण रुपमा भएको कर निर्धारण सुधार गर्न सकिने र महानिर्देशकको निर्णय समेतमा चित्त नबुझे राजश्न न्यायाधिकरणमा पुनरावेदन गर्न सकिने तथा राजश्व न्यायाधिकरणको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदनको अनुमतीका लागि निवेदन दिन सकिने व्यवस्था भएको परिप्रेक्षमा राजश्व सम्बन्धी विवादको विषयवस्तुलाई लिएर रिट क्षेत्रमा प्रवेश गर्न मिल्दैन भन्ने नै प्रतिपादित शिद्धान्तहरुको निश्कर्ष हो । तर, अर्धन्यायिक प्रकृतिको कार्य गर्ने कर अधिकृत वा अन्य सम्बद्ध अधिकारीले कानूनले दिएको अख्तियारी भन्दा बाहिर गएर आदेश वा निर्णय गरेको अवस्थामा, त्यस्ता अधिकारीले प्रयोग गरेको कानून नै संविधानसम्मत नभएको, अधिकार नै नभएको निकाय वा अधिकारीले अधिकारक्षेत्र ग्रहण गरेको, प्रकृतिक न्यायको सिद्धान्त विपरित मर्का पर्ने पक्षलाई प्रतिवाद गर्ने मौका नै नदिई निर्णय गरेको देखिएको अवस्थामा अदालतलाई संविधान प्रदत्त असाधारण अधिकार अन्तर्गत मौलिक हकको संरक्षण र पूर्ण न्याय प्रदान गर्न रिट जारी गर्न सकिने समेत देखिन्छ ।

g]kfndf cGtMz'Ns ;DaGwL sfg"g / ;jf]{Rr cbfntsf] b[li6sf]0f

संजीवराज रेग्मी◊

१. अन्तःशुल्क र यस सम्बन्धी कानून

अन्तःशुल्क एक प्रकारको अप्रत्यक्ष कर हो । सामान्यतया आन्तरिक उत्पादनमा यो कर लगाईन्छ । यो आमजनताको स्वास्थ्यमा हानी पुराउने वस्तु वा सेवा, वातावरणलाई प्रतिकूल असर पार्ने चीजवस्तु र विलासिताका वस्तु वा सेवाको उत्पादन वा पैठारी हुने वस्तु वा सेवामा लगाउने अभ्यास रहेको छ । An excise tax is a duty on manufactured goods which is levied at the moment of manufacture, rather than at sale. Excises are often associated with customs duties and levied on goods which came into existence inland. विश्वमा अल्कोहल, सुर्तिजन्य पदार्थ, सवारस् साधन र पेट्रोलियम पदार्थ अन्तःशुल्क लगाईने वस्तु वा सेवा अन्तर्गत लिने गरिन्छ । यो कर सत्रौं शताव्दीको मध्यतिर पुर्तियन शासनकालमा वेलायतबाट शुरु भएको मानिन्छ भने विश्वमा हरेक देशले अन्तःशुल्क कर लगाउने र राजस्व असुल गर्दछन । नेपालमा पनि राजस्वको महत्वपूर्ण स्रोतको रुपमा कानून अनुसार यो कर लगाउने गरिएको छ ।

२. नेपालमा अन्तःशुल्क कानून

नेपालमा अन्तःशुल्क सम्बन्धी कानूनी व्यवस्था २०१५ सालमा जारी अन्तःशुल्क ऐनबाट आरम्भ भएको देखिन्छ । सो ऐनलाई प्रतिस्थापन गरी २०५८ सालमा अन्तःशुल्क ऐन, २०५८ लागू भएको छ । मुलुकमा आवश्यक राजस्व संकलन गर्ने प्रकृयालाई प्रभावकारी बनाई राजस्व परिचालन बढाउन नेपालमा उत्पादन भएका वा पैठारी हुने वस्तु वा प्रदान गरिने सेवामा अन्तःशुल्क लगाउने र असुल उपर गर्ने उद्धेश्यले अन्तःशुल्क ऐन जारी भएको देखिन्छ ।[१] यो ऐनले अन्तःशुल्क लाग्ने वस्तु वा सेवा, अन्तःशुल्क लगाउने र असुली गर्ने प्रकृया, अन्तःशुल्क अधिकृतको काम, कर्तव्य र अधिकार तथा अन्तशुल्क बुझाउने दायित्व, म्याद, अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, बिक्री र पैठारी गर्न इजाजतपत्र

◊ सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

[१] अन्तःशुल्क ऐन २०५८ को प्रस्तावना

लिने व्यवस्था, अन्तःशुल्क सम्बन्धी कसूर र दण्ड सजाय लगायतका कानूनी व्यवस्था गरेको छ ।

३. अन्तःशुल्क लाग्ने वस्तु वा सेवा

कुनै वस्तु वा सेवामा अन्तःशुल्क लगाउने गरी कुनै ऐनले व्यवस्था गरिएमा अन्तःशुल्क लगाईने र असुल गरिन्छ ।[२] अन्तःशुल्क ऐन वा प्रचलित कानून बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा अन्तःशुल्क लाग्छ । तसर्थ अन्तःशुल्क लाग्ने वस्तु वा सेवाभित्र के कस्ता सेवा वा वस्तु पर्दछन भन्ने कुरा विभिन्न कानूनका व्यवस्थाका आधारमा हेर्नुपर्ने हुन्छ । नेपालमा हरेक वर्ष जारी हुने आर्थिक ऐनले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उल्लेख गर्ने र अन्तःशुल्क करको दर र मूल्य तोक्ने अभ्यास रहेको छ । आर्थिक ऐनका व्यवस्थाका आधारमा सुर्तिजन्य पदार्थ, मदिरा, खयर कत्था, ससेज र मासु, रगतबाट बनेका उस्तै उत्पादन, यी उत्पादनमा आधारित खाद्य पदार्थ, तयारी वा सुरक्षित मासु, अफल वा रगत, उखुको चिनी, कच्चा चिनी, सख्खर, नुडल्स, म्याकारोनी, पाउरोटी केक, तोफु, आलू चिप्स, फलफुलको रस, मार्वल, भवन बनाउने ढुगां, ग्रेनाईट, पोर्टल्याण्ड सिमेण्ट, अन्य सिमेण्ट, टेलिभिजन क्यामरा,सवारी साधन र तिनका पाटपूर्जाहरु तथा आर्थिक ऐन,२०७५ ले अन्तशुल्क लाग्ने भनी उल्लेख गरेका वस्तु तथा सेवाको उत्पादन र पैठारीमा सो ऐनले तोकेको दरमा अन्तःशुल्क लाग्दछ ।[३]

४.अन्तःशुल्क नलाग्ने अवस्था

नेपाल बाहिर निकासी गरेमा वा स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस र ड्युटी फ्री पसल) लाई मदिरा वा चुरोट बाहेकका अन्य वस्तु बिक्री गरेमा त्यस्तो वस्तु वा सेवामा अन्तःशुल्क लाग्दैन । यसैगरी नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिस गरेको कुटनीतिक तथा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई बिक्री गर्ने चुरोट वा मदिरामा अन्तः शुल्क नलाग्ने व्यवस्था रहेको छ ।[४]

५. अन्तःशुल्क निर्धारण र असुली

---

[२] अन्तःशुल्क ऐन २०५८ को दफा ३

[३] आर्थिक ऐन, २०७५ ले गरेको अन्तःशुल्क ऐन, २०५८ को संशोधनको दफा ३ सँग सम्बन्धित अनुसूचीले अन्तः शुल्कको दर निर्धारण गरेको छ ।

[४] आर्थिक ऐन, २०७५ को दफा २८ र अन्तःशुल्क ऐन, २०५८ दफा ३ ख.

अन्तशुल्क ऐन, २०५८ ले अन्तःशुल्क निर्धारण र असूली सम्बन्धमा निम्न व्यवस्था गरेको छ ।[५]

१) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको अन्तःशुल्कको निर्धारण र असुल गर्ने दायित्व अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन गर्ने उत्पादकको हुन्छ । तर पैठारी हुने वस्तुको अन्तःशुल्कको निर्धारण र असुली सम्बन्धित भन्सार कार्यालयले गर्दछ ।

२) कुनै वस्तुको उत्पादन वा पैठारीका अतिरिक्त बिक्री वितरणको तहमा समेत अन्तःशुल्क लाग्ने भएमा अन्तःशुल्कको निर्धारण र असुली गर्ने दायित्व पैठारीकर्ता वा बिक्रेताको हुन्छ ।

३) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइन्छ ।

तर स्वयं निष्काशन प्रणाली लागू हुने सूर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरू बाहेक अन्य उद्योगले कच्चा पदार्थ खरिद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क तयारी वस्तु बिक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइन्छ।

४) आगजनी, चोरी, दुर्घटना, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानि नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशुःल्क विभागले तोके बमोजिम कट्टी गर्न पाइन्छ ।

५) अन्तःशुल्क कट्टा गर्दा सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामग्री तथा भन्सार महसुल माफी भएका कच्चा पदार्थ र पार्टपूर्जा पैठारी गर्दा तिरेको अन्तःशुल्क कट्टा गर्न पाईने छैन ।

६. अन्तःशुल्क असूली

अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा देहायको अवस्थामा अन्तःशुल्क असुल गरिन्छ ।[६]

(क) भौतिक नियन्त्रण प्रणाली लागू हुने उद्योगले उत्पादन गर्ने वस्तुको हकमा प्रतिष्ठानबाट उत्पादन गरी बिक्रीका लागि निष्काशन गर्दाको बखत,

---

[५] अन्तःशुल्क ऐन, २०५८ दफा ३ क.

[६] आर्थिक ऐन, २०७५ को दफा २८ र अन्तःशुल्क ऐन, २०५८ दफा ४

(ख) स्वयं निष्काशन प्रणालीमा आधारित वस्तु वा सेवाको हकमा बीजक जारी गर्दाको बखत,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाको बखत भन्सार बिन्दुमा,

(घ) निकासी हुने सेवाको हकमा विभागद्वारा तोकिए बमोजिम ।

तर कुनै वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु उत्पादन गरेको वा सेवा प्रदान गरेको अवस्थामा नै अन्तःशुल्क असुल गर्नुपर्ने गरी आन्तरिक राजस्व विभागले तोक्न सक्छ र यसरी तोकेकोमा सोही अनुसार अन्तःशुल्क असुल गरिन्छ ।

७ अन्तःशुल्क .बुझाउने दायित्व

अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको उत्पादक वा व्यक्तिमा हुन्छ ।[७]

क) नेपालभित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,

ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने बिल अफ लेडिङ्ग, एयर वे बिल, बीजक वा जाँचपासको लागि दिएको निवेदनमा उल्लेख भएको व्यक्ति,

ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,

घ) करमुक्त पसल (डयूटी फ्रि सप) बाट बिक्री भएको मदिरा वा चुरोट बाहेकका वस्तु पुनः बिक्री वा अन्य प्रयोजनमा प्रयोग भएमा पुनः बिक्री गर्ने वा प्रयोग गर्ने व्यक्ति,

(ङ) कुनै वस्तु वा सेवा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति,

(च) माथि उल्लेख भएदेखि बाहेक अन्य अवस्थामा आन्तरिक राजस्व विभागले तोकेको व्यक्ति,

८. अन्तःशुल्क दाखिला गर्ने म्याद[८]

---

[७] अन्तःशुल्क ऐन २०५८ को दफा ४क.

[८] अन्तःशुल्क ऐन २०५८ को दफा ४ख.

क) भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा त्यस्तो वस्तु निष्काशन गर्दाका बखत,

(ख) स्वयं निष्काशन प्रणाली अन्तर्गत उत्पादन तथा बिक्री वितरण हुने वस्तु वा सेवाको हकमा बीजक जारी भएपछिको महिनाको पच्चीस गतेभित्र,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाका बखत,

(घ) पैठारी हुने सेवाका हकमा आन्तरिक राजस्व विभागले तोके बमोजिम ।

तोकिएको म्यादभित्र भुक्तानी नगरेमा भुक्तानी गर्न बाँकी अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्छ ।

९. अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य निर्धारण

नेपालभित्र उत्पादन हुने कुनै वस्तु वा सेवामा मूल्यको आधारमा देहाय बमोजिमको मूल्यलाई आधार मानी अन्तःशुल्क लगाइन्छ ।[९]

(क) उत्पादकले अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य,

(ख) सेवाको हकमा सेवा बिक्री गर्दाको मूल्य, वा

(ग) आन्तरिक राजस्व विभागले उत्पादन लागत वा अन्य उपयुक्त आधारमा तोकी दिएको मूल्य ।

नेपालभित्र पैठारी हुने वस्तुको सम्बन्धमा त्यस्तो वस्तुमा भन्सार महसुल लिने प्रयोजनको लागि निर्धारण गरिएको मूल्यमा भन्सार महसुल समेत थप गरी कायम हुन आएको मूल्यमा अन्तःशुल्क लगाइन्छ ।

सेवामा बीजक बमोजिम मूल्य निर्धारण गरी अन्तःशुल्क असुल उपर गरिन्छ भने अन्तःशुल्क अधिकृतले अन्तःशुल्क असुल उपर गर्ने प्रयोजनको लागि आवश्यकतानुसार पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्न सक्छ ।

१०. इजाजतपत्र लिनुपर्ने

इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन।[१०] तर नेपाल सरकार, परराष्ट्र

---

[९] अन्तःशुल्क ऐन २०५८ को दफा ७

मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा र स्वयम निष्काशन प्रणाली अन्तर्गतका वस्तुहरुको बिक्री वा सञ्चय गर्न अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन ।

११. अन्तःशुल्क विवरण दिनु पर्ने

अन्तःशुल्क निर्धारण र असुल गर्नुपर्ने दायित्व भएका व्यक्तिले प्रत्येक महिनाको अन्तःशुल्क लाग्ने कारोबारको विवरण त्यस्तो महिना समाप्त भएको पच्चीस दिनभित्र अन्तःशुल्क अधिकृत समक्ष वा कानूनमा व्यवस्था भए बमोजिम वा हुलाकबाट रजिष्ट्री गरी तोकिए बमोजिमको अन्तःशुल्क विवरण पेश गर्नु पर्नेछ । उक्त महिनामा अन्तःशुल्क लाग्ने कारोबार गरेको वा नगरेको जे सुकै भए तापनि त्यस्तो विवरण पेश गर्नु पर्छ ।[११]

१२. लेखा राख्नु पर्ने

अन्तःशुल्क विवरण पेश गर्नु पर्ने व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन, बिक्री, त्यस्तो वस्तु वा सेवाको उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिको खरिद, खपत तथा अन्तिम मौज्दातको मूल्य तथा परिमाण खुल्ने तोकिए बमोजिमका विवरण सहितको लेखा अद्यावधिक राख्नु पर्छ र त्यस्तो लेखा अन्तःशुल्क अधिकृतले निरीक्षण गर्न माग गरेका बखत उपलब्ध गराउनु पर्छ । त्यस्तो वस्तुको खरिद, उत्पादन, निष्काशन, बिक्री र मौज्दात खाता सम्बन्धित अन्तःशुल्क अधिकृतद्वारा प्रमाणित गराई लेखा राख्ने प्रयोजनका लागि प्रयोग गर्नु पर्छ । इजाजतपत्रवालाले कारोबारको लेखा छ वर्षसम्म सुरक्षित राख्नु पर्छ।[१२]

अन्तःशुल्क अधिकृतले लिखित रूपमा सूचना दिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबारको सम्बन्धमा जानकारी माग गर्न सक्नेछ ।

१३. अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने

देहायको कुनै अवस्थामा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्छ ।[१३]

क) म्यादभित्र अन्तःशुल्क विवरण पेश नगरेमा,

---

[१०] अन्तःशुल्क ऐन २०५८ को दफा ९

[११] अन्तःशुल्क ऐन २०५८ को दफा १०क.

[१२] अन्तःशुल्क ऐन २०५८ को दफा १०ख.

[१३] ऐ. दफा १०घ.

(ख) अधुरो वा त्रुटिपूर्ण अन्तःशुल्क विवरण पेश गरेमा,

(ग) झुट्टा अन्तःशुल्क विवरण पेश गरेमा,

(घ) अन्तःशुल्कको रकम कम देखाएको वा ठीक नभएको भन्ने विश्वास गर्नु पर्ने आधार भएमा,

(ङ) बिक्री मूल्यमा न्यून बीजकीकरण गरेको भन्ने विश्वास गर्नुपर्ने आधार र कारण भई पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्नुपर्ने भएमा,

(च) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धि तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धि नपुगेमा,

(छ) निष्काशन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक परेमा,

(ज) अन्तःशुल्क छलेमा,

(झ) इजाजतपत्र नलिई कुनै व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गरेमा ।

अन्तःशुल्क निर्धारण गर्दा अन्तःशुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्छ । अन्तःशुल्क निर्धारणको सम्बन्धमा आन्तरिक राजस्व विभागले अनुगमन गर्न र अनुगमन गर्दा कुनै त्रुटि देखिएमा महानिर्देशकले पुनः अन्तःशुल्क निर्धारण गर्न आदेश दिन सक्छ ।

१४. अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धि तोक्न सक्ने

- एनहाइड्रस इथानोल, रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने अन्न, मोलासिस वा खुदोबाट प्राप्त हुनु पर्ने इथानोल, स्प्रिट वा इ.एन.ए. को उत्पादन प्रतिलब्धि दरको निर्धारण तोकिए बमोजिम हुन्छ ।
- यसरी तोकिएको प्रतिलब्धि दरभन्दा घटी उत्पादन भएको देखिएमा त्यस्तो फरक परिमाणको इथानोल, स्प्रिट वा इ.एन.ए. बाट सो प्रतिष्ठानले उत्पादन गर्ने उच्चतम कोटीको मदिरा उत्पादन भएको मानिन्छ ।
- आन्तरिक राजस्व विभागले अन्तःशुल्क लाग्ने अन्य वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धी दर तोक्न सक्छ ।

१५. अन्तःशुल्क सम्बन्धी मुद्दामा सर्वोच्च अदालतका फैसला

सर्वोच्च अदालतले मुद्दाको रुपमा वा रिट क्षेत्राधिकार अन्तर्गत अन्तःशुल्कसँग सम्बन्धित मुद्दामा फैसला वा आदेश गर्दछ । सर्वोच्च अदालतबाट भएका फैसला वा आदेश मध्ये प्रतिनिधिमुलक पाँच वटा फैसला वा आदेशहरु र सो आदेश वा फैसलामा प्रतिपादित सिद्धान्तको वारेमा यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ ।

सुन्दर फर्निचर इण्डष्ट्रिज प्रा.लि.का तर्फबाट अध्यक्ष मदनलाल केडिया वि.अन्तःशुल्क विभाग समेत[१४]

रिट निवेदनको तथ्य

निवेदक उद्योगले स्टील फर्निचर उत्पादन गर्ने अनुमति अन्तःशुल्क कार्यालय, वीरगंजबाट अन्तःशुल्क ऐन, २०१५ अनुसार प्राप्त गरी सो अनुरुप स्टील फर्निचर उत्पादन एवं बिक्री गर्दै आएकोमा औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १४(२) बमोजिम अन्तःशुल्क सुबिधा दिनुपर्नेमा सो सुबिधा नदिई अन्तःशुल्क वापत राखेको धरौटी समेत फिर्ता नदिने गरी गरेको निर्णय बदर गरी अन्तःशुल्क धरौटी रुकम रु ५,५५,४८८।११ पैसा फिर्ता पाँउ भन्ने रिट निवेदन दावी ।

प्रत्यर्थी अन्तःशुल्क विभाग समेतको लिखित जवाफ

निवेदक उद्योगबाट उत्पादित सामानमा बिक्री मूल्य कायम गर्दा नियमानुसार लाग्ने अन्तःशुल्क जोडी सामानहरु विक्री गरी उपभोक्ताबाट असुल गरेको हुँदा धरौटी राखेको रकम उद्योगलाई फिर्ता दिन नमिल्ने गरी निर्णय गरेको र उक्त रकम सदरस्याहा गरेको कानून सम्मत रहेको हुदाँ रिट खारेज हुनुपर्ने जिकिर ।

सर्वोच्च अदालतको आदेश

निवेदक उद्योगले उत्पादित माल सामानको बिक्री मूल्यमा नै अन्तःशुल्क रकम जोडी मुल्य कायम गरी उपभोक्ताबाट नै अन्तःशुल्क रकम असुल गरेको स्वीकार गरेको, औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम कर, अन्तःशुल्क, भन्सार सुबिधा छुट दिनुको अर्थ उद्योगलाई प्रोत्साहित गर्न सकोस भन्ने रहेकोमा उद्योगले सो सुबिधा अन्तर्गत दिईएको रकम उद्योगपतिले मालको ग्राहकबाट आफैंले उठाई लिन खान दिएको नभै आफनो उत्पादनको

[१४] ने.का.प. २०५२ अंक ६ नि.न. ६०१४ पूर्ण इजलास, आदेस मितिः २०५२।३।८

मूल्य प्रतिस्पर्धात्मक बनाउनुको सट्टा त्यस्तो अन्तःशुल्कको रकम असुल गरी सकेपछि श्री ५ को सरकारलाई बुझाएको रकम फिर्ता पाँउ भन्ने जिकीर तर्कसंगत नदेखिने ।

अन्तःशुल्क बिभागको निर्णय उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने र सो निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदनको अनुमतिको लागि निवेदन लाग्ने वैकल्पिक उपचारको बाटो अबलम्बन नगरी आसाधारण अधिकार क्षेत्र अन्तर्गत रिट क्षेत्राधिकार प्रयोग गरेको समेत देखिदा रिट खारेज गर्ने संयुक्त इजलासको निर्णय मनासिव देखिएको । सुरेश चन्द्र अग्रवाल वि. मन्त्रिपरिषद सचिवालय समेतको रिटमा पनि अन्तःशुल्क कुनै उद्योगले उठाई खान पाउने नभै सरकारलाई बुझाउनुपर्ने रकम बुझाउन नपर्ने सुबिधा हो र क्रेताबाट उठाएर लिन खान पाउने हो भन्ने कानूनी आधारको अभाव रहेको भन्ने व्याख्या भएको पाईन्छ।[१५]

प्रतिपादित सिद्धान्त

- अन्तःशुल्क अधिकृत वा अन्तःशुल्क बिभागको निर्णय उपर वैकल्पिक उपचारको बाटो अबलम्बन नगरी आसाधारण अधिकार क्षेत्र अन्तर्गत रिट क्षेत्राधिकार प्रयोग गर्न नमिल्ने,
- अन्तःशुल्क कुनै उद्योगले उठाई खान पाउने नभै सरकारलाई बुझाउनुपर्ने रकम हुने र सो रकम बुझाउन नपर्ने सुबिधा हो र क्रेताबाट उठाएर लिन खान पाउने रकम हो भन्न नमिल्ने ।

जावलाखेल डिष्टीलरी प्रा.लि.का संचालक राज बहादुर शाह वि. मन्त्रिपरिषद सचिवालय समेत[१६]

मुद्दाको तथ्यः

आर्थिक ऐन, २०५४ लागू भए पछि अन्तःशुल्क दरबन्दीबाट स्पिरिट उत्पादन गर्ने उद्योगले प्रति क्विन्टल मोलासेसबाट न्यूनतम ६५ ओ।प्रि।को घटीमा २० लिटर स्पिरिट उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धि दर कायम गरिएको र आन्तरिक राजश्व कार्यालय, ललितपुरको मिति २०६०।३।१७ को पत्रमा आर्थिक ऐन, २०५४ ले तोकेको प्रतिलब्धि दरअनुसार खपत गरेको मोलासेसबाट जम्मा ९५३७७.२६ लि. स्पिरिट घटी उत्पादन गरेकोमा सोलाई

---

[१५] ने.का.प २०५३ अंक ११ नि.न. ६२८९

[१६] ने.का.प. २०६८ अंक १० नि.न. ८६९४ विशेष इजलास

एल.पी.मा परिवर्तन गर्दा १५७३७२।४७९ एल.पी.लि. हुने र आर्थिक ऐनले तोकेको प्रतिलब्धि दरभन्दा घटी देखिएको स्पिरिटबाट ३० यु.पी.शक्तिको १००० एम.एल.को मदिरा उत्पादन गरी सो निकासी गर्दा प्रति एल.पी.रु.२२५। ले हुन आउने जम्मा अन्तःशुल्क रु.३,५४, ०८, ८०७.७७, धुम्रपान तथा मदिरा दस्तूर रु.१५, ७३, ७२४.७९, मदिरा नियन्त्रण सेवा दस्तूर रु.१, ५७, ३७२.४७ र बिक्री कर प्रतिलिटर रु.२५.९७ ले हुने २,२४,८१७.८२७ लि. को रु. ५८, ३८, ५१९।– समेत गरी जम्मा रु.४, २९, ७८, ४२४.०३ असूल उपर गर्ने गरी मिति २०६०।३।१७ मा निर्णय भएको र उद्योगले उत्पादन नगरेको बिक्रीको लागि कारखाना बाहिर निकासी नै नभएको र कुनै व्यक्तिलाई बिक्री समेत नभए नगरेको वस्तुलाई उत्पादन गरेको भन्ने एउटा काल्पनिक अङ्कको उत्पादन परिमाण कायम गर्ने र बास्तविक वस्तु उत्पादन तथा बिक्री गरेको अवस्थामा मात्र लागू हुने राजश्व असूली कानूनको गलत एवं गैरकानूनी अर्थ लगाई रु.४,२९,७८,४२४।– नतिरेको भनी बेरुजु कायम गरी असूलउपर गर्ने निर्णय गरेको देखियो । मदिरा उत्पादन र बिक्री नभएसम्म बिक्रीकर लाग्ने र असूल गर्ने कार्य हुन सक्ने होइन । कुनै कारणले छूट भएको अन्तःशुल्क भए अन्तःशुल्क नियमहरू, २०१९ को नियम १२ ले सो उठाउन तोकेको म्याद ६ महिनाभित्र गरी सक्नु पर्दछ । त्यस्तो म्यादको पनि ४ बर्ष नघाई अन्तःशुल्क र बिक्रीकर माग गर्न नहुनेमा कल्पित परिमाणको पदार्थमा करोडौ रुपैयाँको अन्तःशुल्क र लाखौं रुपैयाँ धुम्रपान तथा मदिरा दस्तूर र बिक्रीकरको नामबाट कर असूल गर्ने निर्णय करसम्बन्धी कानूनको संवैधानिक सिद्धान्त समेतको विपरीत छ ।

आर्थिक ऐन, २०५४ को अनुसूची– ३ को खण्ड (९) ले महानिर्देशकलाई अन्तःशुल्क समेतको दर तोक्ने अधिकार छ भनी मान्ने हो भने सो दफा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १, ११, ७३ सँग बाझिई असंवैधानिक भएकाले प्रारम्भतः अमान्य हुँदा सोही आधारमा बदर घोषित गरिपाऊँ र आन्तरिक राजश्व कार्यालय ललितपुरको मिति २०६०।३।१७ को निर्णय एवं रकम बुझाउने आदेश पत्र, बदर गरी न्याय इन्साफ पाउने गरी उत्प्रेषण परमादेश वा उपयुक्त आदेश जारी गरिपाऊँ ।

आन्तरिक राजस्व कार्यालय समेतका तर्फबाट प्रस्तुत लिखित जवाफ

आर्थिक ऐन अनुसार अन्तःशुल्क लगायतका करहरू असूल उपर गर्ने गरि कारवाही भएको अवस्थामा कानूनले निर्दिष्ट गरेको पुनरावेदनको बाटो अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको एवं आर्थिक ऐन, २०५४ को अनुसूची ३ को अन्तःशुल्क दरवन्दीको बुँदा नं. ४ मा

मदिरा उद्योगले पेटेण्ट स्टील प्लाण्टबाट उत्पादित स्पिरिटको मिश्रण (Blending) बाट मात्र मदिरा उत्पादन गर्नुपर्ने छ भन्ने व्यवस्था भएको र सोही अनुसूचीको बुदा नं.९ मा स्पिरिट उत्पादन गर्ने उद्योगहरूले प्रति क्वीन्टल मोलासेसबाट न्यूनतम ६५ ओ.पी.को घटीमा २० लिटर स्पिरिट उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धि दर कायम गरिएको र सोभन्दा घटी प्रतिलब्धि दर देखिएमा मू.अ. कर विभागबाट निर्देशन भए बमोजिम हुनेछ भन्ने व्यवस्था भएकोमा आ.व. २०५४/०५५ मा निवेदक जावलाखेल डिस्टीलरीले २८,३७६।४० क्वीन्टल मोलासेस् (Molasses) खपत गरेको छ । आर्थिक ऐन,२०५४ ले तोकेको नम्रसअनुसार उक्त परिमाणको मोलासेस् खपतबाट ६५ ओ.पी. को ५,६७,५२८ लिटर स्पिरिट उत्पादन हुनुपर्नेमा ४,७२,१५०।७४ लिटर मात्र उत्पादन भई ९५,३७७।२६ लिटर घटी उत्पादन भएको । आर्थिक ऐनले तोकेको नम्रसभन्दा घटी प्रतिलब्धि दर देखिएमा मूल्य अभिवृद्धि कर विभागले तोके बमोजिम हुने भन्ने व्यवस्था अनुसार साविक मु. अ. कर विभाग हाल आन्तरिक राजश्व विभागबाट मिति २०६०।२।३० मा प्राप्त भएको प.सं. २०५९/२०६० च.नं. २९५ को पत्रबाट आर्थिक ऐन, २०५४ ले तोकेको नम्रसअनुसार स्पिरिट उत्पादन नगरेकाले जावलाखेल डिस्टीलरीबाट रु. ४,२९,७८,४२४।– रकम असूल गर्न निर्देशन भएको हुँदा सो बमोजिम यस कार्यालयले आर्थिक ऐनद्वारा निर्दिष्ट नम्रस भन्दा घटी प्रतिलब्धि दर देखिएकोमा कानून बमोजिम अन्तःशुल्क असूल गरिएको ।

आन्तरिक राजश्व विभागको लिखित जवाफ

अन्तःशुल्क ऐन, २०५८ को दफा १९ ले अन्तःशुल्क अधिकृतले गरेको निर्णयउपर राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था गरेकोमा तदनुरुपको उपचारको बाटो अवलम्बन नै नगरी विपक्षी सोझै रिट क्षेत्राधिकारमा प्रवेश गरेको र अन्तःशुल्क ऐन, २०५८ को दफा २३ ले अन्तःशुल्क अधिकृतको निर्णय उपर महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन लाग्ने व्यवस्था गरेकोमा तदनुरुपको कानूनी प्रक्रियासमेत निज निवेदकले पूरा गरेको अवस्था नहुँदा उक्त रिट निवेदन खारेज गरिपाऊँ।

महालेखा परीक्षकको विभागको लिखित जवाफ

तत्कालीन मूल्य अभिवृद्धि कर कार्यालय, ललितपुरको आर्थिक वर्ष २०५४/५५ को लेखापरीक्षण गर्दा जावलाखेल डिष्टिलरी प्रा.लि.ले उक्त आर्थिक वर्षमा २८,३७६।४० क्विन्टल मोलासेस् खपत गरी ७,७९,०४८।७३ एल.पी.लिटर स्पिरिट उत्पादन देखाएको रहेछ । उक्त स्पिरिटलाई ६५ ओ.पी. शक्तिमा परिवर्तन गर्दा ४,७२,१५०।७४ लिटर

हुन आउँछ । आर्थिक ऐनले तोकेको प्रतिलब्धि दर अनुसार खपत गरेको मोलासेसबाट ६५ ओ.पी. शक्तिको ५,६७,५२८ लिटर स्पिरिट उत्पादन हुनुपर्नेमा सोअनुसार उत्पादन नभई ९५,३७७।२६ लिटर स्पिरिट घटी उत्पादन देखाएकोले घटी उत्पादन देखाएको स्पिरिटलाई एल.पी. लिटरमा परिवर्तन गर्दा १,५७,३७२।४७९ एल.पी. लिटर हुन आउँछ। उक्त डिष्टिलरीले आर्थिक ऐन, २०५४ मा व्यवस्था गरिएको प्रतिलब्धि दरभन्दा घटी उत्पादन देखाएको स्पिरिटबाट ३० यू.पी. शक्तिको १,००० एम.एल. को मदिरा उत्पादन गरी सो निकासी गर्दा प्रति एल.पी. लिटर रु. २२५।– ले हुन आउने अन्तःशुक्ल रु. ३,५४,०८,८०७।७७, धूमपान तथा मदिरा दस्तूर रु. १५,७३,७२४।७९, मदिरा नियन्त्रण सेवा दस्तूर रु. १,५७,३७२।४७ र बिक्री कर ९१,५७,३७२।४७९ एल.पी. लिटरबाट उत्पादन हुने ३० यू.पी. शक्तिको २,२४,८१७।८२ लिटर रुस्लान भोड्काको० प्रतिलिटर रु.२५।९७ ले हुन आउने रु ५८,३८,५१९।– समेत जम्मा रु. ४,२९,७८,४२४।०३ विपक्षी कम्पनीबाट आर्थिक ऐन, २०५४ को अनुसूची ३ को दफा ९, अन्तःशुल्क ऐन, २०१५ र बिक्री कर ऐन, २०२३ बमोजिम असूलउपर गर्नुपर्ने देखिएको हुँदा सोही व्यहोरा औँल्याई मिति २०५६।१।८ मा सम्बन्धित कार्यालयलाई लेखापरीक्षण गरी प्रारम्भिक प्रतिवेदन दिइएको भन्ने महालेखा परीक्षकको विभागको तर्फबाट प्रस्तुत लिखित जवाफ

अदालतको प्रारम्भिक आदेश

मूल्य अभिवृद्धि कर विभागको मिति २०५७।११।२४ को प.सं. १०/२०५७/०५८ च.नं. ३८५३ को पत्रमा उल्लिखित मोलासेस् सि.एम.टि वाटर ल्याव प्रा.लि. मा परीक्षण गर्दा प्रयोगशालाले परीक्षण गरी दिएको रिपोर्ट अनुसार मोलासेस् खुदोमा चिनीको मात्र ३५।९४ प्रतिशत नम्रसअनुसार २० लिटर उत्पादन हुने भन्ने उल्लेख भएकोले सो प्रतिवेदन तथा आर्थिक ऐन, २०५४ मा अन्तःशुल्क दरवन्दीबाट स्पिरिट उत्पादन गर्ने उद्योगले प्रतिक्वीन्टल मोलासेस्बाट न्यूनतम यू।पि।को घटीमा २० लिटर स्पिरिट उत्पादन गर्ने भन्ने मापदण्ड तोकिएको भन्ने देखिएकोले **प्रतिक्विन्टल मोलासेस्बाट कति लिटर स्पिरिट** तयार हुन्छ ? सोसम्बन्धी मान्य प्रचलन के छ ? सो उपलव्ध हुन सक्ने भए सोसमेत १५ दिनभित्र पठाउनु भनी पत्राचार गर्ने । साथै महालेखा परिक्षकको प्रतिवेदनअनुसार असूल गर्नुपर्ने देखिएको भनिएको रु. ४,२९,७८,४२४।०३ रकम असूल गर्न लेखी आएपछि आन्तरिक राजस्व विभागले मिति २०६०।२।२१ मा गरेको निर्णयसम्बन्धी फायल झिकाई प्रस्तुत मुद्दा ५ वर्ष नाघि सकेको पुरानो हुँदा आदेशको कार्यान्वयन यथाशीघ्र सम्पन्न गरी

नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०६६।१०।२८ को आदेश । उक्त आदेश बमोजिमको जवाफ पेश गर्नु भन्ने मिति २०६७।८।२, मिति २०६७।११।२६ र मिति २०६८।३।१६ मा आदेश भएको ।

अदालतले उठाएका प्रश्नहरु

१. आर्थिक ऐन, २०५४ को अनुसूची ३ को खण्ड (९) मा मूल्य अभिवृद्धि कर विभागलाई प्रदान गरिएको अधिकार तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७३ सँग बाझिएको छ वा छैन ?

२. अन्तःशुल्क निर्धारणको विषयमा महालेखा परीक्षकको विभागले बेरुजु औंल्याउन मिल्छ वा मिल्दैन ?

३. त्यसरी बेरुजु औंल्याइएको अवस्थामा कर प्रशासनसँग सम्बन्धित निकायहरूले त्यसलाई आधार बनाई अन्तःशुल्क लगायतका कर असूल गर्न मिल्ने हुन्छ वा हुँदैन ?

निर्णयाधार

१. आर्थिक ऐन, २०५४ को अनुसूची ३ को खण्ड (९) मा स्पिरिट उत्पादन गर्ने उद्योगले प्रति क्विन्टल मोलासेसबाट न्यूनतम ६५ ओ.पि.को घटीमा २० लिटर स्पिरिट उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धि दर कायम गरिएको छ। यस भन्दा घटी प्रतिलब्धि दर देखिएमा मूल्य अभिवृद्धि कर विभागबाट निर्देशन भए बमोजिम हुने भनिएको छ । प्रस्तुत रिट निवेदनमा आर्थिक ऐनको उल्लिखित प्रावधान संविधानको धारा ७३ सँग बाझिएको भन्ने निवेदन जिकीर रहेको सन्दर्भमा हेर्दा संविधानको धारा ७३ ले कर लगाउने र उठाउने विषय कानूनद्वारा निश्चित् गरिए बमोजिम मात्र हुने गरी कर निश्चित् गर्ने विषयलाई विधायिकी अधीनको विषय बनाएको देखिन्छ । No taxation without representation भन्ने मान्यतामा आधारित संविधानको उल्लिखित प्रावधानले सारतः विधायिकी प्रबन्ध बिना कार्यकारिणीको आदेश वा निर्णयद्वारा करको दर निश्चित् गर्न नमिल्ने भन्ने अर्थवोध गराउँछ । कर उठाउने विषय जनताका प्रतिनिधिद्वारा मात्र निक्यौंल गरिनु पर्ने भन्ने मान्यतालाई नेपालको सन्दर्भमा हेर्दा तत्कालीन विधायिका अर्थात् संसदले कानून बनाएर करको दर निर्धारण गर्नसक्ने र कार्यकारिणीले त्यसको कार्यान्वयन गर्ने व्यवस्थाका रुपमा बुझ्न सकिन्छ । आर्थिक ऐन, २०५४ संसदले अर्थात् जनताको प्रतिनिधित्व भएको

संस्थाले बनाएको भन्ने कुरामा विवाद हुन सक्दैन । आर्थिक ऐन महसूल, कर, पोत, शुल्क र दस्तूर लगाउने विषयसँग नै सम्बन्धित भएको कुरा पनि प्रस्तावनाबाटै अवगत हुन्छ । त्यसैले आर्थिक ऐनका माध्यमबाट निर्धारण भएका महसूल, कर, पोत, शुल्क र दस्तूरलाई संविधानको धारा ७३ भन्दा बाहिर मान्न सकिने अवस्था देखिँदैन ।

आर्थिक ऐन, २०५४ को दफा ४ ले उक्त ऐनको अनुसूची–३ बमोजिम अन्तःशुल्क लगाउने र असूल उपर गर्ने भनी स्पष्ट रुपमा मार्गदर्शन गरेको र अनुसूची–३ अन्तर्गत खण्ड (९) ले मोलासेसबाट स्पिरिट उत्पादन हुने प्रतिलब्धि दर तोकिदिएको छ । उक्त प्रावधान अन्तर्गत तोकिएको प्रतिलब्धि दर पनि अन्तःशुल्क निर्धारण प्रयोजनकै लागि हो भन्ने कुरामा विवाद हुन सक्दैन । त्यसरी तोकिएको प्रतिलब्धि दरभन्दा घटी उत्पादन देखाइएको अवस्थामा के गर्ने भन्ने कुराको निर्धारण गर्ने अधिकार मूल्य अभिवृद्धि कर विभागलाई प्रदान गरिएको देखिन्छ । अनुसूची–३ को खण्ड (९) ले मूल्य अभिवृद्धि कर विभागलाई प्रदान गरेको सो अधिकार ऐनद्वारा नै प्रदान गरिएको हुँदा त्यस अधिकार अन्तर्गत अन्तःशुल्क असूल उपर गर्न निर्देशन दिने अधिकार पनि स्वतः अन्तर्निहीत रहेको मान्नुपर्ने हुन्छ । आर्थिक ऐन मार्फत् अन्तःशुल्कको दरबन्दी सम्बन्धी व्यवस्था गर्ने अनुमति संविधानको धारा ७३ ले प्रदान गरेको अवस्थामा त्यसको व्यवस्थापनका लागि गरिएको व्यवस्थालाई संविधान प्रतिकूल भनी मान्न सकिने हुँदैन । तसर्थ आर्थिक ऐन, २०५४ को अनुसूची– ३ को खण्ड (९) मा मूल्य अभिवृद्धि कर विभागलाई प्रदान गरेको निर्देशन दिने अधिकार तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७३ समेतसँग बाझिएको भन्ने निवेदन जिकीरसँग सहमत हुन सकिएन ।

२. अन्तःशुल्क निर्धारणको विषयमा महालेखा परीक्षकको विभागले बेरुजु औंल्याउन मिल्छ वा मिल्दैन रु भन्ने सम्बन्धमा संविधान अनुसार सबै सरकारी कार्यालयको लेखा कानूनद्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखा परीक्षण हुने व्यवस्था छ । त्यस आधारमा हेर्दा महालेखा परीक्षक एउटा संवैधानिक अंगका रुपमा रही सबै सरकारी कार्यालयहरूको लेखा परीक्षणको अधिकार उसलाई रहेको भन्ने स्पष्ट हुन्छ । महालेखा परीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत विचार गरी राजस्व, अरु समस्त आम्दानी र धरौटी

समेतको लेखा ठीक छ छैन, मूल्याङ्कन गर्ने, असूल तहसील गर्ने र लेखा राख्ने तरिकाहरूको सम्बन्धमा पर्याप्त नियमहरू छन् छैनन्, भए तिनीहरूको पालना गरिएको छ, छैन भन्नेसमेतका कुराहरूको परीक्षण गर्न सक्ने देखिन्छ । त्यसका साथै लेखा सम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी कार्यालय वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्थालाई समय समयमा निर्देशन दिन सक्ने महालेखा परीक्षकको अधिकार र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय वा संस्थाको कर्तव्य हुने व्यवस्था पनि लेखा परीक्षण ऐनमा गरिएको हुँदा उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्थाका आधारमा महालेखा परीक्षकले निवेदक कम्पनीका सम्बन्धमा आर्थिक ऐन, २०५४ को अनुसूची– ३ को दफा ९ लाई उद्धृत गर्दै आर्थिक ऐनले तोकेको नम्स अनुसार खपत गरेको मोलासेसबाट जम्मा ५६७५२८ लिटर स्पिरिट उत्पादन हुनुपर्नेमा डिष्टिलरीले ९५३७७।२६ लिटर स्पिरिट घटी उत्पादन देखाएको भनी जम्मा रु.४,२९,७८४२४।०३ असूल उपर हुनुपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको अन्यथा भन्न मिल्ने नदेखिने ।

३. साधिकार निकायले अन्तःशुल्क निर्धारण गरी टुंगो लगाइसकेको विषयमा महालेखा परीक्षकले लेखा परीक्षणका क्रममा बेरुजु औंल्याउन, त्यसरी औंल्याइएको बेरुजुलाई आधार बनाई मूल्य अभिवृद्धि कर विभागले निर्देशन दिन र आन्तरिक राजश्व कार्यालयले अन्तःशुल्क असूल उपर गर्न मिल्ने हुँदैन भनी दावी गरेकोमा आर्थिक ऐन, २०५४ को अनुसूची–३ को खण्ड (९) लाई उद्धृत गर्दै जावलाखेल डिष्टिलरी प्रा.लि.ले आर्थिक वर्ष २०५४/०५५ मा प्रतिलब्धि दरभन्दा घटी उत्पादन गरेको स्पिरिट लेखा परीक्षणबाट असूल गर्नुपर्ने देखिएको रु.४,२९,७८,४२४।– असूल गर्ने भनी आन्तरिक राजस्व विभाग (साविक मूल्य अभिवृद्धि कर विभाग) को बेरुजू शाखाको मिति २०६०।२।२१ को पत्रबाट लेखी आएको भन्ने समेतको व्यहोरा उल्लेख भएको देखिन्छ । सो निर्णयमा लेखा परीक्षणबाट बेरुजू देखिएको र आन्तरिक राजस्व विभागले असूल गर्ने भनी निर्देशन दिएको कुरालाई समेत निर्णयाधारका रुपमा ग्रहण गरिएको भएपनि सो निर्णयमा आर्थिक ऐनले तोकेको प्रतिलब्धि दरलाई नै मुख्य आधार बनाई आर्थिक ऐन, २०५४ को अनुसूची– ३ को खण्ड (९), अन्तःशुल्क ऐन, २०१५ को दफा ३, दफा १२क. समेतका आधारमा निर्णय गरेको भन्ने देखिएको छ । त्यसरी निर्णय गर्नसक्ने अधिकार आन्तरिक

राजस्व कार्यालयलाई रहे भएको कुरामा प्रश्न नउठाइएको र आन्तरिक राजस्व कार्यालय विधायिकी प्रबन्धद्वारा अर्थात् आर्थिक ऐनद्वारा निर्धारण गरिएको महसूल, कर, पोत, शुल्क र दस्तूर उठाउने, असूल उपर गर्ने साधिकार निकाय हो भन्ने कुरामा विवाद हुन सक्दैन । अन्तःशुल्क ऐन, २०१५ ले सालबसाली वा कुनै एक सालको निमित्त कुनै पदार्थमा अन्तःशुल्क लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो अन्तःशुल्क यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम बमोजिम असूलउपर गरिनेछ भनी गरिएको व्यवस्थाले पनि आर्थिक ऐनका माध्यमबाट अन्तःशुल्कको दर निर्धारण गर्न सकिने र त्यसरी निर्धारण भए बमोजिम असूलउपर गरी कानून कार्यान्वयन गरिने कार्यको वैधता स्थापित हुन्छ । अन्तःशुल्क ऐनमा कसैले अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा हुने सजायको समेत व्यवस्था गरिएको छ। आर्थिक ऐन, २०५४ को अनुसूची–३ को खण्ड (९) ले स्पष्ट रुपमा न्यूनतम प्रतिलब्धि दर तोकेको अवस्थामा त्यसभन्दा फरक ढंगले उत्पादन मापदण्डको खोजी गर्न मिल्ने हुँदैन । कानूनमा स्पष्ट मापदण्ड उल्लेख भएबाट निवेदक जावलाखेल डिष्टिलरी प्रा.लि.ले प्रति क्विन्टल मोलासेसबाट कति लिटर स्पिरिट उत्पादन गर्यो भन्ने जस्ता तथ्यगत अवस्थाका बारेमा र उत्पादन घटी वा बढी भयो भन्नेसमेतका बारेमा तथ्यभित्र प्रवेश गरी विचार गरिरहनु पर्ने देखिएन । एक पटक अन्तःशुल्क निर्धारण भै अन्तिम भएको र छ महिना व्यतीत भैसकेपछि घटी असूल भएको भनी असूलउपर गर्न लगाउन नसक्ने भन्ने समेतको जिकीर लिइएको अवस्था छ । तर अन्तःशुल्क नियमहरू,२०१९ को नियम १२ को उल्लिखित व्यवस्थाले छ महिनापछि घटी अन्तःशुल्क असूलउपर गर्नै नपाउने गरी बन्देज लगाएको नभै त्यसरी घटी अन्तःशुल्क असूलउपर हुनुमा को जिम्मेवार रहेको छ र के कारणले गर्दा त्यसो भयो भन्ने कुरालाई आधार बनाएर दुईथरि व्यवस्था सम्म गरेको देखिन्छ । आर्थिक ऐनले मोलासेसबाट स्पिरिट उत्पादन हुने प्रतिलब्धि दर तोकिदिएको र निवेदक जावलाखेल डिष्टीलरी मोलासेसबाट स्पिरिट उत्पादन गरी त्यसबाट मदिरा उत्पादन गर्ने उद्योग भएकाले तोकिएको प्रतिलब्धि दरभन्दा घटी उत्पादन देखाई सोही आधारमा अन्तःशुल्क बुझाएको अवस्था हुँदा सम्बन्धित उद्योगको कारणबाट नै घटी अन्तःशुल्क असूलउपर भएको भन्ने कुरामा विवाद हुन सक्दैन । त्यसरी उद्योग स्वयंले नै कानूनले तोकेभन्दा कम उत्पादन देखाई कम अन्तःशुल्क बुझाएको अवस्थामा छ महिनाको समय सीमा लगाई त्यसभन्दा पछि अन्तःशुल्क

असूली गर्नै नपाइने भनी व्याख्या गर्न मिल्ने पनि देखिँदैन । कारखानाको धनीले बद्रियतले गर्दा घटी असूल हुन गएको रहेछ भने जहिलेसुकै सो रकम असूलउपर हुनसक्ने समेतको व्यवस्था गरेको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनमा हदम्यादको प्रश्नको सान्दर्भिकता रहने देखिँदैन ।

आर्थिक ऐन, २०५४ ले मूल्य अभिवृद्धि कर विभागलाई समेत निश्चित् अधिकार प्रदान गरेको परिप्रेक्ष्यमा सोही अधिकार अन्तर्गत दिइएको निर्देशन र कानूनले तोकेको दरभन्दा घटी अन्तःशुल्क असूल भएको अवस्थामा त्यसरी तालुक निकायबाट प्राप्त भएका निर्देशन समेतलाई निर्णयाधार बनाई आर्थिक ऐन, अन्तःशुल्क ऐन र अन्तःशुल्क नियमहरू समेतका आधारमा जावलाखेल डिष्टिलरी प्रा.लि.बाट घटी भएजति अन्तःशुल्क असूलउपर गर्ने र जरीवाना समेत गर्ने गरी भएको आन्तरिक राजस्व कार्यालय, ललितपुरको मिति २०६०।३।१७ को निर्णय मनासिव नै देखियो । निवेदक जावलाखेल डिष्टिलरीका तर्फबाट बैकल्पिक मार्ग अवलम्बन नगरी रिट क्षेत्राधिकारबाट यस अदालतसमक्ष प्रवेश गरेकोमा वैकल्पिक उपचारको अर्को व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा कानूनी हकको प्रचलनका लागि रिट क्षेत्राधिकार आकर्षित हुने व्यवस्था गरेकोमा यी निवेदकलाई कानून र सम्बन्धित निर्णय समेतबाट उपचारको मार्ग खुलाइएको र सो मार्ग अपर्याप्त वा प्रभावहीन भन्ने पनि नदेखिएको अवस्थामा कानून र निर्णयमा उल्लेख भएबमोजिम पुनरावेदन नगरी सीधै यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गतबाट उपचारको माग गरेको देखिँदा सो आधारमा पनि निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिँदैन ।

यस रिटमा प्रतिपादित सिद्दान्त

- वैकल्पिक मार्ग अवलम्बन नगरी रिट क्षेत्राधिकार मार्फत प्रवेश गर्न वैकल्पिक उपचारको मार्ग अपर्याप्त वा प्रभावहीन देखिएको हुनुपर्ने । वैकल्पिक उपचारको मार्ग अपर्याप्त वा प्रभावहीन भएको भन्ने नदेखिएको अवस्थामा असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचारको माग गर्न नमिल्ने ।
- सम्बन्धित सरकारी कार्यालय वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्थाको लेखा परीक्षण गरी बेरुजु देखाउन र

उक्त बेरुजु असूल उपर गर्ने गरी निर्देशन दिन सक्ने महालेखा परीक्षकको अधिकार हुने ।

- आर्थिक ऐन, अन्तःशुल्क ऐन र अन्तःशुल्क नियमहरू समेतका आधारमा अन्तःशुल्क असूल उपर गर्न सकिने ।

सूर्य नेपाल प्रा.लि.का तर्फबाट हर्षं एमं दर समेत वि. आन्तरिक राजस्व कार्यालय, बारा समेत[१७]

निवेदक सूर्य नेपाल प्रा.लि.ले सूर्तिबाट उत्पादन हुने विभिन्न साईज एवं गुणस्तरको चुरोट उत्पादन र बिक्री वितरण गरी लाग्ने कर तथा अन्तःशुल्कहरू तिर्दै आएकोमा उद्योगले गरेको उत्पादनको नियमित विवरण र हिसाव राखिएको आधारमा आ.व. २०५५। ५६ मा रु.९७,०४,७८,४५०।–, २०५६।५७ मा रु.९८,२३,५९,९५०।–, २०५७।५८, मा रु.१,२३,८५,२८,८५०।–, आ.व. २०५८।५९ मा रु.१,२९,१७,००,७५०।–र आ.व. २०५९।६० मा रु.१,४८,१५,६५,३००।– अन्त शुल्क बुझाई सकेको छ । वास्तविक रुपमा उत्पादित पदार्थमा लाग्ने अन्तःशुल्क तिरिसकेको अवस्थामा पूर्व जानकारी बेगर आन्तरिक राजश्व कार्यालयका दुई जना अधिकृतले २०६२।३।२७ मा आ.व. २०५५।५६ देखि २०५९।६० सम्मको लागि कुनै कानूनको उल्लेख नगरी उठाएको टिप्पणी र प्रमुख कर अधिकृतले २०६२।३।२८ मा टिप्पणी सदर गरी काल्पनिक थप अन्तःशुल्कको नामबाट रकम असूल गर्ने भनी ठहर गरी प्रत्येक आ.व.को छुट्टा छुट्टै पत्र लेखी प्रत्येक आ.व.को क्रमशः रु.४,२२,४७,६८३।, रु.१,७२,७१,५७८।६०, रु.१२,४१,९७,९७०।, रु.१०,४४,३९,०८४।७५, रु. ६,८७,९०,४७०।२० अन्त शुल्क रकम माग गरिएको कार्य उपर आन्तरिक राजश्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकन गरिएकोमा महानिर्देशकबाट निवेदन खारेज भयो । सो उपर तथ्यगत एवं कानूनी विवाद उठाई राजश्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न जाँदा अन्तःशुल्क ऐन, २०५८ ले परिकल्पना नगरेको धरौटी बापत भनी अनधिकृत रुपमा माग भै आएको पूरै दावी रकम समेत माग भै पुनरावेदन दरपीठ भएकोले अन्य उपचारको अभाव रहेको र आन्तरिक राजश्व विभागको निर्देशनात्मक पत्रले काल्पनिक उत्पादन देखाई बेरुजू असूल गर्न वाध्य भएको र न्यायिक मनको प्रयोग नगरी अरुको निर्देशनलाई कार्यान्वयन गरेको २०६२।३।२८ को निर्णय एवं २०६२।१०।४ को निर्णय काम कारवाही समेत

[१७] ने.का.प. २०६७ अंक ७ नि.न. ८४०५

उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ । साथै राजश्व न्यायाधिकरणका श्रेस्तेदारको २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजश्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजश्व न्यायाधिकरणका नाउँमा परमादेश समेत जारी गरिपाऊँ । राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को (ख) को व्यवस्था संवैधानिक प्रावधानसँग वाझिएकोले अमान्य र बदर घोषित गरिपाऊँ।

राजश्व न्यायाधिकरण काठमाडौंको लिखित जवाफ

निवेदकलाई लागेको अन्तःशुल्क रकम राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) मा धरौटी राख्नु पर्ने व्यवस्था भएकोमा सो रकम धरौटी नराखी पुनरावेदन लाग्न नसक्ने भनी श्रेस्तेदारबाट भएको दरपीठ आदेश अन्यथा गर्नु नपर्ने भनी आदेश भएको।

आन्तरिक राजश्व कार्यालय सिमरा वाराको लिखित जवाफ

अन्तःशुल्क माग गर्दा करदातालाई सफाइको मौका दिनुपर्ने साविकको अन्तःशुल्क ऐन, २०१५ वा हालको अन्तःशुल्क ऐन, २०५८ ले गरेको छैन । महालेखा परीक्षकको विभागबाट बेरुजू औंल्याईएको अन्तःशुल्क समेतको कर रकम दाखिला नगरेको कारण पत्राचार भएको र सो उपर महानिर्देशक समक्ष दिएको निवेदन सदर भएपछि कानून बमोजिमको रकम धरौटी नराखेको कारण राजश्व न्यायाधिकरणमा पुनरावेदन दरपीठ भएउपर रिट क्षेत्रमा आएको अवस्था छ । राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम राख्नुपर्ने नगद धरौटी नराखेको कारणबाट पुनरावेदन दर्ता नभएको भन्ने निवेदन लेखबाटै उपचारको बाटो रहेको देखिन्छ । वैकल्पिक उपचारको बाटो अनुशरण नगरी रिट क्षेत्र आकर्षित नहुने भन्ने स्थापित सिद्धान्त समेतबाट माग बमोजिमको आदेश जारी हुने अवस्था छैन । महालेखा परीक्षकको विभागले औंल्याएको बेरुजू रकम नियमित गराउनु पर्ने दायित्व तर्फ निवेदक लागेको अवस्था समेत छैन । आ.व. २०५०।५१ र २०५१।५२ मा सूर्ति खपतको अनुपातमा उत्पादन नगरी स्वीकृत नम्र्स भन्दा घटी उत्पादन गरेको आधारमा महालेखा परीक्षकबाट बेरुजू औंल्याई सो आधारमा अन्तःशुल्क रकम माग गरेको हो । निवेदकले उल्लेख गरेको २०५३ सालको रिट नं. २८२५ विचाराधीन रहिरहेको अवस्थामा रकम माग गर्ने विषय अधिकारक्षेत्र भन्दा वाहिर रहेको भन्न मिल्दैन । प्रस्तुत विवाद उक्त रिट निवेदनमा रहेको विवादमा सिमीत नरही सूर्ति घटी आम्दानी देखाइएको

भन्ने तथ्य समेत रहेको देखिएकोले नजीरको आधारमा निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्था नहुँदा निवेदन खारेज गरिपाऊँ ।

अर्थ मन्त्रालयको लिखित जवाफ

पुनरावेदन गर्न पाउने उपचारको बाटो कायमै रहेको अवस्थामा रिट क्षेत्रमा प्रवेश गरेको मिलेको छैन । राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम राख्नु पर्ने धरौटी नराखेको कारणबाट पुनरावेदनको बाटो अवरुद्ध भएको मान्न मिल्दैन । संवैधानिक निकाय महालेखा परीक्षकको विभागबाट औंल्याईएका आधारमा स्वीकृत नर्म्सभन्दा घटी उत्पादन गरेको देखाएको हुँदा सो बमोजिम अन्तःशुल्क रकम दाखिल गर्न पठाउने कार्य कानूनविपरीत भन्न नमिल्ने ।

महालेखा परीक्षकको लिखित जवाफ

विवादित आ.व.को सम्बन्धमा लेखा परीक्षण ऐन, २०४८ को दफा ३,४ र ५ ले तोकेको काम कर्तव्य र अधिकार बमोजिम लेखा परीक्षण गरिएको हो । आन्तरिक राजश्व कार्यालय सिमराको आ.व. २०५६।५७ को स्रेस्ता कागजबाट राजश्व आंकलन, असूल तहसिलको लेखा स्रेस्ता परीक्षणबाट देखिन आएको व्यहोराको आधारमा लेखा परीक्षण प्रतिवेदन तयार गरी कार्यालयलाई पठाएको हो । अधिकारक्षेत्र वाहिर गई लेखा परीक्षण गरिएको भन्ने निवेदन दाबीमा कुनै आधार नहुँदा निवेदन खारेज गरिपाऊँ ।

विशेष इजलासको २०६६।५।२५ को आदेश

प्रस्तुत निवेदनसँग सम्बन्धित भनी निवेदनमा उल्लेख गरिएको २०५३ सालको रि.नं. २८२५ को रिट सम्बन्धि उक्त मुद्दा फैसला भएपछि मात्र प्रस्तुत रिट निवेदनमा न्याय निरुपण गर्नु वान्छनीय हुने देखिएकोले अर्थ मन्त्रालय विरुद्ध सूर्य टोवाको कम्पनी भएको २०६४–NF–०००२ को मुद्दामा फैसला भएपछि फैसलाको प्रतिलिपि साथै राखी प्रस्तुत निवेदन र लगाउका निवेदनहरू समेत नियम बमोजिम पेश गर्नु ।

विवादको मूल विषयवस्तु

सूर्ति खपतको अनुपातमा उत्पादन नगरी घटी उत्पादन गरेको अर्थात् आ.व. २०४७।४८ को नर्म्स अनुसार कच्चा पदार्थको खपत अनुपातमा प्रतिलब्धि नपुग भएको भन्ने आधारमा थप अन्तःशुल्क रकम माग गरेको कानूनविपरीत भन्ने नै मूल विवादको विषयवस्तु रहेको ।

रिट नं. २८२५ मा भएको २०६६।७।१२ मा भएको फैसला

यस अदालत पूर्ण इजलासको अन्तिम फैसलामा आर्थिक ऐन, २०५१ को अनुसूची–३ अन्तर्गतको द्रष्टव्य २ को व्यवस्थाको विस्तृत रुपमा विवेचना गरी अनुमानित उत्पादनलाई आधार बनाएर अन्तःशुल्क निर्धारण गर्न सकिने गरी चुरोटतर्फ व्यवस्था गरेको अवस्था नहुँदा चुरोटलाई मदिरा सरहको व्यवस्था नगरिएको अर्थात् अनुमानित उत्पादनमा अन्तःशुल्क लगाउने व्यवस्था नगरिएको स्पष्ट हुन्छ । ऐनले नै अनुमानित उत्पादनको दायराबाट बाहिर परेको अवस्थामा अनुमानित उत्पादनका आधारमा थप अन्तःशुल्क लगाउने, असूल उपर गर्ने भन्ने हुँदैन । कानूनले बाहेक गरेको कुरालाई मनोगत तर्क गरी त्यसैको आधारमा दायित्व वहन गराउन मिल्ने हुँदैन । अन्तःशुल्क ऐन, २०१५ र अन्तःशुल्क नियमहरू, २०१९ बमोजिम अन्तःशुल्क असूल उपर गर्न छूट भएको वा बाँकी भएको नदेखिएको अवस्थामा महालेखा परीक्षकको विभागबाट लेखा परीक्षण गर्दा अनुमानित उत्पादनलाई आधार बनाएर बेरुजू औंल्याएको, असूल उपरको लागि प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले निर्देशन दिएको र रकम दाखिला गर्नु भनी मूल्य अभिवृद्धि कर कार्यालय बाराबाट २०५३।१२।१५ मा भएको निर्णय कानून बमोजिम भएको मान्न नमिली उत्प्रेषणको आदेशद्वारा बदर गरी सूर्य टोवाको कम्पनीबाट बेरुजू रकम असूल उपर नगर्नु भनी परमादेशको आदेश जारी गरिएको हदसम्म संयुक्त इजलासको २०५४।१२।१६ को फैसला कायम हुने ठहर्छ ।

प्रस्तुत रिट निवेदनमा सर्वोच्च अदालतको आदेश

आ.व. २०५५।५६ देखि २०५९।६० सम्मको विभिन्न अवधिको महालेखा परीक्षकको विभागबाट अन्तिम लेखा परीक्षण हुँदा करदाता सूर्य नेपाल प्रा.लि.को नाममा असूल गर्नुपर्ने भनी उठाइएका बेरुजुको सम्बन्धमा माथि उल्लिखित रिट नं. २८२५ मा भएको आदेश र सो उपर परेको पुनरावलोकनको निवेदनको आधार उल्लेख गरी थप अन्तःशुल्क रकम माग गरिएको र सोही विवादमा प्रस्तुत रिट निवेदन दायर भएको भन्नेमा विवाद देखिएको छैन । उक्त पुनरावलोकनको निवेदनमा उठाइएका विषय बाहेक अन्य नयाँ विषय प्रस्तुत निवेदनमा उठाइएको भन्ने पनि देखिँदैन । आर्थिक वर्ष २०५०।५१ मा उठाएको विवादमा पूर्ण इजलासबाट टुंगो लागिसकेको विषयवस्तु र प्रस्तुत रिट निवेदनमा विवाद ल्याइएको विषयवस्तुमा तात्विक अन्तर पनि देखिन आएन । निवेदक सूर्य नेपालले सूर्ति खपतको अनुपातमा उत्पादन नगरी घटी उत्पादन गरेको अर्थात् आ.व. २०४७।४८ को नर्म्स अनुसार कच्चा पदार्थको खपत अनुपातमा प्रतिलब्धि नपुग भएको भन्ने आधारमा थप अन्तःशुल्क रकम माग गरेको भन्ने नै मूल विवादको विषयवस्तु रहेको र यस्तै प्रकारको

विवादको विषयवस्तु सम्बन्धमा अनुमानित उत्पादनको आधारमा थप अन्तःशुल्क रकम माग गर्न नमिल्ने भनी यस अदालत पूर्ण इजलासबाट सिद्धान्त समेत प्रतिपादन भै रहेको देखिन्छ। अनुमानित उत्पादनको आधारमा थप अन्तःशुल्क रकम माग गर्ने सम्बन्धमा विपक्षी आन्तरिक राजश्व कार्यालबाट कुनै कानूनको व्यवस्था उल्लेख नगरी रिट नं. २८२५ को पुनरावलोकनको आधारसम्म उल्लेख गरेको अवस्थामा आन्तरिक राजश्व कार्यालय सिमरा वाराको मिति २०६२।३।२७ को टिप्पणी व्यहोरा प्रमुख कर अधिकृतबाट २०६२।३।२८ मा सदर भएको आदेश एवं सो अनुसार निवेदक कम्पनीसँग उक्त आ.व. २०५५।५६ देखि २०५९।६० सम्मको थप अन्तःशुल्क कर रकम माग गर्ने गरी भएका पत्राचार समेत कानून अनुकूल भए गरेको देखिएन ।

निवेदकले तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७३ को प्रावधान एवं अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नुपर्ने कुनै व्यवस्था नगरिएको अवस्थामा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) को पचास प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्था बाझिएको हुँदा अमान्य र बदर घोषित गरिपाऊँ भन्ने थप जिकीर लिएको समेत देखिन्छ । राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ मा धरौट राख्ने र म्यादको व्यवस्था रहेको र उपदफा (१) ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरण वा पुनरावेदन अदालतमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन भन्ने उल्लेख भएको र सोही उपदफाको देहाय (ख) मा "भन्सार महसूल वा अन्तःशुल्क निर्धारण भएकोमा निर्धारीत भन्सार महसूल वा अन्तःशुल्कको रकम र जरीवाना भएकोमा जरीवानाको रकम र दुवै भएकोमा दुवै रकम त्यस्तो निर्धारण गर्ने वा जरीवाना गर्ने अधिकृतले तोकि दिएको कार्यालयमा भन्ने उल्लेख भएको देखिन्छ । राजश्वसम्बन्धी मुद्दामा राजश्व न्यायाधिकरणले पुनरावेदन सुन्ने अधिकारक्षेत्र अन्तर्गत दर्ता गरिने पुनरावेदन दर्तासम्बन्धी कार्यविधिको व्यवस्था उक्त ऐनको दफा ९ ले व्यवस्थित गरेको देखिन्छ ।

निवेदकले नितान्त निजी हक हितमा असर परेको कुरा उल्लेख गरी अमुक कानूनको व्यवस्था बाझिएको भनी गोश्वारा रुपमा दावी लिएकै आधारमा विधायिकी प्रक्रियाद्वारा निर्मित कानूनलाई न्यायिक पुनरावलोकनको विशिष्ट अधिकारक्षेत्र प्रयोग गरी अमान्य र बदर गर्नु न्यायिक मूल्य र मान्यता विपरीत हुन जान्छ । पुनरावेदन गर्दा धरौट राख्नुपर्ने ऐनको दफा ९ को व्यवस्थाले निवेदकको मौलिक हकमा अनुचित बन्देज लगाएको वा संवैधानिक प्रावधानसँग बाझिएको भन्ने अवस्था देखिएन ।

अन्तःशुल्क रकम दाखिला गर्ने सम्बन्धी आन्तरिक राजश्व कार्यालय वाराको २०६२।११।१८ को पत्र लगायत सो सँग सम्बन्धित काम कारवाहीहरूसम्म कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अमान्य र बदर घोषित गरिपाऊँ भनी दावी लिएको राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को देहाय (ख) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिँदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ ।

यस रिटमा प्रतिपादित सिद्दान्त

- चुरोटलाई मदिरा सरहको अनुमानित उत्पादनमा अन्तःशुल्क लगाउने व्यवस्थाबाट बाहिर परेको अवस्थामा अनुमानित उत्पादनका आधारमा थप अन्तःशुल्क लगाउने र असूल उपर गर्न नमिल्ने ।
- अनुमानित उत्पादनको आधारमा थप अन्तःशुल्क रकम माग गर्न नमिल्ने ।
- पुनरावेदन गर्दा धरौट राख्नुपर्ने व्यवस्था पुनरावेदन दर्तासम्बन्धी कार्यविधिको व्यवस्था भएको र निवेदकको मौलिक हकमा अनुचित बन्देज लगाएको मान्न नमिल्ने ।

मोहन लक्ष्मी मास्के वि. अर्थ मन्त्रालय समेत[18]

निवेदन जिकीर

श्री डिष्टीलरी (प्रा.)लि. नामको कम्पनी स्थापना गरी २०५३।४।१ देखि मदिराको व्यावसायिक उत्पादन गरी आएको र कम्पनीले उत्पादन भएको २०५३।४।१ देखि आ.व. २०६०।२०६१ सम्मको अन्तःशुल्क लगायतको सम्पूर्ण राजश्व भुक्तानी गरी सकेको निर्विवाद छ । प्रत्यर्थी आन्तरिक राजश्व कार्यालयले अन्तःशुल्क छलेको भन्ने उजूरी परेको भन्ने समेत उल्लेख गरी मेरो नाउँमा ७ दिने म्याद जारी गरि उक्त म्याद २०६१।१२।११ मा घर दैलामा टाँस भएको । म भारतमा उपचार गराइरहेकोले कार्यालयमा स्वयम् उपस्थित हुन नसक्ने भएकोले स्वास्थ्य परीक्षण गराएको प्रमाण समेत संलग्न गरी गुज्रेको म्याद थामी आवश्यक कानूनी प्रक्रिया अघि बढाउनका लागि वारेश मुकरर गरी २०६१।१२।२९ मा हाजिर हुन पठाउँदा प्रत्यर्थी कार्यालयका प्रमुख कर अधिकृतले आत्मनिष्ठ र गैरकानूनी कारण देखाई वारेशनामा सहितको निवेदन स्वीकार गर्न

[१८] ने.का. प. २०६७ अंक १ नि.न. ८२९४

नमिल्ने भनी दरपीठ गरियो । दरपीठ आदेशविरुद्ध २०६२।१।७ मा राजश्व न्यायाधिकरण काठमाडौंमा अ.वं. १७ नं. बमोजिम निवेदन दिई विचाराधीन रहेकै अवस्थामै प्रतिवादको मौका नै नदिई एकतर्फी रुपले फैसला सहितको जनाउ पत्र २०६२।१।२० मा प्राप्त गरी अवगत भयो । फैसलाको तपसील खण्डमा मेरा नाउँको चल अचल सम्पत्तिहरू शेयर लगानी, बैंक खाता, सवारी साधन समेतका सम्पूर्ण सम्पत्तिहरू रोक्का राख्ने भनी २०६१।९।१२, २०६१।९।१९ र २०६१।१२।१० मा निर्णय गरिएको भन्ने कुरा २०६२।१।११ को फैसलामा उल्लेख गरी सम्पत्ति रोक्का राख्ने निर्णयलाई कायमै राख्ने भनिएको।

डिष्टीलरीले आ.व. २०५५।०५६ मा ५० हजार क्वीन्टल मोलासिस (सिरा) हिनामिना गरेको भनी अन्तःशुल्क ऐन, २०१५ को दफा ३ बमोजिम रु.८७,२९,८४,२००।- राजश्व तिर्नुपर्ने ठहर गरेको । विपक्षीलाई अन्तःशुल्क ऐनले नियमित रुपमा अन्तःशुल्क असूलउपर गर्न अधिकार मात्र प्रदान गरेको छ । राजश्व छलेको विषयमा कारवाही गरी सजाय गर्ने अधिकार उक्त ऐनले विपक्षी कार्यालयलाई दिएको छैन । राजश्व छलेको विषयमा कारवाही र सजाय गर्ने अधिकार राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ९ बमोजिमको अधिकारीले अनुसन्धान गर्ने र दफा १८ बमोजिमको अदालतमा राजश्व अनुसन्धान विभागले मुद्दा दर्ता गरी तोकिएको जिल्ला अदालतले मात्र यस विषयमा फैसला गर्ने अधिकार हुन्छ । अन्तःशुल्क ऐन, २०१५ कायम रहेको अवस्थामा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ जारी भएको र राजश्व चुहावटको विषयमा कारवाही र सजाय गर्ने विशेष ऐन हो । खारेज भइसकेको ऐन लगाई कारवाही र सजाय गर्न मिल्दैन। अतः विपक्षी आन्तरिक राजश्व कार्यालय चितवनले प्रतिवादको मौका नै नदिई निवेदकको चल अचल सम्पत्ति रोक्का राख्ने मिति २०६१।९।१२, २०६१।९।१९ र २०६१।१२।१० को निर्णय पत्रहरू, उक्त निर्णयलाई यथावत् नै राख्ने भनी २०६२।१।११ मा गरिएको फैसला तथा निवेदकको हितविपरीत कुनै निर्णय भएको कुरा लिखितजवाफमा खुलेमा सो समेत सम्पूर्ण उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ । साथै बिना कसूर सुनुवाइको मौका समेत नदिई निवेदकको सबै सम्पत्ति रोक्का भएको, २०६२।१।११ को फैसलाले बुझाउनु पर्ने ठहर गरेको राजश्व रकम कम्पनीबाट असूल उपर नभएमा निवेदकको चल अचल सम्पत्तिबाट सरकारी बाँकीसरह असूल गरिने भनी उल्लेख भएको हुँदा सम्पत्ति रोक्का राख्ने गरी भएका उल्लिखित निर्णय र २०६२।१।११

को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

आन्तरिक राजश्व विभागको लिखित जवाफ

सुनुवाइको मौका दिएको प्रमाण कागजबाट देखिएको तथा कानूनको अवलम्बन गरी आन्तरिक राजश्व कार्यालय भरतपुरबाट २०६२।१।११ मा भएको निर्णय तथा यस विभागबाट गरिएका काम कारवाही कानूनसम्मत हुँदा निवेदन खारेज गरिपाऊँ ।

आन्तरिक राजश्व कार्यालय भरतपुर तथा ऐ.का कार्यालय प्रमुखको लिखित जवाफ

यस कार्यालयबाट श्री डिष्टीलरी (प्रा.) लि. ले अन्तःशुल्क समेतको राजश्व रकम छलेको, दवाएको, छिपाएको भनी मिति २०६२।१।११ मा निर्णय गर्नु पूर्व २०६१।१२।११ मा निजको घर दैलामा र श्री डिष्टीलरीको केन्द्रीय कार्यालय, चारढुङ्गामा टाँस गरिएको मुचुल्का सहितको पत्र मिसिल सामेल रहेको र विवादित विषयको सम्बन्धमा विभिन्न माध्यमबाट जानकारी पाएको कुरा रिट निवेदनको प्रकरण ३ मा उल्लिखित व्यहोराबाट समेत स्पष्ट हुन्छ । राजश्व छलेर रकम दाखिला नगर्ने नितान्त गम्भीर प्रकृतिको कसूरमा सामान्य वारेश पठाएर प्रतिनिधित्व गर्न कानूनले मिल्ने देखिँदैन । त्यसैले वारेस सहितको निवेदन यस कार्यालयबाट मुलुकी ऐन, अ.बं. २७ नं. बमोजिम दरपीठ गरी कानूनको पूर्ण पालना गरिएको छ । पर्याप्त सूचनाको आधारमा स्वयम् उपस्थित भएर आफ्ना कुराहरू राख्न पाउने हक अधिकारबाट रिट निवेदकलाई बञ्चित गरिएको छैन । प्राकृतिक न्यायको सिद्धान्त र कानूनको पूर्ण पालना गरी यस कार्यालयबाट २०६२।१।११ मा फैसला गरिएको हुँदा निवेदन खारेज गरिपाऊँ ।

प्रस्तुत विवाद अन्तःशुल्क छलेको विषय भएको भन्ने देखिएको र अन्तःशुल्क अधिकारीले अनुसन्धानको क्रममा कानून बमोजिम म्याद जारी गरी यी निवेदिका प्रतिवादीलाई बाटाका म्याद बाहेक ७ दिनभित्र हाजिर हुन आउनु भनी म्याद जारी गरी सोको सूचना समेत पाई वारेश पठाएकोमा आफ्नो नाममा मुद्दा परी म्याद जारी भएको कुरा निवेदिकालाई जानकारी भएकै देखिन्छ । साथै आफ्नो निवेदनमा समेत सो कुरालाई इन्कार गर्न सकेको देखिँदैन । अनुसन्धानकै क्रममा निवेदिकाको नामको चल अचल सम्पत्ति रोक्का राख्ने निर्णय भएको र सो कानून विपरीत भएको भन्ने पनि नदेखिएको साथै प्रस्तुत विवाद फौजदारी प्रकृतिको भई कैद तथा जरीवानाको सजाय हुनसक्ने नै देखिँदा त्यस्तो मुद्दामा वारेश स्वीकार नगरेको समेत कानूनबमोजिम नै देखिएको र फैसला भै सकेको अवस्थामा अन्तःशुल्क ऐन, २०५८

को दफा १९ बमोजिम पुनरावेदनको म्याद पाऊँ भनी माग गरी आउनुपर्नेमा सो नगरी अन्य उपचार माग गरेबाट समेत प्रस्तुत रिट निवेदनमा माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा खारेज हुने ठहर्छ भन्ने यस अदालत संयुक्त इजलासमा मा. न्या. श्री अनूपराज शर्माको राय ।

यी निवेदिकालाई कसूरदार ठहर गरेको र जरीवाना गरिएको समेत देखिँदैन । प्र. श्री डिष्टीलरीले उक्त रकम र राजश्व बुझाउनु पर्ने ठहर भएपनि कम्पनीको चल अचल जायजेथाबाट असूलउपर गर्नेतर्फ उल्लेखै नगरी कम्पनीको दायित्वमा समेत निवेदिकाको चल अचल सम्पत्तिबाट असूलउपर गर्ने ठहर गर्नु कानूनप्रतिकूल देखिन्छ । निर्णयको तपसील खण्डमा अ.वं २०८ नं.ले पुनरावेदनको म्याद दिनु नपर्ने भन्ने उल्लेख गरेको समेत देखिन्छ । जवकि अन्तःशुल्क ऐन, २०५८ को दफा १९ ले आन्तरिक राजश्व कार्यालयको निर्णयउपर पुनरावेदन गर्न पाउनेमा सो अधिकारको उल्लंघन गरेको पाइन्छ । लिखित जवाफको प्रकरण नं. ४ मा वैकल्पिक उपचारको बाटो हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेको भन्दै आफ्नो निर्णय विपरीत जवाफ फिराएको पाइन्छ । यसबाट जानी-जानी विपक्षी निर्णयकर्ताले पुनरावेदनको म्याद नदिई विपक्षीउपर प्रवृत्त भावना राखी कानूनविपरीत कारवाही गरेको प्रमाणित हुन्छ । विपक्षी आन्तरिक राजस्व कार्यालयको निर्णयबाट निवेदिकालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२, १७ र ७३ द्वारा प्रदत्त हकमा आघात परेको देखिनाले र उक्त संविधानको धारा ८८(२) ले अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अर्पयाप्त देखिएमा पूर्ण न्याय प्रदान गरी उपयुक्त उपचार गर्न यो अदालत सक्षम हुँदा निवेदिकाको हकमासम्म निवेदिकाको नाउँको चल अचल सम्पत्ति रोक्का राख्ने भन्ने विपक्षी कार्यालयको मिति २०६१।९।१२, २०६१।९।१९ र मिति २०६१।१२।१० को निर्णय पत्रहरू एवम् विपक्षी कार्यालयको मिति २०६२।१।११।१ को निर्णय सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने र उक्त पत्रहरूद्वारा रोक्का राखिएको चल अचल सम्पत्ति फुकुवा गरिदिनु भनी परमादेशसमेत जारी हुने ठहर्छ भन्ने यस अदालत संयुक्त इजलासमा मा. न्या. श्री राजेन्द्रकुमार भण्डारीको राय।

निर्णय गर्नुपर्ने प्रश्न

निवेदिकाको सम्पत्ति रोक्का गर्दा प्राकृतिक न्यायको सिद्धान्तको पालना गरिएको छ वा छैन र निजको हकमा सो निर्णय बदर हुनसक्ने हो होइन ?

सर्वोच्च अदालतको निर्णय

प्राकृतिक न्यायको सिद्धान्त कानून बमोजिम निर्णय गर्ने अधिकारको उचित प्रयोगको सन्दर्भमा अपनाइने मौलिक एवं स्थापित सिद्धान्तहरू हुन्, जसको सम्बन्ध निर्णयको शुद्धता र निष्पक्षतासँग गाँसिएको हुन्छ । कानून बमोजिम निर्णय गर्ने अधिकारीबाट हुनसक्ने पूर्वाग्रह र स्वेच्छाचारितालाई यसको पालनाले घटाउन मदत गर्ने हुँदा न्यायिक शुद्धता र निष्पक्षताको लागि प्राकृतिक न्यायका सिद्धान्तहरू न्याय प्रशासनका अभिन्न अंगको रुपमा रहेका छन् । संविधान र कानूनले नागरिकलाई प्रदान गरेका अधिकारका विरुद्ध गरिने हरेक निर्णयहरूमा यी सिद्धान्तहरूको पालना अनिवार्य रुपमा गर्नैपर्छ । प्राकृतिक न्यायको सिद्धान्त मुख्यतया पूर्वाग्रह विरुद्धको सिद्धान्त र स्वच्छ सुनुवाइको सिद्धान्तमा आधारित रहेका छन् । स्वच्छ सुनुवाइको सिद्धान्त अन्तर्गत जसको जीवन, स्वतन्त्रता र सम्पत्तिमा असर पर्ने कुनै काम कारवाही वा निर्णय गरिन्छ, त्यसको कुरा नसुनी, समुचित प्रतिवादको मौका नदिई त्यसको उचित सहभागिता बिना काम कारवाही तथा निर्णय गर्नु हुँदैन भन्ने जस्ता कुरा पर्दछन् । यसअन्तर्गत प्रतिवाद गर्न सम्बन्धित आरोप वा विषयको सूचना दिने, त्यस्तो सूचनामा प्रतिवाद गर्न पाउने पर्याप्त म्याद र समुचित अवसर दिएको हुनुपर्ने,सूचनामा लगाइएको आरोप र त्यसमा हुनसक्ने परिणामको उल्लेखनका साथै आरोपसँग सम्बन्धित प्रमाण एवम् कानूनी आधार जस्ता कुराहरू स्पष्ट रुपमा उल्लेख हुनुपर्छ, जसबाट लगाइएको आरोपको पर्याप्त मात्रामा खण्डन गर्न र त्यस विरुद्धका प्रमाण प्रस्तुत गर्न सकियोस् ।

प्रस्तुत विवादमा प्राप्त सम्बन्धित फायल अवलोकन गर्दा यी निवेदिका समेत सञ्चालक रहेको मदिरा उत्पादन गर्ने श्री डिष्टीलरी (प्रा.)लि.ले आ.व. २०५५।०५६ मा ५०,०००।- क्वीण्टल मोलासिसको हिसाब आ.व. २०५६।०५७ मा कम देखाएको, सोको अन्तःशुल्क छलेको, यी निवेदिका समेत आफ्नो नामको म्याद बुझी प्रतिवाद गर्न उपस्थित नभएको र म्याद जारी गरी रीतपूर्वक घरदैलामा टाँस भएपछि समेत सो म्यादको अवधि गुजारी बसेको पाइएको भन्दै ९,८५,९०० लीटर स्प्रिट उत्पादन हुने र उक्त परिमाणलाई एल.पी. लिटरमा परिणत गर्दा जम्मा १६,२६,७३५ एल.पी लिटरको अन्तःशुल्क प्रतिलिटर रु.२३५।०० का दरले रु.३८,२२,८२,७२५।०० र सो अन्तःशुल्कको आधारमा सम्बन्धित आर्थिक ऐनबमोजिम तिर्नु बुझाउनु पर्ने राजश्व रकम रु.८७,२९,८४,२००।०० र (रु. ५०००।०० जरीवाना समेत) अन्तःशुल्क ऐन २०१५ को दफा ३ बमोजिम श्री डिष्टीलरी (प्रा.) लि.ले बुझाउनु पर्ने ठहर्छ भनी आन्तरिक राजश्व कार्यालय, भरतपुर चितवनका प्रमुख कर अधिकृतले २०६२।१।११ मा निर्णय गरेको

देखियो । उक्त निर्णयको तपसील खण्डको प्रकरण ३ मा (प्रा.) लि.का तर्फबाट असूल गर्नुपर्ने रकम असूल नभएसम्मको लागि इजाजत पत्र निलम्बन गर्ने मिति २०६१।१०।१८ को निर्णय र निवेदिकाको सम्पत्ति रोक्का राख्ने मिति २०६१।९।१२,२०६१।९।१९ र २०६१।१२।१० को निर्णयलाई कायमै राख्ने भन्ने समेत उल्लेख भएको पाइन्छ । प्रस्तुत निवेदनमा आफ्नो सम्पत्ति रोक्का राख्ने उक्त निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको भनी निवेदिका द्वारा चुनौती दिएको अवस्था छ।

प्रस्तुत विवादको निरुपण हुनुपर्ने विषय निवेदिका मोहनलक्ष्मी मास्केले राजश्व रकम तिनु पर्ने वा नपर्ने भन्ने नभई प्रमुख कर अधिकृतले निवेदिकाको सम्पत्ति रोक्का गर्ने निर्णय गर्दा प्राकृतिक न्यायको सिद्धान्तलाई अनुशरण गरेको छ कि छैन भन्ने रहेको देखिन्छ ।

आन्तरिक राजश्व कार्यालय भरतपुर, चितवनले मिति २०६२।१।११ मा निर्णय गर्दा श्री डिष्टीलरी (प्रा.) लि. ले अन्तः शुल्क ऐन, २०१५ को दफा ३ बमोजिम राजश्व रकम रु. ८७,२९,८४,२००।- (जरीवाना रु. ५०००।- समेत) बुझाउनु पर्ने तथा उक्त (प्रा.) लि.का प्रथम सञ्चालक मथुराप्रसाद मास्केलाई तत्कालीन अन्तःशुल्क ऐन, २०१५ को दफा १२ को उपदफा १(क) बमोजिमको कसूरमा रु.५,०००।- जरीवानाको अतिरिक्त छ महिना कैद हुने ठहराएको र सोही ऐनको दफा १५ बमोजिम सरकारी बाँकी सरह निवेदिका मोहनलक्ष्मी मास्के समेतको नाममा रहेको चल अचल सम्पत्तिबाट असूल उपर हुनुपर्ने ठहराएको देखिन्छ ।

अन्तः शुल्क ऐन, २०१५ अन्तर्गतको मुद्दामा संक्षिप्त कार्यविधि ऐनले तोकेको कार्यविधि लागू हुने कुरामा विवाद देखिँदैन । उक्त ऐनको दफा ७ को समाव्हान वा इतलायनामा सम्बन्धी व्यवस्थाको उपदफा (१)मा "अदालतले यस ऐनबमोजिम समाव्हान वा इतलायनामा जारी गर्दा अनुसूची ३ मा तोकिएको ढाँचामा जारी गर्नुपर्छ" भन्ने उल्लेख भएको र ढाँचामा बाटोको म्याद बाहेक सात दिनभित्र प्रतिवादी बयान वा प्रतिउत्तरपत्र दिन आफ्नो लिखत प्रमाणको सक्कल नक्कल जो छ सो र सो बमोजिमको एक एक प्रति नक्कल समेत लिई यस अड्डा अदालतमा हाजिर हुन आफैं वा अख्तियारनामा लेखी वारिस पठाउनु होला कानून बमोजिम पुर्पक्ष हुनेछ भन्ने उल्लेख भएको ।

तर आन्तरिक राजश्व कार्यालय, भरतपुर चितवनबाट यी निवेदिकाको नाममा जारी भएको ७ दिने समाव्हानको ढाँचा हेर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ को अनुसूची ३ सँग मेल खाएको देखिन आउँदैन । २०६१ साल चैत्र १० गते जारी भएको सो समाव्हानमा " वा

अख्तियारनामा लेखी वारेस पठाउनु होला" भन्ने वाक्यांशलाई लोप गरी म्याद जारी गरिएको देखिन्छ । कानूनबमोजिम कारवाही र निर्णय गर्ने अधिकार पाएको कर अधिकृतले कानूनले स्पष्ट रुपमा तोकेको कार्यविधि र प्रक्रियालाई पूर्णरुपमा अनुशरण र पालना गर्नुपर्छ । कानूनको प्रयोग र पालनामा सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएमा बाहेक अन्य आधार र प्रक्रिया बमोजिम वा आफ्नो स्वविवेकीय अधिकार बमोजिमको छुट्टै प्रक्रिया वा कार्यविधि निर्धारण गर्न मिल्ने हुँदैन । साथै कानूनले म्याद जारी गर्ने स्पष्ट रुपमा ढाँचा तोकिएकोमा कुनै प्रशासकीय वा अर्ध न्यायिक अधिकारीले कानूनले नै अधिकार दिएमा बाहेक सो ढाँचालाई बदल्न, हेरफेर वा संशोधन गर्ने अधिकार राख्दैन । निवेदिकाको नाममा जारी गरिएको समाव्हान कानूनले तोकेअनुरूपको ढाँचामा जारी गरिएको नभई संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गत कारवाही हुने अन्तःशुल्क ऐन, २०१५ वा अन्तःशुल्क ऐन, २०५८ अन्तर्गतको कारवाहीमा ऐन बमोजिम वारेस लाग्नसक्ने भनी स्पष्ट रुपमा समाव्हानको ढाँचा तोकिएकोमा सो "अख्तियारनामा लेखी पठाउनु होला" भन्ने शब्दावली हटाई म्याद जारी गरेको कार्यले सो कानूनको कार्यविधि पूरा गरेको भन्ने देखिन आएन । साथै वारेस मार्फत प्रतिरक्षा हुन सक्ने कानूनी अवस्थालाई अन्त गरी कानून बमोजिमको प्रतिनिधिद्वारा प्रतिवाद गर्न पाउने पक्षको अधिकारमाथि अतिक्रमण गरिएको स्पष्ट देखिन आउँछ ।

अन्तःशुल्क ऐन, २०१५ बमोजिम तिर्नुपर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा सो ऐनको दफा १२(क) बमोजिम ६ महीनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरीवाना वा दुवै सजाय हुने र कसूरसँग सम्बन्धित अन्तःशुल्क लाग्ने पदार्थ जफत हुने व्यवस्था छ । जसअनुसार अ. वं. ११८ को देहाय २ मा पुर्पक्ष निमित्त थुनामा बस्नु पर्ने भनी उल्लिखित अपराधहरूको श्रेणीमा यी निवेदिकाउपर आरोप लगाएको मुद्दा पर्ने देखिन आएन । अन्तःशुल्क ऐन, २०५८ को दफा १२ बमोजिम कसूर गरेको भनी यी निवेदिकालाई गिरफ्तार गर्न आदेश जारी गरिएको अवस्था छैन । प्रचलित संक्षिप्त कार्यविधि ऐन, २०२८ को अनुसूचीले अख्तियारनामा दिई पठाउन सकिने कुरालाई स्पष्ट रुपमा औंल्याई रहेको अवस्था छ । यस स्थितिमा कैद र जरीवाना हुनसक्ने भनी अनुमानकै भरमा वारेस राख्न नपाउने भनी वारेस मार्फत प्रतिरक्षाको अधिकारमा रोक लगाउनुले कानूनले दिएको अधिकारमा बन्देज लगाएको भन्ने स्पष्ट देखिएको छ । वारेस नलिएपछि निवेदकलाई पक्राउ गरी अनुसन्धान गर्नेतर्फ विपक्षी प्रमुख कर अधिकृतले कारवाही चलाएको पनि देखिएको अवस्था नरहेबाट दरपीठ आदेशमा वारेस राख्न नपाउने भनी उल्लेख गरिएको व्यहोरा आफैंमा अन्तरविरोधात्मक देखिन आयो । सोको अतिरिक्त वारेसमार्फत् प्रतिरक्षामा

प्रतिबन्ध लगाएको प्रमुख कर अधिकृतद्वारा गरिएको दरपीठ आदेशउपर यी निवेदिकाले २०६२।१।७ मा पुनरावेदन सुन्ने निकाय राजश्व न्यायाधिकरण काठमाडौंमा अ.वं. १७ नं. बमोजिम निवेदन दिएको र सोको जानकारी विपक्षी आन्तरिक राजश्व कार्यालयलाई दिएकोमा राजश्व न्यायाधिकरणबाट हुने आदेश वा कारवाहीलाई नपर्खी विपक्षी कर अधिकृतले त्यसतर्फ कुनै वास्तै नराखी मिति २०६२।१।११ मा अन्तः शुल्क छलेको भनी फैसला गरिसकेको देखिएबाट निर्णयकर्ताले निर्णय गर्दा स्वच्छ सुनुवाइको सिद्धान्तको अवमानना गरेको देखिई निज पूर्वाग्रही भएको एवं प्रवृत्त धारणा राखी निर्णय गरेको मान्नुपर्ने हुन्छ ।

प्रमुख कर अधिकृतले गरेको फैसलाबाट यी निवेदिका उपर कसूर कायम भएको वा निजलाई सजाय गरिएको नदेखिएको तर पनि श्री डिष्टीलरी (प्रा.) लि.ले बुझाउनु पर्ने राजश्व रकम सो प्रा. लि.ले नबुझाएमा निवेदिकाको समेत चल अचल सम्पत्तिबाट असूल उपर गर्ने मनसाय उल्लेख गरी पहिले गरिएको रोक्का यथावत कायम राख्ने भन्ने निर्णय गरेको देखिन्छ। साथै विपक्षी कर अधिकृतले राजश्व हिनामिना गरेको ठहराएको निवेदिका सञ्चालक रहेको श्री डिष्टीलरी (प्रा.) लि.ले अन्तःशुल्कको राजश्व हिनामिना गरेको आरोपमा सो कम्पनीबाट राजश्व रकम असूल गर्ने र जरीवाना गर्ने तथा कम्पनीको इजाजतपत्र निलम्वन गर्ने भन्ने समेत प्रमुख कर अधिकृतले मिति २०६२।१।११ मा गरेको निर्णयबाट देखिन आउँछ । यी सञ्चालक निवेदिकाको पनि सो आरोपित कार्यमा संलग्नता रहेको वा निजले कुनै कसूरजन्य कार्य गरेको तथा निवेदिकालाई सजाय गरिएको भन्ने प्रमुख कर अधिकृतको उक्त निर्णयबाट देखिन आउँदैन । कम्पनी ऐनबमोजिम गठित कुनै प्राइभेट लिमिटेड कम्पनीको सञ्चालकले कसूरजन्य कार्य नगरेमा पनि कम्पनीको कर वा अन्तःशुल्क सम्बन्धी निजको दायित्व हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा अन्तःशुल्क ऐन, २०१५ वा अन्तःशुल्क ऐन, २०५८ तथा प्रचलित कम्पनी ऐनमा समेत स्पष्ट कानूनी व्यवस्था रहेको पाइदैन । कानूनले नै सञ्चालकको कर सम्बन्धी दायित्व निर्धारण नगरेको अवस्थामा कम्पनीले तिर्नु पर्ने कर वा राजश्व रकमका सम्बन्धमा यसका सञ्चालकको सम्पत्ति रोक्का राख्नुपर्ने अवस्थाको कानूनी आधार देखिँदैन । यी निवेदिकाको नामको सम्पत्ति रोक्का गर्दा के कुन कानूनको आधारमा रोक्का राखिएको हो सो कुरा प्रमुख कर अधिकृतको निर्णयमा केहि उल्लेख भएको पाइदैन । सुनुवाइको अवसरबाट बञ्चित गरी एकपक्षीय रुपमा अथवा स्वविवेकीय आधारमा विपक्षी प्रमुख कर अधिकृतबाट निर्णय गरिएको देखिँदा संविधान र प्राकृतिक न्याय सम्बन्धी नियमहरूको ठाडो उल्लंघन भएको मान्नुपर्ने हुन्छ ।

यद्यपि श्री डिष्टीलरी (प्रा.) लि.ले सरकारलाई बुझाउनु पर्ने अन्तःशुल्क सम्बन्धी विषयमा सम्बन्धित पक्षहरू बीच विवादको मुख्य विषयमा सहमति भएको भन्ने देखिन आउँछ । यसरी श्री डिष्टीलरी (प्रा.) लि.ले राजश्व छलेको अभियोगमा कारवाही हुँदा सो राजश्व रकम असूलउपर गर्ने भनी निर्णय भएको र सोको प्रमुख सञ्चालक मथुराप्रसाद मास्केसँग सरकारको हित विचार गरी श्री डिष्टीलरी (प्रा.) लि. को कारखाना सञ्चालन गर्न दिने र राजश्व क्रमशः उठाउँदै जाने भनी निज मथुराप्रसाद मास्के र आन्तरिक राजश्व विभागका महानिर्देशकबीच २०६४।११।३० मा सम्झौता भई सो बमोजिम कारखाना सञ्चालन गर्न दिएको र राजश्व पनि उठाइरहेको अवस्था र परिस्थितिमा कुनै सजाय नै नगरिएको र प्राकृतिक न्यायको सिद्धान्तविपरीत सामान्य सुनुवाइको मौका समेत नपाएकी दोस्रो सामान्य सञ्चालक रहेको यी निवेदिकाको सम्पत्ति यति लामो समयसम्म रोक्का राखी राख्नुपर्ने कुनै औचित्य र कानूनी आधार देखिँदैन । त्यस्तै, नेपाल सरकार अर्थ मन्त्रालयले २०६३।५।२१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको कर फछ्र्यौट आयोगमा आ.व. २०५५/०५६ को अन्तःशुल्क सम्बन्धमा विपक्षी प्रमुख कर अधिकृतको निर्णयउपर सो आयोगबाट निर्णय गराई पाऊँ भनी श्री डिष्टीलरी (प्रा.) लि. का तर्फबाट निवेदन दिएको र सो आयोगले उक्त निवेदन २०६३।१२।२ को निर्णयानुसार स्वीकृत गरिसकेको भन्ने समेत उक्त आयोगले श्री डिष्टीलरी (प्रा.) लि.लाई २०६३।१२।६ मा गरेको पत्राचारको छायाप्रतिबाट देखिन आउँछ । उक्त आयोगमा सो निवेदन विचाराधीन रहेकै अवस्थामा उक्त आयोग विघटन भएकोले २०६२।१।११ को निर्णय निष्क्रिय भएको भनी पुनः कर निर्धारण गरी पाउन उक्त उद्योगले पुनरावेदन अदालत हेटौडामा दिएको २०६४ सालको निवेदन नं. २९ को परमादेश मुद्दामा २०६४।७।१४ मा परमादेश जारी भएको भन्ने निवेदकतर्फका विद्वान कानून व्यवसायीहरूले पेश गर्नु भएको बहसनोटमा संलग्न उक्त फैसलाको छायाप्रतिबाट देखिन्छ । उक्त फैसलाबाट कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १६ बमोजिम कर फछ्र्यौट आयोगबाट विपक्षी आन्तरिक राजश्व कार्यालयमा सर्न आएको श्री डिष्टीलरी (प्रा.) लि. को सो निवेदनउपर निवेदनको विषयमा छानबीन र निर्णय हुनसक्ने अवस्था रहेको भन्दै कानूनबमोजिम पुनः कारवाही किनारा गर्नु भनी परमादेश जारी भएको देखिन्छ । सो पुनरावेदन अदालत हेटौडाको फैसलाउपर विपक्षी कर अधिकृत समेतलाई पुनरावेदनको म्याद दिइएकोमा अर्थ मन्त्रालयको २०६४।९।२३ को निर्देशन समेतको आधारमा आन्तरिक राजश्व विभागका महानिर्देशकबाट २०६४।१०।२ मा पुनरावेदन नगर्ने भनी निर्णय भएको र पुनरावेदन

अदालत हेटौडाको २०६४।७।१४ को फैसला कार्यान्वयन गर्न टिप्पणी सहितको फायल आन्तरिक राजश्व विभागले २०६४।१०।२० मा आन्तरिक राजश्व कार्यालय भरतपुरमा पठाएको भन्ने उक्त विभागको मिति २०६४।१०।२० को पत्रको छायाप्रतिबाट देखिन्छ । विपक्षीहरूको उक्त पत्राचारबाट उक्त (प्रा.) लि. को आ.व. २०५५/०५६ को सम्बन्धमा आन्तरिक राजश्व कार्यालयबाट २०६२।१।११ मा भएको निर्णय पुनर्विचार एवं पुनः कर निर्धारण हुनसक्ने विपक्षीहरूले सिद्धान्ततः स्वीकार गरी सकेको भन्ने पछिल्लो समयमा विकसित घटनाक्रमले देखाएको छ ।

अतः माथि विवेचना र विश्लेषण गरिए बमोजिम विपक्षी आन्तरिक राजश्व कार्यालय भरतपुरले श्री डिष्टीलरी (प्रा.) लि. उपर कारवाही र निर्णय गर्दा कम्पनीले बुझाउनु पर्ने अन्तःशुल्क रकम सर्वप्रथम सो कम्पनीको सम्पत्तिबाट असूलउपर गर्नुपर्नेमा सो तर्फ कुनै कार्य नगरी यी निवेदिका शेयरवाला सञ्चालक रहेको मात्र कारणबाट कर सम्बन्धी कानून वा कम्पनी कानूनमा व्यवस्था नभए पनि निज निवेदिकाबाट असूल गर्न निजको चल अचल सम्पत्ति रोक्का राख्ने भनी मिति २०६२।१।११ को निर्णयको तपसीलमा उल्लेख गरेको र सो गर्दा यी निवेदिकालाई सो सम्बन्धमा प्रतिरक्षा र प्रतिवाद गर्न समुचित मौका नै नदिई स्वच्छ सुनुवाइ (Fair Trail) को प्रक्रिया र प्राकृतिक न्याय सिद्धान्त विपरीत निजको सम्पत्ति सम्बन्धी संवैधानिक हकलाई आघात पर्ने गरी निर्णय गरेको देखिन आएकोले यी निवेदिकाको नामको चल अचल सम्पत्ति रोक्का राख्ने भन्ने विपक्षीको मिति २०६१।९।१२, २०६१।९।१९ र २०६१।१२।१० को निर्णय तथा पत्रहरू र मिति २०६२।१।११ को निर्णयमा उल्लिखित निवेदिकाको नामको सम्पत्ति रोक्का राख्ने हदसम्मको उक्त निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त पत्रहरूद्वारा रोक्का राखिएको चल अचल सम्पत्ति समेत फुकुवा गरी दिनु भनी परमादेश समेत जारी हुने ठहराएको मा.न्या. श्री राजेन्द्रकुमार भण्डारीको राय सदर हुने ठहर्छ । ।

यस रिटमा प्रतिपादित सिद्दान्त

- कानूनले नागरिकलाई प्रदान गरेका अधिकारका विरुद्ध गरिने हरेक निर्णयहरूमा प्राकृतिक न्यायको सिद्धान्त सिद्धान्तहरूको पालना अनिवार्य रुपमा गर्नपर्ने
- वारेस मार्फत प्रतिरक्षा हुन सक्ने कानूनी अवस्थालाई अन्त गरी कानून बमोजिमको प्रतिनिधिद्वारा प्रतिवाद गर्न पाउने पक्षको अधिकारमाथि अतिक्रमण

- पुनरावेदन सुन्ने निकायमा कानून बमोजिम निवेदन दिएको र सोको जानकारी विपक्षीलाई दिएकोमा पुनरावेदन सुन्ने निकायबाट हुने आदेश वा कारवाहीलाई नपर्खी त्यसतर्फ कुनै वास्तै नराखी फैसला गरिएकोबाट निर्णयकर्ताले निर्णय गर्दा स्वच्छ सुनुवाइको सिद्धान्तको अवमानना गरेको देखिई निज पूर्वाग्रही भएको एवं प्रवृत्त धारणा राखी निर्णय गरेको मान्नुपर्ने
- कम्पनीले बुझाउनु पर्ने अन्तःशुल्क रकम सर्वप्रथम सो कम्पनीको सम्पत्तिबाट असूलउपर गर्नुपर्ने
- कानूनले नै सञ्चालकको कर सम्बन्धी दायित्व निर्धारण नगरेको अवस्थामा कम्पनीले तिर्नु पर्ने कर वा राजश्व रकमका सम्बन्धमा यसका सञ्चालकको सम्पत्ति रोक्का राख्नुपर्ने कानूनी आधार नदेखिने

आन्तरिक राजस्व कार्यालय, धरानका तर्फबाट प्रमुख कर अधिकृत तुलसीराम सेढांई वि. एशियन थाई फुडका संचालक महेश कुमार कानु २०७० सालको ऋक्ष् ०५२३, आदेश मिति २०७२।३।१३

मुद्दाको तथ्य

सुनसरी सोनापुर गा.वि.स वडा न. २ मा रहेको चाउचाउ उत्पादन गर्ने उद्योग एशियन थाईफुडले नियामानुसार अन्तःशुल्क तिरी आएकोमा आन्तरिक राजस्व कार्यालय, धरानको पत्रबाट आ.व. २०६८।६९ मा अन्तःशुल्क विवरण परीक्षण हुँदा अन्तःशुल्क छुट भएको भनी अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निस्कासन गरी तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाईने व्यवस्था रहेकोमा कच्चा पदार्थ र पैकिङ सामान भनी छुट्टाई प्याकिङ र्यापर्समा तिरेको अन्तःशुल्क कट्टी नगर्ने र जरिवाना समेत दाखिला गर्न लेखेको मिति २०६९।५।१५ को पत्र अन्तःशुल्क ऐन २०५८ को दफा ३क.(३) प्रतिकुल भएकोले सो बदर गर्न उद्योगले पुनरावेदन अदालत विराटनगरमा रिट निवेदन दायर गरेकोमा सो अदालतबाट उक्त पत्र बदर गर्ने समेत आदेश मिति २०६९।१२।५ मा भएकोमा सो आदेश उपर आन्तरिक राजस्व कार्यालयबाट सर्वोच्च अदालतमा पुनरावेदन दायर गरेको ।

आन्तरिक राजस्व कार्यालयको पुनरावेदन जिकीर

अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्कासन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाईने हो । यस अनुसार जुन वस्तु उत्पादन गर्ने हो सो वस्तुको कच्चा पदार्थको खरिदमा तिरेको अन्तःशुल्क कट्टा हुने हो तर सो बाहेक प्याकिङ मेटेरियल उत्पादित वस्तुको कच्चा पदार्थ नभएकोले प्याकिङ मेटेरियल्सको खरिदमा तिरेको अन्तःशुल्क कट्टा गर्न मिल्ने देखिदैन । उद्योगबाट तयार वस्तु उत्पादन हुन कच्चा पदार्थ, ईन्धन, प्याकिङ मेटेरियल आदि धेरै प्रकारका वस्तु प्रयोगमा आउने भएपनि यी सबै वस्तु कच्चा पदार्थको रुपमा हुन्छन भनी व्याख्या गर्न मिल्दैन । कच्चा पदार्थ र प्याकिङ मेटेरियल अलग अलग हुन । चीनी उद्योगका लागि उखु र बोरा दुवै कच्चा पदार्थ हुन सक्तैन । चाउचाउ उत्पादन गर्ने उद्योगले उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थको खरिदमा तिरेको अन्तःशुल्क कट्टा गर्न पाउनेमा उत्पादित वस्तुको प्याकिङमा प्रयोग हुने र्यापर्स लगायत सबैमा तिरेको अन्तःशुल्क कट्टा गर्न पाइने भनी अन्तःशुल्क ऐन, २०५८ को दफा ३क(३) को विपरित गरेको पुनरावेदन अदालत, विराटनगरको आदेश त्रुटीपूर्ण रहेको हुँदा बदर गरी पाँउ भन्ने आन्तरिक राजस्व कार्यालय, धरानको पुनरावेदन पत्र ।

निरोपण हुनुपर्ने कानूनी प्रश्न

मुलत यस मुद्दामा चाउचाउको प्याकिङ मेटेरियल्स अन्तःशुल्क ऐन, २०५८ बमोजिम कच्चा पदार्थ हो वा होईन र प्याकिङ मेटेरियल्समा उद्योगले अन्तःशुल्क कट्टा गर्न पाउने हो होइन ? भन्ने निरुपण गर्नुपर्ने प्रश्न रहेको थियो ।

सर्वोच्च अदालतको आदेश

उत्पादनलाई अन्तिम अवस्थामा पुराउन प्रयोग हुने सामाग्री कच्चा पदार्थ हुने र उत्पादनको प्रकृयाको अन्त्य Final Product बाट मात्र हुने हुँदा उत्पादन प्रकृयामा आवश्यक पर्ने पदार्थलाई कच्चा पदार्थकै कोटीमा राख्नु उपयुक्त हुने देखिन्छ । ती पदार्थको प्रयोग विभिन्न चरण तथा अवस्थाहरुमा भएपनि तिनीहरु उत्पादनकै अवयव हुन । चाउचाउ उत्पादनमा प्याकिङ मेटेरियल्स विना चाउचाउ उत्पादन अपूर्ण भै यसको अस्तित्व कायम नरहने भै प्याकिङ मेटेरियल्स चाउचाउको ष्लतभनचब िअवयवको रुपमा रहेको हुन्छ । यसरी हेर्दा अन्तःशुल्क ऐन, २०५८ को दफा ३क.(३) अनुसार अन्तःशुल्क कट्टा गर्न पाउने कच्चा पदार्थबाट प्याकिङ मेटेरियल्सलाई अलग गर्न सकिने देखिदैन ।

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(प) मा उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको प्याकिङ मेटेरियल्स कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको भन्सार,अन्तःशुल्क निष्कासन गरेको परिमाणको आधारमा फिर्ता दिईनेछ भन्ने कानूनी व्यवस्था रहेको हुँदा उद्योगद्धारा कुनै वस्तुको उत्पादन गरी बिक्री योग्य बनाउनका लागि प्रयोग भएका प्याकिङ मेटेरियल्समा तिरेको अन्तःशुल्क परिमाणका आधारमा फिर्ता दिईने व्यवस्थालाई हाम्रो कानून प्रणालीले अबलम्बन गरेको देखिन्छ । अन्तःशुल्क ऐनमा कच्चा पदार्थको परिभाषा नगरे पनि औद्योगिक व्यवसाय ऐनमा प्रयुक्त व्यवस्थाबाट समेत हेर्दा अन्तःशुल्क फिर्ता पाउनेमा शंका रहेन । तसर्थ अन्तःशुल्क ऐन, २०५८ को दफा ३क.(३) मा भएको व्यवस्थाको प्रतिकुल हुने गरी आन्तरिक राजस्व कार्यालय, धरानले निवेदक एशियन थाई फुड प्रा.लि.लाई अन्तःशुल्क कट्टा गर्न नपाउने गरी लेखेको पत्र बदर गरी निवेदकले कच्चा पदार्थ रुयापरर्समा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्कासन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कानून बमोजिम कट्टा गर्नु भनी भएको फैसला मिलेको देखिदा सदर हुने ।

प्रतिपादित सिद्धान्त

- उत्पादनलाई अन्तिम अवस्थामा पुराउन प्रयोग हुने सामाग्री कच्चा पदार्थ हुने र उत्पादनको प्रकृयाको अन्त्य Final Product बाट मात्र हुने ।
- प्याकिङ मेटेरियल्स चाउचाउको integra अनिवार्य रुपमा रहेको हुँदा अन्तःशुल्क कट्टा गर्न पाउने कच्चा पदार्थबाट प्याकिङ मेटेरियल्सलाई अलग गर्न नसकिने ।

१५. सर्वोच्च अदालतका फैसलाको विश्लेषण

१. अन्तःशुल्क सम्बन्धी कानूनको प्रयोग र पालनामा कार्यबिधि र प्रकृयाको अबलम्बन गर्नुपर्ने

सर्वोच्च अदालतले अन्तःशुल्क सम्बन्धी कानूनको प्रयोग र पालना गर्दा कर प्रशासनसँग सम्बन्धित पदाधिकारीले कानूनले तोकेको कार्यबिधि र प्रकृयाको अबलम्बन गर्नुपर्ने र कुनै पनि व्यवसायीलाई अन्तःशुल्क निर्धारण गर्ने वा कारवाही गर्ने कार्य गर्दा सफाईको मौका दिनुपर्ने कुरालाई प्राकृतिक न्यायको सिद्धान्त तथा स्वच्छ सुनुवाईको हकसँग जोडेर हेर्नुपर्ने दृष्टिकोण मोहन लक्ष्मी मास्केको रिटमा राखेको पाईन्छ ।

२. प्याकिङ मेटेरियल्स चाउचाउको कच्चा पदार्थ हुने

उत्पादनलाई अन्तिम अवस्थामा पुराउन प्रयोग हुने सामाग्री कच्चा पदार्थ हुने र उत्पादनको प्रकृयाको अन्त्य Final product बाट मात्र हुने भन्ने सिद्धान्त थाई फुड प्रोडक्ट्सको मुद्दामा अपनाईएको देखिन्छ । यस मुद्दामा प्याकिङ मेटेरियल्स चाउचाउको integral अवयवको रुपमा रहेको हुँदा अन्तःशुल्क कट्टा गर्न पाउने कच्चा पदार्थबाट प्याकिङ मेटेरियल्सलाई अलग गर्न नसकिने दृष्टिकोण राखेको पाईन्छ । आर्थिक ऐन, २०७५ ले अन्तःशुल्क ऐनको दफा ३क.मा गरेको संशोधनमा भने प्याकिङ्ग सामग्री तथा भन्सार महसुल माफी भएका कच्चा पदार्थ र पार्टपूर्जा पैठारी गर्दा तिरेको अन्तःशुल्क कट्टा गर्न नपाईने गरी कानूनी व्यवस्था गरेको अवस्था हुँदा प्याकिङ्ग सामग्री पैठारी गर्दा तिरेको अन्तःशुल्क कट्टा गर्न सकिने अवस्था देखिदैन ।

३. अन्तःशुल्क सरकारलाई बुझाउनुपर्ने राजस्व रकम हुने

अन्तःशुल्क कुनै उद्योगले उठाई खान पाउने नभै सरकारलाई बुझाउनुपर्ने रकम भएकोले सो रकम बुझाउन नपर्ने सुबिधा हो र क्रेताबाट उठाएर लिन खान पाउने हो भन्न नमिल्ने मान्यता सर्वोच्च अदालतले सुन्दर स्टील फर्निचरको मुद्दामा राखेको पाईन्छ ।

४. कच्चा पदार्थ प्रयोगमा तिरेको अन्तःशुल्क फिर्ता सम्बन्धमा फरक दृष्टिकोण

उद्योगबाट उत्पादित सामानमा बिक्री मूल्य कायम गर्दा नियमानुसार लाग्ने अन्तःशुल्क समेत जोडी सामानहरु विक्री गरी उपभोक्ताबाट असुल उपर गरिने हुँदा अन्तःशुल्क बापत धरौटी राखेको रकम उद्योगलाई फिर्ता गर्न वा कट्टा गर्न नपर्ने दृष्टिकोण सुन्दर स्टील फर्निचरको मुद्दामा राखेको पाईन्छ । यसै मुद्दामा औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम कर, अन्तःशुल्क, भन्सार सुबिधा छुट दिनुको अर्थ उद्योगलाई प्रोत्साहित गर्न सकोस भन्ने रहेकोले उद्योगले सो अन्तःशुल्क उत्पादित वस्तुको मुल्यमा जोडी उपभोक्ताबाट असूल गरेको हुँदा सो अन्तःशुल्क रकम फिर्ता पाउन सक्ने अवस्था हुदैन भनिएको छ । यस्तै प्रश्न समावेश भएको आ.रा.का. धरान वि. एशियन थाई फुडको मुद्दामा औद्योगिक व्यवसाय ऐन, २०४९ मा उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको प्याकिङ मेटेरियल्स कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको भन्सार, अन्तःशुल्क निष्कासन गरेको परिमाणको आधारमा फिर्ता दिईनेछ भन्ने कानूनी व्यवस्था रहेको भन्ने आधारमा उद्योगद्धारा कुनै वस्तुको उत्पादन गरी बिक्री योग्य बनाउनका लागि प्रयोग भएका

प्याकिङ मेटेरियल्समा तिरेको अन्तःशुल्क परिमाणका आधारमा फिर्ता दिनुपर्ने फरक दृष्टिकोण राखेको देखिन्छ ।

५. अन्तःशुल्क सम्बन्धमा महालेखा परीक्षकको विभागको बेरुजु प्रतिवेदन सम्बन्धमा अलग अलग घारणा

अन्तःशुल्क निर्धारणका विषयमा महालेखा परीक्षकको विभागले राजस्व कार्यालयका स्रेस्ता लेखा परीक्षण गर्दा बेरुजु औंल्याउन सक्ने र असुल गर्नुपर्ने भनी औंल्याईएको रकम उद्योगले तिर्नुपर्ने गरी निर्देशन दिन सक्ने र सो निर्देशनको सम्बन्धित कार्यालयले पालना गर्नुपर्ने जिम्मेवारी हुने हुँदा सो अनुसार बेरुजु रकम नियमित गराउनुपर्ने दायित्व निवेदक समेतको हुने र सम्बन्धित राजस्व कार्यालय समेतले बेरुजुलाई आधार बनाई असुल उपरको कारवाही गर्न मिल्ने भन्ने दृष्टिकोण जावलाखेल डिस्ट्रीलरीको मुद्दामा राखेको देखिन्छ भने सूर्य नेपालको मुद्दामा महालेखा परीक्षकको विभागबाट लेखा परीक्षण गर्दा अनुमानित उत्पादनलाई आधार बनाई बेरुजु औंल्याईएको आधारमा रकम दाखिला गर्न राजस्व कार्यालय बाराले गरेको पत्राचार कानून कमोजिम मान्न नमिल्ने भनी बदर गर्ने आदेश भएको छ ।

६. वैकल्पिक उपचारको बाटो अबलम्बन नगरी रिट क्षेत्राधिकारमा प्रवेश गर्न नसकिने

अन्तःशुल्क अधिकृत वा अन्तःशुल्क बिभागको निर्णय उपर वैकल्पिक उपचारको बाटो अबलम्बन नगरी आसाधारण अधिकार क्षेत्र अन्तर्गत रिट क्षेत्राधिकार प्रयोग गर्न नमिल्ने भन्ने व्याख्या सुन्दर स्टीलको मुद्दामा भएको पाईन्छ भने जाउलाखेल डिस्ट्रीलरीको मुद्दामा वैकल्पिक मार्ग अवलम्बन नगरी रिट क्षेत्राधिकार प्रवेश गर्न वैकल्पिक उपचारको मार्ग अपर्याप्त वा प्रभावहिन रहेको देखिनुपर्छ भन्दै सो अवस्था नदेखिएकोमा असाधारण अधिकार क्षेत्र अन्तर्गत उपचारको माग गर्न नमिल्ने भन्ने दृष्टिकोण सर्वोच्च अदालतले राखेको देखिन्छ ।

७. कम्पनीले बुझाउनुपर्ने अन्तःशुल्क सो कम्पनीको सम्पत्तिबाट असुल गर्नुपर्ने

मोहन लक्ष्मी मास्केको रिटमा श्री डिस्टीलरी प्रा.लि.ले तिर्नुपर्ने भनी निर्धारण भएको कर वा राज्स्व वापतको अन्तःशुल्क रकम र जरिवानाका सम्बन्धमा सो प्रा.लि.का संचालकको सम्पत्ति रोक्का राख्ने गरी भएको आन्तरिक राजस्व कार्यालय भरतपुरको निर्णय कानूनमा आधारित नभएको भनी सर्वोच्च अदालतले बदर गरेको देखिन्छ ।

अदालतले कम्पनीले तिर्नु बुझाउनु पर्ने अन्तःशुल्क रकम सर्बप्रथम सो कम्पनीको सम्पत्तिबाट असूल उपर गर्नुपर्ने व्याख्या गरेको देखिन्छ ।

१६. निष्कर्ष

अन्तशुल्क अप्रत्यक्ष करको रुपमा राजस्वको स्रोत मानिन्छ । नेपालमा अन्तःशुल्क ऐनले तोकेको वस्तु तथा सेवामा आर्थिक ऐनले तोकेको दरमा अन्तःशुल्क लाग्ने व्यवस्था रहेको छ । खासगरी सुर्तिजन्य पदार्थ, मदिरा र सवारी साधन, चिनी, चाउचाउ लगाउतका सामानको उत्पादन र पैठारीमा अन्तःशुल्क लगाईने असुल उपर गर्ने व्यवस्था रहेको छ । अन्तःशुल्क सम्बन्धी विवादमा सर्वोच्च अदालतले गरेको केही फैसलाको आधारमा हेर्दा अन्तःशुल्क अनुमानको आधारमा निर्धारण हुने नभै उद्योगले गरेको उत्पादनको आधारमा निर्धारण गर्नुपर्ने देखिन्छ भने अन्तशुल्क छलेको वा कम तिरेको भनी कारवाही गर्दा उद्योग वा कम्पनीलाई सफाईको उचित मौका दिई कानूनले तोकेको कार्यबिधिको पूर्ण पालना गर्नूपर्ने कुरामा व्याख्या गरेको पाईन्छ । महालेखा परीक्षक वा आन्तरिक राजस्व विभागले निर्देशन दिएकोमा पनि कर अधिकृतले कारवाही गर्दा सम्बन्धित ऐन कानूनको अधिकार अन्तर्गत आधार र कारण उल्लेख गरी निर्णय गर्नुपर्ने हुन्छ । सर्वोच्च अदालतले जाउलाखेल डिस्टीलरी र सुन्दर स्टील फर्निचरको मुद्दामा कर कानूनको कठोर व्याख्या गर्नुपर्ने सिद्धान्तलाई अपनाएको देखिन्छ भने सूर्य नेपाल र एशियन थाई फुडको मुद्दामा उदार व्याख्याको सिद्धान्तलाई अवलम्बन गरेको देखिन्छ ।

d"No clej[l4s/sf] sfof{Gjogsf] r/0fdf ePsf s]xL Goflos lg0f{osf] l;+xfjnf]sg

कृष्णमोहन कोइराला◊

पृष्ठधार:-

महान्यायाधिवक्ताको कार्यालयको दोश्रो पंचवर्षिय रणनीतिक योजना २०७३।७४-२०७७।७८ मा समेटिएको तेश्रो लक्ष्य "सरकारी वकीलको पेशालाई व्यवसायीक वनाउन तय गरिएको रणनीतिहरु मध्ये" सरकारी वकीलहरुलाई विषयगत विशिष्टीकरण गर्ने शन्दर्भमा राष्ट्रिय न्यायिक प्रतिष्ठान संगको सहकार्यमा आ.व. २०७४।७५ मा सम्पन्न गरिने विशिष्टीकरण प्रशिक्षण कार्यक्रम अन्तर्गत यो संक्षिप्त कार्यपत्र प्रस्तुत गरिएको छ ।

कर र राजश्वसंग सम्बन्धित विषयहरुको समिश्रणको कारण राजश्व प्रशासनको कार्यान्वयन अत्यन्तै जटिल हुन्छ । त्यसमाथि प्रत्येक वर्ष राज्य(सरकार)को नीति अनुसारका लक्ष्य प्राप्तिका लागी कर र राजश्वका क्षेत्रमा गरिने सुधार र परिवर्तनले यो स्थीर रहनै सक्दैन । यस पृष्ठभूमिमा न्यायिक क्षेत्रमा हुने शुस्त परिवर्तनले कर र राजश्वको परिवर्तनकारी लक्ष्यको दौढमा आफूलाई संगसंगै लैजान सकेको हुदैन । त्यसैले कर, राजश्व प्रशासन र न्यायीक क्षेत्र विचमा समन्वयकारी भूमिकामा सरकारी वकीलहरु रहनुपर्ने अवस्था र यो समन्वयकारी भूमिका निर्बाह गर्दा राजश्व र कर प्रशासनमा गरिएका र गर्नु परेका सुधारोन्मूख परिवर्तनसंग न्यायालयलाई साक्षात्कार गराउदै न्यायिक निरोपणमा सहयोग पुऱ्याउन मदत पुगोस भन्ने लक्ष्य साथ तय गरिएको कर र राजश्व तथा यसको प्रशासनमा विषयगत विशिष्टीकरण तालिमको शन्दर्भमा यो अवधारणात्मक कार्यपत्र प्रस्तुत गरिएको छ ।

विषय प्रवेश:-

कर कानूनका सन्दर्भमा पछिल्लो समयमा विकसित र आफूलाई वैज्ञानिक कर प्रणालीको रुपमा स्थापित गराउन सफल Value Added Tax (VAT) system लाई नेपालले २०५२ सालमा कर प्रशासनमा प्रवेश गराउदै २०५४ मंसिर १ देखि कार्यान्वयमा रहेको छ । कानूनी राज्यमा राज्यले जनप्रतिनिधि मार्फत वनाइएको कर कानूनद्धारा मात्र कर लगाउनु पर्ने सर्वमान्य व्यवस्था (No Taxation without Law वा No Taxation without Active Representation of People) लाई पालना गर्दै मूल्य अभिवुद्धि कर ऐन,२०५२, मूल्य

◊ उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, पाटन

अभिवुद्धि कर नियमावली, २०५३ र मूल्य अभिवुद्धि कर निर्देशिकाहरुको तर्जुमा एवं प्रवर्धन सहित कार्यान्वयनमा रहेका छन् ।

<u>मूल्य अभिवृद्धि कर</u> :-

वस्तु र सेवाको विक्रिको लागत मुल्यमा वैज्ञानिक पद्दतिबाट लगाइने कर नै मूल्य अभिवृद्धि कर हो भने वस्तु वा सेवाको वास्तविक उपभोक्ताले यो Tax तिर्नु पर्ने हुंदा यसलाई Consumer based Tax पनि भनिन्छ । राजश्वका ३ वटा क्षेत्रहरु (क) प्रत्यक्ष कर (ख) अप्रत्यक्ष कर र (ग) गैर कर राजश्वहरु मध्ये मूल्य अभिवृद्धि करलाई प्रत्यक्ष कर प्रणालीको रुपमा समेत गणना गरिन्छ ।

२०५२ सालमा लामो छलफल र विवादका विच नेपालमा मूल्य अभिवृद्धि करको धारणालाई कानूनको रुपमा ग्रहण गरिएको हो भने ऐन निर्माण भएको करिब २ वर्ष सम्म यस्का व्यवहारिक र कानूनी व्यवस्थाका अतिरिक्त यस्को अभ्यासका लागि सबैलाई प्रशिक्षित एंव सुसूचित गर्दै २०५४ मंसिर १ गतेबाट पूर्ण रुपमा लागू गरिएको पाइन्छ ।

मूल्य अभिवृद्धि कर के हो भन्ने सम्बन्धमा र यसको आवश्यक्ता र औचित्यका शन्दर्भमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को प्रस्तावनामा: देशको आर्थिक विकासका लागि आवश्यक राजश्व परिचालन बढाउन, वस्तु वा सेवाको विक्रि, वितरण, हस्तान्तरण, आयात वा निर्यात लगायतका सबै कारोवारमा मूल्य अभिवृद्धि कर लगाउने र अशुल गर्ने प्रकृयालाई व्यवस्थित गरि राजश्व संकलन प्रभावकारी ढंगबाट गर्ने उद्देश्यका साथ यो कर प्रणाली कानूनी रुपमा लागू गरिएको पाइन्छ ।

वस्तु र सेवाको विक्रिमा लाग्ने कर भनिएता पनि यसको विस्तार सेवाको विक्रिका अतिरिक्त वस्तु वा सेवाको आपूर्ति (वितरण, हस्तान्तरण), आयात र निर्यातमा यो कर प्रभावकारी हुन्छ भने प्रत्येक कारोवारको कर लाग्ने मूल्यमा यो कर लाग्दछ ।

नेपालमा एकल दर १३% का दरले लागि आएको यो कर भारतमा Goods and service Tax (GST) को नामबाट हालसालै (सन २०१८ मा) मात्र ५, ८, १८ र २८ प्रतिशतका वहुलदरमा लागु भएको छ भने Value added Tax को नामबाट अन्य कतिपय देशहरुमा प्रचलनमा रहेको पाइन्छ ।

<u>मूल्य अभिवृद्धि करका सम्बन्धमा प्रयुक्त खास खास विषयहरु</u>:-

<u>मूल्य अभिवृद्धि कर र कर लाग्ने मूल्य</u>:-

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१) अनुसार नेपालभित्र आपूर्ति भएका वस्तु वा सेवामा, नेपालभित्र आयात गरिएका वस्तु वा सेवामा, नेपाल वाहिर निकासि

गरिएका वस्तु वा सेवामा यो कर लाग्दछ भने दफा ५(२) अनुसार प्रत्येक कारोवारको कर लाग्ने मूल्यमा यो कर लाग्ने व्यवस्था छ । तर कानूनद्धारा व्यवस्थित (अनुसूचि १ अनुसारका) खास वस्तु वा सेवाको कारोवारमा भने नलाग्ने व्यवस्था हुनुका साथै त्यस्ता वस्तु वा सेवा खरीदमा पहिले लागेको करकट्टी गर्न र फिर्ता लिन नपाइने गरि व्यवस्था गरिएको छ ।

कर लाग्ने मूल्यः-

(क) **नगद मूल्यः-**

VAT कानूनमा सेवा वा वस्तुको आपूर्ति अन्य स्वरुपमा भएको अवस्थामा वाहेक नगद मात्र प्रतिफल भएको अवस्थामा आपूर्ति कर्ताले प्रापकसंग लिएको मूल्यलाई मात्रै कर लाग्ने मूल्य मानिन्छ भने त्यस्तो मूल्यमा कारोवारमा सामेल ढुवानी र वितरण सम्बन्धी खर्चहरु र नाफाको रकमका अतिरिक्त कानूनद्धारा निर्धारण गरिएका शुल्कहरु (अन्तःशुल्क स्वामित्व शुल्क लगायत अन्य प्रकारका करहरु) समावेश हुने गरि दफा (१२) मा व्यवस्था गरिएको छ भने यस ऐनबाट निर्धारण गरेको अवस्था र शर्तमा लगाइएका दस्तुर, व्याज र जरिवानालाई समेत कर सरह मानिने व्यवस्था दफा २७ मा गरिएको छ । तर मूल्यमा दिइएका छुट, डिस्काउण्ट, कमिशन जस्ता व्यापारिक छुटका रकमलाई कर लाग्ने मूल्यमा सामेल गरिदैन ।

(ख) **वस्तु मूल्यः-**

वस्तु विनिमय अर्न्तगत प्रदान गरिएका वस्तु वा सेवाको मूल्य भने ति वस्तुको बजार मूल्य वरावर हुने गरि कर गणना गरिन्छ ।

बजार मूल्यः-

कर प्रयोजनका लागि बजार मूल्य कायम गर्दा ऐनको दफा १३ अनुसार असम्बन्धित व्यक्तिहरुका बिच स्वतन्त्र रुपले आपूर्ति भएको वस्तु वा सेवा वापत प्राप्त हुने प्रतिफल अनुसार हुने छ भने कारोवारको रकम निर्धारण गर्दा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ८ बमोजिम कारोवारको विगत बाह्र महिनाको खरिद वा विक्रि मूल्य मध्य जुन बढी हुन्छ सो का आधारमा गणना गरिन्छ ।

आपूर्तिको समय र स्थानको गणनाः-

यस करको प्रयोजनका लागी आपूर्तिको समयको गणना ज्यादै महत्वपूर्ण हुने हुंदा (१) आपूर्तिकर्ताले विजक जारी गरेको (२) वस्तुको आपूर्तिको हकमा प्रापकले आपूर्तिकर्ताको कारोवार स्थलबाट वस्तु उठाएको वा ग्रहण गरेको र (३) सेवाको आपूर्तिको हकमा

सेवा प्रदान गरेको मध्ये जुन पहिला हुन्छ सोही समयलाई वस्तु वा सेवाको आपूर्ति भएको मानिने व्यवस्था ऐनको दफा ६ मा गरिएको छ । यसैगरि नियम १५ मा वस्तुको आपूर्तिको स्थानका सम्बन्धमा वस्तु विक्रि वा हस्तात्तरण भएको स्थान, अचल वस्तु भए वस्तु रहेको स्थान, आयातीत वस्तुका हकमा भन्सार विन्दु र उत्पादकले आपूर्ति गरेको भए उत्पादन वा विक्रि भएको स्थानलाई आधार लिइन्छ भने नियम १६ अनुसार सेवाको आपूर्तिको हकमा भने सेवाबाट लाभ प्राप्त स्थानलाई आपूर्तिको स्थान मानिएको छ ।

विजक जारी गर्नुपर्ने :-

ऐनको दफा १४ र नियम १७ बमोजिम प्रत्येक दर्ता भएको व्यक्तिले वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिनु पर्ने अनिवार्य दायित्व स्थापित गरेको छ भने विजक लिने कर्तव्य प्रापकलाई तोकिएको छ । तर खास मूल्य (रु. ५०००) सम्मको कारोवारको हकमा कर विजक जारी नगरि नियम १८ बमोजिम संक्षिप्त कर विजक जारी गर्न संकिने गरि सहुलियत समेत प्रदान गरेको छ ।

मूल्य अभिवृद्धिकरको विवादमा न्यायिक दृष्टिकोणः-

सर्वोच्च अदालत कानूनको व्याख्याका सन्दर्भमा मा सर्वोच्च निकाय भएकोले राजश्व र कर लगायत सवै प्रकारका विवादमा अन्तिम व्याख्याको शिद्धान्त अनुसार नै सर्वोच्च अदालतबाट केही विवादमा निर्णय भएको पाइन्छ । यद्यपी नियमित प्रकृया अनुसार राजश्व र करका विबादमा सर्वोच्च अदालतमा प्रत्यक्ष पुनरावेदन लाग्ने व्यवस्था छैन । राजश्व न्यायाधिकरण कर प्रशासन र कर अधिकृतले गरेको कर निर्धारण वा पुनःकर निर्धारण उपरमा पुनरावेदन सुन्ने न्यायिक निकाय हो । तर राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ अन्तर्गतका शर्त र अवस्थमा सर्वोच्च अदालतमा अनुमतिको लागि निवेदनपत्र लाग्ने र सर्वोच्च अदालतले अनुमति दिएमा पुनरावेदन सरह सुनुवाइ भई निर्णय दिने कानूनी व्यवस्था रहेको छ ।

यसैगरी नेपालको संविधानको धारा १३३ वमोजिम मौलिक हक र कानूनद्धारा प्रदान गरिएका हकको प्रचलनका लागि उपचारको प्रभाबकारी बाटो नभएमा वा कानूनी उपचारको उपाय भएपनि प्रभावकारी नभएमा अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत कानूनी हकको प्रचलन र व्याख्याका लागि निवेदन दिन सकिने व्यवस्था अनुसार कर र राजश्वका सम्बन्धमा समेत केही व्याख्याहरु भएको पाइन्छ । त्यस मध्य केही फैशलाहरुको यहां चर्चा गरिएको छ ।

क. असाधारण अधिकार क्षेत्र अन्तर्गतको रिट निबेदनबाट भएका ब्याख्याः-

१. **सरोज श्रेष्ठ समेत वि. नेपाल दूर संचार संस्थान केन्द्रीय, कार्यालय समेत (२०५६ को रिट नं. ३७१९, निर्णय मिति २०५९।४।१४) ।**

मूल्य अभिबृध्दि करका सम्बन्धमा भएका व्याख्या मध्ये मूल्य अभिवद्धि कर ऐन २०५२ ले निर्दिष्ट गरे वाहेक अन्य जारिवाना रकम (साविक नेपाल दूरसंचार संस्थान ऐन, नियम वा नियमावली वमोजिमको जरिवाना, शुल्क) मा मूल्य अभिवृध्दि कर लगाइएको कार्यलाई कानून अनुरुप नभएको भनि भएको व्याख्या बिशेष महत्वको रहेको छ ।

प्रस्तुत मुद्दामा सार्वजनिक हक वा सरोकारको विवादका अतिरिक्त कानूनी प्रश्नको समेत निरोपण गर्नु पर्ने विषय समाबेश भएकोले कानूनको दोषपूर्ण र गलत अर्थ लगाई गरिएको अभ्यास रोक्ने प्रयोजनका लागि समेत व्याख्या भएको पाइन्छ ।

यस मुद्दाको विवादको रुपमा "मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १२ (१) र (२) अनुसार टेलिफोन महसुल असुल गर्दा सो मा लाग्ने जरिवाना समेत समावेश गरि मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १२ (१)र(२) अनुसार अशुल गर्ने" भनि साबिक नेपाल दूरसंचार संस्थानबाट प्रकाशित सूचनालाई गैर कानूनी भएकोले बदर घोषणा गर्न माग भएको विषयमा निर्णय दिदै सर्वोच्च अदालतले तत्कालिन मूल्य अभिवुद्धि कर विभागको "नेपाल दूर संचार संस्थानले ग्राहकसंग अशुल गर्ने जरिवाना रकम दूरसंचार महशुल सरह सेबा आपूर्ति बापत प्रापक (ग्राहक) संग लिने मूल्य हो र त्यस्तो मूल्य मूल्य अभिबृध्दि कर ऐन २०५२ को दफा १२ (१)(ख) अनुसार कर लाग्ने मूल्य हुने स्पष्ट भएको र सोहि ऐनको दफा २७ अनुसार जरिवाना समेत कर सरह हुने भएकोले जरिवानाको रकममा मूल्य अभिबृद्धि कर लिन र अशुल गर्न नपाइने भनि लिइएको जिकिर कानून सम्मत नभएको" भन्ने लिखित जवाफ अस्विकार गर्दै **"अवधारणागत रुपमा जरिवाना र कर एउटै कुरा नभै वेग्ला वेग्लै भएको, उल्लेख गर्दै यथार्थमा जरिवाना भनेको कानून वमोजिम गर्नु पर्ने कुनै कुरा नगरेमा वा गर्न नहुने कुनै कुरा गरेमा लाग्ने दण्डको रकम हो भने कर भन्नाले कुनै दण्ड वा जरिवानाको वोध हुने नभई राज्यले कानूनतः कुनै खास आर्थिक भार लगाइएको कुराको वोध हुन आउने देखिन्छ । ऐनको दफा २७ मा उल्लेखित यस ऐन वमोजिम लाग्ने दस्तुर, व्याज र जरिवाना समेत यसै ऐन वमोजिम लाग्ने कर सरह हुने भनि दफा १२(२)(ख) मा उल्लेख भएको अन्य कर रकम सरह मानिने शव्दावलिले मूल्य अभिवृद्धि कर ऐन वमोजिम लाग्ने**

जरिवानालाई मात्रै सिमितता प्रदान गरेको देखिदा सो वाहेक अन्य कानून वा प्रावधान वमोजिमका जरिवानालाई समेत समेटेको हो भन्ने देखिदैन ।"

यसका अतिरिक्त ऐनको दफा १२(२)(ख) मा २०५८।१०।४ मा संशोधन भई स्पष्टीकरण थप हुँदा **"अन्य कर रकम भन्नाले सालवसाली आर्थिक ऐनले तोकिदिए वमोजिम लाग्ने महसुल दस्तुर शुल्क मात्र वुझ्नु पर्ने भनि स्पष्ट गर्दै जरिवाना रकमलाई समावेश गरेको नदेखिदा मूल्य अभिवृद्धी कर ऐन २०५२ को दफा २७ वमोजिमको जरिवाना रकमलाई मूल्य अभिवृद्धि कर ऐन वमोजिम वाहेकका जरिवानालाई समावेश गरेको नपाइने"** गरी व्याख्या भएको पाइन्छ ।

२. **ड्यूसफ्ट ओभरसिज नेपालको तर्फबाट धनकुमार राइ बि. राजश्व अनुसन्धान बिभागः**

मुद्दाः उत्प्रेषण मिश्रीत परमादेश समेत

सम्वत् २०६४ सालको WO-१०१०, स.अ.अ.वु. भाग ५४ अंक ६, २०६९ साल असोज, फैसला मिति २०६९।२।२३ नि.नं. ८८४१

विवादको विषय : विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को सहुलियतमा कंपनी ऐन बमोजिम स्थापित कंपनी ड्यूसफ्ट ओभरसिज नेपाल प्रा.लि.ले इन्टरनेट मार्फत विभिन्न शैक्षिक सामग्री, कितावहरु (Online books) विक्रि वितरणको कारोवार तथा कम्प्यूटर शिक्षा कार्यक्रमहरु, Educational Website Software Education प्रदान गर्दा आफूले भारतबाट गरेको खरिदका सम्वन्धमा नेपाल र भारत वीच भएको दोहोरो करमूक्ति तथा वित्तिय करनिरोध सम्झौता बमोजिम अग्रीम कर कट्टि गर्न नपर्ने र दोहोरो कर मुक्ति हुने सुविधा विपरित हुनेगरि राजश्व अनुसन्धान विभागले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१ बमोजिम कर अशुलीको क्षेत्राधिकार नभएको अवस्थामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(२)३(४) र (५) तथा नियमावली, २०५३ को नियम २९ बमोजिमको प्रकृया अवलम्वन गरि कर निर्धारण गरेको तथा दफा २१(घ) बमोजिम शुरु गरेको अशुली प्रक्रिया रोकिपाउँ भन्ने लगायत मूल्य अभिवृद्धि कर समेतको विषय समावेश भएको Duesoft (ड्यूसफ्ट) ओभरसिस नेपाल प्रा.लि.को तर्फबाट सर्वोच्च अदालतमा परेको उत्प्रेषणयुक्त परामादेशको मुद्दा तथा खास आर्थिक बर्ष र अबधिको कर समेत समाबेश भएकोले राजश्व न्यायाधिकरणको फैशला उपर अनुमति प्रदान भएको निबेदन माथि एकैसाथ सुनुवाई गर्दै सार्वेच्च अदालतले विभिन्न ४ वटा प्रश्नमा निर्णय दिएको पाइन्छ ।

(क) E-book को विक्रि तथा website मार्फत उपलब्ध गराइएका Software education का श्रोत सामग्रीको कारोवार (व्यवसाय) मूल्य अभिवृद्धि करको दायरामा पर्ने, नपर्ने ?

(ख) राजश्व अनुसन्धान विभाग (का कर अधिकृत) लाई मूल्य अभिवृद्धि लगायत कर निर्धारणको अख्तियारी छ, छैन ?

(ग) नेपाल भारत वीच भएको दोहोरो कर मुक्ती सम्झौता (DTAA) बमोजिमको कर उन्मुक्तिको सुविधा पाउने अवस्था र

(घ) बैंक खाता लगायत कारोवार वा सम्पत्तिको रोक्का गरि कर अशुल गर्न सक्ने आधार राजश्व अनुसन्धान विभागलाई रहन्छ, रहदैन ?

उपरोक्त प्रश्नहरुको व्याख्या गर्दै सर्वोच्च अदालतबाट भएको फैसलामा देहायका निर्णय भएको पाइन्छ :-

(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूचि १ को समूह (७) अन्तर्गत पर्ने किताव (Book) को परिधि भित्र मूद्रण भई सकेको (Printed) कितावलाई मात्र समेटीएको तर Online सेवा मार्फत कारोवार हुने E-Book लाई मूल्य अभिवृद्धि करबाट छूट दिएको नदेखिएकोले आफ्ना ग्राहकलाई Online मार्फत सेवा शुल्क भुक्तानी गर्दाको कारोवारलाई मूल्य अभिवृद्धि कर छुट हुने कारोवार मान्न नसकिने स्पष्ट गरेको छ ।

(ख) यसैगरि राजश्व अनुसंधान विभागले कर निर्धारण गर्न सक्ने क्षेत्राधिकारका सम्वन्धमा उठाइएका विवादका सम्वन्ध निर्णय दिदै सर्वोच्च अदालतले **राजश्व अनुसन्धान विभाग (कर अधिकृत समेत) लाई कर निर्धारण गर्ने अख्तियारीका सम्वन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ मा नेपाल सरकारले कर अधिकृत नियुक्ति गर्न वा अन्य कुनै अधिकृतलाई कर अधिकृतको कार्य गर्ने गरि तोक्न सक्ने व्यवस्था अन्तर्गत सोही ऐनको दफा २० अन्तर्गत मिति २०६४/४/२९ र ०६५/५/१३ को निर्णय बमोजिम राजश्व अनुसन्धान विभाग र सो विभागमा कार्यरत अधिकृतलाई पनि कर अधिकृतको रुपमा काम गर्ने गरि अख्तियारी प्रदान गरेको देखिएकोले सो विभागका अधिकृतले गरेको कर निर्धारण आदेश क्षेत्राधिकार विहिन मान्न नमिल्ने** भनी व्याख्या गरेको अवस्था छ ।

(ग) विवादको रुपमा रहेको **आयकर ऐन, २०५८ को दफा ७३ अन्तर्गत सन् १९८८ मा नेपाल र भारत वीच भएको Double Taxation Avoiding**

Aggrement को खण्ड ३ को दफा ७ र सन् २०११ मा परिमार्जित सम्झौताको दफा २३(२)(ii) (१) मा कुनै भारतिय नागरिक वा कम्पनीले नेपालमा लगानी गरि गरेको आयमा तिरेको आयकर रकम भारतमा निजले सोही आय वर्षमा तिर्नुपर्ने ठहरिएको आयकरमा घटाई तिर्न पाउने सम्म छुट दिएको पाइन्छ भने भारतमा लगानी गर्ने नेपाली व्यक्ति वा कम्पनीले पनि सोही अनुसारको आयकरमा छुट नेपालमा पाउने देखिन्छ । उक्त व्यवस्था अनुसार नेपालमा व्यवसाय गर्ने भारतिय व्यक्ति वा कम्पनिले नेपालमा नेपालको आयकर कानून बमोजिम आयकर तिर्न नपर्ने गरि छुट दिएको (सम्झौता अनुसार) देखिदैन भने DTAA का कुनै प्रावधानले श्रोतमा नै आयकर कट्टि गर्नुपर्ने कानूनी व्यवस्था लागू नहुने गरि कुनै प्रावधान रहेको नदेखिएकोले भारतिय कम्पनीहरु ड्यूसफ्ट इण्डीया प्रा.लि. र MADS कम्पनी मार्फत Online सेवा Package अन्तगर्त प्राप्त गरे वापत सेवा शुल्क वापत भुक्तानी गरेको रकम आयकर ऐन, २०५८ को दफा २क(म) बमोजिम सेवा शुल्क भित्रै पर्ने देखिएकोले आयकर ऐन २०५८ को दफा ८८(१) मा सेवा शुल्क रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको निश्चित प्रतिशत (१५%) का दरले अग्रीम (आय) कर कट्टि गरि दफा ९०(२) वमोजिमको अवधि (२५ दिन) भित्र सरकारी कोषमा दाखिला गर्नु पर्ने जिम्मेवारीबाट उन्मुक्ति पाउन सक्ने नदेखिदा उल्लेखित दायित्व वहन गर्नु पर्ने व्याख्या भएको पाइन्छ ।

(घ) यसै मुद्दामा चौथो प्रश्नको रुपमा उठाइएको कर अधिकृतलाइ करदाताको वैंक खाता वा कारोवार रोक्का राखि वा अन्य (जुनसुकै) सम्पतिबाट कर अशुली गर्न सक्ने अधिकारका बिषयमा सर्बोच्च अदालतले स्पष्ट गर्दै **कर राजश्व (आयकर र मूल्य अभिबृध्दि कर समेत) अशुली प्रयोजनका लागि करदाताले म्याद भित्र वुझाउनु पर्ने कर करदाताले नवुझाएमा करदाताले तिर्नु वुझाउनु पर्ने गरि निर्धारण गरिएको रकम कम्पनी वा कंपनीका संचालक विदेशी नागरिक रहेका कारण राज्य छाडी जान सक्ने वा आफ्नो सम्पत्ति अरु कसैलाई हस्तान्तरण गर्ने, हटाउने वा लुकाउने सम्भावना भई कर अशुल हुन नसक्ने अवस्थालाई ध्यानमा राखी करदाताको चल अचल सम्पत्ति कब्जामा लिई अशुल गर्न सक्ने गरि मूल्य अभिवृध्दि कर ऐन २०५२ को दफा २१ (१)(ख) र दफा २३ (घ) तथा आयकर ऐन २०५८ को**

दफा ११० (१) (ख) ले कर अधिकृतलाई प्रदान गरेको अधिकारको प्रयोग लाई कानून विपरित भन्न नमिल्ने गरि स्पष्ट गरिएको पाइन्छ ।

ख. सर्वोच्च अदालतको साधारण अधिकार क्षेत्र अन्तर्गत भएका केही फैशला :-

सर्वोच्च अदालतको साधारण अधिकार क्षेत्र अन्तर्गत राजश्व न्यायाधिकरणले गरेको फैसला वा आदेश उपर राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ वमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने सम्बन्धमा यस्तो ब्यबस्था गरेको देखिन्छ :देहायको कुनै प्रश्नमा प्रत्यक्ष कानूनी त्रुटी भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रूपमा उल्टिने देखी सर्वोच्च अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा मात्र न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ :-

(क) अधिकार क्षेत्रको प्रश्न,

(ख) बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्नु नहुने प्रमाण बुझेको प्रश्न वा

(ग) बाध्यात्मक रूपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न,

(घ) गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्न ।

सर्वोच्च अदालतमा अनुमतिका लागी परेका निवेदनमा अनुमति प्राप्त भइ पुनरावेदन सरह सुनुवाई पश्चात सर्वोच्च अदालतबाट मूल्य अधिवद्धि कर सम्बन्धी केही मुद्दाहरुमा निम्नानुसार व्याख्या भएका पाइन्छन् ।

१. **मित्तल टि. इन्डष्ट्रीजका तर्फबाट संचालक महेश कुमार अग्रवाल वि. साविक मूल्य अभिवृद्धि कर विभाग (हाल आन्तरिक राजश्व विभाग), मुद्दाः मूल्य अभिवृद्धि कर, (स.क.वु.भाग ५१, २०६६ असोज अंक ६,२०६२ को फौ.पु.नं. ३७२६, निर्णय मिति २०६५।१२।१०, नि.नं ८१७३) ।**

(क) विवादको विषय (पुनरावेदन जिकिर) :-

१. कर कट्टिको सुविधा पाउने शर्तमा ५० हजार सम्मको वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त कर विजकमा निजको नाम ठेगाना र स्थायी लेखा नं. उल्लेख गरेको भए कर कट्टिको सुविधालाई शर्तमुक्त गरेको पाइदा नाम नै उल्लेख नभएको विजकको हकमा क्रेडिट दावी गर्न नपाउने सम्वन्धमा ।

२. सर्टेजमा मूल्य अभिवृद्धि कर लाग्ने/नलाग्ने स्पष्ट कानूनी व्यवस्था भएको नपाइएको तर मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को नियम ४०(१) मा

स्टकमा रहनु पर्ने वस्तु स्टकमा रहेको नपाइएको अवस्थामा सर्टेज मान्ने नभई प्रचलित वजारमूल्यमा वस्तु विक्रि भएको मानिने व्यवस्था भएपनि जरिवाना गर्नुको औचित्य र कानूनमा उल्लेखन नभएको कारोवारको प्रकृतिमा जरिवाना गरेको हदसम्म कर आदेश नमिलेको भन्ने लगायतका राजश्व न्यायाधिकरणको फैसलामा चित्त नवुझाई 'विजक' र 'सर्टेज' मा पुनरावेदन परेको ।

(ख) **अदालतको निर्णय :-**

(क) **कर विजक:**

मूल्य अभिवृद्धि कर कार्यान्वयनमा कर बिजकको महत्व र औचित्यका सम्बन्धमा व्याख्या गर्दै सर्वोच्च अदालतले **मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७(३) मा खुद्रा विक्रेताकले स्थायी लेखा नंम्वर नभएका व्यक्तिलाई जतिसुकै रकमको वस्तु वा सेवा आपूर्ति गर्दा लाग्ने कर समेत नदेखाई मूल्यमा गाभि अनुसूचि ५क वमोजिमको एकमुष्ट कर विजक जारी गर्नु पर्नेछ । स्थायी लेखा नंवर भएका प्रत्येकले रु. ५०,००० सम्मको वस्तु वा सेवाको आपूर्ति गर्दा प्राप्त गरेको विजकमा निजको नाम, ठेगाना, स्थायी लेखा नं. उल्लेख गरेको भए करकट्टि सुविधा पाउने छ भन्ने व्यवस्था भएको तथा नियम १७(४) मा कर लाग्ने सेवा वा वस्तुको कारोवार गर्ने सवै विक्रेताले आफ्नो तथा प्रापकको नाम, ठेगाना, स्थायी लेखा नं., मिति र सिलसिलेवार कर नं. तथा सामानको स्पष्ट विवरण सहितको विजक जारी गर्नुपर्नेछ भन्ने देखिन्छ ।**

यसैगरि उत्पादक तथा आयातकर्ताले प्रापकको नाम ठेगाना स्थायी लेखा नं.,स्पष्ट उल्लेख नगरि विजक जारी गरेमा त्यस्तो विक्रिलाई प्रचलित बजार दरमा खुद्रा विक्री सरह मानिने छ भन्ने उल्लेख भएको पाइदा मूल्य अभिवृद्धि करमा दर्ता भएको खरीदकर्ता र दर्ता नभएको खरीदकर्तालाई जारी गरिने

विजक फरक फरक गरेको पाइन्छ । मूल्य अभिवुद्धि कर वस्तु वा सेवाको विक्रिको प्रत्येक तहको मूल्य अभिवृद्धिमा लगाइने कर हुँदा सो को विजक जारी गर्नु पर्ने अनिवार्य गरेको देखिन्छ र यसै आधारमा आफूले तिरेको कर कट्टि गर्न पाइने व्यवस्था मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ मा गरिएको छ । तर उपभोक्तालाइ बिक्री गरिने बस्तु तथा सेवा र मूल्य अभिवृद्धिमा दर्ता नभएको बिक्रेतालाइ सामान बिक्रीगर्दा आफुले बुझाएको करको रकम फिर्ता पाउन नसक्ने हुंदा नियमावलीको नियम १७(३) मा कर समेतलाइ मूल्यमा गाभि कर बिजक जारी गर्नुपर्ने ब्यबस्था रहेको तथा नियम १७(४) मा

प्रापकको नाम ठेगाना स्थाइ लेखा नं नखुलेको बिकीलाइ खुद्रा बिकी सरह मानेको देखिन्छ ।

विक्रेताले मात्र विजकमा क्रेताको स्थायी लेखा नं. सहितको विजक जारी गर्नु पर्ने नभई विजक लिने कर्तव्य प्रापक (केता) को समेत हुने गरि ऐनको दफा १४ मा आपूर्तिकर्ताले बीजक जारी गर्नु पर्ने र बिजक लिनु प्रापकको कर्तब्य हुने उल्लेख भएकोले मूल्य अभिबृध्दि करमा दर्ता भएको विक्रेताको हकमा करकट्टि गरि फिर्ता लिने प्रयोजनका लागी आफुले खरीद गरेको सामानको रित पूर्बक बिजक लिनु निजको कानूनी कर्तव्य निर्वाह गरको हुनु अनिवार्य हुन्छ भन्दै मूल्य अभिवृद्धि करमा दर्ता भएको कुनै करदाताले खरिद गर्दा तिरेको करको रकम उक्त वस्तु विक्री गर्दा संकलन गरेको रकमबाट कट्टा गराई फिर्ता लिने तर कर कट्टा गरिएको वस्तु विक्रि गरेको अभिलेख नदेखाउने वा स्टकमा समेत नदेखाउने गर्दा खरिद गरेको वस्तुमा संकलन गरेको कर वस्तु विक्री गर्दा संकलन गरेको कर रकमबाट कट्टा गरि फिर्ता पाउने व्यवस्था गर्दा नियम ३९(१) र ३९(३) को दुरुपयोग हुने भनिएको छ ।

(ख) **'सर्टेज' वा जर्तिः** का सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा स्पष्ट ब्यबस्थाको अभाव रहेकोले वस्तु विक्रीमा 'सर्टेज' र वस्तु उत्पादनमा जर्तिको सम्बन्धमा व्याख्या गर्दै करदाताले कर अवधिको कर विवरण पेश गर्दा विवरणमा करकट्टि गरिएको बस्तु स्टकमा रहेको बिबरणमा देखाएको तर कर अधिकृतले हेर्दा त्यस्ता करकट्टि गरिएका र स्टकमा रहनुपर्ने वस्तु स्टकमा रहेको नपाइएमा त्यस्ता वस्तुहरु प्रचलित वजार मूल्यमा विक्रि गरेको मानिनेछ भन्ने नियम ४०(१) को व्यवस्थालाई नियम ३९(१) र ३९(३) संग तुलाना गर्दै कुनै वस्तु खरिद गर्दा खरिद कर्ताले भुक्तानी गरेको मूल्य अभिवृद्धि करको रकम निजले त्यस्तो वस्तु विक्री गर्दा संकलन गरेको करको रकम कट्टा गरि लिएको वस्तुको स्टक सम्बन्धमा मात्र लागू हुने देखिदा करदाताले बस्तु खरिद गर्दा तिरेको करको रकम उक्त बस्तु बिक्री गर्दा संकलन गरेको रकमबाट कट्टी गरि लिने तर करकट्टि गरिएको वस्तुको विक्रि अभिलेख वा स्टकमा रहेको अभिलेख समेत स्पष्ट खुलाउन सकिने अवस्था नहुनु भनेको ३९(१) र ३९(३) को व्यवस्थाको दुरुपयोग हुन सक्ने भएकोले कर कट्टि गरि लिएको वस्तुको विक्रि र स्टकमा रहेको वस्तुको परिमाण विच भिन्नता देखिएमा सो भिन्नताको हद सम्मको परिमाणमा वस्तुहरु स्टकमा रहेको मानिनुपर्ने तर्कसंगत हुन्छ । तर यहि व्यवस्था वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको रुपमा प्रयोग हुने बस्तुको हकमा भने लागूहुन सक्दैन ।

बस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको शतप्रतिशत नै उत्पादित बस्तुमा समाहित हुने वा मिसिएर आउने भन्ने कुरा तर्कसंगत अनुमान गर्न पनि सकिदैन । उत्पादन प्रक्रियामा कच्चा पदार्थको केहि अंश नष्ट हुने, प्रयोगमा नआउने वा कम भइ जर्तिमा जाने भन्ने कुरा प्रमाणको रुपमा रहेको चीया तथा कफी बिकास बोर्डको पत्रबाट देखिएकोले सो व्ववस्था सबै प्रकारका उपादनमा लागु हुने र यसको मात्रा १५ देखि २५% सम्म हुने उल्लेख हुंदा प्रस्तुत बिबादमा जर्तिको अंश १.४५ देखि १.५५ सम्म दाबि गरेकोलाइ कर कार्यालयले खण्डन गर्न सकेको नपाइदा र मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीले उत्पादनमा जर्तिको परिमाण वारे कहिं कुनै उल्लेख नगरेको अवस्था समेतका आधारमा नियमावलीको नियम ४०(१) बमोजिम बस्तुमा 'सर्टेज' को दायरा सरह उत्पादनका सम्बन्धमा लागू हुने 'जर्ति' लाई समेत 'सर्टेज' मान्नु न्यायसंगत नहुने व्याख्या अदालतले फैसलामा गरिएको पाइन्छ ।

सारांशमा प्रस्तुत मुद्दामा निम्न कुराको व्याख्या भएको पाइन्छ :-

(क) विजक नियम संगत हुनु पर्ने,

(ख) 'सर्टेज' को दावि वस्तु परक हुनुपर्ने ।

(ग) स्टकमा रहेको दावि गरिएको वस्तु स्टकमा रहेको नपाइएमा विक्रि भएको मानि कर कट्टि नपाइने ।

(घ) वस्तुको विक्रिमा सर्टेजको प्रावधान जस्तै वस्तुको उत्पादनमा 'जर्ति' आकर्षित हुने । तर मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली २०५३ मा उत्पादनमा जर्तिको सुविधा प्रदान गरेको नपाईदा सर्टेज सरह नै ब्याख्या गर्न नमिल्ने ।

२. **आ.रा.का. सिमराको तर्फबाट प्रमुख कर अधिकृत प्रेमशान्त मानन्धर वि. इष्टर्न टेक्स्टायल, छाता पिपरा,वारा, मुद्दाः मूल्य अभिवृद्धि कर** (२०५६/०५७)/२०६४ **CR-०१०१ फैसला मिति २०६८/९/४) ।**

(क) **विवादको मूल विषय :-**

करदाता कपडा उत्पादक भएपनि उसले डाइङ्ग सेवा विक्रि गरेवापत संकलन गरेको कर कट्टा गर्न पाउने हद कट्टा गरि वाँकी रकम जरिवाना सहित दाखिला गर्न कर कार्यालयले दिएको आदेशमा असहमति जनाउदै डाइङ्ग सेवालाई तिरेको मूल्य अभिबृद्धि कर कपडा उत्पादनका अनुपातमा वाँड्न करदाताले

गरेको आग्रह अस्वीकार गरेको सन्दर्भमा पुनरावेदन परि राजश्व न्यायाधिकरणले सदर गरेकोले र सर्वोच्च अदालतबाट अनुमति प्राप्त गरि पुनरावेदन सरह सुनुवाई भई प्रस्तुत फैसला भएको देखिन्छ ।

(ख) **निर्णय :-**

प्रस्तुत विवादमा सालवसालि आर्थिक ऐन, २०५६ को अनुसूचि ४ दफा २४ मा कपडा तथा सलाई उद्योगले उठाएको मूल्य अभिबृद्धि कर उद्योगलाई फिर्ता गरिने भन्ने व्यवस्था बमोजिम फिर्ता दाबि गरिएको प्रस्तुत बिबादमा ब्याख्या गर्दै सर्बोच्च अदालतबाट उद्योग आफैले कच्चा पदार्थ ल्याएर आफैले तयारी कपडा उत्पादन गरेमा मात्र कपडा उद्योगको परिभाषामा पर्ने, अरुको ग्रे कपडा ल्याएर डाइङ्ग सेवा प्रदान गर्ने कार्यलाई कपडा उत्पादन भन्न नमिली डाइङ्ग सेवा विक्रि गरे वापत आर्थिक ऐन वमोजिमको सुविधा प्राप्त नहुने देखिएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१)(क) अनुसार कर लाग्ने नै देखिएकोले मल्य अभिबृध्दि कर नियमावली २०५३ नियम ४०(४) वमोजिम "कपडा उद्योगले कच्चा पदार्थ (धागो) र अर्ध तयारी कच्चा पदार्थ (ग्रे कपडा) खरिद गरि डाइङ्ग गरि विक्रि गरेको हदसम्म कर फिर्ता दिने" तर डाईङ्ग सेवा (ज्याला लिई डाइङ्ग गरेर सामान फिर्ता दिएको) विक्रि गरेवापत उठाएको कर कट्टि गर्न नपाईने अर्थात कर फिर्ता नदिने समेत निर्णय भएको पाइन्छ ।

३. **ठुला करदाता कार्यालय वि. यूनाइटेड टेलीकम**

मुद्दा : मुल्य अभिबृद्धि कर, फौ.पू. नं. २०६६-CR-०५७१ फैसला मिति २०६९।११।६

(क) **विवादको विषय :-**

यूनाइटेड टेलिकमले खरिद गरेका टेलीफोन सेटहरु खरिद मूल्य भन्दा कम मूल्यमा विक्रि गरेको विषयलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१(१) बमोजिम कर लाग्ने मूल्य अन्तर्गत (क) आपूर्तिकर्ताले प्रापकसंग लिएको मूल्यलाई मानेको अवस्था भएको, करदाताले सार्वजनिक सूचनाबाट कूल प्याकेजको मूल्य प्रकाशन गरि गरेको विक्रिलाई न्यून विजकिकरण ठहराई कर निर्धारण गर्दा ऐनको दफा १२ बमोजिम जडान खर्च, टेलीफोन स्वामित्व शुल्क, सेवा शुल्क आडी कर शुल्कमा समावेश गरि जारी विजक र कम्प्यूटर प्रविष्ट विवरण फरक परेकोमा कर विजकलाई मान्यता दिएको तथा (ख) (भैरहवा) भन्सारमा राखेको धरौटी रकम सदरस्याहा गरेको आधारमा प्रज्ञापन पत्र क्रेडिटलाई आधार मानि गरेको कर निर्धारण राजश्व न्यायाधिकरणबाट वदर

गरि पुनः निर्णय गर्न भएको आदेश उपर ठूला करदाता कार्यालयको तर्फबाट परेको निवेदनमा निस्सा भई देहाय बमोजिम निर्णय भएको पाइन्छ ।

(ख) **अदालतको निर्णय :-**

१. **कर विजक र कम्प्यूटर प्रविष्ट विवरणको अधिकारिकता बारे :-**

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ६(३)(क) को व्यवस्था हेर्दा निरन्तर रुपमा आपूर्ति हुने दूरसंचार सेवा वा यस्तै अन्य सार्वजनिक सेवाहरुको हकमा वीजक जारी गर्दाको समयलाई आपूर्तिको समय मान्नुपर्ने व्यवस्था रहेकोले आपूर्ति भएको सेवा अनुसार जारी विजक वमोजिम नै मूल्य अभिवृद्धि कर निर्धारण गर्नुपर्ने भन्ने उल्लेख हुंदा त्यसरी जारी गरिएको बीजकलाई मान्यता दिनु नपर्ने ठोस कानूनी आधार र कारण नदेखिएकोले करदाताले आफ्नो आन्तरिक काम/कारोवारको सहजताका लागि कम्प्यूटर प्रविष्ट गरेको विवरणका आधारमा कर निर्धारण गर्न नमिल्ने निर्णय भएको देखिन्छ ।

प्रस्तुत विवादमा नै सर्वोच्च अदालतबाट (क) कर लाग्ने मूल्य भन्नाले बीजकमा उल्लेखित रकम कायम हुने (ख) जारी विजक र करदाताको कम्प्यूटर प्रविष्ट विवरणमा फरक देखिएमा कम्प्यूटरमा देखिएको बिबरणका आधारमा जारी बिजकलाइ न्यून विजकिकरण गरेको भन्न नमिल्ने र (ग) कर प्रयोजनकालागि बिजकले मान्याता पाउने व्याख्या भएको देखिन्छ ।

२. प्रज्ञापन पत्र क्रेडिटको रकम भन्सार कार्यालयमा राखेको धरौटीबाट सदरस्याहा गरि मिलान गरेको रकमलाई करको दायरमा ल्याउन मिल्ने हुदैन । सरकारी निकायमा दाखिला गरेको धरौटी सदर स्याहा गरेको सक्कल विवरण नष्ट भएकोमा सोहि कार्यालयबाट प्रमाणित अभिलेखलाई मान्याता दिई आधिकारीक निकायबाट प्रमाणित अभिलेखलाई मान्य नहुने भन्न नमिल्ने निर्णय भएको पाइन्छ ।

४. **कृष्ण ग्रील इन्डष्ट्रीजका संजय श्रेष्ठ वि.आन्तरिक कर कार्यालय, विराटनगर**

२०६९ CR – ००७०, फैसला मिति २०७०।१।३

कृष्ण ग्रील एण्ड इन्जीनियरिङ्गले उत्पादन गरेका सोलार पावर पेल्टिक सेट, ढीकि पम्प विकीमा कर लाग्ने स्पष्ट उल्लेख भएको, सेवा र बस्तु खरिद तथा बिकीमा बिकेताले केताबाट उठाएको कर समानपातिक तबरले मल्य अभिबृध्दि कर केडिट गर्न पर्नेमा सो नगरि "कानूनले स्पष्ट रुपमा छुट दिएको वस्तु वा सेवा खरिदमा मात्र मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्थालाइ पुष्टी

गर्ने दायित्व पुनरावेदकमा रहने कुराको उल्लेख गर्दै छुट सुविधा पाउने वस्तु वा सेवा आपूर्ति गरेको हो भन्ने तथा उत्पादित बस्तुमा कर छुट पाउने कानूनी प्रावधान समेत स्पष्ट रुपमा देखाउन सकेको अवस्थामा मात्र कानूनले छुट दिएको वस्तु वा सेवा खरिदमा मूल्य अभिवृद्धि कर छूट हुने कानूनी व्यवस्थालाई पुनरावेदकले उपभोग गर्न नसकेको आधारमा कर कार्यालयले गरेको कर निर्धारण लाई सदर गरेको देखिन्छ ।

५. **आन्तरिक राजश्व विभाग, अनुसन्धान शाखा समेतको तर्फबाट टंकमणि शर्मा वि. चोखानी इन्टरप्राइजेज , मुद्दा नं. २०७०-RB-००४, फैसला मिति २०७२।१०।५**

स्टक वुकमा उल्लेख भएको मौज्दात भन्दा वढी सामान (वस्तु) स्टोर (गोदाममा) मौज्दात रहको पाइयो भनि मुचुल्कामा करदाताले रोहवरमा सहिछाप गरेको र वयानको क्रममा समेत स्वीकार गर्दै स्टक वुकमा भन्दा गोदाममा मौज्दात वढी रहनुको कारण र वस्तुगत प्रमाण समेत पेश गर्न नसकि स्थानिय वजारमा कर विजक जारी नगरि वस्तु विक्री गरेको समेत विपक्षीले स्वीकार गरेको अवस्थामा खरिद विक्रिको तथ्याङ्क नै फरक परेको अवस्थालाई व्यापारिक कारोवार अन्यथा प्रमाणित भएमा वाहेक व्यवसायीसंग समबन्धित रहेको मान्नु पर्दछ । भुक्तानी लिएको वा सापटी हो भन्ने जिकिर प्रमाणबाट पुष्टी भएको नपाइदा दावी तथ्य र प्रमाणमा आधारित रहेको नपाइएको भनि निर्धारण गरिएको कर लाग्न नै देखिएको तथा मूल्य अभिवुद्धि कर सम्बन्धी सम्पूर्ण विवरण ऐन नियमावली वमोजिम नै दुरुस्त राख्नुपर्ने दायित्व दर्तावाला करदाताको हुने गरि अनिवार्य गरेको भन्ने समेत फैशला भएको देखिन्छ ।

६. **आन्तरिक राजश्व कार्यालय, ललितपरका महेन्द्रकृष्ण श्रेष्ठ बि. जावलाखेल डिस्टीलरी**

मुद्दाः मूल्य अभिवृद्धि कर २०६६-CR-००३० फैसला मिति ७४।५।२५

तथ्यः-

आर्थिक ऐन वमोजिम कायम भएको प्रतिलब्दी दर वमोजिम उत्पादन नदेखाई घटि उत्पादन देखाएको कारण फरक परिमाणमा उच्चतम दरवन्दी अनुसार अन्तशुल्क अशुलीको पकृयामा रहेकोले सोहि सरह नै मूल्य अभिवृद्धि कर समेत निर्धारण गरि अशुल हुनु पर्ने भन्ने समेत ।

विवादको विषयः-

उत्पादन विक्रि गरेको वस्तुमा कर संकलन छुट गरेको, तथा प्रतिलब्दी दर बमोजिम घटि उत्पादनमा अन्तशुल्क सरह मूल्य अभिबृध्दि कर समेत अशूल हूनु पर्ने समेत)

निर्णयः

कानून (आर्थिक ऐन २०५५) अनुसार तोकिएको प्रतिलब्दी दर भन्दा घटि उत्पादन देखाएको कारण नपुग मदिराको अन्तःशुल्क अशुल गर्ने प्रकृया शुरु भैसकेको भन्ने आमधारमा मूल्य अभिवृद्धि कर समेत संकलन नगरेको भन्ने सम्बन्धमा मू.अ.कर एक २०५२ को दफा ५ (१) मा भएको (१)मा नेपाल भित्र आपूर्ति भएका वस्तु वा सेवा, नेपाल भित्र आयात गरिएका वस्तु वा सेवा र नेपाल वाहीर निर्यात गरिएका वस्तु वा सेवा समेतको कारोवारमा मूल्य अभिवृद्धि कर लाग्ने र दफा ५(२) मा प्रत्येक कारोवारको कर लाग्ने मूल्यमा कर लाग्ने व्यवस्थाले उत्पादन पछि वस्तु विक्रिको अवस्थमा मात्र मूल्य अभिबृध्दि कर लाग्ने भएकोले थप मदिरा उत्पादन र सो को विक्रिबाट नगद प्रतिफल प्राप्त गरेको तथ्ययुक्त प्रमाणबाट नदेखिए सम्म कर लगाउन नमिल्ने, अन्तःशुल्क प्रयोजनका लागि तोकेको दर भन्दा घटि उत्पादनको फरक परिमाणलाई उत्पादन र विक्रि भएको भन्ने अनुमानलाइ दफा २०(३) वमोजिम प्रमाणको भार कर अधिकृतले पुऱ्याएको नदेखिदा प्रतिलब्दी दर भन्दा कम उत्पादन गरिएको भनिएको मदिरामा अन्तःशुल्क लागेको भन्ने आधारमा मात्रै थप विक्रि परिमाण कायम गर्न नमिल्ने निर्णय भएको देखिन्छ ।

७. **ठूला करदाता कार्यालय वि. कुशुम आयल इण्डष्ट्रीज प्रा.लि.**

मुद्दाः मूल्य अभिवृद्धि कर, २०७२-RB-३२९, फैशला मिति २०७३।९।११

तथ्यः-

मूख्य उत्पादन ध्यू र तेल वाहेकका फेटि्ट एसिड र एसिड आयल जस्ता by Product को विक्रिबाट उठाएको मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी ।

विवादः-

घ्यू र तेल उद्योगको मूल उत्पादन वाहेकका by product (फ्याटी एसिड र एसिड आयल) मा कानुन वमोजिम मू.अ.क फिर्ता पाउने प्रावधान लागू हुने/नहुने ।

निर्णयः–

सरकारको २०६५।२।५ को निर्णयले स्वदेशमा उत्पादित वनस्पति ध्यू र प्रशोधित खानेतेलमा उठाएको मूल्य अभिवृद्धि कर ५०% फिर्ता दिने सम्बन्धमा २०६५।२।५ र २०६७।१।२ मा प्रकाशित सूचनामा स्पष्ट उल्लेख भएकोले उत्पादनको शव्दावलि भित्र सहायक उत्पादन (By product) पनि पर्दछन्, वनस्पति ध्यू र खाने तेल उत्पादन गर्ने क्रममा फेट्टि एसिड र एसिड आयल स्वतः उत्पादन हुने र सो क्रमममा छुट्टै लगानि, प्रविधी र अतिरिक्त कच्चा पदार्थ चाहिने भन्ने कर निर्धारण आदेशमा समेत स्पष्ट उल्लेख नहुंदा मूल उत्पादन सरह नै ५०% मूल्य अभिवृद्धि कर फिर्ता पाउने भनी निर्णय भएको ।

न्यायिक अवधारणाको विश्लेषणः–

राजश्व र कर सम्बन्धि विवादमा अन्य विषयगत क्षेत्रको तुलनामा कम विवादहरु देखिएको र त्यस्ता विवादहरु समेत निर्धारण गरेको करको दर वा करको रकमको शन्दर्भमा बढी केन्द्रीत रहेको पाइन्छ । कानूनी व्यवस्था र त्यस्तो पालना एवं कार्यान्वयनका शन्दर्भमा केही थोरै मात्र विषयहरु समावेश भएका विवादहरुमा मात्र न्यायिक व्यख्याका लागि प्रवेश गरेको पाइयो ।

अदालतमा प्रवेश पाई व्याख्या वा निर्णय भएका विवादसँग सम्बन्धीत मुद्दाहरु समेत थोरै मात्र नेपाल कानून पत्रिका वा अन्य सार्वजनिक प्रकाशनमा रहेको पाइदा भएका व्याख्यामा समेत सहज पहुँचको अवस्था देखिदैन । केही निर्णयहरु विद्युतिय माध्यममा अपलोड (प्रकाशित) भएपनि अधिकांश भने त्यहाँपनि प्रकाशित नभएका नै पाइयो ।

कार्यपत्र तयार गर्ने शन्दर्भमा उपलब्ध भएका मध्य आधार लिइएका फैसलाको शन्दर्भमा विश्लेषण गर्दा राजश्व मुद्दाको विषय शिर्षकमा कुनै एउटा क्षेत्रको राजश्वको शिर्षक उल्लेख भएपनि त्यसबाट प्रभावित हुने अर्को राजश्वको क्षेत्रलाई न्यायिक फैसलामा ख्याल गरिएको वा एकसाथ पर्ने असरलाई एकिकृत रुपमा व्याख्या गरिएको पाइदैन । कतिपय विषयमा कानूनमा स्पष्ट व्यवस्था नभएपनि अनुमानका आधारमा वा अन्य त्यस्तै प्रकृति वा परिवेशको विषयसँग तुलना गरि निर्णय भएको पाइदा खास मुद्दाको निरोपणका लागि शार्न्दभीक देखिए पनि सर्वोच्च अदालतको व्याख्यात्मक निर्णयका कारण कानून कार्यान्वयन वा त्यस्तै प्रकृतिका अन्य विषयमा समेत दिर्घकालिन असर पर्ने अवस्था देखिन्छ ।

करका विभिन्न क्षेत्रलाई पर्ने प्रभावको शन्दर्भमा उल्लेख गर्दा हाल प्रचलनमा रहेका कर/राजश्वका प्रकार मध्य भन्सार महसुल (कर) को कारण लागत मूल्यमा, वस्तुको प्रकृति अनुसार कच्चा पदार्थ वा भन्सार विन्दुमा लागेको अन्त शुल्क र उत्पादन र

सेवा शुल्क थपको कारण भएको मूल्य वृद्धिको आधारमा लागेको मूल्य अभिवृद्धि करको कारण समग्रमा आयकरमा प्रभाव पर्ने नै हुन्छ । तर कुनै खास प्रकृति र क्षेत्रको कर वा राजश्वको विषयमा व्याख्या भएको न्यायिक निर्णयले अर्को करको वा राजश्वको क्षेत्र वा परेको प्रभावका शन्दर्भमा भने विवादमा सो कुरा समावेश नभएको भनि निर्णयमा वा व्याख्यात्मक फैसलामा मौन बसिदिएको अवस्थाले समग्र कर प्रशासनमा ठूलो असर पर्ने देखिन्छ भने विश्लेषण गरिएका मुद्दाहरु मध्य मित्तल टि इन्डस्ट्रीजको विवादमा कच्चा पदार्थ वा प्रशोधित वा अर्ध-प्रशोधित वस्तु व्याकिङ्ग सम्बन्धि व्यवसायका सम्बन्धमा समेत सर्टेज वा जर्ति दिएको कारण मूल्य अभिवृद्धि कर र आयकरमा एकसाथ परेको प्रभाव वा जावलाखेल डिस्टीलरीको विवादमा अन्तःशुल्कको हकमा पक्षले स्वीकार गरेपनि सोही अन्तःशुल्क लागेको वस्तु विक्रिवापत संकालित मूल्यमा अभिवृद्धि कर नलाग्ने गरि भएको फैसलाले मूल्य अभिवृद्धि कर र आयकरमा परेको प्रत्यक्ष असरको शर्न्दभलाई लिन सकिछ ।

जावलाखेल डिस्टीलरीकै विवादका शर्न्दभमा अन्तशुल्क सम्बन्धी छुट्टै करको व्यवस्था र तत् आधारमा उत्पादकको उत्पादीत वस्तुलाई परिमाणात्मक रुपमा स्वीकार गरेको स्थितिमा सो वस्तु बजारमा विक्रि नै नभएको अनुमान गरि मूल्य अभिवृद्धि कर संकलन नगरेको विवादलाई समर्थन गर्दा कानूनको पूर्ण पालना र कार्यान्वयनका शर्न्दभमा आगामी दिनमा दूरगामी प्रभाव पर्ने देखिन्छ ।

यसैगरी, न्यायिक विवादमा प्रमाण र प्रमाणको भार अति महत्वपूर्ण विषय भएपनि कानूनद्धारा सहुलियत दर वा कर छुटको सुविधा दिइ स्वदेशी उत्पादन वा प्रविधी र सेवालाई प्रवर्धन गर्ने क्षेत्रलाई विशेष संरक्षण गरेको सेवा वा उत्पादनका शन्दर्भमा करदाताले दावी गरेको भएपनि कानूनीको सुविधा देखाउन नसकेको भन्ने आधारमा करमा छुट वा सहुलियत नदिएको विषय पनि कानूनको समानता वा कानूनको न्यायिक जानकारीका शन्दर्भमा विचारणीय देखिन्छ । आर्थिक ऐन वा सरकारको औपचारिक निर्णयद्धारा विशेष संरक्षण वा प्रवर्धनका लागि कर छुटको प्रावधानको विषय पक्ष (करदाता) ले देखाउन नसकेको भन्ने आधारमा कानूनद्धारा प्रदत्त सहुलियत उसको हकमा लागु नहुने भन्न मिल्ने देखिदैन भने प्रमाणको भार कर लगाउने माथि रहने व्यवस्थाको शन्दर्भमा समेत फैसलाले संवोधन गर्नुपर्नेमा कृष्ण ग्रील एण्ड इन्डस्ट्रीजको विवादमा ध्यान नपुगेको देखिन आउछ ।

कानूनी संरचनामा नै नपरेको अवस्थाले न्यायिक व्याख्यामा समेत ध्यानाकर्षण भएर पनि संवोधन हुन नसकेको अवस्थाका शन्दर्भमा न्यायिक फैसला हुँदा कुसुम आयलको मुद्दामा सहायक उत्पादन (By product) मा कर नलाग्ने वा सो मा समेत मुख्य उत्पादन सरह कर छुट दिने व्यवस्थाका शन्दर्भमा ध्यानकर्षण सम्म भएको छ । कुनै

उद्योग वा व्यवसाय वा सेवालाई प्रवर्धन गर्ने उद्देश्यका साथ ति उद्योगका खास उत्पादनलाई कर छुट वा कर फिर्ताको माध्यमबाट संरक्षण वा प्रतिस्पर्धात्मक बनाउनु पर्ने आवश्यक्ताका आधारमा भएको/ गरिएको व्यवस्थालाई त्यस्को सहायक उत्पादन (By product) मा पनि समान व्यवस्था लागु हुने गरि भएको फैसलाले सो सहायक वस्तु र सो को सह-उत्पादन लगायत सोही सहायक वस्तु अर्को उत्पादनका लागि कच्चा पदार्थ हुन सक्ने अवस्था भई त्यसरी प्रयोग हुने गरि विक्रि भएको सहायक वस्तु माथिको करमा दिइएको छुटले सन्तुलीत प्रतिस्पर्धामा र कर प्रशासनमा समेत फरक पर्ने तर्फ विशेष सतर्कताका साथ हेरिनु पर्ने देखिन्छ ।

उल्लेखित अवस्था बाहेक कार्यपत्रमा उल्लेख भएका रीट निवेदन वा अनुमतिबाट पुनरावेदन सरहको सुनुवाईबाट भएका फैसलाहरु कानून र न्यायको दृष्टिकोणबाट न्यायोचित र उपयुक्त नै पंतिकारलाई लागेको हुँदा तिनीहरुको शन्दर्भमा थप चर्चा गरिएको छैन ।

उपसंहार र निष्कर्ष

अहिलेको विश्व विशिष्टीकरणको क्षेत्रमा तिव्रताका साथ अघि चढेको छ । एउटै व्यक्ति वा निकाय सबै विषय वा क्षेत्रमा विज्ञ हुन सक्दैन भने कतिपय अवस्थामा त अर्को क्षेत्रका विषयका बारेमा जानकारी वा सूचना सम्म पनि नहुने अवस्था आउँछ । तर न्यायिक व्याख्याको शन्दर्भमा कुनै खास विषयलाई मात्र अनुमान गर्न सकिने नै नहुँदा तथा सबै सम्भावित क्षेत्रका लागि फरक फरक विज्ञताका व्यक्तिको व्यवस्था गर्न समेत नसकिने हुँदा सम्बन्धित विषय वा क्षेत्रमा जानकार, अनुभव प्राप्त व्यक्ति, वा विज्ञताको सहारा सकारात्मक रुपमा लिनुपर्ने हुन्छ । यसका साथै कानूनमा स्पष्टताका साथ गर्न सकिएका व्यवस्थामा तत् आधारमा र कानूनमा अस्पष्टता भएको अवस्थामा औचित्य, न्याय र शान्दर्भिक क्षेत्रमा विकसित अवधारणा वा अभ्यासलाई समेत सहारा लिनुपर्ने हुन सक्छ । यसका साथै कर र राजश्वका शन्दर्भमा माथि उल्लेख गरिए जस्तै एउटा विषयमा दिइएको निर्णयका कारण करका अन्य क्षेत्रमा पर्ने र परिरहेको असरका सम्बन्धमा विशेष सर्तकता अपनाउनु पर्ने हुन्छ । त्यसका लागि न्यायालयमा Court Officer को रुपमा प्रस्तुत हुने कानून व्यवसायीहरु, सरकारी वकीलहरु तथा कर प्रशासनका क्षेत्रका व्यक्तिहरुको चासो र विज्ञता अत्यन्त महत्वपूर्ण हुन जान्छ ।

यीनै विश्लेषणका आधारमा सवल र संवृद्ध राष्ट्रको चाहानालाई पुरा गर्न राज्यले राजश्वका माध्यमबाट संकलन गर्ने आर्थिक श्रोतलाई जनता (करदाता) को उत्साहपूर्ण र स्वैच्छिक सहभागितालाई अभिवृद्धि गर्न तथा यदाकदा आउने विवादलाई समयमा र कानूनले निर्धारण गरेको अवधारणा अनुकुलको न्याय (करदाता वा पक्षले चाहेको आधारको होइन) पाइन्छ भन्ने पूर्व अनुमान योग्य न्यायको विश्वसनियताका लागि केही

क्षेत्रमा विशेष र थप सुधारको आवश्यक्ता पुरा गर्न निम्न अपेक्षापूर्ण सुझाव प्रस्तुत गरिएको छः-

(क) जनताका प्रतिनिधीको संलग्नतामा कर लगाइने अवधारणाको पालना भएपनि सो कानून (कर सम्बन्धी) को औचित्य, आवश्यक्ता, प्रभाव र त्यसको सफल कार्यान्वयन बाट अपेक्षित लक्ष्य प्राप्त गर्न सकिने निश्चितता सहित पारदर्शि कानूनको निर्माण हुनु पर्दछ ।

(ख) जनताका प्रतिनीधिको संलग्नतामा लगाइने करका सम्बन्धमा सरकारको निर्णय अपवादात्मक मात्र हुनुपर्दछ । निर्वाचित प्रतिनिधी संलग्न सरकारको निर्णय हुँदैमा त्यसलाई जनप्रतिनिधीको सहभागिता भएको मान्न मिल्दैन । राजनैतिक र कानूनी एंव संवैधानिक प्रावधान अनुसार पनि सरकार एउटा फरक पक्ष र निकाय हुने हुँदा कर सम्बन्धी कानूनमा पहिला नै विस्तृत र सहभागितात्मक छलफल हुनै पर्दछ ।

(ग) कानून निर्माणको अवस्था पश्चात करदातालाई सो सम्बन्धमा र त्यस्को औचित्यता, सरल र सफल कार्यान्वयनका उपाय सहित उचित समयमा जानकारीयुक्त प्रशिक्षण गराउन जरुरी छ । व्यवसायी आफ्नो व्यवसायबाट तिरेको करको उचित प्रतिफल सहितको क्षेत्रमा लगानी भएको वा हुने विश्वासका साथ कर तिर्न उत्प्रेरीत हुने अवस्थाको सृजना गर्नु पर्छ न कि करको रकममा आफ्नो हक सृजना हुने गरि कानूनी दाउपेचको प्रयोग गरिएको होस् ।

(घ) कर प्रशासनका क्षेत्रका विज्ञको सहभागितात्मक कार्यक्रमबाट करनीतिलाई सरल र पारदर्शि एंव छिटो छरितो बनाउनु पर्छ भने कर सम्बन्धी कानूनमा विवादको निरोपण गर्ने समय सिमाका सम्बन्धमा निश्चित अवधि वा समय सिमा (सकेसम्म छोटो समय) मा सम्पन्न गर्नेपर्ने गरि व्यवस्था गर्नु पर्दछ ।

(ङ) अदालत वा न्यायिक निकाय समक्ष प्रस्तुत हुने Court Officer (सरकारी वा नीजी कानून व्यवसायी) हरुलाई समेत समय सापेक्ष दक्ष बनाउन जरुरी छ भने उनीहरुलाई वास्तविक कानूनी अवरोध वा अडचनमा मात्र न्यायिक विवादको रुपमा उठाउन प्रेरित गर्नु पर्दछ ।

(च) सबै क्षेत्रका सम्बद्ध र सरोकारवालाहरुलाई कर कानून र कर प्रशासनका सम्बन्धमा प्रशिक्षित गराईनु पर्दछ ।

(छ) कर प्रशासन सम्बन्धि कानूनमा प्रशासकिय, अनुसंधानात्मक र न्यायिक/अर्ध-न्यायिक गरी फरक फरक क्षेत्रको कल्पना गरिएकोले तदनुरुप अलग अलग

व्यवस्था गर्नुपर्दछ भने कतिपय प्रविधि र वैज्ञानिक आधारमा यकिन गर्नुपर्ने विषयका लागि प्रयोगशाला वा प्रविधियुक्त मशिनरीको प्रयोगमा जोड दिनु पर्दछ ।

यसरी सबैको सहभागीतामा संचालन गरिने कर प्रशासनले छिटो छरितो रुपमा र स्वतस्फूर्त रुपमा राज्यलाई सक्षम र संवृद्ध बनाउन र जनता एंव करदातालाई कर तिर्न स्वतः उत्प्रेरणा जागृत हुन जान्छ र राज्य र देशले गरेको अपेक्षा पूरा हुन्छ ।

शन्दर्भ सामग्रीहरु

१. नेपालको संविधान २०७२, नेपाल कानून किताव व्यवस्था समिती

२. मूल्य अभिवृद्धि कर ऐन २०५२

३. मूल्य अभिवृद्धि कर नियमावली २०५३

४. कर र वाणिज्य क्षेत्रमा सर्वोच्च अदालतबाट भएका फैसलाहरु (विषयगत नजिर)

५. नेपाल कानून पत्रिका - सर्वोच्च अदालत नेपाल

६. नजीर संग्रह - आन्तरिक राजश्व विभाग लाजिम्पाट

७. सरकारी वकील दिग्दर्शन परिमार्जित चौथो संस्करण २०७४- महान्यायाधीवक्ताको कार्यालय

८. सर्वोच्च अदालत वुलेटिन- सर्वोच्च अदालत नेपाल

cfos/ 5'6 ;DaGwdf ;jf]{Rr cbfntsf] b[li6sf]0f

गोविन्दराज गौली◊

१. पृष्ठभूमि

कुनै पनि राष्ट्रको समुन्नती त्यस देशको आर्थिक वृद्धिदर, औद्धोगिक विकारको स्तर, जनशाक्तिको प्रकृति, जनशाक्तिको काम गर्न सक्ने गुणस्तर र मानवीय विकासको स्तर, भौगोलिक अवस्था आदिमा निर्भर गर्दछ । आय, रोजगारी, लगानी वचत, उपभोग आदिको नियमित परिचालनले देशको आर्थिक स्थिति उच्च हुन सक्छ । सरकारको कार्यक्षेत्रमा सामान्य प्रशासन, राजश्व संकलन, वैदेशिक सम्बन्धका अतिरिक्त सामाजिक क्रियाकलाप, विकास निर्माण, सामाजिक सुरक्षाका कार्यहरु पनि सरकारले गर्दछ । यि कार्यका लागि सरकारलाई आर्थिक श्रोतको आवश्यकता पर्दछ । सरकारले यस्ता आर्थिक श्रोत राजश्व, आन्तरिक ऋण तथा वैदेशिक ऋण आदिबाट प्राप्त गर्न सक्दछ । सरकारलाई आर्थिक दृष्टिले आत्मनिर्भर बनाउनमा आन्तरिक साधनको महत्वपूर्ण भूमिका रहन्छ । आन्तरिक साधनमा आन्तरिक ऋण तथा राजश्व परिचालन पर्दछन् । राजश्व परिचालनमा कर राजश्व र गैर कर राजश्व पर्दछ । प्रथमत कर राजश्वमा आयकर, भन्सार अर्थात् निकासी पैठारी कर, सम्पतिकर, बिक्रिकर, मूल्य अभिवृद्धि कर आदि पर्दछन् । दोश्रो वर्गमा पर्ने स्रोतहरूमा सरकारले सेवा वापत लिने शुल्क, लगानीमा प्राप्त गर्ने लाभांश, ऋण लगानीबाट प्राप्त ब्याज, सरकारको सम्पति बिक्रिबाट प्राप्त रकम, वस्तु र सेवा विक्रीबाट प्राप्त गर्ने रकम तथा रोयल्टी आदि गैर कर राजश्व अन्तर्गतका रकमहरु पर्दछन् ।

कर राजश्वको परिचालन संबिधान र कानूनको परिधिभित्र रहेर मात्र गर्न सकिन्छ। प्रजातान्त्रिक देशमा कानूनको अनुमति बेगर कर लगाउने र उठाउने कार्य गर्न मिल्दैन । यो मान्यतालाई हाम्रो संबिधानले पनि मान्यता दिएको छ । नेपालको संबिधान २०७२ को धारा २०३(१) ले कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन भन्ने व्यवस्था गरेको छ । यो व्यवस्था No Taxation without Representation भन्ने सिद्धान्तमा आधारित छ । जनताले निर्वाचित गरेका प्रतिनिधिहरु रहेको व्यवस्थापिकले मात्र कर सम्बन्धि कानूनको निर्माण गर्न सक्छ ।

सरकारले कर लगाउने र असूल गर्ने कार्यको पछाडी निश्चित उद्धेश्यहरु अन्तर्निहित हुन्छन । सामाजिक न्यायको उद्देश्य अथवा सम्पति र आयको समान वितरण गर्नु यसको प्रमुख

◊ उपन्यायाधिवक्ता, ...

उद्देश्य हुन् । सीमित व्यक्तिहरु, समूह, समूदाय वा वर्गमा आर्थिक साधन केन्द्रित हुन नदिनु यसको आर्थिक उद्देश्य हो । आयको समान वितरण गर्नु, करको माध्यमबाट वचत र लगानीलाई प्रोत्साहन गर्नु, रोजगारीको अवसरको सिर्जना गर्नु, धेरै आय भएका वर्गलाई करारोपण गरी प्राप्त कर सार्वजनिक हितमा प्रयोग गर्नु , सम्पतिको असमान वितरणलाई कम गर्नु, सार्वजनिक सम्पतिको प्रयोगमा सबै वर्गको पहुँच बढाउनु, सामाजिक विकृति तथा तडकभडकलाई निरुत्षाहित गर्नु, सार्वजनिक हित तथा लाभका क्रियाकलापको अभिवृद्धि गर्नु, सरकारलाई आवश्यक पर्ने आयस्रोतको संकलन गर्नु, बजार व्यवस्थापन तथा आपूर्ति व्यवस्थापनमा सुधार गर्नु, राष्ट्रिय अर्थतन्त्रलाई परनिर्भरताबाट आत्मनिर्भर बनाउनु कर लगाउने र असूल गर्ने मुख्य उद्धेश्य रहेको हुन्छ ।

२. नेपालमा आयकर (Income tax in Nepal)

विश्वमा आयकर लगाउने प्रथाको सुरुवात युद्धको कारणले भएको हो। युद्धको लागि श्रोत संकलन गर्ने उदेश्यले आयकर लगाउन थालिएको हो । १२ औ शताब्दीमा ग्रेट ब्रिटेनबाट शुरु भएको आयकर १७ औ शताब्दीमा फ्रान्समा लडाईका कारण स्रोत जुराउने उदेश्यले शुरु गरिएको थियो । नेपालमा पनि प्राचिन कालदेखि नै खेती, पशुपालन र व्यवसायामा विभिन्न नामले कर आसुली हुन थाल्यो जुन हिन्दुधर्ममा आफ्नो कमाइको केही अंश सरकारलाई दिनु पर्छ भन्ने सिद्धान्तमा आधारित थियो । ऐतिहासिक काल , किरातकाल , लिच्छविकाल तथा राणा कालमा समेत विभिन्न तरिकाले कर असूल हुन्थ्यो। २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भयो । २०१३ सालदेखि योजनावद्ध विकासको सुरुवात भयो। साधन र स्रोतको अभावको अवस्था हटाउन स्रोत परिचालन गर्न कर कानूनको आवश्यकता भयो । २०१६ सालमा व्यापार मुनाफा तथा पारिश्रमिक आयकर लगाउने व्यवस्था गर्न आर्थिक ऐन २०१६ लागू भयो जसले पारिश्रमिक र व्यापार मुनाफामा बढिमा २५% सम्म कर लगाउने र उधोगलाई ५०% छुट दिने व्यवस्था गरियो । छुटको सिमा रु ७००० थियो ।[1] २०१६ सालमा नै व्यापार मुनाफा तथा पारिश्रमिक कर अध्यादेश जारी भयो । २०१७ सालमा व्यापार मुनाफा तथा पारिश्रमिक कर ऐन २०१७ छुटै रुपमा आयो । सो ऐनले सिमित क्षेत्र ओगटेको थियो । पर्याप्त कानूनी प्रावधान थिएन । पारिश्रमिकलाई आयको प्रमुख स्रोत भनिएको थियो । यो ऐनमा खर्च कट्टा गर्न पाउने शिर्षकको व्यवस्था थिएन। यो ऐनले कृषि , व्यापार , मुनाफा ,

[1] प्रा.चन्द्रमणि अधिकारी, *'नेपालको आधुनिक कर प्रणाली सिधान्त र व्यवहार÷,* पैरवी प्रकाशन, पृष्ठ १९.

पारिश्रमिक , घर जग्गा वहाल , लगानी , विमा र अन्य स्रोतलाई पनि क्षेत्राधिकारमा ल्यायो । यसमा छुट पाउने खर्च, किस्तामा कर बुझाउने व्यवस्था , गणितीय भुल सुधार गर्न पाउने आदि नयाँ व्यवस्था गरिएको थियो । २०२० सालमा नेपालमा आयकर नियमावली २०२० तर्जुमा भई लागू भयो ।आर्थिक ऐनको माध्यमबाट सानातिना सुधार र हेरफेर जारी रह्यो । २०२९ सालमा आयकर ऐन २०१९ को पहिलो चोटी संशोधन भयो । यस संशोधनले व्यक्ति, दम्पती तथा परिवारको परिभाषा गर्यो । अस्थायी वासीन्दाको सम्बन्धमा स्पष्ट गर्यो। आय निर्धारण समितिको व्यवस्था, अग्रिम कर, घरजग्गा वहाल करमा करकट्टी गर्न पाउने,झुठ्ठा विवरण दाखिला गर्ने वा कर छलेको २ वर्ष भित्र पत्ता लागेमा पुनः कर निर्धारण गर्न सकिने व्यवस्था यस संसोधनका आधुनिक अवधारणासंग मेल खाने नयाँ कुराहरु हुन् ।

आयकर प्रसासनका लागि विध्यमान कानून अपर्याप्त भएको, आधुनिकीकरण गर्नु पर्ने, छरिएर रहेका कानुनलाई एकीकृत गरी प्रसासनलाई छिटोछरितो समेत बनाउने उद्देश्यले २०३१ सालमा आयकर ऐन २०१९ खारेज गरी आयकर ऐन २०३१ लागू भयो । २०३४ सालमा पहिलो पटक संशोधन भएको यो ऐनको २०४९ सालसम्म ८ औ पटक संसोधन भै सकेको थियो । ६६ ओटा दफा रहेको यस ऐनले करदाता, आय, आयबर्ष, कर निर्धारण, कृषि आय, कूल आय, खुदआय, व्यक्ति, दम्पति र परिवार, आस्थायी वासिन्दा आदि शब्दको परिभाषा समेत गरेको देखिन्छ। २०४९ सालको आठौ संसोधनले आयकरमा स्वयम कर निर्धारणको व्यवस्थाको प्रवेश गर्यो । २०३९ सालमा आयकर नियमावली २०३९ लागु भयो । झन्डै ३० वर्ष अगाडी बनेको आयकर कानूनमा करका सिद्धान्त तथा आधार, अन्तर्राष्ट्रिय कर, उद्देश्यका लागि राखिने लेखापालन, कर सम्बन्धि कुराहरुको परमाणिकरण र चारित्रिकरण, कानूनी उपचार आदि विषय पर्याप्त मात्रामा नसमेटीएको हुँदा मुलुकको आर्थिक विकासका लागि राजश्व संकलन प्रक्रियालाई प्रभावकारी बनाई राजश्व परिचालनलाई अभिवृद्धि गर्न आयकर सम्बन्धि कानूनलाई संसोधन, एकीकरण तथा समायोनुकूल बनाउन आवश्यक भएकोले २०५८ सालमा चैत्र १९ गते देखि आयकर ऐन २०५८ लागु गरियो । हाल आयकरण ऐन २०५८ लागू भैरहेको छ ।

देशको आर्थिक विकास र सम्वृद्धि हासिल गर्न कुनै पनि देश स्रोत र खाध्यनले सम्पन्न हुनु पर्दछ । उपलब्ध स्रोत र साधनको समुचित उपयोग दूरा योजनावद्ध विकासका माध्यमले निकायको ढांचा तयार हुन्छ । विकासमा सरकारी र निजी क्षेत्रको उत्तिकै भूमिका हुन्छ।

सरकारले विधि र कानूनका अधिनमा रहेर नियम्कारी भूमिका निर्वाह गर्दछ । शान्ति सुरक्षा कायम गर्न होस् वा सबै क्षेत्र वर्ग तथा तहमा सार्वजनिक सेवा प्रवाह,विकास निर्माण र विकासका कामलाई अगाडी बढाउन सरकारलाई स्रोत र साधन आवस्यक पर्दछ। निजि क्षेत्रले व्यवसाय र लगानीका माध्यमबाट आर्थिक क्रियाकलापलाई बढाउँदै देश विकासमा र राजस्व योगदान, रोजगारी सिर्जना, पुंजी निर्माण आदि द्वारा सरकार संगै आफ्नो भूमिका निर्वाह गरेको हुन्छ ।[२]

देशलाई समृध बनाउन शिघ्र विकास हुन सक्ने क्षेत्र पहिचान गरि ति क्षेत्रमा के सुविधा वा सहुलियत प्रदान गर्दा लगानी आकर्षित हुन्छ, रोजगारी बढ्छ, आर्थिक गतिविधि विस्तार हुन्छ, जीवनस्तर बढ्छ, सुख र सन्तोषको वातावरण बढ्छ भन्ने विषय महत्वपुर्ण हुन्छ। आर्थिक विकास र समृधीका लागि जनसांखिक लाभ, उपयुक्त स्थान, पूर्वाधार विकास, औधोगिक क्षेत्र र कोरिडोरको व्यवस्था, अनुदान, करमा सुविधा र सहुलियतमा राज्यको सोच र गन्तव्य जरुरी हुन्छ । लगानीको वातावरण पनि यिनै तत्वमा निर्भर रहन्छ।लगानीकर्ता र व्यवसायीले लगानी गर्न वा व्यवसाय संचालन गर्न कुनै पनि देशमा शान्ति, सुरक्षा बजारको सम्भावना, लगानीको सुरक्षा,प्रतिफलको सुनिश्चितता विना उपयुक्त वातावरणको महसुस गर्दैन ।

सरकारले राज्य संचालन, देशको विकास निर्माण, सेवा प्रवाह तथा जनताको कल्याणको लागि आवश्यक स्रोत व्यवस्था गर्न नागरिक बाट कानून बमोजिम कर उठाउछ। कर लगाउने निश्चित प्रणाली विधि र प्रक्रिया हुन्छन् । त्यस्तै गरि कर तिर्ने सन्धर्भमा आय आर्जन गर्ने व्यक्ति वा निकायले आफ्नो लगानी वा व्यवसायको सुरक्षा, दिगोपना, लगानीको प्रतिफल र व्यावसायिक उन्नति खोजेको हुन्छ। लगानीको वातावरण बनाउन सरकारी नीति, कानून, सहकारी र अभिभावकत्व अपेक्षित हुन्छ। व्यवसायजन्य सुरक्षा र लगानीको वातावरण बनाउन आवस्यक पर्ने धेरै आयामहरूमध्ये करमा सुविधा र सहुलियत एक हो। कर लगाउनु सरकारको एकाधिकार प्राप्त शक्ति हो। कानून बनाएर एकरुपतापूर्वक करारोपण गर्ने सरकारको चरित्रले गर्दा बजार स्वतस्पुर्त रूपमा संचालन हुन सक्दैन । सरकारको नियन्त्रण र वित्तीय अनुशासनमा बस्दा बजारले अनावस्यक भार महसुस गरेको हुन्छ । यसर्थ करारोपणका कारण बजारको कौसलतामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव

---

[२] बलराम रिजाल उपमहानिर्देशक, आन्तरिक राजस्व विभाग, *'नेपालमा कर छुट/ सहुलियत :एक समिक्षा* सातौं राष्ट्रिय कर दिवस स्मारिका २०७५, पृष्ठ ४६

पर्छ । करको प्रभावका कारण बजारमा स्वत बढ्नु पर्ने आर्थिक गतिविधिमा आउने चुनौती वा धक्का वा असफलतालाई रोक्न कर छुट वा कर सुविधाको व्यवस्था कर कानूनमा नै गरिएको हुन्छ ।

करको भार घटाउने गरी केहि वा सम्पूर्ण कर घटाउनु नै कर सहुलियत हो । कुनै विशेष आर्थिक क्रियाकलापलाई प्रोत्साहन गर्न वा सुविधा दिन कर सहुलियत दिईन्छ। प्रत्यक्ष करका कारण कुनै पनि कारोवार क्रियाकलाप वा लगानी गर्दा बढी भार भयो वा लागत बढ्यो भनी करलाई घटाउनु नै कर सुविधा हो । कर सहुलियत, करका दर वा रकम वा भुक्तानी जुनसुकै स्वरूपमा पनि हुन सक्छ ।

३. नेपालमा कर सहुलियतको विधमान अवस्था

नेपालमा लगानी मैत्री वातावरण बनाउन कर प्रणाली वाधक छ भन्ने गुनासो सुनिन्छ । कर कानूनको व्यवस्था निरपेक्ष हुदैन किनभने व्यवसाय सुरु गर्नको लागि त्यसको पूर्वाधार, व्यवसाय दर्ता, जनसक्ति व्यवस्था र स्थान विशेषको सुरक्षा व्यवस्थापन लगायत अन्य नियमक निकायको प्रमाणिक कागजात आवश्यक पर्दछ।यसैका आधारमा राजस्व कार्यालयहरुमा दर्ताका लागि सम्पर्क गर्नुपरेमा व्यवसायको नै नियमकका रूपमा यी कार्यालयहरुलाई बुझ्ने गरिएको पाईन्छ । करको सहभागिता लागत घटाउन सूचना प्रविधिको अध्याधिक उपयोग र अनलाईन सेवातर्फ नेपालको कर व्यवस्थापन अग्रणी देखिन्छ। वास्तवमा नेपालका कर कानूनहरु विशेषत अप्रत्यक्ष कर सम्बन्धि कानूनहरु, मूल्य अभिवृद्धी कर ऐन, र भन्सार ऐनमा लगानी गर्नु पूर्वपुँजीगत सा मन खरिद होस् वा करकट्टी सुविधा होस्, लामो सुचिबाट कर छूट सुविधा एवं दरबन्धिमा छूट माफीको व्यावास्था गरिएको छ । प्रत्यक्ष कर सम्बन्धि कानून आयकर ऐनमा विभिन्न क्षेत्रगत, क्रियाकलापगत, स्थानगत, उद्योगगत र प्राप्ति गर्ने रकमका आधारमा समेत विभिन्न दफाहरुमा कर सहुलियतको प्रवन्ध गरिएको पाईन्छ । यसका अलावा प्रत्यक वर्ष आउने आर्थिक ऐन मार्फत कर सहुलियत र कर छुट प्रदान गर्ने पटके अधिकार नेपाल सरकारले प्राप्त ग्रहण वस्तु तथा सेवामा लाग्ने अप्रत्यक्ष करको भार उपभोगमा पर्ने भएकाले यसमा कर सुविधाका लागि पटके निर्णय बाट समेत निरुपण गरिन्छ। प्रत्यक्ष कर आयकरको असर कर दातामा सिधै पर्ने भएकाले आयकर ऐनमा नै कर सहुलियतको व्यवस्था गरि व्यावसायिक सुरक्षाका लागि भरथेग गरिएको पाईन्छ।

छुट हुने आया वा रकम मा कर लाग्दैन। यस्ता रकमहरु कुनै व्यक्तिको, व्यवसाय, रोजगारी र लगानी बाट प्राप्त आयको गणना गर्दा आयमा समावेश गर्नु पर्दैन।त्यस्तै गरि यस्ता रकम प्राप्त गर्ने कार्य संग सम्बन्धमा भएका खर्चहरु कट्टी गर्न पनि पाईदैन। पुँजीगत लाभको गणना गर्ने प्रयोजनका लागी कुनै व्यक्तिको सम्पत्ति तथा दायित्व वापनका आम्दनिहरुमा कर छूट पाएका रकमहरु समावेश गर्नुपर्दैन ।कर छुट हुने रकमहरुको भुक्तानी गर्दा कर कट्टी गरि रहनु पर्दैन।

आयकर ऐन २०५८ को परिच्छेद ४ को दफा १०, ११ र १२ मा छुट हुने रकमहरु र अन्य रकमहरुको सम्बन्धमा व्यवस्था गरेको छ।

दफा १० छुट हुने रकमहरु, दफा ११ मा व्यावसायिक छुट तथा सुविधाहरु, दफा १२ कर छुट पाएका संस्थाहरुलाई दिईएको चन्दा उपहारका सम्बन्धमा ऐनले व्यवस्था गरेको छ। कर छुटको सुविधा लिने प्रक्रियाका सम्बन्धमा नियमावलीको परिच्छेद २ को नियम ३, ४, ५ ले व्यवस्था गरेको छ।

४. आयकर छुट सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसलाहरुः

फैसलाको विश्लेषण

१. नि. नं. ९१४३ को विश्लेषणः[३]

निवेदक : विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स-नेपाल) का तर्फबाट अख्तियारप्राप्त एवं आफ्नै हकमा समेत ऐ. का संस्थापक अध्यक्ष तथा कार्यालयका कार्यकारी निर्देशक पिताम्बरप्रसाद आचार्य

विरूद्ध

विपक्षी : नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत

विषय : उत्प्रेषण/परमादेश ।

दुबैतर्फका विद्वान कानून व्यवसायी एवं सहन्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा मागबमोजिम आदेश जारी गर्नुपर्ने हो होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

---

[३] ने.का.प. २०७१, भाग ५६, साल २०७१, श्रावन महिना, अंक ४, फैसला मिति २०७०/०९/०३, निर्णय नम्बर ९१४३ ।

१. यसमा नेपाल सरकारको नीतिअनुरूप गरिबी निवारणको क्षेत्रमा कार्य गर्ने उद्देश्यले स्थापित यस संस्थाले नेपालका ७५ जिल्लामध्ये ५४ जिल्ला अन्तरगतका विपन्न जनताको जीवनस्तर उकास्न विभिन्न विकास तथा सेवामूलक कार्यहरू गर्ने क्रममा ४५०० वटा साना तथा मझौला सिंचाई आयोजनाको निर्माण, ८४० वटा खानेपानी आयोजनाहरू सम्पन्न गरेको, २२ वटा उपस्वास्थ्य चौकीको भवन निर्माण, ३८१ वटा विद्यालय भवनहरूको निर्माण, मर्मत र पुनर्निर्माण, ८१० कि.मी. ग्रामीण कृषि सडकको निर्माण, ३८ वटा झोलुङ्गे पुल, १९ वटा सामुदायिक भवन, २ वटा लघु जलविद्युत आयोजनाहरूसमेत गरी हालसम्म जम्मा ७६४७ आयोजनाहरू निर्माण र मर्मत गरी जनतालाई सुम्पिई चालु अवस्थामा रहेका छन् । आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पिछडिएका दूरदराजका ग्रामीण समुदायका विपन्न वर्गको आर्थिक उन्नतिका लागि नेपाल राष्ट्र बैङ्कबाट अनुमति लिई लघुवित्त (Microfinance) कार्यक्रम सञ्चालन गरी ग्रामीण भेगका गरीब तथा विपन्न महिलाहरूको तर्फबाट बचत भएको रकमबाट निजहरूका सन्ततिको शिक्षा र स्वास्थ्यमा खर्च गर्न सहयोग पुगेको छ । यसरी निवेदक संस्था सार्वजनिक हित तथा परोपकारी कार्य गर्ने उद्देश्यले स्थापित भई मुनाफारहित गैरसरकारी संस्था भएको र तत्कालीन आयकर ऐन, २०३१ को दफा ४२(१) (च) हाल प्रचलित आयकर ऐन, २०५८ को दफा २(ध)(१)को खण्ड (क) ले आयकर छुट हुने संस्थाका रूपमा २०६१।५।१ मा आयकर छुटको प्रमाणपत्र प्राप्त गरेको छ । यसरी कर छुट सुविधा पाई कार्य सञ्चालन गरी आएकोमा आ.व. ०५६/०५७ को रू.२८,३८,८१६।६५ एवं सोही मितिमा आ.वं. ०५७/०५८ को रू. ३९,५९,९२४।४५ र आ.व. ०५८/०५९ देखि आ.व. ०६७/०६८ सम्मको कूल रू.२१,६६,०९,०२९।४३ रकमलाई खूद आय कायम गरी संशोधित आयकर निर्धारण गर्ने भन्ने मिति २०६९।१०।११ र २०६९।१०।१४ का पत्रहरू प्राप्त हुन आएको तर उक्त निर्णय गर्दा आयकर ऐन, २०५८ को दफा १०१(३) अनुसार ४ वर्षभित्र कर निर्धारण गरी सक्नुपर्नेमा १२ वर्षको एकमुष्ट कर निर्धारण गरिएको छ । मुनाफारहित संस्थाको रूपमा स्थापना भएको संस्थालाई कर लगाउने तथा प्रेषित पत्रमा उल्लिखित खूद आय भनी उल्लेख गरिएको रकम कर्मचारीको उपदान, बिदा, औषधि उपचारसमेतसँग सम्बन्धित हुँदा त्यस्तो रकमलाईसमेत खूद आय कायम गरी कर लगाउने गरी भएका निर्णयबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(घ), १३(१), ८९(१) को संवैधानिक हक तथा आयकर ऐन, २०३१ को

दफा ४२(१)(च) र आयकर ऐन, २०५८ को दफा २ (ध)(१)(क) का साथै संस्था दर्ता ऐन, २०३४ को दफा ५(२)समेतका कानूनी हकहरू हनन् हुन गएकोले आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. २ बाट कर निर्धारण गर्ने गरी मिति २०६९।१०।११ र २०६९।१०।१४ को पत्र तथा उक्त पत्रहरूसँग सम्बन्धित निर्णय एवं काम कारवाहीहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२)बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक संस्थालाई आयकर नलगाउनु भनी प्रतिषेध परमादेशलगायत अन्य जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाउँ भन्ने निवेदन व्यहोरा रहेको देखिन्छ ।

२. विपक्षीहरूको लिखित जवाफमा निवेदकले शर्तसहितको कर छुट प्रमाणपत्र प्राप्त गरेको हो निःशर्त होइन । कर छुट प्रमाणपत्र भएकै आधारमा मात्र त्यस्ता संस्थाहरूले आर्जन गरेको करयोग्य आयमा कर छुट हुने होइन । त्यस्ता संस्थाहरूले आयकर ऐन, २०५८ को दफा १०(छ) बमोजिम प्राप्त गरेको रकमको हदसम्म मात्र कर छुट हुने व्यवस्था रहेको छ । निवेदक संस्थाले व्यवसायिक तथा वित्तीय कारोबार गरी विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट ऋण कर्जा लिई लगानी गरेको, लघुवित्त कार्यक्रमअन्तर्गत ग्राहक सदस्यहरूमा ऋण लगानी तथा असुली कार्यबाट व्याज आम्दानी गरेको, परामर्श सेवाबाट आय आर्जन गरेको, बैङ्क डिपोजिटबाट व्याज आर्जन गरेको साथै विभिन्न कम्पनीमा शेयर र इक्विटीमा लगानी गरी आय आर्जन गरेको कुरा लेखा परीक्षणको प्रतिवेदन र कागजात विवरणबाट देखिएको, दातृ निकायहरूबाट अनुदान प्राप्त गर्दा नेपाल सरकारबाट स्वीकृति नलिएको साथै बोलकबोल प्रक्रियाअनुसार प्रतिस्पर्धा गरी काम तथा परियोजनाहरू प्राप्त गरी उक्त परियोजनाहरूबाट मुनाफा आर्जन गरी उक्त संस्थाले आफ्नो उद्देश्यविपरीत व्यवसायिक कारोबार गरी करयोग्य आय आर्जन गरेको पाइएको हुँदा आ.व. २०५६/५७ र २०५७/५८ को आयको सम्बन्धमा आयकर ऐन, २०३१ को दफा ३३(१) बमोजिम कर निर्धारण गरी सोको कुनै प्रतिक्रिया भए ७ दिनभित्र जवाफ पठाउन ऐनको दफा ३३(४)बमोजिम सूचना दिएकोमा निजले कर लाग्ने कारोबार नगरेको भन्ने प्रमाण पेश गरेको नदेखिएको हुँदा मिति २०६९।१०।२८ मा संशोधित कर निर्धारण गर्ने निर्णय गरिएको र आयकर ऐन, २०५८ को दफा १०१बमोजिम आ.व. २०५८/०५९ देखि आ.व. २०६७/६८ सम्मको संशोधित कर निर्धारण र मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा २० बमोजिम मूल्य अभिवृद्धिकर निर्धारण गरी संशोधित तथा अन्तिम कर

निर्धारण निर्णय आदेश जारी गरिएको हुँदा उक्त निर्णयमा चित्त नबुझेमा सो निर्णय आदेशउपर आयकर ऐन, २०५८ को दफा ११५ र मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा ३१(क)बमोजिम आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिन सकिनेमा सो वैकल्पिक बाटो अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोरा उल्लेख गरेको देखिन्छ ।

३. निवेदन व्यहोरा, लिखित जवाफ र विद्वान कानून व्यवसायीहरूले प्रस्तुत विवादमा उठाउनु भएको संवैधानिक एवं कानूनी प्रश्नसमेतलाई दृष्टिगत गरी हेर्दा निम्न प्रश्नहरूमा निरूपण गर्नुपर्ने देखिन आएको छ ।

(क) कर कार्यालयले गरेको निर्णय बदर माग गर्न परेको रिट निवेदनमा रिट क्षेत्राधिकार आकर्षित हुन सक्छ वा सक्दैन ?

(ख) निवेदक संस्था तत्कालीन आयकर ऐन, २०३१ को दफा ४२(च)(१) र हाल बहाल रहेको आयकर ऐन २०५८ को दफा २(ध)(१)(क) बमोजिमको दायराभित्र पर्ने सेवामूलक संस्था हो होइन ?

(ग) सेवामूलक संस्थाले वित्तीय कारोबार गर्न मिल्ने हो होइन र यसरी वित्तीय कारोबारबाट आर्जित आय करयोग्य आय हुन्छ हुँदैन ?

(घ) आन्तरिक राजस्व कार्यालयबाट भएका निर्णय कानूनसम्मत छन छैनन् र उक्त निर्णय बदर हुनुपर्ने हो होइन ?

(ङ) निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन ?

४. पहिलो प्रश्नतर्फ विचार गर्दा संशोधित तथा अन्तिम कर निर्धारण निर्णय आदेशउपर चित्त नबुझेमा सो निर्णय आदेशउपर आयकर ऐन, २०५८ को दफा ११५ र मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा ३१(क)बमोजिम आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सकिने र आन्तरिक राजस्व विभागको निर्णयउपर राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सकिने वैकल्पिक उपचारको बाटो विद्यमान रहेको अवस्थामा रिट क्षेत्रमा प्रवेश गरेको निवेदकको उक्त कार्य प्रारम्भमा नै कानूनविपरीत छ भनी वैकल्पिक उपचारको विषयमा विपक्षीहरूले विवाद देखाएका छन्।

५. निवेदक संस्थालाई तत्कालीन आयकर ऐन, २०३१ को दफा ४२(१)(च) र हाल प्रचलित आयकर ऐन, २०५८ को दफा २(ध)(१)को खण्ड (क) ले आयकर छुट हुने संस्थाका रूपमा २०६१।५।१ मा आयकर छुटको प्रमाणपत्र प्रदान गरी कर छुटको सुविधा पाई कार्य सञ्चालन गरी आएकोमा निज संस्थाले वित्तीय कारोबार गरी विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट ऋण कर्जा लिई लगानी गरेको, लघुवित्त कार्यक्रमअन्तर्गत ग्राहक सदस्यहरूमा ऋण लगानी तथा असुली कार्यबाट व्याज आम्दानी गरेको, परामर्श सेवाबाट आय आर्जन गरेको, बैङ्क डिपोजिटबाट व्याज आर्जन गरेको साथै विभिन्न कम्पनीमा शेयर र इक्विटीमा लगानी गरी आय आर्जन गरेको हुँदा मिति २०६९।१०।८ को निर्णयानुसार मिति २०६९।१०।११ आ.व.०५६/०५७ को रू.२८,३८,८१६।६५ एवं सोही मितिमा आ.वं. ०५७/०५८ को रू.३९,५९,९२४।४५ र आ.व.०५८/०५९ देखि आ.व.०६७/०६८ सम्मको कूल रू.२१,६६,०९,०२९।४३ रकम करयोग्य आय कायम हुने भनी मिति २०६९।१०।१४ मा पत्राचार भएको देखिन्छ । उक्त निर्णय एवं सो निर्णयानुसार गरिएको पत्राचार आयकर ऐन, २०५८ को दफा १०१(३) अनुसार ४ वर्षभित्र नभई १२ वर्षको एकैचोटी निर्णय भएको र उक्त निर्णय गर्दा कानूनले तोकेको समय व्यतीत गरी तथा कर्मचारीको उपदान, बिदा, बीमा र औषधि उपचार र लघुवित्त कारोबारबाट प्राप्त आयसमेतका रकम सबैलाई खुद आय कायम गरी भएका निर्णय गैरसंवैधानिक भएको भनी निवेदकले चुनौती दिएका छन् ।

६. आन्तरिक राजस्व कार्यालयबाट आयकर छुट हुने संस्थाका रूपमा निवेदक संस्थालाई २०६१।५।१ मा आयकर छुटको प्रमाणपत्र प्रदान गरिएको छ । यसरी आफैंले कर छुट हुने भनी प्रमाणपत्र जारी गरेको सो संस्थाले कुन कुन निकायबाट अनुदान रकम प्राप्त गरेको छ र सामाजिक सेवामा के कस्तो लगानी गरेको छ, मुनाफाका आधार के के हुन्, अन्य निकायबाट प्राप्त कार्यालय सञ्चालनसम्बन्धी खर्च, कर्मचारीको तलब, उपदान, बिदा, बीमा र औषधि उपचारसमेतको रकममा के कति करयोग्य आय हुन सक्छ र के कति कर छुटयोग्य आय हुने भन्ने र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा २४ बमोजिमका आयमा सोही ऐनको दफा ३१ बमोजिम दिन सकिने कर छुट जस्ता कानूनी प्रक्रियागत कार्य पूरा नगरी संस्थाले प्राप्त गरेको आयलाई करयोग्य आय कायम गरी १२ वर्षको आय एकै चोटी निर्धारण हुने भनी भए गरेका त्यस्ता निर्णयहरूलाई कानूनसम्मतको निर्णय मान्न मिल्दैन । कुन

आय करयोग्य आय हो र कुन आय करछुटयोग्य आय हो भन्ने कुराको निर्णय गर्न सम्बन्धित अधिकारीसक्षम छ तर कानून विपरीत गएर निर्णय गरिन्छ र निर्णयाधिकारीका निर्णयमा कुनै कानूनी प्रश्नमा विवाद रहेको देखिन्छ भने त्यस्तो कानूनी प्रश्नको निराकरण रिटक्षेत्रबाट नहुने भन्न मिल्दैन ।

७. अब, दोस्रो प्रश्नतर्फ विचार गर्दा निवेदक संस्था तत्कालीन आयकर ऐन, २०३१ को दफा ४२(१)(च) र आयकर ऐन २०५८ को दफा २(ध)(१)(क)बमोजिमको दायराभित्र पर्ने सेवामूलक तथा करछुटप्राप्त संस्था हो होइन भन्नेतर्फ विचार गर्दा तत्कालीन आयकर ऐन, २०३१ को दफा ४२(१)(च) मा भएको कानूनी व्यवस्था देहायबमोजिम छः

४२ आयकरको छुट :(१) यस ऐन वा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका आयमा कर लाग्ने छैनः-

(च) गाउँ विकास समिति, जिल्ला विकास समिति, नगरपालिका र मुनाफाको उद्देश्यले गठन भएको देखिबाहेकको प्रचलित नेपाल कानूनबमोजिम दर्ता भएको वा स्वीकृति प्राप्त गरेको सार्वजनिक संस्था वा शिक्षण संस्थाको आय,

यसैगरी हाल बहाल रहेको आयकर ऐन, २०५८ को दफा २(ध) मा भएको कानूनी व्यवस्था देहायबमोजिम छः

२ (ध) "छुट पाउने संस्था" भन्नाले देहायका निकाय सम्झनुपर्छ :

(१) कर छुट पाउने संस्थाको रूपमा विभागमा दर्ता भएका देहायबमोजिमका निकाय :

(क) नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था,

(ख) सामाजिक वा खेलकुदसम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले सो संस्था वा त्यसका सदस्यहरूले लाभ नलिने गरी गठन भएको अव्यवसायी (एमेच्योर) खेलकुद संस्था,

(२) निर्वाचन आयोगमा दर्ता भएको राजनैतिक दल,

(३) गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समिति,

तर छुट पाउने संस्थाको उद्देश्यअनुसार कार्य सम्पन्न हुँदा वा कुनै व्यक्तिद्वारा सो संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवाबापतको कुनै भुक्तानी गर्दा बाहेक सो संस्थाको

सम्पत्ति र सो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई कुनै फाइदा पुऱ्याएको भए त्यस्तो संस्थालाई कर छुट हुने छैन ।

८. निवेदक विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स-नेपाल) संस्था दर्ता ऐन, २०३४ अन्तर्गत मिति २०५०।६।१० मा दर्ता भई स्थापित भएको गैरसरकारी संस्था भएको कुरामा विवाद छैन । नेपाल सरकारको नीतिअनुरूप नै गरिबी निवारणको क्षेत्रमा कार्य गर्ने उद्देश्यले स्थापित भई विभिन्न विकास तथा सेवामूलक कार्यहरू गर्ने क्रममा साना तथा मझौला सिंचाई आयोजनाको निर्माण, खानेपानी आयोजनाहरूको निर्माण, उपस्वास्थ्य चौकीको भवन निर्माण, विद्यालय भवनहरूको निर्माण, मर्मत र पुनर्निर्माण ग्रामीण कृषि सडकको निर्माण, झोलुङ्गे पुल, सामुदायिक भवन, लघु जलविद्युत आयोजनाहरूसमेत निर्माण र मर्मत गरी जनतालाई सुम्पिई आफ्नो विधानको उद्देश्यअनुरूप स्थापना कालदेखि हालसम्म कार्य गरिआएको कुरामा विपक्षीले विवाद देखाएका छैनन् ।

९. देशको ग्रामीण क्षेत्रको सर्वाङ्गिण विकास सरकारी क्षेत्रको प्रयासबाट मात्र पूरा हुन नसक्ने ग्रामीण विकासका लागि समावेशी तरिकाले जन सहभागिता जुटाई निरपेक्ष गरिबीको रेखामुनि रहेको ग्रामीण समाजको आर्थिक र सामाजिक रूपान्तरण गर्न विभिन्न सेवामूलक कार्यक्रम सञ्चालन गर्ने भन्ने निवेदक संस्थाको विधानको प्रस्तावनामा उल्लेख छ । उक्त संस्थाको प्रस्तावनाबाटै आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पछाडि परेका विपन्न वर्ग वा समुदायको उत्थानको लागि सेवामूलक कार्य सञ्चालनार्थ सहयोग पुऱ्याउनु उक्त संस्थाको मूल उद्देश्य रहेको देखिन्छ । यही उद्देश्यलाई मूर्तरूप दिन संस्था दर्ता ऐन, २०३४ बमोजिम यो संस्था स्थापित भएको छ ।

१०. संस्था दर्ता ऐन, २०३४ को प्रस्तावनामा "सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक व्यवसायिक तथा परोपकारी संस्थाहरूको स्थापना र दर्ता गर्न भन्ने उल्लेख छ । त्यसैगरी उक्त ऐनको दफा २(क) मा "संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक व्यवसायिक तथा परोपकारी कार्यहरूको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्थालाई सम्झनुपर्दछ" भन्ने परिभाषा गरी संस्था दर्ता ऐनको प्रस्तावना र परिभाषासँग तादम्यता रहने गरी यस संस्थाको विधानको प्रस्तावनामा समेत उल्लेख भई सोही संघ संस्था दर्ता ऐन, २०३४बमोजिम

दर्ता भई संस्था सञ्चालन भई आएकोमा आन्तरिक राजस्व कार्यालयबाट उक्त संस्थालाई मिति २०६१।५।१ मा कर छुटको प्रमाणपत्रसमेत जारी गरेको देखिन आएको छ । यस संस्थाले माथि उल्लिखित विभिन्न क्षेत्रमध्ये नेपालको दूरदराज तथा भौगोलिक विकटतासमेतलाई दृष्टिगत गरी त्यस्तो क्षेत्रमा बसोबास गर्ने आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका विपन्न वर्गलाई लक्षित गरी विभिन्न सेवामूलक कार्य गर्दै आएको सेवामूलक परोपकारी संस्था हो भन्ने कुरामा विमति जनाउनुपर्ने अवस्था देखिएन । तर, सेवामूलक र मुनाफारहित परोकारी कार्य गर्ने उद्देश्यका साथ स्थापना भएको संस्थाले वित्तीय कारोबार गरी करयोग्य आय आर्जन गरेको भनी पहिला आफूले जारी गरेको कर छूटको प्रावधानविपरीत गएर कर निर्धारण गरेको कार्य गैरकानूनी र गैरसंवैधानिक भनी निवेदकले चुनौती दिएको अवस्था छ । सेवामूलक, मुनाफारहित परोकारी कार्य गर्ने उद्देश्यका साथ स्थापना भएको संस्थाले गरेको लघु वित्तीय कारोबारबाट प्राप्त हुन आएको आय करयोग्य आय हो होइन भन्ने प्रश्न पनि त्यत्तिकै विचारणीय रहेकोले यस प्रश्नको निरूपण प्रश्न नं.३ मा विस्तृत विवेचना गरिने छ ।

११. सेवामूलक संस्थाले वित्तीय कारोबार गर्न मिल्ने हो होइन र यसरी वित्तीय कारोबारबाट आर्जित आय करयोग्य आय हुन्छ हुँदैन भन्ने तेस्रो प्रश्नतर्फ विचार गर्दा संस्थाले वित्तीय कारोबार गरी विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट ऋण कर्जा लिई लगानी गरेको, लघुवित्त कार्यक्रमअन्तर्गत ग्राहक सदस्यहरूमा ऋण लगानी तथा असुली कार्यबाट व्याज आम्दानी गरेको, परामर्श सेवाबाट आय आर्जन गरेको, बैङ्क डिपोजिटबाट व्याज आर्जन गरेको हुँदा उक्त रकम करयोग्य भएको भन्ने विपक्षीहरूको जिकीर रहेको छ।

१२. संघ संस्था दर्ता ऐन, २०३४ अन्तरगत स्थापना भएका र तत्कालीन आयकर ऐन, २०३१ को दफा ४२(१)(च) र हाल बहाल रहेको आयकर ऐन, २०५८ को दफा २(ध)(१) को खण्ड (क)बमोजिम कर छुट पाउने संस्थाले प्राप्त गरेको के कस्ता रकममा आयकर लाग्दैन भन्ने सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १०(छ) मा भएको कानूनी व्यवस्थासमेत उल्लेख हुनु सान्दर्भिक छ ।

छुट हुने रकमहरू : देहायका रकमहरूमा कर छुट हुनेछ :

(छ) छुट पाउने संस्थाले देहायबापत प्राप्त गरेको रकम :

(१) चन्दा, उपहार,

(२) दफा २ को खण्ड (ध) बमोजिमको छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आश नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्षरूपले सम्बन्धित अन्य योगदानहरू, वा

(३) नेपाल राष्ट्र बैंकले आफ्नो उद्देश्यअनुरूप आर्जन गरेको रकम, वा

(४) नेपाल धितोपत्र वोर्डले आफ्नो उद्देश्यअनुरूप आर्जन गरेको रकम ।

१३. उपरोक्त कानूनी व्यवस्थाबमोजिम यस्ता कर छुट पाउने संस्थाले आफ्नो उद्देश्यअनुरूप कार्य गर्नको लागि दातृ निकायबाट अनुदानस्वरूप प्राप्त गर्ने चन्दा, उपहार र त्यस संस्थाले प्राप्त गरेको प्रतिफल र अन्य योगदानहरू करयोग्य आयमा गणना नहुने भन्ने व्यवस्था गरेको देखिन्छ । अब, निवेदक संस्थाले लघुवित्त कारोबार गरी गरेको आय करयोग्य आय हो होइन भन्ने प्रश्न पनि विचारणीय हुन आएको छ । निवेदक संस्था, संस्था दर्ता ऐन, २०३४ अन्तरगत दर्ता भएको संस्था भए पनि लघुवित्त कार्यक्रमसमेत सञ्चालन गरी आय आर्जन गरेको भन्ने कुरामा विवाद छैन । सेवामूलक र मुनाफारहित संस्था भनी दर्ता भई कार्य सञ्चालन भई आएको भए तापनि ऋण लगानीबाट प्राप्त भएको ब्याज भनी आर्थिक विवरणमा सो कुराको उल्लेख गरिएको छ । निवेदक संस्था मुनाफारहित संस्थाका रूपमा स्थापित भए पनि निज संस्थाले दातृ निकायबाट अनुदानस्वरूप चन्दा, उपहार, प्रतिफल र अन्य योगदानहरू प्राप्त गर्नुको साथ साथै वित्तीय कारोबार गरी सो वित्तीय कारोबारबाट आय आर्जन गरेको देखिँदा मुनाफारहित संस्थाका रूपमा स्थापना भए पनि व्यापारिक कारोबार गरेको त्यस्तो अवस्थामा मुनाफारहित भन्ने बित्तिकै सम्पूर्ण आयमा कर छुट हुने भन्ने होइन । कर छुटका पनि आफ्नै सीमा हुन्छन् । त्यो सीमाभन्दा बाहिर गएर न त राज्यले कर लगाउन सक्दछ न त आय प्राप्त गर्ने व्यक्ति वा संस्थाले इन्कार गर्न नै । त्यसकारण कर छुटको प्रमाणपत्र जारी हुँदैमा करमुक्त हुन नसक्ने विशुद्ध व्यापारिक कारोबार गरी आय आर्जन गरेको छ भने त्यस्तो अवस्थामा सो संस्थाले प्राप्त गरेको आयलाई करको दायरामा ल्याउनु हुँदै हुँदैन भन्ने तर्क गर्नु करका मूल्य मान्यता र सिद्धान्तविपरीत हुन जान्छ । त्यसकारण मुनाफारिहत सस्था भन्ने बित्तिकै व्यापार व्यवसायलाई छुट भनेको होइन । वित्तीय कारोबार गर्नु विशुद्ध सेवामूलक मात्र नभई नाफामूलक व्यापार व्यवसाय पनि हो । मुनाफा पनि व्यापार व्यवसायबाट हुन्छ भने त्यस्तो रकम

कररहित हुन सक्दैन । त्यसकारण वित्तीय कारोबारबाट प्राप्त आयमा सम्पूर्ण कर छुटको दावी गर्न र छुट दिन मिल्ने देखिंदैन ।

१४. संस्था दर्ता ऐन, २०३४बमोजिम दर्ता भएका संस्थाले वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को सीमामा रही त्यस्ता संस्थाले न्यून आय भएका व्यक्तिलाई लघुबचत संकलन गर्न र लघुकर्जा उपलब्ध गराउन वित्तीय मध्यस्थताको भूमिका निर्वाह गर्नको लागि लघु वित्तीय कारोबार गर्न राष्ट्र बैंकले अनुमति प्रदान गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरेको र यस संस्थाले पनि अनुमति प्राप्त गरी उक्त कानूनी प्रावधानका आधारमा लघुवित्त कारोबार सञ्चालन गरेको हुँदा प्रस्तुत विवादमा ऐनमा रहेका लघुवित्तसम्बन्धी विभिन्न पक्षको प्रयोजन र विश्लेषण हुनु आवश्यक देखिएको छ ।

१५. देशको विभिन्न क्षेत्रमा बसोबास गर्ने न्यून आय भएका व्यक्तिहरूलाई लघु व्यवसायमा सहभागी गराई तिनीहरूको आर्थिक स्थितिमा सुधार गर्नको निमित्त संस्थागतरूपमा लघुबचत संकलन गर्न तथा लघुकर्जा उपलब्ध गराउन वित्तीय मध्यस्थताको काम गर्ने संस्थाहरूको व्यवस्था गर्न बनेको वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ बमोजिम त्यस्तो कार्यक्रम सञ्चालन गर्नको लागि राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेका त्यस्तो संस्थाले उक्त ऐनको दफा ८ ले प्रदान गरेको अधिकारबमोजिम न्यून आय भएका व्यक्तिहरूको समूह गठन गरी उक्त व्यक्ति वा समूहबाट लघुबचत संकलन गर्न, लघुकर्जा प्रदान गरी लक्षित वर्गको उत्थान गर्ने कार्यमा कार्य गर्नुपर्ने गरी सीमा निर्धारण गरेको पाइन्छ । यसरी भौगोलिक विकट र दूरदराजमा बसोबास गरेका विपन्न र न्यून आय भएका व्यक्तिहरूलाई लक्षित गरी न्यून आय भएका व्यक्तिहरूलाई लघु व्यवसायमा सहभागी गराई तिनीहरूको आर्थिक स्थितिमा सुधार गर्नको लागि लघुबचत संकलन गर्न तथा लघुकर्जा उपलब्ध गराई त्यस्ता विपन्न वर्गको आर्थिकस्तर बृद्धि गर्नु ऐनको उद्देश्य रहेको छ । यसरी संस्था दर्ता ऐन, २०३४बमोजिम दर्ता भएका संस्थाले वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा ५(२)बमोजिम अनुमति प्राप्त गरी लघुबचत संकलन गर्न तथा लघुकर्जा उपलब्ध गराउने प्रयोजनले यस्ता संस्थाले लघुवित्त कारोबार गर्न सक्ने नै देखियो । उक्त कार्यक्रम सञ्चालानार्थ ऐनको दफा २४बमोजिम संस्थाको कोषमा देहायका रकमहरू रहने प्रावधान रहेको देखिन्छ ।

२४ (क) नेपाल सरकार वा बैङ्क वा स्वदेशी वा विदेशी संघ, संस्था आदिबाट अनुदान वा ऋण स्वरूप प्राप्त रकम,

(क१) लघुबचत सङ्कलन गरी प्राप्त गरेको रकम,

(क२) वाणिज्य बैङ्क वा वित्तीय संस्थाबाट प्राप्त गरेको रकम,

(ख) संस्थाको सदस्यहरूबाट प्राप्त शुल्कमध्ये तोकिएवंमोजिमको रकम,

(ग) संस्थाले प्रदान गरेको सेवाबापत प्राप्त सेवा शुल्कको रकम,

(घ) लघुकर्जाबाट प्राप्त व्याज, शुल्क आदि रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

१६. वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५बमोजिम लघुवित्त कारोबार गर्न निवेदक संस्थाले राष्ट्र बैंकबाट मिति २०६१।७।१६ मा अनुमति लिई लघुवित्त कारोबार गरेको देखिन्छ । यसरी संस्थाले उपरोक्त माध्यमबाट आर्जन गरेको रकममा कर छुट हुनुपर्ने भन्ने निवेदन दावी र उक्त रकम करयोग्य आय भएको भन्ने विपक्षीको लिखित जवाफ रहेको छ । माथि उल्लिखित प्राप्त आयमा वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा ३१बमोजिम करयोग्य आय भएको तर त्यस्तो रकममा नेपाल सरकारले पूर्ण वा आंशिकरूपमा आयकर छुट दिन सक्नेमा सो भए गरेको देखिन आएन । नेपाल सरकारबाट कर छुट पाएको बाहेक उक्त संस्थाले अन्य कुनै विशुद्ध व्यापारिक वा वित्तीय कारोबार गरी सो माध्यमबाट आय आर्जन गरी खूद मुनाफा गरेको छ भने त्यस्तो खुद मुनाफा कररहित हुन सक्ने भएन ।

१७. अब, चौथो प्रश्नतर्फ विचार गर्दा मिति २०६९।१०।८ को निर्णयानुसार मिति २०६९।१०।११ आ.व.०५६/०५७ को रू. २८,३८,८१६।६५ एवं सोही मितिमा आ.वं. ०५७/०५८ को रू. ३९,५९,९२४।४५ र मिति २०६९।१०।१४ मा आ.व. ०५८/०५९ देखि आ.व. ०६७/०६८ सम्मको कूल रू.२१,६६,०९,०२९।४३ रकम करयोग्य आय भनी जारी गरिएका निर्णयानुसारका काम कारवाही कानूनसम्मत छ छैन र उक्त निर्णय तथा पत्रहरू बदर हुनु पर्ने हो होइन भन्नेतर्फ विचार गर्दा निवेदक संस्था, संस्था दर्ता ऐन, २०३४बमोजिम दर्ता भएको सेवामूलक संस्था भई वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५बमोजिम लघुवित्त कारोबार गर्न राष्ट्र बैङ्कबाट अनुमति प्राप्त गरी विपन्न वर्गको

हितको लागि लघुबचत संकलन लघुकर्जा लगानी गरी आएकोमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण गर्दा उक्त ऐनको समग्र उद्देश्य र विविध पक्षलाई विचार पुऱ्याएको देखिन आएन । त्यसै गरी दूरदराजमा रहेका आर्थिक दृष्टिले पछाडि परेका विपन्न वर्गलाई लक्षित गरी नेपाल सरकारको नीतिअनुरूप नै कार्य सञ्चालन गरी आएकोमा त्यस्तो संस्थालाई कर लगाउँदा वित्तीय मध्यस्थतासम्बन्धी काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा २४ बमोजिमको प्राप्त आयमा सोही ऐनको दफा ३१ ले व्यवस्था गरेको कानूनी प्रावधानमासमेत विचार पुऱ्याएको देखिन आएन । आन्तरिक राजस्व कार्यालयबाट मिति २०६९।१०।८ मा भएको निर्णयानुसार जारी गरिएको आ.व. ०५६/०५७ र ०५७/०५८ को लागि मिति २०६९।१०।११ मा र मिति २०६९।१०।१४ मा आ.व. २०५८/०५९ देखि आ.व. ०६७/०६८ सम्मको कर निर्धारण आदेशलाई कानूनसम्मत भन्न मिलेन । निवेदक कर नलाग्ने संस्थाका रूपमा दर्ता भएको प्रमाणपत्र आफैंले जारी गरेको प्रमाणपत्र नहेरी मुनाफारहित हो होइन, संस्थाले गरेको आयमध्ये कुन कुन रकम करयोग्य आय हो र कुन कुन आय कर नलाग्ने आय हो भन्ने कुरातर्फ विश्लेषण र विवेचना गरी कर निर्धारण गर्नुपर्नेमा सोतर्फ विचार नगरी नलाग्ने रकममा समेत कर लगाउने गरी विपक्षी आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ काठमाडौंबाट भएको मिति २०६९।१०।८ को निर्णयानुसार जारी गरिएका मिति २०६९।१०।११ र २०६९।१०।१४ का कर निर्धारण आदेश त्रुटिपूर्ण देखिँदा उक्त मितिका निर्णय एवं कर निर्धारण आदेश एवम पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ ।

१८. अतः माथि विवेचित आधार कारणबाट विपक्षी आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ काठमाडौंबाट भएका उपरोक्त मितिका निर्णय एवं कर निर्धारण आदेश र पत्रहरू बदर हुने ठहर भएकोले अब जे जो बुझ्नुपर्ने बुझी निवेदक संस्थाको हकमा लाग्ने करका विषयमा प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी यो आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी विपक्षीहरूलाई गराई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या. प्रकाश वस्ती

विश्लेषण

आन्तरिक राजश्व कार्यालयबाट विकास आयोजना सेवा केन्द्रलाई २०६१/५/१ मा आयकर छुटको प्रमाणपत्र प्रदान गरिएको अवस्था छ । यसरी आफैले छुट हुने भनि प्रमाणपत्र जारी गरेको सो संस्थाले कुन कुन निकायबाट अनुदान प्राप्त गरेको छ र सामाजिक सेवामा के कस्तो लगानी गरेको छ , मुनाफाका आधार केके हुन,अन्य निकायबाट प्राप्त कार्यालय संचालन सम्बन्धि खर्च , कर्मचारीको तलब , उपदान, बिदा , विमा र औषधि उपचार समेतको रकममा के कति कर योग्य आय हुन सक्छ र के कति कर छुट योग्य आय हुने भन्ने र वित्तीय मध्यस्तताको काम गर्ने संस्था सम्बन्धी ऐन २०५५को दफा २४ वमोजिमका आयमा सोही ऐनको दफा ३१ वमोजिम दिन सकिने कर छुट जस्ता कानूनी प्रकृयागत कार्य पुरा नगरी संस्थाले प्राप्त गरेको आयलाई कर योग्य आय कायम गरी १२ वर्षको आय एकैचोटी निर्धारण हुने गरी गरेको निर्णय कानून सम्मत र न्यायोचित देखिदैन । कुन आय करयोग्य छ र कुन आय कर छुट दिन मिल्ने खालको छ भन्ने निर्णय गर्ने सक्षम पदाधिकारीले कानून विपरीत निर्णय गरेको अवस्थामा कानूनी प्रश्नको विवाद देखिएको अवस्थामा रिट क्षेत्रबाट पनि उपचार मिल्न सक्ने देखिन्छ ।

निवेदक संस्था मुनाफारहित संस्थाका रुपमा स्थापित भएपनि उक्त संस्थाले दात्री निकायबाट अनुदान स्वरूप चन्दा , उपहार ,प्रतिफल र अन्य योगदानहरु प्राप्त गर्नुको साथै वित्तीय कारोवार गरी सो कारोवारबाट आय आर्जन गरेको अवस्था छ । मुनाफारहित संस्था भएपनि व्यापारिक कारोवार समेत गरेको अवस्थामा सम्पूर्ण आयमा आयकर छुट हुन सक्ने अवस्था देखिदैन ।

उक्त संस्थाले वित्तीय कारोवार गरी विभिन्न बैंक तथा वित्तीय संस्था हरुबाट ऋण कर्जा लिई लगानी गरेको , लाघुवित्त कार्यक्रम अन्तर्गत ग्राहक सदस्यहरुमा ऋण लगानी तथा असूली कार्यबाट ब्याज आम्दानी गरेको , परामर्श सेवाबाट आय आर्जन गरेको , बैंकिंग डिपोजिटबाट ब्याज आर्जन गरेको अवस्था देखिएकोले उक्त आम्दानी कर योग्य देखिन्छ । यसरी हेर्दा उक्त संस्थाका सम्पूर्ण आयमा कर छुट हुन सक्ने अवस्था देखिदैन । कर छुटका पनि आफ्नै सिमा र मान्यता हुन्छन । सो सिमा मान्यता भन्दा बाहिर गएर न त राज्यले कर लगाउन सक्छ न त आय प्राप्त गर्ने व्यक्तिले इन्कार गर्न नै सक्छ । विशुध व्यापारिक कारोवार गरी आय आर्जन गरेको अवस्थामा संस्थाले प्राप्त गरेको आयलाई करको दायरामा ल्याउन हुदैन भन्ने तर्क करका मूल्य मान्यता र सिदान्त विपरीत हुन्छ ।

केवल कर छुटको प्रमाणपत्र प्राप्त गर्दैमा सम्पूर्ण आयमा कर छुट पाउने आधार बन्न सक्दैन । मुनाफा रहित संस्थाले पूर्ण रुपमा व्यापार गर्न पाउने भन्ने होइन । वित्तिय कारोवार सेवा मूलक मात्र नभई नाफा मूलक व्यापार व्यवसाय पनि हो । व्यापार व्यवसायबाट प्राप्त मुनाफामा अवश्य कर लाग्दछ । तसर्थ वित्तीय कारोवारबाट प्राप्त आयमा सम्पूर्णरुपमा कर छुटको दावी लिन र पूर्णरुपमा कर छुट दिन मिल्ने अवस्था देखिदैन । मध्यस्तताको काम गर्ने संस्थाले प्राप्त गरेको कर योग्य आएमा नेपाल सरकारले कर छुटको सुविधा प्रदान गर्न नसक्ने होइन तर त्यस सम्बन्धमा सरकारले छुटै निर्णय गरेर कर छुट दिन सक्ने अवस्था रहन्छ । नेपाल सरकारबाट कर छुटका लागि निर्णय भएकोमा बाहेक अन्य कुनै विशुद्द व्यापारिक वा वित्तीय कारोवार गरी आयआर्जनबाट मुनाफा गरेको उक्त मुनाफा कर रहित हुन सक्ने देखिदैन ।

प्रस्तुत मुद्दामा निवेदक संस्था सेवा मूलक संस्थाको रुपमा दर्ता भई आफ्नो उदेश्य अनुरुप सेवा मूलक कार्य गरेको देखिन्छ । उक्त संस्थाले मध्यस्तताको काम गर्ने संस्था सम्बन्धी ऐन २०५५ वमोजिम लाघुवित्त कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरी वित्तिय कारोवार गरेको देखिन्छ । विपन्न वर्गको हितको लागि लघुवचत संकलन लघुकर्जा लगानी गरी आएको देखिन्छ । दुर्गम ग्रामीण क्षेत्रममा रहेको आर्थिक रुपले पछाडी परेका विपन्न वर्गको हितको लागि संस्थाले कार्य गरेको देखिन्छ । उक्त संस्थाले लघुवित्तीय कारोवारका लागि नेपाल राष्ट्र बैंकबाट अनुमति लिई अत्यन्त दुर्गम क्षेत्रमा रहेका र आर्थिक दृष्टिले पछाडी परेका विपन्न वर्गका जनताका लागि लक्षित गरी नेपाल सरकारको नीति अनुरुप कार्य गरी विपन्न वर्गको हितमा खर्च गर्ने गरी आय आर्जन गरेको संस्थाको आयमा कर लगाउदा विवेकपूर्ण निर्णय गर्नु पर्ने देखिन्छ । निवेदक संस्था कर नलाग्ने संस्थाको रुपमा दर्ता भएको ,कर नलाग्ने प्रमाणपत्र प्राप्त संस्थाका रुपमा देखिएको अवस्थामा आफैले जारी गरेको प्रमाणपत्रको उचित मुल्यांकन नै नगरी मुनाफा रहित हो होइन , संस्थाले गरेको आय मध्ये कुनकुन रकम करयोग्य आय हो र कुनकुन आय कर नलाग्ने आय हो भन्ने तर्फ विश्लेषण र विवेचना गरी कर लगाउनु पर्नेमा सो नगरेको कारणले मात्र रिट जारी भएको देखिन्छ । फैसलाले संस्थाका सम्पूर्ण आयकर छुट योग्य आय भनेको अवस्था पनि देखिदैन । फैसलाले निवेदक संस्थाको हकमा लाग्ने करका विषयमा समेत प्रमाणको यथोचित मुल्यांकन र विश्लेषण गरी निर्णय गर्न समेत निर्देशनात्मक आदेश जारी गरेको देखिन्छ । संस्थाको उद्देश्य तथा कार्य प्रकृया आदि सबै पक्षको उचित विश्लेषण गरी कर निर्धारण गर्नु पर्ने दायित्व सम्बद्ध अधिकारीलाई नै तोकिएको देखिन्छ ।

२. निर्णय नम्बर ७५६२ को विश्लेषण[४]

निवेदकः का.जि.का.म.न.पा.वडा नं. ११ ववरमहल पँजिकृत कार्यालय भएको गणपति रोजिन एण्ड टर्पेन्टाईन इण्डष्ट्रिज प्रा.लि.को अधिकारप्राप्त अध्यक्ष विश्वनाथ पोद्दार

विरुद्ध

विपक्षीः श्री ५ को सरकार २ नं. क्षेत्र आन्तरिक राजश्व कार्यालय समेत

विषय :- उत्प्रेषण समेत ।

१. निर्णयतर्फ विचार गर्दा कानून अनुसार कम्पनी स्थापना भएको ५ वर्ष सम्म आयकर छुट पाउने उद्योगले आ.व. २०५५।५६ को स्वयंकर निर्धारण गरी विपक्षी आन्तरिक राजश्व कार्यालयमा दाखिल गरेको विवरणमा शेयरवालालाई रु. ४५०,०००। वितरण गरेको देखाएकोमा सो रकममा समेत १० प्रतिशत लाभाँस कर लाग्ने भनी निर्देशन दिएवाट रु.४५,०००। दाखिल गरे पनि सो को विरुद्ध विपक्षी आन्तरिक राजश्व कार्यालय समक्ष सो रकम फिर्ता पाउन निवेदन गरेकोमा फिर्ता दिन नमिल्ने जानकारी दिईयो र अ.वं. १७ नं. अनुसार राजश्व न्यायाधीकरण काठमडौंमा निवेदन गर्दा समेत ऐ कार्यालयको निर्णय सदर भएकोले विपक्षीहरुको सो निर्णयहरु समेत वदर गर्न गराउन प्रस्तुत निवेदन परेको पाईयो । आर्थिक ऐन, २०५६ को अनुसूची ६ को दफा ४७ ले लाभाँशमा १० प्रतिशत कर लाग्ने गरेको रकम एक पटक कम्पनी स्वयंले वुझाई सेककोमा फिर्ता प्राप्त गर्न सक्दैन । औद्योगिक व्यवसाय ऐनको दफा १५ (ख) र (ण) अनुसार पनि सो कर वुझाउन पर्ने होइन भन्ने समेतको निवेदन व्यहोरा पाईन्छ । निवेदकले दाखिल गरेको उक्त लाभाँश वापतको कर विपक्षीहरुले दाखिल गराउन सक्ने हो, होईन अर्थात निवेदक कम्पनीले दाखिल गरी सकेको सो कर रकम फिर्ता पाउन पर्ने हो, होइन भन्ने सम्वन्धमा विचार गर्नु पर्ने देखियो । निवेदक कम्पनीले २०५३।७।२७ देखि उत्पादन शुरु गरेको भन्ने कुरामा कुनै विवाद छैन । औद्योगिक व्यवसाय ऐन, २०४९ को तत्काल प्रचलित दफा १५(ख) अनुसार यस्ता उद्योगले ५ वर्ष सम्म आयकर छुट पाउने अवस्था देखिन्छ । यस्तो कानूनन आयकर छुट पाई राखेको कम्पनीले वितरण गरेको लाभाँशमा कर लाग्ने हो, होईन भन्ने तर्फ विचार गर्नु पर्ने देखिन्छ । निवेदक कम्पनीको आ.व. २०५५।५६ को आय सम्वन्धमा तत्काल

---

[४] ने.का.प. २०६२, भाग ४७, साल २०६२, महिना कार्तिक, अंक ७, फैसला मितिः २०६१/०९/२३, निर्णय नम्बर ७५६२ ।

प्रचलित आयकर ऐन, २०३१ का प्रावधानहरु लागु हुनेमा कुनै विवाद छैन । कम्पनी वा उद्योगको हकमा समेत आयकरको सम्वन्धमा लागु हुने यो ऐन मूल ऐन हो र यस ऐनमा उल्लेखित कानूनी व्यवस्थाको विरुद्ध आयकर लगाउन वा नलगाउन मिल्ने देखिँदैन । आयकर ऐन, २०३१ को दफा ४२ ले आयकर छुटको व्यवस्था गरी ऐ को ४२(२) ले औद्योगिक व्यवसाय सम्वन्धी प्रचलित नेपाल कानूनमा पूर्ण वा आँशिक रुपले आयकर नलाग्ने गरी व्यवस्था भएको उद्योगहरुलाई सोही बमोजिम औद्योगिक आयमा कर छुट हुने छ भन्ने समेतको व्यवस्था गरेको हुँदा आयकरको सम्वन्धमा आकर्षित हुने मूल अर्थात ऐनले नै कुनै उद्योगको आयकर नलाग्ने कुरा औद्योगिक व्यवसाय ऐनमा उल्लेख छ भने त्यस्तोमा आयकर लाग्दैन भन्ने कुरा उल्लेख गरेको हुँदा उल्लेखित औद्योगिक व्यवसाय ऐन, २०४९ को तत्काल प्रचलित दफा १५(ख) अनुसार आयकर छुट पाई रहेको उद्योग वा कम्पनीको आयमा करको दायित्व निर्धारण गर्न सक्ने अवस्था देखिँदैन । जहांसम्म आर्थिक ऐन, २०५६ अनुसार मुनाफाको हिस्सामा मात्र कर लगाएको हो भन्ने विपक्षीहरुको भनाई छ सो तर्फ विचार गर्दा निवेदक कम्पनी ५ वर्ष सम्म आयकर छुट कम्पनी हो भन्नेमा विवाद नभएको अवस्थामा कर लाग्ने कम्पनी र आयकर छुट रहेको कम्पनीको हकमा समेत आर्थिक ऐन, २०५६ को अनुसूची ६ को दफा ४६ मा उल्लेखित कम्पनीले मुनाफावाट आयकर नतिरी लाभाँश वा मुनाफाको हिस्सा वितरण गर्दा त्यसको १० प्रतिशत लाभाँश कर कट्टी गरी दाखिल गर्न पर्ने भन्ने कुरा आकर्षित हुने हो भनी मान्ने हो भने आयकर लाग्ने र नलाग्ने कम्पनी वीच कुनै विभेद रहने स्थिति देखिँदैन । औद्योगिक व्यवसाय ऐन, २०४९ को तत्काल प्रचलित दफा १५ ले आयकर विक्रिकर, अन्तशुल्क भन्सार सम्वन्धी कानूनहरु एवं अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उद्योगले देहाय बमोजिम सूविधा तथा सहुलियत पाउनेछ भन्ने व्यवस्था गरी माथि उल्लेख गरे अनुसार ऐ १५ (ख) अनुसार निवेदक कम्पनीलाई ५ वर्ष आयकर छुट भएको ऐ ऐ को तत्काल प्रचलित दफा १५(ण) ले उद्योगमा गरेको लगानीवाट प्राप्त हुने लाभाँशमा आयकर लाग्ने छैन भन्ने स्पष्ट व्यवस्था गरेका हुँदा आयकर छुट प्राप्त उद्योगले वाडने मुनाफाको हिस्सामा प्रत्यक्ष वा परोक्ष रुपले कर लगाउन मिल्ने देखिँदैन।यस्तो छुट प्राप्त उद्योगले गरेको आयवाट वितरण गर्ने मुनाफाको हिस्सामा कर लगाउन नमिल्ने भनी सम्वत् २०५४ सालको रि.नं. २३८० मा उद्योगमा गरेको

लगानीवाट प्राप्त लाभाँशमा कर नलाग्ने गरी निर्णय भई परमादेशको आदेश जारी भै रहेको हुँदा प्रस्तुत निवेदनमा समेत अन्यथा गर्नपर्ने देखिएन ।

२. अतः माथि उल्लेखित आधार, कारण विद्यमान कानूनी व्यवस्था तथा यस अदालतको पूर्व निर्णय समेतलाई दृष्टिगत गर्दा निवेदन दावी अनुसार आयकर छुट अवधिको आयवाट प्राप्त लाभाँसमा कर नलाग्ने हुँदा सोमा समेत कर लगाउने गरेको विपक्षी २ नं. क्षेत्र, आन्तरिक राजश्व कार्यालय काठमाडौं समेतका आदेशहरु वदर गरी दिएको छ । अव निवेदन माग बमोजिम सो लाभाँश वापत दाखिल गराउन लगाएको रकम फिर्ता दिनु भनी विपक्षी २ नं. क्षेत्र, आन्तरिक राजश्व कार्यालय काठमाडौंको नाममा यो परमादेशको आदेश समेत जारी गरी दिएको छ । मिसिल नियमानुसार गरी बुझाईदिनु।

उक्त रायमा म सहमत छुं ।

न्या.भैरवप्रसाद लम्साल

विश्लेषण

आयकरको सम्बन्धमा आकर्षित हुने मूल ऐन औधोगिक व्यवसाय ऐन २०४९को तत्काल प्रचलित दफा १५(ख) अनुसार उधोगले ५ वर्ष सम्म आयकर छुट पाउने प्रावधान देखिन्छ। उधोगले २०५६/७/२७ देखि उत्पादन सुरु गरेकोमा विवाद देखिदैन। सो अवधिमा प्रचलित औधोगिक व्यवसाय ऐनले नै आयकर छुट दिएको देखिन्छ। त्यस्तो अवस्थामा उधोगलाई आयकर नलाग्ने स्पष्ट देखिन्छ। आयकर छुट भएको अवधिमा भएको आम्दानीबाट लाभांश वा मुनाफाको हिस्सामा कर लगाउने हो भने आयकर छुट दिनुको कुनै औचित्य देखिदैन। आयकर छूट दिनु नदिनुको कुनै अर्थ रहदैंन। त्यसो गर्दा कर छुट दिएको उधोग र छूट नपाउने उधोग बीच विभेद हुन गई अन्याय पर्ने हुन्छ। तसर्थ कर छुट उधोगलाई कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष कर लगाउन मिल्दैन।

३. निर्णय नम्बर ४७८५ को विश्लेषण[५]

निवेदकः नेपाल कम्पनी ऐन, २०२१ अन्तर्गत स्थापित काठमाडौं डिल्लीबजार स्थित हिमालयन ब्रुअरी लिमिटेडका संचालक गोपाल बहादुर शाही ।

विरुद्ध

[५] ने.का.प.२०५०(ग), भाग ३५, साल २०५०, महिना पौष, अंक ९, फैसला मितिः २०५०/०६/०७, निर्णय नम्बर ४७८५।

विपक्षी : श्री ५ को सरकार, अर्थ मन्त्रालय काठमाडौं समेत ।

विषय : उत्प्रेषण।

विद्वान अधिवक्ताहरुको वहस सुनी उत्प्रेषणको आदेश जारी हुन नहुने तर्फ विचार गर्दा स्वयम निवेदकको निवेदन जिकिरबाट हिमालय ब्रुअरी कम्पनी मिति २०३७।१।१८ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भएका तर उत्पादन भने मिति २०३९।१०।१६ गतेमा मात्र प्रारम्भ भएको भन्ने देखिन्छ । औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १४(३) मा यो ऐन प्रारम्भ हुनु अघि अनुमति प्राप्त गरेतापनि यो ऐन प्रारम्भ भई सकेपछि मात्र स्थापना भएको वा उत्पादन शुरु गरेको उद्योगले यसै ऐन बमोजिम सुविधा सहुलियत र संरक्षण मात्र उपभोग गर्न पाउने छन् भन्ने कानून व्यवस्था गरेको छ। निवेदक तर्फबाट हाम्रो उद्योगका उत्पादन मिति २०३९।१०।१६ मा प्रारम्भ भएपनि स्थापना, २०३७ मा नै भई सकेकोले अघिल्लो ऐन बमोजिम सुविधा पाउनु पर्छ भन्ने बहस जिकिरका सन्दर्भमा विचार गर्दा कुनैपनि उद्योगले आफ्नु उत्पादन प्रारम्भ भएपछिको उत्पादित सामानको विक्री वितरणको फलस्वरुप आय आर्जन गर्न र सो आयमा मुनाफा भएको खण्डमा आयकर लाग्ने हुँदा आयकरको प्रयोजनको लागि उत्पादन प्रारम्भ भएपछि नै उद्योगको आयकरको मूल्यांकन हुनु कानूनसँगत हुन्छ । उत्पादन प्रारम्भ नभएको अवधिमा आयकर तिर्ने प्रयोजन नै नहुने हुँदा उत्पादन प्रारम्भ हुनु अगावैको अवधिलाई उद्योग स्थापना भएको भन्न र सोही बखतको कानून लागू हुन्छ भन्नु तर्कसँगत हुँदैन । निवेदकले औद्योगिक व्यवसाय ऐन, २०३० बमोजिम सुविधा उपभोग गरी सकेको पनि देखिंदैन । अघिल्लो ऐन बमोजिम अन्तःशुल्क छुट पाई सकेको हुँदा आयकरको सुविधा पनि अघिल्लो ऐन बमोजिम नै पाउनुपर्छ भन्ने निवेदकको जिकिर तर्फ हेर्दा आयकर र अन्तःशुल्क बेग्लाबेग्लै विषय भएकोले अन्तःशुल्क बारे एउटा निर्णय भई सुविधा पाए भन्दैमा आयकर पनि सोही बमोजिम छुट पाउनु पर्ने कानूनी बाध्यता देखिदैंन । औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १४(३) मा किटानी साथ यो ऐन लागू हुनु अघि अनुमति प्राप्त गरेतापनि यो ऐन प्रारम्भ भएपछि स्थापना वा उत्पादन शुरु भएको उद्योगले यसै ऐन बमोजिम सुविधा सहुलियत पाउँछ भन्ने कानूनी व्यवस्था गरी सकेपछि अघिल्लो ऐनको सुविधा पाउँ भन्ने जिकिर मान्नु पर्ने कानूनी आधार छैन । निवेदकले प्रस्तुत गर्नु भएका नजिरहरु यस रिटको विषयसँग मेल खाँदैन । यस सम्बन्धमा २०४६ को रिट नं. ९८५ निवेदक नारायण कोइराला समेत विरुद्ध कर विभाग समेत

भएको परमादेशको रिट निवेदनमा औद्योगिक व्यवसाय ऐन, २०३० बहाल रहेको अवस्थामा अर्थात औद्योगिक व्यवसाय ऐन, २०३८ प्रारम्भ हुनु अघि अनुमति प्राप्त गरी स्थापित भएको तर सो अघिल्लो ऐन अनुसार कुनै सुविधा प्राप्त गरी नसकेको देखिंदा निवेदकका सम्बन्धमा औद्योगिक व्यवसाय ऐन, २०३८ को तत्कालिन दफा १४(२) आकर्षित हुने भनी मिति २०४९।१।१०।४ मा यस सर्वोच्च अदालत संयुक्त इजलासबाट नजिर कायम भएको छ । साथै औद्योगिक व्यवसाय ऐन, २०३० को दफा ९(१)(ग) अनुसार यो उद्योग आयातप्रतिस्थापक हो वा निर्यातमूलक हो भन्ने प्रश्नतर्फ विचार गर्नुपर्ने नै स्थिति नआएकोले उद्योगको उत्पादन प्रारम्भ हुँदा लागू रहेको औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १०(क) को (२) बमोजिम मूल्य अभिवृद्धिको मापदण्डको ५ वर्षको आयकर सुविधा प्रदान गरेको कर कार्यालयको निर्णय कानून विरुद्ध छ भन्न नसकिने हुँदा निवेदन जिकिर बमोजिम उत्प्रेषणको आदेश जारी हुन सक्दैन । रिट निवेदनपत्र खारेज हुने ठहर्छ । फाइल नियम बमोजिम गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. गजेन्द्रकेशरी वास्तोला

विश्लेषण

कुनै पनि उध्योगले आफ्नो उत्पादन सुरु भएपछिको उत्पादित सामान विक्री वितरण भए पछि आयआर्जन गर्न सुरु गर्दछ । त्यसरी आर्जित आयबाट नाफा भएमा आयकर लाग्न सुरु हुन्छ। तसर्थ आयकर प्रयोजनका लागि उधोगबाट उत्पादन सुरु भएपछि नै उधोगको आयकरको मुल्यांकन हुनु पर्दछ। उत्पादन सुरु नै नभएको अवधिको आयकर बुझाउने प्रश्न नै आउदैन। उधोगबाट उत्पादन सुरु भएको अवधिमा विधमान कानूननै उधोगमा लागु हुने गर्दछ। उत्पादन शुरु हुनु भन्दा अगाडिको कानूनको सुविधा माग गर्नु प्रचलित कानूनको प्रतिकूल देखिन्छ।

उधोगबाट उत्पादित वस्तुमा लाग्ने अन्तःशुल्क र मुनाफामा लागु हुने आयकरको विषयवस्तु नितान्त फरक विषय हो। उधोगलाई राज्यले अन्तःशुल्कको सुविधा दिएको अवस्थामा आयकर पनि छुट पाउनु पर्छ भन्ने दावी कानून र न्याय सम्मत देखिदैन। राज्यले कुनै एक विषयमा कर छुट दियो भन्दैमा अन्य करको दायराबाट समेत उन्मुक्ति पाउन सकिदैन। उधोगबाट उत्पादन सुरु भएका वखत कुनै सुविधा दिइसकेको अवस्थामा पछि थप

सुविधाको माग गर्न मिल्दैन। उत्पादन सुरु हुँदाका वखत विधमान औधोगिक व्यवसाय ऐन, २०३८ बमोजिम निर्धारण भएको ५ वर्ष आयकर छुटको सुविधालाई कानूनसम्मत नै मान्नु पर्ने देखिन्छ।

४. निर्णय नम्बर ४३५१ को विश्लेषण[६]

निवेदकः भारत मेमर्स नर्थ विहार कन्सट्रक्सन कम्पनीका प्रबन्धक किसनलाल गोल्छा

विरुद्ध

विपक्षी : कर कार्यालय धरानसमेत

आज निर्णय सुनाउन तोकिएको प्रस्तुत रिट निवेदनमा निर्णयतर्फ विचार गर्दा यसमा कोशी प्रोजेक्टको सम्बन्धमा श्री ५ को सरकार र भारत सरकार बीच सम्झौता भए अनुसार कोशी प्रोजेक्टको कार्यान्वयनको लागि नेपालबाट भारत ढुङ्गा लैजाँदा रोयल्टी बाहेक अन्य कुनै पनि प्रकारको कर भन्सार आदि लगाउन नपाउनेमा भारत सरकारबाट कोशी प्रोजेक्टको ढुङ्गा ओसार्नका लागि भनी हाम्रो कम्पनीले ठेक्का लिएकोमा विपक्षी कर कार्यालयले आयकर अग्रिम भुक्तानी नगरी काम गर्ने अनुमति नदिएको हुँदा आयकर अग्रीम दाखिला गरेको थिएँ। सो अग्रिम बुझाएको आयकर फिर्ता माग्न जाँदा फिर्ता नदिएको हुँदा परमादेशको आदेश जारी गरी फिर्ता दिलाई पाउँ भन्ने रिटनिवेदन जिकिर भएको पाइन्छ । रिट निवेदकले यो यस कानुन अनुसार आयकर छूट सुविधा पाउने भनी स्पष्ट खोली जिकिर लिन सकेको पाइन्न । कोशी प्रोजेक्टको सम्बन्धमा सन् १९६६ डिसेम्बर १९ मा श्री ५ को सरकार र भारत सरकार बीच भएको सम्झौताको दफा ७ को आधारमा आयकर छूट सुविधा पाउनु पर्ने भन्ने निवेदकले जिकिर लिएको देखिन्छ । प्रचलित नेपाल कानुनद्वारा समर्थित भएकोमा बाहेक श्री ५ को सरकार र अन्य कुनै विदेशी मुलुकको सरकार बीच कुनै सम्झौताबाट कुनै व्यक्तिको कुनै हक वा दायित्वको सृजना भएको सम्झन मिल्दैन । आयकर ऐन, २०३१ मा कोशी प्रोजेक्टबाट ढुङ्गा ढुवानी गर्ने ठेक्काको ठेकेदारले आयकर छूट पाउने व्यवस्था भएको पाइन्न । उक्त ऐनको दफा ४२ को उपदफा (३) मा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै व्यक्ति वा खास किसिमको आयमा लाग्ने कर पूर्ण वा आंशिक रुपले छुट दिन सक्नेछ" भन्ने प्रष्ट व्यवस्था भइराखेको पाइन्छ । उक्त दफा ४२(३) अन्तर्गतको सूचना प्रकाशित गरी श्री ५ को सरकारले

---

[६] ने.का.प. २०४८, भाग ३३, साल २०४८, महिना पौष, अंक ९, फैसला मिति २०४८/०९/०२, निर्णय नम्बर ४३५१।

त्यस्तो ठेकेदारको आयमा आयकर नलाग्ने भनी छूट दिएको पनि नदेखिएकोले श्री ५ को सरकार र भारत सरकार बीच भएको सम्झौताको धारा ७ अन्तर्गत आयकर नलाग्ने भन्ने निवेदकको जिकिर कानुनसंगत देखिएन । रिटनिवेदन खारेज गर्ने गरेको सर्वोच्च अदालत संयुक्तइजलासको इन्साफ मनासिब ठहर्छ । मिसिल नियम बमोजिम गरी बुझाई दिनु ।

उक्त रायमा हामी सहमत छौं ।

न्या.केशवप्रसाद उपाध्याय, न्या.लक्ष्मणप्रसाद अर्याल, न्या.कृष्णजंग रायमाझी र न्या.गोविन्दबहादुर श्रेष्ठ

विश्लेषणः

प्रचलित नेपाल कानून द्वारा समर्थित भएकोमा बाहेक नेपाल सरकार र अन्य कुनै विदेशी मुलुकको सरकार बीच भएको सम्झौता बाट कुनै व्यक्तिको कुनै हक वा दायित्वको सिर्जना भएको सम्झन मिल्ने होइन। दुई देश विच भएको कुनै निर्माण सम्झौताले आयकरमा छुट पाउन सकिने देखिदैन। दुई देश विच भएको निर्माण सम्झौता र आयकर निर्धारणको विषय फरक फरक विषय हो। आयकर ऐन वा अन्य प्रचलित कानूनले स्पष्ट रूपमा छुट सुविधा नदिएसम्म केवल सम्झौताको आधारमा मात्र आयकर छुट सुविधा पाउन सकिदैन। सम्झौतामा स्पष्ट रूपमा आयकरको छुटको विषयवस्तु पनि नरहेको र आयकर ऐनमा पनि स्पष्ट रूपमा छुट दिने विषयमा सम्झौता सम्बन्धि विषय नपरेको हुँदा आयकर छुट पाउन सक्ने देखिदैन।

५. निर्णय नम्बर ८२५३ को विश्लेषणः[७]

मुद्दा : आयकर ।

पुनरावेदक/प्रतिवादीः पशुपति वायर प्रोडक्टस् बिराटनगरको तर्फबाट प्रोप्राइटर अशोककुमार मुरारका

बिरुद्ध

प्रत्यर्थी/वादीः कर कार्यालय विराटनगरको नाम परिवर्तन भई कायम रहेको आन्तरिक राजश्व कार्यालय, बिराटनगर

---

[७] ने.का.प. २०६६, भाग ५१, साल २०६६, महिना माघ, अंक १०, फैसला मिति २०६६/०७/१०, निर्णय नम्बर ८२५३।

फैसला मितिः २०६६।७।१०।३

१. एउटै व्यक्ति अर्थात् करदाताको स्वामित्वमा रहेका दुईवटा प्राइभेट फर्महरू मध्ये एउटा फर्म अर्थात् उद्योगले सञ्चालन मितिदेखि ५ वर्षका लागि आयकर छुट पाएको अवस्थामा करदाताले पेश गर्ने आयकर विवरणमा त्यस्तो उद्योगबाट भएको आयको विवरण समावेश गर्नुपर्ने बाध्यता रहन्छ वा रहँदैन ?

२. उद्योगले पेश गरेको आ.व. २०५२।०५३ को आयव्ययको हिसाव विवरण आयकर ऐन, २०३१ को दफा ५६(२) बमोजिम झूठ्ठआस विवरण भित्र पर्ने हो वा होइन ?

३. उद्योगले पेश गरेको आयको विवरण अमान्य गर्न सकिने अवस्था विद्यमान रहेको छ वा छैन ?

१. माथि निर्धारण गरिएका प्रश्नहरूमा प्रवेश गर्नुअघि प्रस्तुत मुद्दाको तथ्यको विश्लेषण गर्नु सान्दर्भिक हुन आउँछ । पशुपति वायर प्रोडक्ट्सका प्रो. अशोककुमार मुरारकाले आर्थिक वर्ष २०५३।०५४ मा सो उद्योगले गरेको कारोबारको आय विवरण पेश गरेको र सो सम्बन्धमा कर कार्यालय विराटनगरले फाँटवारी माग गरेकोमा म्यादभित्र फाँटवारी पेश गरेको अवस्था देखिँदैन । त्यसैगरी निज अशोककुमार मुरारकाकै प्रोप्राइटरसीपमा दर्ता भएको पशुपति स्टोन क्रसर उद्योग सञ्चालनमा आएको र आय विवरणमा सो उद्योगको कारोबारलाई समावेश नगरेको भन्ने आधारमा ऐनको दफा ५८ बमोजिम निजद्वारा पेश भएको आय विवरणलाई अमान्य गरी दफा ३३(२) बमोजिम खुदआय कायम गरिने व्यहोराको जानकारी सहित पुनः प्रमाण पेश गर्नका लागि मौका दिइएकोमा तोकिएको म्यादभित्र उपस्थित भै प्रमाण पेश गरेको अवस्था पनि देखिँदैन । त्यसरी प्रमाण पेश गर्न पटक-पटक मौका दिइएको भएपनि उद्योगका तर्फबाट प्रमाण पेश नगरिएको कारणबाट कारोवार लुकाइछिपाई लेखामा नदेखाएको र सञ्चालनमा आएको अर्को उद्योगको कारोवार समेत नदेखाएको भन्ने समेतका आधारमा ऐनको दफा ५८ बमोजिम कारोबारको हिसाब किताब (लेखा) मा देखाइएको बिक्रीअङ्क रु. ४,७३,०४,६५०।२४ को लेखालाई अमान्य गरी प्रचलित सिद्धान्तबमोजिम भनी कर कार्यालय विराटनगरबाट खुदआय रु. ४७,३०,४६५।०२ कायम हुने ठहऱ्याइएको देखिन्छ । सो निर्णयउपर राजश्व न्यायाधिकरण विराटनगरमा प्रतिवादीको पुनरावेदन परेकोमा सो न्यायाधिकरणबाट समेत कर कार्यालयको निर्णय सदर गरेकोमा सो उपर

राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम पुनरावेदनको अनुमति प्रदान भै प्रस्तुत मुद्दा यस इजलाससमक्ष पेश हुन आएको देखिन्छ । यस अदालतबाट अनुमति प्रदान गर्दा कर कार्यालयले खुदआय कायम गर्दा आयकर ऐन, २०३१ को दफा ३३ को उपदफा (२) को खण्ड (क) देखि (छ) सम्मको आधार लिनुपर्ने कानूनी व्यवस्था रहेकोमा उल्लिखित ऐनको कुन आधारमा त्यस्तो खुदआय कायम गरिएको हो भन्ने खुलेको नदेखिएकोले त्रुटि भएको भन्ने आधार लिइएको देखिन्छ ।

२. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा अब माथि निर्धारण गरिएका प्रश्नहरू मध्येको पहिलो प्रश्न एउटै व्यक्ति अर्थात् करदाताको स्वामित्वमा रहेका दुईवटा प्राइभेट फर्महरू मध्ये एउटा फर्म अर्थात् उद्योगले सञ्चालन मितिदेखि ५ वर्षका लागि आयकर छुट पाएको अवस्थामा करदाताले पेश गर्ने आयकर विवरणमा त्यस्तो उद्योगबाट भएको आयको विवरण समावेश गर्नुपर्ने बाध्यता रहन्छ वा रहँदैन ? भन्ने सन्दर्भमा विचार गर्दा, आयकर ऐन, २०३१ को दफा २ को परिभाषा खण्ड अन्तर्गत खण्ड (ग) मा करदाताको परिभाषा प्रस्तुत गरिएको देखिन्छ । जसअनुसार करदाता भन्नाले यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम आयकर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति भन्ने बुझिन्छ । त्यसैगरी सोही ऐनको दफा ७ ले कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा, व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिले आय वर्षभित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभ समेत समावेश गरी निर्धारण गरिनेछ भन्ने व्यवस्था गरिएको देखिन्छ । उल्लिखित दुबै कानूनी व्यवस्थाले कुनै पनि करदाताले आयकर प्रयोजनका लागि पेश गर्ने विवरणमा आफूद्वारा सञ्चालित सबै उद्योग, व्यापार, पेशा वा व्यवसायबाट प्राप्त भएको सबै किसिमको मुनाफा वा लाभ समेतका विवरण समावेश गर्नुपर्ने बाध्यता रहेको देखिन्छ । त्यसैगरी आयकर ऐनको दफा ४२(२) मा औद्योगिक व्यवसायसम्बन्धी प्रचलित नेपाल कानूनमा पूर्ण वा आंशिक रुपले आयकर नलाग्ने गरी व्यवस्था भएको उद्योगहरूलाई सोही बमोजिम औद्योगिक आयमा कर छुट हुनेछ । यसरी कर छुट भएको तोकिएको उद्योगको औद्योगिक आयको हकमा कर अधिकृतले छुट्टै कर निर्धारण गरी त्यस्तो छुट दिनेछ भन्ने उल्लेख भएबाट पनि करदाताले विवरण पेश गर्नुपर्ने बाध्यता कानूनले गरेको देखिन्छ । त्यस्तो विवरणका आधारमा कर निर्धारण पछि मात्र छुटको निर्णय गरिने हुँदा आय विवरण पेश गर्नै नपर्ने खालको उन्मुक्ति नदिइएको भन्ने कुरा त्यसबाट पनि स्पष्ट हुन्छ ।

त्यसैगरी दफा ४२ को उपदफा (४) मा गरिएको व्यवस्थाअनुसार उपदफा (२) र (३) बमोजिम कर छुट पाएका व्यक्तिहरूले पनि यो ऐनबमोजिम दाखिल गर्नुपर्ने आयको विवरण र त्यसको पुष्ट्याईंको निमित्त चाहिने सबै प्रमाण कर अधिकृतसमक्ष दाखिल गर्नुपर्नेछ भनी कर छुट पाएका करदाताको दायित्व स्पष्ट गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाले कर छुट पाएका करदाताहरूले पनि आयको विवरण पेश गर्नुपर्ने र त्यस्तो विवरणका साथमा सो विवरणलाई पुष्टि गर्ने खालका सबै प्रमाणहरू दाखिल गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको अवस्थामा कर छुट पाएको भन्ने आधारमा कुनै पनि विवरण पेश गर्नु नपर्ने भन्ने तर्कको कानूनी आधार देखिँदैन । प्रस्तुत मुद्दामा करदाताका रुपमा रहेका अशोककुमार मुरारकाले पेश गरेको आय वर्ष २०५२।०५३ को आय विवरणमा आफ्नै प्रोप्राइटरसीपमा सञ्चालित पशुपति स्टोन क्रसर उद्योगको विवरण समावेश नगरेको सन्दर्भमा कर कार्यालय विराटनगरले त्यस्तो लेखालाई आयकर ऐनको दफा ५८ बमोजिम अमान्य गरी दफा ३३(२) बमोजिम खुदआय कायम गरिने समेतको व्यहोरा उल्लेख गरी सो सम्बन्धमा सबूद प्रमाण भए पेश गर्नु भनी ३ दिनको म्याद दिई मिति २०५४।१०।१० मा पत्राचार गरिएको र सो पत्र सोही मितिमा नै बुझेको देखिन्छ । तर सो पत्रको कुनै जवाफ समेत नदिई प्रमाण समेत पेश नगरेको अवस्था हुँदा सम्पूर्ण व्यहोरा खुलाई ऐनको दफा ३३(४) बमोजिम मिति २०५४।१०।१५ मा पुनः ७ दिनको मौका प्रदान गरिएको भए तापनि सो म्यादभित्र समेत कुनै जवाफ दिएको अवस्था मिसिलबाट देखिँदैन । पुनरावेदक/प्रतिवादीले यस अदालतमा पुनरावेदनको अनुमतिका लागि दिएको निवेदनमा यथासमयमा जवाफ पेश गरेको भन्ने जिकीर लिएको भए तापनि त्यसरी कार्यालयसमक्ष उपस्थित भएको वा सबूद प्रमाण पेश गरेको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट खुल्दैन । पशुपति स्टोन क्रसर उद्योग मिति २०५२।४।१५ देखि नै सञ्चालनमा आएको र सो उद्योगका लागि ५ वर्षको आयकर छुटको निर्णय मिति २०५४।३।१८ मा मात्र भएको भन्ने कुरा प्रतिवादीको निवेदनबाट देखिन्छ । आय विवरण पेश गरेको मिति अर्थात् २०५३।९।२९ सम्म सो उद्योगले आयकर छुट पाउने भन्ने निर्णय भैसकेको पनि देखिँदैन । निर्णय भै नसकेको विषयमा अनुमानका आधारमा आयकर छुट पाएको भनी दावी लिनसक्ने अबस्था हुँदैन । त्यसैले आयकर छुट पाएको कारणबाट विवरण पेश नगरिएको भन्ने प्रतिवादीको सो जिकीरसँग पनि सहमत हुन सकिएन । पशुपति स्टोन क्रसर उद्योगले आयकर छुट पाउने गरी आधिकारिक

निकायबाट निर्णय नहुँदासम्म सो उद्योगलाई आयकर छुट भएको उद्योगको श्रेणीमा राख्न मिल्ने अवस्था नहुने हुँदा करदाताले आफ्नो आय विवरणमा सो उद्योगलाई बाहेक गर्न पाउने भन्न सकिँदैन । त्यसमाथि पनि आयकर निर्धारण पछि मात्र आयकर छुटको छुट्टै निर्णय गर्नुपर्ने ऐनको दफा ४२(२) र कर छुट पाएका करदाताले समेत आयको विवरण पेश गर्नुपर्ने दफा ४२(४) को बाध्यात्मक व्यवस्थाको रोहमा विवरण पेश गर्न नपर्ने भन्ने प्रतिवादीको कुनै पनि तर्क र जिकीर ग्राह्य हुन सक्ने देखिएन । तसर्थ करदाताले मिति २०५३।९।२९ मा पेश गरेको आय वर्ष २०५२।०५३ को आय विवरणमा पशुपति स्टोन क्रसर उद्योगको विवरण समेत समावेश गर्नु अनिवार्य हुने देखिन्छ ।

३. अब, उद्योगले पेश गरेको आ.व. २०५२।०५३ को आयव्ययको हिसाव विवरण आयकर ऐन, २०३१ को दफा ५६(२) बमोजिम झूठ्ठा विवरण भित्र पर्ने हो वा होइन ? भन्ने प्रश्नमा प्रवेश गर्दा यस अघिको प्रश्नमा गरिएको विवेचनालाई समेत आधार बनाउनु पर्ने देखिन्छ । करदाताले मिति २०५३।९।२९ मा पेश गरिएको आय विवरणमा आफ्नै प्रोप्राइटरसीपमा सञ्चालित पशुपति स्टोन क्रसर उद्योगको विवरण संलग्न नगरेको भन्ने कुरामा अब विवादको अवस्था छैन । कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा, व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिले आय वर्षभित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभका आधारमा आय निर्धारण गरिने ऐनको दफा ७ को व्यवस्थाबाट करदाताले आफूद्वारा सञ्चालित सबै उद्योग, व्यापार, पेशा वा व्यवसायको आय विवरण पेश गर्नुपर्ने भन्ने स्पष्ट हुन्छ । तर प्रस्तुत विवादमा यी करदाता अशोककुमार मुरारकाले एउटा उद्योगको आय विवरणलाई पूरै लुकाई विवरण पेश गरेको र पटक-पटक सबूद प्रमाणसहित विवरण पेश गर्ने मौका दिँदा समेत त्यसको वेवास्ता गरेको अवस्था हुँदा निजद्वारा मिति २०५३।९।२९ मा पेश भएको आय विवरणलाई नै आधार बनाएर हेर्नुपर्ने अवस्था उत्पन्न भएको छ । तर सो विवरण अपूरो, अधुरो र आंशिक मात्र भै त्यसले निज करदाताको सम्पूर्ण आयको प्रतिनिधित्व गर्न नसक्ने प्रकृतिको देखिएको छ । यस्तो अवस्थामा कानूनमा के कस्तो व्यवस्था गरिएको रहेछ भन्नेतर्फ हेर्दा आयकर ऐनको दफा ५६(२) ले झूठा विवरणका सम्बन्धमा उल्लेख गरिएको पाइन्छ । उक्त ऐनको दफा ५६(२)(ख) मा गरिएको कानूनी व्यवस्थाअनुसार कुनै स्रोतबाट भएको आय पूर्ण वा आंशिक रुपमा दबाएको क्रियालाई पनि झूठा विवरण मानिने र प्रस्तुत मुद्दामा यी

करदाताले एउटा उद्योगको सम्पूर्ण विवरण दबाएको पुष्टि भैरहेको हुँदा सो विवरण झूठा विवरण अन्तर्गत नै पर्ने देखियो ।

४. अब, उद्योगले पेश गरेको आयको विवरण अमान्य गर्न सकिने अवस्था विद्यमान रहेको छ वा छैन ? भन्ने अन्तिम प्रश्नमा विचार गर्दा, यी करदाताले पेश गरेको विवरण झूठा रहेछ भन्ने स्पष्ट भैसकेको सन्दर्भ महत्वपूर्ण हुन आउँछ । करदाताले पेश गरेको विवरण झूठा ठहरिएको अवस्थामा त्यस्तो विवरणलाई अमान्य गर्न सकिने नसकिने भन्ने नै यहाँ विचारणीय हुन आउँछ । आयकर ऐनको दफा ५८ मा लेखा अमान्य हुने केही आधारहरू तोकिएको देखिन्छ । उक्त ऐनको दफा ५८(ङ) मा गरिएको व्यवस्थाअनुसार दफा ५६ को उपदफा (२) मा तोकिएको कुनै वा सबै अवस्थाको लेखालाई अमान्य गर्न सकिने प्राबधान समेत रहेको देखिन्छ । दफा ५६ को उपदफा (२) को खण्ड (ख) मा कुनै स्रोतबाट भएको आय पूर्ण वा आंशिक रुपमा दबाएमा त्यस्तो आय विवरणलाई झूठ्ठा मानिने स्पष्ट व्यवस्था रहेको सन्दर्भमा प्रस्तुत मुद्दामा पेश भएको आय विवरण सोही प्राबधानका आधारमा झूठा देखिएको अवस्था हुँदा त्यस्तो झूठ्ठा विवरणलाई दफा ५८ बमोजिम अमान्य गर्न नसकिने भनी कानूनले कर अधिकृतलाई प्रदान गरेको अधिकारमा संकुचन गर्न मिल्ने हुँदैन ।

५. तसर्थ माथि गरिएको विश्लेषण समेतका आधारमा करदाता अशोककुमार मुरारकाले आय वर्ष २०५२।०५३ का लागि पेश गरेको आय विवरणमा पशुपति स्टोन क्रसर उद्योगतर्फको आय विवरण समावेश नगरेको कारण समेत जनाई सो आय विवरणलाई कर कार्यालय विराटनगरले आयकर ऐन, २०३१ को दफा ५८ बमोजिम अमान्य गरी ऐनको दफा ३३(२) बमोजिम खुदआय कायम गरेको निर्णय सदर गरेको राजश्व न्यायाधिकरण विराटनगरको मिति २०५८।६।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन । यो फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा म सहमत छु ।

न्या. प्रेम शर्मा

विश्लेषण

कुनै पनि करदाताले आयकर प्रयोजनका लागि पेश गर्ने विवरणमा आफू द्वारा संचालित सबै उध्योग, व्यापार,पेशा वा व्यवसाय बाट प्राप्त भएको सबै प्रकारको मुनाफा तथा लाभ समेतका विवरण समावेश गर्नु पर्ने देखिन्छ । जुन वाध्यात्मक कानूनी व्यवस्था अन्तर्गत पर्दछ ।

कर छुट पाएका करदाताले पनि आय विवरण पेश गर्नुपर्ने र त्यसको विवरण बुझौंदा विवरणलाई पुष्टि गर्ने प्रमाण पनि पेश गर्नुपर्ने कानूनले तोकेको पाईन्छ । एकै व्यक्तिले संचालन गरेको कुनै व्यवसायमा कर छूट दिएको कारणले माग विवरण नै नबुझाउने भन्ने कानूनको मनसाय नरहेको। साथै छूट पाएको विसयमा पछि कर अधिकृतले नै छुट्टै निर्णय गर्ने भन्ने कानूनको मनसाय देखिन्छ ।कर छुट पाउने भन्ने विषय आधिकारिक रूपमा निर्णय भए पछि मात्र त्यस तर्फ दावी लिनुपर्ने देखिन्छ। कुनै पनि करदाताको आय निर्धारण गर्दा व्यक्तिले आय वर्ष भित्र कुनै उद्योग, व्यापार, व्यवसाय, पेशाबाट प्राप्त गरेका सबै किसिमको नाफा वा लाभका आधारमा आय निर्धारण गरिने हुँदा सबै व्यवसायको विवरण बुझाउनु पर्ने कानूनको मनसाय देखिन्छ। एकै व्यक्तिका सम्पूर्ण कारोवार एवं व्यवसायको विवरण नबुझाई लुकाएमा झुठो विवरण मानिने भन्ने आयकर ऐन २०३१ को मनसाय देखिन्छ। आयकर छुटको विषय र विवरण बुझाउने विषयवस्तु फरक विषय रहेको देखिन्छ।

/fhZj ;DaGwL lajfbdf Goflos ;+odtf

नारायण बहादुर थापा◊

१. राजश्वको परिचयः

जनताले राज्यलाई कानून अनुसार तिर्नै पर्ने दायित्व कर हो । राज्यले राज्य संचालन गर्न जनतासँग उठाउने भूक्तानी (तिरो) लाई कर भनिन्छ । राज्यको अस्तित्व शुरु भए देखि नै जनताबाट राज्य संचालन गर्न उठाइने रकम वा स्रोत नै कर वा राजश्व रही आएको पाईन्छ।राज्यको विस्तार र जनताको चेतना स्तर उठेपछि "No taxation without Representation" भन्ने १७७३ को बेलायतको “चिया ऐन” ले अमेरिकी स्वतन्त्रता संग्रामको बीउ रोपेको थियो । आज कर कानून विधायिकाको स्वीकृतीले मात्र लगाईने विश्वव्यापी मान्यता रही आएको छ । राज्यको उत्पत्ति देखि आजको युग सम्म आईपुग्दा राजश्वको महत्व घटेको होइन बरु दिन प्रतिदिन बढ्दै छ । Womb देखि Tomb सम्म राज्यको भूमिका हुँदा राज्यको कार्य संचालन, शान्ति सुरक्षा लगायतको जनकल्यानकारी कार्यमा राज्यको भुमिका अहम हुने हुँदा राजश्वको अनिवार्यता बढ्दो छ । Political Liberty is myth without economic liberty. भनि राजनीतिक शास्त्रका विद्धानले Economical स्वतन्त्रतालाई जोड दिएको पाइन्छ । आर्थिक रुपमा आत्मनिर्भर नभई देश स्वतन्त्र भन्नु व्यवहारीक रुपमा मिथ्या सावित हुने छ ।

नेपालमा कर सम्बन्धी व्यवस्था ६४० बर्ष अगाडी अर्थात वि.सं. १४३६ मा राजा जयस्थिती मल्लले जारी गरेको न्यायविकासिनीमा उल्लेख गरेको पाइन्छ ।

१९ औं शताब्दीमा कर उठाउने बिषयमा विभिन्न सिद्धान्त नीतिलाई ध्यानमा राखेर सहज र सरल तरिकाले कर जम्मा गर्ने, न्यूनतम खर्चमा अधिकतम् कर उठाउने, कर कानून अत्यन्त सरल, शिष्ट, प्रष्ट, करदाताको हितमा संवेदनशील हुनुपर्ने भन्ने उद्देश्य लिएको पाइन्छ । २१ औं शताब्दीमा द्विपक्षीय एवं बहुपक्षीय व्यापार तथा लगानी सन्धीले गर्दा बाह्य प्रभावले करको लचकता घट्ने बढ्ने हुने गर्छ । सरकारको कर लगाउने र उठाउने बिषय प्रमुख कार्य भएकोले कर बिवादमा राज्यकै कर बाटै चलेको तेस्रो अंग अर्थात न्यायपालीकाले सरकारलाई सहयोग गरोस भन्ने चाहाना राख्नु पनि स्वभावीक रहन्छ । आम राजश्व नै तल माथी पर्ने गरी गम्भीर असर पर्ने भएको आदेश तथा फैसलाबाट राज्यलाई

◊ उपन्यायाधिवक्ता, ...

आर्थिक घाटा नहोस् भन्ने राज्यले चाहाना राख्नु अस्वभावकि होइन । न्यायालयका न्यायाधिश लगायतका व्यक्तिहरुको पारिश्रमिक लगायत रिटायर्ड हुँदा पाउने पेन्सन लगायतका सुविधा देशको आर्थिक अवस्थामा निर्भर रहन्छ उसै कोषलाई क्षय हुनेगरी व्यक्तिलाई फाइदा हुने गरी भएको निर्णयले राज्यले ठुलो राजश्व गुमाउने र कर सम्बन्धि कानून कठोर हुने हुँदा यस सम्बन्धि बिवादमा गम्भीर हुनै पर्ने हुन्छ ।

२. न्यायिक संयमता

सामान्य रुपमा यसलाई न्यायिक सक्रियताको विपरितार्थ बुझ्ने गरिन्छ । राज्यको तिन अंगको सन्तुलित योग नै राज्य हो । त्यसैले अदालतले बिधायिका र कार्यपालिका भन्दा पृथक भई Public Interest भन्दा Personal अधिकारलाई महत्व दिंदा राज्यको मूल Strime बाट बिचलित भएको होकी भन्ने केही आम मानिसहरुको धारणा बुझिन्छ । त्यसैले लोकतन्त्रमा स्वतन्त्र अदालत, न्यायिक सक्रियता र न्यायिक आत्मसंयम दुवै हुन जरुरी हुन्छ । सधै संयमित भई रहदा सरकारको पिछलग्गु भनि न्यायिक स्वतन्त्रता गुमाउन पुग्छ कि भन्ने बुद्धिजिवी वर्गका मानिसको धारणा रही आएको छ । राज्यको सार्वजनिक महत्व र दीर्घकालीन महत्वलाई तिलान्जली दिई व्यक्तिगत हकाधिकार तर्फ मात्र केन्द्रित हुदा सार्वजनिक महत्वको काममा सधै अबरोध सृजना हुन पुग्ने देखिन्छ ।

न्यायिक आत्मसंयमताको सार्वभौम परिभाषा गर्न सकिदैन र सम्भव पनि छैन । Judicial self restraints often defined in terms of harmony between the policy of the court and that of other decision markes.[1]

अदालतको न्यायिक नीति र अन्य अंगहरुको नीतिमा रहेको समझदारीलाई आत्मसंयमको रुपमा चित्रण गर्न सकिने देखिन्छ । यसको न्यायिक संयमताको पक्ष लिनेहरुको मतमा न्यायाधिशहरु निर्वाचित भएर नआएको तथ्य र अदालत राजनीतिक प्रकृतिको निकाय समेत नभएको हुँदा नीति निर्माणको कार्य सरकारको राजनीतिक प्रकृयाबाट गठन हुने राजनीतिक उत्तरदायित्व भएका अंगहरुलाई छाडिदिनु उपयुक्त हुन्छ । विधायिकी विवेकमा अदालतले चासो राख्न नहुने नै उनीहरुको दुरुपयोग रोक्न निर्वाचनमा जनता सक्षम हुन्छन् भन्ने नै हो। आधार र कारण बिनाको न्याय र हतारको न्यायले वास्ताविक न्यायको तृप्ती गर्न सक्दैन।न्यायिक रुपमा खोजी पत्ता लगाउन र निर्धारण गर्न सक्ने मापदण्ड नभएका

[1] Gland Shubert, Judicial Policymaking David Forked.

विवादमा अदालत नअल्झनु नै उत्तम हुन्छ भन्ने मान्यता लाइ न्यायिक संयमता भन्ने गरिन्छ।

३. सर्बोच्च अदालतबाट राजश्व र (कर) सम्बन्धी बिवादमा न्यायिक संयमताको रुपमा झल्कने मुद्दाहरु मध्ये केही मुद्दालाई यहाँ सामान्य रुपमा विश्लेषण गर्ने कोशिस गरिएको छ । यहाँ सामान्य रुपमा फैसलाको थप प्रष्टता पार्ने कोशिस मात्र गरिएको छ ।

क्र.सं.	पक्ष	विपक्ष	विषय	नि.न.	मिति
१	आन्तरिक राजश्व कार्यालय बिराटनगर	गोल्डेन ग्लोब लिंकर्स	आयकर	ने.का.प.२०७१ भाद्र ५	२०७०।४।२८
२	ठुला करदाता कार्यालय हरिहरभवन ललितपुर	प्राईम इन्टरनेशनल प्रा.लि.	आयकर	नि.नं. ८९१४ ने.का.प. २०६९ अंक ११	२०६९।७।२६
३	नेपाल दुरसंचार कम्पनी भद्रकाली	ठुला करदाता कार्यालय ललितपुर	उत्प्रेषण / परमादेश	ने.का.प .२०७१ माघ अंक १०	२०७१।७।९
४	ठुला करदाता कार्यालय हरिहरभवन ललितपुर	अरिहन्त मल्टी फाइवर्स लि.	आयकर	८८६२ ने.का.प. २०६९ अंक ७	२०६८।५।६
५	सूर्य नेपाल प्रा.लि.	आन्तरिक राजश्व कार्यालय बारा	उत्प्रेषण समेत	८४०५ ने.का.प . २०६७ अंक ७	२०६६।१२।१९

क्र.सं.	पक्ष	विपक्ष	विषय	नि.न.	मिति
६	अधिवक्ता दामोदर घिमिरे	मन्त्रीपरिषद सचिवालय समेत	उत्प्रेषण समेत	६२९६ ने.का.प . २०५३ अंक १२	२०५३।१२।२८
७	अधिवक्ता कोपिल प्रसाद अधिकारी	मन्त्रीपरिषद सचिवालय समेत	उत्प्रेषण समेत	ने.का.प .२०५६ अंक २	२०५५।५।१८

१.मुद्दा — आयकर

पुनरावेदक वादी — श्री आन्तरिक राजस्व कार्यालय, विराटनगरकातर्फबाट प्रमुख कर अधिकृत ढुण्डिराज पोखरेल

<u>विरूद्ध</u>

प्रत्यर्थी / प्रतिवादी - श्री गोल्डेन ग्लोव लिकर्स प्रा.लि., विराटनगर

- विगतका आमा भएका खर्चहरू तत्तत् वर्षहरूमा नै खर्चकट्टि गर्नुपर्ने हुन्छ । .व. मा.व.विगतका आभएको खर्च यस आ२०६०।०६१ मा खर्चकट्टिको माग .व. गरेको र सोलाई उचित मानी राजस्व न्यायाधिकरण, विराटनगरबाट खर्चकट्टि गर्ने गरी भएको निर्णयबाट आयकर ऐन, २०५८ को दफा १३ को प्रत्यक्ष गम्भीर कानूनी त्रुटी हुन गएको देखिने ।
- कुनै कागज प्रमाणमा लिनलाई सो कागज मिसिल संलग्न हुनुपर्ने हुन्छ । मिसिल संलग्न नै नरहेको बिल भरपाइलाई बिल भरपाइ छ भनी सोअनुरूपको रकम आय निर्धारण गर्दा कट्टि गर्न नमिल्ने ।
- इजलाससमक्ष प्रत्यक्षीकरण भएको भए के कति कुन प्रमाण प्रत्यक्षीकरण भए र कुनकुन बिल भरपाइहरूबाट के कति रकम कट्टि हुनुपर्ने हो सो आफ्नो निर्णयमा निर्णयकर्ताबाट उल्लेख हुनुपर्ने ।
- न्यायिक निर्णय आत्मनिष्ठ तवरबाट गरिनुहुन्न अपितु वस्तुनिष्ठ आधारबाट गरिनुपर्दछ । मिसिल संलग्न नरहेको बिल भर्पाईलाई निर्णयकर्ताले प्रत्यक्षीकरण

भयो भन्नु नै पर्याप्त हुँदैन । प्रत्यक्षीकरण के कसरी र कति भयो भन्ने कुरा उक्त निर्णयमा प्रष्ट देखिनु पनि पर्दछ । फगत प्रत्यक्षीकरण भयो भनी त्यसको अस्तित्व र त्यसबाट सन्तुष्टी हुनुपर्ने कारण नदेखाई खर्च मिन्हा दिने गरी बुझ्नुपर्ने प्रमाण नबुझी नबुझ्ने प्रमाण बुझी प्रत्यक्ष त्रुटी भएको निर्णय कानूनबमोजिम भएको भन्न नमिल्ने ।

ठहर खण्ड

माथि उल्लेख भएबमोजिम प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी पुनरावेदक तथा प्रत्यार्थीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहससमेत सुनी इन्साफतर्फ विचार गर्दा देहायका प्रश्नहरूको निरूपण हुनुपर्ने देखियो ।

१. विगतका आर्थिक वर्षमा भएको खर्चलाई अर्कै आर्थिक वर्षमा खर्चकट्टिको माग गरेकोमा खर्चकट्टि गर्न पाउने हो, होइन ?

२. खर्चकट्टि माग गर्नेले खर्च पुष्टी हुने प्रमाणहरू पेस गर्नुपर्ने हो, होइन ? र, पुनरावेदन तहको निकायमा प्रत्यक्षीकरण गरेको भने पनि खर्चकट्टि दिदा प्रत्यक्षीकरण भएको देखिनुपर्ने हो, होइन ?

३. सुरु आन्तरिक राजस्व कार्यालयको संशोधित कर निर्धारण आदेश उल्टी गर्ने गरी राजस्व न्यायाधिकरण, विराटनगरबाट भएको फैसला मिले नमिलेको के हो ?

१. पहिलो प्रश्नको हकमा विचार गर्दा सो खर्च उद्योगको लन्चिङ र विज्ञापनबा पतको खर्च भएको हो र उक्त खर्च एउटै आर्थिक वर्षमा मागदा अत्यधिक हुने हुँदा विभिन्न आ.व. मा मागिएको हो भनी जिकिर लिएको देखिन्छ । यसरी गत वर्षका खर्चहरू यस वर्षमा कट्टिको माग गर्न र पाउने हो होइन भनी विचार गर्नुपर्ने देखियो । अगाडिको आर्थिक वर्षमा भएका खर्चहरू भुक्तानी गरिएकोले कर छुट हुनुपर्ने भनी आय विवरणमा उल्लेख भएको अवस्था देखिन आएको छ । व्यक्तिले आय गणना गर्ने प्रयोजनको लागि के कस्ता रकमहरू खर्चकट्टि गर्न पाउने रहेछ भन्ने सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १३ मा निम्न कानूनी व्यवस्था भएको देखिन्छ ।

"कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित देहायका खर्चहरू कट्टि गर्न पाउनेछ :

सो आय बर्षमा भएका खर्च सो व्यत्तिबाट भएका खर्च सो व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका खर्च । उपयुत्त कानूनी व्यवस्था हेर्दा कुनै व्यत्तिले कुनै व्यवसाय वा लगानीबाट प्राप्त आय घोषणा गर्ने हे सोही आर्थिक बर्षमा भएको खर्चलाइ मात्र आय गणना गर्दा जुन आर्थिक बर्षको आय खर्च कट्टी गर्न पाउने व्यवस्था दफामा उल्लेख गरेके देखिन्छ । तर प्रस्तुत मुद्दामा विपक्षी प्राको हो भन्न आ.व. ०६०/०६१ मा देखाएको लन्चिङ तथा विज्ञापनका खर्चहरु चालु आर्थिक बर्षमा खर्च कट्टी माग एकै पटक माग गर्दा ज्यादै बढी हुने हुँदा विभिन्न बर्षमा मात्र गरिएन भन्न सकेको देखिदैन । यसरी विगतका आ.व.मा भएका खर्चहरू तत्तत् वर्षहरूमा नै खर्चकट्टि गर्नुपर्ने हुन्छ । विगतका आ.व.मा भएको खर्च यस आ.व. २०६०।०६१ मा खर्चकट्टिको माग गरेको र सोलाई उचित मानी राजस्व न्यायाधिकरण, विराटनगरबाट खर्चकट्टि गर्ने गरी भएको निर्णयबाट आयकर ऐन, २०५८ को दफा १३ को प्रत्यक्ष गम्भीर कानूनी त्रुटी हुन गएको देखियो ।

विपक्षी गोल्डेन ग्लोब लिकर्स प्रा.लि. को आय बिवरण पेस गर्दा देखाएको रकम मध्य बोतल खरिद २०६०।०६१ मा बिराटनगरले आर्थिक बर्ष खर्च प्रत्यक्ष खर्च प्रशासनिक खर्च र ज्यालाबापत भएको भुक्तानी खर्च नभएकोले खर्च पुष्टी हुने सबूद प्रमाण पाएको मितिले १५ दिन भित्र पेश गर्नहुन भनि आन्तरिक राजश्व कार्यालय बिराटनगरबाट पत्राचार भएको देखिन्छ । सो पत्र २०६२/१२/१७ बाट व्यहोरा बमोजिम खर्च पुष्टि हुने गरी प्रमाण पेश गर्नुपर्नेमा सो नगरी विपक्षीले मिति २०६२/२/२ मा लेटर प्याडमा आय विवरण अनुसार कर निर्धारण हुने भनि निवेदन लेखी कर कार्यालयमा पेश गरेके देखिन्छ । आफुले माग गरेको खर्च पुष्टि हुने प्रमाण विपक्षीबाट प्राप्त नभए पछि राजश्व कार्यालयले संशोधित कर निर्धारण आदेश जारी गरेको छ ।

विल भरपाई सहितका सबुद प्रमाणहरूको मुल्याङ्कन गर्ने सुरु निकाय आन्तरिक राजस्व कार्यालयमै पेस गर्नुपर्ने हुन्छ । सुरु निकायले पेस हुन आएको प्रमाणको मूल्याङ्कन गरी सोही आधारमा निर्णय लिने हो । आन्तरिक राजस्व कार्यालयमा त्यस्तो माग भए अनुसारको बिल भर्पाई पेस हुन सकेको देखिन आएन । तथापि, पुनरावेदन गर्दा पनि त्यस्तो छुट प्रमाणहरू पेस गर्न सकिन्छ । तर राजस्व न्यायाधिकरणको फैसला हेर्दा पुनरावेदन

तहमा आई इजलाससमक्ष पक्षले बहसको क्रममा सबुद प्रमाण प्रत्यक्षीकरण गरेको भनी माग गरे बमोजिमको खर्च मिनाहा दिइएको देखिन्छ । पुनरावेदन तहमा के के कुन किसिमका प्रमाणहरू प्रत्यक्षीकरण भए सो प्रमाणहरूको छायाँप्रतिसमेत मिसिलमा रहेको पनि देखिएन । कुनै कागज प्रमाणमा लिनलाई सो कागज मिसिल संलग्न हुनुपर्ने हुन्छ । मिसिल संलग्न नै नरहेको बिल भरपाइलाई बिल भरपाइ छ भनी सोअनुरूपको रकम आय निर्धारण गर्दा कट्टि गर्न मिल्दैन ।

ईजलास समक्ष प्रत्यक्षीकरण भएको भए पनि के कति कुन प्रमाण प्रत्यक्षीकरण भए र कुन कुन बिल भरपाइहरूबाट के कति रकम कट्टि हुनुपर्ने हो सो आफ्नो निर्णयमा निर्णयकर्ताबाट उल्लेख हुनुपर्ने हुन्छ । न्यायिक निर्णय आत्मनिष्ठ तवरबाट गरिनुहुन्न अपितु वस्तुनिष्ठ आधारबाट गरिनुपर्दछ । मिसिल संलग्न नरहेको बिल भर्पाईलाई निर्णयकर्ताले प्रत्यक्षीकरण भयो भन्नु नै पर्याप्त हुँदैन । प्रत्यक्षीकरण के कसरी र कति भयो भन्ने कुरा उक्त निर्णयमा प्रष्ट देखिनु पनि पर्दछ । फगत प्रत्यक्षीकरण भयो भनी त्यसको अस्तित्व र त्यसबाट सन्तुष्टी हुनुपर्ने कारण नदेखाई खर्च मिन्हा दिने गरी बुझ्नुपर्ने प्रमाण नबुझी नबुझ्ने प्रमाण बुझी प्रत्यक्ष त्रुटी भएको निर्णय कानूनबमोजिम भएको भन्न मिल्ने देखिएन ।

तसर्थ माथि विश्लेषण भएबमोजिम सुरु तहको कार्यालयमा सबुद प्रमाणद्वारा विपक्षीले आय विवरणमा देखाएको खर्च पुष्टी गर्न नसकेको र आयकर ऐन, २०५८ को दफा १३ बमोजिम आय विवरणमा उल्लेखित खर्च विगतका आर्थिक वर्षको भएको अवस्थामा र पुनरावेदन तहमा बहसको क्रममा प्रमाण प्रत्यक्षीकरण गरिएको भन्ने आधारमा सुरु आन्तरिक राजस्व कार्यालयको कर निर्धारण आदेश बदर गरी खर्च मिनाहा दिने गरी राजस्व न्यायाधिकरण, विराटनगरबाट मिति २०६५।४।१३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई पठाईदिनु । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

मुद्दाको बिवादको बिषय

अ) गोल्डेन ग्लोव लिंकर्स प्रा.लि. भन्ने कम्पनीले आ.व. २०६०/०६१ मा आयकर विवरण कर कार्यालयमा पेश गर्दा विगत आ.व.को खर्चलाई पनि सोही आ.व.मा खर्च देखाएको कार्यलाई खुद खर्च नभएकोले खर्चको मान्यता नदिएकोमा कर कार्यालय विराटनगरको निर्णय उपर राजश्व न्यायाधिकरण बिराटनगरले करदाताको पक्षमा

फैसला भएकोमा राजश्व न्यायाधिकरण ऐन २०३१ बमोजिम अनुमति पाउन राजश्व कार्यालय बिराटनगर सर्बोच्च अदालतमा आएको देखिन्छ ।

आ) त्यस्तै खर्चको दाबी गर्नेले सोही बर्षमा भएको खर्चको बिल भरपाई, रसिद लगायतको पुष्टि हुने प्रमाण कागज आर्थिक विवरण बाट देखाएको कैफियत अनुसार कर परिक्षण गर्दा सो प्रमाण कागज देखाउनु पर्नेमा राजश्व न्यायाधिकरण बिराटनगरमा पुनरावेदनको बहसको शिलशिलामा मात्र पेश गरेको र मिसीलमा नरहेको अबस्थामा सो प्रमाण कागजले प्रमाण महत्व पाउँदैन भनि कर कार्यालय सर्बोच्च अदालतमा आएकोमा अनुमति पाई पूर्ण फैसला भएको देखिन्छ ।

अदालतबाट भएको निर्णय -

अ) आयकर ऐन २०५८ को दफा १३ मा कट्टी हुने रकममा सो आय बर्षमा भएका, सो व्यक्तिबाट भएका र व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएको खर्च कट्टी गर्न पाउने प्रष्ट भएकोमा राजश्व न्यायाधिकरण बिराटनगरले विगत बर्षहरुमा भएको खर्चलाई पनि आ.व. ६०।६१ मा भएको खर्च मानी दिएको कार्य कानून गम्भीर प्रत्यक्ष त्रुटी रहन गएको भनि ऐन कानूनले प्रष्ट गरेको बिषयमा अदालतले अन्यथा गर्न नहुने भन्ने बिषयमा स्पष्ट व्याख्या भएको छ ।

आ) त्यसैगरी खर्च कट्टी दावी गर्नेले सो खर्चलाई पुष्टी गर्ने विल, भर्पाई, रसिद जस्ता प्रमाण कागज कर परिक्षणको क्रममा कर अधिकृतलाई देखाउनु पर्ने । तर पुनरावेदनको क्रममा राजश्व न्यायाधिकरणमा बहस गर्दा थप प्रमाण पेश गरेको भनी निर्णय गर्दा सो प्रमाण कागज समेत उक्त मिसिलमा समेत नदेखिदा पुष्टी हुने कागजको अभावमा त्यस्ता खर्चले मान्यता पाउदैन भनी कानूनको मर्म अनुसार फैसलामा प्रष्ट पारीएको छ।

२. मुद्दाः आयकर (आ.व. २०५७/०५८) ।

पुनरावेदक वादीः ठूला करदाता कार्यालय हरिहरभवन ललितपुरका तर्फबाट ऐ. का प्रमुख कर प्रशासक खुमराज पुञ्जाली ।

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ स्थित प्राईम इन्टरनेशनल प्रा.लि. को तर्फबाट अख्तियारप्राप्त प्रवन्ध सञ्चालक मदनकृष्ण श्रेष्ठ

- कर्मचारीहरूले मासिक रूपमा भुक्तानी पाउने पारिश्रमिक रकम आयकर ऐनबमोजिम छूट पाउने सीमा (**Ceiling**) भन्दा बढी हुन गएमा स्वतः त्यस्तो पारिश्रमिकमा पनि कर लाग्ने भएकोले कम्पनीले आवश्यकताअनुसार आफ्ना कर्मचारीहरूलाई तलवी भरपाईमा लेखी पारिश्रमिकको रूपमा विभिन्न किसिमका सुविधा दिनसक्ने । (प्रकरण नं.४)
- आफूले तिर्ने व्याज आयबाट कट्टा गर्न दावी गर्ने पक्षले आफूले उठाउनु पर्ने उधारो कारोवारमा पनि बाँकी रहेको रकमको त्यही अनुपातमा व्याज असूलउपर गरी आयमा देखाउनु वाञ्छनिय हुने ।
- तिर्नुपर्ने रकमको ब्याज तिरेको भनी आयबाट कट्टा गर्ने, तर लिनुपर्ने रकम लामो समयसम्म असूल नगरी प्रतिफल प्राप्त नगर्ने कार्यबाट आयकर ऐन, २०३१ को दफा १२(ग) को कानूनी व्यवस्थाको दुरूपयोग गरेको देखिनुका साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रूपमा सो दफाको व्यवस्था प्रयोग गरेको देखिने ।
- कुनै आय वर्षमा प्राप्त हुनुपर्ने रकम प्राप्त भई नसकेको भएपनि त्यसै बर्षको आयमा समावेश गरिने भएकोले भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना भएपछि भुक्तानी प्राप्त नभएतापनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गर्नुपर्ने ।

ठहर खण्ड

पुनरावेदनपत्र सहितको मिसिल अध्ययन गरी दुवै पक्षका विद्वान कानून व्यवसायीहरूले गर्नु भएको वहस जिकीरसमेत सुनी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकीर पुग्ने हो होइन ? सो विषयमा निर्णय दिनुपर्ने भई इन्साफ तर्फ विचार गर्दा प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आर्थिक वर्ष २०५७/५८ मा गरेको व्यापारिक कारोवारबाट प्राप्त आयमा आयकर ऐन, २०३१ बमोजिम तिर्नु बुझाउनु पर्ने आयकर सम्बन्धमा आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालय काठमाडौंका प्रमुख कर प्रशासकबाट भएको मिति २०६२।३।१२ को निर्णय अनुरूप सोही कार्यालयका कर अधिकृतबाट मिति २०६२।३।३१ मा उक्त प्रा.लि. को आ.व. २०५७/०५८ को खुद आय रु.१४,९२, १२६।२३ कायम गरी जरीवाना समेत रु.५,५९,५४८।- तिर्नु बुझाउनु पर्ने गरी कर निर्धारण भएको देखिन्छ । पुनरावेदक ठूलाकरदाता कार्यालयले उक्त कर निर्धारणसम्बन्धी निर्णय गर्दा प्रत्यर्थी कम्पनीको आय

आर्जनसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्च स्वयंकर निर्धारण विवरण फराममा देखाए अनुरूप आयबाट घटाई खुद आय कायम गर्नुपर्नेमा फाराममा देखाएको त्यस्तो खर्च र नोक्सानीलाई मान्यता नदिई करको दायित्व बढाउने गरेको भनी प्रत्यर्थी प्रा.लि. तर्फबाट पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरण काठमाडौंबाट उधारो विक्रीमा भुक्तानी समयमा नभएको कारण सोबापत असूल गर्नुपर्ने व्याज रकम, विल विजक समर्थित खर्च रकम र कर्मचारीहरूलाई दिएको खाजाबापतको रकम खुद आयमा समावेश गर्ने गरेको हदसम्म शुरु ठूला करदाता कार्यालय काठमाडौंको मिति २०६२।३।१२ को निर्णय र मिति २०६२।३।३१ को कर निर्धारण आदेश केही उल्टी हुने गरी फैसला भएको पाइयो ।

राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको उक्त फैसलाउपर चित्त नबुझाई प्रत्यर्थी कम्पनीले व्यापारिक पार्टीहरूसँग गरेको सम्झौताअनुसार उधारो विक्रीमा १ महिनाभित्र भुक्तानी नभएको रकमको १३% ले हुने व्याज रकम आयमा समावेश गर्नुपर्ने विजक विनाका खर्च र खाजा खर्चबापतको रकम समेत आयमा समावेश हुनुपर्ने भन्नेसमेत जिकीर लिई ठूलाकरदाता कार्यालय काठमाडौंको तर्फबाट प्रस्तुत पुनरावेदन परेको देखिन्छ ।

प्रस्तुत विवाद आ.व. २०५७/५८ को व्यापारिक कारोवारसँग सम्बन्धित आयकरसम्बन्धी देखिएकोले सो समयमा प्रचलनमा रहेको आयकर ऐन, २०३१ प्रस्तुत मुद्दामा आकर्षित हुने भन्नेमा विवाद देखिँदैन । उक्त ऐनको दफा ६ मा कुनै व्यक्तिले आफ्नो आय वर्षमा उक्त ऐनको दफा ५ मा तोकिएको कुनै वा सबै स्रोतहरूबाट नेपाल भित्र वा नेपालबाट कारोवार गर्दा विदेशमा आर्जन वा प्राप्त गरेको आयमा उक्त ऐन बमोजिम पाउने खर्चहरू कट्टा गरी खुद आयकर लाग्ने व्यवस्था गरेको देखिन्छ । यसरी प्रत्यर्थीको आ.व. २०५७/५८ को आयबाट के कस्ता खर्चहरू कटाउन पाईने हो भन्ने सम्बन्धमा हेर्दा प्रत्यर्थी कम्पनी व्यापारिक कारोवार गर्ने प्राईवेट लिमिटेड कम्पनीको रूपमा दर्ता भएको भन्ने मिसिलबाट देखिँदा प्रत्यर्थी कम्पनीले उक्त आयकर ऐन, २०३१ को दफा १२ मा उल्लेख भएबमोजिमका विभिन्न शीर्षकमा भएका खर्चहरू कट्टा गरी कम्पनीको खुद आय निर्धारण गर्नुपर्ने देखियो । उक्त ऐनको दफा १२(ङ) बमोजिम प्रत्यर्थी जस्ता व्यापारिक कम्पनीले काममा लगाएका कामदार कर्मचारीहरूलाई दिएको पारिश्रमिक रकम सो आ.व. को कम्पनीको कुल आयबाट कट्टा गर्न पाउने देखिन्छ । यसरी दिइने पारिश्रमिक रकम भित्र के कस्तो खर्च रकम समावेश हुन्छ भन्ने सम्बन्धमा उक्त दफामा स्पष्ट उल्लेख भएको नदेखिएपनि कर्मचारीहरूको तलवी भरपाई (Pay Roll) मा उल्लेख भई मासिक रूपमा भुक्तानी पाउने तलव, भत्ता, परिवहन खर्च एवं खाजा खर्च जस्ता रकमहरू पारिश्रमिक

रकमभित्रै पर्ने सामान्य प्रचलन रही आएको छ । यसरी कर्मचारीहरूले मासिक रूपमा भुक्तानी पाउने पारिश्रमिक रकम आयकर ऐनबमोजिम छूट पाउने सीमा (Ceiling) भन्दा बढी हुन गएमा स्वतः त्यस्तो पारिश्रमिकमा पनि कर लाग्ने अवस्था हुने भएकोले कम्पनीले आवश्यकताअनुसार आफ्ना कर्मचारीहरूलाई तलवी भरपाईमा लेखी पारिश्रमिकको रूपमा विभिन्न किसिमका सुविधा दिन सक्ने नै हुन्छ । यस्तो अवस्थामा प्रत्यर्थी कम्पनीले आफ्ना कर्मचारीहरूलाई खाजा खर्चबापत भनी तलवी भरपाईमा उल्लेख गरी दिएको रकम उक्त आयकर ऐन, २०३१ को दफा १२(ङ) बमोजिम आयबाट कट्टा हुनुपर्ने देखिएकोले त्यस्तो खाजा खर्चबापत कर्मचारीहरूलाई भुक्तानी दिएको रकम पनि आयमा समावेश हुनुपर्ने भन्ने पुनरावेदन जिकीर मनासिव देखिन आउँदैन ।

त्यस्तै उल्लिखित आयकर ऐन, २०३१ को दफा १२(ट) बमोजिम प्रत्यर्थी जस्ता व्यापारिक कम्पनीले आय आर्जन प्राप्त गर्नको लागि गरेका अन्य वास्तविक खर्चहरू समेत आयमा कट्टा गरी खुद आय निर्धारण गर्नुपर्ने देखिन्छ । प्रत्यर्थी कम्पनीले डटपेन, ट्युवलाईट, कागज खरीद जस्ता विषयमा भएका खर्चहरूको विल भरपाई संलग्न राखी त्यस्तो खर्चहरू आयबाट कट्टा हुनुपर्ने भनी दावी गरेकोमा त्यस्तो खर्चलाई वास्तविक खर्चमा समावेश गर्नुपर्ने देखिँदा त्यस्तो खर्चलाई पनि खुद आयमा समावेश गर्नुपर्ने भन्ने पुनरावेदन जिकीर मनासिव नदेखिएकोले त्यस्तो विलबमोजिमको खर्च कट्टा हुनुपर्ने गरी भएको राजस्व न्यायाधिकरणको फैसला अन्यथा देखिएन ।

जहाँसम्म प्रत्यर्थी कम्पनीले गरेको उधारो विक्रीमा ३० दिनभित्र भुक्तानी नभएमा त्यस्तो उधारो व्यापारिक खरीद कारोवार गर्ने पक्षबाट सो समय पछि भुक्तानी हुन बाँकी रकमको १३ प्रतिशत व्याज सहित बैंङ्क ग्यारेन्टी रकमबाट असूलउपर गरिलिन सक्ने सम्झौता भएकोले त्यस्ता सम्झौताबमोजिम भुक्तानी हुन बाँकी रकमको व्याज समेतलाई प्रत्यर्थी कम्पनीको आयको रूपमा गणना गरी आयकर निर्धारण हुनुपर्नेमा त्यस्तो व्याजलाई आय गणना नगर्ने गरी भएको राजस्व न्यायाधिकरणको फैसला नमिलेको भन्ने पुनरावेदन जिकीर छ, सो सम्बन्धमा विचार गर्दा प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७/५८ को विभिन्न मितिमा अन्य व्यापारिक पक्षसँग व्यापारिक सम्झौता गरेको मिसिलबाट देखिन्छ । सम्झौतापत्रमा प्रत्यर्थी कम्पनीबाट उधारो कारोवार गर्ने व्यापारिक पक्षले त्यसरी उधारो कारोवारबाट भुक्तानी दिन बाँकी रहेको रकम ३० दिनभित्र भुक्तानी नगरेमा सो समयपछि बाँकी रकमको १३ प्रतिशत व्याज समेत थप गरी त्यस्ता व्यापारिक पार्टीले

राखेको बैंङ्क ग्यारेन्टी रकमबाट प्रत्यर्थी कम्पनीले असूलउपर गरी लिन सक्ने भन्ने शर्त उल्लेख भएको देखिन्छ ।

व्यापारिक पक्षहरू बीच हुने सम्झौतामा व्याजसमेत थपी लिन पाउने शर्तहरू राख्नुको कारण उधारो दिने पक्षले वित्तीय संस्थाहरूबाट आफ्नो कारोवारको सिलसिलामा नपुग हुने रकम ऋणको रूपमा लिने र चुक्ता गर्न बाँकी त्यस्तो ऋणको व्याज आफूले बुझाउनु पर्ने भएकोले हो । वित्तीय संस्थाबाट लिएको चुक्ता गर्न बाँकी ऋणमा तिरेको व्याज रकम त्यस्तो उधारो बिक्री गर्ने व्यापारिक कम्पनीले आयकर ऐन, २०३१ को दफा १२(ग) बमोजिम सम्बन्धित आयवर्षको आयमा कटाई खुद आय कायम गर्न दावी गर्न सक्ने भएकोले त्यसरी आफूले तिर्ने व्याज आयबाट कट्टा गर्न दावी गर्ने पक्षले आफूले उठाउनु पर्ने उधारो कारोवारमा पनि बाँकी रहेको रकमको त्यही अनुपातमा व्याज असूलउपर गरी आयमा देखाउनु वाञ्छनिय हुन्छ । तिर्नुपर्ने रकमको ब्याज तिरेको भनी आयबाट कट्टा गर्ने तर लिनुपर्ने रकम लामो समयसम्म असूल नगरी प्रतिफल प्राप्त नगर्ने कार्यबाट उक्त ऐनको दफा १२(ग) को कानूनी व्यवस्थाको दुरूपयोग गरेको भन्ने देखिनुका साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रूपमा उक्त दफा १२(ग) को व्यवस्था प्रयोग गरेको भन्ने देखिन जान्छ । लेखाको सामान्य सिद्धान्तअनुसार कुनै आय वर्षमा प्राप्त हुनुपर्ने रकम प्राप्त भई नसकेको भएपनि त्यसै बर्षको आयमा समावेश गरिने भएकोले भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना भएपछि भुक्तानी प्राप्त नभएता पनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गर्नुपर्ने हुन्छ । यसप्रकार प्रत्यर्थी कम्पनीले आ.व. २०५७/०५८ मा भएका सम्झौताअनुरूप उधारो कारोवारमा अन्य पक्षबाट भुक्तानी लिन बाँकी रकमको व्याज सम्झौतामा उल्लिखित म्यादपछि स्वतः प्राप्त गरेको मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा प्रत्यर्थी कम्पनीले सम्झौतामा उल्लिखित म्याद पछि भुक्तानी पाउन बाँकी रकमको व्याज स्वतः प्राप्त गरेको मान्नुपर्ने भएकोले त्यस्तो व्याज रकम स्वतः प्रत्यर्थीको आ.व. २०५७/०५८ को आयमा समावेश गर्नुपर्ने हुन्छ । साथै आयकर ऐन, २०३१ को दफा ७ ले कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिको आयवर्ष भित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभ समावेश गरी आय निर्धारण गर्नुपर्ने भन्ने कानूनी व्यवस्था गरेको देखिएबाट प्रत्यर्थी कम्पनीले उधारो कारोवारमा भुक्तानी लिन बाँकी रकमको सम्झौताबमोजिम प्राप्त हुने व्याज पनि कम्पनीको आयभित्रै पर्ने देखियो । त्यस्तै वित्तीय संस्थाबाट ऋण लिई तिर्नुपर्ने व्याज सम्बन्धित आर्थिक वर्षको आयबाट कटाई आयकर निर्धारण गर्न चाहने करदाताले

अन्य कुनै व्यक्ति वा फर्मलाई दिएको सापटी, अधिक वर्ष सुविधा वा उधारोमा सामान विक्री गरेको वा उधारो विक्री (Credit Limit) दिएको अवस्थामा त्यसरी दिएको सापटी वा उधारो रकम बराबरको हुने व्याज रकमलाई त्यस्तो करदाताको आय मान्नुपर्ने अथवा त्यस्तो करदाताले आयबाट छूट पाउने रकममा त्यस्तो सापटी वा उधारो दिएको रकमको व्याज बराबरको रकम समावेश गर्न नमिल्ने भनी यस अदालतबाट २०६४-CR-०५२९ को ठूला करदाता कार्यालय ललितपुर विरुद्ध मल्टी फाईवर्स लि. भएको मुद्दामा सिद्धान्त कायम भैसकेको देखिँदा यी प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७/०५८ मा अन्य विभिन्न व्यापारिक फर्मलाई विक्री गरेको उधारो कारोवारबाट प्राप्त हुनुपर्ने व्याजसमेत कम्पनीको सो आ.व. को करयोग्य आयमा समावेश गर्नुपर्ने देखियो । तसर्थ प्रत्यर्थी कम्पनीले अन्य फर्मसँग भएको सम्झौताबमोजिम उधारो कारोवारमा ३० दिन नाघेपछि भुक्तानी पाउन बाँकी रकमको १३ प्रतिशतका दरले व्याज समेत थपी लिन पाउने गरी उल्लेख भएको शर्तबमोजिम प्राप्त हुने व्याज रकम रु.२५,१७,३३१।७९ प्रत्यर्थी कम्पनीको आ.व. २०५७/०५८ को आयमा समावेश गर्ने गरेको पुनरावेदक ठूला करदाता कार्यालय काठमाडौंको निर्णय आयकर ऐन, २०३१ को कानूनी व्यवस्थाअनुरूप नै भए गरेको देखिएकोमा त्यस्तो उधारो बाँकीबाट प्राप्त हुने व्याजलाई प्रत्यर्थीको आ.व. २०५७/०५८ को आयमा समावेश नगर्ने गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेको देखिन आएन ।

अतः माथि विवेचना गरिएबमोजिम प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७/०५८ मा अन्य व्यापारिक फर्मलाई उधारोमा सामान विक्री गरेकोमा भुक्तानी पाउन बाँकी रकममा ३० दिन नाघेपछि १३ प्रतिशत व्याजसमेत थप गरी लिन पाउने शर्त उल्लेख भई भएको सम्झौता अनुरूप लिनुपर्ने व्याज रकम रु.२५,१७,३३१।७९ लाई उल्लिखित आ.व. २०५७/०५८ को करयोग्य आयमा समावेश गर्ने गरी भएको ठूला करदाता कार्यालय काठमाडौंको मिति २०६२।३।१२ को निर्णय र सो अनुरूप कर निर्धारण गर्ने गरी भएको २०६२।३।३१ को आदेश सदर गर्नुपर्नेमा केही उल्टी गर्ने गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ । अरु तपसिल बमोजिम गर्नू ।

प्रस्तुत मुद्दाको बिवादित बिषय -

अ) पारिश्रमिक आयकर छुट पाउन आफ्ना कर्मचारीको खर्च तलवी भरपाईमा राख्नुपर्ने सानातिना प्रशासकीय खर्च भनि बिल भरपाई नराखी पछि आयकर निकाल्दा बिवरणमा लेखिएको खर्चको बिषय ।

आ) आफुले तिर्ने व्याज आयबाट कट्टा गर्न पाउने पक्षले आफुले पनि कर कानून अनुसार उधारोमा देखिएको रकम निश्चित अवधी पछि व्याज हिसाब गरी सो व्याज आयमा गणना गर्नुपर्ने बिषय ।

अदालबाट भएको निर्णय -

अ) कुनै कम्पनीले कर्मचारीलाई सुविधा दिंदा सोको बिल भरपाईबाट देखिनु पर्छ । पारिश्रमिक आयर कर छुट लिंदा तलबी भरपाईमा नै सो खर्च देखाउन सक्नुपर्छ । हिसाब बिवरण वा वासलातमा मात्र खर्च भनि लेखिएर मात्र हुँदैन । सपोर्टिङ बिल भरपाई संलग्न हुनुपर्दछ भनी भर्पाई विल बिनाको खर्चलाई मान्यता दिएको देखिदैन।

आ) त्यस्तै आफुले लिएको रकमको व्याज आय विवरणमा खर्च देखाउन आयकर ऐनले छुट दिएको जस्तै लामो समय आफुले पनि उधारोमा दिई सोको व्याज आय नदेखाई व्याज आय लुकाई गरेको कर वासलातमा व्याज आय भुत्तानी नपाए पनि पाए सरह आय हिसाव देखाई राख्नुपर्छ भनि तत्कालीन आय कर ऐन २०३१ बमोजिम कानून अनुसार आय व्यय दुरुष्त हुनुपर्ने भनि आधार कारण सहितको फैसला भएको देखिन्छ।

३. मुद्दाः उत्प्रेषण / प्रतिषेध / परमादेश

रिट/निवेदक : स्थायी लेखा नम्बर ३०००४४६१४ का करदाता काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ भद्रकालीस्थित नेपाल दूरसञ्चार कम्पनीका तर्फबाट अधिकारप्राप्त ऐ.ऐ. कम्पनीका निमित्त प्रबन्ध निर्देशक बुद्धिप्रसाद आचार्य

विरूद्ध

विपक्षी : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेत

- निवेदकले ठूला करदाताको निर्णयउपर यसभन्दा पहिले पुनरावेदनको उपचार ग्रहण गरिसकेकोमा सोही स्थिति र सोही आधारमा विवादित निर्णयउपर पनि साधारण अधिकारक्षेत्रअन्तर्गत उपचारमा जानुपर्नेमा रिटमा प्रवेश गरेको मिलेको नदेखिने ।

- वैकल्पिक उपचार रहेसम्म रिट क्षेत्राधिकार सामान्यतया आकर्षित हुँदैन । एउटै विषयवस्तुमा एकैपटक दुई निकायले हात हाल्दा न्यायिक अराजकतासमेत जन्मिन्छ । विवादित विषयको वैकल्पिक उपचारको मार्ग अन्तिम भई बसेको र विवादित निर्णयमा कानूनको घोर त्रुटि भएको भन्ने कुरा स्पष्ट देखिएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने कुरालाई अपवादको रूपमा लिइने ।

आदेश

१. मिसिल अध्ययन गरी हेर्दा उही बिगोमा एकपटक जरिवाना गरिसकेपछि पुनः शतप्रतिशत जरिवाना गरेको निर्णय बदर गरिपाउँ भन्ने रिट निवेदन जिकिर देखिन्छ ।

निर्णयतर्फ विचार गर्दा रिट निवेदक कम्पनीको हकमा ठूला करदाता कार्यालयले मिति २०६९।२।२३ मा कर निर्धारण गरेउपर निवेदकको चित्त नबुझी आन्तरिक राजस्व विभागमा पुनरावेदन गरेकोमा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट कार्यालयले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ को उपदफा (१)(क) बमोजिम २५ प्रतिशत जरिवाना गरेको देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ को उपदफा (१)(क) बमोजिम जरिवाना गर्दा विभागले तोकेको अधारमा गर्नु पर्नेमा निवेदकले गरेको कसुरमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ को उपदफा (१)(क) बमोजिम जरिवाना गर्ने गरी विभागले तोकेको नदेखिँदा सो जरिवाना लगाएको मिलेन । तसर्थ निवेदकको कसुर एकिन गरी कसुर अनुसारको जरिवाना गर्न कार्यालयलाई आदेश दिनुपर्ने ठहर्छ भनी मिति २०६९।५।६ मा निर्णय भएको देखियो । सो निर्णयमा पनि चित्त नबुझी रिट निवेदकले राजस्व न्यायाधिकरणमा पुनरावेदन गरेको र सो विवाद राजस्व न्यायाधिकरणसमक्ष विचाराधीन रहेको देखिन्छ । आन्तरिक राजस्व विभागको सो निर्णयपश्चात ठूला करदाता कार्यालयले मिति २०७०।१।३१ मा शतप्रतिशत जरिवाना गरेपछि निवेदक कम्पनी रिट क्षेत्राधिकारतर्फ प्रवेश गरेको देखियो ।

२. आन्तरिक राजस्व विभागको मिति २०६९।५।६ को निर्णयउपर रिट निवेदकले राजस्व न्यायाधिकरणसमक्ष पुनरावेदन गरेको र विभागको उक्त निर्णय राजस्व न्यायाधिकरणसमक्ष विचाराधीन रहेको देखिन्छ । राजस्व न्यायाधिकरणबाट जस्तो अन्तिम निर्णय हुन्छ सोही अनुसार ठूला करदाता कार्यालयको निर्णयको परिणाम स्वतः हुने देखिन्छ । विपक्षी ठूला करदाता कार्यालयले गरेको निर्णयको स्रोतको रूपमा

रहेको आन्तरिक राजस्व विभागको निर्णय नै राजस्व न्यायाधिकरणसमक्ष विचाराधीन रहेको र त्यसबाट नै निवेदकले उपचार पाउने अवस्था रहन्छ । यिनै निवेदकले ठूला करदाताको निर्णयउपर यसभन्दा पहिले पुनरावेदनको उपचार ग्रहण गरिसकेकोमा सोही स्थिति र सोही आधारमा विवादित निर्णयउपर पनि साधारण अधिकारक्षेत्रअन्तर्गत उपचारमा जानुपर्नेमा रिटमा प्रवेश गरेको मिलेको देखिँदैन । वैकल्पिक उपचार रहेसम्म रिट क्षेत्राधिकार सामान्यतया आकर्षित हुँदैन । एउटै विषयवस्तुमा एकैपटक दुई निकायले हात हाल्दा न्यायिक अराजकतासमेत जन्मिन्छ । विवादित विषयको वैकल्पिक उपचारको मार्ग अन्तिम भई बसेको र विवादित निर्णयमा कानूनको घोर त्रुटि भएको भन्ने कुरा स्पष्ट देखिएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने कुरालाई अपवादको रूपमा लिइन्छ । यस विवादमा त्यस किसिमले साधारण क्षेत्राधिकारबाट विषयवस्तुको अन्तिम टुङ्गो लागेको देखिँदैन । निवेदकलाई पुनरावेदनको सशक्त र सक्षम वैकल्पिक उपचारको मार्ग रहेकोसमेतको अवस्थामा रिटबाट आदेश गर्न मिल्ने नदेखिँदा निवेदकको रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूसमेतलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

मुद्दाको बिवादित बिषयः

(अ) यसमा पुनः कर निर्धारण गरी करदातालाई कर तिर्न भनिएकोमा सो उपर प्रशासकिय पुनरावलोकन हुँदै राजश्व न्यायाधिकरण बिराटनगरमा पुनरावेदन गरिरहेको अबस्थामा सो अवधिमा कर जरिवानामा थप पुनः जरिवाना लिनु भनि एउटै कर विवरण उपर पटक पटक कर निर्धारण र जरिवाना गर्ने अधिकार विपक्षीलाई छैन भनि सो मिति २०६९।२।२३ ठुला करदाता कार्यालयको निर्णय उत्पेषणको आदेशले बदर घोषणा गरी पाउँ भन्ने समेत रिट निवेदक करदाता सम्मानित सर्बोच्च अदालतमा रिट निवेदन लिई आएकोमा सो कर निर्धारण आदेश उपर सर्बोच्च अदालतले रिट क्षेत्राधिकार भित्र प्रवेश गरी उपचार दिन मिल्छ मिल्दैन ।

(आ) कर निर्धारण गर्दा कानून बमोजिम चार बर्ष भित्र गरिसक्नु पर्छ । समयावधि सकिएपछि आएर भएको सत प्रतिशत जरिवाना सहितको कर निर्धारण कानूनी रुपमा त्रुटीपूर्ण छ । उत्पेषण लगाएतको आदेशबाट सो कर अधिकृतको आदेश निर्णय खारेज भागी छ भन्ने नै बिवादको मुल बिषय देखिन्छ ।

अदालतको निर्णयः

(अ) साधारण उपचारमा जानुपर्नेमा अर्थात बैकल्पिक उपचारको बाटो रहे सम्म सामान्यतया असाधारण अधिकार क्षेत्र आकर्षित हुँदैन । विवादित कर अधिकृत समेतको निर्णयमा कानूनको घोर त्रुटि भएको भन्ने कुरा स्पष्ट देखिएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने कुरालाई अपवादको रूपमा लिइने । यसरी कर कानूनले बैकल्पिक बाटो बनाएको अबस्था र उपचार समेत भै रहेको अबस्थामा रिट क्षेत्राधिकार बाट त्यस्तो उपचारमा आउँन नमिल्ने भनि सामान्य कानूनबाट उपचार पाउने अवस्था रहँदा असाधारण क्षेत्राधिकारबाट उपचार दिन ईन्कार गरिएको पाइन्छ ।

४.मुद्दा : आयकर (आ.व. २०५८/०५९)

पुनरावेदक वादीः ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको तर्फबाट प्रमुख कर प्रशासक नवराज भण्डारी

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः विराटनगर उपमहानगरपालिका, वडा नं ३ स्थित अरिहन्त मल्टी फाइवर्स लि. का सञ्चालक राजकुमार गोल्छा

- मौज्दात रहेको कुनै वस्तु आगलागी वा अन्य कुनै कारणले नोक्सानी भएमा यस्तो वस्तुको बिक्री हुने अवस्था नहुँदा यस्तो वस्तुको बजार मूल्य वा निसर्ग वा बिक्रीबाट प्राप्त हुने रकम वा बिक्री मूल्य पनि शून्य हुने हुँदा आयकर ऐन, २०५८ को दफा १५(२) अनुसार लागत खर्च कट्टी हुने रकम यकीन गर्ने प्रयोजनको लागि यसको बजार मूल्य पनि शून्य हुने हुँदा नोक्सानी भएको मौज्दातको अन्तिम मूल्य र अन्तिम लागत एउटै हुने हुँदा लागत मूल्यलाई नै दफा १५(१) को प्रयोजनको लागि मौज्दात सामानको लागत खर्च वा मूल्य मान्नुपर्ने ।
- आयकर ऐन, २०५८ को दफा दफा १४(१)(क) र (ख) मा को व्यवस्थाअनुसार व्यवसाय सञ्चालन गर्न भनी लिएको ऋणमा तिरेको वा तिर्न पर्ने भएको ब्याज रकम खर्च कट्टा गर्न पाउने सुविधा प्राप्त गर्नको लागि निम्न शर्तहरू पूरा गरेको हुनुपर्नेः

- जुन आर्थिक वर्षमा ऋण लिएको हो सो ऋण सोही आर्थिक वर्षमा प्रयोग भएको वा सो वर्षमा प्रयोग भएका कुनै सम्पत्ति खरीद गर्न प्रयोग भएको हुनु पर्दछ ।
- प्राप्त गरिएको ऋण वा यसको दायित्व आफ्नो व्यवसाय सञ्चालन गर्न वा आय आर्जन गर्ने काममा मात्र प्रयोग भएको हुनु पर्दछ ।
- कुनै ऋणको रकम व्यवसाय सञ्चालन गर्ने काममा प्रयोग नभएको वा आय आर्जन गर्ने काममा प्रयोग नभएको अवस्थामा यस्तो ऋणमा तिरेको वा तिर्न पर्ने भएको ब्याजको रकमलाई आय गणना गर्दा खर्च कट्टा गर्न नपाउने भएपछि आफ्नो व्यवसाय सञ्चालन गर्न आफूसँग नगद रकम नभएको भनी कुनै आर्थिक बर्षमा ऋण लिने कुनै व्यक्ति वा करदाताले सोही आर्थिक वर्षमा अन्य कुनै व्यक्ति वा फर्मलाई ब्याज लिई वा नलिई जुनसुकै शर्तमा सापटी वा ऋण दिएको अवस्थामा यस्तो व्यक्तिले प्राप्त गरेको ऋणको रकम पूर्णरुपमा आफ्नो व्यवसाय सञ्चालन गर्न वा आय आर्जन गर्ने कार्यमा प्रयोग भएको छ भनी मान्न नसकिने ।
- ऋण लिने करदाताले अन्य कुनै व्यक्ति वा फर्मलाई अधिविकर्ष सुविधा वा उधारोमा सामान बिक्री गरेको वा उधारो बिक्री (ऋचभमष्त ीष्mष्त) दिएको अवस्थामा पनि लागू हुन्छ । आफ्नो व्यवसाय सञ्चालन गर्न नगद रकम अपुग भएको भनी ऋण लिने र सो ऋणमा तिरेको ब्याजलाई खर्चमा कट्टी गर्ने वा खर्च कट्टीको दावी गर्ने तर आफूसँग भएको नगद रकम अन्य व्यक्तिलाई कुनै व्यहोराले सापटी दिएको अवस्थामा यसरी सापटी दिएको रकमलाई व्यवसाय सञ्चालन गर्न वा आय आर्जन गर्न प्रयोग भएको रकम भनी भन्न नसकिने ।
- खर्च कट्टीको लागि दावी गरिएको कुनै खर्चको रकम आय आर्जन गर्ने कार्यको लागि भए गरेको भनेर मात्र हुँदैन । यो कुरा खर्चसम्बन्धी वील, भौचर वा बिक्री वा खरीद सम्झौताबाट निर्विवाद रुपमा समर्थन भएको हुनुपर्दछ । बनावटी, अनियमित वा सम्बन्धित व्यवसायमा मान्य प्रचलन विपरीत तयार भएको वा शर्त रहेको देखिने वील, भौचर, खरीद वा बिक्री आदेश वा खरीद बिक्री सम्झौताको आधारमा यस्तो खर्च समर्थन हुन सक्तैन र यस्ता वील, भौचर, खरीद वा बिक्री आदेश वा खरीद बिक्री सम्झौताका शर्तहरूलाई कर निर्धारण गर्ने प्रयोजनको लागि अमान्य मानिने ।

ठहर खण्ड

दुवै पक्षकातर्फबाट प्रस्तुत भएको बहस सुनी मिसिलबाट देखिएको तथ्यलाई दुष्टिगत गरी शुरु निर्णयलाई केही उल्टी गर्ने गरेको राजश्व न्यायाधिकरण विराटनगरको फैसला मिलेको छ, छैन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

यसमा, २०६२।२।१५ मा प्रत्यर्थी उद्योगको आ.व. २०५८/५९को प्रारम्भिक कर निर्धारण आदेश भएको देखिन्छ भने ठूला करदाता कार्यालय काठमाडौंको मिति २०६२।३।१५ को निर्णय पर्चाबाट आ.व. २०५८/०५९ मा रेशाका कपडाको मौज्दात रू. ८६,९५,०८१।५३ हुनुपर्नेमा रू. ६५,७९,७१७।- देखाई सो बिक्री लागतबाट घटाई रू.२१,१५,३६४।५३ बिक्री लागत खर्च बढी दावी हुन आएको देखिएको बढी कट्टी लिएको लागत खर्च कट्टी नदिने, सञ्चयकोषमा ब्याज तिर्ने दायित्व करदाताको नभएकोमा व्यहोर्नु नपर्ने दायित्व व्यहोरी कट्टी लिएको ब्याज खर्च कट्टी नदिने, रघुपति जुट मिल्सलाई प्रदान गरेको रकमको ब्याज दावी गरी लगानी आय कायम गर्ने, ब्याज खर्चमध्ये सस्पेन्स खाताबाट ब्याज खर्च खातामा सारी यस आ.व.सँग सम्बन्धित नदेखिएको ब्याज खर्च कट्टी नदिने, व्यवसायसँग असम्बन्धित लागत खर्च कट्टी नदिने, गत आ.व. सँग सम्बन्धित सवारी साधन सञ्चालन खर्च कट्टी नदिने, भारतमा भन्सार तिरेको निर्यात खर्च बिक्रीका शर्तबमोजिम वील मूल्यले नसमेट्ने आय आर्जनसँग असम्बन्धित र आफूले व्यहोर्नु नपर्ने खर्च व्यहोरी खर्च कट्टी लिएको रकम कट्टी नदिने गरी संशोधित कर निर्धारण निर्णय भएको देखिन्छ । उक्त संशोधित कर निर्धारण आदेशउपर प्रशासकीय पुनरावलोकन गरिपाऊँ भनी प्रत्यर्थी उद्योगको तर्फबाट परेको निवेदनमा आन्तरिक राजश्व विभागवाट २०६३।९।६ मा सोही निर्णय सदर गरी निर्णय भएको देखिन्छ । उक्त निर्णयउपर परेको पुनरावेदनउपर राजश्व न्यायाधिकरण विराटनगरले लागत खर्च बढी दावी गरिएको भनेको रकम रू. २१,१५,३६४।५३, सापटी दिएको रकमको ब्याज रू. २,९३,५६९।३९, ढुवानी खर्चसमेतको रू. ४७,६९,९९७।- खूद आयमा समावेश नहुने भनी मिन्हा हुने गरी निर्णय गरेकोमा सोउपर परेको ठूला करदाता कार्यालयको निवेदनमा यस अदालतबाट राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (घ) बमोजिम पुनरावेदन गर्ने अनुमति प्रदान भई निर्णयार्थ पेश भएको अवस्था रहेछ ।

प्रस्तुत पुनरावेदन पत्रमा मूलतः आ.व. २०५८/०५९ मा प्रत्यर्थीबाट उत्पादित केही कपडा मौज्दात रहेको र यस्ता कपडाको मूल्य रू. ८६,९५,०८१।५३ विपक्षी उद्योगको हिसावमा

देखिएको तर यसमध्ये केही कपडा आगलागी भई नोक्सान भएको, यसरी नोक्सान भएको कपडाको बीमा दावी गर्दा बढी रकम देखाए पनि उद्योगले आफ्नो हिसाव खातामा कायम गरेको मूल्य नै कायम हुनुपर्ने, प्रत्यर्थी उद्योगले ऋण दायित्व व्यहोरी रहेको अवस्थामा अन्य उद्योगलाई सापटी दिएको रकमलाई लगानी र सो बैंकबाट लिएको ऋणमा बुझाउनु पर्ने ब्याजको दरअनुसार नै उक्त रकममा कायम हुने ब्याजलाई लगानी आय मान्नुपर्ने र भारतीय क्षेत्रको ढुवानी र भारतीय सरकारलाई तिरेको भन्सारलाई प्रत्यर्थी उद्योगले खर्च कट्टीको दावी गर्न नपाउने भन्ने जिकीर लिएको देखिन्छ । यस सम्बन्धमा निर्णय गर्दा मूलतः निम्न कानूनी प्रश्नहरूको निराकरण गर्नुपर्ने देखियोः

(क) मौज्दात रहेको सामानमध्ये केही सामानहरू आगलागी वा अन्य कुनै कारणले नोक्सान भएमा सम्बन्धित आर्थिक वर्षको नाफा नोक्सान हिसाव तयार गर्दा यसरी नोक्सान भएको सामानको मूल्यलाई लागत मूल्यको रुपमा खर्च मान्यता दिने प्रयोजनको लागि करदाताले राखेको हिसावमा देखाइएको मौज्दात सामानको मूल्यलाई आधार मान्ने हो वा नोक्सानीको बीमा दावी गर्ने प्रयोजनको लागि निर्धारण गरिएको मूल्यलाई मान्यता दिने ?

(ख) व्यवसाय सञ्चालन गर्न भनी बैंकबाट ऋण लिई सोमा लाग्ने ब्याजलाई आयकर ऐन, २०५८ को दफा १४ अनुसार खर्च कट्टाको दावी गरिलिने करदाता उद्योगले अन्य व्यक्तिलाई निब्याजी सापटी दिएको अवस्थामा त्यस्तो सापटीको रकममा लाग्न सक्ने ब्याजको रकमलाई खूद आयमा समाबेश गर्न सकिन्छ वा सकिँदैन ?

(ग) बिक्री भएको सामानमा भारतीय सरकारलाई भुक्तानी गरेको भन्सार, कर तथा भारतीय क्षेत्रमा ढुवानी गर्नको लागि भएको खर्च आयकर ऐन, २०५८ को दफा १३(ग) अनुसार कट्टी गर्न पाउने खर्च मानिन्छ वा मानिँदैन ?

२. पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा, कुनै आर्थिक वर्षमा मौज्दात रहेको वस्तुमध्ये केही वस्तु आगलागी वा अन्य कारणले नोक्सान भएमा सो आर्थिक वर्षको आय गणना गर्नको लागि यसरी नोक्सान भएको वस्तुको लागत खर्चको रकम कसरी निर्धारण गर्ने भन्ने बारेमा आयकर ऐन, २०५८ मा छुट्टै व्यवस्था नगरिएको हुनाले यो प्रश्नको निराकरण गर्दा उक्त ऐनको दफा १५(१) मा गरिएको व्यवस्थालाई नै आधार मान्नुपर्ने हुन्छ । मौज्दात रहेको सामानको बिक्री गर्दा प्राप्त भएको बिक्री मूल्यभन्दा उक्त मौज्दात रहेको सामानको लागत खर्च बढी भएको अवस्थामा यस्तो सामान बिक्री

(निसर्ग) गर्दा नोक्सान हुने हुँदा उक्त बढी हुन जाने लागत खर्चको रकमलाई आय गणना गर्ने प्रयोजनको लागि खर्चमा दावी गर्न पाउने भन्ने कुरा आयकर ऐन, २०५८ को दफा १५(१) मा गरिएको व्यवस्थाबाट स्पष्ट हुन्छ । यसरी मौज्दात सामान बिक्री (निसर्ग) गर्दा भएको नोक्सानीको रकम यकीन गर्ने प्रयोजनको लागि मौज्दात रहेको सामानको लागत खर्च कसरी यकीन गर्ने भन्ने बारेमा उक्त ऐनको दफा १५(२), दफा १५(३) तथा दफा १५(४) मा गरिएको व्यवस्था हेर्नुपर्ने हुन्छ ।

३. आयकार ऐन, २०५८ को दफा १५(२) ले दफा १५(१) को प्रयोजनका लागि मौज्दात सामानको लागत खर्च कट्टी गर्न पाउने रकम निर्धारण गर्ने तरिकाको सम्बन्धमा व्यवस्था गरेको देखिन्छ । गत आर्थिक वर्षबाट सरिआएको मौज्दात (जसलाई शुरु मौज्दात पनि मानिन्छ) र सम्बन्धित आर्थिक वर्ष (प्रस्तुत विवादमा आ.व. २०५८।५९) को व्यापार मौज्दातसमेत गरी दुई प्रकारको मौज्दातको परिकल्पना गरी यस प्रकारका मौज्दातको लागत मूल्य वा खर्च पनि फरक हुन सक्ने गरी उक्त दफा १५(१) मा व्यवस्था गरेको देखिन्छ । यसै गरी उक्त ऐनको दफा १५(३) तथा १५(४) मा गरिएको व्यवस्थाअनुसार मौज्दात रहेको सामानको लागत मूल्य तथा अन्तिम मूल्यको रकम पनि फरक हुने र लागत मूल्यभन्दा अन्तिम मूल्य कम हुन पनि सक्ने व्यवस्था गरेको देखिन्छ । यसरी उक्त दफा १५(४) अनुसार मौज्दातको अन्तिम मूल्य निर्धारण हुँदा मौज्दातको लागत मूल्यभन्दा अन्तिम मूल्य अर्थात् बिक्री मूल्य कम भएको अवस्थामा मात्र दफा १५ (२) मा निर्धारण गरिएको तरिकाअनुसार दफा १५(१) अनुसार लागतको खर्च कट्टी गर्न पाइने रकम यति हुने भन्ने यकीन हुन्छ । उक्त ऐनको दफा १५(२), १५(३) तथा १५(४) मा गरिएको व्यवस्थालाई समष्टिगत रुपमा हेर्दा मौज्दात रहेको वस्तुको बिक्री मूल्य, सोको खर्च लागत (मूल्य) भन्दा कम भएको अवस्थामा मात्र मौज्दात रहेको वस्तु बिक्री हुँदा प्राप्त रकमबाट सो वस्तु उत्पादन वा प्राप्त गर्दा लागेको लागत खर्च पनि उठ्ती वा असूल नभएको अवस्थामा मात्र उक्त मौज्दातको बिक्रीमा नोक्सान भएको मानिने हुन्छ र यसरी असूल वा उठ्ती हुन नसकेको रकमलाई नै लागत खर्चको रुपमा कट्टी गर्न पाउने भन्ने कुरा उक्त ऐनको दफा १५ मा गरिएको उल्लिखित व्यवस्थाहरूबाट स्पष्ट हुन्छ । यसैले मौज्दात रहेको कुनै वस्तु आगलागी वा अन्य कुनै कारणले नोक्सानी भएमा यस्तो वस्तुको बिक्री हुने अवस्था नहुँदा यस्तो वस्तुको वजार मूल्य वा निसर्ग वा बिक्रीबाट प्राप्त हुने रकम वा बिक्री मूल्य पनि शून्य हुने हुँदा दफा १५(२) अनुसार लागत खर्च कट्टी हुने रकम

यकीन गर्ने प्रयोजनको लागि यसको बजार मूल्य पनि शून्य हुने हुँदा नोक्सानी भएको मौज्दातको अन्तिम मूल्य र अन्तिम लागत एउटै हुने हुँदा लागत मूल्यलाई नै दफा १५(१) को प्रयोजनको लागि मौज्दात सामानको लागत खर्च वा मूल्य मान्नुपर्ने देखियो ।

४. अब आर्थिक वर्ष २०५८।०५९ को अवधिमा विपक्षी उद्योगको व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि उक्त आ.व. मा मौज्दात रहेको सामानमध्ये आगलागीमा परी नोक्सान भएको सामानको लागतबापत कति रकम नोक्सानी अर्थात् लागत खर्चमा कट्टी गर्न पाउने हो भन्ने विषयमा निर्णय गर्दा उपरोक्त प्रकरणमा विवेचना गरिएको उक्त ऐनको दफा १५(१) देखि दफा १५(४) सम्ममा गरिएको व्यवस्थाहरूलाई हेर्नुपर्ने हुन्छ । मौज्दात रहेको उत्पादित सामान फिनिस स्टक २४३८८७.६५ मीटर रहेको र सोमध्ये आगलागीबाट नोक्सान भई बीमा दावी गरिएको सामानहरू (उत्पादित कपडा) को परिमाण जम्मा १५१३१९.८ मिटर (सुटिङ फिनिस ५५८३० मीटर र सर्टिङ फिनिस ९५४८९।८ मीटर रहे भएको र उक्त सामानहरूको प्रतिमिटर मूल्य सुटिङतर्फको रू.६३।६७ सर्टिङतर्फको रू.३७/०३ भई नोक्सान भएको उक्त नोक्सान सामानको मूल्य क्रमशः रू.३५,५४,६९१.१ तथा रू.३५,३५,९८७.२९ समेत जम्मा रू.७०,९०,६८३। भएको भन्ने कुरामा विवाद छैन । यसै गरी मौज्दात रहेको उत्पादित सामान फिनिस स्टक) को जम्मा मूल्य रू.१,१७,१४,९२९ र रू.४०,७१,३४२। समेत जम्मा रू.१,५७,८६,२७१।- रहेको कुरा पनि निर्विवाद देखिन्छ । यो तथ्यलाई विपक्षी उद्योगको मिति २०६२।२।२६ को पत्रबाट निजले स्वीकार गरेको देखिन्छ । तर विपक्षी उद्योगले नोक्सान भएको कपडा १५१३१९.८ मीटरको मूल्याङ्कन गर्दा आफैंले स्वीकार गरेको मूल्यभन्दा बढी मूल्य राखी रू.९२,०६,५५४।- कायम गरी उक्त रकम मौज्दातमा रहेको कपडाको मूल्याङ्कन गरेको देखिन्छ । यसरी आफूले राखेको हिसाव कितावमा मौज्दात रहेको कपडाको लागत मूल्य निर्धारण गर्दा कम मूल्य देखाउने तर उक्त मौज्दात कपडामध्ये कै नोक्सान भएको कपडाको मूल्याङ्कन गर्दा मूल्य बढी देखाएको कारणले मौज्दात रहेको कपडाको मूल्य केवल रू.६५,७९,७१७।- मात्र देखाएको कारणले रू.२१,१५,३६४।५३ बिक्री लागत बढी दावी गरेको (अर्थात् नोक्सान भएको कपडाको बढी मूल्य दावी गरेको) देखिनुको साथै यस्तो कार्य आयकर ऐन, २०५८ को दफा १५(१), दफा १५(२), दफा १५(३) तथा दफा १५(४) समेतको विपरीत

देखियो । यसरी उक्त ऐनको उल्लिखित दफाहरूमा गरिएको व्यवस्थाको विपरीत हुने गरी नोक्सान भएको कपडाको मूल्य बढी हुने गरी मूल्याङ्कन गरेको कारणले रू.२१,१५,३६४।५३ बढी बिक्री लागत खर्च दावी गरेको कार्यलाई मान्यता दिई उक्त रकमलाई खर्च मान्यता दिएको राजस्व न्यायाधिकरणको मिति २०६४।३।१९ को फैसला उक्त दफा १५ को विपरीत देखिएको हुँदा सो हदसम्म उल्टी भै उक्त रकमका सम्बन्धमा ठूला करदाता कार्यालयको निर्णय सदर हुने ठहर्छ ।

५. दोस्रो प्रश्न, आयकर ऐन, २०५८ को दफा १४ को प्रयोग र प्रयोजनसँग सम्बन्धित देखिन्छ । आफ्नो व्यवसाय सञ्चालन गर्न आफूसँग पर्याप्त नगद मौज्दात नभएको भनी ऋण लिई सोमा ब्याज तिर्ने र यसरी तिरेको ब्याजको रकमलाई कर लाग्ने आय निर्धारण गर्ने प्रयोजनका लागि खर्च दावी गरी कट्टा गर्ने कुनै करदाता उद्योग, व्यक्ति वा निकायले अन्य व्यक्ति वा कम्पनी वा निकायलाई निब्र्याजी सापटी वा ऋण दिएको अवस्थामा करदाता आफैंले ब्याज तिर्ने गरी लिएको ऋणको रकमलाई व्यवसाय सञ्चालन गर्न लिएको ऋण भनी मान्यता दिन सकिन्छ वा सकिँदैन र यसरी ऋण लिने व्यक्तिले लिएको ऋण रकममध्येबाट अरुलाई दिएको निब्र्याजी सापटीको रकममा लाग्ने ब्याजको रकमलाई आयकर ऐन, २०५८ को दफा १४ अनुसार खर्च कट्टा गर्न पाइन्छ कि पाइँदैन भन्ने प्रश्न नै मूल रुपमा निराकरण गर्नुपर्ने देखियो । कुनै करदाता व्यक्तिले कुनै आय वर्षमा आफ्नो व्यवसाय सञ्चालन गर्नका लागि लिएको ऋणमा तिरेको ब्याजको रकमलाई सो आर्थिक वर्षको आय गणना गर्ने प्रयोजनको लागि खर्च कट्टा गर्न पाउने भन्ने बारेमा आयकर ऐन, २०५८ को दफा १४ मा व्यवस्था गरेको पाइन्छ । उक्त दफा १४ मा गरिएको समग्र व्यवस्थाको उद्देश्य र प्रयोजन हेर्दा कुनै करदाता व्यक्तिले आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि आवश्यक मेसिन, उपकरण जुटाउने लगायत व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने रकम आफूसँग नरहेको अवस्थामा उक्त रकम जुटाउन बैंक, वित्तिय संस्था वा अन्य व्यक्तिबाट ऋण लिन सक्ने र यस्तो क्रममा तिरेको वा तिर्नुपर्ने भएको ब्याजलाई आफ्नो व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनका लागि खर्च कट्टा गर्न पाउने सुविधा प्रदान गरेको देखिन्छ । तर यो सुविधा निरपेक्ष नभई उक्त दफा १४ मा नै निर्धारित शर्तहरू पूरा गरेको अवस्थामा मात्र उक्त व्याजको रकमलाई व्यवसायिक खर्चको रुपमा मान्यता प्राप्त हुने देखिन्छ । उक्त ऐनको दफा १४(१)(क) र (ख) मा गरिएको समग्र व्यवस्थालाई हेर्दा व्यवसाय

सञ्चालन गर्न भनी लिएको ऋणमा तिरेको वा तिर्न पर्ने भएको ब्याज रकम खर्च कट्टा गर्न पाउने सुविधा प्राप्त गर्नको लागि निम्न शर्तहरू पूरा गरेको हुनुपर्ने देखिन्छ :

(क) जुन आर्थिक वर्षमा ऋण लिएको हो सो ऋण सोही आर्थिक वर्षमा प्रयोग भएको वा सो वर्षमा प्रयोग भएका कुनै सम्पत्ति खरीद गर्न प्रयोग भएको हुनु पर्दछ ।

(ख) प्राप्त गरिएको ऋण वा यसको दायित्व आफ्नो व्यवसाय सञ्चालन गर्न वा आय आर्जन गर्ने काममा मात्र प्रयोग भएको हुनु पर्दछ ।

६. उपरोक्त कानूनी शर्तहरू हेर्दा व्यवसाय सञ्चालन गर्न वा व्यवसायिक प्रयोजनको लागि लिएको ऋण आय आर्जन गर्ने कार्यको लागि प्राप्त गरेको र प्रयोग हुनुपर्ने देखिन्छ । कुनै ऋणको रकम व्यवसाय सञ्चालन गर्ने काममा प्रयोग नभएको वा आय आर्जन गर्ने काममा प्रयोग नभएको अवस्थामा यस्तो ऋणमा तिरेको वा तिर्न पर्ने भएको ब्याजको रकमलाई आय गणना गर्दा खर्च कट्टा गर्न नपाउने भएपछि आफ्नो व्यवसाय सञ्चालन गर्न आफूसँग नगद रकम नभएको भनी कुनै आर्थिक बर्षमा ऋण लिने कुनै व्यक्ति वा करदाताले सोही आर्थिक वर्षमा अन्य कुनै व्यक्ति वा फर्मलाई ब्याज लिई वा नलिई जुनसुकै शर्तमा सापटी वा ऋण दिएको अवस्थामा यस्तो व्यक्तिले प्राप्त गरेको ऋणको रकम पूर्णरुपमा आफ्नो व्यवसाय सञ्चालन गर्न वा आय आर्जन गर्ने कार्यमा प्रयोग भएको छ भनी मान्न सकिने अवस्था हुँदैन । यो कुरा यसरी ऋण लिने करदाताले अन्य कुनै व्यक्ति वा फर्मलाई अधिविकर्ष सुविधा वा उधारोमा सामान बिक्री गरेको वा उधारो बिक्री (Credit Limit) दिएको अवस्थामा पनि लागू हुन्छ । आफ्नो व्यवसाय सञ्चालन गर्न नगद रकम अपुग भएको भनी ऋण लिने र सो ऋणमा तिरेको ब्याजलाई खर्चमा कट्टी गर्ने वा खर्च कट्टीको दावी गर्ने तर आफूसँग भएको नगद रकम अन्य व्यक्तिलाई कुनै व्यहोराले सापटी दिएको अवस्थामा यसरी सापटी दिएको रकमलाई व्यवसाय सञ्चालन गर्न वा आय आर्जन गर्न प्रयोग भएको रकम भनी भन्न सकिने अवस्था हुँदैन । यसैले सम्बन्धित आर्थिक वर्षमा प्राप्त गरेको जम्मा ऋण मध्येबाट अन्य व्यक्तिलाई दिएको सापटीको रकम कट्टा गरेपछि मात्र सम्बन्धित करदाता व्यक्तिले आफ्नो व्यवसाय सञ्चालन गर्न वा आय आर्जन गर्नको लागि लिएको ऋणको वास्तविक रकम यकीन हुन सक्तछ र निजले उक्त ऐनको दफा १४ अनुसार ऋणमा तिरेको ब्याजबापत खर्च कट्टा गर्न पाउने रकम पनि यकीन हुन सक्तछ । यसरी आफ्नो व्यवसाय सञ्चालन गर्न आफूसँग नगद रकम अपुग भएको भन्ने आधारमा ऋण

लिने, यस्तो ऋणको ब्याज खर्च कट्टा गर्ने तर यसरी ऋण लिने करदाता व्यक्तिले अन्य व्यक्तिलाई दिएको सापटी वा ऋणको रकममा लाग्ने वा लाग्न सक्ने ब्याज आयमा समावेश नगर्ने वा निब्र्याजी सापटीको रकमलाई जम्मा ऋण रकमबाट नघटाउने हो भने यसबाट उक्त ऐनको दफा १४ को व्यवस्थाको दुरुपयोग हुनुको साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रुपमा उक्त दफा १४ को व्यवस्था प्रयोग हुन सक्छ ।

७. उपरोक्त अवस्था वा परिस्थितिको सिर्जना हुनबाट रोक्नको लागि कुनै करदाताको कर लाग्ने आय गणना गर्ने क्रममा निम्न दुईमध्ये कुनै एक विकल्प वा तरिका अवलम्बन गर्न सकिने देखिन्छ र अन्तिम कर निर्धारण गर्ने निकायहरूले पनि व्यवहारमा निम्न दुईमध्ये कुनै एक विकल्प तथा तरिका अवलम्बन गर्नु उपयुक्त हुने देखिन्छः

(क) सम्बन्धित आर्थिक वर्षमा लिएको जम्मा ऋण रकमबाट सापटी दिएको रकम र ब्याज वा निब्र्याजी जे भए पनि कट्टा गरी बाँकी रहेको ऋण रकममा मात्र लाग्ने ब्याजको गणना गरी यस्तो ब्याजलाई मात्र खर्च कट्टा गर्ने वा खर्च मान्यता दिने ।

(ख) ऋण रकमबाट सापटी दिएको रकम नघटाउने तर जुन दरमा ऋणको ब्याज भुक्तानी भएको छ सोही दरमा सापटी दिएको रकमको ब्याज गणना गरी यस्तो रकमलाई लगानी आयमा गणना गरी कर लाग्ने आय वा खूद आय निर्धारण गरी कर निर्धारण गर्ने ।

८. प्रस्तुत विवादमा उपरोक्त दुई विकल्पमध्ये पछिल्लो विकल्प तथा तरिकालाई अवलम्बन गरी विपक्षी उद्योगको आ.व. २०५८।५९ को कर निर्धारण गरेको देखिन्छ । विपक्षी उद्योगले आ.व. २०५८।५९ मा जम्मा रू.३२,२७,०७,०४०।- ऋण लिई सोमा वार्षिक ११.५ प्रतिशतका दरले रू.३,८८,६५,१२९। ब्याज खर्च दावी गरेको र सो रकमलाई कर निर्धारण गर्ने प्रयोजनको लागि खर्च मान्यता दिएको देखिन्छ । तर सोही अवधिमा विपक्षी करदाता उद्योगले अन्य फर्मलाई दिएको रू.१,००,००,०००।- निब्र्याजी सापटीको रकमलाई लगानी मानी सोमा ११.५ प्रतिशतका दरले हुने रू.२,९३,५६९।३९ लाई लगानी आयको रुपमा गणना गरी पुनरावेदक ठूला करदाता कार्यालयले विपक्षी उद्योगको कर निर्धारण गरेको देखिन्छ । यसरी बैंकहरूबाट ऋण लिई उक्त ऋणमा बैंकलाई भुक्तानी रहेको ब्याजको रकमलाई खर्च कट्टा गर्ने विपक्षी

करदाता उद्योगले अन्य फर्मलाई दिएको निब्याजी सापटीको रकम रू.१,००,००,०००।- लाई लगानी मानी सो रकममा बैंकलाई तिरेको ब्याजको दर अर्थात् वार्षिक ११.५ प्रतिशतले हुने रकमलाई लगानी आयको रुपमा गणना गरी कर निर्धारण गर्ने ठूला करदाता कार्यालयको निर्णय आयकर ऐन, २०५८ को दफा १४(१) अनुकूल भए गरेको हुँदा सो रकमलाई खूद आयमा समावेश नगरी खर्च मिन्हा दिएको राजश्व न्यायाधिकरण विराटनगरको निर्णय उक्त ऐनको दफा १४(१) को उद्देश्य, मर्म र प्रावधान समेतको विपरीत भई त्रुटिपूर्ण देखियो ।

९. अब तेस्रो प्रश्न अर्थात् विपक्षी उद्योगले आ.व. २०५८।५९ मा निर्यात बिक्री गरेको सामानमा भारतीय सरकारलाई बुझाएको भन्सार शुल्कको रकम र खरीदकर्तालाई सामान बुझाउन डेलिभरी प्वाइन्टबाट भारतीय क्षेत्र अर्थात् खरीदकर्ताको भारतस्थित गोदामसम्म बिक्री भएको सामानको ढुवानी भाडाबापतको खर्च रकमलाई आयआर्जन गर्नको लागि भए गरेको खर्चको रुपमा मान्यता दिने वा नदिने भन्ने विषयमा निर्णय गर्दा आयकर ऐन, २०५८ को दफा १३ मा गरिएको व्यवस्था हेर्नुपर्ने हुन्छ । उक्त व्यवस्था हेर्दा कारोवारसँग सम्बन्धित कुनै खर्चलाई कट्टी गर्ने सुविधा प्राप्त गर्न करदाताले निम्न तीन तथ्यहरू प्रमाणित गर्नुपर्ने हुन्छ ।

(क) सम्बन्धित आर्थिक वर्षमा भएको खर्च

(ख) सम्बन्धित करदाता व्यक्तिबाट नै खर्च भएको भन्ने तथ्ययुक्त प्रमाण

(ग) खर्च भनी दावी गरिएको रकम व्यवसायबाट आय आर्जन गर्ने वा हुने कार्यमा नै भए गरेको भन्ने कुराको वस्तुनिष्ठ प्रमाण ।

१०. आयकर ऐन, २०५८ को दफा १३ मा गरिएको उपरोक्त व्यवस्थामा हेर्दा आय आर्जन गर्ने कामको लागि नै भए गरिएको भए पनि सम्बन्धित आर्थिक वर्ष बाहेक अन्य आर्थिक वर्षमा भए गरेका खर्चलाई आय गणना गर्ने प्रयोजनको लागि कट्टा गर्न पाइन्छ भन्ने होइन । यस्तो खर्च जुन आर्थिक वर्षको आय गणना गर्दा दावी भएको हो, सोही आर्थिक वर्षमा गरिएको वा खर्च भुक्तानी भएको हुनुपर्दछ । यसैगरी सम्बन्धित करदाता (जसको आय गणना गरिएको हो) आफैंले नै दावी गरिएको खर्च भुक्तान गरेको हुनुपर्ने र यस्तो खर्च आय आर्जन गर्ने कामको लागि नै भएको हुनुपर्ने भन्ने पनि उपरोक्त व्यवस्थाबाट स्पष्ट हुन्छ । उक्त व्यवस्थाअनुसार कुनै करदाताले कुनै आर्थिक वर्षमा गरेको खर्च आय आर्जन गर्ने कार्यसँग सम्बन्धित नदेखिएमा यस्तो खर्चलाई करयोग्य

आय निर्धारण गर्दा मान्यता दिने अवस्था देखिँदैन । अर्को कुरा खर्च कट्टीको लागि दावी गरिएको कुनै खर्चको रकम आय आर्जन गर्ने कार्यको लागि भए गरेको भनेर मात्र हुँदैन । यो कुरा खर्चसम्बन्धी बील, भौचर वा बिक्री वा खरीद सम्झौताबाट निर्विवाद रुपमा समर्थन भएको हुनुपर्दछ । बनावटी, अनियमित वा सम्बन्धित व्यवसायमा मान्य प्रचलनविपरीत तयार भएको वा शर्त रहेको देखिने विल, भौचर, खरीद वा बिक्री आदेश वा खरीद बिक्री सम्झौताको आधारमा यस्तो खर्च समर्थन हुन सक्तैन र यस्ता विल, भौचर, खरीद वा बिक्री आदेश वा खरीद बिक्री सम्झौताका शर्तहरूलाई कर निर्धारण गर्ने प्रयोजनको लागि अमान्य ठानिन्छ । अन्यथा कर राजश्व छल्ने छलाउने काममा यस्ता अवास्तविक, अव्यवहारिक तथा वस्तु बिक्रीसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधि तथा मान्य प्रचलनविपरीत हुने गरी निर्धारण गरिएका शर्तहरू राखिएका खरीद बिक्री सम्झौता तथा बील, भौचरहरूको अनियन्त्रित तथा अकल्पनीय प्रयोग हुन सक्ने वास्तविकतालाई इन्कार गर्न सकिँदैन ।

११. प्रस्तुत विवादका सम्बन्धमा हेर्दा आर्थिक वर्ष २०५८।५९ मा विपक्षी उद्योगले उत्पादन गरेका जुटका सामानहरू विभिन्न भारतीय फर्महरूलाई बिक्री गरेको र यस्ता वस्तु खरीद गरी भारतमा आयात गर्ने विभिन्न भारतीय फर्महरूले भारत सरकारलाई बुझाएको भन्सार शुल्क र भारतमा भएको ढुवानी खर्चसमेत रू.४७,६९,९९७।- (भारतीय भन्सारमा तिरेको रू.४५,०८,७८१।- र भारतीय क्षेत्रमा भएको ढुवानी भाडा रू.२,६१,२१६।-समेत) विपक्षी उद्योगले खर्च कट्टीको दावी गरेको तर पुनरावेदक कर कार्यालयले अन्तिम कर निर्धारण गर्दा भारतीय भन्सारमा भारतीय सरकारलाई तिरेको भन्सार शुल्क र भारतीय क्षेत्रमा भएको ढुवानी भाडाको रकमको रुपमा दावी गरिएको खर्च व्यहोर्ने दायित्व विपक्षी करदाता उद्योग (बिक्रेता) को नभएको भन्ने आधार देखाई उक्त रू.४७,६९,९९७।-लाई आयकर ऐन, २०५८ को दफा १३ अनुसार खर्च कट्टी गर्न नमिल्ने भनी उक्त रकमलाई खूद आयमा समावेश गर्ने निर्णय गरेको देखिन्छ । सो निर्णयउपर विपक्षी उद्योगको पुनरावेदन परी राजस्व न्यायाधिकरण विराटनगरले करदाता उद्योग (पुनरावेदक) र खरीदकर्ताबीच भएको बिक्री सम्झौतामा सामान आपूर्ति गर्ने ठाउँ एफ.ओ.वि. (FOB) जोगवनी, सुनौली रहे भएको र करदाता उद्योग (पुनरावेदक) ले उत्पादन गरेको सामान खरीदकर्तासमक्ष पुऱ्याउँदा भएको बीलबमोजिमको खर्च भनी उक्त खर्चलाई कट्टी गर्न पाउने भनी खर्च मिन्हा दिएको देखिन्छ । राजस्व न्यायाधिकरण विराटनगरको उक्त निर्णयमा लिएको आधार र मिन्हा

दिएको कुरा प्रचलित कानून, वस्तु बिक्रीसम्बन्धी मान्य प्रचलन र व्यवहार अनुकूल छ वा छैन भन्ने प्रश्न सर्वप्रथम निराकरण गरेर मात्र उक्त रकमलाई खर्च मान्यता दिने निर्णय मिलेको छ वा छैन भन्ने विषयमा निर्णय गर्नुपर्ने देखियो ।

आ.व. २०५८।५९ मा प्रत्यर्थी करदाता उद्योगले विभिन्न भारतीय फर्महरूलाई सामान बिक्री गर्ने सम्झौता (Agreement) गर्दा विभिन्न फर्मसँग गरेको सम्झौता (Agreement) को व्यहोरा हेर्दा कुनैमा "delivery at CIF Sunauli" भन्ने व्यहोरा लेखी "Above rate includes all expenses from factory gate to Sunauli custom" भनी उल्लेख गरेको देखिन्छ भने कुनैमा "delivery at CIF Jogbani" भनी उल्लेख गरेको देखिन्छ । यसको सोझो अर्थ बिक्री सम्झौता (एग्रिमेन्ट) मा उल्लेख गरिएको बिक्री मूल्यभित्र विपक्षी उद्योगको कारखानादेखि सुनौली वा जोगवनीसम्म पुऱ्याउँदा लाग्ने ढुवानी तथा बीमा खर्च पनि समावेश भएको मानिने भन्ने बुझिन्छ । त्यसै गरी "Delivery at CIF Sunauli or CIF Jogbani" भन्नुको स्वाभाविक अर्थ खरीदकर्ता भारतीय फर्मलाई सम्झौतामा उल्लिखित सामान सुनौली वा जोगवनीमा बुझाउने र निजले त्यहीँ बुझिलिने भन्ने बुझिन्छ । निर्यात व्यापार वा एक देशमा उत्पादित वस्तु अर्को देशमा बिक्री गर्दा हुने वस्तु बिक्रीसम्बन्धी सम्झौता (Agreement) मा बिक्री भएको वस्तु बिक्रीकर्ताले जुन ठाउँमा खरीदकर्तालाई बुझाउने हो सो स्थानसम्मको ढुवानी तथा बीमा खर्च कसले व्यहोर्ने भन्ने कुरा उल्लेख गरिन्छ । यो कुरा उल्लेख गर्दा बिक्री भएको वस्तु बिक्रीकर्ताले बिक्री भएको वस्तु खरीदकर्ता वा निजको एजेन्टलाई बुझाउने ठाउँ उल्लेख गरी सो ठाउँसम्म बिक्री भएको वस्तु ढुवानी गर्ने भाडा र बिक्री भएको वस्तुको मूल्य मात्र बिक्री बील (Sale invoice) वा बिक्री सम्झौता (Agreement) मा उल्लिखित मूल्यमा समावेश गरिने व्यवस्था गरिएको पनि हुन सक्तछ । अन्तर्राष्ट्रिय वस्तु बिक्रीसम्बन्धी अन्तर्राष्ट्रिय चलन चल्तीको शव्दमा यस्तो मूल्यलाई ँइद्य (एफ.ओ.बि.) मूल्य भनिन्छ भने उक्त बिक्री बील वा बिक्री सम्झौता (Agreement) मा उल्लिखित मूल्यमा वस्तुको मूल्य, ढुवानी भाडाको अतिरिक्त नोक्सानी बीमाको खर्चसमेत समावेश गरिएको अवस्थामा CIF (सि.आई.एफ.) मूल्य (cost insurance and freight) भनिन्छ । यस्तो शर्त रहेको कुरा जनाउन "CIF, Delivery at ..." भन्ने पनि प्रचलन रहेको देखिन्छ । FOB मूल्य वा CIF मूल्यमध्ये जुन मूल्य वस्तु बिक्रीको सम्झौता (Agreement) मा उल्लेख गरिएको भए पनि यी दुईमध्ये बीमाको रकम बिक्री मूल्यमा समावेश भएको छ वा छैन

भन्ने जनाउने मात्र हो र यसले खरीदकर्ताले बुझाउन पर्ने भन्सार महसूल तथा निजले सामान बुझिलिएपछिको ढुवानी भाडा पनि वस्तु बिक्रीकर्ताले नै बुझाउन पर्ने भन्ने अर्थ गर्न मिल्दैन । जुन विन्दूमा सामान बुझाउने भनिएको छ त्योभन्दा पछिको खर्च खरीदकर्ता आफैंले व्यहोर्नु पर्ने भन्ने कुरा अन्तर्राष्ट्रियस्तरमा मान्य प्रचलनको रुपमा मान्यता दिइने कुरा निर्विवाद छ ।

१३. उपरोक्त विवेचनाको आधारमा विपक्षी करदाता उद्योगले उत्पादन गरेका वस्तु विभिन्न भारतीय फर्महरूलाई बिक्री गर्दा सो बारेमा भएका सम्झौता (Agreement) मा "delivery at CIF" सुनौली, जोगवनी भनी उल्लेख गरेको अवस्थामा उक्त सामानको खरीदकर्ता भारतीय फर्महरूले सुनौली वा जोगवनीमा सामान बुझ्नु पर्ने भएपछि यी फर्महरूले भारतीय भन्सारमा बुझाउनु पर्ने भन्सार शुल्क र भारतीय क्षेत्रको ढुवानीसमेत विपक्षी उद्योगले भुक्तानी गरेको वा व्यहोरेको भनी यस्तो खर्चलाई मान्यता दिनु भनेको वस्तु बिक्री सम्बन्धी उल्लिखित सम्झौता (Agreement) को "delivery at CIF, Sunauli or Jogbani" भन्ने शर्तहरूको अप व्याख्या मात्र नभई आयकर ऐन, २०५८ को दफा १३ को ठाडो उल्लंघन समेत हुन जाने देखियो ।

१४. उपरोक्त प्रकरणमा विवेचना गरिएअनुसार विपक्षी उद्योगले भारतीय भन्सारमा बुझाएको भनिएको रू.४५,०८,७८१।- र भारतीय क्षेत्रमा भएको ढुवानीबापत खर्च गरेको भनिएको रू.२,६१,२१६।-समेत रू.४७,६९,९९७।-लाई खर्च मान्यता दिने राजस्व न्यायाधिकरण विराटनगरको निर्णय वस्तु बिक्री सम्बन्धी उल्लिखित मान्य सिद्धान्त, आयकर ऐन, २०५८ को दफा १३ तथा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ समेतको विपरीत भई त्रुटिपूर्ण भई सो हदसम्म उल्टी हुने ठहर्छ ।

१५. अतः माथि विवेचना गरिएबमोजिम आगलागीमा परी नोक्सानी भएको कपडाको नोक्सानी भएको परिमाणको मूल्यसम्बन्धी विपक्षी आफैंले राखेको लेखा स्रेस्ताबाट प्रमाणित हिसावबाट देखिने मूल्यलाई अन्यथा गरी बिक्री लागत रू.२१,१५,३६४।५३ बढी दावी गरिएकोले सो रकम करयोग्य आयमा समावेश हुने र साथै एउटै व्यवस्थापन भएको रघुपति जुट मिल्सलाई सहयोग गर्न दिइएको रू १,००,००,०००।.को बैंक दरअनुसार हुन आउने ब्याज रू.२,९३,५६९।३९ तथा भारतीय क्षेत्रको ढुवानी भाडा र भारतमा तिरेको भन्सार रू.४७,६९,९९७।- लाई समेत करयोग्य आयमा समावेश गर्ने ठहर भएकोले उक्त रकमलाई खर्चको रुपमा मिन्हा दिने गरेको राजश्व

न्यायाधिकरण विराटनगरको मिति २०६४।३।१९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई उल्लिखित खर्च रकमहरूलाई खर्च मान्यता नदिने गरी ठूला करदाता कार्यालयको २०६२।३।१५ को संशोधित कर निर्धारण, मिति २०६२।३।२० को अन्तिम कर निर्धारण आदेश तथा आन्तरिक राजश्व विभागको मिति २०६२।९।७ को निर्णय कायम हुन्छ । अरु तपसीलबमोजिम गर्नूः

बिवादको बिषय -

(अ) व्यवसाय संचालन गर्न ऋण लिई सोमा लाग्ने व्याजलाई खर्च कट्टाको दाबी गरि लिने करदाताले अरु व्यक्तिलाई निर्व्याजी सापटी दिएको अबस्थामा सो रकममा लाग्ने व्याजको रकमलाई खुद आयमा समाबेश गर्न सकिन्छ सकिदैन ।

(आ) बिक्री भएको सामानमा भारतीय सरकारलाई बुझाएको भन्सार कर र सो क्षेत्रमा भएको ढुवानी खर्च आय कर ऐन २०५८ को दफा १३ (ग) अनुसार खर्च कट्टी गर्न पाउने मानिन्छ मानिदैन ।

अदालतबाट भएको निर्णय -

(अ) व्याज रकम कट्टा गर्न पाउने सुबिधा पाउने पक्षले ऐन बमोजिम जुन आ.व.मा ऋण लिएको हो सोही आ.व.मा प्रयोग भएको हुनुपर्छ । साथै प्राप्त ऋण व्यवसाय संचालन गर्न वा आय आर्जन गर्ने काममा प्रयोग भएको हुनुपर्छ भनि करदाताले सो ऋणको सदुपयोग गरेको अबस्था नहुँदा ऋणको रकम पूर्ण रुपमा आफ्नो व्यवसायमा आय आर्जन गर्ने काममा प्रयोग भएको छ भनि मान्न नसकिने भन्ने फैसला भएको छ । यसरी व्यवसायलाई लिएको ऋणको रकम दुरुपयोग रोकी अनावश्यक व्याज खर्चलाई नियन्त्रण गर्ने गरी व्याख्या भएको छ ।

(आ) खर्च कट्टीको दाबी गरिएको कुनै खर्च रकम आय आर्जन गर्न गर्ने कार्यको लागि गरेको भनेर मात्र हँुदैन सो बिल भौचर, विक्री वा खरिद सम्झौता बाट निर्विवाद रुपमा समर्थन भएको हुनुपर्छ । बनावटी वा सम्बन्धि व्यवसायमा मान्ने प्रचलन विपरित विविध तयार भएको बिल भौचर बिक्री आदेश वा खरिद सम्झौताको आधारमा यस्तो खर्च समर्थन हुन सक्दैन । आयकर निर्धारण गर्ने प्रयोजनको लागि

सो खर्च अमान्य हुने भनि देश बाहिर भएको खर्चलाई आयकर एनले खर्च कट्टी गर्न पाउने भनि नलेखेको अबस्था र उक्त पक्षहरु बिच त्यस्तो खर्च विपक्षी करदाताले कट्टी गर्न पाउँने भनि कुनै संझौता सर्त समेत गरेको नहुँदा त्यस्ता खर्च कट्टी गर्न नदिने गरी कानून बमोजिम नै व्याख्या भएको छ ।

५. मुद्दा :- उत्प्रेषण समेत ।

निवेदकः का. जि., का.म.न.पा.वडा नं. १ कान्तिपथ स्थित प्रधान कार्यालय रहेको साविकको सूर्य टोवाको कम्पनी प्रा. लि. हाल सूर्य नेपाल प्रा.लि.को तर्फबाट प्रवन्ध सञ्चालक हर्ष एम.दर समेत

विरुद्ध

विपक्षीः आन्तरिक राजश्व कार्यालय, बारा समेत

- नितान्त निजी हक हितमा असर परेको कुरा उल्लेख गरी अमुक कानूनको व्यवस्था बाझिएको भनी गोश्वारा रुपमा दावी लिएकै आधारमा विधायिकी प्रक्रियाद्वारा निर्मित कानूनलाई न्यायिक पुनरावलोकनको विशिष्ट अधिकारक्षेत्र प्रयोग गरी अमान्य र बदर गर्नु न्यायिक मूल्य र मान्यताविपरीत हुन जाने ।
- कानूनबमोजिम स्थापित निकायबाट माग गरेको अन्तःशुल्क रकम वा भन्सार महसूलउपर चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्दा राख्नुपर्ने धरौटीको रकमको सम्बन्धमा ऐनले गरेको व्यवस्था संविधानमा रहेको कानूनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने भन्ने वाक्याँशसँग बाझिएको भन्ने देखिन आएन । पुनरावेदन गर्दा धरौट राख्नुपर्ने राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को व्यवस्थाले मौलिक हकमा अनुचित बन्देज लगाएको वा संवैधानिक प्रावधानसँग बाझिएको भन्ने अवस्था नदेखिने ।

आदेश

१. निर्णयतर्फ विचार गरी हेर्दा, प्रस्तुत रिट निवेदनको मागसम्बन्धी विषयवस्तु हेर्नु पर्ने देखिन आयो । निवेदक कम्पनीले उत्पादनको नियमित विवरण र हिसाव राखेको र सोही आधारमा आ.व. २०५५।५६ देखि २०५९।६० सम्मको विभिन्न आर्थिक वर्षको अन्तःशुल्क रकम विपक्षी आन्तरिक राजश्व कार्यालयलाई तिरी बुझाई सकेको छ । कम्पनीको वास्तविक उत्पादनमा समेत विपक्षीहरूबाट प्रश्न उठाएको अवस्था समेत छैन । यसरी वास्तविक रुपमा उत्पादित पदार्थमा लाग्ने अन्तःशुल्क रकम तिरीसकेको अवस्थामा पूर्व जानकारी विना अप्रत्यासीत रुपमा आन्तरिक राजश्व कार्यालयका कर अधिकृतले कुनै कानूनी आधार उल्लेख नगरी आ.व. २०५५।५६ देखि २०५९।६० सम्मको विभिन्न आ.व.को छुट्टा छुट्टै अन्तःशुल्क रकम निवेदक कम्पनीसँग माग गर्ने गरी २०६२।३।२७ मा उठाएको टिप्पणी प्रमुख कर अधिकृतबाट २०६२।३।२८ मा सदर गरिएको गैरकानूनी कार्य बदरको लागि रिट क्षेत्रमा प्रवेश गरिएको छ । उत्पादन नै नगरिएको काल्पनिक वस्तुमा माग गरिएको अन्तःशुल्क रकमको विषयमा आन्तरिक राजश्व विभागका महानिर्देशक समक्ष दिएको प्रशासकीय पुनरावलोकनको निवेदनमा समेत पूर्वाग्रही भै सदर गरिएको हुँदा निवेदक कम्पनीका विरुद्ध अन्तःशुल्क रकम माग गर्ने विषयमा भए गरेको विपक्षीहरूका काम कारवाही एवं निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ । साथै आन्तरिक राजश्व विभागका महानिर्देशकको निर्णयउपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को (ख) को व्यवस्था संवैधानिक प्रावधानसँग वाझिएकोले अमान्य र बदर घोषित गरिपाऊँ भन्ने मुख्य निवेदन दावी लिएको पाइयो ।

२. निवेदनमा बदरको माग दावी लिएको आन्तरिक राजश्व कार्यालय सिमरा वाराको मिसिल संलग्न २०६२।३।२७ को टिप्पणी र २०६२।३।२८ मा प्रमुख कर अधिकृतबाट सदर भएको आदेश व्यहोराको मुख्य अंश यस प्रकार रहेको देखिन्छ । करदाता सूर्य नेपाल प्रा.लि.को सूर्ति खपतको अनुपातमा उत्पादन नगरी घटी उत्पादन गरेको आधारमा आर्थिक ऐन, २०५० बमोजिम १५ प्रतिशतले थप अन्तःशुल्क असूल गर्नुपर्ने भनी आ.व. २०५०।५१ र २०५१।५२ को कायम बेरुजुको सम्बन्धमा करदाताले सर्वोच्च अदालतमा दायर गरेको २०५३ सालको रिट नं. २८२५ को निवेदनमा बेरुजू रकम असूलउपर नगर्नु भनी परमादेशको आदेश जारी भएको देखिन्छ । करदाताको आ.व. २०५५।५६, २०५६।५७ र २०५७।५८ को बेरुजुको सम्बन्धमा अर्थ मन्त्रालय तर्फबाट उक्त रिट निवेदनको आदेश उपर पुनरावलोकनको निवेदन परी

विचाराधीन रहेको र सम्परीक्षणको कारवाही अघि वढाउन नमिलेको भनी महालेखा परीक्षकको विभागबाट जानकारी गराइएको । आ.व. २०५८।५९ र २०५९।६० मा कायम बेरुजू समेत सोही प्रकृतिको प्रतिलब्धी नपुग सम्बन्धमा नै कायम रहेको पाईएको र उपरोक्त बेरुजू रकम असूलउपर सम्बन्धमा द्विविधा उत्पन्न भएकोले निर्देशनको लागि आन्तरिक राजश्व कार्यालयबाट पत्र पठाएकोमा आन्तरिक राजश्व विभागबाट रकम असूलउपरको लागि आवश्यक कारवाही गर्नु भन्ने विभागको निर्देशन रहेको भनी उल्लेख भएको पाइन्छ । आ.व.२०५५।५६ देखि आ.व. २०५९।६० सम्म विभिन्न अवधिमा महालेखा परीक्षकको विभागबाट अन्तिम लेखा परीक्षण हुँदा करदाता निवेदक सूर्य नेपाल प्रा.लि.का नाममा असूल गर्नुपर्ने बेरुजू भन्दै विभिन्न आर्थिक वर्षको विभिन्न रकम माग गर्ने भनी दुईजना कर अधिकृतले उठाएको टिप्पणीमा प्रमुख कर अधिकृतबाट सदर भएको मिसिल संलग्न टिप्पणी आदेशको प्रतिलिपिबाट देखिन्छ ।

३. उपर्युक्त टिप्पणी आदेशमा चित्त नबुझाई निवेदक सूर्य नेपाल प्रा.लि.तर्फबाट परेको प्रशासकीय पुनरावलोकनको निवेदनमा करदाताको निवेदन मागबमोजिम दावी नपुग्ने भनी आन्तरिक राजश्व विभागबाट २०६२।१०।४ मा निर्णय भएको र सोही निर्णयको आधारमा अन्तःशुल्क रकम दाखिल गर्नु भनी आन्तरिक राजश्व कार्यालय सिमरा वाराले २०६२।११।१८ मा निवेदक कम्पनीलाई पत्र व्यवहार गरेको देखिन्छ ।

४. आ.व.२०५५।५६ देखि २०५९।६० सम्मको सूर्य नेपाल प्रा.लि.को आय विवरण लेखा परीक्षण गर्दा कच्चा पदार्थको खपतको आधारमा उत्पादन हुनुपर्ने स्वीकृत नर्म्स भन्दा घटी उत्पादन गरेको देखाइएको भन्ने आधारमा महालेखा परीक्षकको विभागबाट बेरुजू औंल्याइएका अन्तःशुल्क समेतको कर रकम कर कार्यालयबाट दाखिल गर्न आदेश दिइएकोमा सो आदेश उपर आन्तरिक राजश्व विभागमा निवेदन गरेकोमा महानिर्देशकबाट २०६२।१०।४ मा कर अधिकृतको निर्णय सदर भएपछि राजश्व न्यायाधिकरणबाट पचास प्रतिशत रकम धरौटी नराखेको कारण पुनरावेदन दरपीठ भएको हो । सो दरपीठ आदेश बदर गराई वा सोअनुसार धरौटी राखेको अवस्थामा हुने वैकल्पिक उपचारको मार्गविपरीत रिटक्षेत्रमा प्रवेश गरेको मिलेको छैन । आ.व. २०५०।५१ र २०५१।५२ मा सूर्ति खपतको अनुपातमा उत्पादन नगरी स्वीकृत नर्म्सभन्दा घटी उत्पादन गरेको आधारमा महालेखा परीक्षकको विभागबाट बेरुजू औंल्याई सो आधारमा अन्तःशुल्क रकम माग गरेकोमा सो निर्णयउपर परेको २०५३

सालको रि.नं.२८२५ मा आदेश हुँदा बेरुजुको नामबाट अन्तःशुल्क असूल गर्न रोक लगाईएको र उक्त आदेश अर्थ मन्त्रालय समेतका तर्फबाट पुनरावलोकनको निवेदन परी कारवाहीयुक्त अवस्थामा रहेको छ । उक्त रिटमा स्वीकृत नर्म्स भन्दा घटी उत्पादन गरेको विषय औंल्याइएको हुँदा प्रस्तुत विवादसँग मेल खाने प्रकृतिको नहुँदा सो रिट निवेदनमा स्थापित नजीरका आधारमा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था छैन भन्ने विपक्षी आन्तरिक राजश्व कार्यालय समेतको लिखित जवाफ व्यहोरा देखिन्छ ।

५. निवेदक कम्पनीसँग थप अन्तःशुल्क कर रकम माग गर्ने गरी भएको आन्तरिक राजश्व कार्यालयको टिप्पणी आदेशमा माथि उल्लिखित रिट नं. २८२५ मा भएको आदेश व्यहोरा उल्लेख गरी सो आदेश उपर अर्थ मन्त्रालय तर्फबाट यस अदालतमा परेको पुनरावलोकनको निवेदन विचारधीन रहेको अवस्था देखाइएको स्थिति छ । रिट निवेदकको निवेदन दावी एवं विपक्षीहरूको लिखित जवाफ व्यहोरा समेत सोही रि.नं. २८२५ मा भएको आदेश र सोउपर परेको पुनरावलोकनको निवेदनसँग सम्बन्धित देखाइएको छ । सो उत्प्रेषण विषयको रिट निवेदनमा यस अदालत पूर्ण इजलासबाट पुनरावलोकनको निस्सा प्रदान भै २०६६।७।१२ मा अन्तिम फैसला भएको देखिन्छ ।

६. उक्त २०६४-NF-०००२ को उत्प्रेषणको विषयको निवेदनमा यस अदालत पूर्ण इजलासको अन्तिम फैसलामा आर्थिक ऐन, २०५१ को अनुसूची-३ अन्तर्गतको द्रष्टव्य २ को व्यवस्थाको विस्तृत रुपमा विवेचना गरी अनुमानित उत्पादनलाई आधार बनाएर अन्तःशुल्क निर्धारण गर्न सकिने गरी चुरोटतर्फ व्यवस्था गरेको अवस्था नहुँदा चुरोटलाई मदिरा सरहको व्यवस्था नगरिएको अर्थात् अनुमानित उत्पादनमा अन्तःशुल्क लगाउने व्यवस्था नगरिएको स्पष्ट हुन्छ । ऐनले नै अनुमानित उत्पादनको दायराबाट बाहिर परेको अवस्थामा अनुमानित उत्पादनका आधारमा थप अन्तःशुल्क लगाउने, असूलउपर गर्ने भन्ने हुँदैन । कानूनले बाहेक गरेको कुरालाई मनोगत तर्क गरी त्यसैको आधारमा दायित्व वहन गराउन मिल्ने हुँदैन । अन्तःशुल्क ऐन, २०१५ र अन्तःशुल्क नियमहरू, २०१९ बमोजिम अन्तःशुल्क असूलउपर गर्न छूट भएको वा बाँकी भएको नदेखिएको अवस्थामा महालेखा परीक्षकको विभागबाट लेखा परीक्षण गर्दा अनुमानित उत्पादनलाई आधार बनाएर बेरुजू औंल्याएको, असूलउपरको लागि प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले निर्देशन दिएको र रकम दाखिला गर्नु भनी

मूल्य अभिवृद्धि कर कार्यालय बाराबाट २०५३।१२।१५ मा भएको निर्णय कानूनबमोजिम भएको मान्न नमिली उत्प्रेषणको आदेशद्वारा बदर गरी सूर्य टोवाको कम्पनीबाट बेरुजू रकम असूलउपर नगर्नु भनी परमादेशको आदेश जारी गरिएको हदसम्म संयुक्त इजलासको २०५४।१२।१६ को फैसला कायम हुने ठहर्छ भनी यस अदालतबाट २०६६।७।१२ मा अन्तिम फैसला भएको देखिन्छ ।

७. आ.व. २०५५।५६ देखि २०५९।६० सम्मको विभिन्न अवधिको महालेखा परीक्षकको विभागबाट अन्तिम लेखा परीक्षण हुँदा करदाता सूर्य नेपाल प्रा.लि.को नाममा असूल गर्नुपर्ने भनी उठाइएका बेरुजुको सम्बन्धमा माथि उल्लिखित रिट नं. २८२५ मा भएको आदेश र सो उपर परेको पुनरावलोकनको निवेदनको आधार उल्लेख गरी थप अन्तःशुल्क रकम माग गरिएको र सोही विवादमा प्रस्तुत रिट निवेदन दायर भएको भन्नेमा विवाद देखिएको छैन । उक्त पुनरावलोकनको निवेदनमा उठाइएका अर्थात विवादमा ल्याईएका विषय बाहेक अन्य नयाँ विषय प्रस्तुत निवेदनमा उठाइएको भन्ने पनि देखिँदैन । आर्थिक वर्ष २०५०।५१ मा उठाएको विवादमा पूर्ण इजलासबाट टुंगो लागिसकेको विषयवस्तु र प्रस्तुत रिट निवेदनमा विवाद ल्याइएको विषयवस्तुमा प्रत्यर्थीहरूबाट प्रेषित लिखित जवाफ समेतबाट तात्विक अन्तर पनि देखिन आएन । सो सम्बन्धमा विपक्षी अर्थ मन्त्रालय समेतका तर्फबाट इजलासमा उपस्थित सहन्यायाधिवक्ताले समेत स्वीकार गरेको देखिन आएको छ । निवेदक सूर्य नेपालले सूर्ति खपतको अनुपातमा उत्पादन नगरी घटी उत्पादन गरेको अर्थात् आ.व. २०४७।४८ को नर्म्स अनुसार कच्चा पदार्थको खपत अनुपातमा प्रतिलब्धि नपुग भएको भन्ने आधारमा थप अन्तःशुल्क रकम माग गरेको भन्ने नै मूल विवादको विषयवस्तु रहेको र यस्तै प्रकारको विवादको विषयवस्तु सम्बन्धमा अनुमानित उत्पादनको आधारमा थप अन्तःशुल्क रकम माग गर्न नमिल्ने भनी यस अदालत पूर्ण इजलासबाट सिद्धान्त समेत प्रतिपादन भै रहेको देखिन्छ । अनुमानित उत्पादनको आधारमा थप अन्तःशुल्क रकम माग गर्ने सम्बन्धमा विपक्षी आन्तरिक राजश्व कार्यालबाट कुनै कानूनको व्यवस्था उल्लेख नगरी रिट नं. २८२५ को पुनरावलोकनको आधारसम्म उल्लेख गरेको अवस्थामा आन्तरिक राजश्व कार्यालय सिमरा वाराको मिति २०६२।३।२७ को टिप्पणी व्यहोरा प्रमुख कर अधिकृतबाट २०६२।३।२८ मा सदर भएको आदेश एवं सोअनुसार निवेदक कम्पनीसँग उक्त

आ.व. २०५५।५६ देखि २०५९।६० सम्मको थप अन्तःशुल्क कर रकम माग गर्ने गरी भएका पत्राचार समेत कानून अनुकूल भए गरेको देखिएन ।

८. निवेदकले तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७३ को प्रावधान एवं अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णयउपर पुनरावेदन गर्दा धरौटी राख्नुपर्ने कुनै व्यवस्था नगरिएको अवस्थामा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) को पचास प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्था बाझिएको हुँदा अमान्य र बदर घोषित गरिपाऊँ भन्ने थप जिकीर लिएको समेत देखिन्छ । राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ मा धरौट राख्ने र म्यादको व्यवस्था रहेको र उपदफा (१) ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरण वा पुनरावेदन अदालतमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन भन्ने उल्लेख भएको र सोही उपदफाको देहाय (ख) मा "भन्सार महसूल वा अन्तःशुल्क निर्धारण भएकोमा निर्धारीत भन्सार महसूल वा अन्तःशुल्कको रकम र जरीवाना भएकोमा जरीवानाको रकम र दुवै भएकोमा दुवै रकम त्यस्तो निर्धारण गर्ने वा जरीवाना गर्ने अधिकृतले तोकि दिएको कार्यालयमा"भन्ने उल्लेख भएको देखिन्छ । राजश्वसम्बन्धी मुद्दामा राजश्व न्यायाधिकरणले पुनरावेदन सुन्ने अधिकारक्षेत्र अन्तर्गत दर्ता गरिने पुनरावेदन दर्तासम्बन्धी कार्यविधिको व्यवस्था उक्त ऐनको दफा ९ ले व्यवस्थित गरेको देखिन्छ ।

९. राजश्व न्यायाधिकरण ऐन, २०३१ अन्तर्गत न्यायाधिकरणमा दायर गरिने पुनरावेदन साथ निर्धारीत भन्सार महसुल वा अन्तःशुल्कको रकम र जरीवानाको रकम समेत धरौट राख्नु पर्ने कार्यविधिगत व्यवस्था तत्कालीन नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ७३ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९ मा रहेको कानूनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाईने संवैधानिक प्रावधानसँग के कसरी बाझियो भन्ने कुरा निवेदकले सारभूत रुपमा पुष्ट्याई दिई दावी लिन सकेको पाइएन । निवेदकले नितान्त निजी हक हितमा असर परेको कुरा उल्लेख गरी अमुक कानूनको व्यवस्था बाझिएको भनी गोश्वारा रुपमा दावी लिएकै आधारमा विधायिकी प्रक्रियाद्वारा निर्मित कानूनलाई न्यायिक पुनरावलोकनको विशिष्ट अधिकारक्षेत्र प्रयोग गरी अमान्य र बदर गर्नु न्यायिक मूल्य र मान्यताविपरीत हुन जान्छ । कानूनबमोजिम स्थापित निकायबाट माग गरेको अन्तःशुल्क रकम वा भन्सार महसुलउपर चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्दा राख्नुपर्ने धरौटीको रकमको सम्बन्धमा ऐनले गरेको व्यवस्था

संविधानमा रहेको ूकानूनबमोजिम वाहेक कर लगाउन वा ऋण लिन नपाइनू भन्ने वाक्याँश सँग बाझिएको भन्ने देखिन आएन । पुनरावेदन गर्दा धरौट राख्नुपर्ने ऐनको दफा ९ को व्यवस्थाले निवेदकको मौलिक हकमा अनुचित बन्देज लगाएको वा संवैधानिक प्रावधानसँग बाझिएको भन्ने अवस्था देखिएन ।

१०. अतः उपर्युक्त माथि बिवेचित निवेदन दावी, विपक्षीहरूबाट प्रेषित लिखित जवाफ एवं निवेदक नेपाल सरकार, अर्थ मन्त्रालय विरुद्ध सूर्य टोवाको कम्पनी प्रा.लि. भएको २०६४-NF-०००२ को उत्प्रेषण विषयको रिट निवेदनमा यस अदालत पूर्ण इजलासबाट (फैसला मिति २०६६।७।१२) स्थापित सिद्धान्त समेतको आधारमा निवेदक सूर्य नेपाल प्रा.लि.सँग थप अन्तःशुल्क रकम माग गर्ने आन्तरिक राजश्व कार्यालय, सिमरा बाराको २०६२।३।२७ को टिप्पणी, सो टिप्पणी सदर गरेको प्रमुख कर अधिकृतको २०६२।३।२८ को आदेश एवं सोअनुसार अन्तःशुल्क रकम दाखिला गर्ने सम्बन्धी आन्तरिक राजश्व कार्यालय वाराको २०६२।११।१८ को पत्र लगायत सो सँग सम्बन्धित काम कारवाहीहरूसम्म कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अमान्य र बदर घोषित गरिपाऊँ भनी दावी लिएको राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को देहाय (ख) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिँदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ता कार्यालय मार्फत विपक्षीहरूलाइ दिई मिसिल नियमबमोजिम वुझाई दिनू ।

बिवादको बिषय -

(अ) निवेदक कम्पनीले उत्पादनको नियमित बिवरण र हिसाब राखेको र सोही आधारमा आ.व. २०५५।०५६ देखि २०५९।०६० सम्मको अन्तः शुल्क रकम विपक्षी आन्तरिक राजश्व कार्यालयलाई तिरी बुझाई सकेको अबस्थामा आन्तरिक राजश्व कार्यालयका कर अधिकृतले कानूनी आधार उल्लेख नगरी सो आ.व.को छुट्टा छुट्टै अन्तः शुल्क रकम मिति २०६२।३।२७ मा उठाएको टिप्पणीमा माग गरिएको र मिति २०६२।३।२८ मा सदर गरीएको कार्य गैर कानूनी भएकोले रिट क्षेत्रमा प्रवेश गरीएकोले सो माग गर्ने उक्त आदेश बदर गरी पाउँ भन्ने उत्प्रेषण रिट लिई पक्ष अदालत प्रवेश गरेको छ ।

अदालतको निर्णय -

(अ) नितान्त निजी हक हितमा असर परेको कुरा उल्लेख गरी अमुक कानूनको व्यवस्था बाझिएको भनि गोश्वारा दाबी लिएकै आधारमा विधायिकी प्रकृयाबाट निर्मित कानूनलाई न्यायिक पुनरावलोकनको बिशिष्ट अधिकार क्षेत्र प्रयोग गरि अमान्य र बदर गर्नु न्यायिक मुल्य मान्यता विपरित हुन जाने ।

(आ) कानूनबाट स्थापित निकायबाट माग भएको अन्तः शुल्क रकममा चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्दा धरौट राख्नुपर्ने राजश्व न्यायाधिकरण ऐन २०३१ को दफा ९ को व्यवस्थाले मौलिक हकमा अनुचित बन्देज लगाएको वा संवैधानिक प्रावधानसँग बाझिएको अबस्था नदेखिने भनि बिधायिकाले बनाएको कानूनको सम्मान गर्दै कर कानूनको कठोर व्याख्याको सिद्धान्त बमोजिम सम्मानित सर्बोच्च अदालतबाट फैसला भएको देखिन्छ ।

६. मुद्दा — उत्प्रेषण समेत

निवेदकः अधिवक्ता दामोदर घिमिरे समेत विपक्षीः श्री ५ को सरकार र मन्त्रीपरिषद् सचिवालय समेत जम्मा ६

- राजश्व नीतिमा समय समयमा गर्नुपर्ने नीतिगत परिवर्तनलाई श्री ५ को सरकारले समय सापेक्ष रुपमा परिवर्तन गर्न सकोस् भन्ने उद्देस्यले विद्यायिकाले कार्यपालिकालाई अख्तियारसम्म दिएको देखिन्छ । कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने, कर प्रणालीलाई व्यवस्थित गर्ने जस्ता विषयहरु विद्यायिकी क्षेत्राधिकार भित्रका कुरालाई विद्यायिकाले ऐन निर्माण गरी सो ऐनको माध्यमबाट कार्यपालिकालाई कानून वमोजिम अधिकार प्रत्यायोजन गर्दछ भने त्यस्तो अधिकार कानून संगत छैंन भनी भन्न नमिल्ने ।
- हाम्रो संविधानले अंगिकार गरेको समानता सम्वन्धी सिद्धान्त सापेक्षतामा आधारित सिद्धान्त हो । समानता भन्ने कुरा सापेक्षतामा नै आधारित हुन्छ निरपेक्ष समानता न संभव छ, न वान्छनिय नै ।
- कानूनको समान संरक्षण समान स्थितिका व्यक्तिहरुलाई दिइनु पर्ने समान व्यवहार हो ।

- समान व्यक्तिहरुको बीचमा भेदभाव गरिएको स्थितिमा मात्र समानताको हक विरुद्ध भयो भनी मान्न सकिने
- समान व्यक्तिहरुको वीच कुनै कानूनको प्रयोग समान रुपमा नभै भेदभावपूर्ण रुपमा गरीएमा त्यस्तोलाई भेदभावपूर्ण तरिकाले कानूनको प्रयोग मान्नुपर्ने ।
- कानूनको दृष्टिमा समान वा कानूनको समान संरक्षण भन्ने वाक्यांशको अर्थ नागरीकहरु वीच योग्यता, कार्यको विभिन्नता इत्यादि बारेमा भेदभाव नगरी समानताको हक प्राप्त हुनेछ भन्ने होइन ।
- कानूनको समान संरक्षण भयो भएन भन्ने कुरा कानूनको प्रयोग समान रुपबाट भयो भएन हेर्नुपर्ने
- निवेदकहरुले आफ्नो निवेदन जिकिरमा भंसार ऐन, २०१९ को दफा ९ र विक्रीकर ऐन, २०२३ को दफा २१ को उल्लेखित प्रावधानले यी यी समान हैसियत र अवस्थाका व्यक्तिहरु वीच यसरी विभेद गऱ्यो भनी स्पष्ट पार्न सकेको नपाइएको अवस्था र राजश्व नीतिलाई समय सापेक्ष रुपमा सरल तरिकाले परिवर्तन गरी छुट दिन पर्ने भए त्यस्तो नीति अख्तियारी गर्न सक्ने समेतको अधिकार विद्यायिकाले कार्यपालिकालाई प्रदान सम्म गरेको देखिंदा भंसार ऐन, २०१९ को दफा ९ र विक्रीकर ऐन, २०२३ को दफा २१ को व्यवस्था संविधान प्रतिकुल भनी भन्न मिल्ने अवस्था नदेखिने ।
- श्री ५ को सरकार अर्थ मन्त्रालयको मिति २०५२।१०।२९ र ०५२।११।१४ को सूचना कानून प्रदत्त अधिकार अन्तर्गत भएकोमा विवाद छैन । उक्त सूचनामा उल्लेखित पदाधिकारीहरुले सरकारी सवारी साधन प्रयोग नगरी सो को विकल्पमा नीजि सवारी साधन प्रयोग गर्न चाहेमा सवारी साधन खरिद गर्न सुविधा उपलव्ध गराउने निर्णय गरेको देखिन्छ । राज्यकोषबाट तलव भत्ता र सुविधा प्राप्त गरी रहेका पदाधिकारीहरुलाई श्री ५ को सरकारले सवारी साधन खरिद गरी नेपाल भित्र्याउंदा भंसार र विक्रीकर छुट दिएको देखिन्छ । उल्लेखित पदाधिकारीहरुलाई सुविधा स्वरुप श्री ५ को सरकारले सरकारी सवारी साधन उपलव्ध गराउन मिल्दैन भन्न निवेदकहरुले सकेको पाईदैन । प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरु वाहेक सूचनामा उल्लेखित पदाधिकारीहरुले श्री ५ को

सरकारबाट प्राप्त सवारी सुविधा अथवा उल्लेखित सूचनानुसार भंसार तथा विक्रीकर छुट प्राप्त गरी आफ्नो नीजि सवारी साधन ल्याई सरकारी सुविधाको वैकल्पीक सुविधा मध्ये एक सुविधालाई मात्र उपभोग गर्न पाउने देखिन्छ । यसरी सरकारी सयंन्त्रको उच्च पदमा आसिन जिम्मेवार पदाधिकारी र सामान्य नागरीकहरु बीच सुविधामा फरक पाऱ्यो भन्ने विषयलाई लिएर समानताको हक प्रतिकुल भयो भन्न नमिल्ने ।

आदेश

१. नियम वमोजिम पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदकहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री प्रभात अधिकारीले भंसार ऐन, २०१९ को दफा ९ तथा विक्रीकर ऐन, २०२३ को दफा २१ ले श्री ५ को सरकारलाई क्रमशः भंसार सुविधा र भंसार महसुल सुविधा दिने अधिकार र विक्रीकर छुट दिन सक्ने अधिकार दिएको छ। सो प्रावधान नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ (१) को विपरित भई यसले श्री ५ को सरकारलाई नागरीकहरु वीच विभेद गर्न सक्ने अधिकार दिएको छ । नागरीकहरु चाहे विशिष्ट श्रेणीका होउन चाहे साधारण नागरीक नै होउन, नागरीक वीच विभेद गर्न मिल्दैन । श्री ५ को सरकार अर्थ मन्त्रालय द्वारा मिति २०५२।१०।२९ र २०५२।११।१४ को सूचना अनुसार दिइएको भंसार एवं विक्रीकर छुट सम्वन्धी सुविधाले विशिष्ट श्रेणीका कर्मचारी एवं सांसदहरुले सुविधाका सवारी साधन भाडामा दिएर आफुले सरकारी गाडी प्रयोग गर्ने प्रचलन वढीरहेको छ । तसर्थ यस्तो अविवेकी र असमान निर्णय गर्न दिने भंसार ऐन, २०१९ को दफा ९ तथा विक्रीकर ऐन, २०२३ को दफा २१ तथा सो असमान सूचना समेत संविधानको धारा ८८(१) वमोजिम वदर घोषित हुनु पर्छ भनी गर्नु भएको वहस जिकिर र विपक्षी अर्थ मन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान उप सरकारी अधिवक्ता श्री शरद खडकाले निवेदनले दावी लिएका ऐनका दफाहरु श्री ५ को सरकारलाई नीतिगत कुरामा सजिलोको लागि विधायिकाले अधिकार दिएको हो । श्री ५ को सरकारको सूचनाले समान वीच असमान व्यवहार गरेको छैन । सांसद विशिष्ट श्रेणीका कर्मचारी जस्ता व्यक्तिहरु राज्य कोषबाट तलव भत्ता र सुविधा पाउने व्यक्ति हुन । त्यसैले त्यस्ता व्यक्तिहरुलाई सुविधा दिएको कुरालाई लिएर ऐनका उल्लेखित दफाहरु र सूचना समेत वदर हुनुपर्ने होइन । निवेदन खारेज हुनु पर्छ भनी गर्नु भएको वहस समेत सुनियो ।

विद्वान अधिवक्ता र सरकारी अधिवक्ताको वहस समेत सुनी प्राप्त मिसिल अध्ययन गरी निर्णयतर्फ विचारगर्दा रिट निवेदन माग वमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन ? सो मा निर्णय दिनु पर्ने देखिन आयो ।

यसमा रिट निवेदकले वदर घोषित गरी पाउं भनी निवेदनमा उल्लेखित भंसार ऐन, २०१९ को दफा ९ र विक्रीकर ऐन, २०२३ को दफा २१ को व्यवस्था निम्नानुसार छः

१. भंसार ऐन, २०१९ को दफा ९

९. भंसार सुविधा र भंसार महसुल सुविधा दिने अधिकारः

१) श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको किसिमको कुनै माल वा वस्तूमा नेपाल कानूनले लाग्ने भंसार महसुल पूर्ण वा केही अंशमा नलिनु भनी छुट दिन सक्नेछ ।

२) श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दा निकासी वा पैठारी हुने माल वा वस्तूको पूर्ण वा केही अंशमा भंसार सविधा दिन सक्नेछ ।

३) श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएको अधिकारी वा व्यक्तिलाई भंसार सुविधा वा भंसार महसुल सुविधा दिन सक्नेछ ।

४) नेपाल अधिराज्यको कुनै भागबाट विदेशको वाटो गरी पुनः नेपाल अधिराज्यभित्र ल्याईने माल वा वस्तुको सम्वन्धमा श्री ५ को सरकारले तोकिए वमोजिम वन्दोवस्त गर्न सक्नेछ ।

२. विक्रीकर ऐनको दफा २१

२१. कर छुट दिन सकिनेः कुनै व्यक्ति वा खास खास मालसामान वा सेवाको सम्वन्धमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आंशिक वा पूर्णरुपले कर छुट दिन वा माफ गर्न सक्नेछ ।

१६. त्यसैगरी निवेदकले बदर घोषित गरी पाउं भनी दावी लिएको मिति २०५२।१०।२९ र मिति २०५२।११।१४ को अर्थ मन्त्रालयको सूचना हेर्दा भंसार ऐन, २०१९ को दफा ९ को उपदफा (३) र विक्रीकर ऐन, २०२३ को दफा

२१ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरु, संवैधानिक अंगका पदाधिकारीहरु, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरु एवं श्री ५ को सरकारका विशिष्ट श्रेणीका कर्मचारी मध्ये प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्य वाहेकका पदाधिकारीहरुले सरकारी सवारी साधन प्रयोग नगरी नीजि सवारी साधन प्रयोग गर्न चाहने पदाधिकारी र प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरुलाई सवारी साधन खरीद गर्न सुविधा उपलव्ध गराउने निर्णय गरेको देखिन्छ ।

१७. उल्लेखित ऐनका प्रावधानलाई हेर्दा राजश्व नीतिमा समय समयमा गर्नुपर्ने नीतिगत परिवर्तनलाई श्री ५ को सरकारले समय सापेक्ष रुपमा परिवर्तन गर्न सकोस् भन्ने उद्देस्यले विद्यायिकाले कार्यपालिकालाई अख्तियारसम्म दिएको देखिन्छ । कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने, कर प्रणालीलाई व्यवस्थित गर्ने जस्ता विषयहरु विद्यायिकी क्षेत्राधिकार भित्रका कुरालाई विद्यायिकाले ऐन निर्माण गरी सो ऐनको माध्यमबाट कार्यपालिकालाई कानून वमोजिम अधिकार प्रत्यायोजन गर्दछ भन्ने त्यस्तो अधिकार कानून संगत छैंन भनी भन्न मिल्ने होइन ।

निवेदकले ऐनका उल्लेखित प्रावधान नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को प्रतिकुल भनी दावी लिएको पाइन्छ ।

१८. हाम्रो संविधानले अंगिकार गरेको समानता सम्वन्धी सिद्धान्त सापेक्षतामा आधारित सिद्धान्त हो । समानता भन्ने कुरा सापेक्षतामा नै आधारित हुन्छ । निरपेक्ष समानता न संभव छ, न वान्छनिय नै । कानूनको समान संरक्षण समान स्थितिका व्यक्तिहरुलाई दिइनु पर्ने समान व्यवहार हो । समान व्यक्तिहरुको बीचमा भेदभाव गरिएको स्थितिमा मात्र समानताको हक विरुद्ध भयो भनी मान्न सकिन्छ । समान व्यक्तिहरुको वीच कुनै कानूनको प्रयोग समान रुपमा नभै भेदभावपूर्ण रुपमा गरीएमा त्यस्तोलाई भेदभावपूर्ण तरीकाले कानूनको प्रयोग मान्नुपर्ने हुन्छ । कानूनको दृष्टिमा समान वा कानूनको समान संरक्षण भन्ने वाक्यांशको अर्थ नागरीकहरु वीच योग्यता, कार्यको विभिन्नता इत्यादी बारेमा भेदभाव नगरी समानताको हक प्राप्त हुनेछ भन्ने होइन । कानूनको समान संरक्षण भयो भएन भन्ने कुरा कानूनको प्रयोग समान रुपबाट भयो भएन हेर्नुपर्ने हुन्छ । निवेदकहरुले आफ्नो निवेदन जिकिरमा भंसार ऐन, २०१९ को दफा ९ र विक्रीकर ऐन, २०२३ को दफा २१ को उल्लेखित

प्रावधानले यी यी समान हैसियत र अवस्थाका व्यक्तिहरु वीच यसरी विभेद गर्योप भनी स्पष्ट पार्न सकेको नपाइएको अवस्था र राजश्व नीतिलाई समय सापेक्ष रुपमा सरल तरिकाले परिवर्तन गरी छुट दिन पर्ने भए त्यस्तो नीति अख्तियारी गर्न सक्ने समेतको अधिकार विधायिकाले कार्यपालिकालाई प्रदान सम्म गरेको देखिंदा भंसार ऐन, २०१९ को दफा ९ र विक्रीकर ऐन, २०२३ को दफा २१ को व्यवस्था संविधान प्रतिकुल भनी भन्न मिल्ने अवस्था देखिएन ।

१९. श्री ५ को सरकार अर्थ मन्त्रालयको मिति २०५२।१०।१९ र २०५२।११,।१४ को सूचना कानून प्रदत्त अधिकार अन्तर्गत भएकोमा विवाद छैन । उक्त सूचनामा उल्लेखित पदाधिकारीहरुले सरकारी सवारी साधन प्रयोग नगरी सो को विकल्पमा नीजि सवारी साधन प्रयोग गर्न चाहेमा सवारी साधन खरीद गर्न सुविधा उपलव्ध गराउने निर्णय गरेको देखिन्छ । राज्यकोषबाट तलव भत्ता र सुविधा प्राप्त गरी रहेका पदाधिकारीहरुलाई श्री ५ को सरकारले सवारी साधन खरीद गरी नेपाल भित्र्याउंदा भंसार र विक्रीकर छुट दिएको देखिन्छ । उल्लेखित पदाधिकारीहरुलाई सुविधा स्वरुप श्री ५ को सरकारले सरकारी सवारी साधन उपलव्ध गराउन मिल्दैन भन्न निवेदकहरुले सकेको पाईदैन। प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरु वाहेक सूचनामा उल्लेखित पदाधिकारीहरुले श्री ५ को सरकारबाट प्राप्त सवारी सुविधा अथवा उल्लेखित सूचनानुसार भंसार तथा विक्रीकर छुट प्राप्त गरी आफ्नो नीजि सवारी साधन ल्याई सरकारी सुविधाको वैकल्पिक सुविधा मध्ये एक सुविधालाई मात्र उपभोग गर्न पाउने देखिन्छ । यसरी सरकारी संयन्त्रको उच्च पदमा आसिन जिम्मेवार पदाधिकारी र सामान्य नागरीकहरु बीच सुविधामा फरक पार्योदभन्ने विषयलाई लिएर समानताको हक प्रतिकुल भयो भन्न मिल्ने अवस्था देखिंदैन । सरकारले राज्यकोषबाट रकम खर्च गर्नुको सट्टा सक्षम पदाधिकारीहरुलाई उनीहरुको स्वेच्छामा एक विकल्प रोज्ने सम्मको अवस्था दिएको र त्यसले राज्यलाई अनावश्यक व्ययभार घटाउन मद्दत गर्न सक्ने समेत देखिन्छ ।

२०. अत भन्सार ऐन, २०१९ को दफा ९ विक्रीकर ऐन, २०२३ को दफा २१ संविधान प्रतिकुल नदेखिएको र उल्लेखित ऐनका उल्लेखित दफाहरुले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार अर्थ मन्त्रालयद्वारा नेपाल राजपत्र खण्ड २१ अतिरिक्ताङ्क ४४(ख) मिति २०५२।१०।२९ र खण्ड ४५ अतिरिक्ताङ् ४६(ख) मिति २०५२।११।१४ मा प्रकाशित सूचना संविधान अनुकुल नै हुंदा वदर घोषित

गरी रहनु पर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

बिवादित बिषय -

(अ) अर्थ मन्त्रालयको मिति २०५२।१०।२९ र २०५२।११।१४ को सूचना अनुसार विशिष्ट पदाधिकारीहरुले सरकारी सवारी साधन प्रयोग नगरी सोको बिकल्पमा निजी सवारी साधन प्रयोग गर्न चाहेमा भन्सार तथा विक्री कर छुट प्राप्त गरी आफुले निजी सवारी साधन ल्याई सरकारी सुविधाको बैकल्पिक सुविधा मध्य एउटा सुविधा उपभोग गर्न पाउने भन्ने निर्णयमा समानता विपरित भई सुविधामा फरक प¥यो भनि रिट निवेदन सहित सो निर्णय खारेज गरी पाउँन सार्वजनिक सरोकारको रिट लिई निवेदक आएको देखिन्छ ।

अदालतबाट भएको निर्णय -

(अ) समानता सम्बन्धि सिद्धान्त सापेक्षतामा आधारित सिद्धान्त हो । निरेपेक्ष समानता न सम्भव छ न बान्छनीय नै ।कानूनको समान संरक्षण समान स्थितीका व्यक्तिहरुलाई दिइनुपर्ने समान व्यवहार हो ।

(आ) राजश्व नितीलाई समय सापेक्ष सरल तरिकाले परिवर्तन गरी छुट दिनुपर्ने भए त्यस्तो निती अख्तियार गर्न सक्ने समेतको अधिकार विधायिकाले कार्यपालीकालाई प्रदान गरेकोले भन्सार ऐन २०१९ दफा ९ र विक्री कर ऐन २०२३ को दफा २१ को व्यवस्था संविधान प्रतिकुल भनि भन्न मिल्ने अबस्था नदेखिने भनि जिम्मेवार पदाधिकारी र सामान्य नागरिकहरु बिच सुविधामा फरक पा¥यो भन्ने बिषयलाई समानताको हक प्रतिकुल भयो भन्न नमिल्ने भनि सरकारको दिर्घकालीन निती अन्तरगत बिशिष्ट पदाधिकारीहरुले चढ्ने सवारी साधनको भन्सार तथा विक्री कर छुट दिई निजी रुपमा ल्याउने सो सवारीलाई सवारी साधन खरिद सम्बन्धी सरकारको निर्णयलाई असमान भयो भनि भन्न मिलेन भनि व्याख्या भएको पाइन्छ ।

७. मुद्दा — उत्प्रेषणयुक्त परमादेश

निवेदक — अधिवक्ता कोपिलप्रसाद अधिकारी समेत

विपक्षीः श्री ५ को सरकार मन्त्रीपरिषद सचिवालय समेत आठ जना

- आयात विन्दु अर्थात भन्सार कार्यलयमा धरौटी स्वरुप उठाइने मूल्य अभिवृद्धि वापतको रकम मध्ये कति राजश्व खातामा दाखिला हुने र कति रकम दाखिला गर्ने व्यक्तिलाई नै फिर्ता दिने भन्ने कुरा कर दाताले पछि पेश गर्न विवरणबाट मात्र यकिन हुन्छ । उक्त व्यवस्थाबाट वास्तविक राजश्व स्वरुपको कर रकम यो यति भयो भनी पछि सर्वसञ्चित कोषमा जम्मा गर्दा यकिन हुने र सो वाहेक उक्त रकम अन्य खातामा राख्न नपाउने कानूनी प्रावधान देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले कुनै आर्थिक वर्षको निमित्त बनेको आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर लगाई असूल उपर गर्न सक्ने अधिकार सम्म यो ऐनले दिएको छ । मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २१ मा ऐन बमोजिम निर्धारण भएको कर त्यसरी निर्धारण भएको मितिले ६ वर्ष पछि असुल गर्न सकिने छैन भन्ने कानूनी प्रावधानबाट सो दफा संविधानसंग बाझिएको छ भनि निष्कर्ष निकाल्न मिल्ने कुरा पनि देखिदैन र साथै राजश्व असूलीका सम्बन्धमा गरिएको व्यवस्थालाई राजश्व असूल नगर्ने भन्ने अर्थ लगाउन पनि मिल्दैन । ऐनको दफा २१ को उपदफा)२(को व्यवस्थालाई उपदफा १ बाट अलग गरेर हेर्न मिल्ने पनि होइन र दफा २०)१(मा कर असूलीको सम्बन्धमा अवलम्वन गरिने तरिकाको उल्लेख गरिएको म्याद भित्र कर नबुझाउने करदाताबाट उल्लेखित तरिका अपनाई कर असूली गर्न सक्ने व्यवस्था समेत रहेको हुँदा ऐनको दफा २१)२(मा वर्णित उक्त प्रावधान बढीमा ६ वर्ष भित्र राजश्व उठी सकोस भन्ने हेतुले विद्याधिकाले राखेको देखिन्छ ।
- तसर्थ नेपाल अधिराज्यको संविधानको धारा ७४ संग मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१)२(र ऐजनको नियमावली, २०५३ को नियम ५१)१)(२)(३(बाझिएको भन्ने निवेदन जिकिरसंग सहमत हुन नसकिने ।

ठहर खण्ड

प्रस्तुत रिट निवेदनमा २०५४ साल मंसिर १ गते देखि लागु भएको मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१)२(को कानूनी व्यवस्था र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१)१)(२)(३(भएको व्यवस्था नेपाल अधिराज्यको संविधानको धारा ११)१)(२(र धारा ७४ को विपरित हुँदा उल्लेखित ऐन एवं नियमावलीको व्यवस्था निष्कृय एवम् असंवैधानिक घोषित गरी पाउँ भन्ने निवेदन जिकिर

देखिन्छ । करको आधार विस्तार गर्ने र कर प्रणालीलाई राजश्व उत्पादन लक्ष्य सक्षम तथा पारदर्शी बनाउने निर्यातलाई प्रोत्साहन गर्ने, न्यून विजकीकरण तथा चोरी पैठारीलाई हतोत्साहित गर्ने प्रमुख लक्ष्यका साथ मंसिर १,२०५४ देखि मूल्य अभिवृद्धि कर ऐन, २०५२ र ऐजन नियमावली, २०५३ लागु भएको र सो ऐन एवम् नियमावली अन्तरगतका कुनै पनि प्रावधान नेपाल अधिराज्यको संविधानको कुनै पनि धारा संग बाझिएको छैन, रिट निवेदन खारेज होस भनि विपक्षी तर्फका लिखित जवाफ रहेछ ।

सर्वप्रथम मूल्य अभिवृद्धि कर संबन्धमा के कस्तो व्यवस्था रहेछ भनि समष्टिगत रुपबाट कानूनी व्यवस्था तर्फ हेर्दा कानून बमोजिम बाहेक कुनै कर लगाउने र उठाइने छैन भन्ने र गुठी रकम बाहेक श्री ५ को सरकारलाई प्राप्त हुने सबै प्रकारका राजश्व, राजश्वको धितोमा लिइएका सवै कर्जाहरु र ऐनको अधिकार अन्तरगत दिइएको जुन सुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन ऐनद्धारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाधिनेछ जसलाई सन्चित कोष भनिनेछ भन्ने नेपाल अधिराज्यको संविधानको धारा ७३)१(र धारा ७४ मा व्यवस्था भएको देखिन्छ । देशको आर्थिक विकासको लागि आवश्यक राजश्व संकलन गर्ने प्रकृयालाई प्रभावकारी बनाइ राजश्व परिचालन बढाउन वस्तु वा सेवाको विक्री वितरण हस्तान्तरण, आयात वा निर्यात लगायतका सवै कारोवारमा मूल्य अभिवृद्धि कर लगाइने र असुल उपर गर्ने प्रकृयालाई व्यवस्थित गरी राजश्व संकलन प्रभावकारी ढंगबाट गर्ने समेतको उद्देश्य लिई मूल्य अभिवृद्धि कर ऐन २०५२ र ऐजनको नियमावली २०५३ मंसिर १, २०५४ साल देखि लागु भएको पाइन्छ ।

नेपाल अधिराज्य भित्र आपूर्ति भएको, आयात गरिएको वा बाहिर निर्यात गरिएको वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने कुरा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५)१(ले स्पष्ट गर्दछ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २८ बमोजिम श्री ५ को सरकारले अन्यथा तोकेकोमा बाहेक आयात हुने वस्तुमा भन्सार अधिकृतले यस ऐन बमोजिम कर असूल गर्न सक्ने कुरा सोही दफामा उल्लेख भएको पाइन्छ । यसरी ऐन बमोजिमको व्यवस्था अनुरुपको कर आयात विन्दु अर्थात भन्सार कार्यलयमा असूल उपर गर्ने र नियमावलीको नियम ५)१(बमोजिम संपूर्ण कर रकम मूल्य अभिवृद्धि कर कोष खातामा जम्मा गर्नु पर्ने कानुनी व्यवस्था भएको देखिन्छ । तर कोषमा जम्मा हुन आउको रकमबाट मूल्य अभिवृद्धि कर विभागले ऐनको दफा २४ र २८ बमोजिम फिर्ता दिनुपर्ने ठहर गरि, आदेश दिई ततपश्चात बाँकि रकम मात्र राजश्व कर हुने हुनाले सो रकम संवैधानिक व्यवस्था बमोजिम सन्चित कोषमा दाखिला गर्नुपर्ने कानूनी व्यवस्था देखिन्छ ।

उल्लेखित नियम ५१ को व्यवस्थाबाट करको रकम आखिर सर्व सन्चित कोषमा नै दाखिला नगरि श्री ५ को सरकार वा अन्य कुनै पनि व्यक्ति विशेषले उक्त रकम स्वैच्छिक रुपबाट खर्च गर्न पाउने कुरा देखिँदैन । यसरी आयात विन्दु अर्थात भन्सार कार्यालयका धरौटी स्वरुप उठाइने मूल्य अभिवृद्धि वापतको रकम मध्ये कति राजश्व खातामा दाखिला हुने र कति रकम दाखिला गर्ने व्यक्तिलाई नै फिर्ता दिने भन्ने कुरा कर दाताले पछि पेश गर्ने विवरणबाट मात्र यकिन हुन्छ । उक्त व्यवस्थाबाट वास्तविक राजश्व स्वरुपको कर रकम यो यति भयो भनि पछि सर्व सन्चित कोषमा जम्मा गर्दा यकिन हुने र सो वाहेक उक्त रकम अन्य खातामा राख्न नपाउने कानूनी प्रावधान देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन.२०५२ ले कुनै आर्थिक वर्षको निमित्त बनेको आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर लगाई असूल उपर गर्न सक्ने अधिकार सम्म यो ऐनले दिएको छ । मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २१ मा ऐन बमोजिम निर्धारण भएको कर त्यसरी निर्धारण भएको मितिले ६ वर्ष पछि असुल गर्न सकिने छैन भन्ने कानूनी प्रावधानबाट सो दफा संविधानसँग बाझिएको छ भनि निष्कर्ष निकाल्न मिल्ने कुरा पनि देखिदैन र साथै राजश्व असूलीका सम्बन्धमा गरिएको व्यवस्थालाई राजश्व असूल नगर्ने भन्ने अर्थ लगाउन पनि मिल्दैन । ऐनको दफा २१ को उपदफा)२(को व्यवस्थालाई उपदफा १ बाट अलग गरेर हेर्न मिल्ने पनि होइन र दफा २०)१(मा कर असूलीको सम्बन्धमा अवलम्बन गरिने तरिकाको उल्लेख गरिएको म्याद भित्र कर नबुझाउने करदाताबाट उल्लेखित तरिका अपनाई कर असूल गर्न सक्ने व्यवस्था समेत रहेको हुँदा ऐनको दफा २१)२(मा वर्णित उक्त प्रावधान बढीमा ६ वर्ष भित्र राजश्व उठी सकोस भन्ने हेतुले विद्याधिकाले राखेको देखिन्छ ।

तसर्थ नेपाल अधिराज्यको संविधानको धारा ७४ संग मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१)२(र ऐजनको नियमावली, २०५३ को नियम ५१)१) (२)(३(बाझिएको भन्ने निवेदन जिकिरसंग सहमत हुन सकिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानूसार गरी बुझाई दिनु ।

बिवादको बिषय -

(अ) मूल्य अभिवृद्धि कर ऐन २०५२ र मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ५१ ले अर्को कोष खडा गर्ने भन्ने व्यवस्था संविधान विपरित छ । ऐनको दफा २१

(२) को व्यवस्था समान संरक्षणको सिद्धान्त विपरित छ भन्ने न्यायिक पुनरावलोकन सम्बन्धि बिषय ।

अदालतबाट भएको निर्णय -

(अ) मूल्य अभिवृद्धि करको रकम आयत बिन्दु भन्सारबाट धरौटी रुपमा उठाइने मूल्य अभिवृद्धि बापतको रकम मध्ये कति राजश्व खातामा दाखिला हुने र कति व्यक्तिलाई फिर्ता दिने भन्ने कुरा दाताले पछि पेश गर्ने विवरणबाट एकिन हुन्छ । वास्ताविक राजश्व स्वरुपको कर मात्र सर्बसंचित कोषमा जम्मा गर्दा एकिन हुने देखिन्छ । ऐनको दफा २१(२) को व्यवस्था उपदफा १ बाट अलग गरेर हेर्न मिल्ने पनि देखिदैन । साथै दफा २०(१) मा कर असुलीको सम्बन्धमा अबलम्बन गर्ने तरिका उल्लेख गरिएको म्याद कर नबुझाउने कर दाता बाट सो तरिका अपनाई कर असुली गर्न सक्ने व्यवस्था समेत हुँदा बढीमा ६ बर्ष सम्म राजश्व उठ्ती हुन सकोस भन्ने हेतुले व्यवस्था गरेको देखिन्छ ।

(आ) यसर्थ नेपाल अधिराज्यको संविधान २०४७ को धारा ७४ सँग मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २१(२) र नियमावली २०५३ को नियम ५१(१)(२)(३) बाजिएको भन्ने मिल्ने देखिदैन भनि सरकारले नियमावलीमा मुल्य अभिवृद्धि करको कोष खडा गरी कर फिर्ता सम्बन्धी व्यवस्था गरेकोलाई कानून बिपरित नभई ऐनको उदेश्य अनूरुप नै भएको भनि व्याख्या भएको छ ।

४. निश्कर्ष -

कर कानून भनेको संविधान बमोजिम बिधायिकाले बनाएको कानून बमोजिम लगाएको राजश्व सम्बन्धि कानून भन्ने बुझिन्छ । जसरी माहुरीले फुलका रसहरु बुँद-बुँद जम्मा गरेर चाका निमार्ण गरी आफ्ना सन्ततिहरुको आहार भोजनको लागि संग्रह गर्दछ। त्यसरी नै जनताले पाई—पाई जम्मा गरेर राज्यको ढुकुटी भर्ने काम हुन्छ । आफुले जम्मा गरेको महको रस काड्न आउने जोकोहीलाई माहुरीले चिल्ने गर्छ । त्यसरी नै मानिसहरुले संन्चित गरेको आयमा राज्यले कर लगाउँदा आफु खुशी कर तिर्ने नभई कानूनको कठोर सिद्धान्त बमोजिम दायित्व सम्झेर जनताले कर तिर्ने गरेको हुँन्छ । त्यस्तो कर संकलन गर्ने कला क्षमता जोकोहीलाई नहुन सक्छ । त्यसैले कर प्रशासनमा दक्ष चुस्त र विवेकी मानव संसाधनहरुको व्यवस्था गरी कर संकलन भएमा पर्न सक्ने धेरै बिवाद शुरु तहबाटै निराकरण हुन्छ । अदालतमा पुगेपछि समयको र खर्चको बर्बादीले न करदातालाई न

राज्यलाई नै फाइदा हुन्छ । कर कानून स्पष्ट र पारदर्शी हुन जरुरी छ । करको बिषयमा हुने निर्णय राज्यलाई गम्भिर प्रभाव पुर्याउने प्रकृतिको हुने हुँदा न्यायालयले यसको व्याख्या गर्दा कठोर सिद्धान्तको पालना गरेमा नचाहिदो रुपमा बिवादमा पर्ने संभावना कम भएर जान्छ । कर राजश्व लगाउने बिषय पनि प्रगतिशिल हुन जरुरी छ । सबै बर्ग समूदाय व्यवसायले आय अनुसारको कर तिर्नु नैतिक दायित्व सम्झिनु पर्छ । कर सम्बन्धमा माध्यामिक शिक्षा देखि नै चेतना जगाउनु जरुरी हुन्छ । मानिसले बाबु आमा मरेको केही समय पछि बिर्सन्छन् अरे तर सम्पत्ति नष्ट भएको वा गुमाएको कहिल्यै बिर्सदैनन् भनिन्छ । त्यसैले जनताबाट राजश्व उठाउनु धेरै कठिन काम हो । सरकारले राजश्व नीतिलाई प्रमुख प्राथामिकतामा राख्न जरुरी हुन्छ । आत्मनिर्भर नभएको अर्थतन्त्रले जनताको गास बास कपासको व्यवस्था गर्न सक्दैन । २१ औं शताब्दीमा सामाजिक सुरक्षाको प्रत्याभूत दिन सरकारले जनताबाट बढी भन्दा बढी कर उठाई संग्रह गरेमा नै सफल राज्य मानिन्छ । उठेको करको सही सदुपयोग गरी लोक कल्याणकारी काममा लगाउनु र आधुनिक युगमा कर लगाउदा प्रयोजन समेत खोल्नु जरुरी हुन्छ भन्ने मान्यता रही आएको छ । राजश्व मुद्दामा अदालतले निर्णय गर्दा संवेदनशिलता, गम्भिरता र संयमता अपनाउनु उत्तिकै जरुरी हुन आउँछ ।

<u>सन्दर्भ सामाग्री :</u>

- कानून, अंक ७३, २०६५ फागुन, कानून व्यवसायी क्लब काठमाण्डौ
- कानून, अंक ६२, २०६४ बैशाख, कानून व्यवसायी क्लब काठमाण्डौ
- स्मारिका २०७५, आन्तरिक राजश्व विभाग लाजिम्पाट
- नेपालको संविधान २०७२, कानून किताब व्यवस्था समिति बबरमहल
- कर सम्बनधी फैसला । नजिरहरुको संग्रह २०७३, आन्तरिक राजश्व बिभाग लाजिम्पाट
- ने.का.प. २०७१, अंक ५, भाद्र
- ने.का.प. २०६९, अंक ११ फाल्गुन
- ने.का.प २०७१, अंक १० माघ
- ने.का.प २०६९, अंक ७ कार्तिक
- ने.का.प २०६७, अंक ७ कार्तिक

- ने.का.प २०५३, अंक १२ चैत्र
- ने.का.प २०५६, अंक २ जेष्ठ
- स.अ. बुलेटिन २०५९ अंक १ बैशाख
- कान्तिपुर दैनिक
- गोरखापत्र दैनिक

s/ /fh:j k|zf;g tyf /fh:j;+u ;DalGwt s]xL d'2fdf ;jf]{Rr cbfntaf6 ePsf km};nf tyf k|ltkflbt l;4fGtx?

हरि शंकर ज्ञवाली[◊]

१. परिचय

राज्य संचालनको लागि सरकारले विभिन्न स्रोतहरुबाट जनताद्वारा प्राप्त गर्ने आय रकमलाई राजस्व भनिन्छ ।अर्को अर्थमा भन्ने हो भने सरकारले विभिन्न प्रयोजनमा विभिन्न आधारहरुमा असूल उपर गर्ने कर, दस्तुर, शुल्क लगायतको आयलाई नै राजस्व भनिन्छ । सरकारले विधायिका निर्मित कानूनको आधारमा मात्र यस्तो राजस्व संकलन गर्न सक्छ । नेपालको संविधानमा नै कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन[1] भन्ने संवैधानिक व्यवस्था रहेको छ । प्रचलित कानून बमोजिम सरकारलाई तिर्नु बुझाउनु पर्ने भन्सार महशुल, अन्तःशुल्क, आयकर, मूल्य अभिवृद्धि कर, तथा विभिन्न किसिमका शुल्क, दस्तुर,दण्ड जरिवाना सबै राजस्व अन्तर्गत पर्दछ । राज्य संचालनको प्रमुख आधार नै राजस्व हो , राजस्वको संकलन विना राज्यले कुनै कार्य सम्पादन गर्न सक्दैन । राजस्वको रुपमा जनताबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा उठाएको आय रकमकै आधारमा सरकारले जनताका लागि विभिन्न आर्थिक, प्रशासनिक, पूर्वाधार विकाश निर्माण, शान्ती सुरक्षा, लगायत नियमित राज्य संचालन आदि कार्य सम्पादन गरेको हुन्छ ।

२. राजस्वको प्रकार

सामान्यतया राजस्वलाई कर भनेर भन्ने पनि गरिन्छ । कर भनेको कानून बमोजिम कुनै व्यक्ति वा संस्थाले सरकारलाई तिर्नु बुझाउनु पर्ने अनिवार्य भुक्तानी, राज्यद्धारा कानूनको सहारामा व्यक्ति वा निकायसंगबाट असूल गरिने रकम हो । करलाई राजश्वको प्रमुख श्रोत मानिन्छ । कर तिर्ने वा नतिर्ने, दिने वा नदिने भन्ने कुरा करदाताको स्वेच्छामा निर्भर गर्दैन । कर प्रतिफलका निमित्त भुक्तानी गरिने रकम पनि होइन । किनकि करदाताले कर भुक्तानी गरे बापत कर तिरेकोको कारणबाट आफैले प्रत्यक्ष कुनै फाइदा प्राप्त गर्न सक्तैन । कर तिर्न नचाहने, नतिर्ने वा तिर्न आनाकानी गर्ने व्यक्तिसंगबाट राज्यले जवर्जस्तीसंग कर असूल गर्न सक्दछ । कर भनेको कानूनी शुल्क हो, यो वाध्यात्मक प्रकृतिको हुन्छ ।राज्यले कानून वमोजिम कर लगाउने र असुल उपर गर्ने व्यवस्था गरेको हुन्छ । कर कानून आदेशात्मक प्रकृतिको हुन्छ

◊ उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

[1]नेपालको संविधान, कानून किताब व्यवस्था समिति, धारा ११५

त्यसकारण यसको पालना वाध्यात्मक मानिन्छ । कानूनले जुन व्यक्ति, निकाय उपर कर लाग्ने व्यवस्था गरेको हुन्छ उसले वाध्यात्मक रुपमा कर तिर्नु पर्छ । कानूनले व्यवस्था गरेको अवस्थामा वाहेक कर छुट हुन सक्दैन । त्यसैले कर सम्बन्धी कानूनलाई विषेश प्रकृतिको कानून मानिन्छ ।राज्यले कुन कुन क्षेत्रमा कर लगाउने, के कसरी असूल उपर गर्ने र त्यसको प्रयोग कसरी गर्ने भन्ने कुराहरु विधायिकाद्धारा निर्मित कानूनले निर्धारण गरेको हुन्छ । यिनै विधायीकाद्वारा निर्मित कानूनका आधारमा नै कर लगाउने र असूल उपर गर्ने कार्य हुन्छ । राज्यले कानूनद्धारा तोकिएको प्रकृयाद्धारा कर संकलन गरी संकलित कर रकम सर्वसाधारण कै हक हितको लागि खर्च गर्ने गर्दछ । कर राजस्वलाई कर राजस्व र गैर कर राजस्व गरी दुइ भागमा विभाजन गर्न सकिन्छ ।

२.१ कर राजस्वः

देशको वासिन्दा, नागरिक वा उपभोक्ताको नाताले प्रचलित कानून बमोजिम सरकारलाई अनिवार्य रुपमा तिर्नु पर्ने रकमलाई कर भनिन्छ । कर राजस्व प्रतिफलको आशा नगरी बुझाउनु पर्ने अनिवार्य दायित्व भित्र पर्ने विषय हो । व्यक्तिले गर्ने उत्पादन देखि लिएर उपभोग सम्मको अवस्थामा कर राजस्वको प्रभाव परिरहेको हुन्छ । व्यवसाय, रोजगारी, लगानी र आकस्मिक लाभ जस्ता विषयहरुमा लाग्ने आयकर, वस्तु तथा सेवाको कारोवार तथा उपभोगमा लाग्ने मूल्य अभिवृद्धि कर, उत्पादन र विक्रीमा लाग्ने अन्तःशुल्क तथा बस्तुको आयात निर्यातमा लाग्ने भन्सार महशुल जस्ता कुराहरु कर राजस्व भित्र पर्दछन । कर जन प्रतिनिधिको उपस्थिति विना लगाउन पाइंदैन । त्यसैले No Taxation without Representation भन्ने गरिन्छ ।

कानून बमोजिम कुनै पनि व्यक्ति वा निकायले सरकारलाई अनिवार्य रुपमा गर्नु पर्ने भुक्तानी नै कर हो । अर्थात राज्य वा राज्य सरहको निकायबाट कुनै व्यक्ति तथा निकायहरु मथि लगाइएको वित्तिय भार हो । आफूलाई लागेको कर नतिर्नुलाई कानून बमोजिम दण्डनीय मानिन्छ । तर कर तिरे वापत कर तिर्ने व्यक्ति वा निकायले कुनै पनि किसिमको प्रतिफल वा प्रत्यक्ष रुपमा कुनै लाभ प्राप्त गर्न वा दावी गर्न सक्दैन । राजस्वको अधिकांस रकम यहि कर राजस्वको माध्यमबाट संकलन गरिन्छ । कर राजस्व पनि प्रत्यक्ष र अप्रत्यक्ष गरी दुइ किसिमबाट प्राप्त हुन्छ ।

कानूनद्धारा जुन व्यक्तिले कर तिर्नु पर्ने भन्ने व्यवस्था गरेको छ सो कर अन्तिमसम्म पनि कर तिर्ने दायित्व सोही व्यक्तिमा रहने करलाई प्रत्यक्ष कर भनिन्छ । यस्तो कर तिर्ने दायित्व जुन व्यक्तिमा रहेको छ उसैले कर तिर्नु पर्दछ । यस्तो कर अन्य व्यक्तिलाई सार्न सकिंदैन । यस्तो करमा प्रत्यक्ष रुपमा कुनै प्रतिफल वा लाभ प्राप्त हुंदैन र हुने आशा पनि गरिएको हुंदैन । आयकर, लाभकर तथा सम्पत्तिमा आधारित

कर जस्ता करहरु प्रत्यक्ष कर भित्र पर्दछन भने अप्रत्यक्ष कर भनेको करको भार सम्बन्धित व्यक्तिमा नरही सेवा वा वस्तु उपभोग गर्ने अन्य व्यक्तिको माध्यमबाट वस्तु वा सेवा आपूर्तिको साथ संकलन गरी भुक्तानी गरिने कर हो । यस्तो करको भार प्रथम व्यक्तिमा नभई दोस्रो व्यक्तिमा रहेको हुन्छ । यस्तो करको भार सार्न सकिने प्रकृतिको हुन्छ । वास्तविक करदाता र कानूनी करदाता फरक फरक हुन्छन । यस्तो करको भार मूल्यमा समावेश भएर आउने हुनाले यस्तो कर विक्रेता अर्थात एजेन्टको माध्यमबाट असूल गरिन्छ । यस्तो कर वस्तु तथा सेवामा आधारित हुन्छ । भन्सार महशुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क जस्ता करहरु अप्रत्यक्ष कर भित्र पर्दछन । [२]

२.२ गैरकर राजस्वः

सरकारबाट सम्पादन गरिने कुनै पनि किसिमको प्रशासनिक कार्यहरु वापत वा सरकारी संस्थाहरुबाट उत्पादित वस्तु तथा सेवाको मूल्य वापत सरकारलाई तिर्नु बुझाउनु पर्ने करलाई गैरकर राजस्व भनिन्छ । सामान्यतया कर राजस्व भित्र नपर्ने सबै किसिमका करहरु गैर कर राजस्व भित्र पर्दछन । सरकारले कर सम्बन्धी कानूनका आधारमा प्राप्त गर्ने कर वाहेक अन्य जुनसुकै स्रोतबाट प्राप्त गर्ने आम्दानी रकम नै गैर कर राजस्व हो । गैर कर राजस्वको उद्देश्य राजस्व संकलन भन्दा पनि बढी जनतालाई सेवा सुविधा उपलब्ध गराउनु रहेको हुन्छ । सरकारले कुनै सेवा दिनका लागि तोकेको शुल्क, दस्तुर रोयल्टी जस्ता शुल्कहरु गैर कर राजस्व भित्र पर्दछ । गैर कर राजस्वको स्रोत भनेको शुल्क, दस्तुर, दण्ड, जरिवाना, जफत, सरकारी सम्पत्ति तथा सेवा विक्री, भाडा, रोयल्टी, लाभांस, व्याज जस्ता विषयहरु हुन ।

३. कर राजस्व प्रशासनसंग सम्बन्धित कानूनको विकास :

नेपालको कर प्रणालीको कानूनी व्यवस्थाको इतिहास हेर्ने हो भने त्यति लामो छैन । वि.सं. २००८ सालमा मुलुकमा मालपोत, भन्सार महशुल, अन्तःशुल्क, सलामी दस्तुर, मनोरन्जन कर र घर जग्गा रजिस्टेसन दस्तुर जम्मा ६ वटा करहरु लागू गरिएको थियो ।[३] वि.सं. २००८ सालदेखि सुरु भएको वजेट वक्तव्यबाट आयकर लगाउने उद्देश्य राखेको भएतापनि आर्थिक ऐन २०१६ ले पहिलो पटक पारिश्रमिक र व्यापार मुनाफामा ५ प्रतिशत देखि २५ प्रतिशतसम्म कर लाग्ने गरि १० वटा करका दरको व्यवस्था गर्नुका साथै उद्योग व्यवसायबाट भएको मुनाफामा २५ प्रतिशत र साना उद्योगलाई ५० प्रतिशतले कर छुट दिने व्यवस्था गरेको थियो । तत्पश्चात वि.सं. २०१७ साल जेष्ठ २ गते देखि लागू हुने गरि व्यापार मुनाफा र पारिश्रमिक कर ऐन,

---

[२] http://www.loksewaguide.com/news/844.html#.W_7TGyzBXIU

[३] उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ को प्रतिवेदन, नेपाल सरकार, अर्थ मन्त्रालय काठमाण्डौ, पृ.१

२०१७ जारि भयो । यस ऐनले कर निर्धारण तथा असुल उपर कसरी गर्ने, के कस्ता क्षेत्रमा कर लाग्ने, को कसलाई कर नलाग्ने, कस्तो अवस्थामा स्रोतमा कर कट्टि हुने, के कसरी वार्षिक विवरण दाखिला गर्ने, करको भुक्तानी कसरी गर्ने, कर अफिसरको अधिकार के के हुने, कर दाखिला नगरेमा के कस्तो सजाय हुने, सो उपर के कसरी अपिल गर्ने भन्ने जस्ता विविध व्यवस्था गरी करको दायरा, कर प्रशासन र न्यायिक पुनरावलोकन समेतको स्पस्ट व्यवस्था गरेको थियो ।

वि.सं. २०१७ सालमा जारी भएको व्यापार मुनाफा र पारिश्रमिक कर ऐन, २०१७ लाई विस्थापन गरि वि.सं. २०१९ साल श्रावण ९ गते नेपाल आयकर ऐन, २०१९ जारी भयो । यस ऐनले करका स्रोतहरु, आयकर निर्धारण र असुल उपर गर्ने तरिका, खुद आय कायम गर्ने तरिका, कर विभागको स्थापना गरि डाइरेक्टर र कर अधिकारीहरुको नियुक्ति तथा प्रादेशिक अधिकार तोक्नुका साथै आय विवरण दाखिला गर्ने व्यवस्था, विवरण दाखिला गराउने अधिकार, आयकर निर्धारण आदेश सच्याउन सक्ने कर निर्धारण आदेश दोहोर्‍याउन सक्ने व्यवस्था, नोक्सानी कट्टा गर्न सक्ने व्यवस्था तथा आयकर निर्धारण आदेश उपर पुनरावलोकनको निवेदन दिन सक्ने व्यवस्था गरेको थियो ।

कर सम्बन्धि अन्य कानूनको सम्बन्धमा हेर्दा वि. सं. २०१२ सालमा सामयिक कर असुल ऐन, २०१२ जारी भई सरकारले सूचित आदेशद्वारा भन्सार महशुल वा अन्तःशुल्क या अरु कुनै कर लगाउने, बढाउने, व्यवस्था गर्न सक्ने व्यवस्था भएको थियो । जुन ऐन हालसम्म पनि लागू रहेको छ । त्यसै गरि विशेष प्रकारका करका सम्बन्धमा छुट्टै कानूनी व्यवस्था गर्ने क्रममा अन्तःशुल्क ऐन, २०१५ मनोरन्जन कर ऐन, २०१७ सवारी कर ऐन, २०१८ हवाई उडान कर ऐन, २०१८ होटेल कर ऐन, २०१८ मालपोत (विशेष व्यवस्था) ऐन, २०१८ भन्सार ऐन, २०१९ घरजग्गा कर ऐन, २०१९ विदेशी लगानी कर ऐन, २०१९ मालपोत (मिन्हा) ऐन, २०१९ आय टिकट दस्तुर ऐन, २०१९ ठेक्का कर ऐन, २०२३ घर जग्गा बहाल कर ऐन, २०२३ पानी कर ऐन, २०२३ बिक्री कर ऐन, २०२३ सवारी साधन कर ऐन, २०३१ मदीरा ऐन, २०३१ मालपोत ऐन २०३४ सम्पत्ति कर ऐन, २०४७ लगायतका ऐन जारी भएका छन ।

आयकर सम्बन्धि कानूनी व्यवस्थालाई संशोधन, एकिकरण तथा परिमार्जन गर्ने क्रममा आयकर ऐन, २०३१ तथा आयकर नियमावली, २०३९ जारी भएको थियो । यसै क्रममा मूलुकको आर्थिक विकाशको लागि राजस्व संकलन गर्ने प्रकृयालाई प्रभावकारी बनाई राजस्व परिचालनलाई अभिवृद्धि गर्न आयकर सम्बन्धि कानूनलाई संशोधन र एकिकरण गरि समयानुकुल बनाउने उद्देश्यले आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ जारी भई लागू रहेका छन । त्यसै गरि अन्य विविध कर

संबन्धि कानूनलाई समयानुकुल परिमार्जन गर्ने क्रममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ जारी भयो, यस ऐनले मनोरन्जन कर ऐन, २०१७ होटेल कर ऐन, २०१८ ठेक्का कर ऐन, २०२३ र बिक्री कर ऐन, २०२३ लाई खारेज गरेको छ । त्यस्तै अन्तःशुल्क ऐन, २०५८ र नियमावली २०५९ तथा भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४ जारी भएका छन । यसका अलावा कर सम्बन्धि कानूनलाई प्रत्येक वर्ष जारी हुने आर्थिक ऐनले संशोधन र परिमार्जन गर्दै आइरहेको छ । यसरी मुलुकको आर्थिक विकासको लागि राजश्व संकलन गर्ने प्रकृयालाई प्रभावकारी वनाई राजश्व परिचालनलाई अभिवृद्धि गर्ने उद्देश्यले कर प्रशासनसंग सम्बन्धित विभिन्न किसिमका कानून जारी भएका छन ।

४. नेपालको वर्तमान कर प्रणाली

नेपालको वर्तमान कर प्रणाली स्वयंकर निर्धारण प्रणालीमा आधारित छ । स्वयंकर निर्धारण प्रणालीले कर कानूनको अधीनमा रही कारोवारको खरिद बिक्री, आय, नोक्सानी यर्थाथ परक ढंगबाट एकिन गरी आफ्नो कर दायित्व निर्धारण गरी आय विवरण वा कर विवरण दाखिला तथा लाग्ने कर दाखिला गर्ने जिम्मेवारी करदातालाई नै सुम्पिएको छ । करदाता स्वयं नै आफूले गरेको करयोग्य कारोवार प्रति पूर्ण जानकारी राख्ने व्यक्ति भएकोले उसलाई नै आफ्नो कर दायित्व निर्धारण गर्ने जिम्मेवारी सुम्पिदा कर असूली लागत समेत न्यून हुन जान्छ भन्ने उद्देश्यले नै स्वयं कर प्रणालीलाई अवलम्बन गरिएको हो । करदाता आफैले आफ्नो कारोवारको विवरण तयार गरी कर दाखिला गर्नु पर्ने हुंदा यस प्रणालीको प्रभावकारीता करदाताको इमान्दारितामा नै निर्भर गर्छ । हरेक कर प्रणालीमा कर निर्धारण तथा कर असूली गर्ने पूर्ण अधिकार राजश्व प्रशासनलाई सुम्पिएको हुन्छ । स्वयंकर निर्धारण प्रणाली अन्तर्गत करदाताले कर निर्धारण गरी पेश गरेका आय विवरण वा कर विवरण ठिक छ, छैन, भनी परीक्षण एवं छानविन गर्ने र करदाताको वास्तविक कर दायित्व एकिन गर्ने कार्य कर प्रशासनबाट गर्ने गरिन्छ ।

वर्तमान कर प्रणालीले फराकिलो कर आधार लिएको छ । आयकर निर्धारण र असुल उपरका सम्बन्धमा आयकर ऐन, २०५८ मूल्य अभिवृद्धि कर निर्धारण र असुलीका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ अन्तःशुल्क निर्धारण र असूलीका सम्बन्धमा अन्तःशुल्क ऐन, २०५८ भन्सार महशुल निर्धारण तथा असूलीका सम्बन्धमा भन्सार ऐन, २०६४ लगायतका विभिन्न कानूनहरु प्रचलनमा रहेका छन । करदाताले यी कर कानूनको आधारमा स्वयंकर निर्धारण गरी आफ्नो कारोवारको विवरण सहित निर्धारित कर रकम सम्वन्धित कार्यालयमा दाखिला गर्ने व्यवस्था रहेको छ । यसरी

करदाताहरुवाट प्राप्त भएका विवरण मध्ये तोकिएका सूचकहरुको आधारमा जोखिमयुक्त करदाता पहिचान गरी छनौट भई छनौटमा परेका वा कुनै किसिमको उजुरी/सूचना प्राप्त भएका करदाताहरुको मात्र कारोवारको अनुसन्धान तथा छानविन गरि प्रचलित कानून बमोजिम कर निर्धारण हुने गरेको छ ।

कर प्रशासनबाट कर निर्धारण गरिने कार्य न्यायिक कार्य (Judicious Function) हो । कर निर्धारण गर्दा न्यायिक ढंगबाट गर्नु पर्दछ । कर निर्धारण अधिकारीले करदाताको अतिरिक्त कर दायित्व रहेको औंल्याएर मात्रै हुदैन त्यस्तो दायित्व रहेको कुरा न्यायिक मूल्यांकनबाट नै देखाउनु पर्छ । त्यति हुँदाहुदै पनि कर निर्धारण गर्दा अवलम्बन गरिनु पर्ने न्यायिक प्रकृयामा कमी कमजोरी रहेमा कर परीक्षण कार्य जति सुकै कुशलता पूर्वक गरेतापनि पुरै कर निर्धारण नै त्रुटिपूर्ण हुन पुग्दछ । यसर्थ कर निर्धारण अधिकारीबाट कर निर्धारण गर्ने कार्य सम्पन्न गर्दा कर कानूनको आधारमा न्यायिक प्रकृयाहरु समेतलाई ध्यानमा दिई आफ्नो दक्षता एवं कुशलताको प्रयोग गर्नु पर्ने हुन्छ । कर निर्धारणको सबलताबाट नै कर राजश्व असूली प्रभावकारी हुन पुग्दछ ।

५.कर राजस्व प्रशासनसंग सम्वन्धित निकायहरु :

कर राजस्व प्रशासनको सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालय तथा मातहतमा आन्तरिक राजस्व विभाग, तथा भन्सार विभाग, रहेका छन । राजस्व प्रशासनको नीति निर्माणको कार्य नेपाल सरकार अर्थ मन्त्रालयवाट हुने गरेको छ भने आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, को प्रशासन आन्तरिक राजस्व विभागवाट हुने गरेको छ । भंसार महशुल निर्धारण, असूल उपर, भन्सार वस्तु वर्गिकरण तथा भन्सार छली हुने चोरी निकासी पैठारी नियन्त्रण गर्न अनुसन्धान तथा छानविन गर्ने निर्णय गर्ने समेतको कार्य भन्सार विभाग तथा मातहतका कार्यालयहरुबाट हुने गरेको छ ।

६. कर निर्धारण र सो उपरको पुनरावेदन सम्बन्धी व्यवस्थाः

प्रचलित कर राजस्व प्रशासनसंग सम्बन्धित आयकर ऐन, २०५८ मूल्य अभिवृद्धि कर ऐन, २०५२ अन्तःशुल्क ऐन, २०५८ मा भएको व्यवस्था अनुसार करदाता स्वयंले आफ्नो कारोवारको विवरण तयार गरी कर निर्धारण गरी कर विवरण तथा निर्धारित कर रकम दाखिला तथा मिलान गर्ने व्यवस्था छ । यसरी करदाताहरुवाट प्राप्त भएका विवरण मध्ये तोकिएका सूचकहरुको आधारमा आन्तरिक राजस्व विभागवाट जोखिमयुक्त करदाता पहिचान गरी छनौट भई छनौटमा परेका वा कार्यालयवाट छनोट भएका वा कुनै किसिमको उजुरी/सूचना प्राप्त भएका करदाताहरुको मात्र पूर्णकर परीक्षण वा अनुसन्धानात्मक कर परीक्षण गरिदैं आएको छ । पूर्ण कर परीक्षण वा अनुसन्धान मूलक कर परीक्षण नभएको अवस्थासम्म करदाताले पेश गरेको विवरण नै

मान्य हुन्छ ।करदाताले पेश गरेको विवरण झुठ्ठा तथा अधुरो, अपुरो हुनसक्छ र करदाताहरुले आफ्नो कर निर्धारण आफैले गर्ने हुनाले कर छलि हुन सक्छ भन्ने आधारमा तत तत ऐनहरुमा कर अधिकृत तथा अन्तःशुल्क अधिकृतले अनुसन्धान तथा छानविन गरि आयकर तर्फ संशोधित कर निर्धारणको आदेश, मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण र अन्तःशुल्क तर्फ अन्तिम अन्तःशुल्क निर्धारण गर्न सक्ने व्यवस्था छ ।

कर अधिकृत तथा अन्तःशुल्क अधिकृतहरुले कर निर्धारण तथा कर राजस्वसंग सम्बन्धित निर्णय आदेश जारी गर्दा प्रचलित कानून बमोजिम प्रारम्भिक कर निर्धारण गरी १५ दिनको म्याद सहित सफाई पेश गर्ने मौका दिनु पर्ने व्यवस्था छ । उक्त म्याद भित्र जवाफ पेश गरेमा वा नगरेमा पनि कर अधिकृत तथा अन्तः शुल्क अधिकृतले आयकर तर्फ संशोधित कर निर्धारण आदेश र अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । यसरी कर अधिकृत वा अन्तःशुल्क अधिकृतले गरेको निर्णय आदेशमा चित्त नबुझेमा सो निर्णय आदेश उपर ३० दिन भित्रमा वा म्याद गुज्रन गएमा ७ दिन भित्रमा म्याद थमाई थप ३० दिन गरी बढीमा ६० दिन भित्रमा आन्तरिक राजस्व विभागमा प्रशासकिय पुनरावलोकनको निवेदन दिन सक्ने व्यवस्था छ । यसरी परेको निवेदनमा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट प्रशासकिय पुनरावलोकनको निर्णय भए पश्चात उक्त निर्णयमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिन भित्रमा राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन पाउने व्यवस्था छ ।

त्यसै गरी भन्सार ऐन २०६४ मा भएको व्यवस्था अनुसार कुनै पनि व्यक्तिले कुनै पनि वस्तु आयात निर्यात गर्दा आफैले भन्सार प्रज्ञापनपत्र भरी घोषणा गरी लाग्ने भन्सार महशुल तथा अन्य कर, शुल्क बुझाई जांच पास गराउने व्यवस्था छ । यसरी पेश हुन आएको भन्सार प्रज्ञापनपत्र जांच परीक्षण गर्दा भन्सारमा कम मूल्य घोषणा गरेको वा कुनै पनि वस्तु भन्सार नतिरी चोरी निकासी पैठारी गरेको अवस्थामा भन्सार अधिकृतले आवस्यक निर्णय गर्न सक्ने अधिकार भन्सार ऐन, २०६४ ले भन्सार अधिकृतलाई प्रदान गरेको छ । भन्सार अधिकृतले गरेको मूल्यांकनको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले १५ दिन भित्रमा मूल्यांकन पुनरावलोकनको लागि मुल्यांकन पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने तथा मूल्यांकन पुनरावलोकन समितिले गरेको निर्णय वा मूल्यांकन बाहेकका अन्य निर्णयमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिन भित्रमा राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था छ । यसरी परेको पुनरावेदनमा राजस्व न्यायाधिकरणबाट भएको फैसलामा अधिकार क्षेत्र बाहिर गई निर्णय गरेको वा बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको वा

वाध्यात्मक रुपमा पालना गर्नु पर्ने कार्यविधि पालना नगरेको वा गंभिर कानूनी त्रुटी भएको देखिएको अवस्थामा पुनरावेदन अनुमतिको लागि सर्वोच्च अदालतमा निवेदन दिन सकिने व्यवस्था छ ।

७. आयकर ऐन, २०५८ मा भएको खर्च कट्टि सम्बन्धी सामान्य व्यवस्था

कर भनेको प्रतिफलको आशा नराखी सरकारलाई तिर्नु बुझाउनु पर्ने कानूनी शुल्क हो । आय भएको अवस्थामा लाग्ने कर नै आयकर हो । आयकरका सम्बन्धमा व्यवसाय, लगानी, रोजगारी र आकस्मिक लाभ गरी चार किसिमका आयका स्रोतहरु निर्धारण गरिएको छ । आयको गणना गर्ने प्रकृया, कर छुट हुने रकम तथा अन्य छुट सम्बन्धी व्यवस्था र कर कट्टि हुने शिर्षक तथा रकमहरुको व्यवस्था देखि लिएर के कस्तो अवस्थामा के कति दरमा कर लाग्ने, के कस्ता प्रकृतिका खर्चहरु कट्टि पाउने, के कस्ता आयहरु आयमा समावेश हुने, के कस्ता विवरणहरु राख्नु पर्ने र आय विवरण के कसरी पेश गर्ने कर निर्धारण कसरी हुने र सो उपरको उपचारको व्यवस्था के कस्तो हुने भन्ने जस्ता कुराहरुको व्यवस्था उक्त ऐनमा गरिएको छ ।

आयकर ऐन, २०५८ को परिच्छेद ५ मा दफा १३ देखि २० सम्ममा विभिन्न शिर्षकमा खर्च कट्टि पाउने व्यवस्था गरिएको छ भने दफा २१ मा कट्टि गर्न नपाउने खर्चका सम्बन्धमा व्यवस्था गरिएको छ । करदाताले व्याज खर्च अन्तर्गतको भुक्तानी गरिएको व्याज खर्चको कट्टि दावी गर्ने सम्बन्धमा सोही ऐनको दफा १४ मा व्यवस्था गरिएको छ । दफा १४ मा भएको व्यवस्था निम्न बमोजिम रहेको छ।

व्याज कट्टीः (१) कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिको व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको देहायको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै व्याज कट्टी गर्न पाउनेछः

(क) कुनै रकम ऋण लिए वापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्ष प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएको वा

(ख) अन्य कुनै अवस्थामा सो ऋण दायित्व सिर्जना हुन गएको

उपरोक्त कानूनी व्यवस्थालाई अध्ययन गरी हेर्दा कुनै पनि ऋण दायित्व अन्तर्गत भुक्तानी गरेको व्याज रकमको खर्च कट्टी दावी पाउनको लागि ऋण लिएको रकम व्यवसाय वा आय आर्जन हुने कार्यका लागि लिएको हो भन्ने देखिनुका साथै सामान्यतया त्यसरी लिएको ऋण रकम जुन वर्षमा ऋण लिइएको हो सोही वर्षमा

प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएको सम्पत्ति खरिद गर्न प्रयोग गरिएको हो भन्ने कुरा स्पस्ट रुपमा देखिनु पर्ने देखिन्छ ।

८. राजस्वसंग सम्बन्धित विषयमा सर्वोच्च अदालतबाट भएका केही फैसलाहरुको अध्ययन तथा विश्लेषण ।

कर राजस्वसंग सम्बन्धित मुद्दाहरुको सम्बन्धमा कर अधिकृत तथा भन्सार अधिकृतहरुबाट भएको निर्णय वा आदेश उपर राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्था भएको भएतापनि राजस्व न्यायाधिकरणबाट भएको फैसला उपर सिधै सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था नभएको हुंदा सामान्यतया राजस्व न्यायाधिकरणबाट भएको फैसलालाई अन्तिम फैसलाको रुपमा मानिन्छ । तर पनि अधिकांश मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन अनुमतिको निवेदन परेको देखिन्छ । यसरी सर्वोच्च अदालतमा पुनरावेदन अनुमतिको निवेदन परेका अधिकांश मद्दामा सर्वोच्च अदालतले अनुमनि नदिने गरेको कारणबाट सोही अवस्थामा फैसला अन्तिम हुने भएतापनि केही मुद्दामा पुनरावेदनको अनुमति दिइ फैसला हुने गरेको हुंदा राजस्वसंग सम्बन्धित मुद्दामा प्रतिपादित सिद्धान्त अत्यन्त न्यून संख्यामा रहेको पाइन्छ ।सर्वोच्च अदालतबाट भएका फैसला अध्ययन गर्ने क्रममा प्रस्तुत पांच वटा मुद्दामा भएका विषयहरु मध्ये आयकरका सम्बन्धमा करदाताले आय विवरणबाट खर्च कट्टि मांग गरेको व्याज खर्चलाई कर अधिकृतले अमान्य गरेको विषयका सम्बन्धमा सर्वोच्च अदालतबाट गरिएको व्याख्याका सम्बन्धमा विश्लेषण गरिएको छ ।

१.ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको तर्फबाट प्रमुख कर प्रशासक नवराज भण्डारी विरुद्ध अरिहन्त मल्टि फाइवर्स लि. का सन्चालक राजकुमार गोल्छा भएको आ.व. २०५८।०५९ को आयकर मुद्दाः[४]

(क) मुद्दाको विवादित विषय

व्यवसाय संचालन गर्न भनि बैंकबाट ऋण लिइ सो मा लाग्ने व्याजलाई आयकर ऐन, २०५८ को दफा १४ अनुसार खर्च कट्टि दावी गर्ने करदाताले अन्य व्यक्तिलाई निर्व्याजी सापटी दिएको वा उधारोमा विक्री गरेको अवस्थामा त्यस्तो सापटी रकम तथा उधारो विक्री रकममा लाग्न सक्ने व्याजको रकमलाई खर्च कट्टि दिन मिल्ने नमिल्ने ?

(ख) राजस्व न्यायाधिकरणबाट भएको ठहर

[४]ने.का.प. २०६९, अंक ७, निर्णय नं ८८६२

रघुपति जुट मिल्सलाई दिएको रकमको व्याज खर्च खुद आयमा समावेश गरेको मिलेन भन्ने पुनरावेदन जिकीर रहेको तर्फ हेर्दा एउटै व्यवस्थापन भएको सो उद्योगमा पुनरावेदक उद्योगले घाटामा गएको उद्योगलाई सहयोग गर्न नपाउने गरी बन्देज लगाउने व्यवस्था मौजुदा ऐनमा नभएको र पुनरावेदकको उद्योगको वस्तुहरु समेत ऋण प्राप्त गरी अर्डर बमोजिम उत्पादन गरी पुनरावेदकलाई उत्पादन कार्यमा सघाउ गरेको अवस्थामा पुनरावेदकले आय आर्जन प्रयोजनार्थ प्रयोग गरिएको भन्ने र सो सापटी दिइएको रकम विभिन्न किस्तामा सोही सालमा नै पुनरावेदक उद्योगले फिर्ता लिइसकेको भनिरहेको अवस्थामा सो रकममा व्याज भनी खुद आयमा समावेश हुन नसकी मिन्ह हुन्छ ।

(ग) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा ठहर

आयकर ऐन, २०५८ को दफा १४(१)(क) र (ख) मा भएको व्यवस्था अनुसार व्यवसाय संचालन गर्न भनि लिएको ऋणमा तिरेको वा तिर्न पर्ने भएको व्याज रकम खर्च कट्टा गर्न पाउने सुविधा प्राप्त गर्नको लागि निम्न शर्तहरु पुरा गरेको हुनुपर्ने :

(क) जुन आर्थिक वर्षमा ऋण लिएको हो सोऋण सोही आर्थिक वर्षमा प्रयोग भएको वा सो वर्षमा प्रयोग भएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग भएको हुनु पर्दछ ।

(ख) प्राप्त गरिएको ऋण वा यसको दायित्व आफ्नो व्यवसाय संचालन गर्न वा आय आर्जन गर्ने काममा मात्र प्रयोग भएको हुनुपर्दछ ।

कुनै ऋणको रकम व्यवसाय सञ्चालन गर्ने काममा प्रयोग नभएको वा आय आर्जन गर्ने काममा प्रयोग नभएको अवस्थामा यस्तो ऋणमा तिरेको वा तिर्न पर्ने भएको ब्याजको रकमलाई आय गणना गर्दा खर्च कट्टा गर्न नपाउने भएपछि आफ्नो व्यवसाय सञ्चालन गर्न आफूसँग नगद रकम नभएको भनी कुनै आर्थिक बर्षमा ऋण लिने कुनै व्यक्ति वा करदाताले सोही आर्थिक वर्षमा अन्य कुनै व्यक्ति वा फर्मलाई ब्याज लिई वा नलिई जुनसुकै शर्तमा सापटी वा ऋण दिएको अवस्थामा यस्तो व्यक्तिले प्राप्त गरेको ऋणको रकम पूर्णरुपमा आफ्नो व्यवसाय सञ्चालन गर्न वा आय आर्जन गर्ने कार्यमा प्रयोग भएको छ भनी मान्न नसकिने ।

ऋण लिने करदाताले अन्य कुनै व्यक्ति वा फर्मलाई अधिविकर्ष सुविधा वा उधारोमा सामान बिक्री गरेको वा उधारो बिक्री (Credit Limit) दिएको अवस्थामा पनि लागू हुन्छ । आफ्नो व्यवसाय सञ्चालन गर्न नगद रकम अपुग भएको भनी ऋण लिने र सो ऋणमा तिरेको ब्याजलाई खर्चमा कट्टी गर्ने वा खर्च कट्टीको दावी गर्ने तर आफूसँग भएको नगद रकम अन्य व्यक्तिलाई कुनै व्यहोराले सापटी दिएको अवस्थामा यसरी

सापटी दिएको रकमलाई व्यवसाय सञ्चालन गर्न वा आय आर्जन गर्न प्रयोग भएको रकम भनी भन्न नसकिने ।

(घ) विश्लेष्ण

प्रस्तुत मुद्दामा करदाता अरिहन्त मल्टि फाइवर्सले आफूले बैंकबाट ऋण लिइ व्याज भुक्तान गरेको र सोही रकमबाट रघुपति जुट मिल्सलाई रकम उपलब्ध गराएकोमा रघुपति जुट मिल्सबाट करदाता अरिहन्त मल्टि फाइवर्सले कुनै प्रतिफल प्राप्त गरेको नदेखिएको कारणले कर परीक्षण गर्दा लिएको ऋणबाट आय आर्जन भएको नदेखिएको भन्ने समेत आधारमा सो हदसम्मको व्याज खर्च कट्टी नपाउने निर्णय गरेको देखिन्छ ।

उक्त निर्णय उपर करदाताबाट परेको पुनरावेदनका सम्बन्धमा राजस्व न्यायाधिकरण विराटनगरबाट फैसला हुंदा एउटै व्यवस्थापन भएको उद्योग भएको र सो उद्योग घाटामा गएको अवस्थामा सहयोग गर्न नपाउने गरी वन्देज लगाउने व्यवस्था ऐनमा नभएको भन्ने जस्ता आधार लिई कर निर्धारण आदेश वदर गरेको देखिन्छ ।

राजस्व न्यायाधिकरणबाट भएको फैसला उपर आन्तरिक राजस्व कार्यालयको तर्फबाट परेको पुनरावेदन अनुमतिको निवेदनमा अनुमति भई पुनरावेदनको रोहबाट फैसला हुंदा सर्वोच्च अदालतबाट आयकर ऐन, २०५८ को दफा १४ मा गरिएको समग्र व्यवस्था, उद्देश्य र प्रयोजन हेर्दा कुनै व्यक्तिले व्यवसाय संचालन गर्न ऋण लिन सक्ने र यसरी लिएको ऋणमा तिरेको व्याज खर्च कट्टी गर्न पाउने सुविधा प्रदान गरेको देखिने भएतापनि सो व्यवस्था निरपेक्ष नभई उक्त दफामा निर्धारित शर्त पुरा गरेको अवस्थामा मात्र सो सुविधा प्राप्त गर्न सक्ने देखिन्छ । उक्त शर्त अनुसार व्यवसाय संचालन गर्न वा व्यवसायिक प्रयोजनको लागि लिएको ऋण आय आर्जन गर्ने कार्यका लागि प्राप्त गरेको र प्रयोग हुनु पर्ने हुन्छ । आफूले लिएको ऋण रकम अन्य कुनै व्यक्तिलाई जुनसुकै शर्तमा सापटी वा ऋण दिएको अवस्थामा त्यस्तो ऋण पूर्ण रुपमा आफ्नो व्यवसाय संचालन गर्न वा आय आर्जन गर्नै कार्यमा प्रयोग भएको छ भनि मान्न नसकिने भनि फैसला भएको छ । यसबाट आयकर ऐन, २०५८ को दफा १४ ले व्याज खर्च कट्टी गर्न पाउने व्यवस्था गरेको भएतापनि उक्त दफामा उल्लेख गरिएका शर्तहरु पुरा नभएको अवस्थामा त्यस्तो व्याज खर्च कट्टी गर्न नपाउने सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

२. ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरका तर्फबाट ऐ. का प्रमुख कर प्रशासक खुमराज पुंजाली विरुद्ध प्राइम इन्टरनेशनल प्रा. लि. को तर्फबाट अख्तियार प्राप्त प्रबन्ध संचालक मदनकृष्ण श्रेष्ठ भएको आ. व. २०५७।०५८ को आयकर मुद्दा ।[५]

(क) मुद्दाको विवादित विषय

करदाता प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७।०५८ मा अन्य व्यापारिक फर्महरूसँग गरेको सम्झौताबमोजिम उधारो कारोवारमा बाँकी रहने रकमको १ महिना पछि व्याजसमेत थपी भुक्तानी लिने गरी सम्झौता भएकोमा त्यसरी लिनुपर्ने व्याज रकमलाई आयमा समावेश गर्न मिल्ने नमिल्ने ।

(ख) राजस्व न्यायाधिकरणबाट भएको ठहर

उधारो विक्रीको भुक्तानी समयमा नभएको कारण प्राप्त हुनु पर्ने व्याजबापतको रकम भनि आयमा समावेश गर्ने गरी भएको हदसम्म शुरु ठूला करदाता कार्यालय काठमाडौंको मिति २०६२।३।१२ को निर्णय र २०६२।३।३१ को कर निर्धारण आदेशसमेत मिलेको नदेखिएको ।

(ग) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा ठहर

आफूले तिर्ने व्याज आयबाट कट्टा गर्न दावी गर्ने पक्षले आफूले उठाउनु पर्ने उधारो कारोवारमा पनि बाँकी रहेको रकमको त्यही अनुपातमा व्याज असूलउपर गरी आयमा देखाउनु वाञ्छनिय हुने ।

तिर्नुपर्ने रकमको ब्याज तिरेको भनी आयबाट कट्टा गर्ने, तर लिनुपर्ने रकम लामो समयसम्म असूल नगरी प्रतिफल प्राप्त नगर्ने कार्यबाट आयकर ऐन, २०३१ को दफा १२(ग) को कानूनी व्यवस्थाको दुरूपयोग गरेको देखिनुका साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रूपमा सो दफाको व्यवस्था प्रयोग गरेको देखिने ।

जहाँसम्म प्रत्यर्थी कम्पनीले गरेको उधारो विक्रीमा ३० दिनभित्र भुक्तानी नभएमा त्यस्तो उधारो व्यापारिक खरीद कारोवार गर्ने पक्षबाट सो समय पछि भुक्तानी हुन बाँकी रकमको १३ प्रतिशत व्याज सहित बैंङ्क ग्यारेन्टी रकमबाट असूलउपर गरिलिन सक्ने सम्झौता भएकोले त्यस्ता सम्झौताबमोजिम भुक्तानी हुन बाँकी रकमको व्याज समेतलाई प्रत्यर्थी कम्पनीको आयको रूपमा गणना गरी आयकर निर्धारण हुनुपर्नेमा त्यस्तो व्याजलाई आय गणना नगर्ने गरी भएको राजस्व न्यायाधिकरणको फैसला नमिलेको भन्ने पुनरावेदन जिकीर छ, सो सम्बन्धमा विचार गर्दा प्रत्यर्थी प्राईम

---

[५]ने. का. प. २०६९, अंक ११,निर्णय न. ८९१४

इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७०५८ को विभिन्न मितिमा अन्य व्यापारिक पक्षसँग व्यापारिक सम्झौता गरेको मिसिलबाट देखिन्छ । सम्झौता पत्रमा प्रत्यर्थी कम्पनीबाट उधारो कारोवार गर्ने व्यापारिक पक्षले त्यसरी उधारो कारोवारबाट भुक्तानी दिन बाँकी रहेको रकम ३० दिनभित्र भुक्तानी नगरेमा सो समय पछि बाँकी रकमको १३ प्रतिशत व्याज समेत थप गरी त्यस्ता व्यापारिक पार्टीले राखेको बैंङ्क ग्यारेन्टी रकमबाट प्रत्यर्थी कम्पनीले असूल उपर गरी लिन सक्ने भन्ने शर्त उल्लेख भएको देखिन्छ ।

व्यापारिक पक्षहरू बीच हुने सम्झौतामा व्याज समेत थपी लिन पाउने शर्तहरू राख्नुको कारण उधारो दिने पक्षले वित्तीय संस्थाहरूबाट आफ्नो कारोवारको सिलसिलामा नपुग हुने रकम ऋणको रूपमा लिने र चुक्ता गर्न बाँकी त्यस्तो ऋणको व्याज आफूले बुझाउनु पर्ने भएकोले हो । वित्तीय संस्थाबाट लिएको चुक्ता गर्न बाँकी ऋणमा तिरेको व्याज रकम त्यस्तो उधारो बिक्री गर्ने व्यापारिक कम्पनीले आयकर ऐन, २०३१ को दफा १२(ग) बमोजिम सम्बन्धित आयवर्षको आयमा कटाई खुद आय कायम गर्न दावी गर्न सक्ने भएकोले त्यसरी आफूले तिर्ने व्याज आयबाट कट्टा गर्न दावी गर्ने पक्षले आफूले उठाउनु पर्ने उधारो कारोवारमा पनि बाँकी रहेको रकमको त्यही अनुपातमा व्याज असूलउपर गरी आयमा देखाउनु वाञ्छनिय हुन्छ । तिर्नुपर्ने रकमको ब्याज तिरेको भनी आयबाट कट्टा गर्ने तर लिनुपर्ने रकम लामो समयसम्म असूल नगरी प्रतिफल प्राप्त नगर्ने कार्यबाट उक्त ऐनको दफा १२(ग) को कानूनी व्यवस्थाको दुरूपयोग गरेको भन्ने देखिनुका साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रूपमा उक्त दफा १२(ग) को व्यवस्था प्रयोग गरेको भन्ने देखिन जान्छ ।

लेखाको सामान्य सिद्धान्त अनुसार कुनै आय वर्षमा प्राप्त हुनुपर्ने रकम प्राप्त भई नसकेको भएपनि त्यसै बर्षको आयमा समावेश गरिने भएकोले भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना भएपछि भुक्तानी प्राप्त नभएता पनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गर्नुपर्ने हुन्छ । यस प्रकार प्रत्यर्थी कम्पनीले आ.व. २०५७र०५८ मा भएका सम्झौता अनुरूप उधारो कारोवारमा अन्य पक्षबाट भुक्तानी लिन बाँकी रकमको व्याज सम्झौतामा उल्लिखित म्याद पछि स्वतः प्राप्त गरेको मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा प्रत्यर्थी कम्पनीले सम्झौतामा उल्लिखित म्याद पछि भुक्तानी पाउन बाँकी रकमको व्याज स्वतः प्राप्त गरेको मान्नु पर्ने भएकोले त्यस्तो व्याज रकम स्वतः प्रत्यर्थीको आ.व. २०५७०५८ को आयमा समावेश गर्नुपर्ने हुन्छ । साथै आयकर ऐन, २०३१ को दफा ७ ले कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिको आयवर्ष भित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट

प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभ समावेश गरी आय निर्धारण गर्नुपर्ने भन्ने कानूनी व्यवस्था गरेको देखिएबाट प्रत्यर्थी कम्पनीले उधारो कारोवारमा भुक्तानी लिन बाँकी रकमको सम्झौता बमोजिम प्राप्त हुने व्याज पनि कम्पनीको आयभित्रै पर्ने देखियो । त्यस्तै वित्तीय संस्थाबाट ऋण लिई तिर्नुपर्ने व्याज सम्बन्धित आर्थिक वर्षको आयबाट कटाई आयकर निर्धारण गर्न चाहने करदाताले अन्य कुनै व्यक्ति वा फर्मलाई दिएको सापटी,अधिक वर्ष सुविधा वा उधारोमा सामान विक्री गरेको वा उधारो विक्री (Credit Limit) दिएको अवस्थामा त्यसरी दिएको सापटी वा उधारो रकम बराबरको हुने व्याज रकमलाई त्यस्तो करदाताको आय मान्नुपर्ने अथवा त्यस्तो करदाताले आयबाट छूट पाउने रकममा त्यस्तो सापटी वा उधारो दिएको रकमको व्याज बराबरको रकम समावेश गर्न नमिल्ने भनी यस अदालतबाट २०६४-CR-०५२९ को ठूला करदाता कार्यालय ललितपुर विरुद्ध मल्टी फाईवर्स लि. भएको मुद्दामा सिद्धान्त कायम भैसकेको देखिँदा यी प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७।०५८ मा अन्य विभिन्न व्यापारिक फर्मलाई विक्री गरेको उधारो कारोवारबाट प्राप्त हुनुपर्ने व्याजसमेत कम्पनीको सो आ.व. को करयोग्य आयमा समावेश गर्नुपर्ने देखियो । तसर्थ प्रत्यर्थी कम्पनीले अन्य फर्मसँग भएको सम्झौताबमोजिम उधारो कारोवारमा ३० दिन नाघेपछि भुक्तानी पाउन बाँकी रकमको १३ प्रतिशतका दरले व्याज समेत थपी लिन पाउने गरी उल्लेख भएको शत बमोजिम प्राप्त हुने व्याज रकम रु.२५,१७,३३१।७९ प्रत्यर्थी कम्पनीको आ.व. २०५७।०५८ को आयमा समावेश गर्ने गरेको पुनरावेदक ठूला करदाता कार्यालय काठमाडौंको निर्णय आयकर ऐन, २०३१ को कानूनी व्यवस्था अनुरूप नै भए गरेको देखिएकोमा त्यस्तो उधारो बाँकीबाट प्राप्त हुने व्याजलाई प्रत्यर्थीको आ.व. २०५७।०५८ को आयमा समावेश नगर्ने गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेको देखिन आएन ।

(घ) विश्लेषण

प्रस्तुत मुद्दामा करदाताले आफुले बैंकबाट ऋण लिई व्याज भुक्तानी गरेको भनि दावी लिएको अवस्थामा विक्रेताहरुलाई ३० दिन सम्मको उधारोमा विक्री गरी ३० दिन पश्चात व्याज लाग्ने भनि संझौता गरेकोमा सो व्याज असूल नगरेको कारण त्यसरी दिएको उधारोमा असूल गर्नु पर्ने व्याज रकमलाई आयमा समावेश गर्ने गरी कर निर्धारण भएको देखिन्छ ।

उक्त कर निर्धारण आदेश उपर राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरणबाट उधारो विक्रीको भुक्तानी समयमा नभएको कारण प्राप्त हुनुपर्ने व्याज वापतको रकम आयमा समावेश गर्ने गरी भएको निर्णय मिलेको नदेखिएको भनि फैसला भएको हुंदा सो उपर आन्तरिक राजस्व कार्यालयको तर्फबाट

परेको पुनरावेदन अनुमतिको निवेदनमा सर्वोच्च अदालतबाट पुनरावेदनको अनुमति प्रदान भई पुनरावेदनको रोहमा फैसला हुंदा आफुले तिर्ने व्याज रकम आयबाट कट्टा गर्ने पक्षले आफुले उठाउनु पर्ने उधारो कारोवारमा पनि व्याज असूल गरी आयमा देखाउनु पर्ने, तिर्नु पर्ने व्याज तिरेको भनि आयबाट कट्टा गर्ने तर लिनुपर्ने रकम लामो समयसम्म असूल नगरी प्रतिफल प्राप्त नगर्ने कार्यबाट आयकर ऐन, २०३१ को दफा १२ (ग) को कानूनी व्यवस्थाको दुरुपयोग गरेको देखिनुका साथै कर छल्ने संयन्त्रको रुपमा सो दफाको प्रयोग गरेको देखिने भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

आयकर ऐन, २०३१ को दफा १२ (ग) मा सापटी लिएको रुपैंयाको व्याज कट्टी पाउने तर कुनै संगठित संस्थालाई तिरेको व्याज वाहेक अरुलाई रजिष्ट्रशन पारित नगरी गरेको लेनदेनमा तिरेको वार्षिक रु.२०,०००। रुपैया भन्दा बढी व्याज कट्टा गर्न पाइने छैन भन्ने व्यवस्था भएको देखिन्छ । प्रस्तुत करदाताले उधारो विक्री गर्दा ३० दिन भित्रमा भुक्तानी नगरेमा सो समय पश्चात व्याज लाग्ने शर्त राखी संझौता गरेको देखिन्छ । आफ्नो कारोवारको सिलसिलामा नपुग रकम ऋण लिई ऋणमा तिरेको व्याज खर्च आयमा कटाउन पाउने पक्षले आफुले उठाउनु पर्ने उधारो कारोवारमा पनि व्याज असूल गरी आयमा देखाउनु पर्ने । लामो समयसम्म प्रतिफल प्राप्त नगरी उधारोमा दिनु कानूनी व्यवस्थाको दुरुपयोग गरेको मानिने भनि भएको फैसलाले समेत आयकर ऐन, २०३१ को दफा १२ (ग) को समग्र व्यवस्थालाई विश्लेषण गर्दै बैंकबाट लिएको ऋण रकम आय आर्जन हुने कार्यमा नै प्रयोग भएको हुनु पर्ने भन्ने कुरालाई सिद्धान्तको रुपमा व्याख्या गरेको देखिन्छ ।

३. आन्तरिक राजस्व कार्यालय विराटनगरको तर्फबाट प्रमुख कर अधिकृत लक्ष्मण बहादुर बस्नेत विरुद्ध नेपाल ट्रेड एण्ड सर्भिस लिंक विराटनगर भएको आ. व. २०५९।०६० को आयकर मुद्दा[६]

(क) मुद्दाको विवादित विषय

आफुसंग पर्याप्त नगद मौज्दात भएको अवस्थामा उक्त नगद बैंकमै मौज्दात राखी बैंकबाट अल्पकालिन ऋण लिएको अवस्थालाई र अन्य व्यक्तिलाई अग्रिम भुक्तानी (Advance) को रुपमा उपलब्ध गराएकोलाई समेत व्यवसायिक कारोवारमा प्रयोग भएको भनि बैक व्याज भुक्तानी गरेको भनि खर्च दावी गरेको अवस्थामा त्यस्तो व्याज खर्च कट्टि नपाउने ।

(ख) राजस्व न्यायाधिकरणबाट भएको ठहर

[६]आन्तरिक राजस्व कार्यालय विराटनगर विरुद्ध नेपाल ट्रेड एण्ड सर्भिस लिंक्स, आ व २०५९।०६० आयकर, २०६७-CR–0233

वर्षको शुरुमा लिएको ऋणको व्याज वर्षान्तमा रहेको नगद बैंक मौज्दातलाई आधार मानी वर्ष भरिको व्याज असूल गर्न न्यायोचित नहुने र कम्पनीकै सन्चालकहरुको अर्को व्यापारिक संस्थासंग आवद्ध निजहरुकै नामको बैंक स्टेटमेन्ट समेतबाट देखिएकोले खुद आयमा समावेश गर्ने निर्णय वदर भई व्याज खर्च मिन्हा हुन्छ ।

(ग)सर्वोच्च अदालतबाट भएको ठहर

व्यापारिक कार्यको प्रयोजनार्थ ट्याक्टर आयात गर्नको लागि बैंकसंग संझौता गरी टि आर कर्जा लिएको भन्ने तथ्यलाई आन्तरिक राजस्व कार्यालयलको निर्णयमा स्वीकार गरेको, टि आर कर्जा लिएको होइन भन्न नसकेको, प्रत्यर्थिले टि आर कर्जाको व्याज तिरेकै र आफ्नो कारोवारको प्रयोजनका लागि लिएको देखिएको हुंदा वर्षको अन्त्यमा रहेको नगद तथा बैक मौज्दातलाई आधार मानी वर्ष भरिकै व्याज असूल गर्नू न्यायोचित नहुने

प्रत्यर्थिले आफ्नो फर्मसंग सम्बन्धित व्यापारिक प्रयोजनको लागि एडभान्स दिएको भन्ने जिकिर लिन सकेको नपाइएको आयकर ऐन, २०५८ को दफा १४ (१)(ख) को प्रतिबन्धात्क वाक्यांसमा यस्तो ऋण दायित्व व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको हुनु पर्नेछ भन्ने भएको र प्रत्यर्थिले वेसरोकारवालालाई एडभान्स दिएको अवस्था हुंदा सरोकार विहिन व्यक्ति वा निकायलाई दिएको एडभान्स रकम बरावरको व्याज खर्च छुट दिने कानूनी व्यवस्था नभएकोले सो व्याज खर्च खुद आयमा समावेश हुने ।

घ. विश्लेषण

प्रस्तुत मुद्दामा करदाताले आफूसंग पर्याप्त नगद मौज्दात हुंदा हुंदै बैंकबाट अल्पकालिन ऋण लिई व्याजको दायित्व बढाएको र सोही ऋणबाट अन्य व्यक्तिलाई अग्रिम भुक्तानीको रुपमा एडभान्समा रकम दिई व्याज खर्च दावी गरेकोमा त्यसरी आफूसंग नगद हुंदाहुंदै ऋण लिएको नमिलेको र असम्बन्धित व्यक्तिलाई सापटी दिइ प्रतिफल प्राप्त नगरेको भन्ने समेत आधारमा सो हदसम्मको व्याज खर्च कट्टी नपाउने भनि कर निर्धारण भएको देखिन्छ ।

उक्त कर निर्धारण उपर करदाताले राजस्व न्यायाधिकरण विराटनगरमा पुनरावेदन गरेकोमा राजस्व न्यायाधिकरणबाट अल्पकालिन ऋण लिएको भन्ने सम्बन्धमा वर्षको सुरुमा लिएको ऋणका सम्बन्धमा वर्षको अन्त्यमा भएको मौज्दातलाई आधार लिएकोले नमिलेको र कम्पनीकै संचालकहरुको अर्को व्यापारिक संस्थासंग आवद्ध संस्थालाई दिएको र निजहरुको नामको बैंक स्टेटमेन्टबाट देखिएकोले कर निर्धारण आदेश वदर हुने भनि फैसला भएको हुंदा आन्तरिक राजस्व कार्यालयको तर्फबाट पुनरावेदन

अनुमतिको निवेदन परेकोमा सर्वोच्च अदालतबाट पुनरावेदनको अनुमति भएको देखिन्छ ।

सर्वोच्च अदालतबाट फैसला हुंदा अल्पकालिन ऋणका सम्बन्धमा राजस्व न्यायाधिकरणले लिएको आधार मै राजस्व न्यायाधिकरणको फैसला सदर हुने र एडभान्स दिएको रकमको सम्बन्धमा राजस्व न्यायाधिकरणको फैसला वदर हुने ठहरी फैसला भएको देखिन्छ । यसरी एडभान्स दिएको रकमको व्याज खर्च अमान्य गर्ने सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १४ को व्याख्या गर्दै प्रस्तुत मुद्दामा पनि आफ्नो व्यापारिक फर्मसंग सम्बनध भएको र आय आर्जन हुने कार्यका लागि श्रृजना भएको देखिनु पर्नेमा सो नभएको भन्ने समेत आधार लिएको देखिन्छ । आफूसंग नगद भएको अवस्थामा ऋण लिन पाउने नपाउने भन्ने विषयमा व्याख्या नभएको भएतापनि वर्षको सुरुमा ऋण लिएको र वर्षान्तको मौज्दातको आधार लिएको भन्ने आधारमा फैसला भएको छ । आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णयमा सो को स्पस्ट विवचना भएको पाइंदैन । यसबाट कर अधिर्कतले कर निर्धारण गर्दा वास्तविक तथ्यको विश्लेषण गरी गर्नु पर्ने देखिन्छ ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट ऐ. कार्यालयका प्रमुख कर प्रशासक आनन्दराज ढकाल विरुद्ध श्री कृष्ण आयल एण्ड रिफाइनरी भेजिटेवल घि इन्डष्ट्रिज प्रा. लि. भएको आ. व. २०६५।०६६ को आयकार मुद्दा ।[७]

(क) मुद्दाको विवादित विषय

ब्रैकबाट ऋण लिएको रकमबाट लुम्वीनी चिनी कारखानामा लगानी गरेकोमा चालु आ. व. मा कुनै किसिमको प्रतिफल प्राप्त गर्न नसकेको अवस्थामा सो को व्याज खर्च कट्टि पाउने नपाउने ।

(ख) राजस्व न्यायाधिकरणबाट भएको ठहर

लगानी गरेको रकममा लागेको व्याज खर्च कट्टि नदिने निर्णय मिलेको नदेखिएको हुंदा उक्त निर्णय मिलेको नदेखिएको

(ग) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा ठहर

करदाताले आ. व . २०६२।०६३ मा लुम्बीनी चिनी कारखानामा लगानी गरेको, सो लगानी निरन्तर रहेको, पुंजीको अभाव भएको कारण बैंकबाट ऋण लिइ सो को व्याज खर्च दावी गरेको, लुम्बीनी चिनी कारखानामा लगानी गरेको रकमको व्याज खर्च चालु

---

[७]ठूला करदाता कार्यालय विरुद्ध श्री र्कष्ण आयल एण्ड रिफाइनरी भेजीटेवल घि इण्ठष्ट्रिज प्रा. लि. आ व २०६५।०६६ आयकर ०७१-च्च-०२०६

आ. व. को आय आर्जनसंग एकातर्फ सम्बन्धित नभएको अर्कोतर्फ सो को प्रतिफल प्राप्त नभएको अवस्थामा उद्योगको अतिरिक्त व्याज खर्च दायित्व पर्ने देखिंदा व्यावसायको लागि प्रयोग गरेको हदसम्मको मात्र व्याज खर्च दावी गर्नु पर्नेमा पुरै दावी गरेकोले कट्टी नपाउने

घ विश्लेषण

प्रस्तुत मुद्दामा करदाताले बैंकबाट ऋण लिई व्याज खर्च दावी गरेकोमा कर अधिर्कतबाट कर निर्धारण हुंदा उक्त ऋण रकम लुम्बीनी चिनी कारखानामा लगानी गरेको देखिएकोले असम्बन्धित कार्यमा प्रयोग गरेको भन्ने समेत आधारमा व्याज खर्च कट्टी नपाउने निर्णय भएको देखिन्छ ।

उक्त निर्णय उपर राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन परेकोमा राज्स्व न्यायाधिकरणबाट ऋण लिएको र व्याज भुक्तानी गरेको भन्ने समेत आधारमा कर निर्धारण आदेश वदर गरी मिन्हा पाउने फैसला भएकोमा सो उपर ठूला करदाता कार्यालयको तर्फबाट पुनरावेदन अनुमतिको निवेदन परेकोमा सर्वोच्च अदालतबाट पुनरावेदन अनुमति प्रदान भई फैसला हुंदा लुम्बीनी चिनी कारखानामा लगानी गरेको रकमको व्याज खर्च चालु आ वु को आय आर्जनसंग सम्बन्धित नदेखिएको र प्र।,तिफल प्राप्त नभएको भन्ने समेत आधारमा आयकर ऐन, २०५८ को दफा १४ ले निर्धारण गरेका शर्तहरु पुरा नगरेकै आधारमा कर अधिकृतबाट भएको निर्णय सदर भएको देखिन्छ । यसबाट पनि व्याज खर्च कट्टी दावी गर्ने करदाताले आफूले लिएको ऋण रकम आय आर्जन हुने कार्यका लागि प्रयोग भएको छ भन्ने कुरा पुष्टि गरेमा मात्र व्याज खर्च कट्टी पाउने तर ऋण लिएको र व्याज खर्च तिरेको भन्ने आधारमा मात्र कट्टी नपाउने सिद्धान्त प्रतिपादन भएको देखिन्छ

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर विरुद्ध याक एण्ड यति होटल लि. का अधिकारप्राप्त लेजो अफिसर महेन्द्रबाबु श्रेष्ठ भएको आ. व. २०५९।०६० को आयकर मुद्दा ।[८]

(क) मुद्दाको विवादित विषय

बैकबाट ऋण लिएको भनि व्याज खर्च दावी गरेकोमा उक्त ऋण रकमबाट तारा गाउं रिजेन्सी होटलमा शेयर लगानी गर्ने भनि पेश्की स्वरुप रकम दिएको अवस्थामा त्यसरी पेश्की दिएको रकमको व्याज खर्च कट्टि पाउने वा नपाउने ।

(ख) राजस्व न्यायाधिकरणबाट भएको ठहर

---

[८]ठूला करदाता कार्यालय विरुद्ध याक एण्ड यति होटल लि. आ. व. २०५९।ण्टण आयकर, ०६७-CR –०२३२

शेयर खरिदको लागि पेश्की वापत दिएको रकमको व्याज मिन्हा नदिइ आयमा समावेश गर्ने गरी भएको निर्णय मिलेको नदेखिएको ।

(ग) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा ठहर

होटल याक एण्ड यतिले तारा गाउं रिजेन्सी होटलको शेयरमा लगानी गर्ने उद्देश्यले उक्त कम्पनीलाई

रकम दिएको र सो कम्पनीबाट शेयर स्वीकृति पत्र प्राप्त भइसकेकोले होटलले आय आर्जन गर्ने मनसायले नै उक्त कार्यमा रकम प्रयोग भएको देखिएकोले व्याज खर्च आयमा समावेश गर्न नमिल्ने ।

घ विश्लेषण

प्रस्तुत मुद्दामा करदाताले बैंकबाट ऋण लिई व्याज खर्च कट्टी दावी गरेकोमा उक्त ऋण रकमबाट तारागाउं रिजेन्सी होटलमा शेयर लगानी गर्ने भनि पेश्की स्वरुप रकम दिएको देखिएको हुंदा व्यावसायको आय आर्जनसंग सम्बन्धित नभएको भनि व्याज खर्च कट्टी नपाउने गरी कर निर्धारण भएको देखिन्छ ।

उक्त निर्णय उपर करदाताको तर्फबाट राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरणबाट शेयर खरिदको लागि पेश्की वापत दिएको देखिएको भन्ने समेत आधारमा व्याज खर्च मिन्हा पाउने गरी फैसला भए उपर ठूला करदाता कार्यालयको तर्फबाट पुनरावेदन अनुमतिको निवेदन परेकोमा सर्वोच्च अदालतबाट पुनरावेदन अनुमति प्रदान भई फैसला हुंदा होटल याक एण्ड यतिले तारा गाउं रिजेन्सी होटलको शेयरमा लगानी गर्ने उद्देश्यले रकम दिएको र कम्पनीबाट स्वीकृती पत्र प्राप्त भइसकेको भन्ने आधारमा व्याज खर्च मिन्हा दिई आयमा समावेश गर्न नमिल्ने भन्ने फैसला भएको देखिन्छ । आयकर ऐन २०५८ को दफा २० बमोजिम व्यवसाय वा लगानीको आय गणना गर्ने सम्बन्धमा व्यवसाय र लगानीको छुट्टा छुट्टै हिसाव राख्नु पर्ने हुन्छ । बैंकबाट ऋण लिई लगानी गर्ने हो भने पनि लगानीको हिसाब छुट्टै राखी व्याज खर्चलाई समेत लगानीमै जोडी हिसाब राख्दै जाने र अन्त्यमा लगानीको प्रतिफल प्राप्त भएपछि सोबाट आम्दानी तथा खर्चको विवरण तयार गर्नु पर्ने हुन्छ । व्यावसायको लागि भनि लिएको ऋण रकमबाट लगानी गरेको भन्ने आधारमा मात्र प्रत्यक्ष रुपमा सोही वर्षमा खर्च कट्टी दावी गर्न पाउने देखिंदैन । प्रस्तुत मुद्दाको सम्बन्धमा कर अधिकृतले कर निर्धारण गर्दा सो अनुसार निर्णयमा खुलाएको पाइंदैन भने फैसला हुंदा समेत सो तर्फ विवेचना गरेको पाइंदैन । बैंकबाट ऋण लिई लगानी गर्न नपाइने भन्ने होइन । लगानी गरेको र व्यावसायको हिसाव विवरण छुट्टा छुट्टै राखी खर्च दावी गर्नु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा लगानी गरेको रकमको व्याजलाई सिधै

व्याज खर्चमा कट्टी गर्न नदिई लगानी रकममा पुंजीकृत गर्नु पर्ने देखिन्छ, जुन कुरा प्रस्तुत मुद्दामा विवेचना भएको पाइँदैन ।

९. निश्कर्ष

राज्य संचालनको लागि कानून बमोजिम सरकारले प्राप्त गर्ने आय नै राजस्व हो । राजस्व रकम कर राजस्व र गैर कर राजस्वको माध्यमबाट राज्यले प्राप्त गर्दछ । कुनै पनि किसिमको प्रतिफलको आशा नगरी बाध्यात्मक रुपमा सरकारलाई तिर्नु बुझाउनु पर्ने कानूनी शुल्क कर हो । कर प्रत्यक्ष र अप्रत्यक्ष माध्यमबाट असूल उपर गरिन्छ। कर राजस्वको पप्रशासन अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा मातहतका कार्यालयहरुबाट हुन्छ ।

नेपालको वर्तमान कर प्रणाली स्वयंकर निर्धारण प्रणालीमा आधारित छ । करदाता आफैले आफ्नो कारोवारको कर निर्धारण गरी कर रकम दाखिला गर्नु पर्दछ । यसरी करदाताले पेश गरेको विवरण मध्ये केही करदाताहरुको कारोवारको सम्बन्धमा मात्र पूर्ण कर परिक्षण गरी संशोधित कर निर्धारण गर्ने कार्य राजस्व प्रशासन संचालन गर्ने निकायका पदाधिकारीहरुबाट हुन्छ ।

उक्त पदाधिकारीहरुबाट भएको निर्णय उपर पुनरावेदन लाग्ने व्यवस्था छ । आयकर ऐन, २०५८ मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तशुल्क ऐन, २०५८ अन्तर्गत भएको कर निर्धारण उपर आन्तरिक राजस्व विभाग तथा राजस्व न्यायाधिकरणमा निवेदन, पुनरावेदन लाग्ने भन्सार ऐन, २०६४ अन्तर्गत भएका निर्णयहरु उपर समेत राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरणबाट भएको फैसला उपर सिधै पुनरावेदन नलाग्ने भएको हुंदा न्यायाधिकरणबाट भएको फैसला अन्तिम हुने भएतापनि पुनरावेदन अनुमतिको माध्यमबाट सर्वोच्च अदालतमा निवेदन लाग्ने र सो निवेदनमा अनुमति प्राप्त भएपछि पुनरवेदन सरह सुनुवाई भई फैसला हुने गरेको छ ।

सर्वोच्च अदालतबाट फैसला भएका आयकरसंग सम्बन्धित मुद्दाहरु मध्ये आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्याज खर्च कट्टीसंग सम्बन्धित विवादका सम्बन्धमा भएका फैसला अध्ययन गरी हेर्दा करदाताहरुले बैकबाट ऋण लिएको र व्याज भुक्तन गरेको भन्ने आधारमा खर्च कट्टी दावी गरेकोमा कर अधिकृतहरुबाट परिक्षण गरी हेर्दा बैकबाट लिएको ऋण दफा १४ विपरित प्रयोग गरेको अवस्थामा सो हदसम्म व्याज खर्च कट्टी नपाउने निर्णय गर्ने गरेको पाइयो । यसरी भएका निर्णय उपर दायर भएका अधिकांश मुद्दामा राजस्व न्यायाधिकरणबाट कर अधिकृतबाट भएको निर्णय वदर भएकोमा सो उपर पुनरावेदन परी सर्वोच्च अदालतबाट फैसला हुंदा कर अधिकृतबाट भएको निर्णयमा स्पस्ट आधार र कारण नखुलेको अवस्थामा बाहेक अन्य अवस्थामा

कर अधिकृतबाट भएको निर्णयलाई मान्यता दिंदै दफा १४ मा भएको व्यवस्थालाई व्याख्या गर्दै बैंकबाट लिएको व्याज खर्च कट्टी पाउनको लागि त्यसरी लिएको ऋण रकम व्यावसायसंग सम्बनिध्त र आय आर्जन हुने कार्यमा प्रयोग भएको हुनुपर्ने भनि निर्धारण गरिएका शर्तहरु पुरा भएको अवस्थामा मात्र त्यस्तो व्याज खर्च कट्टी पाउने भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।

१०. सुझाव

कर सम्बन्धी कानूनलाई विश्व मै कठोर कानूनको रुपमा लिइन्छ । संविधानले नै कानून बमोजिम बाहेक कर लगाउन र उठाउन नपाइने व्यवस्था गरेको छ । कर राजस्व प्रशासन संचालन गर्ने क्रममा विवाद श्रेजना हुनु स्वाभाविक हो । यसरी श्रृजना भएका विवादहरु सर्वोच्च अदालतमा पुगी सर्वोच्च अदालतबाट न्याय निरोपण भए पश्चात त्यस्ता फैसलाहरुको अध्ययन विश्लेषण गरी समयानुसार कर राजस्व प्रशासन सम्बन्धी कानून परिमार्जन गर्नु जरुरी दे,खिन्छ ।

सन्दर्भ सामग्री

१. नेपालको संविधान, कानून किताव व्यवस्था समिति

२. आयकर ऐन, २०५८ तथा ऐ ऐ नियमावली २०५९

३. मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली २०५३

४. अन्तशुल्क ऐन, २०५८ तथा ऐ नियमावली २०५३

५. भन्सार ऐन, २०६४ तथा नियमावली २०६४

६. उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ को प्रतिवेदन नेपाल सरकार अर्थ मन्त्रालय काठमाण्डौ

७. ने.का. प. २०६९, अंक ०७, निर्णय नं ८८६२

८. ने का प २०६९ अंक ११, नि. नं. ८९१४

९. आन्तरिक राजस्व कार्यालय विराटनगर विरुद्ध नेपाल ट्रेड एण्ड सर्भिस लिंक, आ. व. २०५९।०६०, आयकर, 067-CR- 0233

१०. ठूला करदाता कार्यालय विरुद्ध श्री कृष्ण आयल एण्ड रिफाइनरी भेजीटेवल घि इण्डष्ट्रिज प्रा लि, आ. व. २०६५।०६६, आयकर, 071-RB- 0206

११. ठूला करदाता कार्यालय विरुद्ध याक एण्ड यति होटल लि, आ. व. २०५९।०६०, आयकर 071-RB- 0232

१२. http://www.loksewaguide.com/news/844.html#.W_7TGyzBXIU

eG;f/ dx;'n ;DaGwdf ePsf sfg"gL Joj:yf / ;jf]{Rr cbfntsf] b[li6sf]0f

केशवप्रसाद पन्त◊

१. विषय प्रवेशः

कानून वमोजिम वाहेक कर लगाउन, उठाउन पाइने छैन भन्ने संवैधानिक व्यवस्था रहेको छ।[१] लोकतान्त्रीक राज्य व्यवस्थामा कानूनी शासनलाई लोकतन्त्रको महत्वपूर्ण कडीको रुपमा लिने गरिन्छ । जनताद्धारा निर्वाचित जनप्रतिनिधिहरुले निर्माण गरेको कानून बमोजिम मात्र कर लगाउन सकिने व्यवस्था नै लोकतन्त्रको मूल्य हो । राज्य संचालनका लागि राज्यलाई आवश्यक पर्ने रकम प्राप्त गर्नका लागि एउटा महत्वपूर्ण साधन राजश्व हो । राजश्व(कर)ले राज्यप्रति जनताको कर्तव्य र राज्यले जनता प्रति उत्तरदायी हुने महत्वपूर्ण दार्शनिक आधार खडा गरेको हुन्छ। राज्य सन्चालनका लागी चाहिने मूल आर्थिक स्रोत राजश्व बाट नै पूर्ति गरिन्छ । मानव एउटा गतिशील, विवेकशिल, परिवर्तनशील प्राणी हो । मानवले सुख, शान्ति र सम्वृद्धी खोजिरहन्छ ।यो गुण मानव स्वभावको अन्तनिहित गुण हो। त्यसकारण मानवसमाज परिवर्तनशील हुन्छ । त्यसैले समाजको परिवर्तन, आर्थिक, सामाजिक, वैज्ञानिक विकाससँगै सुख सम्वृद्धिका क्षेत्रहरु बढिरहेका हुनछन् । राज्य जनताको जीउधनको सुरक्षा तथा जनताको जिवनको संरक्षण र आवश्यकताको परिपुरण गर्दै आर्थिक सम्वृद्धिका लागि उत्तरदायी वनी संभावनाका सवै ढोकाहरु खुल्ला राख्नु पर्दछ । त्यसैले राज्य सन्चालन तथा जनताका आवश्यकता पुरा गरि सम्वृद्ध राष्ट्र निर्माणमा राजश्वको महत्वपूर्ण भूमिका रहन्छ।

कर प्रणाली सवैभन्दा गतिशील सम्वृद्ध प्रणाली हो । आर्थिक ऐन कानून तथा नियमहरुवाट मात्रै कर प्रणालीलाई व्यवस्थित गरी समतामूलक सम्पन्न राज्य निर्माण गर्न सकिन्छ । नेपालको कर प्रणालीलाई हेर्दा राजश्व (कर) संकलनमा भन्सार महसुल (कर) को महत्वपूर्ण स्थान रहेको छ । भन्सारवाट राजश्व संकलन गर्ने प्रणाली सवैभन्दा पुरानो पद्धती र राज्यको आर्थिक श्रोतको ठूलो हिस्सा ओगटेको क्षेत्र हो ।

कर राजश्व प्रणालीलाई वित्त व्यवस्थापनको रुपमा पनि लिन सकिन्छ । मूलभूत रुपमा राजश्व कर प्रणालीलाई दुई भागमा विभाजन गर्न सकिन्छः-

---

◊ उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

(१) गैरकर राजश्व

(२) कर राजश्व

वास्तवमा सरकारले जनताबाट प्राप्त गर्ने भुक्तानीलाई राजश्व भनिन्छ । यस्ता राजश्वलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा भुक्तानी गरिने गरेका छन् । भन्सार कर अप्रत्यक्ष करका रुपमा रहेको छ । अप्रत्यक्ष कर भन्दा प्रत्यक्ष करलाई वढी न्यायोचित मानिने गरिन्छ । राज्यले कर उठाउनुका निश्चित उद्देश्यहरु हुन्छन् । वर्तमान विश्वमा राज्य भन्नाले जनउत्तरदायी, लोककल्याणकारी राज्य नै हो । त्यसैले कर लगाउनु र उठाउनुको उद्देश्य भनेको सामाजिक न्यायको प्राप्तिको उद्देश्य रहेको हुन्छ।

नेपालको सन्दर्भमा हेर्दा सवैभन्दा पुरानो करको रुपमा भन्सार शुल्क कर रहेको छ। नेपालमा लिच्छविकालबाट करको प्रारम्भ भएको पाइन्छ। त्यससम्ममा माछा, लसुन, सुँगुर र दाउरामा कर लगाएको देखिन्छ । त्यस वेलामा कुथेर, लिगवल, शुल्कशाला जस्ता कर तथा भन्सार प्रशासन सम्बन्धी अड्डाहरु थिए । मल्लकालमा पनि पालुङ, टिस्टुङका नाकाहरुमा भन्सार अड्डाहरु थिए । राणाकालमा भन्सार अड्डालाई वजार अड्डा भनिन्थ्यो । काठमाण्डौ उपत्यकाका विभिन्न नाकाहरुमा भन्सार अड्डाहरु थिए । त्यसवेला तिब्वत नाकाहरु तातोपानी, क्रान्द्राङ (रसुवा) र इलाम को भङ्ग्याङ खोला मौनेभङ्ग्याङमा पनि भन्सार अड्डाहरु थिए । सम्वत १९८० मा नेपाल तथा तत्कालिन ब्रिटीस सरकार बीच (भारत इष्टइण्डीया कम्पनी) सँग सम्झौता भयो । यसवाट नेपालको तिव्बत तथा भोटसँगको व्यापार घट्न गयो र भारतीय सिमामा भन्सार अड्डाहरु – नेपालगञ्ज, भैरहवा, विरगञ्ज, विराटनगर र भद्रपुर) खुले । त्यस वेलाको भन्सार व्यवस्था ठेक्कामा चलेको थियो । भोटतर्फको व्यापारमा भारीको आधारमा कर लगाइन्थ्यो भने भारततर्फको व्यापारमा मूल्य तथा परिमाण दुवै आधारमा कर गरिन्थ्यो । भन्सार असुलीका लागि आर्थिक वर्षको अवधि मार्गदिखि कार्तिक सम्म थियो ।

सन् १८४७ मा भारत स्वतन्त्र भयो र सन् १९५० मा भारतसँग नयाँ वाणिज्य सन्धि भयो । त्यस बेलादेखि नेपालमा आन्तरिक भन्सार अड्डाहरु खारेज गरेर भारतीय सीमामा रहेका वजार अड्डाहरुले भन्सार राजश्व संकलन गर्न थाले । २००७ सालमा नेपालमा प्रजातन्त्र आयो । अर्थमन्त्रालयको स्थापना भयो । अनि भन्सार प्रशासनको नियन्त्रणात्मक कार्य अर्थ र आय विभागले गर्न थाल्यो । भन्सारमा ठेक्का व्यवस्था खारेज भयो र २०१९ सालमा भन्सार ऐन आयो । त्यस बेला देखि भन्सार कर सम्बन्धी प्रणालीमा नयाँ युगको

सुरुवात भयो । त्यसपछि भन्सार महसुल (शुल्क) निर्धारण गर्ने, भन्सार कर संकलन गर्ने, परिचालन गर्ने व्यवस्था भन्सार ऐन २०१९ ले गर्यो । कर क्षेत्र विस्तार, अन्तर्राष्ट्रिय व्यापारको वृद्धि, अन्तर्राष्ट्रिय सम्पर्कको विस्तार, आर्थिक सम्वृद्धि वढोन्तरी जस्ता विषयहरुमा आएको परिवर्तनसँगै भन्सार ऐन २०१९ लाई विस्थापित गरी भन्सार प्रशासनलाई व्यवस्थित, पारदर्शी एव उत्तरदायी वनाई अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित एवं सहज वनाउन भन्सार ऐन, २०६४ आएको छ । यसै ऐनको आधारमा वर्तमान भन्सार प्रणाली आधारित भै संचालन भएको छ । कुनै पनि मुलुकको प्रवेश विन्दुमा भन्सार अड्डाहरु रहने र कुनै एक मुलुकबाट कुनै अर्को मुलुकमा गरिने वस्तुको निकासी पैठारी गर्ने क्रममा निर्धारित भन्सार मूल्यमा लगाइने महसुल (कर) नै भन्सार महसुल हो । भन्सार ऐन, २०६४ को परिच्छेद-३ मा भन्सार सम्बन्धी कानूनी व्यवस्था भएको रहेको छ ।आधुनिक कर प्रणालीको आधारभूमी भनेको नै भन्सार महसुल हो।

२. भन्सार महसुल सम्बन्धी कानूनी व्यवस्थाः-

भन्सार महसुल लाग्ने भन्सार महशुल छुट भएकोमा बाहेक निकासी वा पैठारी हुने प्रत्येक मालवस्तुमा भन्सार महसुल लाग्नेछ[१] भन्ने व्यवस्था भएबाट निकासी वा पैठारी हुने भन्सार महसुल छुट दिने वस्तुमा वाहेक अन्य वस्तुमा भन्सार महसुल लाग्ने छ भन्ने प्रष्ट व्यवस्था रहेको छ । कसैले नेपालमा उत्पादन वा तयार भै निकासी भएको मालवस्तु पुनः पैठरी गरेमा त्यस्ता मालवस्तुमा विदेशी मुलुकमा उत्पादन वा तयार भएका त्यस्तै प्रकारका वा त्यति नै मूल्य पर्ने मालवस्तु पैठारी गरे सरह महशुल लाग्ने छ[२] [३] भन्ने कानूनी व्यवस्था समेत रहेको छ तर देहाय वमोजिमका फिर्ता आएको मालवस्तुमा भन्सार महशुल लाग्ने छैन ।

क. हुलाक मार्फत पुलिन्दाबाट निकासी भई गएको तर सम्बन्धित व्यक्तिलाई बुझाउन नसकी फिर्ता आएको, वा

ख. भन्सार कार्यालयबाट जाँचपास भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरी फिर्ता आएको, वा

ग. दुर्घटना वा प्राकृतिक प्रकोपमा परी गुणस्तर कायम रहन नसकी फिर्ता आएको ।

---

[१] भन्सार ऐन २०६४ को दफा ५

[२] भन्सार ऐन २०६४ को दफा ६

यसरी फिर्ता आएको मालवस्तुको कच्चा पदार्थ र सहायक कच्चा पदार्थ पैठारी गर्दा महसुल नतिरी पैठारी भएको रहेछ भने त्यस्तो मालवस्तुको परिमाणमा लागेको कच्चा पदार्थ र सहायक कच्चा पदार्थको महसुल समेत असूल गरिनेछ ।

यसै क्रममा कुनै पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तु भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी भन्सार कार्यालयमै छाड्न निवेदन दिएमा त्यस्तो मालवस्तुमा महसुल लाग्नेछैन ।[३]

यसरी छाडिएको मालवस्तु नेपाल सरकारले आफै प्रयोग गर्न वा यस ऐन बमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

तर त्यस्तो मालवस्तु प्रयोगमा आउन नसक्ने वा लिलाम बिक्री समेत हुन नसक्ने अवस्थाको रहेछ भने त्यस्तो मालवस्तु भन्सार अधिकृतले भन्सार कार्यालयबाट तोकिए बमोजिम हटाउन वा नष्ट गर्न सक्नेछ र त्यसरी हटाउन वा नष्ट गर्न लाग्ने खर्च सम्बन्धित पैठारीकर्ताबाटै असूलउपर गरिनेछ।

४. <u>सर्वोच्च अदालतको दृष्टिकोणः-</u>

नेपाल सरकार भन्सार विभागको महानिर्देशक बोधराज निरौला विरुद्ध पशुपति एक्स्पोर्ट एण्ड इम्पोर्ट[५४]

भन्सार महसुल निर्धारण गर्दा उत्पन्न भएका विवादहरुको सम्बन्धमा सर्वोच्च अदालतबाट भएका कानूनी व्याख्या समेतलाई निम्न लिखित कानूनी सिद्धान्तका आधारमा समेत हेरिनु पर्ने हुन्छ । भन्सार ऐन, २०१९ को दफा १३)६(मा भन्सार महसुल निर्धारण गर्ने प्रयोजनको लागि भन्सारको मुख्य अधिकारी वा निजले तोकेको कुनै भन्सार अधिकृतले माल वा वस्तुको मूल्य कायम गर्दा अभिलेख मूल्य, उत्पादनकर्ता वा वितरकले पेश गरेको मूल्यसूची वा उपलब्ध तथ्याङ्क वा सूचना वा विशेषज्ञ वा सम्बन्धित संस्था वा निकायको सुझावलाई आधार मान्न सक्नेछ भन्ने व्यवस्थाअनुसार नै भन्सार अधिकृतले अभिलेख मूल्यको आधारमा मूल्य कायम गरेको

---

[३] भन्सार ऐन २०६४ को दफा ७

[4] निर्णय नं. ९५२८, ने.का.प. २०७३, अंक १

देखिँदा भन्सार अधिकृतले कायम गरेको मूल्य र त्यसलाई भन्सार विभागले समर्थन गर्ने गरेको निर्णय कानूनसम्मत हुँदा सोहीअनुसार मूल्य निर्धारण गरिपाउँ भनी भन्सार विभागले यस अदालतमा पेश गरेको पुनरावेदनपत्रको सम्बन्धमा हेर्दा पुनरावेदकले आयात गरेको सुकुमेलको बिजकअनुसारको मूल्य प्रति मेट्रिक टन US$ 2600.00 रहेकोमा विपक्षी भन्सार कार्यालयले उक्त मूल्यलाई बढाई प्रति मेट्रिक टन US$ 3100.00 मूल्य कायम गरी भन्सार महसुल निर्धारण गरेको भन्ने तथ्यमा विवाद देखिएन । पैठारीकर्ताले विदेशबाट पैठारी गरेको मालवस्तुको भन्सार महसुल निर्धारण गर्ने सम्बन्धमा भन्सार ऐन, २०१९ को दफा १३ को उपदफा १ देखि ७ सम्मको प्रावधान प्रासंगिक रहेको छ । जुन व्यवस्था निम्न अनुसार उल्लेख गरिएको छः-

भन्सार ऐन, २०१९ को दफा १३ को उपदफा)१(,)२(र)३(को प्रावधान अनुसार पैठारी गरिने कुनै माल वा वस्तुको भन्सार महसुल त्यस्तो माल वा वस्तुको कारोबार मूल्यको आधारमा निर्धारण हुने, त्यस्तो कारोबार मूल्य प्रमाणित हुने बिल, बिजक तथा अन्य कागजात पैठारीकर्ताले पेश गर्नुपर्ने र त्यसरी पेश गरेको बिल, बिजक वा अन्य कागजातको सत्यता प्रमाणित गर्ने जिम्मेवारी पैठारीकर्तामा रहने र सो सम्बन्धी कागजात माग गर्न कानूनले भन्सार अधिकृत र पैठारीकर्ता दुवैको कर्तव्य र दायित्व निर्धारण गरेको देखिन्छ । कानूनको यो प्रावधान भन्सार महसुल निर्धारण गर्नेसम्बन्धी मूल व्यवस्थाको रूपमा रहेको देखिन्छ ।

पैठारी गरिएको कुनै माल वा वस्तुको धनीबाट पेश भएको कारोबार मूल्य "वास्तविक कारोबार मूल्य कायम गर्ने पद्धतिसँग मेल नखाने भएमा भन्सार अधिकृतले पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्यलाई मान्यता नदिई पैठारी गरिएको माल वा वस्तुको अभिलेख मूल्य, मूल्यसूची वा सोही प्रकारको माल वा वस्तुको मूल्यको आधारमा त्यस्तो माल वा वस्तुको मूल्य कायम गरी भन्सार महसुल निर्धारण गर्नुपर्ने व्यवस्था सोही ऐनको दफा १३ को उपदफा (४) ले गरेको देखिन्छ ।

उक्त ऐनको दफा १३ ले भन्सार महसुल निर्धारण सम्बन्धमा गरेको उपर्युक्त प्रक्रियालाई अरू स्पष्ट गर्ने सम्बन्धमा आर्थिक अध्यादेश, २०६१ ले थप व्यवस्थाहरू गरेको देखिन्छ । यस सम्बन्धमा आर्थिक अध्यादेश, २०६१ को अनुसूची-१ को दफा ७ को उपदफा (१) देखि (५) सम्मको प्रावधान प्रासङ्गिक रहेको छ ।

आर्थिक अध्यादेश, २०६१ ले गरेको प्रावधान प्रस्तुत मुद्दाका आयातकर्ता कम्पनीले पैठारी गरेको मालसामान भन्सार विन्दुमा जाँचपास गराउँदाको अवस्थामा समेत अवलम्बन गर्नुपर्ने भन्ने देखिएको छ ।

आर्थिक अध्यादेश, २०६१ को अनुसूची-१ को दफा ७ अन्तर्गतको प्रावधानले ऐनको दफा १३ बमोजिमको कारोबार मूल्य पैठारीकर्ताले घोषणा गरेको भाडासहितको कुल रकमलाई सम्झनु पर्ने र भन्सार अधिकृतले कारोबार मूल्य कायम गर्दा विश्व व्यापार संगठनको मूल्याङ्कनसम्बन्धी मूलभूत सिद्धान्तहरूको अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । यसका अतिरिक्त पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्य पहिले पैठारी भएका समरूप वा उस्तै प्रकारका वस्तुको कारोबार मूल्यभन्दा कम देखिएमा भन्सार अधिकृतले त्यस्तो कम हुनुको यथेष्ट कारण र प्रमाण पेश गर्न लगाउनु पर्ने भनि उपर्युक्त दफा ७ को उपदफा ३ ले कार्यविधि तोकेको देखियो । उक्त उपदफा ३ बमोजिम पैठारीकर्ताले पेश गरेको कागजात र कारणको आधारमा पैठारी भएको वस्तुको कारोबार मूल्य पैठारीकर्ताको घोषणाबमोजिम नै अर्थात् सो घोषणा गरेभन्दा पहिलेको समरूप वा उस्तै प्रकारका वस्तुको कारोबार मूल्यभन्दा कम मूल्य प्रमाणित हुन आएमा भन्सार अधिकृतले कारण जनाई पैठारीकर्ताको घोषणाबमोजिमको कम मूल्यलाई मान्यता दिनुपर्ने र त्यस्तो कम मूल्य कायम भएको कुरा पुनरावलोकनको लागि भन्सार विभागमा लेखी पठाउनु पर्ने कार्यविधि उपदफा ४ ले निर्धारित गरेको देखिन्छ ।

तर यसअघिका समरूप वा उस्तै प्रकारका वस्तुको कारोबार मूल्यभन्दा कम हुने गरी पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्यको हकमा उपदफा ३ बमोजिम प्रमाण पेश गर्न लगाउँदा पनि उपदफा ४ बमोजिम घोषणा गरेको कारोबार मूल्य प्रमाणित हुन नसकेमा भन्सार अधिकृतले उपदफा २ मा उल्लिखित अर्थात् विश्व व्यापार संगठनको मूल्याङ्कनसम्बन्धी मूलभूत सिद्धान्तहरूको प्रतिकूल नहुने गरी कारोबार मूल्य निर्धारण गरी त्यसको कारण सहितको लिखित सूचना पैठारीकर्तालाई दिनु पर्ने कार्यविधि उपर्युक्त दफा ७ को उपदफा ५ ले निर्धारण गरेको देखिन्छ ।

यसप्रकार पैठारी भएको वस्तुको भन्सार महसुल निर्धारण गर्ने सम्बन्धमा भएको भन्सार ऐन, २०१९ को दफा १३ को प्रावधान र सो प्रावधानलाई अझ स्पष्ट गर्ने सम्बन्धमा आर्थिक अध्यादेश, २०६१ को अनुसूची १ को दफा ७ ले गरेको उपर्युक्त कानूनी प्रावधानको सन्दर्भमा प्रत्यर्थी वीरगञ्ज भन्सार कार्यालयबाट भएको यससम्बन्धी कारबाही कानून अनुरूप

भएको छ, छैन भनी हेर्नु पर्ने भएको छ । यस दृष्टकोणबाट हेर्दा पुनरावेदकले आफूले पैठारी गरेको सुकुमेल (SMALL CARDAMOM Mix Green Medium Open pods) १० मेट्रिक टनको अमेरिकी डलर २६,००० कारोबार मूल्य उल्लेख गरी बिक्रेता KAJ Establishment Pvt. Ltd. Singapore ले जारी गरेको जनवरी ६, २००५ को Commercial Invoice, उक्त सामान आयात गर्नको लागि नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, वीरगञ्ज शाखाबाट खोलिएको प्रतितपत्र तथा सामानको ढुवानीसम्बन्धी कागजातसमेत संलग्न गरी पुनरावेदक भन्सार कार्यालयमा यससम्बन्धी घोषणापत्र पेश गरेको र सोसम्बन्धमा भन्सार कार्यालयबाट उक्त घोषणापत्रको पिठमा "वीरगञ्ज भन्सार कार्यालय अभिलेख शाखाबाट भनी निवेदकको मिति २०६१।१२।१ मा पेश गरेको दर्ता नं। ५७३२ को निवेदनको आधारमा २०६१।१२।३ को निर्णय अनुसार संलग्न इ.नं. KAJ २००५/७९४ को मालवस्तुको देहायबमोजिम मूल्य निर्धारण गरिएको व्यहोरा अनुरोध छ भन्दै प्रति मेट्रिक टन CNF CAL USD ३१००:०० मा बिमाबाहेक कारोबार खर्च रू। ४०,०००।– समावेश गरी मूल्य निर्धारण गर्नुहुन भन्ने उल्लेख भएको र सोहीबमोजिम वीरगञ्ज भन्सार कार्यालयबाट भन्सार महसुल असुल भएको भन्ने देखिएको छ । उक्त व्यहोरामा उल्लिखित मिति २०६१।१२।०३ को निर्णयमा पशुपति एक्पोर्ट एन्ड इम्पोर्ट हाउसले इन्भ्वाइस नं. KAJ २००५/७९४ Date ६th January २००५ अन्तर्गत ग्वाटेमाला ओरिजिन पैठारी गर्न ल्याएको Cardamom को भन्सार ऐन, २०१९ को दफा १३(१), (२), (३) अनुसार मूल्याङ्कनको लागि निवेदन प्राप्त भएकोमा उल्लिखित सामानको यसअघि कार्यालयबाट मूल्याङ्कन भएको अभिलेख र भन्सार विभागको पत्र समेतको आधारमा Small Cardamom Open Pods बाहेकको प्रति मेट्रिक टन CNF CAL USD ३१००. मूल्याङ्कन निर्धारण भएको र आर्थिक अध्यादेश, २०६१ को दफा ७ को उपदफा ५ बमोजिम Similar न्ययमक भएको हुँदा सोही अनुसार मूल्य कायम गरी सोमा बिमाबाहेक कारोबार खर्च ४०,०००।- समेत समायोजन गरी कारोबार मूल्य निर्धारण गर्न मनासिब भनी पेश भएको टिप्पणी मिति २०६१।१२।३ मा सदर भएको भन्ने देखिन्छ । टिप्पणीमा उल्लिखित Similar न्ययमक भएको हुँदा भन्ने वाक्यांशबाहेक पैठारीकर्ता पुनरावेदकले पैठारी गरेको सुकुमेलको सम्बन्धमा पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्यलाई अस्वीकारगरी बढी मूल्य कायम गर्दा पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्य ऐनको दफा १३ को उपदफा ४ बमोजिम भन्सार कार्यालयले अवलम्बन गरी आएको "वास्तविक कारोबार मूल्य कायम गर्ने पद्धतिसँग मेल नखाएको भन्ने कुनै व्यहोरा उपर्युक्त निर्णयमा उल्लेख भएको देखिँदैन । पैठारीकर्ताले

घोषणा गरेको कारोबार मूल्य समरूप वा उस्तै प्रकारको वस्तुको मूल्यभन्दा कम देखिएकोले आर्थिक अध्यादेश, २०६१ को अनुसूची १ को दफा ७ को उपदफा ३ बमोजिम त्यसरी मूल्य कम हुनुको यथेष्ट कारण पेश गर्न भनी पैठारीकर्तालाई लेखिएको, सोधिएको वा मौका दिइएको भन्नेसमेत उक्त कारबाहीसम्बन्धी निर्णय फाइलबाट देखिएको छैन । पैठारीकर्ताले गरेको मूल्यसम्बन्धी घोषणालाई अस्वीकार गरी बढी मूल्य कायम गर्दा भन्सार अधिकृतले विश्व व्यापार संगठनको मूल्याङ्कनसम्बन्धी मूलभूत सिद्धान्तलाई अवलम्बन गरेको भन्ने पनि उक्त निर्णयमा उल्लेख भएको पाइँदैन । पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई अस्वीकार गरी सोभन्दा बढी मूल्य कायम गर्दा उपर्युक्त आर्थिक अध्यादेश, २०६१ को अनुसूची १ को दफा ७ को उपदफा ५ बमोजिम पैठारीकर्ता कम्पनीलाई दिनुपर्ने कारणसहितको लिखित सूचनासमेत दिएको देखिँदैन। यसर्थ वीरगञ्ज भन्सार कार्यालयबाट भएको उपर्युक्त मिति २०६१।१२।२ को मूल्य निर्धारणसम्बन्धी निर्णयमा कानूनले निर्धारण गरेबमोजिमको माथि वर्णित कुनै पनि कार्यविधि वा प्रक्रिया पुरा गरिएको भन्ने देखिन आएन ।

यसप्रकार पुनरावेदक वीरगञ्ज भन्सार कार्यालयले प्रत्यर्थी पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्यलाई अस्वीकार गरी पैठारी भएको वस्तुको बढी मूल्य कायम गरी भन्सार महसुल निर्धारण गर्दा भन्सार ऐन, २०१९ को दफा १३ को उपदफा ४ मा उल्लेख भएअनुसारको कार्य पुनरावेदक कार्यालयले अवलम्बन गरी आएको "वास्तविक कारोबार मूल्य कायम गर्ने पद्धतिको बारेमा केही उल्लेख नभएको, पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्य पहिले पैठारी भएका स्वरूप वा उस्तै प्रकारका वस्तुको कारोबार मूल्यभन्दा कम देखिएकोले त्यसरी कम हुनुको कारण र प्रमाण पेश गर्न आर्थिक अध्यादेश, २०६१ को अनुसूची १ को दफा ७ को उपदफा ३ बमोजिमको कुनै सूचना र अवसर पैठारीकर्तालाई दिएकोसमेत नदेखिएको र पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्यलाई अस्वीकार गरी विश्व व्यापार संगठनको मूल्याङ्कनसम्बन्धी मूलभूत सिद्धान्त अवलम्बन गरी बढी मूल्य निर्धारण गरिएको कारणसहितको सूचना उपर्युक्त दफा ७ को उपदफा ५ बमोजिम पैठारीकर्तालाई दिएकोसमेत नदेखिएको स्थितिमा प्रत्यर्थी आयात कर्ताले घोषणा गरेको कारोबार मूल्यभन्दा बढी मूल्य कायम गर्ने गरी भएको पुनरावेदक वीरगञ्ज भन्सार कार्यालयको मिति २०६१।१२।०२ को मूल्य निर्धारणसम्बन्धी निर्णय गर्ने गरी भएको र उक्त निर्णयबमोजिमको मूल्यलाई समर्थन गर्ने गरेको प्रत्यर्थी भन्सार विभाग मूल्याङ्कन समितिको मिति २०६१।१२।२४ को निर्णयसमेत मिलेको नदेखिँदा सो निर्णयलाई उल्टी

गरी आयातकर्ता कम्पनीले पेश गरेको भन्सार मूल्याङ्कनलाई सदर गर्ने गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको फैसला मिलेको नै देखियो ।

अतः माथि उल्लिखित कानूनी व्यवस्था र मिसिल संलग्न कागजातहरूबाट आयातकर्ताको बीजक मूल्यलाई मान्यता नदिई भन्सार प्रयोजनको लागि बढी भन्सार मूल्याङ्कन कायम गर्ने गरी भएको वीरगञ्ज भन्सार कार्यालयको मिति २०६१।१२।२ को निर्णय र सो निर्णयलाई समर्थन गर्ने गरी भएको भन्सार विभाग मूल्याङ्कन पुनरावलोकन समितिको मिति २०६१।१२।२४ को निर्णय न्याय र कानूनसम्मत नहुँदा उल्टी हुने भई करदाताले पेश गरेको भन्सार दरभन्दा बढी भन्सार कायम गरी सो लिएको रकम फिर्ता हुने ठहर्छ भनी राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६६।०५।११ मा भएको फैसला मिलेको देखिदा सदर हुने ठहर्छ । पुनरावेदक भन्सार विभागको पुनरावेदन जिकिर पुग्न सक्तैन भनी सर्वोच्च अदालतबाट सिद्धान्त कायम भएको देखिन्छ।

फैसलाको विश्लेषणः-

प्रस्तुत मुद्दामा उठेको मूल विवादको विषय भनेको भन्सार ऐन आयतकर्ताले घोषणा गरेको कारोवार मूल्य भन्दा वढी मूल्य कायम गरेको भन्ने रहेको छ ।

प्रस्तुत फैसलामा आयत कर्ताले घोषणा गरेको कारोवार मूल्य निर्धारण गर्दा अभिलेख मूल्य, उत्पादन कर्ता वा वितरकले पेश गरेको मूल्यसूची वा उपलब्ध तथ्याङ्क वा सूचना वा विषेशज्ञ वा सम्बन्धीत संस्था वा निकायको सुझावलाई आधार मान्न सक्नेछ । कानूनी व्यवस्था बमोजिम नै भन्सार महशुल निर्धारण गरिएको हो भन्ने भन्सारविभागको दावी रहेको छ । विपक्षीले बैंकबाट प्रतिपत्र खोली वीजक मूल्यकै आधारमा सामान आयत गरिएको हो र वीजक मूल्यकै आधारमा भन्सार मूल्य घोषणा गरिएको हुँदा हचुवाको भरमा वीजक मूल्यलाई अमान्य गरी भन्सार महशूल निर्धारण गरिएको कानून सम्भव छैन भनी जिकीर गरिएको देखिन्छ । अव यस्मा भन्सार ऐन २०१९ ले गरेको कानूनी व्यवस्था हेर्दा पैठारी गरिएको कुनै माल वा वस्तु धनीबाट पेश भएको कारोवार मूल्य वास्तविक कारोवार मूल्य कायम गर्ने पद्धतीसँग मेल नखाने भएमा भन्सार अधिकृतले पैठारी कर्ताले घाषणा गरेको कारोवार मूल्यलाई मान्यता नदिई पैठारी गरिएको माल वा वस्तुको अभिलेख मूल्य, मूल्यसूची वा सोही प्रकारको माल वा वस्तुको मूल्यको आधारमा त्यस्तो माल वा वस्तुको मूल्य कायम गरी भन्सार महशुल कायम गरिनु पर्ने कानूनी व्यवस्था रहेको छ । भन्सार अधिकृतले कारोवार मूल्य कायम गर्दा विश्व व्यापारसंगठनको मूल्याङ्कन सम्बन्धी मूलभूत

सिद्धान्तको अवलम्वन गर्नु पर्ने, यसका साथै पैठारी कर्ताले घोषणा गरेको कारोवार मूल्य पहिले पैठारी भएका समरुप वा उस्तै प्रकारका वस्तुको कारोवार मूल्यमा भन्दा कम देखिएमा भन्सार अधिकृतले त्यस्तो कम हुनुको यथेष्ट कारण रप्रमाण पेश गर्न लगाउनू पर्ने कार्यविधि तोकेको देखिन्छ । पैठारी कर्ताले पेश गरेको कागजात र कारणको आधारमा पैठारी भएको वस्तुको कारोवार मूल्य पैठारी कर्ताको घोषणा बमोजिम नै अर्थात सो घोषणा गरे भन्दा पहिलेको समरुप वा यस्तै प्रकारको वस्तुको कारोवार मूल्य भन्दा कम मूल्य प्रमाणित हुन आएमा भन्सार अधिकृतले कारण जनाई पैठारी कर्ताको घोषणा बमोजिमको कम मूल्यलाई मान्यता दिनु पर्ने र त्यस्तो कम मूल्य कायम भएको कुरा पुनरावलोकनका लागि लेखि पठाउनू पर्ने कार्यविधि रहेको छ । भन्सार कार्यलयले अवलम्बन गर्दै आएको वास्तविक कारोवार मूल्य कायम गर्ने पद्धति मेल नखाएको भन्ने कुरा उक्त निर्णयमा उल्लेख भएको पाइदैन । कम मूल्य हुनूको यथेष्ट प्रमाण पेश गर्न भनि पैठारी कर्तालाई लेखिएको, सोधिएको वा मौका दिएको भन्ने समेत कार्यवाही सम्बन्धी निर्णय फायलमा देखिदैन तथा पैठारी कर्ताले गरेको मूल्य सम्बन्धी घोषणालाई अस्वीकार गरी बढी मूल्य कायम गर्दा भन्सार अधिकृतले विश्व व्यापार संगठनको मूल्याङ्कन सम्बन्धी मूलभूत सिद्धान्त अवलम्बन गरेको समेत नपाइएको हुँदा राजश्व न्यायाधिकरणको फैसला मिलेको देखिएको भन्ने निर्णय देखिन्छ । प्रस्तुत कानूनी सिद्धान्तबाट भन्सार अधिकृतले भन्सार महसुल निर्धारण गर्दा कार्यविधि कानूनको अनिवार्य पालन गर्नु पर्ने देखिन आउँछ।

ख (श्री रुपज्योती विरुद्ध श्री ५ को सरकार, भन्सार विभाग समेत[५]

यसमा औद्योगिक व्यवसाय ऐन, २०३८ तथा औद्योगिक व्यवसाय ऐन, २०४९ ले समेत प्रस्तुत उद्योगलाई भन्सार महसुल छुट दिएको छ । आर्थिक ऐन, २०४९ आर्थिक ऐन, २०५० तथा आर्थिक अध्यादेश २०५१ ले अनुसूची-२ मा उल्लेख भएका वाहेक अन्य मालवस्तु नेपाल अधिराज्यवाट विदेशमा निकासी गर्दा निकासी सेवा शुल्क लगाई असूल उपर गर्ने व्यवस्थाले औद्योगिक व्यवसाय ऐनले प्रदान गरेको सुविधालाई अपहरण गरेको छ । भन्सार ऐन, २०१९ को दफा २(ग) मा भन्सार महसुल भन्नाले निकासी वा पैठारी गर्ने माल वस्तुहरुमा समय समयमा लाग्ने नेपाल कानूनले तोकीदिएको दर बमोजिम लाग्ने भन्सार महसुल सम्झनुपर्छ भन्ने भएकोले निकासी वा पैठारी गर्ने माल वा वस्तुहरुमा

५ निर्णय नं. ६३०७, ने.का.प. २०५४, अंक १

जुनसुकै नाम गरी रकम असूल गरेपनि सो भन्सार महसुल नै हुने हुँदा औद्योगिक व्यवसाय ऐनले प्रदान गरेको भन्सार छुटलाई निकासी सेवा शुल्कको नाम राखी असूल गर्ने कानून Colourable निकासी सेवा शुल्क सेवा दिए वापत उठाउने शुल्क हुँदा निवेदक

उद्योगले दिएको सेवा शुल्कवाट कुनै सेवा उपलव्ध हुन नआएवाट यो सेवा शुल्क उठाउन मिल्दैन भन्ने निवेदकको मुल भनाई भएको र सोही अनुरुप निवेदक तर्फका विद्वान अधिवक्ताहरुले वहस र वहसनोट समेत प्रस्तुत गर्नु भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले कर लगाउने उठाउने खारेज गर्ने छुट दिने परिवर्तन गर्ने वा कर प्रणाली व्यवस्थित गर्ने विषयमा अर्थ विधेयक प्रस्तुत गर्न सक्ने अधिकार प्रदान गरेको र उपरोक्त आर्थिक ऐनहरु सो अनुरुप प्रस्तुत भई आर्थिक ऐनको रुपमा आएको पाइन्छ । उपरोक्त आर्थिक ऐनमा निकासी सेवा शुल्क लिने उठाउने व्यवस्था भएको पाइन्छ । निकासी सेवा शुल्क भनी वोली परेकोले यो कर होईन आर्थिक ऐन वमोजिम कर लगाई उठाउन पाईने होईन भन्ने निवेदकको माग भएकोमा करको विभिन्न रुप हुन्छ । आर्थिक ऐनमा नै कतै दस्तुर कतै महशुल कतै कर र कतै शुल्क भन्ने उल्लेख भएको पाइन्छ । आर्थिक ऐनमा उल्लेखित यी सवै दस्तुर महसुल शुल्क करको रुप हुँदा यसलाई कर होईन अन्यथा हो भन्ने स्थिति छैन । निवेदकलाई औद्योगिक व्यवसाय ऐनले भन्सार महसुलसम्म छुट दिएको छ । अन्य कुनै शुल्क लगाउन र असूल गर्न नपाउने गरी उक्त ऐनले कुनै वन्देज लगाएको पाईन्न । कानूनले जुन कुराको सुविधा दिएको छ सो सुविधासम्म अपहरण नहुने हो । भन्सार ऐनमा भन्सार महसुलसम्म नियमित (Regulate) गरेको छ, भन्सार महसुल भन्नाले अन्य जुनसुकै महसुल शुल्क दस्तुर समेत जनाउँछ भन्ने भन्सार ऐनमा व्यवस्था नभएकोले भन्सार महसुल वृद्धी भन्ने अवस्था रहेन । निकासी सेवा शुल्क एक अर्को रुपमा भन्सार महसुल हुने हो भन्ने निवेदकको भनाई तर्फ हेर्दा भन्सार शुल्क उठाईएको वस्तुमा अन्य कुनै शुल्क लाग्न सक्दैन भनी ऐनमा वन्देज छैन, कानूनद्वारा कर लगाउन र उठाउन संविधानले अधिकार प्रदान गरेकोमा विवाद देखिन्न । यस्तो अवस्थामा निकासी सेवा शुल्क लगाउने र उठाउने व्यवस्था Colourable छ भन्ने स्थिति भएन ।

निकासी सेवा शुल्क भन्ने शव्द रहेवाट निवेदकलाई निकासी शुल्क लिए वापत सेवा पुर्याउनु पर्ने सो पुर्याएको छैन भन्ने सन्दर्भमा विचार गर्दा उक्त औद्योगिक व्यवसाय ऐनमा निकासी सेवा शुल्क वापत सेवा प्रदान गरिनेछ भन्ने कतै उल्लेख भएको पाइदैन । कानूनले जुन कुराको दायित्व सुम्पिएको छैन सो पाउनु पर्छ भन्न मिल्दैन । उक्त निकासी सेवा शुल्क लगाएवाट निकासी उद्योग व्यवसायलाई प्रतिकूल असर पर्छ र श्री ५ को सरकारको

हालको आर्थिक एवं औद्योगिक नीतिसँग मेल खांदैन भन्ने हकमा यो श्री ५ को सरकारको नीतिगत कुरा हो । अदालतले यस्तो आर्थिक नीति अपनाउनु पर्छ भन्ने स्थिति हुँदैन ।

आर्थिक ऐन कानूनले प्रदान गरेको अधिकार वमोजिम निकासी सेवा शुल्क लगाएकोले सो अवैध छ भन्न मिल्दैन । उक्त कानून वमोजिम निकासी सेवा शुल्क लगाइने र असूल गरिने हुँदा उक्त निकासी सेवा शुल्क उठाउने वेग्लै निकाय रहेको नदेखिए पनि कानूनवाट उठाउने अधिकार दिएको त्यस्तो निकासी सेवा शुल्क श्री ५ को सरकारले आफ्नो सुविधा अनुसार कुनै अडडवाट उठाउने सक्ने भनी प्रस्तुत मुद्दामा सर्वोच्च अदालतबाट व्याख्या भएको छ ।

फैसलाको विश्लेषणः-

प्रस्तुत मुद्दाको मूल विवादको विषय औधोगिक ऐनले उद्योगलाई भन्सार महसूल छुट दिएकोमा आर्थिक ऐन २०४९, आर्थिक ऐन २०५० तथा आर्थिक अध्यादेश २०५१ ले अनुसूची २ मा उल्लेख भएका बाहेक अन्य मालवस्तु नेपाल राज्यबाट विदेशमा निकासी गर्दा निकासी सेवा शूल्क लगाई असूल उपर गर्ने व्यवस्थाले औधोगिक व्यवसाय ऐनले दिएको सुविधालाई निश्चीत गरिदिएको देखिन्छ।

भन्सार ऐन २०१९ को दफा २(ग) मा भन्सार महसुल भन्नाले निकाशी वा पैठारी गर्ने मालवस्तुमा समय समयमा लाग्ने नेपाल कानूनले तोकिदिएको दर बंमोजिम लाग्ने भन्सार महशुल सम्झनु पर्दछ भन्ने भएकोले निकाशी वा पैठारी गर्ने माल वा वस्तुहरुमा जुनसुकै नाम गरि रकम असूल गरे पनि सो भन्सार महशुल नै हुने हुदा औधोगिक व्यवसाय ऐनले प्रदान गरेको भन्सार छुटलाई निकाशी वा सेवा शूल्कको नाम राखी सेवा शूल्क उठाउन मिल्दैन ।

अन्त शूल्क उठाउन र असूल उपर गर्न नपाउने गरी ऐनले कुनै वन्देज लगाएको पाइएन ।कानूनले जुन सुविधा दिएको छ सो सुविधासम्म प्राप्ति गर्ने हो । भन्सार ऐनमा भन्सार महशुलसम्म नियमित गरेको छ । भन्सार महशुल भन्नाले अन्य जुनसुकै महशुल शूल्क दस्तुर समेत जनाउँछ भन्ने भन्सार ऐनमा व्यवस्था नभएकोले भन्सार महशुल वृध्दि भन्ने व्यवस्था रहेन । आर्थिक ऐन कानूनले प्रदान गरेको अधिकार बमोजिम निकाशी सेवा शूल्क लगाएकोले सो अवैध भन्न मिल्दैन ।

प्रस्तुत मुद्दामा सर्वोच्च अदालतको व्याख्या हेर्दा नेपाल अधिराज्यको संविधान २०४७ ले कर उठाउने खारेज गर्ने छुट दिने परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थीत गर्ने विषयमा अर्थ विधेयक प्रस्तुत गर्न सक्ने अधिकार प्रदान गरेको र उपरोक्त आर्थिक ऐनहरु सो अनुरुप प्रस्तुत भई आर्थिक ऐनको रुपमा आएको पाइन्छ ।उक्त आर्थिक ऐनले निकाशी सेवा शूल्क लिने उठाउने व्यवस्था गरेको पाइन्छ । आर्थिक ऐनमा नै कतै दस्तुर, कतै महशुल, कतै कर, कतै शूल्क भन्ने उल्लेख भएको पाइन्छ। आर्थिक ऐनमा नै उल्लेखित यी सवै दस्तुर महशुल शूल्क करको रुपमा हुँदा यसलाई कर होइन अन्यथा हो भन्ने स्तिथि छैन । निवेदकलाई औधोगिक व्यवस्थापन ऐनले भन्सार महशुलसम्म छुट दिएको छ ।अन्य कुनै शूल्क लगाउन नपाउने गरी वन्देज लगाएको पाइएन । भन्सार महशुल भन्नाले जुनसुकै महशुल शुल्क दस्तुर समेत जनाउँछ भन्ने भन्सार ऐनले भनेको पनि पाइदैन ।भन्सार शूल्क उठाएको वस्तुमा अन्य कुनै शूल्क लाग्न सक्दैन भनि ऐनमा वन्देज लगाएको छैन। कानूनद्धारा कर लगाउन, उठाउन संविधानले अधिकार प्रदान गरेकोमा विवाद देखिदैन । यस्तो अवस्थामा निकाशी सेवा शूल्क लगाउने उठाउने व्यवस्था Colourable छ भन्ने अवस्था हुदैन । यस मुद्दामा सेवा शूल्क लिए वापत सेवा पुर्याउनू पर्ने, सो पुर्याएको छैन भन्ने तर्फ हेर्दा औधोगिक व्यवसाय ऐनमा निकाशी सेवा शूल्क वापत सेवा प्रदान गरिने छ भन्ने व्यवस्था पनि भएको पाइदैन ।

यसरी सर्वोच्च अदालतले कानूनले प्रष्ट व्यवस्था गरेर लागू गरेको कानून वमोजिम नै भन्सार कार्यालयले शूल्क लिन सक्ने भन्ने दृष्टिकोण सान्दर्भिक छ राज्यले आफ्नो अन्तरनिहित शक्ति वमोजिम कानून निर्माण गर्ने र कायान्वयन गर्ने गर्दछ । छुट दिने वा नदिने भन्ने व्यवस्था राज्यको अन्तर्निहित अधिकार हो कानूनले राज्यको विवेक, अवस्था, आर्थिक नीतिसँग सम्बन्ध राख्ने गर्दछ । राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउन, त्यसलाई समृद्ध वनाउन, लोक कल्याणको लागि कर शूल्क जस्ता विषयहरु पर्दछ ।

ग (<u>प्रह्लाद राय लखौटिया विरुद्ध श्री ५ को सरकार अर्थ मन्त्रालय समेत</u>[६]

यसमा रिटनिवेदक अशोक टेक्सटाइल प्रा.लि. ले सिंगापुरबाट आयात गरेको डेकाडाइजिंग रेपर क्लेध यस उद्योगको मेशिनरी स्पेयर पार्टस भनी उद्योग विभागबाट सिफारिश हुँदा हुँदै पनि औद्योगिक व्यवसाय ऐन, २०३८ दफा १०)ङ)(३(अनुसार ५ प्रतिशतसम्म भन्सार महसूल लिनु पर्नेमा सो भन्दा बढी लिने गरेको भन्सार कार्यालय, विराटनगर समेतको निर्णय

[६] ने.का.प. २०४९ निर्णय नं. ४६६२, अंक ११, पृष्ट ९८५

त्रुटिपूर्ण हुँदा उक्त कार्यालयको २०४५।६।४ गतेको निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी बढी असूल गरेको भन्सार महसूल र अतिरिक्त भन्सार रकम र बिक्रीकर समेत निवेदकलाई फिर्ता दिनु भनी प्रत्यर्थीहरुका नाममा परमादेशको आदेश समेत जारी गरी पाउँ भन्ने रिट निवेदनको मूल जिकीर रहेको पाइन्छ ।

भन्सार कार्यालयले निर्धारण गरेको भन्सार तथा बिक्रीकर रकममा समेत निवेदकलाई चित्त नबुझेको भए भन्सार ऐन, २०१९ को दफा ३७ मा व्यवस्था भए अनुरुप राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन पाउने कानुनी व्यवस्था रहे भएको पाइन्छ । सो अनुसारको पुनरावेदनको साधारण बाटो अवलम्बन नगरी निवेदक यस अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरेको पाइन्छ । पुनरावेदनको व्यवस्था भएकोमा पुनरावेदनबाट हेरिनु पर्ने हुन्छ । पुनरावेदन तहबाट हेरिंदा सबै प्रमाण र कानुनको मूल्याङ्कन हुन्छ । यस सम्बन्धमा यस सर्वोच्च अदालत पूर्णइजलासबाट २०४६ सालको रि.पु.ई.नं. ६७ निवेदक अर्थ मन्त्रालय भन्सार विभाग समेत विरुद्ध राम रिछपाल अग्रवाल भएको परमादेश विषयमा रिट निवेदकले भन्सार कार्यालयको निर्णय उपर राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न जानु पर्नेमा सोझै असाधारण उपचारको क्षेत्रमा प्रवेश गरेको उपयुक्त नदेखिँदा प्रस्तुत रिटनिवेदनपत्र खारेज हुने ठहर्छ, भनी मिति २०४९।८।९।३ मा सिद्धान्त समेत प्रतिपादन भएको छ । अन्य निकायबाट कानुनी उपचार प्राप्त गर्न सक्ने अवस्था हुँदा हुँदै रिट क्षेत्रबाट निवेदकलाई उपचार दिइएमा पुनरावेदन गर्ने कानुनी व्यवस्था प्रभावहीन हुन जाने समेत देखिएको अवस्थामा यस अदालतले असाधारण क्षेत्राधिकार प्रयोग गर्न न्याय तथा कानुन दुवै दृष्टिकोणले मिल्ने देखिएन । निवेदकको माग बमोजिमको आदेश जारी गरी रहन पर्ने स्थिति नहुँदा रिटनिवेदनपत्र खारेज हुने भनी प्रस्तुत मुद्दामा क्षेत्राधिकारको प्रश्नमा व्यख्या गरि सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

<u>फैसलाको विष्लेशण</u>ः-

औधोगिक व्यवसाय ऐन २०२८ को दफा १०(ङ) ३ अनुसार छ प्रतिशत भन्सार लिनूपर्नेम सो भन्दा वढी भन्सार लिने गरेको निर्णय नै विवादको मुल विषय रहेको । औधोगिक व्यवसाय ऐन वमोजिम भन्दा वढी भन्सार महशुल लिएको र अतिरिक्त भन्सार रकम विक्री कर समेत फिर्ता पाँऊ भन्ने निवेदको जिकीर छ ।

भन्सार कार्यालयको निर्णय उपर चित्त नवुझेको भए भन्सार ऐन २०१९ को दफा ३७ मा व्यवस्था भए अनुरुप राजश्व न्यायाधिकरणमा पुनरावलोकन दिन पाउने कानूनी व्यवस्था

रहेकोमा निवेदकले साधारण वाटो हुदहुदै निवेदक यस अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको हुँदा रिट खारेज भागी छ ।

प्रस्तुत मुद्दाको फैसलामा भन्सार कार्यालयले निर्धारण गरेको भन्सार तथा विक्रिका रकममा समेत निवेदकलाई चित्त नवुझेको भन्सार ऐन २०१९ को दफा ३७ मा व्यवस्था भए वमोजिम राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन पाउने कानूनी व्यवस्था रहे भएको हुदा सो अनुसारको साधारण बाटो अवलम्वन नगरी निवेदकले अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरेको पाइन्छ जुन कुरा अदालतको असाधारण अधिकार क्षेत्रको सिद्धान्त समेतको प्रतिकूल रहन्छ। पुनरावेदनको व्यवस्था भएकोमा पुनरावेदनबाटै विवादको निरुपण गरिनुपर्दछ ।

वास्तवमा पुनरावेदन तहबाट हेरिदा सवै कानून र प्रमाणको मूल्याङ्न हुन्छ । यस सन्दर्भमा अर्थ मन्त्रालय भन्सार विभाग विरुद्ध रामछिपाल अग्रवाल समेत भएको मुद्दामा भन्सार कार्यालयको निर्णय उपर राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न जानु पर्नेमा सोझै असाधारण उपचारको क्षेत्रमा प्रवेश गरेको उपयुक्त नदेखिने भनि सिद्धान्त समेत प्रतिपादन भएको देखिन्छ । यसबाट वैकल्पीक बाटो हुदा हुदै असाधारण अधिकार क्षेत्रमा प्रवेश गरी उपचार पाउन नसक्ने सिद्धान्त प्रतिपादन भएको छ । हालको भन्सार ऐन २०६४ को दफा ६१ मा समेत भन्सार कार्यालयले गरेको निर्णय उपर राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

<u>घ (सत्यनारायण तोदी विरुद्ध विराटनगर भन्सार कार्यालय समेतः-[८७]</u>

यसमा वाणिज्य विभागबाट आयात इजाजतपत्र प्राप्त गरी चीनबाट प्रति ग्रुस रु. १०.१४ यु.एस. डलरका दरले १११० ग्रुस पेन्सिल सार्पनर आयात गरी प्रत्यर्थी विराटनगर भन्सार कार्यालयमा आई पुग्दा भन्सार प्रयोजनको लागि उक्त वस्तुको मूल्य निर्धारण नभइसकेको माल धनीले पेश गरेको बील बमोजिमको मूल्यलाई नै कायम गरी भन्सार असूल गर्नु पर्नेमा सो नगरी उक्त वस्तुको प्रति ग्रुस १५.३० यु.एस.डलर सि.आई.एफ. कलकत्ता मूल्य कायम गरी सोको हुने रु.३,६१,७३७।९० र भाडा भरौट रु. २,८७३।१० समेत जम्मा रु. ३,६४,६११।– कायम गरी सो मा ६ प्रतिशतले भन्सार महसूल रु. १८,२३०।५० लगाउनुका साथै सजाय स्वरुप शतप्रतिशत अतिरिक्त थप भन्सार महसूल र इन्भ्वाइस मूल्य

---

[७] ने.का.प. २०४७, निर्णय नं. ४६६८, अंक २

तथा कायम भएको मूल्य तथा कायम भएको मूल्यको फरक रकम रु. १,१२,९९४।१० मा प्रिमियम दस्तूर ५ प्रतिशतले रु. ५,६४९।७१ समेत र सोही बढी मूल्यमा बिक्रीकर पनि असूल गरिएकोले उक्त काम कारवाही बदर गरी पाउँ भन्ने मुख्य जिकिर रहेको पाइन्छ । निवेदकले आयात गरेको पेन्सील सार्पनर विराटनगर भन्सार कार्यालयमा आइपुग्दाको अवस्थामा उक्त वस्तुको भन्सार महसूलको तात्पर्यको लागि श्री ५ को सरकारबाट मूल्य निर्धारण भइसकेको देखिँदैन । यसरी मूल्य निर्धारण नभइसकेको अवस्थामा माल धनीले पेश गरेको बील बमोजिमको मूल्यलाई नै मान्यता दिनुपर्छ भन्ने निवेदकको दावी रहेको छ । तसर्थ प्रस्तुत केशको सन्दर्भमा मूल्य निर्धारण भइनसकेको वस्तुमा माल धनीले पेश गरेको बील मूल्यलाई नै अन्तिम रुपमा मान्यता दिनुपर्ने हो वा नेपाल सरकारले मूल्य कायम गर्न सक्ने हो भन्ने कुरा विचारणीय हुन आएको छ । तत्सम्बन्धी कानुनी प्रावधानलाई हेर्दा भन्सार ऐन (संशोधन सहित), २०१९ को दफा १३(२) मा श्री ५ को सरकारबाट मूल्य निर्धारण नगरिएको माल वा वस्तुको हकमा साधारणतः माल वा वस्तुको धनीले दाखिल गरेको बील बमोजिमको मूल्यलाई नै त्यस्तो माल वा वस्तुको मूल्य मानिनेछ भन्ने उल्लेख भएको पाइन्छ । सोही ऐनको दफा १३ को उपदफा (३) मा श्री ५ को सरकाबाट मूल्य निर्धारण नगरिएको माल वा वस्तुको बील माल वा वस्तु धनीले दाखिल गर्न नसकेमा वा दाखिल भएको बील भन्सार अधिकृतलाई चित्त नबुझेमा निजले त्यस्तो माल वा वस्तुको मूल्य निर्धारण गरी भन्सार महसूल लिएको भन्सार अड्डामा रहेको अभिलेख (रेकर्ड) मा भए सोही बमोजिम मूल्य निर्धारण गर्न सक्नेछ भन्ने व्यवस्था भएको पाइन्छ साथै उक्त ऐनको दफा १३(५) ले उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पच्चीस हजार रुपैयाँ भन्दा बढीको माल वा वस्तुको मूल्य निर्धारण गर्नु परेमा भन्सार अधिकृतले आफूलाई लागेको अनुमानित मूल्य समेत उल्लेख गरी मूल्य निर्धारणको लागि श्री ५ को सरकार समक्ष पठाउनु पर्नेछ र यस सम्बन्धमा श्री ५ को सरकारबाट मूल्य निर्धारण हुनेछ भन्ने प्रावधान रहेको पाइन्छ ।

यस प्रकार उल्लेखित कानुनी प्रावधानबाट निवेदन जिकिर बमोजिम भन्सार महसूलको प्रयोजनको लागि नेपाल सरकारबाट मूल्य निर्धारण नगरिएको माल वा वस्तुको हकमा त्यस्तो माल वा वस्तुको धनीले पेश गरेको बील बमोजिमको मूल्यलाई नै सबै अवस्थामा मान्यता दिनै पर्दछ भन्न मिल्ने देखिएन । माल वा वस्तुको धनीले पेश गरेको बील बमोजिमको मूल्यमा मान्यता नदिई त्यस्तो माल वा वस्तुको मूल्य निर्धारण गरी भन्सार महसूल लिएको अभिलेख कार्यालयमा भएमा सो बमोजिम मूल्य निर्धारण गर्ने र त्यस्तो पूर्व

अभिलेख पनि नभएको स्थितिमा मूल्य निर्धारणको लागि नेपाल सरकारमा पठाई नेपाल सरकारबाट सो वस्तुमा मूल्य निर्धारण हुन सक्ने देखियो ।

अब निवेदकको माल वा वस्तुको हकमा श्री ५ को सरकारबाट मूल्य निर्धारण गरियो गरिएन भन्ने तर्फ हेर्दा निवेदकले आयात गरेको वस्तु पेन्सील सार्पनरको प्रति ग्रुस १०.१४ यु.एस. डलरका दरले मूल्य परेको भनी प्रज्ञापनपत्र दाखिल गरेको पाइन्छ । उक्त वस्तु पैठारी हुँदाको अवस्थामा भन्सार महसूलको तात्पर्यका लागि श्री ५ को सरकारबाट मूल्य निर्धारण नभएकोले निवेदक स्वयंले पैठारी गरेको माल वस्तुको मूल्यांकन गरी पाउन निवेदन दिएको भन्ने देखिन्छ । श्री ५ को सरकार अर्थ मन्त्रालयको मिति २०३२।३।२ को राजपत्रमा प्रकाशित सूचनाले श्री ५ को सरकारमा निहित मूल्य निर्धारण सम्बन्धी सबै अधिकार भन्सार विभागको महानिर्देशकलाई सुम्पेको भन्ने देखिन्छ । श्री ५ को सरकार भन्सार विभागको मिति २०४४।१।१७ को निर्णयानुसार निवेदकको इन्भ्वाइसलाई मान्यता प्रदान नगरी प्रति ग्रुस १५.३० यु.एस.डलर सि.आई.एफ. कलकत्ता मूल्य कायम गरिएको भन्ने प्रत्यर्थी विराटनगर भन्सार कार्यालयको लिखितजवाफबाट देखिएको छ । भन्सार ऐन (संशोधन सहित), २०१९ को दफा १३क. उपदफा (१) को खण्ड (ग) मा बीस प्रतिशत भन्दा बढी न्यून बिजकीकरण गरिएकोमा माल वा वस्तुमा लाग्ने भन्सार महसूलको अतिरिक्त शतप्रतिशत महसूल लिई माल वस्तु छाडी दिन सक्नेछ भन्ने व्यवस्था भएको पाइन्छ निवेदकले आयातित वस्तुको प्रति ग्रुस १०.१४ यु.एस. डलर मूल्य पर्ने भनी प्रज्ञापनपत्रमा देखाएको भए पनि श्री ५ को सरकार भन्सार विभागको मिति २०४४।१।१७ को निर्णयद्वारा उक्त मूल्यलाई मान्यता नदिई प्रति ग्रुस १५.३० यु.एस. डलर मूल्य निर्धारण गरिएको देखिन्छ । यसरी श्री ५ को सरकार भन्सार विभागद्वारा निर्धारित मूल्य भन्दा निवेदकले इन्भ्वाइसमा उल्लेख गरेको मूल्य घटी देखिन आएकोले न्यूनबिजकीकरण भएको आधारमा थप भन्सार महसूल लगाइएको कार्य ऐनको दफा १३क. उपदफा (१) को खण्ड (ग) को प्रतिकूल भएको भन्न मिल्ने अवस्था रहेन । यसप्रकार ऐनद्वारा प्रदत्त अधिकार बमोजिम श्री ५ को सरकार भन्सार विभागको निर्णयानुसार निर्धारित मूल्य बमोजिम आयातित वस्तुको मूल्य कायम गरी विराटनगर भन्सार कार्यालयबाट भन्सार महसूल असूल गरेको देखिँदा कानुन बर्खिलाप भएको भन्न मिलेन । तसर्थ यसमा निवेदकका माग बमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिटनिवेदन खारेज हुने ठहर्छ भनी प्रस्तुत मुद्दामा सर्वोच्च अदालतबाट व्याख्या भएको पाईन्छ।

फैसलाको विश्लेषणः-

मुख्य विवादको विषय माल धनीले पेश गरेको वील वमोजिमको मूल्यलाई नै कायम गरी भन्सार असूल गर्नु पर्नेमा सो नगरी वढी मूल्यमा भन्सार महसुल लगाएको भन्ने मुद्दाको मुल विवाद रहेको देखिन्छ भन्ने माल धनीले आफुले पेश गरे वमोजिमको वीलको मूल्य वमोजिम नै भन्सार महसुल उसुल गरिपाउँ भन्ने देखि रहेको छ । अव प्रस्तुत मुद्दाको फैसला तर्फ हेर्दा निवेदकले आयत गरेको पेन्सील सार्पनर विराटनगर भन्सार कार्यालयमा आइपुग्दाको अवस्थामा श्री ५ को सरकारबाट मूल्य निर्धारण भै सकेको देखिदैन । यसमा यसरी मूल्य निर्धारण भै सकेको वस्तुमा माल धनीले पेश गरेको वील मूल्यलाई नै अन्तिम मान्यता दिनुपर्ने हो वा श्री ५ को सरकारले मूल्य कायम गर्नृ सक्ने हो भन्ने विषयमा निर्णय दिनु पर्ने अवस्था देखिन्छ। तत् सम्बन्धी कानूनी व्यवस्था हेर्दा २५ हजारभन्दा वढीको माल वा वस्तुको मूल्य निर्धारण गर्नु परेमा भन्सार अधिकृतले आफुलाई लागेको अनुमानित मूल्य समेत उल्लेख गरी मूल्य निर्धारणको लागि श्री ५ को सरकार समक्ष पठाउनू पर्ने छ र यस सम्बन्धमा श्री ५ को सरकार बाटै मूल्य निर्धारण हुनेछ । श्री ५ को सरकार अर्थमन्त्रालयको मिति २०३२/०३/०२ को राजपत्रमा प्रकाशित सूचनाले श्री ५ को सरकारमा निहित मूल्य निर्धारण सम्बन्धी सवै अधिकार भन्सार विभागको महानिर्देशकलाई सुम्पेको देखिन्छ । यस प्रकार उक्त प्रत्यायोजित अधिकार वमोजिम भन्सार विभागको निर्णय अनुसार निर्धारित मूल्य वमोजिम आयातित वस्तुको मूल्य कायम गरी भन्सार महसुल असुल गरेको देखिदा कानून वर्खिलाप भएको भन्न मिलेन भन्ने सिद्धान्त प्रतिपादन भएको छ।

ङ.(पशुपति सोप ईण्डष्ट्रिज)प्रा.लि(को तर्फबाट ऐ.का अधिकार प्राप्त संचालक शंकरलाल विरुद्ध विराटनगर भन्सार कार्यालय, विराटनगर समेतः[८]-

यसमा मलेसियाबाट झिकाइएको औद्योगिक कच्चा पदार्थ आर.वि.डी, पाम स्टेरिन २०४५।२।१३ मा विराटनगर भन्सार कार्यालयमा आउँदा भन्सार दरबन्दीको संकेत नं. १५.०७ (ङ) लगाई सो दरबन्दी अनुसार मालको मूल्यमा १० प्रतिशतले भन्सार महसूल असूल गरिसकेकोमा त्यसको करीब ८ महीना पछि म.ले.प. डोर विराटनगरको लेखौटको आधार लिई उक्त प्रज्ञापनपत्रको सन्दर्भमा भन्सार दरबन्दीको संकेत नं. १५.०७(ज) लाग्नु पर्ने म.ले.प. बाट लेखी आएकोले २५ प्रतिशतले हुने भन्सार महसूलको अंकमा असूल भएको रकम कटाई नपुग रकम बेरुजु हुँदा दाखिल गर्न ल्याउनु भनी पत्र पठाइएकोले

[८] ने.का.प. २०४६ निर्णय नं. ३९८९, अंक पृष्ट ११२६

उक्त कारवाही बदर गरिपाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको पाइन्छ । रिट निवेदकबाट २०४५।२।१३ मा भन्सार महसूल लिंदा संकेत नं. १५.०७(ड) अन्तर्गतको सामान भनी १० प्रतिशतले भन्सार महसूल निर्धारण गरी लिएको देखिन्छ । पछि मिति २०४५।१०।३ मा थप भन्सार महसूल माग गर्दा भन्सार दरबन्दी संकेत नं. १५.०७(ज) अन्तर्गत २५ प्रतिशत लाग्नु पर्ने भनी विराटनगर भन्सार कार्यालयबाट लेखी पठाएको देखिन्छ । उक्त भन्सार दरबन्दीको संकेत नं. १५.०७(ज)मा खजूरको तेल भन्ने लेखिएको पाइन्छ भनी रिट निवेदकले आयात गरेको वस्तुमा आर.वि.डी. पाम स्टेरीन औद्योगिक कच्चा पदार्थ (नन एडिवल) भन्ने देखिन्छ । प्रत्यर्थी भन्सार कार्यालयको लिखितजवाफबाट रिट निवेदकले आयात गरेको बस्तु खजूरको तेल नै हो भनी यकीन भन्न सकेको पनि देखिँदैन । महालेखा परीक्षकको बेरुजूको सन्दर्भमा लेखिएको भन्ने उक्त मिति २०४५।१०।३ को पत्रबाट खजूरको तेल भन्ने देखिन्छ । महालेखा परीक्षक डोर विराटनगरबाट लेखेको पत्रमा पनि उक्त आयातित माल बस्तु खजुरको तेल भनी किटान गरेको पाइएन । उक्त पत्रमा संकेत नं. १५.०७ अन्तर्गत आयात इजाजतपत्र पाएको भन्नेसम्म लेखिएको पाइन्छ । सो संकेत नं. १५.०७ मा देहायका सामानहरुमा १० प्रतिशत तथा २५ प्रतिशत भन्सार महसूल लाग्ने भनी (क) देखि (ड) सम्म विभिन्न माल वस्तुहरु तोकिदिएको पाइन्छ । त्यस मध्ये निवेदकले आयात गरेको बस्तु कुन आइटम अन्तर्गत पर्ने भएकोले २५ प्रतिशत भन्सार महसूल लाग्ने हो खुलाउन सकेको पाइँदैन । यस्तो अवस्थामा एकपटक एउटा संकेत नम्बर अन्तर्गतको बस्तु भनी भन्सार महसूल असूल गरी माल छाडी सकेकोमा पुनः अर्को संकेत नम्बर अन्तर्गतको मालवस्तु भनी स्पष्ट आधार नदेखाई थप भन्सार महसूल असूल गर्न पाउने अख्तियार भन्सार ऐनले दिएको मान्न मिलेन । तसर्थ रिट निवेदकसंग थप भन्सार महसूल माग गरेको कार्य त्रुटिपूर्ण देखिन आएकोले प्रत्यर्थी भन्सार कार्यालय विराटनगरको थप रकम बुझाउन भनी लेखिएको मिति २०४५।१०।३ को पत्र तथा तत्सम्बन्धी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ भनी सर्वोच्च अदालतबाट व्याख्या भएको छ ।

फैसलाको विश्लेषणः-

मलेसियाबाट झिकाइएको औधोगिक कच्चा पदार्थ आ.वि.डी. याप स्टेरिन २०४५।०२।१३ मा विराटनगर भन्सार कार्यालयमा आउँदा भन्सार दरवन्दीको संकेत नं. १५.०७(ड) लगाई सो दरवन्दी अनुसार भन्सारको मूल्य १० प्रतिशत महसुल असूल गरिएकोमा त्यसको ८ महिना पछि थप भन्सार महसुल माग गर्दा भन्सार दरवन्दी संकेत नं.

१५.०७(ज) अन्तर्गत २५ प्रतिशत लाग्नु पर्ने भनी लेखिआएको छ । रिट निवेदकले आयत गरेको वस्तु कुन आइटम अन्तर्गत पर्ने भएकोले २५ प्रतिशत भन्सार महसुल लाग्ने हो खुलाउन सकेको पाइदैन । यस्तो अवस्थामा एकपटक एउटा संकेत नं. अन्तर्गतको वस्तु भनी महसुल असूल गरी छाडी सकेकोमा पुन अर्को संकेत नं. अन्तर्गतको भन्सार महसुल असूल गर्न पाउने अख्तियार भन्सार ऐनले दिएको भन्न मिलेन भनि कानूनी सिद्धान्त प्रतिपादन भएको छ।

निष्कर्ष

उल्लेखित भन्सार महसुल निर्धारणसँग सम्बन्धीत कानूनी व्यवस्था र त्यससँग सम्बन्धित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तले भन्सार महसुल निर्धारणको मूख्य आधार निकाशी पैठारी गरीने माल वस्तुको मूल्यलाई नै वनाएको देखिन्छ भन्ने निकाशी पैठारी गरीने माल वस्तुको वास्तविक कारोवार मूल्यको आधारमा नै भन्सार महसुल निर्धारण गरिने हुँदा त्यस्तो कारोवार मूल्य प्रमाणित गर्ने हुने विल विजक अन्य कागजातको सत्यता प्रमाणित गर्ने जिम्मेवारी माल धनिको हुने र सो कागज माग गर्ने, परिक्षण गर्ने, सो सम्बन्धमा निर्णय गर्ने भन्सार अधिकृतको कर्तव्य र दायित्व समेतको निर्धारण गरेको देखिन्छ । प्राकृतिक न्यायको सिद्धान्तलाई समेत अदालतले स्वीकार गरेको देखिन्छ भन्ने भन्सार ऐनमा निदिष्ट गरेका कानूनी प्रावधानहरुलाई अदालतको स्वीकार गरी कानूनी व्याख्या गरी सिद्धान्त समेत प्रतिपादन भएको अवस्था छ । भन्सार छुट, शुल्क महसुलका सम्बन्धमा अदालतबाट प्रष्टताका साथ व्याख्या आएको छ भन्ने भन्सार अधिकृतले निर्धारण गरेको भन्सार महसुलमा चित्त नबुझेको अवस्थामा पुनरावेदन गर्ने सम्बन्धमा पनि अदालतले व्याख्या गरी निष्कर्ष निकाली दिएको छ । यसबाट भन्सार महसुल निर्धारणका सम्बन्धमा सर्वोच्च अदालतबाट भएको व्याख्या तथा प्रतिपादन भएका सिद्धान्तले भन्सार महसुल निर्धारण गर्ने असुल गर्ने सम्बन्धमा मार्ग निर्देशन गरि एकरुपता कायम भएको अवस्था छ भने यस सम्बन्धमा देखापरेका समस्या तथा द्विविधाहरु समेतको हल भै न्यायिक मूल्यको अभिवृद्धी भएको अवस्था रहेको छ।

g]kfndf s/ k|zf;gM sfg"g / Jojxf/

अच्यूतमणी नेउपाने◊

१. विषय प्रवेश

राज्यको उत्पत्ति र कर संकलनको कार्य सँगसँगै सुरु भएको मानिन्छ। सामाजिक संझौता मार्फत राज्यको उत्पत्ति भएको र त्यतर्ि बेलादेखि राज्य संचालनको अनिवार्य शर्तको रुपमा कर संकलन रहेको पाईन्छ। कर राजस्व भनेको राज्यको प्राण हो, जसको संकलन विना राज्य संचालनको परिकल्पना गर्न सकिन्न। राज्य छ त कर छ। जनतावाट सुभेच्छा सहितको मत प्राप्त गरेर राज्य सञ्चालनको जिम्मा पाएका पदाधिकारीहरु विशेषत राजनैतिक नेतृत्वले राज्य संचालनका लागि तिनै जनतालाई कर लगाउँछन, चाहेर नचाहेर।

राज्य सञ्चालनको अनिवार्य शर्तको रुपमा रहेर पनि कर सम्बन्धी कानूनको परिपालना गर्न सरकारमा रहने व्यक्ति वा कर तिर्नुपर्ने जनता दुवै पक्षले मन गहुँगो वनाउने गर्दछन। फलत जनसंख्याको थोरै हिस्सा मात्र करको दायरामा आएको हुन्छ भने कारोवारको हिस्सा पनि त्यस्तै मात्रामा मात्र समेटिएको हुने गर्दछ।

राज्यले उठाउने शुल्क वा करहरुको उपयोगको स्थिती व्यवहारमा जे जस्तो रहे पनि सैद्धान्तिकरुपमा जनहितको लागि नै राज्यबाट शुल्क वा कर लगाइएको होला भनी स्वभाविकरुपमा अनुमान गर्नुपर्ने हुन्छ। राज्यका विभिन्न अन्तर्निहित अधिकारहरुमध्ये कर लगाउन पाउने अधिकार एक महत्वपूर्ण अधिकार हो।[1] राज्य सञ्चालनका लागि सरकारले कानून वमोजिम परिभाषित गरी आवश्यक रकम संकलन गर्दछ। राज्य सञ्चालनका लागि अनिवार्य भएता पनि कर संकलनका कारणले राज्यमा कुनै पनि किसिमको नकारात्मकता सिर्जना नहोस भनेर कर प्रशासन सधैं चनाखो भइरहन्छ। प्रतिष्पर्धात्मक बजारको विकास होस र नियमानुसारको कर करदाताले स्वयं गणना गरी वुझाउन् भनेर नेपाल सरकारले स्वयं कर निर्धारण प्रणाली अवलम्बन गरेको छ। कर प्रशासनले सकेसम्म करदाताहरुलाई करदाता शिक्षाको माध्यमद्धारा कर प्रणालीका बारेमा सूसुचित गरोस र करदाताहरुले कर कानूनको अक्षरश पालना गरुन भन्ने उद्देश्य नेपाल सरकारले लिएको देखिन्छ।

◊ सहन्यायाधिवःक्ता

"**भर्डिक्ट**" पत्रिका अंक १०, बर्ष २ मा समेत प्रकाशित भएको।

[1] कमलेश द्विवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत, *मुद्धाः उत्प्रेषण समेत,* (२०६७) रिट ०६५-WS-००१९, नि. नं. ८४५२

तर, कर आफैमा करदाताका लागि त्यत्ति रुचि र कर्णप्रिय शव्द नभएर हो कि सकेसम्म सम्भावित करदाताहरु कर प्रणालीमा आवद्ध हुन, सहभागिता जनाउन चाहेको देखिदैन। दर्ता भएर पनि सवै करदाताहरुले कानूनको पालना अक्षरशः गर्दैनन, गर्दै आएका छैनन। यहि सेरोफेरोमा रहेर यो लेख तयार पारिएको छ।

२. वर्तमान अवस्था

नेपालमा कर प्रणाली व्यवस्थित गर्ने प्रयासको थालनी भएको ६ दशक भईसकेको छ भने स्वयंकर निर्धारण सिद्वान्तमा आधारित आधुनिक कर प्रणालीको प्रारम्भ भएको करिव दुई दशक भन्दा बढी भइसकेको छ। मुलुकमा समृद्वि र सुशासन कायम गर्ने उद्देश्यले कर प्रणालीमा समयानुकूल सुधार ल्याई विभिन्न नीतिगत, प्रकृयागत, संरचनागत र व्यवस्थापकीय एवं व्यवहारगत सुधारका प्रयासहरु गरिंदै आइरहेको छ। कानूनी पूर्वाधारका रुपमा आर्थिक ऐन, मूल्य अभिवृद्वि कर ऐन,२०५२, आयकर ऐन,२०५८, अन्तःशुल्क ऐन,२०५८, मदिरा ऐन, २०३१ र ती ऐन अन्तर्गत नियमावली कार्यान्वयनमा रहेका छन।

नेपालमा २०५८ सालमा आयकरको आधुनिक कानूनी संरचना र प्रणाली स्थापना भएको हो। आयकर प्रणालीलाई विश्वव्यापी रुपमा प्रतिस्पर्धी र तुलनायोग्य बनाउन, कराधारलाई फराकिलो र दीगो बनाउन विगतका असल अभ्यास र कानूनी प्रबन्धलाई व्यवस्थित गर्दै २०५८ साल चैत्र १८ गते आयकर ऐन लागू गरिएको थियो। यस ऐनले आय आर्जन गर्ने जुनसुकै व्यक्ति वा निकायलाई पनि करको दायरमा ल्याउने, व्यवसाय, रोजगारी र लगानीका क्षेत्रमा करारोपण गर्ने तथा स्वयं कर निर्धारण प्रणालीमा आधारित कर लगाउने कानूनी व्यवस्था गरेको छ। आयकर तर्फ आधुनिक संरचना र प्रणाली स्थापीत गरी हाल सम्म ई-फाइलिंग, ई-टि.डि.एस., ई-पान र ई -पेमेन्ट सम्मका सुधार गर्दै डिजिटल प्रणालीमा आधारित बनाउने कार्य अगाडी बढेका छन्।[२]

देशको आर्थिक बिकासको लागि आवश्यक राजस्व संकलन गर्ने प्रकृयालाई प्रभावकारी बनाई राजस्व परिचालन बढाउन बस्तु वा सेवाको बिक्री, वितरण, हस्तान्तरण, आयात वा निर्यात लगायतका सबै कारोवारमा मूल्य अभिव्रिद्धी कर लगाउने र असूल उपर गर्ने प्रकृयालाई व्यवस्थित गरी राजस्व संकलन प्रभावकारी ढंगबाट गर्ने उद्देश्य राखी मूल्य अभिवृद्वि कर ऐनको तर्जुमा गरिएको देखिन्छ।[३] वस्तु तथा सेवामा लाग्ने विभिन्न करहरु

---

[२] वार्षिक प्रतिवेदन, २०७४/०७५, आन्तरिक राजस्व विभाग।

[३] थानेश्वर काफ्ले वि. नेपाल सरकार, *मुद्धाः उत्प्रेषण मिश्रित परमादेश,* (२०५६) रिट २६२३, नि. नं. ६६६६.

जस्तैः बिक्री कर, होटल कर, मनोरञ्जन करलाई प्रतिस्थापन गर्दै लेखामा आधारित अत्याधुनिक, लचिलो र पारदर्शी करको रुपमा मूल्य अभिवृद्धि कर लागू भएको दुई दशक पनि पुरा भैसकेको छ। यो कर मूल्य अभिवृद्धि कर ऐन, २०५२ जारी भई २०५४ साल मार्ग १ गतेदेखि कार्यान्वयनमा आएको हो। यसको कार्यान्वयन पश्चात नेपालमा आन्तरिक राजस्वको दायरा फराकिलो भएको र कर संरचनामा उल्लेखनीय वृद्धि समेत भएको छ। बजारमा बिल बीजक जारी गर्ने प्रवृत्तिमा अझै सुधारको अपेक्षा गरिएता पनि कारोवारको पारदर्शिता र लेखांकनमा सुधार भईरहेको छ।

त्यसैगरी, अन्तःशुल्क समेत आन्तरिक राजस्व विभागको नियमनमा भौतिक नियन्त्रण प्रणाली तथा स्वयंम् निष्कासन प्रणालीमा आधारित भई प्रशासन हुँदै आएको छ। एकातर्फ स्वास्थ्य, वातावरण र सामाजिक रुपमा असर पार्ने निश्चित प्रकृतिका वस्तुमा उच्च अन्तःशुल्कको दर लगाई नियन्त्रण गर्ने नीति रहेको छ भने अर्कोतर्फ नेपाल विश्व व्यापार संगठनको सदस्य भए पश्चात भन्सारको प्रतिस्थापनको रुपमा प्रमुख राजस्वको स्रोतका रुपमा यसको दायरा बढाउंदै लगिएको अवस्था छ। अन्तःशुल्क समेत आन्तरिक राजस्व परिचालन र प्रतिस्थापन गरी २०५८ सालमा अन्तःशुल्क आधुनिक र व्यवहारिक बनाउन पुरानो ऐनलाई परिमार्जन र प्रतिस्थापन गरी २०५८ सालमा अन्तःशुल्क ऐन जारी भयो। हाल कार्यमूलक व्यवस्था अनुसार यसको प्रशासन हुँदै आएको छ।

वि.सं. २००८ सालमा अर्थ मन्त्रालयको स्थापना भएपछि नेपालमा आधुनिक राजस्व प्रशासनको प्रारम्भ भयो। त्यसपूर्व केबल मालपोत र देश बाहिर गरिने व्यापारमा मात्र कर लगाइन्थ्यो। शुरुमा बिक्री कर, सम्पत्ति कर लगायतका स-साना कर लगाउने व्यवस्था भएता पनि २०१५/०१६ मा आइपुग्दा आयात निर्यात कर, बन्द व्यापारमा बिक्रीकर र पारिश्रमिकमा लगाउने कर राजस्वका प्रमुख स्रोत थिए। यसै सिलसिलामा वि.सं. २०१५ मा अन्तःशुल्क ऐन, वि.सं. २०१६ को मनोरञ्जन कर ऐन, २०१७ को ज्याला पारिश्रमिक कर ऐन, २०१९ सालको आयकर ऐन तथा भन्सार ऐन, २०३१ सालको आयकर ऐन तथा मदिरा ऐन र २०३३ सालको बिक्रीकर ऐन जारी भई कर प्रशासनमा सुधारका मार्ग अघि बढ्दै आएका थिए। कर प्रणालीको सुधार कार्यले अनवरत रुपमा गतिशीलता लिने क्रममा सन् १९९० को दशकमा आर्थिक उदारीकरणसँगै मूल्य अभिवृद्धी कर ऐन, २०५२ जारी भयो। २०५८ साल चैत्र १८ मा जारी भएको आयकर ऐन, २०५८ ले आधुनिक कर प्रणालीको मार्ग खुला गरेको पाइन्छ। वर्तमान अवस्थाः

आर्थिक वर्ष २०७४/०७५ को प्रगति (रु लाखमा):	
राजस्व लक्ष्यः	२९९९१३७
राजस्व असुलीः	२९८७३३५
अघिल्लो आर्थिक वर्षको तुलनामा वृद्धि प्रतिशतः	१४.४३
व्यवसायिक स्थायी लेखा नं. लिने करदाताः	१०३८२६६
व्यक्तिगत स्थायी लेखा नं. लिने करदाताः	७६६६४६
करको दायरामा रहेको जम्मा करदाताः	१८०४९१२
मूल्य अभिबृद्धि करमा दर्ता रहेका करदाताः	१९४५४७
अन्तःशुल्क इजाजत लिएका करदाताः	६५५११
आय विवरण बुझाउने करदाताको संख्या(प्रतिशतः)	५१.६
आय विवरणा नबुझाउने करदाताको संख्या(प्रतिशतः)	४८.४
मूल्य अभिबृद्धि कर बुझाउने करदाताको संख्या(प्रतिशतः)	७१.३
मूल्य अभिद्वदि कर नबुझाउने करदाताको संख्या (प्रतिशतः)	२८.७
मू.अ.करको डेविट विवरण (प्रतिशत)	१५.९
मू.अ.करको क्रेडिट विवरण (प्रतिशत)	५२.६
मू.अ.करको शून्य विवरण (प्रतिशत)	३१.५

(श्रोतः आन्तरिक राजस्व विभाग)

आर्थिक ऐन वा सम्बन्धित ऐनमा नै संशोधन गरेर वाहेक अन्य कुनै पनि ऐनले आय कर, मूल्य अभिवृद्धि कर र अन्तः शुल्क ऐनमा संशोधन, परिवर्तन गर्न नसक्ने विशेष व्यवस्था रहेको छ। कानून बमोजिम कर निर्धारण गर्दा प्रमाणको भार पुर्याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुने, निजलाई सम्बन्धित करदाता बुझ्न सक्ने अदालतलाई भए सरहको अधिकार, अनुसन्धान गर्दा प्रहरीलाई भए सरहको अधिकार कानूनत छ। त्यस्तै, यि ऐन

अन्तर्गतका कसूर नेपाल सरकार वादी हुने, कानूनी व्यवस्था उल्लंघन गरेमा जरिवाना वा कैद वा दुबै सजाय हुने, आय आर्जन हुने व्यक्तिले करमा दर्ता हुनु पर्ने, स्थाइ लेखा नम्बर लिनुपर्ने, आय विवरण पेश गर्नु पर्ने, अन्तः शुल्क इजाजत नलिई कारोवार गर्न नपाउने, कर निर्धारण गर्ने लगायतका थुप्रै व्यवस्थाहरु सम्बन्धित कानूनमा रहेका छन।

कर, सरकारलाई वुझाईने अनिवार्य योगदान हो, जसको प्रत्यक्ष प्रतिफलको अपेक्षा गरिन्न। करदाताले कर तिरे वापत आफुलाई विशेष सुविधाको अपेक्षा गर्ने अधिकार करदातामा रहदैन। त्यसैगरी सरकारले प्राप्त गरेको कर पनि राज्यको सञ्चालनको क्रममा आम जनताको बृहद फाईदाका लागि मात्र खर्चिनु पर्दछ। यसरी कर संकलनका सम्बन्धमा सरकार र करदाताका बीचमा यसखाले एक किसिमको संझौता जस्तै हुन्छ, अर्थात भनौं सहमति भएको हुन्छ। त्यसैगरी सरकारले कर लगाउँदा, जनताका प्रतिनिधिवाट वनेको कानून वमोजिम मात्र लगाउनु पर्दछ। कानून वमोजिम बाहेक कर लगाउने अधिकार सरकारलाई पनि हुँदैन।[4] जनप्रतिनिधिले राज्य र जनताको बृहत हीत सोचेर वनाएको सन्तुलित कानून भएर पनि कर कानूनको पूर्ण परिपालना हुन गाह्रो पर्दछ। विभिन्न कारणले गर्दा कर कानूनको पालना भइरहेको हुँदैन।

सरकारले मुलुक सञ्चालनका लागि वार्षिक खर्चको अनुमान गरी सकेसम्म जनतामा नैरास्यता पैदा नहोस, बजारमा हुनुपर्ने प्रतिष्पर्धामा अडचन नआओस, न्यायपूर्ण समाजको निर्माण होस भन्ने सत्मनसायले कर कानूनको निर्माण गरी कार्यान्वयन गर्दछ। सम्भावित करदाताहरुले समयमा नियमानुसार कर प्रणालीमा सहभागिता जनाउँन् र प्रक्रियावद्ध भएर कर संकलनमा योगदान गरुन् भन्ने सोच लिएको हुन्छ। तर सो सोच वमोजिम स्वतः सहज रुपमा हुन सकिरहेको देखिँदैन।

कतिपय कारोवारहरु करमा दर्ता नभईकन पनि गरिन्छन्। करको वाटो छलेर कारोवारहरु गरिन्छन।गत वर्षको राजस्व परामर्श समितिको प्रतिवेदनबाट देखिन्छ, झण्डै तिसलाख जनसंख्या कर प्रणालीमा दर्ता हुनुपर्नेमा मात्र पन्द्र लाख समावेश भएका छन। यसले के देखाँउछ भने नेपालको कर प्रणालीमा कि संरचनात्मक कि भावनात्मक त्रुटी छ। कि त सरकारी संयन्त्रको ध्यान वा ज्ञान पुग्न सकेको छैन, कि जनताहरु कर प्रणालीमा सहभागि हुन चाहिरहेका छैनन।

---

[४] नेपालको संविधान, धारा ११५(१)

अघिल्लो आ. व. अनुसार, व्यक्तिगत र संस्थागत गरेर नेपालमा करिव पन्द्र लाख जनसंख्या करमा दर्ता भएको तथ्याँक छ, तर त्यसमा आधाले पनि कर तिर्ने गरेको देखिँदैन। वास्तवमा कुल जनसंख्याको १ प्रतिशतले कर तिर्दछन। अझ स्पष्ट रुपले भन्नुपर्दा गत वर्षको तथ्यांक अनुसार कुल राजस्वको ८० प्रतिशत कर करिव १५०० करदाताले तिर्दछन। आन्तरिक राजस्वको नेपालको संरचनामा मुख्य योगदान आयकर र मूल्य अभिवृद्धी करको छ। ३० देखि ४० प्रतिशत (आयकरमा ४० प्रतिशत र मुअकरमा ३० प्रतिशत) करदाताहरु कर प्रणालीमा नाम मात्रको दर्तामा छन, तर सम्पर्कमा छैनन्। अर्थात तिनिहरुले न कर तिर्छन न कुनै विवरण वुझाउँछन।[५]

आयकर बुझाउने कुल करदाता मध्ये करिव ६० प्रतिशत करदाता को कुल योगदान १ प्रतिशत जति मात्र छ। आयकरमा दर्ता भएको १५ लाख करदाताहरु मध्ये ६ लाखले विवरण नै बुझाउँदैनन्।९ लाख मध्ये ५ लाख ५० हजारले कुल राजस्वको १ प्रतिशत मात्र योगदान गर्छन भने बाँकी राजस्वमा करिव ३ लाख ५० हजार करदाताहरुको योगदान रहेको छ। त्यस्तै मूल्य अभिवृद्धी करमा दर्ता झण्डै १ लाख ७० हजार करदाता मध्ये ५० हजारले विवरण नै बुझाउँदैनन्। करिव ४५ हजारले शुन्य विवरण वुझाउँछन। अर्थात त्यस आर्थिक वर्ष भरी मेरो कुनै पनि कारोवार भएन भनेर कर नतिर्ने गरी विवरण मात्र वुझाउँछन। करिव ६० हजारले कारोवारको क्रममा मैले उठाएको (बिक्री गर्दा उठाएको) भन्दा मैले बुझाएको (खरिद गर्दा तिरेको) बढी भएकोले फिर्ता पाउँ भनी Credit विवरण वुझाँउछन्। अन्त्यमा बाँकी जम्मा १५ हजारले मात्र मैले मु.अ.कर बुझाउनु पर्नेछ भनेर debit विवरण पेश गर्दछन्। यसमा पनि debit विवरण वुझाउने मध्ये कतिपयले समयमा कर तिर्दैनन र बक्यौता रहन्छ। वक्यौता संकलन लगायतका कारणले कर संकलन लागत वढ्दछ।[६]

अर्को तर्फ, दर्ता भएका छन, विवरण वुझाएका छन, कर तिरेका छन, तर नेपाली समाजले बिल बिजक लिने दिने संस्कार बसाउन नसकेको कारण सही billing भइहेको देखिदैन। प्रायजसो कारोवारको बिल जारी गरिन्न र बिल लिइन्न पनि। बिल जारी नै भए पनि कारोवार मुल्यमा जारी कमै गरिन्छन्। कि बढी मुल्यको कि कम मुल्यको बिल जारी गरिन्छन। यसले गर्दा यथार्थ कारोवार देखिन्न। अर्थतन्त्रको आकारको विषयमा विभिन्न समयमा यसै विषयलाई लिएर कुरा उठि रहेको हामी पाउँछौं।

---

[५] वार्षिक प्रतिवेदन, २०७३/७४,आन्तरिक राजस्व विभाग।

[६] सुमन दाहाल, *नेपालमा करकानून पारीपालनः एक छोटो टिप्पणी,* स्मारिका, २०७४, आन्तरिक राजस्व विभाग।

२०७५ श्रावण २७ र २८ गते ललितपुरमा सम्पन्न आन्तरिक राजस्व विभागको व्यवस्थापन गोष्ठीवाट सदाचारिता, इमान्दारिता र विभागका नीति तथा कार्यक्रम प्रति पूर्ण प्रतिवद्ध रहँदै चालु आ.व. २०७५।७६ मा निर्धारण गरिएको कुल राजस्व संकलनको लक्ष्य रु.८३१ अर्व मध्ये आन्तरिक राजस्व विभागलाई तोकिएको रु.४०४ अर्व राजस्व लक्ष्यलाई संकलन गरिने, स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न सेवा प्रवाहमा सुधार र कर सहभागिता लागतमा कमी ल्याउदै लक्षित राजस्व संकलन गर्न आर्थिक ऐनले प्रदान गरेका छुट तथा सुविधाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गरी करको दायरा विस्तार तथा कर सहभागिता अभिवृद्धि गरिने, अन्तिम तह सम्मको कानुनी कारवाही गरी बक्यौता संकलन तथा फछौंट लक्ष्य हासिल गरिने, साथै बेरुजुको अभिलेखलाई विद्युतीय प्रणालीमा अद्यावधिक गरी तोकिएको लक्ष्य प्राप्त गरिने, कर प्रणालीलाई लगानीमैत्री बनाउदै उत्पादनमूलक उद्योग र व्यवसायको प्रवर्धनका लागि यस वर्ष लिइएका नीतिगत र कानूनी सुधारको पर्याप्त प्रचार प्रसार र कार्यान्वयन गरिने, करदाता शिक्षा, बजार अनुगमन र अनुसन्धान एवं कर परीक्षण कार्यलाई जोखिममा आधारित बनाई सघन बनाइने, कर परीक्षण तथा अनुसन्धान सम्बन्धी सम्पुर्ण प्रक्रियागत अभिलेखहरु एकिकृत सूचना प्रणालीबाटै सिर्जना हुने व्यवस्था मिलाईने, कर प्रशासन सम्बन्धी कार्यमा देखिने नीतिगत तथा कार्यगत अस्पष्टताको निदान गर्न विषयगत क्रियाशील तुल्याइने, रु.३५ करोड भन्दा बढी कारोवार गर्ने करदातालाई अनिवार्य रुपमा विद्युतीय माध्यमबाट विजक जारी गर्नुपर्ने व्यवस्था गरिने, विभागले तोकेका करदाताहरुलाई केन्द्रिय विजक अनुगमन प्रणालिमा आबद्ध गरिने, प्रशासकीय पुनरावलोकनको लागि चालु आ.व.मा दर्ता भएका ५० प्रतिशत र गत वर्षदेखि जिम्मेवारी सरेका निवेदन मध्ये कम्तिमा ५० प्रतिशत निवेदन उपर निर्णय गरिने, कर प्रशासनमा आबद्ध कर्मचारीको लागि तयार भएको आचार संहिताको पालना गरिने, सो उलंघन गर्ने उपर शुन्य शहनसिलताको नीति अवलम्बन गरिने सामूहिक प्रतिवद्धता,२०७५ जारी गरिएको छ।[७]

३. विश्लेषण

कर प्रणाली झन्झटिलो भयो भने सम्भावित करदाताहरु दर्ता हुन चाहँदैनन्। सजिलोपना सफल कर प्रणालीको पूर्व शर्त हो। जति क्लिष्ट भयो त्यति पालनामा कमि हुन्छ, प्रशासनले बढी खट्नु पर्ने हुन्छ, लागत वढन जान्छ। जति सहजपना थपिन्छ, त्यति कर प्रणालीको

[7] Management Seminar, 2075, Inland Revenue Department, Kathmandu.

उत्पादकत्व वढ्छ। नेपालको सन्दर्भमा हेर्ने हो भने बहुदर र वहु संख्यामा करहरु भएर पनि करदाताहरुले झन्झट महसुस गरेका कारण समग्र कर प्रशासनको कार्य क्षमतामा कमी ल्याएको छ। आर्थिक वर्ष २०७४/०७५ मा आन्तरिक राजस्व विभागको लक्ष्य २ खर्व ९८ अर्ब ९१ करोड ३७ लाख ४५ हजार रहेकोमा असुली २ खर्व ९८ अर्ब ६५ करोड २३ लाख २५ हजार भई लक्ष्यको तुलनामा ९९.५८ प्रतिशत प्रगति भएको छ। असुली वृद्धिदर आर्थिक वर्ष २०७३/०७४ को तुलनामा १६ प्रतिशत रहेको छ।सन् २०१७ को doing business report ले नेपालमा कर तिर्ने सहजताको सुचकांकमा १४२ औं स्थानमा पुगेको देखाएको छ जव कि यो सूचकमा गतवर्ष नेपाल १२४ औं स्थानमा थियो।

बिल लिने दिने नगर्ने हाम्रो सामाजिक संस्कार रहेको छ। समाजले अंगिकार गरेको मुल्य मान्यता प्रशासन र राज्य सञ्चालनमा झल्कने हो। समाजले कस्तो मुल्य मान्यतालाई प्रश्रय दिएको छ, बढावा दिएको छ, त्यहि अनुरुप शासन चल्दछ। हाम्रोमा मुल्यमा कसि कसाई गरिन्छ, bargaining (मोलमलाई) गरिन्छ। अन्तिममा सामान लिएपछि बिल लिन बिर्सिन्छौं किनकि बिल लिनु दिनु पर्दछ भन्ने हाम्रो संस्कारमा बस्न सकेको छैन। बिल लिने र दिने बानीको विकासको लागि आ.व. २०६५।६६ देखि दुई वर्षसम्म आन्तरिक राजस्व विभागले उपभोक्ता वा ग्राहकलाई सहभागी हुने गरी उपहार कार्यक्रम पनि संचालन गरेको थियो तर त्यसको प्रभाव पनि नगन्य नै रह्यो। यसले गर्दा अर्थतन्त्रको आकारको यकिन एकातर्फ हुन सकेको छैन भने अर्को तर्फ कर संकलन अपेक्षित हुन सकेको छैन।

मानिसले समान बीचमा समान र असमान बीचमा असमान व्यवहारको अपेक्षा गर्दछ। समान कारोवार गर्ने, समान आम्दानी हुनेले समान कर तिर्न पर्दा त्यति पिडा वोध हुदैन र कर पालना पनि हुन्छ। तर जव काखापाखा गरिन्छ तव पालनामा कमी आउँछ। त्यस्तै धेरै आय आर्जन गर्नेले धेरै र थोरै गर्नेले थोरै तिर्ने हुँदा पालना बढ्दछ। कर छुटका सूचिहरु, छुटका विशेष निर्णयहरु जस्ता हाम्रा काम कारवाहीले करदाताहरुले अपेक्षा गरेको समान व्यवहारको अपेक्षामा ठेस लाग्न सक्छ। आफु जस्तै कारोवार गर्ने वा भनौं आफुजस्तै आम्दानी गर्नेले भन्दा बढी कसैले पनि तिर्न चाहदैन।

विना कुनै प्रत्यक्ष प्रतिफलमा कारोवारीले कर तिर्नुपर्ने दायित्व हो भने जनताले तिरेको कर आम जनताको वृहत्तर हीतमा मितव्ययी र उत्पादक तवरले खर्चिनु सरकारको पनि दायित्व हो। जव सरकारले आफ्नो दायित्व पुरा नगरेको अनुभूति करदातालाई हुन्छ तव उसले पनि आफ्नो दायित्व पुरा गर्नु नपर्ने वुझ्दछ वा कर तिर्न आनाकानी गर्न थाल्दछ। कानून, विधि

र व्यवहारमा एक रुपता र निरन्तरताले दुई पक्ष बीचमा भरोसा जाग्दछ। जनता र सरकार बीचमा भरोसा जागे विश्वास बढ्दछ र जन विश्वास वृद्धि नै कानूनको पालनाको अचुक कडी हो। जन विश्वास गुम्दै गएमा सरकारको साख घटदै जान्छ र कानूनको उल्लघंन बढदै जान्छ। आज हामी लगभग त्यही अवस्थामा छौं। एकातर्फ दशकौंको राजनैतिक अस्थिरता र अर्को तर्फ शासनका लगभग सवै अवयवमा राजनीतिकरणका कारण विधिको शासन धराशायी अवस्थामा पुगेको फल स्वरुप शासनमा सारभूत जन सहभागिता र सोहि बमोजिम कानूनको पालनाको स्तर प्राप्त गर्न सकिएको छैन।[८]

नेपालमा कर प्रशासनमा कार्यरत कर अधिकृतहरुले करदातालाई कर शिक्षा प्रदान गर्ने, हेरचाह एवम रेखदेख गर्ने, स्वेच्छिक कर सहभागीता एवम कर कानूनको परीपालना मार्फत स्वयम कर निर्धारणमा उत्प्रेरित गर्ने र कर सम्बन्धी कानूनको कार्यन्वयन गर्ने काम गर्दछन् । करदाताले राखेका खाता बिलहरुको जाच गर्ने र त्रुटी हुन नदिन सचेत गराउने काम गर्दछन्।यती गर्दा गर्दै पनि कुनै करदाता कर चुहावट र छली कार्यमा संलग्न हुन्छन् भने त्यस्ता करदातालाई कर परिक्षण तथा अनुसन्धान मार्फत कर निर्धारण गर्ने र कसूरको मात्रा अनुसार जरिवाना गरी अन्य करदातामा समेत प्रदर्शनिय प्रभाव पार्ने गरी कार्वाही गर्दछन्।[९] कानून र व्यवस्थाको अपेक्षा पनि यही हो। त्यस अनुसार कर प्रशासनको क्षमता अपेक्षित स्तरको हुन सकेको छैन। क्षमता भित्र मानव संसाधन, मेशिनरी औजार उपकरण भवन का अतिरिक्त कानून नीति नियम विधि, प्रक्रियाका साथै उपयुक्त सीप, व्यवहार र सोच पर्दछन।

कर प्रशासन सञ्चालन गर्ने विषय आफैंमा एउटा जटिल र संवेदनशील विषय हो। जटिल यस अर्थमा कि करदाताहरु सके सम्म कर तिर्न रुची गर्दैनन। त्यसका लागि विभिन्न विज्ञताको उपयोग गरी आफ्नो विवरण तयार पार्दछन जुन विज्ञता हाम्रो प्रशासनमा आर्जित सम्म होला तर स्व-चेत भएको निजी क्षेत्रको विज्ञतालाई टक्कर दिने बनाउन सकिएको छैन भन्दा अत्युक्ति नहोला। अर्को तर्फ कर प्रशासनले प्रभावकारी रुपमा भइरहेका कानूनहरुको कार्यान्वयन गर्न पर्याप्त र यथार्थ परक आर्थिक गतिविधि र सो को सूचना बैंक तयार गर्न नसक्दा करारोपण तथा कानूनको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। पहिलो कुरा त बजारमा हुने गतिविधिहरु दिनका दिन परिवर्तन र परिमार्जन भइरहेका छन्। परम्परागत

---

[८] पूर्व पादटिप्पणी, ६.

[९] यज्ञप्रसाद दुंगेल, *आन्तरिक राजस्व सम्बन्धी कानूनी व्यवस्था र कार्यन्वयनको अवस्था,* स्मारिका, २०७५, आन्तरिक राजस्व विभाग, काठमाडौं

बजारको संरचनामा दैनिक परिवर्तन आईरहेको छ। भौतिक रुपमा देखिने सामानको व्यापार भन्दा बढी अभौतिक र प्रविधिमा आधारित भएर बजार चल्न थालेको छ। त्यस स्तरमा रहेको बजारको वहावलाई खियाउनका लागि हाम्रो प्रशासनको क्षमता निखार्न र तिखार्न सकिएको छैन। अपराधी भन्दा प्रहरी चनाखो नभई अपराध नियन्त्रण हुन सक्दैन भने जस्तै मुलुककै उत्कृष्ट विज्ञहरुद्धारा योजनावद्ध रुपले डोर्याएको व्यवसायलाई दुधको दुध पानीको पानी छुट्याउन सक्ने स्तरको जनशक्ति हाम्रो कर प्रणालीमा विकास हुन सकेको देखिदैंन।

कर प्रशासन सम्बन्धी कानूनी प्रावधानहरु सामान्य, सरल र स्पष्ट रहेको नपाइदा यसको बुझाईमा पनि एक रुपता देखिँदैन। कर परिक्षण वा कर निर्धारण गर्दा वा कर सम्बन्धी निर्णय गर्दा कानूनका दफाहरु र आधार वा कारण स्पष्ट उल्लेख गर्ने गरेको कमै देखिन्छ। कर अधिकृत वा अधिकारीहरु कानूनी कार्यविधिका कुरा पुरा गर्ने तर्फ गम्भिर हुन सकेको देखिदैन। अझ यसो भनौ, कानून र कार्य विधिको सचेतता तर्फ उदासिन रहेको पाईन्छ। मुद्दा तथा अनुसन्धान समेतका कामकारवाई अधिकांश टिप्पणी र प्रतिवेदनमा हुने गरेको देखिन्छ।

यसै गरी, यो क्षेत्र भनेको आफैमा एक संवेदनशील विषय पनि हो। शासन सञ्चालनको क्रममा गरिने क्रियाकलापहरु अन्य निकायहरु मार्फत सञ्चालन हुन्छन, तर कर प्रशासन मात्र त्यस्तो प्रशासन हो जसले राज्य संचालनका लागि आवश्यक पर्ने इन्धनको व्यवस्था गर्दछ। अन्य सरकारी निकायहरु राज्य एवं सरकारको क्षमता तथा देशको विकासको अवस्था लगायतका विविध कुराहरुले गठन हुने नहुने कुरा निर्धारण गरेको हुन्छ तर यो प्रशासन राज्य सिर्जना सँगै गठन हुन्छ र राज्यलाई सँगसँगै डोर्याउँछ। अर्थात यो क्षेत्र विशेष संवेदनशील क्षेत्र हो। यसको उत्कृष्ठ सञ्चालनका लागि कर प्रशासनमा रहेका सवै खाले क्षमताहरुमा उच्चस्तरको संवेदनशीलता रहनु अत्यन्त आवश्यक हुन्छ। कर प्रणालीको कारणले बजारको क्षमतामा ह्रास आउनु हुँदैन। करदाताको उत्पादन क्षमता निरुत्साहित गर्नुहुदैन। साथै कर संकलन कार्यलाई कार्यदक्षी तुल्याँउदै सरकारको उत्पादकत्व समेत बढाउनु पर्दछ। चाणक्यले कर संकलन गर्नु भनेको मौरीले फूलवाट फूललाई असर नपारी रस निकाले जस्तो बजारलाई प्रभावित नपारी संकलन गर्नु पर्दछ भनेका छन। यस कारण पनि कर प्रशासन सक्षम, कार्यदक्षी र संवेदनशील हुनु पर्दछ।

नेपालको कर प्रणालीलाई समसामयिक, व्यवहारिक र अन्तर्राष्ट्रिय मान्यता अनुकुल बनाई कर प्रणालीमा सुधार ल्याउने उद्देश्यले गठित उच्च स्तरीय कर प्रणाली पुनरावलोकन

आयोग, २०७१ ले कर प्रणालीमा सुधार ल्याउन एकीकृत कर संहिता को आवश्यकता औंल्याएको छ। हाल प्रयोगमा रहेका कर सम्बन्धी विभिन्न कानूनहरुको समान प्रावधानहरुलाई एकै ठाउँमा राखी तथा अलग अलग छरिएर रहेका कर सम्बन्धी विभिन्न ऐनहरुलाई आधुनिक र वैज्ञानिक रुपमा एकीकृत गरी एउटै संहिताको रुपमा प्रस्तुत गर्न तथा करदाता, कर सम्बन्धी परामर्शदाता, लेखापरीक्षक, कर प्रशासन, राजस्व प्रशासन, न्याय प्रशासन तथा करसँग सरोकार राख्ने सबै व्यक्तिलाई कर कानूनको अध्ययन, प्रयोग एवम द्विविधा उत्पन्न हुन सक्ने विषयमा सहज र सरल बनाउन एकीकृत कर संहिताको टड्कारो आवश्यकता देखिन्छ।

नेपालमा कर प्रणालीको कार्यान्वयनको लागि कार्य संचालनका केही अबधारणाहरु कार्यान्वयन गरिएको छ। आधुनिक कर प्रणालीले परिलक्षित गरेका अबधारणाको आधारहरु हाम्रो कर नीतिले ओगट्न खोजेको छ। कर प्रणालीमा गर्नु पर्ने कार्यको लागि केही आधारभूत अबधारणाहरुलाई मार्ग निर्देशनको रुपमा लिई स्वेच्छिक कर प्रणालीको आधारमा संचालित कर प्रणालीको अबधारणा अनुरुप करदाता सेवाको संचालन, कर संकलनको बैज्ञानिक प्रक्षेपण, जोखिम, सूचना तथा तथ्यमा आधारित कर परीक्षण तथा अनुसन्धान, न्यायिक सिद्धान्तमा आधारित निर्णय प्रकृया तथा अनुसन्धानमा आधारित राजस्व नीति तर्जुमाको आधारभूत मान्यतालाई कार्यान्वयन गर्ने अबधारणालाई मार्ग निर्देशनको रुपमा लिई कार्यान्वयन गरिएको छ।

कर प्रशासनमा बिद्युतीय सूचना प्रणालिको बिकास बिस्तार गदै यसको सुरक्षामा पनि त्यति कै ध्यान दिनु पर्ने जरुरी छ। बिद्युतीय माध्यमबाट सुशासनको अवधारणालाई मुर्तरुप दिन यो एक ससक्त माध्यम बन्न सक्दछ। बिद्युतीय सूचना प्रणालीको माध्यमबाट सूचनाहरुको संकलन गर्ने, प्रशोधन गर्ने, बर्गीकरण गर्ने, विश्लेषण गर्ने, प्रतिवेदन गर्ने कार्यलाई उपयोग गर्न सकिन्छ।

कर सम्बन्धी मुद्दाको निर्णय प्रक्रिया अत्यन्त लामो र झन्झटिलो छ। समयमा कर दाखिला नगर्नु कर नतिर्नु सरह हो। विवाद समाधानार्थ स्थापित संयन्त्र ढिलो कर फरफारकका सहयोगी बन्नु र नियमित कानूनी प्रक्रियाका बाबजुद करदाताहरु असाधारण क्षेत्र तर्फ आकर्षित हुनु कर परिपालनाको अभ्यासको समस्याको रुपमा देखिएको छ । प्रायः यस्ता संयन्त्र कर अधिकारीको क्षेत्र बाहिर हुन्छन्। सामान्य कानूनी प्रणालीको बृहत क्षेत्र भित्र

कर कानूनको विवाद समाधान संयन्त्रको अस्पष्ट अभ्यास ठूलो वहस गर्नुपर्ने विषय बनेको अवस्था छ। यस परिवेशमा कर सहभागिताको अवस्था सहजै अनुमान गर्न सकिन्छ ।

यहाँ अन्य कतिपय समस्याहरु पनि रहेका छन। जस्तैः करदाताहरुको बुझाईमा समग्र प्रशासन करदातामैत्री नरहेको भन्ने पाइन्छ। उनीहरुले नियमित कर प्रशासनका साथै प्रशासकीय पुनरावलोकन र न्यायाधिकरण स्वयं पनि करदाताहरु प्रति पूर्वाग्राही रहेको धारणा विभिन्न सभाहरुमा व्यक्त गर्दै आएको सुनिएको पनि छ। कर प्रशासन र करदाताको बीचमा विश्वास श्रृजना भएको देखिँदैन। एकअर्का बीचमा संदेह, संशयको अवस्था देखिन्छ। करदाताहरुको व्यवहार पारदर्शी छैन अर्थात यथार्थ खर्च भन्दा बढी दावी गर्ने र यथार्थ आम्दानी, बिक्री भन्दा ज्यादै न्युन विवरण पेश गर्नेकुरा प्रशासनले पनि आशंका गर्दै आएको देखिन्छ। त्यस्तै कतिपय करदाताहरुमा कर कानूनको वारेमा स्पष्ट ज्ञान नभएको, पुनरावलोकनको माध्यम भन्दा अन्य वाटो अपनाउने प्रवृत्ति रहेको, कतिपय करदाताको व्यवसायिक वैंक खाता पनि नभई व्यक्तिगत खातावाट कारोवार गरेको लगायतका व्यवसायिक संस्कारको विकास हुन नसकेको कारणहरु पनि कर कानून अपेक्षित रुपले कार्यान्वयन हुन नसकि रहेको देखिन्छ।

४. सुझाव

राज्यको कर प्रशासन एवं समग्र कर प्रणाली सरल, सक्षम, दरिलो, कामयावी र संवेदनशील हुनु जरुरी छ। नेपालको राजनैतिक विकासले ठुलो फड्को मारेको आजको अवस्थामा कर प्रशासन अझ मजवुत र कार्यदक्षी बन्नु परेको छ। राज्य सञ्चालनको बढ्दो नियमित खर्चका अतिरिक्त जनताको विकास प्रतिको उम्लदौं मागले गर्दा राज्य कोषमा ठुलो दबाब र चुनौती थपिएको छ। त्यसै गरी दशकौं देखि न्यूनस्तरको आर्थिक वृद्धिदर झेलि रहेको सार्वजनिक प्रशासनले गतवर्ष हासिल भएको सात अंकको वृद्धिदरलाई कायम गर्दै हाक्नु परेको अर्को चुनौती छ। बजारको संरचनामा भइ रहेको परिवर्तन र विश्वव्यापीकरण एवं सूचना प्रविधिको द्रुतस्तरको वृद्धिले अर्थतन्त्रमा ल्याउने र ल्याइ रहेका तरङ्गहरुलाई बुझेर त्यसको उपयुक्त व्यवस्थापन गर्न पनि सक्नु परेको छ।

कर प्रशासनको प्राथमिक उद्देश्य भनेको कर कानूनको परिपालना सुनिश्चित गराउने हुनु पर्दछ। कर प्रशासनमा कार्यरत सम्पूर्ण जनशक्तिलाई कानून र कानूनी कार्यविधी सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिनु पर्छ। कर कानूनको परिपालना विशेषत अर्थतन्त्रको स्वरुप, कर प्रशासनले पहिचान गरेको प्राथमिक उद्देश्य र

त्यसमा आम जनताको समर्थन, सहयोग एवं करदाताको इच्छा चाहनामा भर पर्दछ। कर कानूनको परिपालना सर्वप्रथम करदाताको पहिचानवाट सूरु हुन्छ। करदाताहरु कहाँ छन्, कारोवारको अवस्था के छ भन्ने प्रत्येक करदाताको विवरण अद्यावधिक हुनु जरुरी छ। उपयुक्त गुणस्तरको कर दर्ता विधि बन्न नसकेको कारण अनावश्यक संख्यामा वेपत्ते करदाताहरुको जिम्मेवारी लिएर कर प्रशासन सञ्चालित छ। सवै जनसंख्यालाई करदाता बनाउने कि कति सम्मलाई ? तिनिहरुलाई जवरजस्तकि दर्ता गराउने कि स्वतस्फूर्त ? जस्ता प्रश्नका स्पष्ट जवाफ सहित एक रुपता कायम गरी करदाता दर्ताको स्पष्ट नीति बन्नु पर्दछ। कर दर्ता गर्ने समयमा करदाता हुन चाहिने योग्यता स्पष्ट परिभाषित गरी त्यसको समय लिएर verify गर्ने, तिनीहरुको गतिविधि कारोवार र स्थान लगायतको स्पष्ट location सहितका नियमित सम्पर्क र समन्वय कायम गर्ने, सोही बमोजिम फाईलहरु अद्यावधिक गर्ने र दर्ता खारेज प्रक्रियालाई सरल तुल्याउन सके प्रशासन सञ्चालनमा सहजता आउने छ। साथै करदाता दर्ता गर्न प्रयोग भइरहेको आवेदन फारामलाई परिमार्जन गरी करदाताको व्यक्तिगत, कारोबार तथा कारोबार स्थल आदिको बारेमा थप सूचना संकलन गर्ने र ती सूचनाहरुलाई अनिवार्य रुपमा कम्प्युटर प्रणालीमा सुरक्षित राख्न सकेमा करदाता र कर प्रशासन बीच छरितो र सोझो सम्पर्क कायम गर्न सकिन्छ। काठमाण्डौमा रहेका कार्यालयहरुले प्रशासन गर्ने करदाताहरु करिव करिव वर्षेनी एउटा कार्यालयवाट अर्को कार्यालयमा सर्ने हुनाले तिनिहरुको स्पष्ट विवरण वन्न सकेको छैन। फाईलिङ व्यवस्थापनको साथै system मा विवरण अद्यावधिक गर्ने कार्यलाई अभियानका रुपमा लैजानु पर्ने देखिन्छ।

कर प्रशासनका दैनिक क्रियाकलापहरु निश्चित र एकरुप तुल्याइनु पर्दछ भने प्रत्येक क्रियाकलापका कोशेढुङ्गाहरु पनि स्पष्ट पहिचान गरिनु पर्दछ। जसरी विवरण बुझाउने र कर दाखिला गर्ने तरिका र समय स्पष्ट छन त्यसैगरी अन्य प्रत्येक क्रियाकलाप जस्तै: वक्यौता असुली, वेरुजु फर्छौट, परिक्षण र अनुसन्धानका विधि प्रक्रिया प्रत्येक चरणहरुको स्पष्ट रुपले मार्ग चित्र कोरि दिनु पर्दछ। अन्य सार्वजनिक निकायले प्रदान गर्ने सेवा भन्दा यो विलकुल फरक र संवेदनशील, आमजनताको अरुचीको विषय भएकोले यसमा मन, वचन र कर्म तीनै वटा कुराहरु मुलुक भरी नै एक रुप र पूर्व घोषित हुनु पर्दछ, जसका लागि तालुक निकायहरुको प्रत्यक्ष, स्पष्ट र जिम्मेवार भूमिका रहनु पर्दछ।

कर कानूनको परिपालना किन अपेक्षित स्तरमा हुन सकेको छैन भनेर समग्र करदाताहरुको व्यवहार अध्ययन गर्ने, उनिहरुको धारणा वुझ्ने, दृष्टिकोण हेर्ने व्यवस्था मिलाउनु पर्दछ।

कतिपयले कर कानूनको पालना नगर्ने निर्णय गरेको हुन सक्दछ भने कतिपयले पालना नगर्न चाहेको मात्र हुन सक्दछ। यस्तालाई अवस्था हेरी सामान्य देखि कठोर कानूनी कारवाही गर्नुपर्ने हुन्छ। कतिपय करदाताले हाम्रो प्रक्रियाको अवलम्बन गर्न नसकेको, तर प्रयास गरेको हुन सक्दछ। त्यस्तालाई हाम्रो करदाता शिक्षा तथा अन्तरक्रिया लगायतको सहजीकरणले सघाउ पुर्याउँछ। करदाता शिक्षाको कार्य एकलौटी रुपले एकैनासले कार्यालयहरुले गर्नुभन्दा सरोकारवाला निकायहरुको सहयोग र सहभागिता बढाउनु पर्दछ। लक्षित करदाताहरुको प्रकार, किसिम अनुसार करदाता शिक्षा कार्यक्रमलाई specific तुल्याउनु पर्दछ। यसरी परिपालनाको जोखिमलाई व्यवस्थापन गर्नका लागि उल्लंघन गर्ने करदाताहरु पहिचान गरी तथा समुहमा विभाजन गरी तिनको दृष्टिकोण र व्यवहारको गहनता हेर्दै प्रर्वधनात्मक तथा निरोधात्मक विधि एवं रणनीति अपनाउनु पर्दछ।

अन्त्यमा, कानूनको परिपालना गराउने सवालमा हामीले करदातालाई राम्ररी बुझाउन सकेनौं कि? हामीले बुझाउन प्रयास नैं गरेनौं कि ? हाम्रो प्रयासको modalidy मै कुनै त्रुटी छ कि ? भनेर हेर्नुपर्ने वेला भएको छ। यसका लागि एउटा वास्तविक अनुसन्धान संयन्त्र वनाई करदाता तथा आर्थिक कारोबार सहितको सूचना संयन्त्र तयार गर्ने, अन्तर सरकारी निकाय सूचना आदान प्रदान गर्ने र स्वःचालित प्रणालीको विकास गर्दै निरन्तर खोज, शोध र अनुसन्धान गर्दै लैजानु पर्दछ। सरकारले लिएको ***समृद्ध नेपाल सुखी नेपाली***को परिकल्पना पुरा गर्न आन्तरिक स्रोतको अधिकतम परिचालन गर्न, विश्वव्यापीकरणको बढ्दो लहर तथा प्रभावले ल्याएका चुनौतीहरु सामना गर्न सक्ने गरी कर क्षमता विकास र विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ ।

सन्दर्भ सामग्री

१. नेपालको सःविधान,

२. आयकर ऐन, २०५८ र आयकर नियमावली २०५९,

३. मूल्य अभिवृद्धि कर ऐन,२०५२,

४. अन्तःशुल्क ऐन,२०५८,

५. मदिरा ऐन, २०३१,

६. वार्षिक प्रतिवेदन २०७४।७५, आन्तरिक राजस्व विभाग, काठमाण्डौ ।

७. वार्षिक प्रतिवेदन २०७२।७३, आन्तरिक राजस्व विभाग, काठमाण्डौ ।

८. स्मारिका, २०७४ र २०७५ आन्तरिक राजस्व विभाग, काठमाडौं।

९. Management Seminar, 2075, Inland Revenue Department.
१०. उप्रेती, थापा र अर्याल, कर प्रणाली तथा लेखापरीक्षणका आधारभूत सिद्धान्त, ए.बि.सि.प्रकाशन, (२०७२)
११. SAMRAT BISTA, Tax Policy and Administrative Challenges, New Business Age, 17th April, 2017.
१२. M.KOIRALA, Compliance of VAT policy in Nepal: A heuristic-institutional-functional analysis, SJPG, December 2014.
१३. B. RUSSELL, Revenue Administration: Developing a Taxpayer Compliance Program, IMF, November 2010.
१४. Compliance Risk Management: Managing and Improving Tax Compliance, CTPA, OECD, 2004.

/fh:j r'xfj6sf k|j[lQ / ;jf]{Rr cbfntaf6 k|ltkflbt l;4fGtx?

नारायण रिमाल[◊]

१. विषय प्रवेश

राज्य संचालनको लागि अर्थ चाहिन्छ । अर्थ विना राज्यका कुनै पनि अंग क्रियासिल हुन नसक्ने हुँदा उत्पत्तिकालदेखि नै राज्यले कर लागाउँदै आएको पाइन्छ ।कर राजस्व राज्यले खर्च गर्ने महत्वपूर्ण माध्यम हो । राज्यबाट जनुसुकै श्रोत वा तरिकाबाट उठाइने वा प्राप्त गरिने सबै सार्वजनिक रुपैयाँ, राज्यबाट आफ्नो कोषमा दाखिल गर्नका लागि उठाइने वा प्राप्त गरिने सम्पूर्ण आय राजस्व हो । राजस्व भन्नाले कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने भन्सार मशसुल, आयकर, मूल्य अभिवृद्धि कर, सवारी साधन कर, घर जग्गा वहाल कर, सम्पत्ती कर वा घर जग्गा रजिष्ट्रेसन दस्तुर सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम लाग्ने अन्य कर तथा गैरकर राजस्वलाई समेत जनाउँछ ।[२] यसो भन्दैमा राज्यलाई जथाभावी कर लागउने अधिकार पनि हुन्न । वेलायतमा कर लागउने सम्बन्धमा राज्य र संसद विचको द्वन्दले कानून बमोजिम बाहेक कर लगाउन नपाइने मान्यताको विकास भएपछि संसारका हरेक प्रजातान्त्रिक देशका संविधानले सो मान्यतालाई स्वीकार गरेको देखिन्छ । नेपालको संविधानको धारा ११५ मा कानून बमोजिम बाहेक कर लागाउन वा उठाउन नपाइने भन्ने उल्लेख भएको छ ।

राजस्व राज्यले गर्ने खर्च परिचालनको महत्वपूर्ण श्रोत भएको र कानून बमोजिम बाहेक जाथाभावी कर उठाउन नपाइने हुँदा कर सम्बन्धी कानूनको परिपालना गराई राजस्व चुहावटका सम्भावनाहरुलाई न्यूनिकरण गर्दै जानु पनि त्यतिकै आवश्यक हुन्छ । वस्तु तथा सेवाको कारोवारलाई करको दायरा भित्र ल्याउन सकिएन भने खर्च श्रोतको अभावमा राज्यको लोककल्याणकारी उद्देश्य हासील हुन नसक्ने भई राज्य र जनता विचको सुसम्बन्धलाई समेत नकारात्मक प्राभाव पार्ने हुन्छ । अतः स्वच्छ पारदर्शी अर्थतन्त्रको माध्यमबाट राजस्व संकलनमा वृद्धि गरी द्रुततर आर्थिक विकासको माध्यबाट जनतामा बढदै गएका आकांक्षाहरुको परिपूर्ति गर्नका लागि राजस्व चुहावटमा प्रभावकारी नियन्त्रण गर्न आवश्यक छ ।

◊.उपन्यायाधिवक्ता

राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित नेपाल कानूनहरु

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- आयकर ऐन, २०५८
- आयकर नियमावली, २०७०
- मूल्य अभिबृद्धिकर ऐन, २०५२
- मूल्य अभिबृद्धिकर कर नियमावली, २०५३
- भन्सार ऐन, २०६४
- भन्सार नियमावली, २०६४
- अन्तःशुल्क ऐन, २०५८
- अन्तःशुल्क नियमावली, २०५८
- विदेशी विनिमय (नियमीत गर्ने) ऐन, २०१९
- विदेशी विनिमय (नियमीत गर्ने) नियमावली, २०२०

२. राजस्व चुहावटका क्षेत्र र प्रवृत्तिहरु

राज्यलाई तिर्नु बुझाउनु पर्ने राजस्व नतिर्नु, नबुझाउनु वा घटि राजस्व बुझाउनुलाई राजस्व चुहावट भनिन्छ । कुनै ब्यक्तिले देहायको कुनै कार्य गरेमा राजस्व चुहावटको कसुर गरेको मानिनेछ ।

- नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा ।
- कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरि प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरे वा नबुझाएमा वा तिर्नु वा बुझाउनु पर्ने राजस्व भन्दा घटी राजस्व तिरेमा वा बुझाएमा ।

- कुनै पनि मालवस्तुको निकासी पैठारी गर्दा सम्बन्धित भन्सार कार्यालयमा प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा वा छल्ने प्रयास गरेमा ।
- कुनै व्यक्तिले अन्य कुनै ब्यक्तिको नामबाट कुनै उद्योग, व्यापार वा व्यवसाय गरी कुनै वस्तु निकासी वा पैठारी गरेमा वा कुनै विदेशी सम्पत्ती वा संस्थाको एजेन्ट भएमा सो कुरा नदेखाई प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा ।
- राजस्व तिर्नु, बुझाउनु वा दाखिल गर्नुपर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनाधिकार वाधा उत्पन्न गरेमा वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफुले तिर्नु बुझाउनु पर्ने राजस्व नतिरेमा वा जति तिर्नु पर्ने हो सो भन्दा कम रकम तिरेमा वा त्यस्तो कुनै कार्य गर्ने गराउने प्रयत्न गरेमा ।
- राजस्व बुझाउनु पर्ने कार्यालयको कर्मचारीसँग मिलेमतो गरि वा नगरि नेपाल सरकारलाई कानून बमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व रकममा हेरफेर वा परिवर्तन गरेमा वा राजस्व बुझाएको देखिने गलत लिखत तथा कागजात तयार गरेमा वा पेश गरेमा ।
- राजस्व बुझाउने प्रयोजनको लागि घोषणा गरिनु पर्ने वा देखाउनु पर्ने कुनै आय, घर जग्गा वा अन्य सम्पत्ती वा सामानको मूल्य घटि वा बढी हुने गरी हिसाव वा कागजात तयार गरी पेश गरेमा ।

<u>राजस्व चुहावटका क्षेत्रहरु</u>

(क) **भन्सार**

नेपालको अर्थतन्त्र निकासीमा भन्दा पैठारीमा आधारित छ । स्वदेशमा मालवस्तु पैठारी गर्दा लाग्ने भन्सार महशुल विशेष गरी भारतसँग खुल्ला सिमाना रहेको र भन्सार नाका बाहेकको क्षेत्रबाट समेत मालवस्तु पैठारी गर्न सकिने अवस्थाको फाइदा उठाई ठूलो मात्रामा राजस्व छली हुने गरेको देखिएको छ । चोरी निकासी पैठारी बाहेक भन्सार महशुलको प्रयोजनको लागि तोकिएको मुल्य घटाई विवरण भर्ने, धेरै भन्सार मशुलल लाग्ने मालवस्तुमा थोरै मुल्य देखाई राजस्व छल्ने थोरै भन्सार महसुल लाग्ने मालवस्तुमा धेरै मुल्य देखाई विदेशी मुद्राको अपचलन गर्ने,

निकासी पैठारी गर्दा मालवस्तुको परिमाण मुल्य, रुप, आकार आदिको गलत घोषणा गर्ने, ठूलो परिमाणको निकासी पैठारीमा समेत LC मार्फत कारोबार नगर्ने, तयारी मालवस्तुलाई खोली टुक्रयाई कच्चा पदार्थको रुपमा एक भन्दा बढी प्रज्ञापनपत्र र ढुवानी साधनको प्रयोग गरी राजस्व छली गर्ने प्रवृत्ति देखिएको छ ।४

(ख) आन्तरिक बजार क्षेत्र

राजस्व चुहावटको अर्को क्षेत्र आन्तरिक बजार पनि हो । श्वदेशमा पेशा, ब्यवसाय, रोजगार र उद्योग संचालन गर्दा तिर्नु बुझाउनु पर्ने राजस्व छली गर्न करयोग्य आय घटी देखाउने, कानूनले करमा छुट दिएको सिमा भन्दा बढी छुटको दावी गर्ने, आयकर लाग्ने भुक्तानीमा आयकर कट्टा नगरी भुक्तानी गर्ने, ब्यावसायिक प्रयोजनका लागि भाडामा लिदा वास्तविक भुक्तानी भन्दा बढी देखाई घर बहाल संझौता गर्ने, वास्तविक मूल्यको कारोवार अंक नदेखाई पूँजीगत लाभकर छल्ने, बढि ह्रासकट्टी दावी गर्ने, आम्दानी खर्चको गलत हिसाव देखाउने, अन्तःशुल्क लाग्ने वस्तुमा नक्कली स्टिकर प्रयोग गर्ने, एउटै स्टिकरको प्रयोग गर्ने, एउटै स्टिकरको प्रयोग पटक पटक गर्ने, शैक्षिक परामर्श सेवामा VAT असूल नगर्ने, विद्यार्थि आपूर्ति गर्दा विदेशका विश्वविद्यालयबाट प्राप्त हुने कमिशनलाई आयमा नदेखाउने जस्ता कार्य गरी राजस्व छली गर्ने प्रवत्ति देखिएको छ ।५

वस्तु तथा व्यापार, सामान्य उद्योग, सेवा क्षेत्र, लगानी र रोजगारीको आयमा राजस्व चुहावटका निम्न बमोजिम अलग अलग प्रवृत्तिहरु देखिन्छन ।६

वस्तु व्यापार तर्फ

- मालवस्तु आपूर्ति नगरी बिजक मात्र जारी गरी खर्च दावी गर्ने ।
- खरिद बिक्री सम्बन्धी दुई प्रकारका खाता प्रयोग गर्ने ।
- मालवस्तुको मौज्दात र बिक्रीको विवरण सहि नदेखाउने ।
- आधिकारीक बिजक जारी नगर्ने ।
- अन्य उद्देश्यले लिएको बैंक कर्जामा ब्याज खर्च दावी गर्ने ।

सामान्य उद्योग तर्फ

- कच्चा वस्तु, अर्ध तयारी वस्तु र तयारी वस्तुको मूल्य र परिमाणको गलत हिसाब देखाउने ।

- असम्बन्धित खर्च दावी गरी उत्पादन खर्च बढी देखाउने ।
- उत्पादीत वस्तुको परिमाणको गलत विवरण देखाउने ।
- ब्यवसायिक संरचना निर्माणमा लाग्ने मू.अ.कर असुल नगर्ने ।
- जर्ति मिन्हाको गलत दावि गर्ने ।

सेवा व्यापार क्षेत्र तर्फ

- विदेशमा कामदार पठाउँदा सेवा शुल्क बढी लिई न्यून आय देखाउने ।
- विदेशमा कामदार पठाउँदा रोजगारदाताबाट प्राप्त भएको कमिशनलाई आयमा नदेखाउने ।

निर्माण क्षेत्र तर्फ

- कामको प्रकृतिसँग नमिल्ने सामानको खरिद देखाउने ।
- खर्च नहुने झुट्टा कारोवारका बिजक राख्ने ।
- नभए नगरेको फर्जी संझौता गरी खर्च देखाउने ।

पर्यटन क्षेत्र तर्फ

- मू.अ.कर लाग्ने बस्तु सेवामा मू.अ.कर. असुल नगर्ने ।
- वेदेशी विनिमयको आय नदेखाई खर्च मात्र देखाउने ।

शैक्षिक परामर्श क्षेत्र

- विदेश जानेसँग बढी सेवा शुल्क लिई कम आय देखाउने ।
- शेवा बिक्रीमा मू.अ.कर. असुल नगर्ने ।
- प्राप्त कमिशनलाई आयमा नदेखाउने ।

लगानी तर्फ

- सेयर/बन्ड/जग्गामा भएको लगानीबाट प्राप्त आय नदेखाउने ।
- कम्पनीमा प्राप्त भएको सबै आय नदेखाउने ।

रोजगारीतर्फः

- आय नदेखाउने वा कम देखाउने ।
- आय विवरण नदिने ।
- विदेशी मुद्रामा प्राप्त भएको आयको सहि विवरण नदिने ।

३. राजस्व छलीको अनुसन्धान, छानविन, मुद्दा दायरी र पुनरावेदन

नेपालको कर राजस्व सम्बन्धी कानुनी ब्यवस्थाले स्वयमकर निर्धारण प्रणालीलाई अवलम्बन गरेको छ । करदाता स्वयंले आफूले बुझाउनु पर्ने राजस्व निर्धारण गरी पेश गरेका विवरणहरुको आधारमा तोकिएका मापदण्ड बमोजिम जोखिमयुक्त करदाताको पहिचानभित्र परेका वा राजस्व छली गरेको भनी उजुरी परेका करदाताको कारोवारको अनुसन्धान छानवीन गरी कर अधिकृतले कर निर्धारण आदेश गर्ने तथा भन्सार ऐन, २०५२ बमोजिम भन्सार विभाग र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम राजस्व अनुसन्धान विभागले अनुसन्धान छानविन गरी तोकिएको अदालत वा अधिकारी समक्ष मुद्दा दायर गर्न सक्ने कानुनी ब्यवस्था रहेको छ । जस अनुसार कर अधिकृतले गरेको कर निर्धारण आदेशमा चित्त नबुझ्ने करदाताले ३० दिनभित्र आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने र प्रशासकीय पुनरावलोकनको निर्णयमा चित्त नबुझे वा ६० दिनभित्र प्रशासकीय पुनरावलोकनको निर्णय नभएको अवस्थामा पुनरावेदन गर्ने कुराको सूचना दिई प्रशासकीय पुनरावलोकनको निर्णय भएको वा करदाताले पुनरावेदनमा जाने सूचना दिएको मितिले ३० दिनभित्र राजस्व न्यायाधिकरण समक्ष पुनरावेदन गर्न सकिने ब्यवस्था छ।[७]

राजस्व न्यायाधिकरणले गरेको फैसला अन्तिम हुन्छ तर राजस्व न्यायाधिकरणले गरेको फैसलामा क्षेत्राधिकार, कार्यविधि, प्रमाणको मूल्याङ्कन र कानुनको त्रुटी देखाई फैसलामा चित्त नबुझे कुनै पक्षले सर्वोच्च अदालतमा पुनरावेदन अनुमतिको निवेदन दिन सक्ने ब्यवस्था छ ।[८] त्यसैगरी भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम भन्सार अधिकृतबाट निर्धारण भएको भन्सार महसुलमा चित्त नुबझ्ने व्यक्तिले महसुल निर्धारणको निर्णय भएको १५ दिनभित्र पुनरावलोकनको लागि मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिन पाउने र पुनरावलोकन समितिको निर्णय र भन्सार ऐन, २०६४ बमोजिम भए गरेका अन्य कुनै पनि निर्णय उपर राजस्व न्यायाधिकरण समक्ष पुनरावलोकन गर्न पाइने ब्यवस्था छ।[९]

त्यसैगरी भन्सार, अन्तःशुल्क र कर प्रशासनका क्षेत्रमा हुने अन्य जुनसुकै प्रकारका राजस्व चुहावटलाई नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले जारी भएको राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ अन्तर्गतका कसुर अपराधमा राजस्व अनुसन्धान विभागका महानिर्देशक वा निजले तोकेको अनुसन्धान अधिकृतले प्रचलित कानुन बमोजिम प्रहरीलाई प्राप्त हुने सबै अधिकार प्रयोग गरी[१०] अनुसन्धान गर्न पाउने र निजले गरेको अनुसन्धानको प्रतिवेदन विभागबाट स्वीकृत गराई सरकारी वकीलको राय अनुसार नेपाल सरकारको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्न सक्ने ब्यवस्था रहेको छ ।[११] यस ऐन अन्तर्गतको कसुर अपराधमा मुद्दा हेर्ने अधिकारी भन्नाले न्याय प्रशासन ऐन, २०७३ को दफा ७ बमोजिम सम्बन्धित जिल्ला अदालतलाई बुझिन्छ । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गतको मुद्दाको कारवाही गर्दा विशेष अदालत ऐन, २०५९ को कार्यविधि लागु हुन्छ ।[१२] यस ऐन अन्तर्गतको कसुर गर्ने व्यक्तिलाई विगोको दोब्बरसम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुने, राजस्व चुहावट गरेको विगोमा प्रचलित कानुनमा उल्लेख भए बमोजिमको ब्याज समेत लाग्ने ब्यवस्था छ ।[१३] राजस्व चुहावट गरेको ठहर भएमा कब्जा भएको मालवस्त, ढुवानी गर्न प्रयोग भएको सवारी साधन, चौपाय र अन्य वस्तु जफत हुने ब्यवस्था छ[१४] । यो ऐन अन्तर्गतको कसुर अपराधमा मुद्दा हेर्ने अधकारी वा विभागले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्ने ब्यवस्था छ ।[१५]

४. कर राजस्व सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसला

१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को प्रावधान संविधानसँग बाझिएको र सो ऐनको दफा ४२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ऐनको अनुसूचीमा भएको ब्यवस्थालाई हेरफेर गरेकोकार्य संविधान प्रतिकूल रहेको भन्न नमिल्ने ।

मूल्य अभवृद्धि कर ऐन, २०५२ को प्रयोगबाट देशका विभिन्न भागमा बसोवास गर्ने नागरिक जो वास्तविक उपभोक्ता हुन् ले एउटै सामान विभिन्न दर रेटमा खरिद गर्न बाध्य हुनुपर्ने हुन्छ । तसर्थ उक्त ऐन संविधानको धारा ११(१) विपरित छ । ऐनको अनुसूचीहरु ऐनको अभिन्न अंग भएकोले सोको हेरफेर गर्ने, त्यसमा संशोधन गर्ने अधिकार विधायिकालाई मात्र हुन्छ । यस सम्बन्धमा नेपाल अधिराज्यको संविधानको धारा ६८ देखि ७२ सम्म कार्यविधि निर्धारित गरिएको छ । संवैधानिक ब्यवस्थाको विपरित गई मूल्य अभिवृद्ध कर ऐन, २०५२ को दफा ४२ ले ऐनको अनुसूचीमा

थपघट र हेरफेर गर्न पाउने गरी दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार अर्थ मन्त्रालयले मिति २०५४/५/१ को राजपत्रमा सूचना प्रकाशित गरी मूल्य अभवृद्धि कर ऐन, २०५२ को अनुसूची १ र २ को सट्टामा अर्को अनुसूची राखी हेरफेर गरिएको कार्य समेत संविधान प्रतिकूल रहेकोले संविधानसँग बाझिएको हदसम्म मूल्य अभिवृद्ध कर ऐनका उल्लेखित प्रावधानहरु अमान्य र बदर घोषित गरी पाउँ भन्ने व्यहोराको रिट निवेदन र मूल्य अभवृद्धि कर बजार मूल्य निर्धारण गर्ने कर नभै वस्तु वा सेवाको मूल्य अभिवृद्धिमा मात्र लाग्ने कर भएकोले यस करले समानताको हकमा आघात पुऱ्याउदैन । मूल्य अभिवृद्धि कर ऐनको दफा ४२ ले दिएको अधिकार प्रयोग गरी अनुसूचीमा हेरफेर गर्ने कार्य श्री ५ को सरकारबाट हुने हुँदा प्रत्यायोजित विधायन अन्तर्गतको कार्यलाई असंवैधानिक भन्न नमिल्ने भन्ने लिखित जवाफ रहेछ ।

सर्वप्रथम मूल्य अभिवृद्ध कर बाट संविधान प्रदत्त समानताको हकमा आघात पुऱ्याएको भन्ने निवेदन जिकिरका सम्बन्धमा विचार गर्दा देशको आर्थिक विकासको लागि आवश्यक राजस्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचान बढाउन वस्तु वा सेवाको विक्रि, वितरण, हस्तान्तरण, आयात वा निर्यात लगायतका सवै कारोवारमा मूल्य अभिवृद्ध कर लगाई असुल गर्ने प्रक्रियालाई ब्यवस्थित गरी राजस्व संकलन प्रभावकारी ढंगबाट गर्ने उद्देश्य राखी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को तर्जुमा गरिएको देखिन्छ । नेपाल अधिराज्यभित्र आपूर्ति भएका, आयात गरिएका र नेपाल अधिराज्य बाहिर निर्यात गरिएका वस्तु वा सेवामा मूल्य अभिवृद्ध कर लाग्ने र त्यस्तो कर लगाउने र असुल उपर गर्ने प्रक्रियासँग मात्र उक्त मूल्य अभिवृद्ध कर ऐन सम्बन्धित रहेको देखिदा ऐनको प्रावधान संविधान प्रदत्त समानताको हक प्रतिकूल छ भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । अब मूल्य अभिवृद्धि कर ऐनको दफा ४२ ले दिएको अधिकार प्रयोग गरी ऐनको अनुसूची हेरफेर गर्ने श्री ५ को सरकारको निर्णय नेपाल अधिराज्यको संविधानको भाग ९ मा ब्यवस्थित ब्यवस्थापन कार्यविधि सम्बन्धमा विद्यमान संवैधानिक एवै कानुनी ब्यवस्था तर्फ विचार गर्दा संविधानको भाग ९ मा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने, फिर्ता लिने, स्वीकृत गर्ने र अध्यादेश जारी गर्ने सम्बन्धी कार्यविधिको निर्धारण गरिएको र मूल्य अभिवृद्धि कर ऐनको दफा ४२ मा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ भन्ने कानुनी ब्यवस्था रहेको देखिन्छ । यसरी ऐनमा श्री ५ को सरकारकै कार्यक्षेत्रभित्र पर्ने हुँदा यसरी निर्धारित गरिएका आर्थिक नीतिसँग

सापेक्ष हुने गरी सरकारले ऐनको अनुसूचीमा सम्म थपघट वा हेरफेर गर्न पर्ने अवस्था समेत सृजना हुन सक्ने भएकोले सो ऐनद्वारा प्रत्यायोजित अधिकारलाई अन्यथा भन्न मिल्ने अवस्था समेत देखिदैन । अर्थात ऐनको दफा ४२ ले अनुसूची नै हेरफेर गर्ने अधिकार प्रदान गरेको नभई सो अधिकारको प्रयोगबाट अनुसूचीमा रहेका मूल्य अभिवृद्धि कर सम्बन्धी नीतिगत कुरामा आवश्यक फेरवदलसम्म मात्र गरिने हो । यस्तो अधिकार विधायिकाले सरकारलाई दिएको छ भने सो अधिकारको प्रयोग गर्दा संविधान विपरित भयो भन्न मिल्दैन ।[१६]

२. कम्पनीको प्रोपाइटर श्रीमती भएकोमा निवेदक पतिको नाममा कर निर्धारण गरेको आदेश कानून अनुकुल भएको नदेखिने ।

सागर ब्रदर्स एण्ड कम्पनीको खुद आय रु.६८,०००।- कायम गरी त्यसमा रु.१४,३००।- निर्धारण गरि उक्त कम्पनीको प्रोपाइटर धर्मसागर हो भनी उक्त आयकर तिर्न बुझाउनका लागि भनी आयकर निर्धारण आदेश पठाएको थियो । उक्त कम्पनीको प्रोप्राइटर नभएको हुनाले मैले कर तिर्न बुझाउन नपरोस भनी पटक पटक निवेदन गर्दा विपक्षीले कुनै सुनुवाई गर्नु भएन । त्यसपछि यही कुरालाई लिई राजस्व न्यायाधिकरणमा निवेदन दिई कारवाही भै प्रतिवेदन झिकाउने आदेश भई झिकाउँदा दानशोभा र म लोग्ने स्वास्नी भएकाले आयकर ऐन, २०३१ को दफा २१ ले त्यसरी धर्मसागरको नामबाट आयकर निर्धारण गर्न मिल्छ भनी विपक्षी कार्यालयबाट प्रतिवेदन पठाएको थियो । उक्त मेरो निवेदनबाट कुनै कारवाही भएन र कानून बमोजिम गर्नु भन्ने मात्र राजस्व न्यायाधिकरणबाट आदेश भएको थियो । कुनै निर्णय नदिए/नपाएको हुनाले सम्मानित अदालतमा निवेदन गर्न आएको छु । यसरी दानशोभा प्रोप्राइटर भएकोमा म प्रोप्राइटर भनी नामै फेरबदल गरी वा प्रोप्राइटर नभएकोमा मानिसलाई प्रोप्राइटर भनी काम नगरेको अर्को ब्यक्तिलाई आयकर निर्धारण गर्न विपक्षी कार्यालयलाई कुनै अधिकार पनि छैन । फेरी हामी लोग्ने स्वास्नी बिचमा मन मुटाव भएबाट २०३२।०४।२५ मा वन्डापत्र पास गरी भिन्न बसी आएको पनि छु । यसबाट आयकर दम्पत्ति पनि नहुँदा अर्काको नाउँमा आयकर निर्धारण गर्न मिल्दैन भन्ने मुख्य जिकिर भएको प्रस्तुत केस तर्फ बिचार गर्दा दानशोभा तुलाधर प्रोप्राइटर भएकोमा रिट निवेदक धर्मसागर तुलाधरको नाममा कर निर्धारण आदेश भएको देखिन्छ । आयकर ऐन, २०३१ को दफा २१(क) मा दम्पतिको संयुक्त आयमा

लोग्नेको नाममा कर निर्धारण गरिनेछ र उक्त ऐनको दफा २१(ख) मा परिवारको संयुक्त आयमा परिवारको मुख्य मानिसको नाममा कर निर्धारण गरिनेछ भन्ने उल्लेख भएको देखिन्छ । प्रस्तुत विवादमा कर लाग्ने गरी गरेको आय दम्पतिको संयुक्त आय भएको कुनै प्रमाण छैन । यस्तो स्थितिमा कम्पनीको प्रोप्राइटर दानशोभा तुलाधर भएकोमा रिट निवेदक धर्मसागर तुलाधरको नाममा कर निर्धाण गरेको आदेश कानून अनुकुल भएको देखिएन । अतः उक्त कर निर्धारण गर्ने भनी विपक्षी कर कार्यालयले गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा वदर हुने ठहर्छ । पुनः कानून बमोजिम गर्न भनी विपक्षी कर कार्यालय काठमाडौंमा पठाउन महान्यायाधिवक्ताको कार्यालयमा पठाई नियम अनुसार गरी फायल बुझाई दिनु ।[१७]

३. प्रचलित नेपाल कानुनद्वारा समर्थित भएकोमा बाहेक श्री ५ को सरकार र अन्य कुनै विदेशी मुलुकको सरकार बीच भएको कुनै सम्झौताबाट कुनै व्यक्तिको कुनै हक वा दायित्वको सृजना भएको सम्झन नमिल्ने ।

आयकर ऐन, २०३१ को दफा ४२(३) अन्तर्गतको सूचना प्रकाशित गरी श्री ५ को सरकारले त्यस्तो ठेकेदारको आयमा आयकर नलाग्ने भनी छुट दिएको पनि नदेखिएकोले श्री ५ को सरकार र भारत सरकार बीच भएको सम्झौताको धारा ७ अन्तर्गत आयकर नलाग्ने भन्ने निवेदकको जिकिर कानुनसंगत नदेखिने ।

कोशी प्रोजेक्टको बाँध आदि बनाउने काममा प्रयोग गरिएको ढुङ्गा आदि काममा लगाइएको कर नदेखिई नेपाल अधिराज्यभित्र रहेको ढुङ्गाहरु भारत सरकारबाट प्राप्त ठेक्का अनुसार निवेदकले उठँई लगी सोबाट निवेदकलाई भएको आम्दानीमा लागेको आयकर देखन आएकोले सो सम्झौताको दफा ७ मा व्यवस्था भए वमोजिमको ढुङ्गा आदिमा लागेको यो कर हो भन्न मिल्ने देखिएन । यो कुरा कोशी प्रोजेक्ट कोअर्डिनेटिङ्ग किमिटीको १६ औं बैठकमा आइटम नं. ५ मा भएको निर्णयमा उल्लेख भएका कुराहरुबाट पनि पुष्टि हुन आएको देखिन्छ । अतः निवेदकको माग वमोजिम आदेश जारी गर्न मिलेन तर यस्तै विषयमा ने.का.प. २०४४ (नि.नं. ३२७० पृष्ठ, ११७०) मा यस अदालत संयुक्त इजलासबाट (साविक पेज नं. ३६४) रिट जारी गर्ने गरी भएको निर्णयसँग रुलिङ्ग बाझिएको हुँदा स.अ. नियमावली, २०२१ को नियम ३३(ख) वमोजिम पूर्ण इजलासमा पेश गर्न भन्ने समेत यस अदालत संयुक्त इजलासको मित २०४५/१२/७ को निर्णय ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत निवेदनमा प्रत्यर्थीहरुको तर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री खगेन्द्र बस्न्यातले कोशी योजना सम्बन्धमा भएको सन् १९६६ को सम्झौताको धारा ७ अनुसार आयकरमा छुट सुविधा पाउन सकिने होइन । आयकर ऐनले वा अन्य प्रचलित कानुनले प्रष्ट रुपमा छुट सुविधा नदिएसम्म केवल सम्झौताको आधारमा मात्र आयकर छुट सुविधा पाउन नसक्ने हुँदा रिट निवेदन खारेज हुने ठहऱ्याएको सर्वोच्च अदालत संयुक्त इजलासको मिति २०४१५/१२/५ को निर्णय सदर हुनुपर्ने भनी बहस गर्नु भयो ।

आज निर्णय सुनाउन तोकिएको प्रस्तुत रिट निवेदनमा निर्णयतर्फ विचार गर्दा यसमा कोशी प्रोजेक्टको सम्बन्धमा श्री ५ को सरकार र भारत सरकार बीच सम्झौता भए अनुसार कोशी प्रोजेक्टको कार्यान्वयनको लागि नेपालबाट भारत ढुङ्गा लैजाँदा रोयल्टी बाहेक अन्य कुनै पनि प्रकारको कर भन्सार आदि लगाउन नपाउनेमा भारत सरकारबाट कोशी प्रोजेक्टको ढुङ्गा ओसार्नका लागि भनी हाम्रो कम्पनीले ठेक्का लिएकोमा विपक्षी कर कार्यालयले आयकर अग्रिम भुक्तानी नगरी काम गर्ने अनुमति नदिएको हुँदा आयकर अग्रिम दाखिला गरेको थिएँ । सो अग्रिम बुझाएको आयकर फिर्ता माग्न जाँदा फिर्ता नदिएको हुँदा परमादेशको आदेश जारी गरी फिर्ता दिलाई पाउँ भन्ने रिट निवेदन जिकिर भएको पाइन्छ । रिट निवेदकले यो यस कानुन अनुसार आयकर छुट सुविधा पाउने भनी स्पष्ट खोली जिकिर लिन सकेको पाइन्न । कोशी प्रोजेक्टको सम्बन्धमा सन् १९६६ डिसेमुबर १९ मा श्री ५ को सरकार र भारत सरकार बीच भएको सम्झौताको दफा ७ को आधारमा आयकर छुट सुविधा पाउनु पर्ने भन्ने निवेदकले जिकिर लिएको देखिन्छ । प्रचलित नेपाल कानुनद्वारा समर्थित भएकोमा बाहेक श्री ५ को सरकार र अन्य कुनै विदेशी मुलुकको सरकार बीच कुनै सम्झौताबाट कुनै व्यक्तिको कुनै हक वा दायित्वको सृजना भएको सम्झन मिल्दैन । आयकर ऐन, २०३१ मा कोशी प्रोजेक्टबाट ढुङ्गा ढुवानी गर्ने ठेक्काको ठेकेदारले आयकर छुट पाउने व्यवस्था भएको पाइन्न । उक्त ऐनको दफा ४२ को उपदफा (३) मा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै व्यक्ति वा खास किसिमको आयमा लाग्ने कर पूर्ण वा आंशिक रुपले छुट दिन सक्नेछ" भन्ने प्रष्ट व्यवस्था भइराखेको पाइन्छ । उक्त दफा ४२(३) अन्तर्गतको सूचना प्रकाशित गरी श्री ५ को सरकारले त्यस्तो ठेकेदारको आयमा आयकर नलाग्ने भनी छुट दिएको पनि नदेखिएकोले श्री ५ को सरकार र भारत सरकार बीच भएको

सम्झौताको धारा ७ अन्तर्गत आयकर नलाग्ने भन्ने निवेदकको जिकिर कानुनसंगत देखिएन । रिट निवेदन खारेज गर्ने गरेको सर्वोच्च अदालत संयुक्त इजलासको इन्साफ मनासिव ठहर्छ । मिसिल नियम वमोजिम गरी बुझाई दिनु ।१८

४. **निवेदकलाई औद्योगिक व्यवसाय ऐनले भन्सार महसुलसम्म छुट दिएको छ । अन्य कुनै शुल्क लगाउन र असूल गर्न नपाउने गरी उक्त ऐनले कुनै बन्देज लगाएको पाइन्न । कानुनले जुन कुराको सुविधा दिएको छ सो सुविधासम्म अपहरण नहुने हो ।**

भन्सार शुल्क उठाइएको वस्तुमा अन्य कुनै शुल्क लाग्न सक्दैन भनी ऐनमा बन्देज छैन, कानुनद्वारा कर लगाउन र उठाउन संविधानले अधिकार प्रदान गरेकोमा विवाद देखिन्न । यस्तो अवस्थामा निकासी सेवा शुल्क लगाउने र उठाउने व्यवस्था Colourable छ भन्ने स्थिति नहुने ।

निकासी सेवा शुल्क भन्ने शब्द रहेबाट निवेदकलाई निकासी शुल्क लिए वापत सेवा पुऱ्याउनु पर्ने सो पुऱ्याएको छैन भन्ने सन्दर्भमा विचार गर्दा उक्त औद्योगिक व्यवसाय ऐनमा निकासी सेवा शुल्क वापत सेवा प्रदान गरिनेछ भन्ने कतै उल्लेख भएको पाइदैन । कानुनले जुन कुराको दायित्व सुम्पिएको छैन सो पाउनु पर्छ भन्न नमिल्ने ।

निकासी सेवा शुल्क लगाएबाट निकासी उद्योग व्यवसायलाई प्रतिकूल असर पर्छ र श्री ५ को सरकारको हालको आर्थिक एवं औद्योगिक नीतिसँग मेल खाँदैन भन्ने हकमा यो श्री ५ को सरकारको नीतिगत कुरा हो । अदालतय यस्तो आर्थिक नीति अपनाउनु पर्छ भन्ने स्थिति नहुने ।

आर्थिक ऐन कानुनले प्रदान गरेको अधिकार वमोजिम निकासी सेवा शुल्क लगाएकोले सो अवैध छ भन्न मिल्दैन । उक्त कानुन वमोजिम निकासी सेवा शुल्क लगाइने र असूल गरिने हुँदा उक्त निकासी सेवा शुल्क उठाउने वेग्लै निकाय रहेको नदेखिए पनि कानुनबाट उठाउने अधिकार दिएको त्यस्तो निकासी सेवा शुल्क श्री ५ को सरकारले आफ्नो सुविधा अनुसार कुनै अड्डाबाट उठँउने सक्ने हुँदा रिट जारी हुने स्थिति नदेखिने।

निर्णयतर्फ विचार गर्दा यसमा औद्योगिक व्यवसाय ऐन, २०३८ तथा औद्योगिक व्यवसाय ऐन, २०४९ ले समेत प्रस्तुत उद्योगलाई भन्सार महसुल छुट दिएको छ । आर्थिक ऐन, २०४९, आर्थिक ऐन, २०५० तथा आर्थिक अध्यादेश, २०५१ ले

अनुसूची २ मा उल्लेख भएका वाहेक अन्य मालवस्तु नेपाल अधिराज्यबाट विदेशमा निकासी गर्दा निकासी सेवा शुल्क लगाई असूल उपर गर्ने व्यवस्थाले औद्योगिक व्यवसाय ऐनले प्रदान गरेको सुविधालाई अपहरण गरेको छ । भन्सार ऐन, २०१९ को दफा २(ग) मा भन्सार महसुल भन्नाले निकासी वा पैठारी गर्ने मालवस्तुहरुमा समय समयमा लाग्ने नेपाल कानुनले तोकीदिएको दर वमोजिम लाग्ने भन्सार महसुल सम्झनु पर्छ भन्ने भएकोले निकासी वा पैठारी गर्ने माल वा वस्तुहरुमा जुनसुकै नाम गरी रकम असूल गरे पनि सो भन्सार महसुल नै हुने हुँदा औद्योगिक व्यवसाय ऐनले प्रदान गरेको भन्सार छुटलाई निकासी सेवा शुल्कको नाम राखी असूल गर्ने कानुन Colourable निकासी सेवा शुल्क सेवा दिए वापत उठाउने शुल्क हुँदा निवेदक उद्योगले दिएको सेवा शुल्कबाट कुनै सेवा उपलब्ध हुन नआएबाट यो सेवा शुल्क उठाउन मिल्दैन भन्ने निवेदकको मूल भनाई भएको र सोहीअप निवेदक तर्फका विद्वान अधिवक्ताहरुले वहर र वहसनोट समेत प्रस्तुत गर्नु भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणाली व्यवस्थित गर्ने विषयमा अर्थ विधेयक प्रस्तुत गर्न सक्ने अधिकार प्रदान गरेको र उपरोक्त आर्थिक ऐनहरु सो अनुरुप प्रस्तुत भई आर्थिक ऐनको रुपमा आएको पाइन्छ । उपरोक्त आर्थिक ऐनमा निकासी सेवा शुल्क लिने, उठाउने व्यवस्था भएको पाइन्छ । निकासी सेवा शुल्क भनी बोली परेकोले यो कर होइन, आर्थिक ऐन वमोजिम कर लगाई उठाउन पाइने होइन भन्ने निवेदकको माग भएकोमा करको विभिन्न रुप हुन्छ । आर्थिक ऐनमा नै कतै दस्तुर, कतै महसुल, कतै कर र कतै शुल्क भन्ने उल्लेख भएको पाइन्छ । आर्थिक ऐनमा उल्लेखित यी सवै दस्तुर, महुल, शुल्क करको रुप हुँदा यसलाई कर होइन अन्यथा हो भन्ने स्थिति छैन । निवेदकलाई औद्योगिक व्यवसाय ऐनले भन्सार महसुलसम्म छुट दिएको छ । अन्य कुनै शुल्क लगाउन र असूल गर्न नपाउने गरी उक्त ऐनले कुनै बन्देज लगाएको पाइन्न । कानुनले जुन कुराको सुविधा दिएको छ सो सुविधासम्म अपहरण नहुने हो । भन्सार ऐनमा भन्सार महसुलसम्म नियमित (Regulate) गरेको छ, भन्सार महसुल भन्नाले अन्य जुनसुकै महसुल, शुल्क, दस्तुर समेत जनाउँछ भन्ने भन्सार ऐनमा व्यवस्था नभएकोले भन्सार महसुल वृद्धि भन्ने अवस्था रहेन । निकासी सेवा शुल्क एक अर्को रुपमा भन्सार महसुल हुने हो भन्ने निवेदकको भनाई तर्फ हेर्दा भन्सार शुल्क उठाइएको वस्तुमा अन्य कुनै शुल्क लाग्न सक्दैन भनी ऐनमा बन्देज छैन,

कानुनद्वारा कर कर लगाउन र उठाउन संविधानले अधकार प्रदान गरेकोमा विवद देखिन्न । यस्तो अवस्थामा निकासी सेवा शुल्क लगाउने र उठाउने व्यवस्था Colourable छ भन्ने स्थिति भएन ।

निकासी सेवा शुल्क भन्ने शब्द रहेबाट निवेदकलाई निकासी शुल्क भन्ने शब्द रेहबाट निवेदकलाई निकासी शुल्क वापत सेवा पुऱ्याउनु पर्ने सो पुऱ्याएको छैन भन्ने सन्दर्भमा विचार गर्दा उक्त औद्योगिक व्यवसाय ऐनमा निकासी सेवा शुल्क वापत सेवा प्रदान गरिनेछ भन्ने कतै उल्लेख भएको पाइदैन । कानुनले जुन कुराको दायित्व सुम्पिएको छैन सो पाउनु पर्छ भन्न मिल्दैन । उक्त निकासी सेवा शुल्क लगाएबाट निकासी उद्योग व्यवसायलाई प्रतिकूल असर पर्छ र श्री ५ को सरकारको हालको आर्थिक एवं औद्योगिक नीतिसँग मेल खांदैन भन्ने हकमा यो श्री ५ को सरकारको नीतिगत कुरा हो । अदालतले यस्तो आर्थिक नीति अपनाउनु पर्छ भन्ने स्थिति हुँदैन ।

आर्थिक ऐन कानुनले प्रदान गरेको अधिकार वमोजिम निकासी सेवा शुल्क लागएकोले सो अवैध छ भन्न मिल्दैन । उक्त कानुन वमोजिम निकासी सेवा शुल्क लगाइने र असूल गरिने हुँदा उक्त निकासी साव शुल्क उठाउने बेग्लै निकाय रहेको नदेखिए पनि कानुनबाट उठाउने अधिकार दिएको त्यस्तो निकासी सेवा शुल्क श्री ५ को सरकारले आफ्नो सुविधा अनुसार कुनै अड्डाबाट उठाउन सक्ने हुँदा रिट जारी हुने स्थिति देखिएन । रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।[१९]

५. आयकर शब्द स्वयमले "आय" भएमा "कर" लाग्ने कुरा बोध हुन्छ ।यसरी कसैले "आय" आर्जन गरेको छ वा छैन, के कति आय आर्जन गरेको छ भनी यकिन गर्न कानूनले केही खास सर्त र मापदण्ड निर्धारण गरेको पाइन्छ । कारदाताले गरेको खर्च वास्तविक, प्रमाणिक र कानूनद्वारा तोकिएको सर्त वा सीमाभित्र रहेर गरिएको भएमा मात्र छुट वा कट्टी गर्न पाउने हुन्छ । खासगरी व्यापारिक कारोवारको सिलसिलामा खर्च र कट्टी हुनका लागि आय आर्जका लागि भएको वास्तविक खर्चलाई मात्र कानूनले तोकेको सीमा र परिधिभित्र रहेर कट्टी वा छुट दिन सकिने अवस्था रहने ।

करदाताले ऋण लिई वास्तवमा खर्च गरेको भए पनि आय आर्जन सम्बन्धी ब्यापारिक कारोवारको कुरामा बाहेक अन्य निजी प्रयोजनमा गरिएको खर्चलाई छुट वा कट्टा गर्ने विपय बनाउन मिल्दैन । त्यसैले करदाताले छुटको दावी गरेको खर्च करदाताको

कारोवारको प्रकृति अनुसारको र कारोवारकै सिलसिलामा भएको वास्तविक खर्च हो भन्ने तथ्य स्थापित हुन आवश्यक देखिन्छ । यस प्रतिकूलमा खर्चलाई कट्टी गर्ने पाउने छुट नहुने ।

यसमा करदाता श्री पशुपति सिमेन्ट प्रा.लि.को बैंकबाट ऋण लिएर कच्चा पदार्थ आपूर्तिको लागि पेश्की स्वरुप Diamond Cement लाई रु.१,८९,२२,६५६।- रकम दिएकोमा पटक-पटक पत्राचार गर्दा समेत कच्चा पदार्थ नपठाई आ.व. ०६४।०६५ मा मात्र केही रकम फिर्ता पठाएको र बाँकी रकमको समान समेत सो कम्पनीले आ.व. ०६३।०६४ को लागि कर निर्धारण गर्दा उल्लिखित रकमको ब्याज खर्चलाई छुट वा कट्टा नगरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करयोग्य आय भनी रु.७६,०९,६३१।- कायम गरी संशोधित कर निर्धारण आदेश गरेको देखियो । सो आदेश उपर करदाताले आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा सो विभागले सुरु कर निर्धारण आदेशलाई सदर गरेको पाइयो । विभागको निर्णय उपर करदाताको पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरणले सुरु कर निर्धारण आदेश बदर गरेको देखियो । सो फैसला उपर पुनरावेदन गर्न अनुमती प्रदान भई प्रस्तुत मुद्दा निर्णयार्थ पेश हुन आएको पाइयो ।

निर्णयतर्फ विचार गर्दा करदाता पशुपति सिमेन्ट प्रा.लि.लाई आवश्यक पर्ने कच्चा पदार्थ खरिद/आपूर्तिको लागि भारतको Diamond Cement लाई पेश्की स्वरुपलाई रु.१,८९,२२,६५६।- पठाएको भनिएको रकमको ब्याज खर्च कट्टा गर्न पाउने हो वा होइन ? भन्ने नै निर्णय गर्नुपर्ने मुल प्रश्न रहेको देखियो । उल्लिखित रकम बापत आ.व. ०६४।०६५ सम्म सामान नपठाई केही पैसासम्म फिर्ता गरेको र आ.व. ०६५।०६६ मा मात्र बाँकी रकमको सामान पठाएको तथ्य प्रस्तुत हुन आएको छ । आ.व. ०६३।०६४ को अवधिमा उल्लिखित रु.१,८९,२२,६६।- यी करदाताको व्यापारिक कारोवारमा आय ऋण गर्ने प्रयोजनको लागि खर्च भएको थिएन भन्ने तथ्य निर्विवाद रुपमा स्थापित भएको देखिन्छ । यसरी आय आर्जन गर्ने कार्यमा प्रयोगमा नै नआएको रकम बापतको ब्याज खर्च कट्टा गर्न मिल्दैन भन्ने नै पुनरावेदकको मुख्य जिकिर रहेको देखियो ।

आयकर ऐन, २०५८ को दफा १४ (१) मा खर्च कट्टी गर्न पाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छः

“कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणाना गर्ने प्रयजनको लागि सो व्यक्तीको देहायको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेको सबै ब्याज कट्टी गर्ने पाउने छ ।

कुनै रकम ऋण दिएबापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्ष प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ती खरिद गर्न प्रयोग गरिएकोमा वा अन्य कुनै अवस्थामा सो ऋण दायित्व व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना हुन गएकोमा ।

तर यस्तो ऋण दायित्व व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको हुनुपर्नेछ ।"

माथि उल्लिखित कानूनी व्यवस्था बमोजिम कुनै रकम ऋण लिएबापत दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्षको आय आर्जनसम्बन्धी कारोवारमा प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ती खरिद गर्न प्रयोग गरिएको अवस्थामा ब्याज खर्च भनी कट्टी गर्ने पाउने देखिन्छ । सो आय बर्षको व्यवसायिक कारोवारमा प्रयोग नआएको रकम बापत ब्याज खर्च भनी कट्टा गर्न पाउने भनी आयकर ऐन, २०५८ को दफा १४(१) ले छुट दिएको देखिदैन । करदाता स्वयमले नै बैंकबाट लिएको ऋण रकम रु.१,८९,२२,६४६।- मध्येबाट आ.व. ०६३।०६४ मा कुनै कच्चा पदार्थ नआएको भन्ने तथ्य स्वीकार गरेको छ । उक्त आ.व. मा करदाताको आय आर्जन व्यवसायमा प्रयोगमा नै नआएको रकम बापत ब्याजको दायित्व देखाई ब्याज कट्टी भनी छुट पाउने कुरा कानून अनुकुल हुँदैन ।

आयकर निर्धारण गर्ने सम्बन्धमा केही निश्चित सैद्धान्तिक मान्यताहरु रहेका छन् । आयकर शब्द स्वयमले “आय" भएमा “कर" लाग्ने कुरा बोध हुन्छ । यसरी कसैले “आय" आर्जन गरेको छ वा छैन, के कति आय आर्जन गरेको छ भनी यकिन गर्न कानूनले केही खास सर्त र मापदण्ड निर्धारण गरेको पाइन्छ । करदाताले गरेको खर्च वास्तविक, प्रमाणिक र कानूनद्वारा तोकीएको सर्त र सीमाभित्र रहेर गरिएको भएमा मात्र छुट वा कट्टी गर्न पाउने हुन्छ । खासगरी व्यापारिक कारोवारको सिलसिलामा खर्च कट्टी हुनका लागि आय आर्जनका लागि भएको वास्तविक खर्चलाई मात्र कानूनले तोकेको सिमा र परिधिभित्र रहेर कट्टी वा छुट दिन सकिने अवस्था रहन्छ । करदाताले ऋण लिई वास्तवमा खर्च गरेको भए पनि आय आर्जनसम्बन्धी व्यापारिक

कारोवारको कुरामा बाहेक अन्य निजी प्रयोजनमा गरिएको खर्चलाई छुट वा कट्टा गर्न विषय बनाउन मिल्दैन । त्यसैले करदाताले छुटको दावी गरेको खर्च करदाताको कारोवारको प्रकृति अनुसारको र कारोवारकै सिलसिलामा भएको वास्तविक खर्च हो भन्ने तथ्य स्थापित हुन आवश्यक देखिन्छ । यस प्रतिकुलका खर्चलाई कट्टी गर्न पाउने छुट हुँदैन । आय कर ऐन, २०५८ को दफा १४ लगायतका कानूनले यिनै मान्यतालाई आत्मसात गरेर खर्च कट्टी सम्बन्धी व्यवस्था गरेको देखिन्छ । यस प्रसंगमा प्रस्तुत विवादको सन्दर्भमा विचार गर्दा प्रत्यर्थि करदाताले बैंकबाट ऋण लिएको कुरामा सम्म विवाद देखिदैन । तर सो ऋण रकम आ.व. ०६३।०६४ को अवधिमा यी करदाताको आय आर्जनसम्बन्धी करोवारमा खर्च भएको पाइएन । यस अवस्थामा उद्योगको कारोवारमा खर्च नै नगरिएको रकमको ब्याजबापतको रकमलाई आयकर प्रयोजनका लागि खर्चको रुपमा कट्टा गर्न मिल्ने देखिँदैन।

अतः प्रत्यर्थी करदाता उद्योगले भारतीय Diamond Cement लाई पेस्की दिएको भनिएको र रु.१,८९,२२,६४६।- को आ.व. ०६३।०६४ को ब्याजबापतको रु.१२,११,०५०।-खर्च कट्टी गर्न पाउने गरी ठहर गरिएको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।०३।२७ गतेको फैसला आयकर ऐन, २०५८ को दफा १४ लगायत आयकर सम्बन्धी सिद्धान्त एवं मान्यता प्रतिकुल दैखिँदा सो फैसला उल्टी हुन्छ र उक्त रकम आ.व. ०६३।०६४ को ब्याज खर्चको रुपमा कट्टी गर्न नपाइने गरी ठूला करदाता कार्यालयले मिति २०६६।१२।२९ गतेको आन्तरिक राजस्व विभागको अन्तिम कर निर्धारण आदेश सदर हुने ठहर्छ ।[२०]

५. सुधारका क्षेत्रहरु

१. राजस्व छलीका सवै प्रवृत्तिहरुलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ ले कसूर भित्र पार्न सकेको नदेखिदा छलीका सवै प्रवृत्तिहरुलाई समेट्ने गरी कानुनमा संशोधन गर्नुपर्ने ।

२. एकै प्रकृतिका कर छलीका कसूर अपराधको अनुसन्धान छानविन गर्ने निकाय, मुद्दा दायर हुने निकाय र पुनरावेदन सुन्ने निकायहरु फरक फरक देखिएको हुँदा अनुसन्धान, मुद्दा हेर्ने अदालत र पुनरावेदन सुन्ने अदालत सम्बन्धी कानुनी व्यवस्थामा संशोधन गरी एकरुपता कायम गर्नुपर्ने ।

३. राजस्व चुहावटसँग सम्बन्धित निकायहरुमा भएको विद्यमान जनशक्ति राजस्व चुहावटको प्रभावकारी नियन्त्रण गर्न अपर्याप्त रहेको हुँदा पर्याप्त जनशक्ति सहित उक्त निकायहरुलाई साधन स्रोत सम्पन्न बनाउनु पर्ने ।

४. कर अधिकृत, भन्सार अधिकृत लगायतका अधिकारीहरुले निर्णय गर्दा निर्णय पुष्टिका लागि पर्याप्त आधार कारणहरु खोल्ने नगरेको कारणबाट सो निर्णय कायम हुन नसक्ने गरी अदालतबाट फैसला हुने गरेको समेत देखिन्छ । अतः ति अधिकारीहरुको निर्णयमा आधार कारण समेत खुल्नु पर्ने ।

५. संघीय संरचनामा गए पछि नेपालको संविधानले प्रदेश सरकार र स्थानीय सरकारलाई समेत राजस्व असुलीको अधिकार दिएको छ । प्रदेशस्तर र स्थानीय सरकारले उठाउने राजस्वको छली भएमा संघीय सरकारको मातहत रहेका निकायहरुले छानविन, अनुसन्धान गरी मुद्दा दायर गर्न पाउने हो वा सोका लागि प्रदेश र स्थानीयस्तर मातहतमा रहने गरी अर्को संरचना खडा गरिने हो सो सम्बन्धमा कानुनी स्पष्टता कायम रहनु पर्ने ।

सन्दर्भ सामाग्री

१. नेपाली कानुनी शब्दकोष पेज ३८६ सम्पादक शंकर कुमार श्रेष्ठ

२. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(क)

३. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४

४. राजस्व अनुसन्धान विभागको वार्षिक प्रतिवेदन आ.व. २०७२/७३ पेज नं. ५६

५. राजस्व अनुसन्धान विभागको वार्षिक प्रतिवेदन आ.व. २०७२/७३ पेज नं. ५६

६. राजस्व अनुसन्धान विभागको वार्षिक प्रतिवेदन आ.व. २०७२/७३ पेज नं. ५६

७. राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा

८. राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८

९. भन्सार ऐन, २०६४ को दफा

१०. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ११(ख)

११. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १८

१२. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २२

१३. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) (२) (३)

१४. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३३

१५. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २१

१६. थानेश्वर काफ्ले विरुद्ध श्री ५ को सरकार अर्थ मन्त्रालय समेत सम्वत् २०५४ सालको रिट नं. २६२३ विशेष इजलास, निर्णय नं. ६६६६, फैसला मिति २०५५/५/१८

१७. धर्मसागर तुलाधर विरुद्ध कर कार्यालय काठमाण्डौ, उत्प्रेशण, सम्वत् २०३९ सालको रिट नं. १७९६, निर्णय नं.१७३५, फैसला मिति २०४०/८/२३

१८. किसनलाल गोल्छा विरुद्ध कर कार्यालय धरान समेत प्रतिषेध २०४६ सालको रि.पु.इ.नं.३२, निर्णय नं. ४३५१, पूर्ण इजलास, फैसला मिति २०४८/९/२

१९. रुपज्योति विरुद्ध श्री ५ को सरकार अर्थ मन्त्रालय समेत २०५१ सालको रिट नं.२५५२, विशेष इजलास, निर्णय नं. ६३०७, फैसला मिति २०६३/५/२०

२०. ठूला करदाता कार्यालय, हरिहरभवन विरुद्ध पशुपति सिमेन्ट प्रा.लि., आयकर २०७३-RB-०४५१, निर्णय नं. १०००५, फैसला मिति २०७४/१/१९

d"No clej[l4 s/M cjwf/0ffut kIf / ;jf]{Rr cbfntsf] Goflos b[li6sf]0f .

लोकबहादुर कटुवाल◊

१. पृष्टभूमि (Background)

सामान्यतया करलाई दुई भागमा बाँडिन्छ। जसलाई प्रत्यक्ष र अप्रत्यक्ष कर भनिन्छ। मूल्य अभिवृद्धि कर अप्रत्यक्ष कर हो।यो कर बिक्री करको विकसित तथा सुधारिएको रुप हो।यस करका प्रवर्धक प्रसिद्ध जर्मन व्यवसायी तथा अर्थशास्त्री Dr. Wilhelm Von Siemens मानिन्छन्।जसले सन् १९१८ मा एउटा लेख मार्फत यस शव्द प्रयोग गरेका थिए।यस करको प्रयोग सर्वप्रथम सन् १९५४ मा फ्रान्सले गरेको थियो भने हाल विश्वका १६५ भन्दा बढि मुलुकमा लागू भैसकेको छ।कर प्रणाली पारदर्शी हुने, करको आधार बढाउन सकिने, सेवामा कर लगाउन सजिलो हुने तथा राजस्व चुहावटमा अंकुश लगाउन सकिने लगायतका विषेशता भएको यो प्रणाली नेपालमा वि.सं. २०५४ साल मंशिर १ गतेवाट लागू भएको हो।

२. अर्थ र परिभाषा (Meaning and Definition)

मूल्य अभिवृद्धिकर एउटा वैज्ञानिक कर प्रणाली हो।वस्तु तथा सेवामा लगाईने यो कर संकलन, भार र प्रभावको दृष्टिकोणले यो अप्रत्यक्ष कर हो ।More than 160 countries around the world use value-added taxation, and it is most commonly found in the European Union. But it is not without controversy. Advocates say it raises government revenues without punishing success or wealth, as income taxes do; it is also simpler and more standardized than a traditional sales tax, and there are fewer compliance issues. Critics charge that a VAT is essentially a regressive tax that places an increased economic strain on lower-income taxpayers, and also adds bureaucratic burdens for businesses.

Value-added taxation is based on a taxpayer's consumption rather than his income. In contrast to a progressive income tax, which levies greater taxes on higher-level earners, VAT applies equally to every purchase.

कुनै पनि वस्तु वा सेवाको साविक मूल्यका विभिन्न तहमा विभिन्न क्रियाकलापद्वारा अतिरिक्त मूल्य र उपयोगिता वृद्धि गर्नाले वस्तु वा सेवाको वास्तविक मूल्यमा जति वृद्धि हुन्छ, त्यसमा लिइने करलाई मूल्य अभिवृद्धिकर भनिन्छ।यो कर प्रणाली लाई वैज्ञानिक यस

◊ उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

कारण मानिन्छ कि थोक, खुद्रा, पैठारी व्यापार, निकासी, उद्योग आदि सबैमा लागू हुने हुँदा करको आधार फराकीलो भई करदाता संख्या बढ्ने, वितरण प्रक्रियामा कर लाग्न गई दायरा बढ्ने, करमा स्वयं सहभागी हुने संयन्त्रको विकास हुने, छरिएका करहरु एकीकृत रुपमा आउने, मितव्यायी र लचिलो प्रणाली भएको एवं नियन्तण पद्दतिको प्रवर्द्धन हुने, कर प्रशासनमा विशिष्ट क्षमता विकास गराउन सकिने हुन्छ। मूल्य अभिवृद्धि करलाई यसरी अर्थ लगाउने गरेको पाईन्छ।

Vat is a tax that is based on goods and services. It is also considered to be a tax that is based on consumption. Since this tax is based on consumption, the burden of this has to be borne by the consumption. This tax is levied on the value addition at each stage from the time of production to consumption of all goods and services. Value addition implies the difference between the purchase price and the sale price of any goods or services. The difference between the purchases and sales is the price that has been incurred in labor, capital etc. in relation to production or sale of goods and services. This also includes the profit amount that is due to the businessman for taking the risk. Therefore, the value addition includes the entire expenses and profit incurred in the process of preparing the goods or service for sale after its purchase. When the vender sells such goods or services he/ she collects tax on it and deducts from it the tax incurred while purchasing the goods or service and has to submit only the difference amount to the government.[१]

From the economists' point of view, a property implemented value added tax is equivalent to corresponding single stage tax, unlike the expenditure tax, the value added tax is not a genuinely new form of taxation but merely a sales tax administered in a different form.[२]

The value added tax is a form of sales tax. It is a tax on consumption levied on the sale (supply) of goods and services. An important characteristic of the VAT is that the tax is applied only to the value added by the firm, that is, to the excess of its sales over its purchases of goods from other business firms. The vat is usually collected thru the tax credit method.[३]

- लोकबहादुर कटुवाल

[१] Rup khadka, Value Added Tax, Four Years Of Implementation, Inland Revenue Department and Value Added Tax Project, 2001,p. 2

[२] डा. चन्द्रमणि अधिकारी, नेपालको कर कनुन,पैरवी प्रकाशन,२०६८,पृ. १२८

[३] Victor A.Deoferio and Victorino C. Mamalateo, The Value Added Tax in the Philippines, Ist.ed. 2000, p. 33-34

नेपालमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ लागु भएपछि मिति २०५४ मंशिर १ गते बाट मुल्य अभिवृद्ध कर लागु भएको हो। ऐन तथा नियमावलीले गरेका मुख्य मुख्य केहि कानुनी व्यवस्थाहरु लाई यहाँ संक्षेपमा उल्लेख गर्ने प्रयास गरीएको छ।

कर विवरण

कर विवरण भनेको दर्ता भएका करदाताले आफ्नो कारोवारको खरिद तथा बिक्री सम्बन्धी विवरण आन्तरिक राजस्व कार्यालयमा बुझाउन प्रयोग गरिने अनुसूची १० बमोजिमको ढाँचाको विवरण हो। जुन विवरण प्रत्येक महिना करदाताले आफ्नो दर्ता किसिम अनिवार्य वा स्वैच्छिक हिसाबले मासिक, दुईमासिक वा चौमासिक रुपमा बुझाउनु पर्दछ। कर अवधि समाप्त भएको २५ दिन भित्र आन्तरिक राजस्व कार्यालयमा तथा आन्तरिक राजस्व कार्यालय नभएका जिल्लाका हकमा करदाताले २५ गते भित्र कोश तथा लेखा नियन्तण कार्यालयमा पेश गर्नु पर्दछ । कर अधिकृतले देहाएको कुनै अवस्थामा कर निर्धारण गर्न सक्छ।

- म्यादभित्र कर विवरण पेश नगरेमा,
- अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेमा,
- झुठ्ठा कर विवरण पेश गरेमा,
- करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास पर्ने कारण भएमा,
- आपूर्ति मूल्यमा न्यून विजकीकरण गरेको भन्ने कर अधिकृतलाई लागेमा,
- न्यून विजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा,
- दर्ता हुनुपर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोवार गरेमा,
- बिजक जारी नगरी विक्री गरेमा,
- दर्ता नभएको व्यक्तिले कर उठाएमा आदि।

कर फिर्ता

कर फिर्ता भनेको दर्तावाल व्यक्तिले आफूले उठाएको कर खरिदमा तिरेको करमा मिलान नभई बाँकि रहेको अवस्थामा फिर्ता पाउने गरी गरिएको व्यवस्था हो। साथै दर्ता भएको व्यक्ति बाहेक करको भार बहन गर्नु नपर्ने कुटनीतिज्ञ, कुटनीतिक नियोग र कर छुटको सुविधा प्राप्त व्यक्ति वा संस्थाहरूलाई उनीहरूले खरिद गरेको बस्तु वा सेवामा तिरेको वा

तिर्नु पर्ने कर फिर्ता गरिन्छ ।कारोवार भएको मितिले तीन वर्ष भित्र फिर्ताका लागि निवेदन दिनु पर्छ। मुलतः देहाए बमोजिमको अवस्थामा कर फिर्ता हुन्छ।

- महिनाभरिको कूल विक्री मध्ये ४० प्रतिशतभन्दा बढी निर्यात बिक्री गर्न दर्ता भएको नियमित निकासीकर्ताले खरिदमा तिरेको वा तिर्नुपर्ने कर आफूले उठाएको करमा मिलान हुन नसकी बाँकि रहेको कर,
- छ महिनासम्म मिलान हुन नसकेको कर,
- नेपाल सरकार, परराष्ट्र मन्त्रालयले कूटनैतिक मान्यता प्रदान नेपालको कूटनीतिज्ञलाई विदेशी राष्ट्रले पारस्परिकताको आधारमा वा क्षेत्रीय, अन्तर्राष्ट्रिय नियोग तथा संस्थामा कार्यरत कूटनैतिक सुविधा प्राप्त व्यक्तिलाई कर छुटको सुविधा प्रदान गरेको रहेछ भने नेपाल राज्य स्थित त्यस्तो राष्ट्र, क्षेत्रीय, अन्तर्राष्ट्रिय नियोग तथा संस्थाको कूटनीतिज्ञले आफूले उपभोग गरेको हदसम्म नेपाल राज्यभित्र तिरेको करको रकम,
- नेपाल सरकार, अर्थ मन्त्रालयले कर छुटको सुविधा प्रदान गरेको अन्तर्राष्ट्रिय संस्था वा त्यस्तो संस्थाले तिरेको करको रकम,
- नेपाल सरकार, अर्थ मन्त्रालयबाट कर छुटको सहमति प्राप्त दुई वा बहुपक्षीय सम्झौता बमोजिम नेपाल राज्यभित्र आयोजना संचालन गर्ने सिलसिलामा तिरेको करको रकम,
- भूलबाट असुल गरिएको करको रकम आदि।

कर भुक्तानी

करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चिस दिन भित्र बुझाउनु पर्दछ ।तोकिएको म्याद भित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा दश प्रतिशतका दरले थप दस्तुर लाग्दछ।थप दस्तुरका अतिरिक्त वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत बुझाउनु पर्दछ ।साथै यस ऐन बमोजिमको बुझाउनु पर्ने कर कुनै करदाताले म्यादभित्र नबुझाएमा महानिर्देशकको पूर्व स्वीकृति लिई सम्बन्धित कर अधिकृतले देहाएको कुनै वा सबै तरिका अपनाई कर असुल गर्न सक्छ।कर रकम बुझाउदा तोकिएका बैंकहरु तथा अनलाइन मार्फत पनि बुझाउन सकिन्छ।

- करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,
- करदाताको चल तथा अचल सम्पति कब्जा गरेर,

- करदाताको सम्पूर्ण वा केही सम्पत्ति एकै पटक वा पटक पटक गरि सिलवन्दी वोलपत्र वा सार्वजनिक वढावढद्धारा लिलाम विक्री गरेर,
- बैंक तथा अन्य वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,
- नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै संगठित सःंस्था वा स्थानीय निकायहरूबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,
- करदाताको आयात निर्यात र अन्य कारोवार रोक्का गरेर,

कर छुट

कर छुट भन्नाले त्यस्तो आपूर्तिलाई बुझाउँछ, जस अन्तर्गत बिक्रेताले न त मूल्य अभिवृद्धि संकलन गर्छ न त आपूर्तिकर्ता संग खरिदमा तिरेको कुनै कर कट्टि दावी गर्न सक्छ। कर छुटको कारोवार गर्नेले दर्ता पनि गर्नु पर्दैन ।ऐनको अनुसूचि १ मा उल्लेख गरिएका वस्तु तथा सेवा बाहेक देहाएका कारोवारमा मूल्य अभिवृद्धि कर लाग्छ।

- नेपाल राज्यभित्र आपूर्ति भएका वस्तु वा सेवामा,
- नेपाल राज्यभित्र आयात गरिएको वस्तु वा सेवामा,
- नेपाल राज्य बाहिर निर्यात गरिएको वस्तु वा, सेवामा।

कर छुट हुने वस्तु तथा सेवाहरु निम्न छन्।

- आधारभूत कृषि उत्पादनहरू,
- आधारभूत आवश्यकताका वस्तुहरू,
- जीवजन्तु तथा सोको उपज,
- कृषि सामग्रीहरू,
- औषधि उपचार र यस्तै स्वास्थ्य सेवाहरू,
- शिक्षा किताब, अखवार र मुद्रित सामग्रीहरू,
- सांस्कृतिक, कलात्मक र कालीगढी सेवा,
- यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरू,
- व्यावसायिक वा पेशागत सेवा,
- अन्य वस्तु तथा सेवा आदि।

कर कट्टी

कर कट्टी भनेको मूल्य अभिवृद्धिकरमा दर्ता भएको कुनै पनि करदाताले आफूले कारोवार गरेको कुनै बस्तु तथा सेवाको विक्रीमा संकलन गरेको (Output Tax) बाट पहिले त्यस्तो बस्तु तथा सेवा खरीद गर्दा तिरेको कर (Input Tax) कटाएर बांकी रहेको रकम मात्र सरकारलाई बुझाउनु पर्दछ । यसरी बिक्रीमा असुल गरेको करबाट खरीदमा तिरेको कर कटाउन पाउने व्यवस्थालाई कर कट्टी (Tax Credit) भनिन्छ ।मुलतः मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफ्नो व्यवसायिक कारोवारको सिलसिलामा खरीद वा पैठारी गरेका कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, ,पैकिंग सामान, पुनर्विक्रीका सामान, मेशिनरी औजार, इक्विपमेन्ट, अफिस सामान, टेलिफोन महसुल, सवारी साधन, डिजेल र संचार व्यवस्था लगायतका व्यावसायिक कारोवारसंग सम्बन्धित सबै किसिमका खर्चहरुमा कर कट्टी गर्न दावी गर्न पाइन्छ ।

व्यावसायिक र ब्यक्तिगत दुबै प्रयोजनका लागि प्रयोग हुन सक्ने देहाय बमोजिमका वस्तु तथा सेवाहरूमा तिरेको कर कट्टी दावी गर्न मिल्दैन ।

(क) पेय पदार्थ ,

(ख) अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ जस्तै रक्सी , वियर,

(ग) सवारी सादनका लागि हल्का पेट्रोलियम,

(घ) मनोरञ्जन खर्च आदि।

तर उल्लेखित वस्तु तथा सेवाहरूको आपूर्ति गर्ने कार्य नै मुख्य व्यवसाय रहेको खण्डमा भने पुर्णरुपमा कर कट्टी दावी गर्न पाईन्छ ।

३. मूल्य अभिवृद्धि कर सम्वन्धी विवादका सम्बन्धमा सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण

मूल्य अभिवृद्धि कर संग सम्वन्धित विवाद मात्र समावेश भएका मुद्दाहरु नगण्य मात्रामा मात्र सर्वोच्च अदालतमा पुगेको देखिन्छ।यहाँ ति नै मुद्दाहरु मध्ये निम्न मुद्दाहरुमा सर्वोच्च अदालतबाट भएका निर्णयको विष्लेषण गर्ने प्रयास गरिएको छ।

(१) महेशकुमार अग्रवाल विरुद्ध साविक मूल्य अभिवृद्धि कर विभाग हाल आन्तरिक राजस्व विभाग, काठमाण्डौ।[४]

[४] नेकाप. २०६६, अंक ६, नि.नं. ८१७३

सर्वोच्च अदालतमा दिएको निवेदनपत्रः- मूल्य अभिवृद्धिकर अनुमानित बिक्रीमा लाग्ने कानूनी व्यवस्था छैन । कानूनबमोजिम चिया बापतको सर्टेजलाई बिक्री मान्न मिल्दैन । मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(१) को व्यवस्था भनेको करकट्टि गरिएको वस्तुहरू स्टकमा रहेको छ भने त्यस्ता वस्तुहरू कर अधिकृतले हेर्न चाहे वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनुपर्छ । कर अधिकृतले गणना गर्दा कारोवारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनु पर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरू प्रचलित बजार मूल्यमा बिक्री भएको मानिने भन्ने हो । करदाताले आफ्नो कारोवारमा भएको नोक्सानीलाई बिक्री मान्ने भन्ने नियम ४०(१) को व्यवस्था होइन । बीजकमा क्रेताको नाम लेख्न छुटाउने गल्ती निवेदकबाट भएको नभई आपूर्तिकर्ताबाट भएकोले निजले गरेको गल्तीको सजायको भागिदार हामीलाई बनाउन मिल्दैन । बीजकबमोजिम मूल्य अभिवृद्धिकर असूल भई ऐनको उद्देश्य पूरा भइसकेकोमा पुनः कर माग गर्नु न्यायिक समृद्धिको सिद्धान्त समेतले नमिल्ने हुँदा राजश्व न्यायाधिकरण, काठमाडौबाट भएको फैसलामा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को देहाय (क), (ख), (ग) र (घ) को प्रत्यक्ष त्रुटि भएकोले पुनरावेदन गर्ने अनुमति प्रदान गरी कर निर्धारण आदेशपत्र, राजश्व न्यायाधिकरणको फैसला बदर गरी गैरकानूनी कर तथा जरीवाना थप दस्तूर तथा व्याजको दायित्वबाट मुक्ति गरिपाऊँ भन्ने समेत व्यहोराको मिति २०६०।९।१७ को निवेदनपत्र ।

अदालतको ठहरः- निर्णयतर्फ बिचार गर्दा कर दाताले मूल्य अभिवृद्धि कर अवधि ०५५ साल साउन महिना १ ऐ. ०५५ साल मंसिर महिना देखी ऐ. चैत महिनासम्म महिना ५, ०५६ साल असार महिना १, ऐ २०५६ साल मंसिरमहिना देखि २०५७ असार सम्म ८(आठ) महिना गरी जम्मा १५ महिना अवधिको करको सम्बन्धमा पूर्व कर निर्धारणमा परिवर्तन गरी थप दस्तूर, व्याज, जरीवाना समेत रु. ४,५४,६३१।– कर मूल्य अभिवृद्धि कर विभागबाट कर निर्धारण आदेश उपर राजश्व न्यायाधिकरणमा परेको पुनरावेदनमा राजश्व न्यायाधिकरण काठमाडौबाट फैसला हुँदा पुनरावेदकलाई रु. ४,१४८।– जरीवाना गरेको हदसम्मको मूल्य अभिवृद्धि कर निर्धारण निर्णय मिलेको नदेखिँदा आन्तरिक राजश्व विभागको निर्णय केही उल्टी हुने ठहरी फैसला भएको देखिन्छ। पुनरावेदकले राजश्व न्यायाधिकरणको आदेशमा चित्त नबुझाई यस अदालतमा पुनरावेदन गर्न अनुमतिको लागि निवेदन गरेकोमा यस अदालतबाट २०६२।२।५।५ मा पुनरावेदन गर्ने अनुमति प्रदान भई यस अदालतको पुनरावेदन दायरीमा दर्ता भई पेश हुन आएको रहेछ ।

यसमा मुख्य गरेर मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७(३) ले रु. पचास हजार सम्मको चिज वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको बीजकमा निजको नाम,ठेगाना र स्थायी लेखा नम्वर उल्लेख गरेको भए करकट्टि गर्न पाउनेमा नाम उल्लेख नभएको बीजकको हकमा क्रेडिट दावी गर्न नपाउने र सोही मू.अ. कर नियमावलीको नियम ४०(१) मा स्टकमा रहनु पर्ने वस्तु स्टकमा रहेको नपाइएको अवस्थामा प्रचलित बजार मूल्यमा बिक्री भएको मानिने व्यवस्था रहेको सन्दर्भमा स्टकमा रहनु पर्ने माल स्टकमा नरहेमा सर्टेज भनी मान्ने नभई बिक्री भएको अनुमान गर्नुपर्ने भन्ने राजश्व न्यायाधिकरणको फैसला नमिलेको भन्ने निवेदन जिकीर रहेको पाइयो ।

पचास हजार रुपैया सम्मको वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको बीजकमा निजको नाम ठेगाना र स्थायी लेखा नम्वर उल्लेख नभएको करकट्टिको सुविधा प्राप्त हुन्छ हुँदैन भन्ने सन्दर्भमा हेर्दा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७(३) मा खुद्रा बिक्रेताले स्थायी लेखा नम्वर नभएका व्यक्तिलाई जतिसुकै रकमको वस्तु वा सेवा आपूर्ति गर्दा लाग्ने कर समेत नदेखाई मूल्यमा गाभी अनुसूची ५क बमोजिमको ढाँचामा एकमुष्ट कर बीजक जारी गर्नुपर्ने छ । स्थायी लेखा नम्वर भएका प्रत्येकले पचास हजार रुपैया सम्मको वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको बीजकमा निजको नाम ठेगाना स्थायी लेखा नम्वर उल्लेख गरेको भए करकट्टि सुविधा पाउने छ भन्ने व्यवस्था भएको र त्यस्तो नाम ठेगाना र स्थायी लेखा नम्वर उल्लेख नभएको बीजकको सम्बन्धमा सोही नियमावलीको नियम १७(४) मा कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने सबै बिक्रेताले आफ्नो तथा प्रापकको नाम ठेगाना,स्थायी लेखा नम्वर,मिति र सिलसिलावार र नम्वर तथा सामानको स्पष्ट विवरण सहितको बीजक जारी गर्नुपर्ने छ । उत्पादक तथा आयातकर्ताले प्रापकको नाम,स्थायी लेखा नम्वर र ठेगाना स्पष्ट उल्लेख नगरी बीजक जारी गरेमा त्यस्तो बिक्रीलाई प्रचलित बजार मूल्यमा खुद्रा बिक्री सरह मानिनेछ छ भन्ने उल्लेख भएको देखिन्छ । यसबाट प्रस्तुत नियमावलीले मूल्य अभिवृद्धि करमा दर्ता भएको खरिद कर्ता र दर्ता नभएको खरिदकर्तालाई जारी गरिने बीजक फरक फरक गरेको देखिन्छ । मूल्य अभिवृद्धि कर वस्तु वा सेवा बिक्रीको प्रत्येक तहको मूल्य अभिवृद्धिमा कर लगाइने हुँदा सोको बीजक जारी गर्नुपर्ने हुन्छ । साथै त्यस्तो कर प्रत्येक तहको मूल्य अभिवृद्धिमा मात्र लगाइने हुँदा मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७ बमोजिम कट्टी गर्न पाउने व्यवस्था गरेको पाइन्छ । तर उपभोक्तालाई बिक्री गरीने वस्तु तथा सेवामा र मूल्य अभिवृद्धिमा दर्ता नभएको बिक्रेतालाई सामान बिक्री गर्दा निजहरूले आफूले बुझाएको करको रकम फिर्ता पाउने नसक्ने हुँदा मूल्य

अभिवृद्धि कर नियमावलीको नियम १७(३) मा कर रकम समेतलाई मूल्यमा गाभी कर बीजक जारी गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ । त्यस्तै गरी सोही नियमावलीको नियम १७(४) ले प्रापकको नाम,ठेगाना र स्थायी लेखा नम्वर नखुलेको बिक्रीलाई खुद्रा बिक्रीसरह मानेको देखिन्छ।

पुनरावेदकको पुनरावेदन जिकीरमा बीजकमा क्रेताको नाम लेख्न छुटाउने गल्ती निवेदकबाट भएको नभई आपूर्तिकर्ताबाट भएकोले निजले गरेको गल्तिको सजायको भागिदार बनाउन मिल्दैन भन्ने जिकीर लिएको देखिए तापनि मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ अनुसार आपूर्तिकर्ताले बीजक जारी गर्नुपर्ने र बीजक लिनु प्रापकको कर्तव्य हुने देखिन्छ । यसमा पनि मूल्य अभिवृद्धि करमा दर्ता भएको बिक्रेताले आफूले खरिद गरेको सामानको रित पूर्वक बीजक लिनु निजको कानूनी कर्तव्य हुन्छ । निजले आफूले तिरेको करकट्टि गरी फिर्ता लिने प्रयोजनको लागि रीतपूर्वकको बीजक हुनु कानूनतः अनिवार्य हुँदा सो सम्बन्धमा पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्ने देखिदैन ।

कारोवारको सिलसिलामा भएको सर्टेज सम्बन्धमा हेर्दा सो सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीमा स्पष्ट व्यवस्थाको अभाव देखिन्छ । राजश्व न्यायाधिकरणबाट फैसला हुँदा मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ४०(१) स्टकमा रहनु पर्ने वस्तु स्टकमा रहेको नपाइएको अवस्थामा प्रचलित बजार मूल्यमा बिक्री भएको मानिने भन्ने ठहर भएको सम्बन्धमा हेर्दा मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ४०(१) मा कस्तो व्यवस्था गरिएको छ र उक्त व्यवस्थाको उद्देश्य र प्रयोजन के हो भन्ने कुरा तर्फ पनि बिचार गर्नुपर्ने हुन आयो । उक्त नियमको ४०(१) निम्नानुसार छः–

"करकट्टि गरिएको वस्तुहरू स्टकमा रहेको छ भने त्यस्तो वस्तुहरू कर अधिकृतले हेर्न चाहेमा वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनुपर्नेछ । कर अधिकृतले त्यस्ता बस्तुहरू हेर्दा वा गणना गर्दा त्यस्तो वस्तुहरू कर लाग्ने कारोवारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनु पर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरू प्रचलित बजार मूल्यमा बिक्री भएको मानिने छ"

मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ४०(१) को उद्देश्य र प्रयोजनको वारेमा बिचार गर्दा उक्त नियमावलीको नियम ३९(१) तथा ३९(३) मा गरिएको व्यवस्था समेत हेर्नु पर्दछ । उक्त नियमावलीको नियम ३९(३) मा गरिएको व्यवस्था अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा निजले

वस्तु बिक्री गर्दा संकलन गरेको करबाट वस्तु खरिद तथा आयात गर्दा तिरेको कर कटाई बाँकी रहेको रकम कर विवरण माथि कर कार्यालयमा दाखिला गर्नुपर्दछ । उक्त नियमावलीको नियम ४०(१) मा गरिएको व्यवस्थालाई नियम ३९(१) तथा ३९(३) मा गरिएको व्यवस्थासँग तुलना गरी हेर्दा नियम ३९(१) तथा ३९(३) अनुसार कुनै वस्तु खरिद गर्दा खरिद कर्ताले भुक्तानी गरेको मूल्य अभिवृद्धि करको रकम निजले यस्तो वस्तु बिक्री गर्दा संकलन गरेको करको रकम कट्टा गरी लिएको वस्तुहरूको स्टकको सम्बन्धमा मात्र लागू हुने देखिन्छ । कुनै मूल्य अभिवृद्धि करमा दर्ता भएको कुनै करदाताले वस्तु खरिद गर्दा तिरेको करको रकम उक्त वस्तु बिक्री गर्दा संकलन गरेको रकमबाट कट्टा गराई फिर्ता लिने तर यसरी कर कट्टा गरिएको वस्तुको बिक्री गरेको अभिलेख पनि नदेखाउने र यस्तो वस्तु स्टकमा रहेको पनि देखाउन नसकेको अवस्थामा खरिद गर्दा संकलन गरेको कर उक्त वस्तुको बिक्रीबाट संकलन गरेको करको रकमबाट कट्टा गरी फिर्ता लिन पाउने सम्बन्धमा मूल्य अभिवृद्धि नियमावलीको नियम ३९(१) र ३९(३) मा गरिएको व्यवस्थाको दुरुपयोग हुन सक्ने अवस्था रहन्छ । यसै कारणले नै कर कट्टि गरी लिएको वस्तुको बिक्री र स्टकमा रहेको वस्तुको परिणामको बीचमा भिन्नता देखिएमा सो भिन्नताको हदसम्मको परिमाणका वस्तु स्टकमा रहेको मानिने कुरा तर्कसँगत र न्यायसँगत पनि छ । तर यो व्यवस्था कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको रुपमा प्रयोग हुने वस्तुको हकमा लागु हुन सक्दैन ।

यसैगरी कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको शतप्रतिशत नै उत्पादित वस्तुमा समाहित हुने वा मिसिएर आउने भन्ने कुराको पनि तर्कसँगत अनुमान गर्न सकिदैन । उत्पादनको प्रक्रियामा कच्चा पदार्थको केही अंश नष्ट हुने,प्रयोगमा नआउने वा कम हुने वा जर्तीमा जाने भन्ने कुरा सबै प्रकारका वस्तुको उत्पादनको सम्बन्धमा लागु हुने कुरा हो । यो कुरा चिया उत्पादन गर्ने उद्योगहरूको हकमा चियाको उत्पादन तथा प्रशोधनको प्रक्रियामा १% देखि २% सम्म जर्ती जाने भन्ने कुरा नेपाल सरकारको निकायको रुपमा रहेको राष्ट्रिय चिया तथा कफी विकास वोर्ड (National Tea and Coffee Development Board) को मिसिल संलग्न मिति २०५९।४।२२ को पत्रबाट पनि देखिन्छ । प्रस्तुत विवादमा जर्तीको अंश कुनै आ.व मा १.४१% र कुनै आ.व मा १.५% सम्म मात्र रहेको भन्ने पुनरावेदनको जिकीर रहेको छ र यो तथ्यलाई विपक्षी कर कार्यालयले खण्डन गर्न सकेको अवस्था पनि देखिदैन ।

उपरोक्त आधार र कारणबाट कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थ र बिक्रीको लागि खरिद गरिएका सामान्य खरिद बिक्रीका सामानहरूको खरिद,बिक्री तथा प्रयोगको सन्दर्भलाई छुट्याएर हेर्नु पर्दछ । उत्पादनको प्रक्रियामा जर्ती जाने परिमाण र खरिदमा कर कट्टा गरिएका तर बिक्री भएको देखाउन नसकिएका वस्तुहरू फरक हुन । यसैले उत्पादनको प्रक्रियामा जर्ती जाने सक्ने प्रकृति र परिमाणको कच्चा पदार्थलाई नियमित ब्यापारिक प्रक्रियामा बिक्री गर्नको लागि खरिद गरी करकट्टा गरिएको वस्तुको समकक्षमा राखी जर्ती गएको कच्चा पदार्थको हकमा पनि मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(१) को व्यवस्था लागु गर्नु उक्त नियमको उद्देश्य र प्रयोजन विपरीत हुने देखिन्छ । तर प्रस्तुत मुद्दामा पुनरावेदकले स्टकमा रहेका वस्तुहरू उत्पादन प्रक्रियामा सर्टेज भएको कारणले घट्न गएको भन्ने जिकीर लिएको देखिन्छ । राजश्व न्यायाधिकरणको फैसलाबाट पुनरावेदकले जिकीर लिएको सर्टेज भएको बस्तु सर्टेज नभई अन्यथा भएका हुन् भन्ने देखाइएको पाइदैन । उल्लिखित आर्थिक वर्षहरूको विवादित कर निर्धारण चियाको धुलो पुर्नउत्पादन गरी प्याकेजिङ गर्ने इण्डस्ट्रिजको कारोबारका सम्बन्धमा गरिएको र यस्तो वस्तुहरूको उत्पादन गर्दा सर्टेज नै हुँदैन भन्न सकिने अवस्था पनि हुँदैन । सर्टेजमा कर लगाउने व्यवस्था मूल्य अभिवृद्धि कर ऐन,२०५२ लगायत कुनै पनि कानूनमा भएको देखिदैन । कच्चा पदार्थको प्रयोग गरी उत्पादन गर्दा कच्चा पदार्थमा केही सर्टेज हुन्छ भनी मानेको अवस्थामा त्यस्तो सर्टेज भएको वस्तु स्टकमा रहेको हुन्छ भनी मान्न सकिदैन र बिक्री भएको मान्न पनि सकिदैन । विधायिकाले बनाएको स्पष्ट कानूनको अभावमा अनुमानको आधारमा कर लगाउन नमिल्ने हुँदा त्यस्तो प्रष्ट कानूनी व्यवस्था छैन भनी जानी जानी सर्टेजमा कर लगाउने र असूल उपर गर्ने कार्य अन्तरिम संविधानको धारा ८९ को विपरीत हुनुको साथै मूल्य अभिवृद्धि कर ऐन,२०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को समेत विपरीत देखियो ।

उपरोक्त आधार र कारणबाट खरिद गरेको सामानको रीतपूर्वकको बीजक नभएको सम्बन्धमा राजश्व न्यायाधिकरणको फैसला सदर हुन्छ । मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(१) को आधारमा सर्टेजमा मूल्य अभिवृद्धि कर लगाएकोलाई सदर गरेको राजश्व न्यायाधिकरणको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी हुन्छ ।

फैसलाको विष्लेषणः- आफुले तिरेको करकट्टि गरि फिर्ता लिने प्रयोजनका लागि रीतपुर्वकको विजक हुनु कानुनतः अनिवार्य हुँदा वस्तु वा सेवा विक्री गर्दा आपुर्तिकर्ताले

विजक जारी गर्नु पर्ने र सो विजक लिनु प्रापकको कर्तव्य हुने हुँदा विना विजक करकट्टिको दावि नपुग्ने गरि भएको प्रस्तुत फैसला कानुन संगत रहेको तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(१)मा करकट्टि गरिएको वस्तुहरू स्टकमा रहेको छ भने त्यस्तो वस्तुहरू कर अधिकृतले हेर्न चाहेमा वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनुपर्नेछ । कर अधिकृतले त्यस्ता बस्तुहरू हेर्दा वा गणना गर्दा त्यस्तो वस्तुहरू कर लाग्ने कारोवारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनु पर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरू प्रचलित बजार मूल्यमा बिक्री भएको मानिने छ भन्ने स्पष्ट कानुनी व्यवस्था भएको सन्दर्भमा विधायिकाले बनाएको स्पष्ट कानूनको अभावमा अनुमानको आधारमा कर लगाउन नमिल्ने हुँदा त्यस्तो प्रष्ट कानूनी व्यवस्था छैन भनी जानी जानी सर्टेजमा कर लगाउने र असूल उपर गर्ने कार्य अन्तरिम संविधानको धारा ८९ को विपरीत हुनुको साथै मूल्य अभिवृद्धि कर ऐन,२०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को समेत विपरीत देखियको भनि भएको फैसला मिलेको देखिन्दैन।

(२) **आन्तरिक राजस्व कार्यालय सिमरा बाराका तर्फबाट प्रमुख कर अधिकृत प्रेमशान्त मानन्धर विरुद्ध ईष्टर्न टेक्कस्टाईल ई. लि. छातापिपरा बारा।**[५]

सर्वोच्च अदालतमा दिएको निवेदनः- करदाताले अरुको ग्रे कपडा ल्याई डइङ सेवा प्रदान गरेको हकमा समेत उल्लेखित सुविधा उपभोग गरी square off गरी संकलित करको हिसाव मिलान गरेको पाइएकाले त्यस्तो सेवा बिक्री गर्ने प्रयोजनको लागि खरिद भएको सामानमा तिरेको Input Tax मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(४) बमोजिम समानुपातिक हिसाबबाट कट्टा गरी बांकी कर रकम निज करदाताबाट असुल गर्नु पर्ने नै भई कर निर्धारण गरिएको हो ।साथै राजस्व न्यायाधिकरणबाट समेत अरुको ग्रे कपडा ल्याई डाइङ सेवा प्रदान गरी ज्याला लिई सामान फर्काई सेवा बिक्रि भएको स्तिथिमा भने सो कपडा उद्योगको कार्य भएको नहुने भइ त्यस्तो अवस्थामा भने कर फिर्ताको सुविधा उद्योगले पाउने हुदैन भन्ने व्यहोरा उल्लेख समेत भएको सन्दर्भमा राजस्व न्यायाधिकरण काठमान्डौबाट कानुनको त्रुटीपूर्ण व्याख्या गरि गरेको सो हदसम्मको फैसला बदर गरी शुरु कर निर्धारण आदेशलाई नै सदर गरी पाँउ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व

---

[५] आन्तरिक राजस्व कार्यालय सिमरा बाराका तर्फबाट प्रमुख कर अधिकृत प्रेमशान्त मानन्धर विरुद्ध ईष्टर्न टेक्कसटाईल ई. लि. छातापिपरा बारा, मु.नं. 2064-CR-0101, फैसला मिति 2068/09/24, मुद्धा, मु.अ. कर ।

कार्यालय सिमरा, बाराका तर्फबाट प्रमुख कर अधिकृतको पुनरावेदनको अनुमती पाँउ भन्ने समेत व्यहोराको सर्वोच्च अदालतमा पर्न आएको निवेदन।

सर्वोच्च अदालतको ठहरः- विपक्षी इष्टर्न टेक्कस्टाइल इन्डस्ट्रिज लिमिटेड कपडा उद्योग भएको कुरामा विवाद देखिएन। उक्त उद्योग कपडा उत्पादन गर्ने कम्पनि भएतापनि प्रस्तुत विवादमा विपक्षी इष्टर्न टेक्कस्टाइलले आफुले धागो ल्याई कपडा उत्पादन गर्नुको साथै अरुको ग्रे कपडा ल्याई डाइङ सेवा प्रदान गरी मूल्य अभिवृद्धि कर सुल गरेको कुरामा पनि विवाद देखिएन। यस्तो अवस्थामा उक्त इष्टर्न टेक्कस्टाइल इन्डस्ट्रिज आफैले धागो ल्याई ग्रे कपडा उत्पादन गरी विक्री गरेकोमा निजलाई कानुन बमोजिम सहुलियत प्रदान गरेको कुरा प्राप्त मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ। सो बाहेक यी कपडा उद्योगले अरुको ग्रे कपडा ल्याई डाइङ सेवा प्रदान गरी असुल गरेको मूल्य अभिवृद्धि कर आर्थिक ऐन, २०५६ को अनुसूची ४ को दफा २४ अनुसार फिर्ता पाँउ भनी दावी गरेकोमा सो सुविधा प्रदान गर्न नपर्ने गरी आन्तरिक राजस्व कार्यालय, बाराले गरेको निर्णयबाट प्रस्तुत विवादको सृजना भएको देखियो।

आर्थिक ऐन, २०५६ को अनुसूची ४ दफा २४ मा " कपडा तथा सलाई (काठको काँटीमात्र) उद्योगले आफ्नो मूल्य अभिवृद्धिमा उठाएको कर नेपाल सरकारले तोके बमोजिम ती उद्योगहरुलाई फिर्ता गरिनेछ" भन्ने व्यवस्था गरेको देखिन्छ । यस प्रशङ्गमा हेर्दा कपडा उद्योग भन्नाले धागो तथा कच्चा पदार्थ ल्याई आफैले कपडा उत्पादनको कार्य गर्ने उद्योग भन्ने बुझिन्छ । अर्थात कपडा उद्योगको काम कच्चा पदार्थ ल्याई तयारी कपडा उत्पादन गर्नु सम्म पर्दछ । अरुको ग्रे कपडा ल्याई डाइङ्ग सेवा प्रदान गर्ने कार्यलाई कपडा उद्योगको उत्पादन कार्य अन्तर्गतको काम भन्न नमिली केवल सेवा बिक्रीको कार्य सम्म गरेको मान्नुपर्ने हुन्छ । यसरी आफै कपडा उत्पादन नगरी केवल सेवा बिक्रीको कार्यसम्म गरेको मान्नु पर्ने हुन्छ । यसरी आफै कपडा उत्पादन नगरी केवल सेवा बिक्री गर्ने उद्योगले सो सेवा बिक्री गरेकोमा उल्लेखित आर्थिक ऐन, २०५६ को अनुसूची ४ को दफा २४ को सूविधा पाउँने भनी अर्थ गर्न मिल्ने देखिदैन । उक्त सुविधा कपडा उत्पादन गर्ने प्रयोजनार्थ कपडा उद्योगलाई दिएको सुविधा हो भनी वुझ्नुपर्ने हुन्छ । अर्थात कपडा उद्योगको नाममा उक्त उद्योगले कपडा उत्पादन गर्ने वाहेक अन्य जुनसुकै कार्य वा सेवा बिक्री गरेको अवस्थामा पनि उक्त सुविधा पाँउनु पर्ने भनी अर्थ गर्न मिल्दैन ।

तसर्थ, उल्लेखित आधार र कारणहरुबाट प्रस्तुत विवादमा प्रत्यर्थि इष्टर्न टेक्सटायल इन्डष्ट्रिज लिमिटेडले कच्चा पदार्थ ल्याई उत्पादन गरेको कपडामा मूल्य अभिवृद्धि कर

निर्धारण गरेको नभई अन्य कम्पनिले उत्पादन गरेको ग्रे कपडा ल्याई डाईङ्ग सेवा प्रदान गरी सेवा बिक्री गरेको अवस्थामा आर्थिक ऐन, २०५६ को अनुसूची ४ दफा २४ को व्यवस्था अनुसारको सुविधा लागू नहुने हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१)(क) अनुसार कर लाग्ने नै भई मूल्य अभिवृद्धि कर नियमावली, २०५९ को नियम ४०(४) बमोजिम समानुपातिक हिसाबबाट कर कट्टी गर्ने गरेको शुरु आन्तरिक राजश्व कार्यालय बाराको निर्णयमा कुनैं कानूनी त्रुटिको विद्यमानता नदेखिदा उक्त निर्णयलाई उल्टी गर्ने गरेको राजश्व न्यायाधिकरण काठमाण्डौंको फैसलामा उपरोक्त ऐनको व्याख्यात्मक त्रुटी भएको देखिदा राजश्व न्यायाधिकरण काठमाण्डौंको मिति २०६१।९।२८ को फैसला सो हदसम्म उल्टी हुने ठहर्छ । सो फैसला उल्टी हुने ठहरेकाले शुरु आन्तरिक राजश्व कार्यालय बाराको अन्तिम कर निर्धारण आदेश सदर हुने ठहर्छ ।

फैसलाको विष्लेषणः- कपडा उद्योग भन्नाले धागो तथा कच्चा पदार्थ ल्याई आफैले कपडा उत्पादनको कार्य गर्ने उद्योग भन्ने बुझिन्छ । अर्थात कपडा उद्योगको काम कच्चा पदार्थ ल्याई तयारी कपडा उत्पादन गर्नु सम्म पर्दछ।यसरी आफै कपडा उत्पादन नगरी केवल सेवा बिक्री गर्ने उद्योगले सो सेवा बिक्री गरेकोमा आर्थिक ऐन, २०५६ को अनुसूची ४ को दफा २४ को सूविधा पाँउने भनी अर्थ गर्न मिल्ने देखिदैन । उक्त सुविधा कपडा उत्पादन गर्ने प्रयोजनार्थ कपडा उद्योगलाई दिएको सुविधा हो भनी बुझ्नुपर्ने हुन्छ।तसर्थ, प्रस्तुत विवादमा प्रत्यर्थि इष्टर्न टेक्सटायल इन्डष्ट्रिज लिमिटेडले कच्चा पदार्थ ल्याई उत्पादन गरेको कपडामा मूल्य अभिवृद्धि कर निर्धारण गरेको नभई अन्य कम्पनिले उत्पादन गरेको ग्रे कपडा ल्याई डाईङ्ग सेवा प्रदान गरी सेवा बिक्री गरेको अवस्थामा आर्थिक ऐन, २०५६ को अनुसूची ४ दफा २४ को व्यवस्था अनुसारको सुविधा लागू नहुने हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१)(क) अनुसार कर लाग्ने नै भई मूल्य अभिवृद्धि कर नियमावली, २०५९ को नियम ४०(४) बमोजिम समानुपातिक हिसाबबाट कर कट्टी गर्ने गरेको शुरु आन्तरिक राजश्व कार्यालय बाराको निर्णयमा कुनैं कानूनी त्रुटिको विद्यमानता नदेखिदा उक्त निर्णयलाई उल्टी गर्ने गरेको राजश्व न्यायाधिकरण काठमाण्डौंको फैसलामा उपरोक्त ऐनको व्याख्यात्मक त्रुटी भएको देखिदा राजश्व न्यायाधिकरण काठमाण्डौंको मिति फैसला उल्टी हुने गरी भएको प्रस्तुत फैसला मूल्य अभिवृद्धि कर नियमावली, २०५९ को नियम ४०(४) मा भएको व्यवस्था बमोजिम देखिन्छ।

(३) ठूला करदाता कार्यालय, ललितपुर बिरुद्ध पशुपति सिमेण्ट प्रा.लि. का अध्यक्ष वीरेन्द्र कुमार संघई।[६]

सर्वोच्च अदालतमा दिएको निवेदन पत्रः- सवारी साधनमा तिरेको मूल्य अभिवृद्धि करका सम्बन्धमा करदाताले सामान ओसारपसार गर्ने प्रयोजनका लागि मात्र प्रयोग गर्न मिल्ने सिङ्गल क्याब पिकअप भ्यान खरिद गरेको अवस्था छैन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(२) तथा नियमावली, २०५३ को नियम ४१(२) (ख) ले प्रस्तुत विषयलाई ऐन बन्दाकै समयमा स्पष्ट परिभाषित गरेको अवस्था हुँदाहुँदै उक्त परिभाषाको रोहमा रही मात्र दाबी गर्नुपर्नेमा डबल क्याब पिकअप भ्यानको सुविधा दाबी गरिएको छ । कानूनबमोजिम भएको कर निर्धारण आदेशतर्फ कुनै विश्लेषण तथा विवेचना नै नगरी राजस्व न्यायाधिकरण, काठमाडौंले गरेको फैसला त्रुटिपूर्ण भई बदरभागी छ भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालयको पुनरावेदनपत्र ।

अदालतको ठहरः- निर्णयतर्फ विचार गर्दा, पशुपति सिमेन्ट प्रा.लि.को लेखा परीक्षण सम्पन्न भई कर, जरिवाना समेत गरी जम्मा रू.१,५९,९४६।— रकम कर निर्धारण गर्ने ठूला करदाता कार्यालयको आदेशउपर करदाताले पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा मिति २०६७।७।१७ गते ठूला करदाता कार्यालयको निर्णय सदर भएको देखियो । सो निर्णयउपर करदाताको राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन परी ठूला करदाता कार्यालयबाट मिति २०६७।४।२१ मा भएको निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।७।१७ को निर्णय उल्टी हुने ठहरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।३।२७ मा फैसला भएको देखियो । उक्त फैसलाउपर ठूला करदाता कार्यालयको यस अदालतमा पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन परी पुनरावेदन गर्ने अनुमति प्रदान भई प्रस्तुत मुद्दा यस इजलास समक्ष निर्णयार्थ पेस हुन आएको पाइयो ।

प्रत्यर्थी करदाता पशुपति सिमेन्टले सामान ढुवानी तथा ओसारपसार गर्ने प्रयोजनको लागि पिकअप भ्यान खरिद गरी सोमा तिरेको भनिएको मूल्य अभिवृद्धि कर पूरै कर कट्टीको दाबी गर्न पाउने हो वा होइन भन्ने नै निर्णय गर्नुपर्ने मूल प्रश्न रहेको छ । प्रत्यर्थी उद्योगले सामान ढुवानी तथा ओसारपसार गर्ने प्रयोजनको लागि पिकअप भ्यान खरिद गरेको तथ्यमा कुनै विवाद देखिँदैन । यस तथ्यलाई पुनरावेदकले समेत अन्यथा भन्नसकेको पाइँदैन ।

---

[६] नेकाप २०७५, अंक ३, नि.नं. ९९६७

उक्त निसान डबल पिकअप क्याब यात्रुबाहक सवारी साधन नभई सामान ओसारपसार गर्ने सवारी साधन हो भन्ने करदाताको दाबी रहेको छ । ठूला करदाता कार्यालयले समान ओसारपसार गर्ने प्रयोजनको लागि सिंङ्गल क्याब भ्यान मात्र झिकाउन पाइने भन्ने जिकिर गरेको देखिन्छ । उक्त सवारी साधन खरिदमा तिरेको मूल्य अभिवृद्धि करमा करदाताको पूरै कर कट्टीको माग दाबी भएकोमा सो बमोजिमको कर कट्टीको सुविधा नदिई ४० प्रतिशत क्रेडिट मात्र दाबी गर्नुपर्ने भनी ठूला करदाता कार्यालयबाट कर निर्धारण भएको पाइन्छ ।

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को ४१(२) (ख) को व्यवस्था हेर्दा "अटोमोबाइल्समा खरिद मूल्यको ४० प्रतिशत" भनी कर कट्टी गर्न पाउने दररेट तोकिएको पाइन्छ । सोही नियमावलीको स्पष्टीकरणमा उक्त खण्ड (ख) को प्रयोजनको लागि "अटोमोबाइल्स भन्नाले कुनै पनि तीन वा सोभन्दा बढी पाङ्ग्रा भएको सडकमा गुड्ने यात्रुवाहक सवारीको साधन सम्झनु पर्छ" भनी उल्लेख भएको देखिन्छ । करदाताको उद्योग व्यवसायको प्रकृति हेर्दा पिकअप भ्यान आवश्यक पर्ने र व्यापारिक कारोबारसँग मिल्दो नै देखिएको छ । यसप्रकारको सवारी साधन खरिद गर्न कानूनले नै सुविधा दिएको अवस्थामा सो सुविधा नपाउने भन्नु उचित र तर्कपूर्ण देखिँदैन । यसलाई करदाताको आय आर्जन गर्ने कारोबारको सिलसिलामा भएको खर्चको रूपमा समेत हेर्नुपर्ने देखिन्छ । कुनै उद्योगले आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि प्रचलित कानूनको अधीनमा रही सवारी साधन खरिद गर्न पाउने नै हुन्छ । उद्योगको व्यावसायिक कारोबार सञ्चालन गर्न आवश्यक भई खरिद गरी प्रयोगमा ल्याइएको सवारी साधन खरिदसम्बन्धी मूल्य अभिवृद्धि कर बापतको कर कट्टा गर्न पाउने छुट करदाताले पाउने नै देखिन्छ । यसप्रकारको कुरामा सामान्य प्राविधिक तर्क अगाडि सारेर करदातालाई कानूनबमोजिमको सुविधा प्राप्त गर्नबाट वञ्चित गर्न मिल्दैन ।

तसर्थ, माथि उल्लिखित आधार र कारणसमेतको आधारमा ठूला करदाता कार्यालयले सवारी साधन खरिदमा ४०% मात्र कर छुट पाउने गरी मिति २०६७।४।२१ गते गरेको कर निर्धारण आदेश र सो निर्णय आदेशलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।७।१७ को निर्णय उल्टी गरी प्रत्यर्थी उद्योगले सवारी साधन खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउने ठहर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।३।२७ गतेको फैसला कानूनसम्मत र मनासिब देखिएकाले सदर हुने ठहर्छ ।

फैसलाको विष्लेषणः- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को ४१(२) (ख) को व्यवस्था हेर्दा "अटोमोबाइल्समा खरिद मूल्यको ४० प्रतिशत" भनी कर कट्टी गर्न पाउने दररेट तोकिएको पाइन्छ । सोही नियमावलीको स्पष्टीकरणमा उक्त खण्ड (ख) को प्रयोजनको लागि "अटोमोबाइल्स भन्नाले कुनै पनि तीन वा सोभन्दा बढी पाङ्ग्रा भएको सडकमा गुड्ने यात्रुवाहक सवारीको साधन सम्झनु पर्छ" भनी उल्लेख भएको देखिन्छ । करदाताको उद्योग व्यवसायको प्रकृति हेर्दा पिकअप भ्यान आवश्यक पर्ने र व्यापारिक कारोबारसँग मिल्दो नै देखिएको छ । उद्योगको व्यावसायिक कारोबार सञ्चालन गर्न आवश्यक भई खरिद गरी प्रयोगमा ल्याइएको सवारी साधन खरिदसम्बन्धी मूल्य अभिवृद्धि करबापतको कर कट्टा गर्न पाउने छुट करदाताले पाउने नै देखिन्छ ।तसर्थ, ठूला करदाता कार्यालयले सवारी साधन खरिदमा ४०% मात्र कर छुट पाउने गरी गरेको कर निर्धारण आदेश र सो निर्णय आदेशलाई सदर गरेको आन्तरिक राजस्व विभागको निर्णय उल्टी गरी प्रत्यर्थी उद्योगले सवारी साधन खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउने ठहर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको फैसला सदर गर्ने गरि भएको प्रस्तुत फैसला कानूनसम्मत र मनासिब छ।

४. ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुरको तर्फबाट ऐ. कार्यालयका प्रमुख कर प्रशासक सुरेश प्रधान विरुद्ध श्रीकृष्ण आयल रिफाइनरी एण्ड घि इन्डष्ट्रिज प्रा.लि. काठमाण्डौ। [७]

सर्वोच्च अदालतमा दिएको निवेदनः- क्रेताको टि.पि.नं.नमिलेपछि उक्त विल विजकबाट क्रेताले वस्तु वा सेवा खरिद गरेको भन्ने पुष्टी हुने कुरा भएन । यसरी छानविनबाट कर निर्धारण गर्नु पर्ने देखिएपछि यस कार्यालयले करदाताको नाममा जारी गरेको प्रारम्भिक कर निर्धारण आदेश करदाताले सोही मितिमा बुझि लिई सो तर्फ कुनै प्रतिवाद जिकिर नलिई बसेको हुँदा अन्तिम कर निर्धारण आदेश जारी गरिएको हो ।करदाताले मौकामा नै उक्त टि.पि.नं. नमिलेको सम्बन्धमा कुनै त्रुटीभएको व्यहोरा खुलाई प्रतिवेदन नगरेको अवस्थामा पछि टि.पी.नं. सच्चाई पेश गरिएको विजकलाई प्रमाणमा ग्रहण गर्न मिल्ने देखिदैन । कारदाताले क्रेडिट दावी लिएको विजकहरु करदातासँग रहने प्रमाण हुन् । यस्ता प्रमाण

---

[७] ठूला करदाता कार्यालयकार्यालयका प्रमुख कर प्रशासक सुरेश .ललितपुरको त ,हरिहर भवन , प्रधान विरुद्ध श्रीकृष्ण आयल रिफाइनरी एण्ड घि इन्डष्ट्रिज प्रा,काठमाण्डौ .लि. मुद्धा नं. २०७१-RB-००२२, फैसला मिति २०७३।९।२६

समयमा नै पेस गर्नु पर्ने दायित्व करदाताको हो ।यदि उक्त प्रमाण तत्काल आफूसँग नरहेको भए सो को जानकारी यस कार्यालयलाई दिनु पर्ने र पछि पेस गरिने व्यहोरा जानकारी गराउन पर्नेमा सो पनि गरेको अवस्था छैन । प्रमाणको रूपमा लिन नमिल्ने प्रमाणलाई प्रमाणमा ग्रहण गरीएको राजश्व न्यायाधिकरणको मिति २०६७।१०।२ को त्रुटिपुर्ण फैसला वदर गरी पाँउ भन्ने ठूला करदाता कार्यालय,ललितपुरको तर्फबाट यस अदालतमा पर्न आएको अनुमति गर्न पाँउ भन्ने निवेदन ।

सर्वोच्च अदालतको पैसला

निर्णयतर्फ विचार गर्दा, जगदम्वा प्रिन्टिन्गको विजक नं. २०६,२९५,२९१,२९०, प्रशान्त औभरसिजको विजक नं.४९३,खण्डेलवाल इम्पेक्सको विजक नं.११६१, पशुपति कोटिङको विजक नं.१४४ र अग्रवाल मर्केन्टायलको विजक नं. ८६ नमिलेको र नेपाल टेलिकमको विजक नं.१७ तथा मनकामना प्लाष्टिकको विजक नं. २२ मा कर विजक नभएको भनि मूल्य अभिवृद्धि कर दावीलाई अमान्य गरेको देखियो । विक्रेताको भूलबाट टि.पी.नं. को अंक सम्म गलत उल्लेख भएको हो।विलहरुमा उल्लेखित नाम कम्पनीकै छ।गल्ती भएका विजकहरु विक्रेताबाटै सच्चाई सहिछाप गराई सो को प्रतिलिपि समेत पेस गरेका छौ । गल्ती भएको कुरा थाहा पाई विक्रेता समक्ष सच्याउनको लागि पठाईएकोमा सच्याई आउनुपूर्व नै अन्तिम कर निर्धारण गरेको भनी करदाताले जिकिर लिएको देखिन्छ । मिसिल संलग्न विजकहरू हेर्दा विजकमा टि.पी.नं. एक एक सच्याई सहिछाप गर्नुलाई सामान्य र स्वभाविक प्रकृयाकै रुपमा लिनु पर्ने हुन्छ।ती विलमा सच्याईएको अंकले कारोवारमा तात्विक असर परेको पनि देखिन्दैन।ती विलहरुनै किर्ते गरी वनाइएको भन्ने सम्मको अवस्था पनि मिसिल सम्लग्न प्रमाणबाट पुष्टि हुँदैन। यसरी पेस गरिएको विलहरु वास्तविक भएपछि कारोवारको सिलसिलामा भएको सामान्य अंकिय त्रुटिको मात्र आधार लिएर मूल्य अभिवृद्धिकर दावीलाई अमान्य गर्नु कानून सम्मत देखिंदैन । यस अदालतबाट पुनरावेदन अनुमति प्रदान गर्दा लिएको आधार एवं क्रेताको टि.पी.नं. नमिलेपछि उक्त विल विजकबाट क्रेताले वस्तु वा सेवा खरिद गरेको भन्न नमिल्ने भन्ने पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन सकेन।

अतः माथी विवेचित आधार प्रमाणबाट करदाताको मूल्य अभिवृद्धीकर तर्फ २०६४ भाद्रको कर फिर्ता गर्दा नपाउने क्रेडिट दावी गरेको भनी मूल्य अभिवृद्धि कर निर्धारण गर्ने गरेको ठुला करदाता कार्यालयको मिति २०६४।१०।११ को निणर्य पर्चा र सो लाई सदर गर्ने

गरेको आन्तरिक राजस्व विभागको मिति २०६५।३।३१ को निर्णय पर्चालाई उल्टी हुने ठह-याएको राजस्व न्यायाधिकरण काठमान्डौको मिति २०६७।२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।

फैसलाको विष्लेषण

मूल्य अभिवृद्धि कर ऐन, २०५४ को दफा १४, नियमावली, २०५३ को नियम १७ तथा अनुसूची ५ र ५(क) ले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिनुपर्ने, विजक लिनु प्रापकको कर्तव्य हुने, जसमा वस्तुको किसिम,साईज,मोडेल तथा ब्रान्ड भए खुलाउनु पर्ने कर विजकको ढाँचामा विक्रेताको करदाता नम्वर (सि.पि.नं.) उल्लेख गर्नु पर्ने भन्ने स्पष्ट व्यवस्था भएको देखिन्छ।प्रस्तुत विवादमा क्रेताको टि.पि.नं.नमिलेपछि उक्त विल विजकबाट क्रेताले वस्तु वा सेवा खरिद गरेको भन्ने पुष्टी हुने कुरा भएन भन्ने आधारमा कर कट्टि अमान्य गरेको देखिन्छ।तथापी गल्ती भएको कुरा थाहा पाई विक्रेता समक्ष सच्याउनको लागि पठाईएकोमा सच्चाई आउनुपूर्व नै अन्तिम कर निर्धारण गरेको भनी करदाताले जिकिर लिएको देखिन्छ मिसिल संलग्न विजकहरू हेर्दा विजकमा टि.पी.नं. एक एक सच्याई सहिछाप गर्नुलाई सामान्य र स्वभाविक प्रकृयाकै रुपमा लिनु पर्ने हुन्छ।ती विलमा सच्याईएको अंकले कारोवारमा तात्विक असर परेको पनि नदेखिदा करकट्टि अमान्य हुने गरी कर प्रशासनले गरेको निर्णय उल्टी हुने गरी भएको प्रस्तुत फैसल समन्यायिक दृष्टिकोण उपयुक्त देखिन्छ।

५. आन्तरिक राजस्व कार्यालय, बिराटनगर विरुद्ध कृष्ण गृल एण्ड इन्जिनियर्स वर्क्स प्रा.लि. विराटनगर।[८]

सर्वोच्च अदालतमा दिएको निवेदन

प्रत्यर्थी कृष्ण गृल एण्ड इन्जिनियर्स प्रा.लि. ले आ.व. २०५६\२०५७ मा कर लाग्ने तथा नलाग्ने दुवै प्रकारका वस्तुहरुको कारोवार गरेको देखिन्छ।मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० को उपनियम (३) मा कुनै करदाताले कर लाग्ने वस्तु वा सेवा तथा कर छूट भएको वस्तु वा सेवा दुवैको कारोवार गरेको रहेछ भने त्यस्तो करदाताले

---

[८] आन्तरिक राजस्व कार्यालय, बिराटनगर विरुद्ध कृष्ण गृल एण्ड इन्जिनियर्स वर्क्स प्रा.लि. विराटनगर, मुद्धा नं. २०६४-CR- ०५२७, फैसला मिति २०६७।८।६

कर लाग्ने वस्तु वा सेवासँग प्रत्यक्ष रुपमा सम्वन्धित खरिद वा आयातमा तिरेको कर मात्र कट्टि गर्न पाउनेछ भन्ने स्पष्ट उल्लेख भएको छ। सोही नियमको उपनियम (४) मा कर लाग्नेर छुट भएको दुवै प्रकारको वस्तु वा सेवाको कारोवार गर्ने करदाताले उपनियम (३) बमोजिम कर लाग्ने वस्तु वा सेवाको विक्रीसँग खरिद वा आयात भएका वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा त्यस्तो करदाताले विक्री गरेको कुल मूल्य मध्ये कर लाग्ने कारोवारको मूल्यको समानुपातिक हिसाबबाट खरिद वा आयातमा तिरेको कर कट्टी गर्न पाउनेछ भन्ने कानुनी व्यवस्था बमोजिम कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण, काठमाण्डौले मूल्य अभिवृद्धि कर र जरिवाना समेत नलाग्ने भनि गरेको फैसला त्रुटीपूर्ण छ।

सर्वोच्च अदालतको फैसला

निर्णय तर्फ विचार गर्दा, प्रत्यर्थी कृष्ण गृल एण्ड इन्जिनियर्स प्रा.लि. ले आ.व. २०५६\२०५७ मा कर लाग्ने तथा नलाग्ने दुवै प्रकारका वस्तुहरुको कारोवार गरेको भन्ने तथ्यमा विवाद भएन। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० को उपनियम (३) मा कुनै करदाताले कर लाग्ने वस्तु वा सेवा तथा कर छूट भएको वस्तु वा सेवा दुवैको कारोवार गरेको रहेछ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु वा सेवासँग प्रत्यक्ष रुपमा सम्वन्धित खरिद वा आयातमा तिरेको कर मात्र कट्टि गर्न पाउनेछ भन्ने स्पष्ट उल्लेख भएको छ। सोही नियमको उपनियम (४)मा कर लाग्ने वा कर छुट भएको दुवै प्रकारको सेवाको विक्रीसँग खरिद वा आयात भएका वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा त्यस्तो करदाताले विक्री गरेको कुल मूल्य मध्ये कर लाग्ने कारोवारको मूल्यको समानुपातिक हिसाबबाट खरिद वा आयातमा तिरेको कर कट्टी गर्न पाउनेछ भनी उल्लेख भएको देखिन्छ। तर प्रत्यर्थी करदाताले कर लाग्ने र कर छुट हुने वस्तुहरुको गरेको कारोवारको छुट्टाछुट्टै स्टकबुक राख्नुकपर्नेमा सो पनि राखेको देखिएन । राजश्वर न्यायाधिकरणबाट मूल्य अभिवृद्धि कर लाग्ने र नलाग्ने वस्तुको विक्री विजक मुद्दा छलफलको क्रममा पेश भएको भनी फैसलामा निर्णयाधार लिए पनि यस अदालतको आदेशानुसार उक्त विजक प्रत्यर्थी करदाताले पेश गर्न सकेको समेत पाइएन । त्यस्तो नियमित र विधिवत बिल बिजक नराख्नेद र अदालतले खोजेको बेला पेश गर्न नसक्ने करदाताले आफुले चाहे अनुसार करछुटको सुविधा प्राप्त गर्न सक्ने हुँदैन । राजश्व

न्यायाधिकरणले करदाताले बिलबिजक ईजलास समक्ष देखाएको भनी लिएको निर्णयाधारको पुष्टि हुनसकेको छैन ।

यसरी कर लाग्ने नलाग्ने वस्तुको कारोवार भएको देखिएमा र त्यसको छुट्टाछुट्टै स्टक बुक राखेको नदेखिएको अवस्थामा करदाताले बिक्री गरेको कुल मूल्य मध्ये कर लाग्ने कारोवारको मूल्यको समानुपातिक तवरबाट हिसाब गरी खरिदमा तिरेको कर कट्टी गर्नुपर्नेमा सो बमोजिम नगरी कर नलाग्ने निर्णय गरेको राजश्वो न्यायाधिकरणको फैसला मिलेको नदेखिदा उल्टी हुने ठहर्छ ।

फैसलाको विश्लेषण

प्रत्यर्थी कृष्ण गृल एण्ड इन्जिनियर्स प्रा.लि. ले आ.व. २०५६\२०५७ मा कर लाग्ने तथा नलाग्ने दुवै प्रकारका वस्तुहरुको कारोवार गरेको भन्ने तथ्यमा विवाद भएन। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० को उपनियम (३) मा कुनै करदाताले कर लाग्ने वस्तु वा सेवा तथा कर छूट भएको वस्तु वा सेवा दुवैको कारोवार गरेको रहेछ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु वा सेवासँग प्रत्यक्ष रुपमा सम्वन्धित खरिद वा आयातमा तिरेको कर मात्र कट्टि गर्न पाउनेछ भन्ने स्पष्ट उल्लेख भएको छ। सोही नियमको उपनियम (४) मा कर लाग्ने वा कर छुट भएको दुवै प्रकारको वस्तु वा सेवाको कारोवार गर्ने करदाताले उपनियम (३) बमोजिम कर लाग्ने वस्तु वा सेवाको विक्रीसँग खरिद वा आयात भएका वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा त्यस्तो करदाताले विक्री गरेको कुल मूल्य मध्ये कर लाग्ने कारोवारको मूल्यको समानुपातिक हिसाबबाट खरिद वा आयातमा तिरेको कर कट्टी गर्न पाउनेछ भनी उल्लेख भएको देखिन्छ। तर प्रत्यर्थी करदाताले कर लाग्ने र कर छुट हुने वस्तुहरुको गरेको कारोवारको छुट्टाछुट्टै स्टकबुक राख्नुकपर्नेमा सो पनि राखेको नदेखिदा बिल बिजक नराख्नेर र अदालतले खोजेको बेला पेश गर्न नसक्ने करदाताले आफुले चाहे अनुसार करछुटको सुविधा नपाउने नै देखिन्छ।

६. निष्कर्षः-

मूल्य अभिवृद्धि कर ऐन, २०५२ वि.सं. २०५४ साल मार्ग १ गतेदेखि कार्यान्वयनमा आएको हो। वस्तु तथा सेवामा लाग्ने विभिन्न करहरु जस्तैः होटल कर, बिक्रीकर ठेक्का कर र मनोरञ्जन करलाई प्रतिस्थापन गर्दै लेखामा आधारित अत्याधुनिक, लचिलो र पारदर्शी करको रुपमा मूल्य अभिवृद्धि कर लागू भएको दुई दशक पूरा भैसकेको छ। यस करको कार्यान्वयन पश्चात नेपालमा आन्तरिक राजस्वको दायरा फराकिलो भएको, कर संरचनामा

उल्लेखनीय वृद्धि भएता पनि बजारमा बिल बीजक जारी गर्ने प्रवृत्तिमा आशातित सुधार आउन सकेको भने देखिन्दैन। आय आर्जन गर्ने कैयौं व्यक्तिहरुलाई करको दायरामा ल्याउनु पर्ने आवश्यकता रहेको वर्तमान सन्दर्भमा करदाताहरुलाई कर भुक्तानीमा सहजता ल्याउन समय सापेक्ष सुधार सहितको नीति, कानुन, प्रक्रिया र विधिलाई करदाता मैत्री बनाउदै विना दर्ता कारोवार गर्ने, दर्ता भएर पनि बिल बिजक जारी नगर्ने, बिल बिजक जारी गरेर पनि कारोवार मूल्यमा जारी नगर्ने, समयमा विवरण नबुझाउने (Non-Filer), शुन्य विवरण बुझाउने (Zero Return) क्रेडिट विवरण बुझाउने (Credit Return), विवरण बुझाउने तर कर नतिर्ने, कर वक्कौता राख्ने जस्ता कर कानुनको अवज्ञा गर्नेहरुलाई अनुगमन तथा सूचना प्रविधिको माध्यमबाट करको दायरामा ल्याउनु पर्ने जरुरी देखिन्छ।

सन्दर्भ सामाग्री

नेपाली

१. डा. चन्द्रमणी अधिकारी, नेपालको कर कानुन, पैरवी प्रकाशन २०६८
२. नेपालको संविधान
३. पवनकुमार ओझा,कर कानुनका सिद्धान्त, पैरवी प्रकाशन, २०५३
४. सर्वोच्च अदालतबाट भएका कर सम्वन्धी फैसलाहरुको संग्रह,आन्तरिक राजस्व बिभाग, लाजिम्पाट, काठमाण्डौ
५. मूल्य अभिवृद्धि कर ऐन, २०५२
६. मूल्य अभिवृद्धि कर नियमावली, २०५३
७. स्मारिका, आन्तरिक राजस्व बिभाग, लाजिम्पाट, काठमाण्डौ, २०७५
८. आर्थिक ऐन, (विभिन्न बर्षका)
९. बार्षिक प्रतिवेदन, आन्तरिक राजस्व बिभाग, लाजिम्पाट, काठमाण्डौ, २०७४|०७५
कर वुलेटिन, आन्तरिक राजस्व बिभाग, लाजिम्पाट, काठमाण्डौ, बर्ष ६, अंक ५-७, २०७५

English

1. Rup Khadka, Value Added Tax FOUR YEARS OF IMPLEMENTATION, Inland Revenue Department and Value Added Tax Project, Kathmandu, 2001
2. Victor A. Deoferio, and Victorino C. Mamalateo, The value Added Tax in the Philippines

3. Victor Thrurohji, Tax Law Design and Drafting, Published by International Monetary Fund, 2nd.Vol.

/fhZj ;+sngdf eG;f/sf] of]ubfg

नवराज पराजुली◊

१. पृष्ठभूमि

राज्यले आफ्ना दैनिक कार्य सम्पादन गर्न विभिन्न श्रोतबाट रकमको संकलन गर्छ । यसरी राज्यलाई प्राप्त हुने आम्दानीलाई राजस्व भनिन्छ। वृहत नेपाली शब्दकोषका अनुसार राजश्व भन्नाले मालपोत, भन्सार महसुल, विभिन्न कर वा शुल्क आदिका रुपमा राज्यलाई प्राप्त हुने धन उल्लेख भएको पाइन्छ।[१] राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ का अनुसार राजश्व भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने भन्सार महसुल, अन्तशुल्क, आयकर, मनोरञ्जन कर, होटल कर, बिक्री कर, सवारी साधन कर, घरजग्जा बहाल कर, ठेक्का र सम्पत्ति कर सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम लाग्ने अन्य करलाई समेत जनाउँछ भनी उल्लेख भएको छ। यस्ता आम्दानीमा राजस्व कर क्षेत्रको योगदान प्रमुख रहन्छ। कर राज्यलाई प्रत्यक्ष फाइदाको अपेक्षा नराखी गरिने अनिवार्य भुक्तानी हो। यस्ता कर मुख्य गरेर प्रत्यक्ष कर, अप्रत्यक्ष गरी २ किसिमका कर हुन्छन् । प्रत्यक्ष करमा आयकर प्रमुख हो। अप्रत्यक्ष करमा मूल्य अभिवृद्धि कर र अन्तशुल्क हुन्। जसले कर तिर्छ उसैले त्यसको भार वहन गर्ने कर प्रत्यक्ष कर भनिन्छ। आफूले तिरेको कर अर्कोमा सार्न सकिने करलाई अप्रत्यक्ष कर भनिन्छ।

करको परिभाषा दिदै पि.ई. टेलरका अनुसार कर भनेको सरकारलाई प्रत्यक्ष फाइदाको आशा नराखी तिरिएको अनिवार्य भुक्तान भनी दिइएको पाइन्छ।[२]

भन्सार अन्तर्राष्ट्रिय व्यापारको सुरुवात भएपछि प्रारम्भ भएको संस्था हो। मुद्राको आविस्कार कारण वस्तु व्यापार विनिमयको युग समाप्त भयो। भौगोलिक कारण, आर्थिक उत्पादन गर्ने राष्ट्रको क्षमता र वैज्ञानिक उपलब्धीका कारण नै नागरिकलाई आवश्यक पर्ने बस्तु एउटै राज्यको सिमाना भित्र उपलब्ध हुन सकेनन्। जसको परिणाम स्वरुप अन्तर्राष्ट्रिय व्यापारको शुरुवात भएको हो ।

◊ **उपन्यायाधिवक्ता**., महान्यायाधिवक्ताको कार्यालय ।

[१] वृहत नेपाली शब्दकोष, प्रकाशक राजकीय प्रज्ञा प्रतिष्ठान २०४०, पेज नं. ११३६

[२] कर कानूनका सिद्धान्त, पवन कुमार ओझा वितरक पैरवी प्रकाशन, पेज नं. ६

क्योटो महासन्धीका अनुसार भन्सार सम्बन्धी कानुनको प्रशासन गर्ने र भन्सार महशुल कर, शुल्क एवं दस्तुरहरु संकलन गर्ने सरकारी सेवा नै भन्सार हो ।[३]

भन्सार लगाउन पाउने विषय राज्यको सार्वभौम अधिकारसँग जोडिएको पाइन्छ। भन्सार सामान्य रुपमा हेर्दा जुन देशमा सामान पैठारी/आयत भएको छ त्यो देशको हितलाई मात्रै निर्धारण हुने जस्तो देखिन्छ। वृहत रुपमा हेर्दा भन्सारको माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा सबै राष्ट्रलाई अप्रत्यक्ष रुपमा मद्दत पुगी अन्तर्राष्ट्रिय व्यापारलाई मर्यादित र व्यवस्थित बनाउने सहयोग पुर्या ई रहेको पाइन्छ। वर्तमान समयमा भन्सार लगाउने विषय राजस्व संकलन गर्ने[४] भन्ने प्रमुख उद्देश्य रहेको पाइदैन। एक राज्यको आविस्कार उपलब्धीले विश्वका सबै नागरिकलाई सहयोग पुगोस भन्ने रहेको पाइन्छ। हाम्रो भन्सार ऐन, २०६४ को प्रस्तावनामा नै भन्सार प्रशासनलाई व्यवस्थित, पारदर्शी एवं उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित एवं सहज बनाउने भन्सार सम्बन्धी कानुनलाई संशोधन र एकिकरण गर्ने भन्ने उल्लेख भएबाट भन्सार ऐनको उद्देश्यमा नै अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित र सहज बनाउन खोजेको स्पष्ट देखिन्छ।

२. नेपालले फरक फरक आर्थिक नीति अवलम्बन गरेको अवस्थामा भन्सार क्षेत्रबाट भएको योगदानः

नेपाल राजनीतिक व्यवस्था अनुसार आर्थिक नीति र वाणिज्य नीतिहरुको कार्यान्यवनमा आउँछन् । सोही अनुरुप देशको आर्थिक प्रणाली सञ्चालित हुन्छन्। नेपालको भन्सार राजश्व परिचालनमा फरक फरक राजनीतिक व्यवस्थाले फरक पारेको छ छैन ? त्यस्तो अवस्थामा भन्सार क्षेत्रबाट राज्यको कोषमा रकम संकलन असर पारेको छ छैन भनी हेर्दा यस प्रकार रहेको पाइएको छ।

आ.व.	२०३४/०३५	२०३५/०३६	२०३६/०३७	२०३७/०३८	२०३८/०३९	२०३९/०४० (अनुमानित रु. करोडमा)
कर	१२४.३९	१४७.६८	१५२.८८	२०३.५८	२२१.१३	३३३.८५

[३] भन्सार स्मारिका, भन्सार विभाग त्रिपुरेश्वर काठमाडौं

[४] नेपाल ऐन संग्रह खण्ड ६, कानून किताब व्यवस्थापन समिति

आ.व.	२०३४/०३५	२०३५/०३६	२०३६/०३७	२०३७/०३८	२०३८/०३९	२०३९/०४० (अनुमानित रु. करोडमा)
राजश्व						
भन्सार क्षेत्रको योगदान	४८.८८	६२.६७	६०.८०	८१.५८	८२.५१	१३०.६०
प्रतिशत	२९.३०	४२.४३	३९.७७	४०.०७		३९.१२

श्रोतः आर्थिक सर्वेक्षण आ.व. २०३९/०४० अर्थमन्त्रालय

आ.व.	२०७०/०७१	२०७१/०७२	२०७२/०७३	२०७३/०७४	२०७४/०७५	(अनुमानित रु.)
कुल राजश्वमा भन्सार महसुलको योगदान (% मा)	१९.००	१८.४४	१७.३	१८.४	१९.५	

श्रोतः आर्थिक सर्वेक्षण आ.व. २०७४/०७५ अर्थ मन्त्रालय, पेज २७

आर्थिक सर्वेक्षणहरु हेर्दा आर्थिक उदारीकरण नपनाइएको अवस्था र वस्तु आयात परिणात्मक बन्देज लगाएको अवस्थामा कूल राजस्वमा भन्सार क्षेत्रको योगदान बढी रहेको देखिन्छ। यसबाट नेपालको भन्सार क्षेत्रको योगदान क्रमशः कम हुदै आएको पाइन्छ। तथापि राजश्वमा भन्सार क्षेत्रको योगदान महत्वपूर्ण छ।

३. भन्सार महसुल संकलन सम्बन्धी विवादका प्रकृतिहरु

भन्सार संकलनको सन्दर्भमा विभिन्न समयमा नेपालले लिएको आर्थिक निति अनुसार भन्सार संकलन गर्ने गरेको पाइन्छ ।जुनसुकै आर्थिक प्रणाली अवलम्वन गरेको समयमा पनि सरकार र नागरिकका वीचमा कर तिर्ने र असुल हुने विषयमा विवाद पर्ने समान अवस्था देखिन्छ । विवादहरुलाई बुँदागत रुपमा यस उल्लेख गर्ने सकिन्छ।

- भन्सार दरवन्दी लगाउँदा कुन सामान कुन वर्गमा वा संकेत नं. अन्तर्गत पर्ने हो भन्ने विषयमा फरक फरक दृष्टिकोण रहेको।
- भन्सार लगाउने सम्बन्धी जिम्मेवारी भन्सार अधिकृतलाई भएको विषयमा निर्णय नगरी कति समय सम्म राख् पाउने हो ?
- सर्वोच्च अदालतमा कुन मार्गबाट अनुमतिको लागि प्रवेश गर्न सकिने ?
- जाँस पास पछिको परीक्षण गर्न सकिने वा नसकिने भन्ने विषय
- भन्सार एजेन्टको मृत्यु पछि निजले प्राप्त गरेको भन्सार एजेन्ट सम्बन्धी अधिकार निजका हकवालामा हस्तान्तरण हुन सक्ने वा नसक्ने ?
- भन्सार ऐन बमोजिम जाँच पास पछिको परीक्षणको अवधि कति हुने?

माथि उल्लिखित अवस्था भएतापनि भन्सारबाट राजस्व संकलनमा सावधानी नअपनाउँदा भन्सार राजस्व मात्रै नभएर त्यसको प्रभाव अन्यको राजस्वमा पनि पर्दछ । भन्सार राजस्व संकलन गर्दा न्युन विजकीकरण भएको दावी लिएको खण्डमा आयत कर्ता विवादलाई लिई अदालत समक्ष जान सक्ने अवस्था रहन्छ । त्यस्तै भन्सारको भन्सार संचालन गर्ने भन्सार कर्मचारी, सुरक्षा निकायको लापरवाहीले राजस्व गुम्नुको साथै गैर कानूनी व्यापार व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई सहयोग पुग्न सक्छ ।

वर्तमान समयमा भन्सार संकलन गर्ने विषय प्रमुख नभएर अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्ने निकायको रुपमा भन्सार रहेको छ । करीव तीन दशक अघि भन्सार लगाउनुको उद्देश्य विलासिता वस्तु नियन्त्रण गरी राजस्व संकलन, गर्नु थियो। ती उद्देश्य हुँदाका वखत के कस्ता विवाद भन्सार क्षेत्रमा आए, हालको दिन के कस्तो विवाद आए? भन्सारको जाँस पासमा जाँजपास गर्ने कर्मचारीको भूमिका वा जाँच पासपछिको विषयमा करदाता र कर संकलन कर्ताको वीचमा परेका विवाद त्यसमा सर्वोच्च अदालतको दृष्टिकोण कस्तो रहेछ केही सर्वोच्च अदालत फैसला अध्ययन गर्दा त्यस्तो पाइयो ।

सम्वत् २०४५ सालको रि.नं. १२०६

रिटनिवेदक : पशुपति सोप ईण्डष्ट्रिज (प्रा.) लि. को तर्फबाट ऐ.का अधिकार प्राप्त संचालक शंकरलाल

विरुद्ध

विपक्षी : विराटनगर भन्सार कार्यालय, विराटनगर समेत

विषय : उत्प्रेषण

यसमा निर्णयतर्फ हेर्दा मलेसियाबाट झिकाइएको औद्योगिक कच्चा पदार्थ आर.वि.डी, पाम स्टेरिन २०४५।२।१३ मा विराटनगर भन्सार कार्यालयमा आउँदा भन्सार दरबन्दीको संकेत नं. १५.०७(ड) लगाई सो दरबन्दी अनुसार मालको मूल्यमा १० प्रतिशतले भन्सार महसूल असूल गरिसकेकोमा त्यसको करीब ८ महीना पछि म.ले.प. डोर विराटनगरको लेखौटको आधार लिई उक्त प्रज्ञापनपत्रको सन्दर्भमा भन्सार दरबन्दीको संकेत नं. १५.०७(ज) लाग्नु पर्ने म.ले.प.बाट लेखी आएकोले २५ प्रतिशतले हुने भन्सार महसूलको अंकमा असूल भएको रकम कटाई नपुग रकम बेरुजु हुँदा दाखिल गर्न ल्याउनु भनी पत्र पठाइएकोले उक्त कारवाही बदर गरिपाउँ भन्ने मुख्य रिटनिवेदन जिकिर रहेको पाइन्छ । रिट निवेदकबाट २०४५।२।१३ मा भन्सार महसूल लिंदा संकेत नं. १५.०७(ड) अन्तर्गतको सामान भनी १० प्रतिशतले भन्सार महसूल निर्धारण गरी लिएको देखिन्छ । पछि मिति २०४५।१०।३ मा थप भन्सार महसूल माग गर्दा भन्सार दरबन्दी संकेत नं. १५.०७(ज) अन्तर्गत २५ प्रतिशत लाग्नु पर्ने भनी विराटनगर भन्सार कार्यालयबाट लेखी पठाएको देखिन्छ । उक्त भन्सार दरबन्दीको संकेत नं. १५.०७(ज) मा खजूरको तेल भन्ने लेखिएको पाइन्छ भनी रिट निवेदकले आयात गरेको वस्तुमा आर.वि.डी. पाम स्टेरीन औद्योगिक कच्चा पदार्थ (नन एडिवल) भन्ने देखिन्छ । प्रत्यर्थी भन्सार कार्यालयको लिखितजवाफबाट रिट निवेदकले आयात गरेको बस्तु खजूरको तेल नै हो भनी यकीन भन्न सकेको पनि देखिँदैन। महालेखा परीक्षकको बेरुजूको सन्दर्भमा लेखिएको भन्ने उक्त मिति २०४५।१०।३ को पत्रबाट खजूरको तेल भन्ने देखिन्छ । महालेखा परीक्षक डोर विराटनगरबाट लेखेको पत्रमा पनि उक्त आयातित माल बस्तु खजुरको तेल भनी किटान गरेको पाइएन । उक्त पत्रमा संकेत नं. १५.०७ अन्तर्गत आयात इजाजतपत्र पाएको भन्नेसम्म लेखिएको पाइन्छ । सो संकेत नं. १५.०७ मा देहायका सामानहरुमा १० प्रतिशत तथा २५ प्रतिशत भन्सार महसूल लाग्ने भनी (क) देखि (ड) सम्म विभिन्न माल वस्तुहरु तोकिदिएको पाइन्छ । त्यस मध्ये रिट निवेदकले आयात गरेको बस्तु कुन आइटम अन्तर्गत पर्ने भएकोले २५ प्रतिशत भन्सार महसूल लाग्ने हो खुलाउन सकेको पाइँदैन । यस्तो अवस्थामा एकपटक एउटा संकेत नम्बर अन्तर्गतको बस्तु भनी भन्सार महसूल असूल गरी माल छाडी सकेकोमा पुनः अर्को संकेत नम्बर अन्तर्गतको मालवस्तु

भनी स्पष्ट आधार नदेखाई थप भन्सार महसूल असूल गर्न पाउने अख्तियार भन्सार ऐनले दिएको मान्न मिलेन । तसर्थ रिट निवेदकसंग थप भन्सार महसूल माग गरेको कार्य त्रुटिपूर्ण देखिन आएकोले प्रत्यर्थी भन्सार कार्यालय विराटनगरको थप रकम बुझाउन भनी लेखिएको मिति २०४५।१०।३ को पत्र तथा तत्सम्बन्धी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ ।

रिट निवेदनका माध्यमबाट सर्वोच्च अदालत समक्ष पुगेको रिट नं. १२०६ मा भन्सार वस्तु ल्याउँदा तत्कालिन समयमा कायम रहेको नियन्त्रित आयत व्यवस्था रहेको पाइन्छ । त्यसबेलामा वाणिज्य विभागबाट कुनै वस्तु पैठारी गर्नुपर्ने अनुमति लिएको तथ्य रिट निवेदन प्रकरण २ मा उल्लेख भएको पाइन्छ ।प्रस्तुत विवाद मूख्य रुपमा भन्सारबाट (आयत) पैठारी गरिएको वस्तु सावुन उत्पादन गर्न प्रयोग गर्ने कच्चा पदार्थ आर.वि.डि. पाम स्टेरीन भन्सार दरवन्दी संकेत नं. १५-०७(डि) १० प्रतिशत भन्सार महसुल संकलन गरी सकेपछि, भन्सार कार्यालय विरारटनगरले संकलन गरेको भन्सार महसुल म.ले.प. डोरबाट लेखा परिक्षण हुँदा भन्सार संकेत नम्वर नमिलेको र २५ % भन्सार महसुल लगाउनु पर्नेमा १० प्रतिशत लगाएको नमिलेको २५% भन्सार लगाउनु भन्नेन भन्सार कार्यालय पैठारी कर्ता रिट निवेदक लाई सूचना पठाएपछि रिट निवेदक रिट दर्ता गर्न आएको पाइन्छ ।

भन्सार कार्यालयबाट एक पटक एउटा संकेत नम्वर अन्तगर्तको वस्तु भनी भन्सार महसुल असुल गरी माल छाडी सकेकोमा पुनः अर्को संकेत नम्वर अन्तगर्तको मालवस्तु भनी स्पष्ट आधार नदेखाई थप भन्सार लगाउन पाउने अख्तियारी भन्सार ऐनले दिएको मान्न नमिल्ने भनी रिट जारी भएको पाइयो । प्रस्तुत निर्णयाधार हेर्दा आधार र कारण भए अर्को नम्वर अन्तर्गत पर्नेमा एउटा संकेत अन्तगर्तको भनी असुल गरेपछी पनि लगाउन सकिने उल्लेख अवस्था भने देखिन्छ । महालेखा परीक्षक प्रतिवेदनको आधारमा थप भन्सार लगाउन मिल्ने नमिल्ने सन्दर्भमा भने प्रस्तुत फैसला मौन रहेको पाइयो । प्रस्तुत विवाद भन्सार ऐन, २०१९ प्रचलनमा रहेको अवस्थामा लागेको भएतापनि भन्सार संकेत लगाउँदा वस्तु कुन संकेत वर्गमा पर्नेमा पर्ने हो एकिन गरेर मात्रै लगाउन उपयुक्त हुने देखिन्छ । अन्यथा भन्सार महसुल यर्थाथ रुपमा उठ्ने सम्भावना पनि देखिदैन ।तसर्थ भन्सार कर्मचारीले कानून बमोजिम गर्नुपर्ने कार्य गर्नुपर्ने अन्यथा कर राजश्व गुम्न सक्ने देखिन्छ।

मुद्दा : भन्सार महसुल।

त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाडौं तथा मूल्याङ्कन पुनरावलोकन शाखा, भन्सार विभाग, त्रिपुरेश्वार काठमाडौं ----------१

पुनरावेदक निवेदक

विरूद्ध

का.जि.का.म.न.पा. वडा नं. ३२ पुतलीसडक स्थित मेमर्स रुटस् फेशन प्रा.लि.को तर्फबाट ऐ.को अधिकार प्राप्त संचालक अध्यक्ष संजिव तुलाधर ----------१ प्रत्यर्थी

विपक्षी

१. राजश्व न्यायाधिकरणको फैसला उपर पक्ष उपयुक्त कानूनी मार्ग अनुशरण गरी यस अदालतमा प्रवेश गरेको छ वा छैन।

२. जाँचपास पछिको परीक्षण के हो र भन्सार विभागबाट भन्सार ऐन, २०६४ को परिधिभित्र रही निर्णय भएको छ वा छैन।

३. राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको निर्णय मिलेको छ वा छैन, पक्षको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन।

सर्वप्रथम पहिलो प्रश्नसतर्फ हेर्दा, त्रिभुवन विमानस्थल भन्सार कार्यालयको तर्फबाट यस अदालत समक्ष राजश्वन न्यायाधिकरण ऐन, २०३१ को दफा ८ र न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गत निवेदन दिएको देखियो। राजश्वि न्यायाधिकरण ऐन, २०३१ अन्तर्गत राजश्वद न्यायाधिकरणले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले सो ऐनको दफा ८ अन्तर्गत यस अदालतमा निवेदन दिन पाउने हुन्छ। यहाँ निवेदकले प्रस्तुत बिवाद राजश्वऐ न्यायाधिकरण ऐन, २०३१ को दफा ८ र न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गत यसै अदालतको क्षेत्राधिकार भित्र पर्छ भनी निवेदनमा उल्लेख गरेको देखियो। यसरी पक्षले दुवै ऐन उल्लेख गरी निवेदन दिएको भए तापनि यस अदालतबाट मिति २०६९।०२।०५ मा पुनरावेदनको अनुमति प्रदान गर्दा राजश्व२ न्यायाधिकरण ऐन, २०३१ को दफा ८(घ) अन्तर्गत अनुमती प्रदान गरेको हुँदा प्रस्तुत निवेदन पुनरावेदन राजश्व न्यायाधिकरण ऐन अन्तर्गत नै दर्ता भएको मान्नु पर्ने हुन आयो। तसर्थ निवेदनमा

पुनरावेदनको अनुमती पनि माग गरिएको र राजश्वर न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को उल्लेख भई रहेको पाइँदा सो ऐनको अतिरिक्त न्याय प्रशासन ऐन, २०४८ समेत उल्लेख भयो भन्दैमा पुनरावेदक उपयुक्त कानूनी मार्ग अनुशरण गरी यस अदालतमा प्रवेश नगरेको भनी दोष लगाउन मिल्ने देखिएन। अदालत आफैले दफा ८(घ) अन्तर्गत पुनरावेदनको अनुमती दिइसकेपछि यस सम्बन्धी बिवादको अन्त्य भै सकेको हुँदा अब पुनरावेदनमा सुनुवाई गर्न नमिल्ने भन्नी मिलेन।

अब दोस्रो प्रश्न अर्थात जाँचपास पछीको परिक्षण के हो र भन्सार विभागबाट भन्सार ऐन, २०६४ को परिधीभित्र रही निर्णय भएको छ वा छैन भन्नेबारे हेर्दा भन्सार ऐन, २०६४ को दफा २ मा भन्सार "जाँच" "जाँच पास" र "जाँचपास पछीको परिक्षण" लाई अलग-अलग परिभाषित गरिएको छ। भन्सारमा मालवस्तु आएपछी पैठारी गरिने मालवस्तु घोषणा गरिए अनुरुप छ छैन भनी गरिने परिक्षण "जाँच" र जाँच पछी मालवस्तु निकासी वा पैठारी गर्ने वा उठाई लैजान दिएको अनुमती "जाँच पास" हो भनिन्छ भने जाँचपास भै सामान छुटाई लगेपछी भन्सार विभागबाट पुनः गरिने अभिलेखको परिक्षण "जाँचपास पछीको परिक्षण" हो भनी उल्लेख गरेको देखिन्छ। आयात कर्ताले गलत घोषणा गरी सामान छुटाई लान सक्ने कुरालाई मध्यनजर गरी जाँच पासपछिको परीक्षणको व्यवस्था ऐनमा गरिएको देखिन्छ। ऐनको दफा ३४ को उपदफा (१) मा "भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तु पैठारीकर्ताले घोषणा गरे बमोजिमको मालवस्तु हो वा होईन वा पैठारीकर्ताले गरेको घोषणा अनुरुप भए वा नभएको यकिन गर्न महानिर्देशक वा भन्सार अधिकृतले कुनै पैठारीकर्ताको मालवस्तु खरिद, पैठारी वा विक्रि सम्बन्धी खाता , स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैंक अभिलेख, कम्प्युटर प्रणाली लगायत निजको व्यावसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परिक्षण गर्न सक्नेछ" भन्नेि व्यवस्था र उपदफा २ मा " उपदफा (१) बमोजिम परिक्षण गर्दा पैठारीकर्ताले पैठारी गरेका मालवस्तु निजले घोषणा गरेको भन्दा भिन्न मालवस्तु पाईएमा वा निजले गरेको घोषणा अनुरुप नभएको देखिएमा वा कारोवार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा भन्सार अधिकृतले त्यसरी घटी भएको मूल्य वा परिमाणको पैठारी हुँदाका बखत लाग्ने महसुल निजबाट तत्काल असुल गरी घटी कारोवार मूल्य वा परिमाण घोषणा गरे बापत निजलाई यस ऐन बमोजिम कारवाही गर्नेछ" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। उक्त व्यवस्थाबाट भन्सार जाँचपास भई मालवस्तु छुटाई लगेपछि पनि पैठारीकर्ताले घोषणा अनुरुप मालवस्तु आयात नगरेको स्थितिमा, अर्थात घोषणा गरे भन्दा

भिन्नी मालवस्तु लगेको पाइएमा वा निजले गरेको घोषणा अनुरुप नभएको देखिएमा वा कारोवार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारण घटी भन्सार महसुल असुल भएको देखिएमा हेरी जाँची सही भन्सार महसुल तोकी लिन सक्ने देखिन्छ।

प्रस्तुत मुद्दामा दफा ३४ अन्तर्गत गरिएको परिक्षणलाई लिएर बिवाद उठाइएको छ। सो सन्दर्भमा हेर्दा निवेदकले प्रतितपत्र खोल्दा एडिडास जुत्ताको निम्ति खोलेको देखिए पनि प्रज्ञापन पत्र भर्दा भने ८७० जोर एडिडास (Adidas Shoes) र अर्को ३०० जोर सिन्थेटिक स्पोर्टस (Synthetic Sports) भनी मिति २०६५।५।१९ मा प्रज्ञापन पत्र (संकेत R-१८/१४ दर्ता नं. ३८८१) भरी सि.यन.यफ. काठमाडौंसम्मको मूल्य USD ७३७५.०० घोषणा गरेको पाईयो। यसमा सामानको मूल्य USD १२५०.०० भाडा वापत USD ६१००.०० र वीमा वापत USD २५.०० देखाएको भन्ने खुल्न आयो। जाँचपास पछिको परीक्षण गर्दा पैठारीकर्ताले देखाएको खरिद मूल्यको आधारमा हेर्दा प्रति जोडा मूल्य USD १.०६८४ अर्थात सो दिनको विनिमयको आधारमा प्रतिजोडा लागत रु.७६.३९ हुने देखाइएको र सो कुरा Adidas जस्तो ख्याती प्राप्त ब्राण्डको हकमा यथार्थपरक नरहेको निष्कर्षमा विभाग पुगेको देखिन्छ। यसको अतिरिक्त पार्टीले निर्यातकर्ता कम्पनीको लोगो रहितको विल पेश गरेको, प्याकिङ्ग लिष्ट घोषणा अनुरुप नदेखिएको, विभिन्नत देश (इन्डोनेसिया, भियतनाम, हङ्गकङ्ग) बाट पैठारी भएका सामानहरूको एउटै प्याकिङ्ग लिष्ट पेश गरेको, भाडावापत तिरेको रकम भनी प्रज्ञापन पत्रमा उल्लेख गरेको रकम र Airway Bill को रकम फरक परेको, पैठारीकर्ताको प्रतिनिधिले बयान गर्दा १२ देखि १६ प्रतिशत मुनाफामा सामान विक्री गरिने भनी बयान गरेकोमा निजले नेसनल स्पोर्टस काउन्सिललाई विक्री गरेको विजकमा एडिडास जुत्ताको ६६७.०४ प्रतिशत र सिन्थेटिक स्पोर्टस जुत्ताको ७१८.८३ प्रतिशत बढी मूल्यमा विक्री गरेको पाइएपछि न्यून विजकिकरण गरेको देखिएकोले भन्सार ऐन, २०६४ को दफा ३४(२) बमोजिम लाग्ने भन्सार मसुल र जरिवाना किन नगर्ने भनी वारेसलाई बयानमा प्रश्नी सोधिएको (स.ज. २५) मा वारेसले त्यसको जवाफ पछि पेश गर्ने छु भनेको तर पछि कुनै जवाफ पेश नगरेको भन्ने देखियो।

भन्सार ऐन, २०६४ को संरचना हेर्दा दफा ३४ अन्तर्गत गरिने "जाँचपास पछिको परीक्षण" मूलतः कागजातको आधारमा गरिने परीक्षण हो। यस्तो परीक्षण गर्दा आयातकर्ताले भरेको प्रज्ञापन पत्र, खरिद विजक, Airway Bill, विक्री विजक समेत हेरी र नखुलेका कुरा वा फरक देखिएका कुराहरू आयातकर्ताको बयानबाट खुलाई परीक्षणकर्ता निष्कर्षमा पुग्ने गर्दछ।

यहाँ सोही कुरा गरेको पाइएबाट विभागले आयातकर्तालाई सुनुवाईको मौका नदिएको वा निर्णयमा वस्तुनिष्ठता नरहेको भन्नग सकिने अवस्था देखिएन। जाँचपास पछिको परीक्षण गरी परीक्षणकर्ता दुईजना (सेवन्तक पोखरेल र गणेशप्रसाद अर्याल) एवं मूल्याङ्कनकर्ता तथा पुनरावलोकनकर्ता (लावण्यकुमार ढकाल) ले दिएको प्रतिवेदनमा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) बमोजिम गर्न सम्बन्धित कार्यालयमा पठाउने गरी विभागका महानिर्देशक (लवराज श्रेष्ठु) बाट मिति २०६६।२।३१ मा स्वीकृत भई आयातकर्ताबाट भन्सार महसुल र जरिवाना समेत गरी २६,१४,५३१.९१ असुल उपर गर्ने निर्णय गरिएको मिसिलबाट देखिंदा प्रतिवेदनको आधारमा रकम मागियो, निर्णय नै गरिएन भन्नि सकिने अवस्था देखिएन।

भन्सार ऐनको दफा ३४ अन्तर्गत गरिने निर्णय मूलतः अर्धन्यायिक प्रकृतिको हो। यस्तो निर्णय गर्दा परीक्षण प्रतिवेदनमा लिइएका आधारहरूलाई नै स्वीकार गरिएको छ र सो पूर्व सम्बन्धित पक्षलाई आफ्नो कुरा राख्नेध एवं सबुद प्रमाण पेश गर्ने मौका प्रदान गरिएको छ भने निर्णय कुन ढाँचामा हुनुपर्ने थियो भन्नेप कुराले त्यति महत्त्व राख्दैन। अर्धन्यायिक निर्णयमा हेरिने मुल कुरा वस्तुनिष्ठनता र न्यायिक मन हो। निर्णय तथ्य एवं सबुद प्रमाणमा आधारित छ, सम्बन्धित पक्षलाई सफाईको मौका प्रदान गरिएको छ न्यायिक मन प्रयोग गर्दै आधार कारण खुलाई निष्कर्षमा पुगेको अभिलेखबाट देखिन्छ भने ढाँचा दोषपूर्ण हुँदैन। यस दृष्टिलबाट हेर्दा भन्सार विभागबाट भएको परीक्षण प्रतिवेदन र निर्णयमा माथिका सबै तत्त्व विद्यमान देखिन्छ। तसर्थ सो निर्णयलाई त्रुटिपूर्ण भन्न् मिल्ने देखिएन।

प्रज्ञापन पत्रमा नै खरिद मूल्य, भाडा र विमा वापत पक्षले रकम उल्लेख गरेको र सो सबै कुराहरूलाई जाँचपास पछिको परीक्षणमा मध्यनजर गर्दै भन्सारमा घोषणा गरेको ख्याति प्राप्त ब्राण्ड Adidas जुत्ताको प्रतिजोर मूल्य अन्य सामान्य जुत्ताको हकमा अन्य आयातकर्ताहरूबाट सामान्यतयाः घोषणा गरिने प्रति जोर मूल्यभन्दा पनि कम देखिएको भन्नेर उल्लेख भएको छ। निर्णयमा एडिडास जुत्ता प्रति जोरको खरिद मूल्य USD १.०६८४ उल्लेख भएको छ जबकि चीनबाट आयात हुने सामान्य सिन्थेटिक जुत्ताको प्रतिजोर मूल्य USD १.५० घोषणा हुने कुरालाई उदाहरणको रुपमा राखिएको पनि पाइयो। यी समस्त कुराहरुबाट आयातकर्ता स्वयंले विक्री गरेको मूल्य समेतलाई हेरी आयातकर्ताले न्यून विजकिकरण गरेको निष्कर्षमा विभाग पुगेको पाइँदा जाँचपास पछीको परिक्षणमा कुनै त्रुटी भएको देखिएन।

अब राजश्वक न्यायाधिकरण काठमाडौंको निर्णय मिलेको छ वा छैन भन्ने अन्तिम प्रश्न१तर्फ हेर्दा भन्सार विभागबाट भएको निर्णय उल्टी गर्दा राजस्व न्यायाधिकरणले भन्सार ऐन २०६४ को दफा २(क) (ख) र दफा १५ को उल्लेख गरेको पाईयो। दफा २(क) मा करमुक्त पसल र (ख) मा "कारोवार मूल्य" को परिभाषा गरिएको पाईन्छ। दफा २ (क) यहाँ सान्दर्भिक नै देखिदैन भने दफा २(ख) मा उल्लेखित कारोवार मूल्य "अन्तर्गत विक्रेतालाई वास्तविक रुपमा भुक्तानी गरेको मूल्य, भाडा, बिमा र अन्य सम्बद्द खर्च जोडी हुन आउने कुल रकम सम्झनुपर्छ भन्ने उल्लेख भएको छ। पार्टीले भन्सारमा प्रज्ञानपत्र भर्दा तिरेको रकम, भाडा र बिमा समेतको उल्लेखन गरेको देखिन्छ, सो मध्ये विक्रेतालाई भुक्तानी गरेको भनेको मूल्यमा अन्य जुत्ताको तुलनात्मक घोषणा र पार्टीले नै विक्री गरेको विक्री विजक समेतलाई हेरी भन्सार विभागबाट परीक्षण गरिएको पाईन्छ। पक्षले भाडा, बिमा वा अन्य सम्बद्द खर्चको कागजात पेश गर्न नसकेको भन्ने अवस्था नै नहुँदा दफा २(ख) वा १५ को यहाँ सन्दर्भ नै देखिएन। यस स्थितिमा राजस्व न्यायाधिकरणको निर्णय निष्कर्षमा सहमत हुन सकिने अवस्था देखिएन।

त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाण्डौ मूल्यांङ्कन पुनरावलोकन शाखा, भन्सार विभाग त्रिपुरेश्वर काठमाण्डौ पुनरावेदक विपक्षी भेमर्स रुट्स फेशन प्रा.लि. भएको भन्सार महसुल सम्बन्धी CR-१२४३ को अर्को न्यून विजकीकरण भएको कारण पुन भन्सार जाँच पास पछिको परीक्षण सम्बन्धी विवाद उठेकोमा अदालत निम्न प्रश्न उपस्थित रहेको पाइन्छ ।

- राजस्व न्यायाधिकरण ऐन २०३१ र न्याय प्रशासन ऐन, २०४८ उल्लेख गरेर अनुमतिको लागि जान मिल्ने वा नमिल्ने ?
- जाँच पास परीक्षण पछिको विषय वस्तुको दायर कति हुने ?
- न्यून विजकीकरण अन्तगर्त परेको विषयमा भन्सार विभागबाट निर्णय गरेको हो होइन, भन्सार विभागको निर्णय गर्दा निर्दृष्ट ढाँचामा हुनुपर्ने हो वा निर्णय उचित तर्क कारण उल्लेख हुनुपर्ने विषय समावेश भएको पाइन्छ ।

प्रस्तुत विवादमा जाँच पास पछिको परीक्षणको व्याख्या गरिएको छ ।

कानूनमा नै जाँच पास भएर भन्सार परीक्षण पछि पठाइएका सामानमा न्यून विजकीकरण भएको हुन सक्ने सम्भावना सधै रहेकाले कुनै पनि पैठारी कर्ताले एक पटक भन्सार

परिसरबाट सामान लगेतापनि भन्सार महसुल छली गरेका सामान करको दायरामा आउन सकून भनेर भन्सार जाँच पछि, जाँच पास परीक्षण व्यवस्था भएको र सोही अनुसार भन्सार विभागबाट निर्णय भएको विषयलाई सर्वोच्च अदालतको फैसलाले सदर गरेको छ ।

प्रस्तुत फैसलाले नेपाल सरकारलाई २६ लाख भन्दा बढी राजस्व उठ्न मद्दत पुगको देखिएको छ । प्रस्तुत फैसलाले मुख्य तह निम्न कुराको निर्णय गरेको छ ।

- भन्सार अर्ध न्यायीक निकाय भएकाले त्यस्तो निकायले निर्णय गर्दा सुनुवाई मौका दिनुपर्ने र सो विषय प्रस्तुत मुद्दामा भएको कुरा पुष्टि गरेको ।

अदालतले एक पटक कार्यविधि ठीक छ भनी स्वीकार गरेकाले सोही विषयमा कार्यविधि मिले नमिलेको निर्णय गर्नु नपर्ने भनी उल्लेख गरेको पाइयो । तर प्रस्तुत मुद्दा पुनरावेदन अनुमतिको लागि पेश हुँदा उल्लेख भएको राजस्व न्यायाधिकरण ऐन, २०३१ मात्रै पर्याप्त हुने वा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को अवस्था आवश्यक पर्ने नपर्ने सम्बन्धमा स्पष्ट बोलेको पाइएन यो विषय पनि बोलेको भए राम्रो हुन्थ्यो ।

मुद्दाः उत्प्रेषण/निषेधाज्ञा/परमादेश ।

विराटनगर भन्सार कार्यालयको तर्फबाट प्रमुख भन्सार अधिकृत विनोदबहादुर कुँवर..... पुनरावेदक/विपक्षी

विरूद्ध

जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं.५ स्थित मनोकामना इम्पोर्ट एक्सपोर्ट फर्मको प्रोप्राइटर हाल मोरङ, राजघाट गा.वि.स. वडा नं. ८ बस्ने मञ्जु थापा..... प्रत्यर्थी/निवेदक

जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं. ७ स्थित मनोकामना इम्पोर्ट एक्सपोर्ट फर्मको प्रोप्राइटर जिल्ला मोरङ, राजघाट गा.वि.स. वडा नं. ८ बस्ने मञ्जु थापा.....नरावेदक/विपक्षी

विरूद्ध

विराटनगर भन्सार कार्यालय, मोरङ समेत..... प्रत्यर्थी/निवेदक

दुबै पक्षका विद्वान्हरूले गर्नुभएको बहस सुनी, मिसिल अध्ययन गरी हेर्दा निम्न प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियो :

१. विराटनगर भन्सार कार्यालयले रोक्का राखेको सुपारीको सम्बन्धमा निर्णय गर्ने अधिकार कुन निकायमा छ ?

२. पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको छ छैन ?

पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा विराटनगर भन्सार नाकाबाट ३ वटा ट्रकमा भारत निकासी गर्न लागेको अवैध सुपारी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनमा राजस्व अनुसन्धान विभाग पूर्वाञ्चल क्षेत्रीय कार्यालय, इटहरीले निकासी रोक्नु भनी लेखी आएकोले रोक्का भएको भन्ने देखिन्छ । रोक्का रहेको सुपारीको सम्बन्धमा अनुसन्धान र तहकिकात गर्ने कार्य राजस्व अनुसन्धान विभागको हो भनी प्रमुख भन्सार अधिकृतले पुनरावेदनमा उल्लेख गरेको देखिन्छ । भन्सार ऐन, २०६४ को दफा १९(१) मा "दफा १८ बमोजिम प्रज्ञापनपत्र पेस भएपछि सम्बन्धित भन्सार अधिकृतले सो प्रज्ञापनपत्रमा घोषित माल वस्तु कानूनबमोजिम पैठारी वा निकासी गर्न पाइने माल वस्तु हो वा होइन भन्ने सम्बन्धमा जाँच गर्नुपर्ने छ । त्यसरी जाँच गर्दा भन्सार अधिकृतले आवश्यकता अनुसार सम्बन्धित माल वस्तुको भौतिक जाँच गर्न वा गर्न लगाउन सक्नेछ" भन्ने व्यवस्थाबमोजिम प्रस्तुत सन्दर्भमा भन्सार अधिकृतबाट उक्त सुपारी निकासी तथा पैठारी गर्न प्रतिबन्ध लगाएको वस्तुभित्र पर्ने हो वा होइन सो सम्बन्धमा जाँच गरी निर्णयमा पुग्नुपर्ने देखिन्छ । तर निजले त्यसो नगरी जाँचबुझ गर्नसम्म नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान पठाएको र सो सम्बन्धमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानबाट सुपारी नमुनाको प्रयोगशाला परीक्षणको प्रतिवेदनसमेत प्राप्त भएको अवस्थामा आवश्यक निर्णय गरेको देखिँदैन । आफूसमक्ष आएको विवादको निरूपण गर्ने कार्य कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्र रही त्यसै निकायले जाँची वा बुझ्नुपर्ने कुरा बुझी कारवाही गर्नुपर्ने र ठोस निर्णयमा पुग्नुपर्ने हुन्छ । यसरी निर्णय गर्ने अधिकार कानूनद्वारा भन्सार अधिकृतलाई नै दिएको अवस्था हुँदा विराटनगर भन्सार कार्यालयले नै आवश्यक निर्णय गर्नुपर्ने देखिन आयो ।

भन्सार ऐन, २०६४ को दफा १९(२) मा "उपदफा (१) बमोजिम जाँच गर्दा त्यस्तो माल वस्तु निकासी वा पैठारी गर्न नपाइने वा प्रतिबन्धित भएको पाइएमा प्रचलित कानूनबमोजिम अनुसन्धान वा कारवाहीका लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष पठाउनु पर्नेछ" भन्ने व्यवस्था अनुसार भन्सार अधिकृतले निकासी गर्न ल्याएको सुपारीको सम्बन्धमा उपदफा (१)

बमोजिम जाँच गर्दा प्रतिबन्धित भएको अवस्थामा मात्र थप अनुसन्धान वा कारवाहीको लागि सम्बन्धित निकाय वा अधिकारीकोमा पठाउनुपर्नेमा त्यस्तो निकासी गर्न प्रतिबन्ध लागेको सुपारी हो वा होइन भन्ने सम्बन्धमा अधिकारप्राप्त निकाय विराटनगर भन्सार कार्यालयले निर्णय गर्नुपर्नेमा त्यस्तो निर्णय नगरिरहेको अवस्थालाई कानूनद्वारा निर्धारित प्रक्रिया पुऱ्याएको भन्न मिल्ने देखिँदैन ।

पुनरावेदन अदालत, विराटनगरबाट साधिकार निकायले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा आँफैले र आफूसामु पर्न आएको आफूले हेर्न नमिल्ने विषय भएमा सम्बन्धित निकायमा पठाइदिनुपर्ने हुन्छ । निवेदक मनकामना इम्पोर्ट एक्सपोर्ट कम्पनीउपर मुद्दा चलाउनुपर्ने नपर्ने वा निकासा दिन मिल्ने नमिल्ने सम्बन्धमा आदेशको जानकारी पाएका मितिले २० (बीस) दिनभित्र निर्णय गर्नु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याएको मिति २०६९।६।१ को पुनरावेदन अदालत, विराटनगरको आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्तैन ।

विराटनगर भन्सार कार्यालयको र रिट निवेदक मञ्जु थापा दुवैको तर्फबाट दोहोरो पुनरावेदन परेको प्रस्तुत रिट उपरको पुनरावेदन रहेको पाइयो। यसमा ३ ट्रकमा रहेको सुपारी ५७,७३८ के.जी. भारत निकासी गर्ने खोजेको विषयमा राजश्व अनुसन्धान विभाग पूर्वाञ्चल क्षेत्रीय कार्यालय इटहरीबाट विराटनगर भन्सार कार्यालयलाई सुपारी रोक्का राख्नेञ भने वमोजिम रोक्का राखेको विषयमा निकासी कर्ताबाट निकासी गरी पाउँ भनी तत्कालीन पुनरावेदन अदालत विराटनगरमा रिट निवेदन दर्ता भएको रहेछ । निवेदकले मुख्य गरेर रिटमा नेपाली सुपारी भारतमा निकासी गर्न खोज्दा रोकेको विषयमा रोक्ने कार्य नागरिक अधिकार ऐन २०१२ विपरीत भएकाले निषेधाज्ञा लगायत उत्प्रेषण, परमादेश समेतको जारीको माग रहेकोमा पुनरावेदन अदालतले विराटनगरबाट छान विन गर्दा निकासी हुन नसक्ने प्रकृतीको देखिएमा जरिवाना, विगो दण्ड समेत व्यहोर्ने प्रतिवद्धता जारी गरेकाले निवेदकले लाग्न सक्ने जरिवानको रकम धरौटीमा राखी सुपारी निर्यात गर्न दिने भनी शर्त सहितको अन्तरिम आदेश जारी भएको पाइन्छ। करीव ५ महिना सम्म समेत कार्यान्वयन नभएको अवस्थामा प्रस्तुत रिट निवेदनका अध्ययनबाट देखिन्छ । उक्त अन्तरिम आदेशले निषेधाज्ञाको स्वरुपलाई ग्रहण गरे पनि आदेश भएको २० दिन भित्र निवेदक उपर मुद्दा चलाउनु पर्ने भए चलाउन र चलाउन नपर्ने भए निकासा दिन मिल्ने नमिल्ने सम्बन्धमा निर्णय गर्नु भनी उल्लेख गरीएको पाइन्छ । तर रिट निवेदक पुनरावेदन अदालतको आदेशबाट सन्तुष्ट नभई निकासा गर्न दिनु भन्ने नै आदेश जारी गरि पाउन भनी पुनरावेदन

दिएको देखिएको छ। अनुसन्धान गर्ने निकायको आदेशले रोक्का राखिएको विषयमा विराटनगर भन्सार कार्यालयबाट निर्णय गर्न मिल्दैन २० दिन भित्र निर्णय गर्नु भन्ने आदेश मिलेन भनी निवेदक र विपक्षी दुवैको तर्फबाट पुनरावेदन परेको पाइन्छ । प्रस्तुत रिट निवेदन २ तर्फको पुनरावेदन जिकिरमा असमत भई फैसला भएको देखिन्छ।

प्रस्तुत विवादमा सुपारी निकासी योग्य वस्तु भए शुरुमा अन्तरिम आदेश जारी भए बमोजिम हुन सक्ने दण्ड जरिवाना समेत धरौटी राखी निकासी गर्न दिनु भनेतापनि (धरौटी राखी) निकासी गर्न खोजेको पाइदैन भने अर्को तर्फ त्यस्तो अन्तरिम आदेश जारी भएको विरुद्ध निवेदन समेत नपर्नुबाट निवेदक स्वयं निकासी योग्य वस्तु भए तर्फ एकिन नभए जस्तो देखियो । विपक्षी भन्सार कार्यालयले समेत उक्त सुपारी धरौटीमा राखे पनि निर्यात गर्न मिल्ने होइन । नत उक्त अन्तरिम आदेशको बदर गर्न माग राखी भन्सार कार्यालय विराटनगर समेतबाट आन्तरिम आदेश विरुद्ध निवेदन दिएको पाइदैन ।

प्रस्तुत विवादका सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा १९(२) को व्यवस्थाको व्याख्या गर्दै भन्सार कार्यालय स्वयंले निर्णय गर्नु पर्ने भनी व्याख्या गरेको पाइयो । तर प्रस्तुत फैसलामा राजस्व अनुसन्धान विभाग क्षेत्रीय कार्यालय राजस्व अनुसन्धान लाई सुपारी निर्यात गर्न लागेको विषयमा अनुसन्धान गर्ने अधिकार भए नभएको तर्फ फैसला मौन बसेको देखिन्छ ।

आदेश मितिः २०६९।८।२५।२

विषयः उत्प्रेषण परमादेश समेत ।

निवेदकः घरेलु तथा साना उद्योगको कार्यालय मोरङ्ग, विराटनगर अन्तर्गत दर्ता रहेको पशुपति ढुवानी सेवा नामक फर्मको तर्फबाट ऐ. का प्रोप्राइटर सञ्चालक जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वडा नं. २२ बस्ने गजेन्द्रकुमार ठाकुर

विरुद्ध

विपक्षीः नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग समेत

भन्सार ऐन, २०६४ को दफा ५१(१) मा निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित कामको लागि निकासी वा पैठारीकर्ताको भन्सार एजेन्ट वा प्रतिनिधिको रूपमा काम गर्न चाहने व्यक्तिले विभाग वा

भन्सार कार्यालयबाट भन्सार एजेन्टको इजाजतपत्र लिनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ ।

यसरी भन्सार एजेन्टको इजाजतपत्र लिन इच्छुक व्यक्तिले भन्सार विभागले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त माग गरेको अवस्थामा देहायको योग्यता पुगेको व्यक्तिले दरखास्त दिन सक्ने भन्ने कानूनी व्यवस्था भन्सार नियमावली २०६४ को नियम ३७(२) मा उल्लेख भएको देखिन्छः

(क) २१ वर्ष उमेर पुगेको

(ख) कम्तिमा प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरेको वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको

(ग) नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम बाँकी नभएको

(घ) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित नभएको ।

उल्लिखित रूपमा योग्यता पुगेका दरखास्तवाला व्यक्तिहरू मध्येबाट भन्सार विभागले लिखित परीक्षा तथा अन्तवार्ताको माध्यमद्वारा भन्सार एजेन्टको इजाजतपत्र दिन उपयुक्त व्यक्तिहरूको छनौट गर्ने कानूनी व्यवस्था उल्लिखित भन्सार नियमावली, २०६४ को नियम ३७(४) मा भएको देखियो । उल्लिखित कानूनी व्यवस्थाको अध्ययनबाट भन्सार एजेन्टको इजाजत पत्र निश्चित् योग्यता र क्षमताका आधारमा प्राकृतिक व्यक्तिले मात्र प्राप्त गर्न सक्ने इजाजत पत्र हो भन्ने देखिन्छ । भन्सार नियमावली, २०६४ को नियम ३७(२) मा उल्लिखित योग्यता नपुगेको प्राकृतिक व्यक्ति बाहेकका अन्य कुनै प्राईभेट फर्म वा कानूनी व्यक्तिले यस्तो भन्सार एजेन्टको इजाजत पत्र प्राप्त गर्न सक्ने देखिदैन । साथै यसरी उल्लिखित भन्सार नियमावली, २०६४ को नियम ३७ बमोजिम जारी हुने भन्सार एजेन्टको इजाजत पत्र, त्यस्तो इजाजत पत्र प्राप्त व्यक्तिको मृत्यु पछि निजका हकवालामा नामसारी हुन सक्ने वा त्यस्तो इजाजत पत्रमा हकवालाको नाम समावेश हुन सक्ने कानूनी व्यवस्था समेत उल्लिखित भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ मा कहिँकतै उल्लेख भएको देखिदैन । निश्चित् योग्यता प्राप्त व्यक्ति जस्तै स्वास्थ्य व्यवसायी परिषद्मा दर्तावाला स्वास्थ्यकर्मी, नेपाल मेडिकल काउन्सिलमा दर्तावाला चिकित्सक तथा नेपाल कानून व्यवसायी परिषद्मा दर्तावाला कानून व्यवसायीको मृत्युपश्चात् जसरी उनीहरूको व्यवसायिक

अधिकारयुक्त इजाजतपत्रको स्वामित्व अन्त्य हुन्छ त्यसरी नै भन्सार एजेन्टको मृत्यु पश्चात निजको भन्सार एजेन्टसम्बन्धी अधिकार र स्वामित्व पनि स्वतः समाप्त भई हस्तान्तरण हुन नसक्ने हुन्छ । भन्सार नियमावली, २०६४ को नियम ३७(२) र (४) मा उल्लिखित योग्यता र प्रक्रिया पूरा गरी योग्यता र क्षमताका आधारमा भन्सार एजेन्टको इजाजत पत्र यी निवेदकले पनि पाउन सक्ने नै हुँदा पत्नीको मृत्युपश्चात् निजका नामको भन्सार एजेन्ट इजाजत पत्र आफ्नो नाममा नामसारी हुनुपर्ने भन्ने निवेदन जिकिर मनासिव देखिन आएन ।

अतः उल्लिखित आधार कारण र भन्सार ऐन तथा नियममा उल्लिखित कानूनी व्यवस्थाको अध्ययन समेतबाट भन्सार एजेन्टसम्बन्धी इजाजत पत्र निश्चित् व्यक्तिगत योग्यता र क्षमताको आधारमा प्राकृतिक व्यक्तिले मात्र प्राप्त गर्न सक्ने इजाजत पत्र हो भन्ने देखिएको र भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ मा कहिंकतै भन्सार एजेन्ट इजाजत पत्र प्राप्त व्यक्तिको मृत्युपश्चात् त्यस्तो इजाजत पत्र त्यस्तो मृतक व्यक्तिको हकवालाको नाममा नामसारी हुन सक्ने कानूनी व्यवस्था रहे भएको नदेखिएकोले निवेदकको पत्नी निर्मलादेवी ठाकुरका नाममा जारी भएको भन्सार एजेन्ट इजाजत पत्र निजको मृत्युपश्चात् निवेदकका नाममा नामसारी हुन नसक्ने भनी विपक्षी भन्सार विभागबाट भएको निर्णयमा कुनै कानूनी त्रुटि रहेको देखिएन । निवेदक माग बमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिएकोले रिट निवेदन खारेज हुने ठहर्छ ।

भन्सार प्रशासनले कानून वमोजिम गरेका कार्य र कानून रित नपुर्यावई गरेका कार्य दुवै किसिम कार्यलाई नागरिक तहबाट चुनौती दिने अवस्था हुन्छ । भन्सार प्रकृया सरलीकृत गर्न र आयत निर्धारणकर्ताहरु स्वयं नै भन्सारमा उपस्थित हुन सम्भव हुदैन । आयत/निर्यात कर्ताको काम गर्न भन्सार एजेन्टको नियुक्ति गर्ने र एजेन्टको प्राकृतिक व्यक्ति नै हुने प्राकृतिक व्यक्ति मृत्यु पछि भन्सार एजेन्ट बन्न पाएको अनुमति हकवालामा सर्ने वा नसर्ने भन्ने विवाद समेत सर्वोच्च अदालतमा पुगेको पाइन्छ । पशुपति ढुवानी सेवा नामक फर्म रिट निवेदक भएको 2066-wo-1058 उत्प्रेषण परमादेश समेत रिट निवेदन यस्तै विषयमा परेको देखिन्छ ।

निवेदक गजेन्द्र कुमार ठाकुरको श्रीमतीको नाममा दर्ता रहेको पशुपति ढुवानी सेवा नामक कानूनी व्यक्ति भएकाले कानूनी व्यक्ति कै हैसियतमा भन्सार एजेन्ट समेत पाएको हो। प्राकृतिक व्यक्तिको मृत्यु पछि उक्त प्राकृतिक व्यक्तिको नजिकको नातेदार आफू भएकाले म निवेदकले नै भन्सार एजेन्टको अधिकार समेत पाउनु पर्छ भनी निवेदन दिएको पाइयो ।

निवेदकले विपक्षी बनाएका भन्सार विभागको जवाफमा पशुपति ढुवानी सेवा नामक प्रोप्राइटर स्व. निर्मलादेवी ठाकुरको नाममा भन्सार एजेन्ट इजाजत पत्र भन्सार विभागबाट दिइएको हो । कार्यकारिणी व्यक्तिको मृत्युपछि भन्सार एजेन्ट रुपमा कार्य गर्न भन्सार ऐन नियमले प्रदान गरिएको छैन जवाफ भएको प्रस्तुत रिटका सम्बन्धमा निम्न लिखित प्रश्न उठेका थिए।

- कानुनी व्यक्तिका के कस्तो अधिकार छन्
- प्राकृतिक व्यक्तिले गर्ने काममा र कानुनी व्यक्तिको काम कस्तो भिन्नता रहने

एउटै कार्यालयमा हुने विभिन्न शाखाहरु मध्ये कुनै शाखाले कुनै कार्य गरि दिएको उक्त कार्य कार्यालयले गरेको प्रतिनिधित्व नै गर्छ गर्दैन भन्ने प्रश्न उठेका थिए।

०६८-CR-०७३७

मुद्दाः बढी भन्सार महशुल माग।

नेपाल सरकार, वीरगञ्ज भन्सार कार्यालयको तर्फबाट प्रमुख भन्सार अधिकृत, लावण्यकुमार ढकाल.....पुनरावेदक

विरुद्ध

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० स्थित न्यू पिकासो इन्टरनेशनल फर्मको तर्फबाट ऐ. का अधिकार प्राप्त साझेदार आनन्दकुमार रंगटा..... प्रत्यर्थी

निर्णयतर्फ विचार गर्दा, भन्सार विभागको २०६५।०३।२३ को पत्रसाथ प्राप्त जाँचपास पछिको परिक्षण (Post Clearance Audit) प्रतिवेदनमा उल्लेख भएको छुट रकम रु.१६३८४६७।५० पैसा ७ दिनभित्र दाखिला गर्नुहोला भनी बीरगंज भन्सार कार्यालयले मिति २०६५।३।३० मा न्यू पिकासोको नाउँमा पत्र लेखेको र उक्त पत्रानुसार माग भएको रकम धरौटी रसिद नं. ३१०८०८ मिति २०६५।४।११ मा धरौटी राखेको भन्सार विभागबाट यस फर्मलाई छुट रकम दाखिला गराउने गरी भएको मिति २०६५।३।२२ को निर्णय बदर गरी न्याय पाउँ भन्ने समेत व्यहोराको न्यू पिकासोको तर्फबाट राजश्व न्यायाधीकरण काठमाडौंमा पुनरावेदन परेकोमा मिति २०६५।३।२२ को भन्सार विभागको निर्णय खारेज हुने ठहर्या एको मिति २०६७।६।१४ को फैसला उपर वीरगन्ज भन्सार कार्यालयको तर्फबाट पुनरावेदनको अनुमति पाउँ भनी निवेदन परी यस

अदालतबाट पुनरावेदन गर्ने अनुमति प्रदान भई प्रस्तुत पुनरावेदन निर्णयार्थ पेश भएको रहेछ।

आर्थिक ऐन, २०६४ को दफा २ को अनुसुची १ को दफा ७ को उपदफा १६ हेर्दा, भन्सार कार्यालयबाट जाँचपास भईसकेपछि भन्सार विभागद्वारा छानिएका फर्म वा मालवस्तुहरु र भन्सार मूल्य कम भएको भनी सूचना प्राप्त भएका मालवस्तुहरुको जाँचपास पछिको परीक्षण PCA महानिर्देशकले तोकेको अधिकारी वा भन्सार अधिकृतले गर्न सक्नेछ। जाँचपास पछिको परीक्षण गर्दा मालवस्तु जाँचपास भएको मितिले सामान्यतया ६० दिनभित्र गर्नुपर्नेछ भनी स्पष्ट रुपमा उल्लेख गरेको देखिन्छ। कानूनले भन्सार जाँचपास भएको मितिले सामान्यतया ६० दिनभित्र PCA गर्नुपर्ने हुन्छ। न्यू पिकासो इन्टरनेशनल फर्मले मिति २०६४।०९।२२ मा आफ्नो मालसामान जाँचपास गराई सकेपछि भन्सार अधिकृत वा महानिर्देशकले तोके बमोजिमको प्रकृयाद्वारा सामान्यतया ६० दिनभित्रै PCA गरी सक्नुपर्नेमा भन्सार विभाग मुल्यांकन कार्यालयलाई जाँचपास पछिको परीक्षण बारेको पत्र पठाएको मिसिल संलग्न कागजातबाट देखिन्छ। जुन कार्य आर्थिक ऐन, २०६४ को दफा २ को अनुसूची १ को दफा ७ को उपदफा १६ अनुकुल रहेको देखिएन। ६० दिनभित्र PCA गरी सक्नुपर्नेमा उक्त कानूनी व्यवस्थालाई वेवास्ता गरी मिति २०६४।९।२२ मा आयात गरिएको वस्तुमा मिति २०६५।३।२२ मा मात्र PCA गरी भन्सार ऐन, २०६४ को कानूनी व्यवस्थालाई आधार लिई हदम्यादभित्र पारी PCA गरेको देखिँदा भन्सार विभाग मुल्यांकन तथा पुनरावलोकल शाखाले न्यू पिकासो इन्टरनेशनलाई बढी भन्सार महसुल माग गर्ने गरेको निर्णय कानून संगत देखिएन।

मिति २०६४।९।२२ मा पैठारी गरेको सामानलाई आधार बनाई प्रस्तुत मुद्दामा कारवाही उठाइएको छ, जबकी भन्सार ऐन, २०६४ र भन्सार नियमावली २०६४ मिति २०६५।१।१५ बाट मात्र पूर्णतः लागु भएको छ। कर सम्बन्धी कानूनका सम्बन्धमा भुतलक्षी प्रभाव पर्ने गरी कारवाही उठाउन कानूनतः मिल्ने देखिदैन। मूलतः भन्सार ऐन,२०१९ बमोजिम पैठारी भै आएको वस्तुमा आर्थिक ऐन, २०६४ को कानूनी व्यवस्था बमोजिम ६० दिन भित्र PCA नगरी करदातालाई पछि बनेको ऐनको आधारमा कारवाही गर्न मिल्ने देखिदैन। भन्सार विभागको मिति २०६५।३।२२ को निर्णय कानून सम्मत छ भन्ने पुनरावेदन जिकीरसँग यो इजलास सहमत हुन सकेन।

अतः माथि विवेचित आधार प्रमाणबाट मिति २०६४।९।२२ को कारोवारमा आर्थिक ऐन, २०६४ लाई प्रयोग नगरी भन्सार ऐन, २०६४ को हदम्यादसम्म भित्र पारी PCA गरेको कार्य आर्थिक ऐन, २०६४ को दफा २ को अनुसूची १ को प्रकरण नं. १६ को प्रतिकुल देखिँदा सो ऐनले तोकेको म्याद ६० दिन भित्र PCA गरेको नदेखिएकोले मिति २०६५।३।२२ को भन्सार विभागको निर्णय खारेज हुने ठह¥याएको राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०६७।६।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्दैन। प्रस्तुत मुद्दामा कर कानुनको भुतलक्षी प्रभाव हुने गरी लगाउन मिल्दैन भनी व्याख्या भएको छ। भन्सार ऐन, २०१९ बमोजिम न्यून बिजकीकरण भएको भनी भन्सार ऐन, २०६४ आएपछि सो कानूनको हदम्याद भित्र पार्न खोजेको अवस्थामा प्रस्तुत मुद्दालाई खारेज गरिदिएकोले भन्सार मुल्यांकनको क्रममा छुट भएको रकम असुल हुन नसकेको देखियो।भन्सार ऐनको म्यादको व्यवस्थालाई आर्थिक ऐनको हदम्यादले समाप्त नसक्ने गरी व्याख्या भएको देखिन्छ।

उपसंहार

नेपालको राजस्व संकलनमा भन्सार क्षेत्रको योगदान महत्वपूर्ण रही रहेको छ।आर्थिक सर्वेक्षण लगायत अर्थमन्त्रालयबाट प्रकाशित विभिन्न तथ्याङ्क समेतले पुष्टी गरेको पाइन्छ। कर तिर्ने विषय रुचिकर विषय नभएर अनिवार्य भुक्तानी भएकाले करदाताको तर्फबाट कम भन्दा कम कर तिर्ने प्रवृत्ति रहन्छ। राज्यले पनि नागरिकबाट बढी असुल गर्ने भन्ने हुदैन। नेपालको संविधानको प्रावधानमा नै कानून बमोजिम बाहेक कर लगाउने र संकलन नगरिने व्यवस्था छ। कर प्रशासनले घटी कर संकलन वा बढी संकलन गर्ने भन्दा पनि कानून बमोजिम कर संकलन गर्ने विषय तर्फ केन्द्रीत हुनुपर्ने देखिन्छ।हाम्रो जस्तो आयतमा आधारित अर्थतन्त्र रहेको छ।भन्सार विन्दुमा न्यूनविजकीकरण भएकाले त्यसले भन्सार महसुलमा संकलन गर्ने मात्रै नभएर त्यो न्यून विजकिकरणको आधारमा आय कम देखाई आयकर समेत कम तिर्न सक्ने सम्भावना सधै रही रहने हुनाले कर कम संकलन हुने संभावना रहन्छ । तसर्थ भन्सार सम्बन्धी कानून कार्वान्वयन गर्ने पदाधिकारीले कानूनका मुल्य मान्यता अनुशरण गरेमा भन्सारबाट हुने राजश्व चुहावट नियन्त्रण हुनाको साथै भन्सार सम्बन्धी विवादमा सरकारी पक्ष सफल हुने देखिन्छ ।

सन्दर्भ सामग्री

१. वृहत नेपाली शब्दकोष, प्रकाशक राजकीय प्रज्ञा प्रतिष्ठान २०४०

२. नेपाल ऐन संग्रह खण्ड ६, कानून किताब व्यवस्थापन समिति

३. कर कानूनका सिद्धान्त, पवन कुमार ओझा वितरक पैरवी प्रकाशन

४. भन्सार स्मारिका, भन्सार विभाग त्रिपुरेश्वर काठमाडौं

५. नेपाल ऐन संग्रह खण्ड ६, कानून किताब व्यवस्थापन समिति

६. www.mof.gov.np

s/ lgwf{/0fsf] ;'rgfdf Goflos b[li6sf]0f

अञ्चन भट्टराई◊

१. परिचय

कानून बमोजिम बाहेक कुनै कर नलगाईने र नउठाइने कुरा नेपालको संविधानले सुनिश्चित गरेको छ ।[१] त्यसैगरी सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तिब्र आर्थिक बृद्धि हासिल गर्दै दिगो विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने कुरा पनि संविधानमा उल्लेख छ ।

कुनै पनि देशको आर्थिक विकास र समृद्धिका लागि स्रोतको दिगो व्यवस्थापन अपरिहार्य मानिन्छ । देशले लिएको आर्थिक विकासको लक्ष्य हासिल गर्नका लागि आवश्यक स्रोतको मागलाई परिपूर्ति गर्न कर प्रणालीको सुधार एवं विकास गर्न जरुरी हुन्छ । कर प्रणालीको सुधार भन्नेबित्तिकै कर प्रणालीका अवयवहरूका रूपमा रहने दिगो र प्रभावकारी कर नीति, स्पष्ट, सरल र करदातामैत्री कर कानुन, स्वच्छ, सबल र सक्षम कर प्रशासन तथा इमानदार करदाता चारवटै पक्षमा सुधार हुनु आवश्यक हुन्छ ।

विगतमा कर प्रणालीको सुधारका लागि सामान्य प्रयासहरू मात्र भए पनि सन् १९९० को दशकदेखि उदारीकरणको नीति अवलम्बनसँगै स्वयं कर निर्धारण पद्धतिको अवलम्बन गर्दै आधुनिक कर प्रणाली निर्माणको बाटोमा अग्रसर भएको देखिन्छ । खास गरी आयकर ऐन, २०३१ मा भएको आठौं संशोधन २०४९ पछि स्वयं कर निर्धारण पद्धतिलाई आत्मसात् गरियो । आधुनिक र वैज्ञानिक करका रूपमा विश्वभर लागू भएको मूल्य अभिवृद्धि कर पनि यही पद्धतिमा आधारित बनाउँदै २०५४ सालदेखि कार्यान्वयनमा ल्याएको थियो । २०५८ सालमा आयकर कानुनका अन्तर्राष्ट्रिय सिद्धान्तहरू अवलम्बन गरिएको नयाँ आयकर ऐन लागू गरियो । अन्तःशुल्क प्रशासनमा पनि भौतिक नियन्त्रण प्रणालीको सट्टा मदिराबाहेकका सबै वस्तुमा स्वयं निष्कासन प्रणाली अवलम्बन गरिएको छ । त्यसै गरी भन्सारतर्फ पनि

◊ शाखा अधिकृत, विशेष सरकारी वकील कार्यालय ।

[१] नेपालको संविधान, धारा ११५ ।

वस्तु वर्गीकरण तथा भन्सार मूल्यांकनका आधुनिक पद्धति आत्मसात् गरेको भन्सार ऐन, २०६४ कार्यान्वयनमा रहेको छ । यसलाई अन्तर्राष्ट्रिय व्यापार सहजीकरण, सामाजिक सुरक्षा एवं राजस्व संकलनमा महत्वपूर्ण कानुनी दस्तावेजका रूपमा लिइन्छ।

आयकर ऐन, २०५८ ले कर बुझाउने सन्दर्भमा करदाताको अधिकारलाई ऐनद्वारानै सुनिश्चित गरेको छ भने करदाताको कर सम्बन्धी गोप्यतालाई सुरक्षण प्रदान गर्दै गोप्यता भंग गर्नेलाई कडा सजायको व्यवस्था गरेको छ । करदाताको पहिचानको लागि स्थायी लेखा नम्बर जारी गर्ने व्यवस्था गरेको छ । यसको साथै, करदाताले राख्नुपर्ने आवश्यक कागजात, आय विवरण लगायतका विवरण दाखिला गर्ने तरीका तथा कागजात, अभिलेखको ढाँचा तोक्ने विषयहरुलाइ पनि ऐनमै समेटिएको छ।

आयकर ऐन, २०५८ को महत्वपूर्ण पक्ष भनेको स्वयम्कर निर्धारण प्रणाली हो। सामान्यतयाः नेपालमा कुनै रोजगारी, व्यवसाय, लगानी गर्ने र गैरव्यवसायीक करयोग्य सम्पत्तिको निसर्गवाट लाभ प्राप्त गर्ने वासिन्दा वा गैरवासिन्दा व्यक्ति वा स्थायी संस्थापनले नेपालमा स्रोत भएको आयको आय विवरण पेश गर्नु पर्ने व्यवस्था छ ।[२] यसको साथै नेपालको स्रोतको रोजगारी आय मात्र भएको र एक पटकमा एउटा मात्र रोजगारदाता भएको व्यक्ति र भाडाका सवारी साधनको धनी प्राकृतिक व्यक्तिले आय विवरण बुझाउन नपर्ने व्यवस्था पनि गरेको छ।[३]

आयकर ऐन,२०५८ ले कर अधिकृतलाई संशोधित कर निर्धारण[४] तथा संशय कर निर्धारण[५]गर्न पाउने व्यवस्था छ। कर अधिकृतले संशोधित तथा संशय कर निर्धारण गर्नु परेको आधार स्पष्ट खुलाई कर निर्धारणको सम्बन्धमा सफाइको सवूत प्रमाण पेश गर्ने सूचना दिनु पर्ने र सो सम्बन्धमा करदाताको जवाफ समेतलाई मूल्याङ्कन गरी संशोधित तथा संसय कर निर्धारण गर्न पाउने व्यवस्था छ।[६] संशोधित कर निर्धारण गर्ने पर्याप्त सवूत प्रमाण भएमा चार वर्ष भित्र जति पटक पनि संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । कुनै करदाताले गलत ढंगवाट जालसाजी गरी कर निर्धारण गरेको फेला परेमा जहिलेसुकै पनि

---

[२] आयकर ऐन, २०५८, दफा, ९६ ।

[३] ऐ.

[४] ऐ. दफा, १०१।

[५] ऐ.दफा, १००।

[६] ऐ. दफा, १० ।

संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । तर जालसाजी गरी विवरण राखेको वा कर निर्धारण गरेको जानकारी पाएको एक वर्ष भित्र संशोधित कर निर्धारण गरी सक्नु पर्ने व्यवस्था छ ।[७]

देशमा प्रचलित राजश्व तथा आर्थिक प्रशासनसँग सम्बन्धित कानून कार्यान्वयनको क्रममा अधिकार प्राप्त अधिकारीले गरेको काम कारवाही उपर चित्त नबुझ्ने व्यक्तिले तोकिए बमोजिम महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकन[८] र राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्दछ।[९] सर्वोच्च अदालतमा पुनरावेदनको अनुमति प्राप्त भई वा रिट क्षेत्राधिकार अन्तरगत यस्ता मुद्दाले समेत प्रवेश पाउने भएकाले मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको सिद्धान्त सवैले पालन गर्नु पर्ने संबैधानिक व्यवस्था समेत गरिएको छ । सर्वोच्च अदालतवाट प्रतिपादित सिद्दान्त (नजिर) कानून कार्यान्वयन गर्ने अधिकारीका लागि मार्गदर्शन समेत हुने गर्दछन् । बस्तुतः अदालतका सवै निर्णयहरुमा कानूनको व्याख्या वा कानूनी सिद्धान्तको प्रयोग भएको पनि हुदैन । त्यस्तो व्याख्या वा विवेचना नभएका निर्णयहरु नजिर हुदैनन् र मुद्दाका पक्ष बाहेक अरुको लागि बाध्यात्मक पनि हुदैनन् । कुनै कानूनको व्याख्या गरेर वा कुनै कानूनी सिद्धान्तको प्रतिपादन गरेर त्यो व्याख्या वा सिद्धातको आधारमा मुद्दाको निर्णय गरिएको छ भने मात्र त्यो व्याख्या वा सिद्धान्त त्यस्तै प्रकृतिका अन्य मुद्दाहरुको लागि नजिर हुन्छ । यस कार्यपत्रमा सम्मानित सर्वोच्च अदालत वाट प्रतिपादन भएका केहि महत्वपूर्ण सिद्धान्तहरुका वारेमा यहाँ संक्षेपमा चर्चा गरिएको छ ।

२.सर्वोच्च अदालत वाट प्रतिपादित सिद्धान्तहरू

२ .१.अर्थ मन्त्रालय, आन्तरीक राजश्व विभाग, कर कार्यालय विराटनगर विरुद्ध जिल्ला मोरङ्ग विराटनगर स्थित हुलास बायर इण्डष्ट्रिज प्रा.लि. संचालक महेन्द्रकुमार गोल्छा[१०]।

प्रस्तुत मुद्दामा विपक्षी हुलास दायर इण्डष्ट्रिज (प्रा) लि.का संचालकले आ.व. ०५०।५१ को कारोवारमा भएको खुद मुनाफा उल्लेख गरी मिति २०५१।९।१ मा स्वयं कर निर्धारण पेश गरेको आय व्यय विवरणलाई परिक्षण गरी दिन मिल्ने रकम मिन्हा दिई,

---

[७] ऐ.दफा, १०१ (३) ।

[८] ऐ.दफा, ११४ र ११५।

[९] ऐ.दफा ११६ ।

[१०] ने.का.प २०६३, अंक ७, नि.नं. ७७३०, मुद्धा, आयकर ।

मिन्हा दिन नमिल्ने रकम खुद आयमा समावेस गरी आयकर ऐन, २०३१ को दफा ३३क(२) बमोजिम खुद आय रु.५२,२३,४९२।४९ कायम हुने ठहर कर कार्यालय विराटनगरले गरेकोमा सवारी साधन मर्मत खर्च, सेल्स डिपोमा भएका खर्च र कर्मचारीहरुको तलव भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गरी बैंकमा जम्मा गरेको रकम खुद आयमा समावेस गरेको मिलेन भनि कर कार्यालय विराटनगरको कर निर्धारण आदेश केहि उल्टी गरेको राजस्व न्यायाधिकरण विराटनगरको फैसलामा चित्त नबुझि कर कार्यालय विराटनगरले सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति लागि गएको थियो।

- संम्मानित सर्वोच्च अदालतवाट राजस्व न्यायाधिकरणको फैसलालाई सदर गर्ने क्रममा, अर्धन्यायिक निकायको रुपमा कर कर्यालयले निर्णय गर्दा आधार र कारण सहित गर्नु पर्ने, कुनै रकम यो यस कारणले करयोग्य छैन भनी करदाताले देखाएको अवस्थामा कर लगाउन चाहने कर अधिकृत या कार्यालयले यो यस परिवन्दवाट कर लाग्ने हो भन्ने देखाउन पर्ने हुन्छ, आफ्नो जिकिरको पुष्ट्याइका लागि आधार र कारण खुलाउनु देखाउन समेत सक्नु पर्ने हुन्छ, स्वयं कर निर्धारण भन्दैमा प्रमाणको भार कर कार्यालयमा नहुने हैन भनि निर्णय गर्दै देहाय वमोजिमका सिद्धान्तहरु प्रतिपादन गरेको छ :
  - *"कर अधिकृतको कर निर्धारण गर्ने कार्य न्यायिक कार्य हो । कर अधिकृत कर निर्धारणको प्रकृयामा छानविन गर्ने अधिकृत हुनका साथै कर निर्धारण गर्ने अधिकारी पनि हुँदा निजको कानूनी हैसियत आरोपी एवं निर्णयकर्ता दुवै हुने ।"*
  - *"कर सम्वन्धी विवादमा अमुक रकम यो यस कारणले करयोग्य छैन भनी करदाताले देखाएको अवस्थामा कर लगाउन चाहने कर अधिकृत या कार्यालयले यो यस परिवन्दवाट कर लाग्ने हो भन्ने देखाउन पर्ने हुन्छ । कर लाग्ने आय हो भन्ने कुराको प्रमाण पुर्याउने भार कर कार्यालय वा कर अधिकृत उपरनै हुने ।"*
  - *"कर सम्वन्धी विवादमा प्रमाणको भारको अत्यन्तै महत्व र आवश्यकता हुँदा करदाता उपर मात्र प्रमाण पुर्याउने भार नरहने ।"*
  - *"करदाताले भूलवाट पुरा कट्टा हुन नसकेको भन्दै पछि कानून वमोजिमको रकम स्रोतवाट कट्टी गरि वुझाएको भन्ने देखिएपछि करदाताले कानून उल्लंघन गरेको भन्न सकिने नहुदा सो रकमलाई खूदआयमा समावेश नगर्ने ठहराएको राजस्व*

न्यायाधिकरणको फैसला न्यायोचित देखिँदा अनुमति प्रदान भएको आदेशसँग सहमत हुन नसकिने ।"

यसरी संम्मानित सर्वोच्च अदालतवाट अर्धन्यायिक निकायहरुले समेत निर्णय गर्दा न्यायिक मन को प्रयोग गर्नु पर्ने, निर्णयमा आधार र कारणको उल्लेख हुनु पर्ने जस्ता विषयहरुलाई ध्यानमा राखी निर्णय गर्न तथा प्रमाणको मुल्यांकन गरी निर्णय गर्न तथा स्वयं कर निर्धारण भन्ने वित्तिकै प्रमाणको भार निरपेक्षरुपम कर दातामा मात्र रहने हैन भनि व्याख्या गरेको छ ।

२.२. का.जि. कमलपोखरी स्थित भान भान चाईनिज रेष्टुरेन्ट एण्ड बारका प्रो. राजेन्द्रकुमार श्रेष्ठ विरुद्ध श्री कर अधिकृत कर कार्यालय काठमाडौं।[११]

प्रस्तुत मुद्दामा कर अधिकृत कर कार्यालय काठमाण्डौले गरेको निर्णयमा त्रुटी देखिएकाले सो निर्णय वदरगरी मिसिल संलग्न थप प्रमाणहरू बुझी पुन आयकर निर्धारणको लागी मिसिल सुरु कर कार्यालय काठमाण्डौ पठाउने भनी राजस्व न्यायाधिकरण काठमाण्डौवाट फैसला भई सुरु कर कार्यालय काठमाण्डौवाट पुन कर निर्धारणको निर्णय हुदा निवेदक लाई नझिकाई थप प्रमाणहरु समेत नवुझी निर्णय गरी सम्पूर्ण अघि लिएकै आधारमा अघि कायम गरिएको खुद आयकर रकमलाई नै यथावत पुनः कायम गरी निर्णय गरेकाले कानुन वमोजिम आफुले प्रतिवादको मौका समेत नपाएकाले उक्त कर निर्धारण वदर गर्नेगरी आवश्यक आदेस जारी गरी पाऊ भन्ने व्यहोरा भएको निवेदन देखिन्छ ।

निवेदकलाई कर निर्धारण गर्दा निजलाई कानुन वामोजिम प्रतिवादको मौका समेत नदिई, निजले पेश गरेको विवरणलाई अमान्य समेत नगरी निर्णय भएकाले उक्त निर्णय वदरगरी कानुन वमोजिम बुझ्नु पर्ने प्रमाणहरू बुझी पुन आय कायम गरी कर निर्धारण गर्नु भनी कर अधिकृत कर कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश समेत जारी भई निम्न वमोजिमको सिद्धान्तहरु समेत प्रतिपादन भएको छ :

- *निवेदकले पेश गरेको हिसाव कितावलाई अमान्य घोषित नगरी अघिकै निर्णयमा लिएका आधारलाई पुनः आधार बनाई हचुवा किसिमले आय कायम गरी कर निर्धारण गरेको निर्णय बदर हुने ।*

---

[११] नेर०३८ .प.का. अङ्क ११ नि. नंमुद्धा उत्प्रेषण । ,१५१७ .

- *राजस्व न्यायाधीकरणबाट कर निर्धारण बदर भएपछि पुनः आय र कर निर्धारण गर्न सम्बन्धित पक्षलाई राखी निर्णय गरेको देखिएन साथै जे जति रकम निर्धारण भएको थियो सोही रकम रू.१७०१०। पुनः कायम पनि गरिएकोबाट कानूनले निर्धारित गरेको प्रक्रिया नअपनाई रीत सम्म पुर्याएउने उद्देश्यले पर्चासम्म खडा गरेको हुँदा राजस्व न्यायाधीकरणबाट बदर गर्ने गरेको निर्णय निरर्थक हुन गएको छ। तसर्थ पक्षलाई समेत उपस्थित गराई प्रतिवादको मौका दिई निर्णय गर्नु पर्नेमा नगरेको हुँदा कर अधिकृतको निर्णय बदर हुने ।*

यसरी प्रस्तुत मुद्दामा संम्मानित सर्वोच्च अदालतले सुनुवाईको मौका विना कर निर्धारण गर्न नहुने व्याख्या गरी कर कार्यालयलाई प्राकृतिक न्यायको सिद्धान्तहरुको पालनामा सजग रहन सचेत गराएको छ ।

२.३. का.न.पं.वा.नं.३ डेरा गरी बस्ने मोहनकृष्ण खरेल विरुद्ध श्री कर कार्यालय, राजविराज, सप्तरी ।[१२]

यस मुद्दामा निवेदकको आयकर निर्धारण गर्दा तत्तकालिन आयकर ऐन २०३१ को सुचना दिएकोमा उक्त सुचनामा के कु शिर्षक के कति रकम कर निर्धारण भएको हो सो समेत उल्लेख नगरि केवल ऐनको दफा मात्र उल्लेख गरि कानुन वमोजिम पुर्याउनु पर्ने प्रकिया समेत नपुर्याई गरेको सुनिवाईको मौका समेत नदिई गरिएको कर निर्धारण र सो को सुचना वेरितको भएकाले उक्त कर निर्धारण वदर गरी पाउन माग दावी लिईएको रिट निवेदनको व्यहोरा देखिन्छ ।

आयकर ऐन, २०३१ को दफा ३३(२) बमोजिम न्यायोचित अनुमानको आधारमा गरिएको देखिन आयकर ऐनको उक्त दफा बमोजिम आयकर निर्धारण गर्दा ऐनको दफा ३३(४) बमोजिम त्यस्तो निर्धारण गरिएको आयकरको सम्बन्धमा आफ्नो कुरा भन्न वा सबूद प्रमाण पेश गर्न करदातालाई सूचना दिनु पर्ने अनिवार्य व्यवस्था भएकोमा प्रस्तुत मुद्दामा रिट निवेदकलाई ऐ.ऐनको उक्त दफा ३३ (४) बमोजिमको सूचना दिइएको छ भन्ने कर कार्यालयको लिखित जवाफबाट देखिएको छ तर त्यसरी निर्धारित आयकरको सम्बन्धमा रिट निवेदकलाई सूचना दिंदा कुन कुन शीर्षकमा के कति रकम खुलाइएको छ सो को हिसाब समेत त्यस्तो सूचनामा खुलाइएको हुनु पर्ने प्रष्ट कानुनी व्यवस्था भएकोमा कर

[१२] ने२०४५ .प.का.,अङ्क ८ ,निर्णय नंमुद्धा उत्प्रेषण । ,३५४४ .

कार्यालयको लिखित जवाफमा त्यसरी ऐ.ऐनको दफा ३३(२) बमोजिमको आधार एवं निर्धारित आयकरको हिसाब समेत उल्लेख गरी करदाता (निवेदक) लाई सूचना दिइएको थियो भन्ने उल्लेख गर्नसकेको हुँदा कानूनबमोजिम पुन आयकर निर्धारण गर्नु भनी विपक्षी कर कार्यालय राजविराज, सप्तरीको नाममा परमादेश समेत जारी भई निम्न वमोजिमको न्यायिक सिद्धान्तहरु समेत प्रतिपादन भएको अवस्था छः

- *निर्धारित आय करको सम्बन्धमा रिट निवेदकलाई सूचना दिंदा कुन कुन शीर्षकमा के कति रकम खुलाइएको छ सो को हिसाब समेत त्यस्तो सूचनामा खुलाइएको हुनु पर्ने ।*
- *सूचना दिंदा ऐनको दफासम्म उल्लेख गर्दा ऐनको मनसाय पूरा हुँदैन । ऐनको मनसाय कुन कुन शीर्षकमा के कति आधारमा आयकर निर्धारण गरिएको हो सो कुरा सूचनामा उल्लेख गरिएको खण्डमा सो सम्बन्धमा करदाताले त्यस्तो आयकर लाग्न पर्ने हो वा होइन भन्ने सम्बन्धमा आफ्नो कुरा प्रष्ट राख्न सकोस् वा सबूद प्रमाण पेश गर्न पाउन सकोस् भन्ने हो त्यसरी करदातालाई निर्धारित आयकरको सम्बन्धमा दिइने सूचना ऐ.ऐनको दफा ३३(२) बमोजिमको आधारमा खुलाई निर्धारित आयकरको हिसाब समेत उल्लेख गरी सूचना दिनु पर्ने ।*

यसरी प्रस्तुत मुद्दामा करदातालाई सुचना दिनु पर्ने व्यवस्था अनुसार सुचना दिदा केवल औपचारीकता पालनाको लागि मात्र कानुनले तोकेको रितमा दिनु पर्ने र सुचनामा कानून वमोजिम खुलाउनु पर्ने विवरण हरु अनिवार्य रुपमा खुलाउनु पर्ने सिद्दान्त प्रतिपादन गरेको छ। यसरी यस मुद्दामा सर्वोच्च अदालतले सुचनाको हकको महत्व र आवश्यकताको व्याख्यागरी अर्ध न्यायिक निकाय हरुले कार्याविधी कानुनको प्रयोग गर्दा कानुनमा उल्लेख प्रकिया र व्यावस्थाहरुको अक्षरस पालना गर्नु गर्ने व्यवस्था समेत गरेको छ ।

२.४. जि. पर्सा वीरगंज आदर्श नगर न.पं.वा.नं. १३ स्थित गोपाल मोटर स्टोर्सका प्रो. निर्मलकुमार वेरिवाल विरुद्ध श्री ५ को सरकार अर्थ मन्त्रालयसमेत ।[१३]

प्रस्तुत मुद्दामा श्री ५ को सरकारको मिति २०४५।११।३० गतेको निर्णय वमोजिम भनी रिट निवेदकलाई आयकर ऐन,२०३१ को दफा ३३ बमाजिम पुन (४)कर निर्धारण हुने भनी सूचना दिएकोमा कुन दफा अन्तर्गत श्री ५ को सरकारबाट निर्णय भएको हो

[१३] ने ,२०४६ .प.का.अङ्क ११,निर्णय नंःमुद्धा ,३९९० .उत्प्रेषण वा उपयुक्त आज्ञा,आदेश वा पुर्जी जारी गरी पाउँ।

जानकारी दिइएन र केवल कर निर्धारण उपर महालेखा परीक्षकको विभागबाट बेरुजु औंल्याई विषयलाई आधार लिई आफुले देएको जवाफलाई नजर अन्दाज गरि भएको कर निर्धारण आदेशले नेपाल को संविधान २०१९को धारा १५[१४] र धारा ५८[१५] वाट प्रदत्त हक समेत कुन्ठित भएको भन्ने रिट निवेदकले जिकिर लिएको देखिन्छ ।

आयकर ऐन,२०३१ को दफा ५६ अन्तर्गत श्री ५ को सरकारले पुनः कर निर्धारण गर्न आदेश दिनसक्ने हुँदा अधिकार प्राप्त अधिकारीले अधिकार क्षेत्रभित्र रही निर्णय गरेको ,कर निर्धारण हुँदा कायम भएको बिक्री अंकलाई रिट निवेदक करदाताले स्वीकार गरी सोमा लाग्ने भनिएका कर रकम बुझाई सकेको तथा रिट निवेदक करदातासंग साविक कायम भएको बिक्री अंकलाई यथावत कायम राखी अन्य करदाता सरह खूद आय निकाल्ने आधारमा समान प्रतिशत कायम गरी खूद आय कायम गरेको देखिएको अवस्थामा कर निर्धारणको सुचना दिदा केवल दफा वा उपदफा उद्धृत गर्न छुटेको कारणबाट मात्र कर निर्धारण आदेस अवैध नहुने भनि रिट निवेदन खारेज गरी निम्म वमोजिमको न्यायिक सिद्धान्त परतिपादन भएको छ :

- *अधिकारको प्रयोग गर्दा अधिकारको स्रोत खोलिनु पर्ने हुन्छ तर दफा वा उपदफा उद्धृत गर्न छुटेको कारणबाट मात्र अवैध भन्न मिल्दैन । मुख्य कुरा कुनै दफा वा उपदफाले त्यस्तो निर्णय गर्न पाउने अधिकार प्रदान भएको छ छैन भनी हेर्नु पर्ने ।*

यसरि प्रस्तुत मुद्दामा अधिकार प्राप्त अधिकारीले गरेको निर्णय वदर सामान्य त्रुटीको कारणले मात्र वदर गर्न नहुने , कानुन र नियमले निर्णय गर्न पाउने अधिकारीले कानुन वमोजिम गरेको निर्णयलाई प्राविधीक कारण देखाउदै वदर गर्ने नहुने भनी व्याख्या भएको छ ।

२.५. जिल्ला कंचनपुर दोधारा गा.वि.स. वडा नं. वावाथान बस्ने मानबहादुर सुनार विरुद्ध कर कार्यालय महेन्द्रनगर,कन्चनपुर समेत [१६]

प्रस्तुत मुद्दामा गणेश वस्त्रालय फर्मको प्रोपाइटर आफु नभई प्रेम बहादुर सुनार भएको र निजले कर कार्यालय महेन्द्रनगरमा सो फर्म मेरो हो भनी लिखत गरी स्वीकार समेत गरेको र निजकै नाउँमा कर कार्यालय महेन्द्रनगरले आय कर दर्ता प्रंमाणपत्र प्रदान गरेको र निजले नै सो फर्मको कारोवार गरेको कुरा आ.व.०४७।०४८ सम्म निजका नाउँमा आय

---

[१४] संम्पतिको हक : कानून बमोजिम वाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुने छैन ।

[१५] कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने ।

[१६] ने.का.प. २०५८, अंक ३,४, नि.नं. ६९८४, मुद्दा उत्प्रेषण मिश्रित परमादेश ।

कर निर्धारण भई निजले नै कर तिरी बुझाई आइरहेको कर कार्यालयको रकर्डबाट प्रष्ट देखिदा देखिदै कर कार्यालयले सो फर्मको आ.व. ०४८।०४९ को आय विवरण तथा निज प्रम भहादुरले पेश नगरेको तथा निजले कर कार्यालयको चिठ्ठीहरु नबुझेको भन्ने व्यहोरा निर्णय पर्चामा उल्लेख गरी सो को दोषी म मानबहादुर सुनारलाई संझी रिसराग राखी दुराशयका साथ मलाई प्रेम बहादुर सुनारको गणेश वस्त्रालय फर्मको मुख्य भई कारोवार गर्ने व्यक्ति भनि आफूखुशी सो फर्मको खूद आय रु. ३४,६३,०००। हचुवा तवरले कायम गिरी त्यसमा कर रु. १७,००,५००। लगाउनुका साथै स्पष्ट कानूनी व्यवस्था तथा हिसाब समेत प्रष्ट नपारी प्राकृतिक न्याय सिद्धान्त विपरीत आयकर ऐन, २०३१ तथा नियमावली २०३९ का नलाग्ने प्रावधान लगाई विनाकसूर जरिवाना रु. ३,९२,१०१। कायम गरी मिति ०५१।१।१४ मा मेरो नाममा कर निर्धारण आदेश बुझाइएको ले उक्त आदेश प्राकृतिक न्यायको सिद्धान्त समेतको विपरित रहेको व्यहोराको रिट निवेदन रहेको ।

आयकर ऐन, २०३१ को दफा ५७ अनुसार कर अधिकृतले गरेको कर निर्धारण आदेश वा सजायको आदेशले मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश उपर राजश्व न्याययाधिकरणमा पुनरावेदन दिन सक्ने वा दफा ३४(२) अनुसार महानिर्देशक समक्ष निवेदन दिन सकिनेमा सो नगरी अषाधारण अधिकार क्षेत्र (रिट क्षेत्रमा) प्रवेश गरेको देखिएको । निवेदकले २०३९ सालमा दोधारा क्लोथ सेन्टर नामको फर्मबाट आयकर दर्ता प्रमाणपत्र लिई २०४५ मार्गसम्म कारोवार गरी कारोवारमा बृद्धि भएपछि बढी कर तिर्नुपर्ने अवस्था सिर्जना हुने भएकोले आफ्नो नाउँमा प्रमाणपत्र फिर्ता गरी आफ्नो भाइ प्रेम बहादुर सुनारको नाउँमा गणेश वस्त्रालय भन्ने फर्म दोधारा क्लोथ सेन्टर भएको आफ्नै घरमा पुरानै व्यापारलाई फर्मको मात्र नाम फेरेर कारोवार निरन्तर गर्दै आएका र निजले कर कार्यालयमा गणेश वस्त्रालयको प्रतिनिधि भई ०४४।०४५ र ०४५।०४६ को कारोवारको सम्बन्धमा दिएको बयानमा प्रेम बहादुर आफ्नै भाइ हुन भनि कर कार्यालयमा बयान गरेको, कर कार्यालयले रिट निवेदकलाई पठाएको आयकर ऐन, २०३१ को दफा ३३(४) बमोजिमको अन्तिम सूचना निजको स्टाफले बुझेको समेतबाट निज गणेश वस्त्रालयसँग सम्बन्धित भएको पुष्टि भएको, प्रो. प्रेम बहादुर सुनार भएको गणेश वस्त्रालयको ठेगानामा नभएको, निजको पत्रहरु नबुझी टाँस गरिएको मुचुल्का प्राप्त भएको, गणेश वस्त्रालयको कारोवार प्रो. प्रेम बहादुरको एकघरको दाजु हुँ भनी सकार गर्ने मानबहादुर सुनारको घरमा यथावत चालु रहेको अवस्थामा कर कार्यालयले छानविन गर्दा कारोबारको मुख्य नियन्त्रण र बन्दोवस्त विपक्षी

मानबहादुर सुनारबाट गरेको पाइएकोले त्यस्तो लुकेर बसी मुनाफाको प्रमुख हिस्सा लिने व्यापारीबाट कर असूल गर्न आयकर ऐन, २०३१ को दफा २४(२) ले कर अधिकृतलाई दिएको अधिकार अनुसार उपलब्ध तथ्याङ्क बमोजिम कानूनसंगत रुपमा कर निर्धारण भएको छ । यसैगरि कर कार्यालयबाट कर निरीक्षकसँग प्रतिवेदन माग गरिएकोमा प्रस्तुत प्रतिवेदनमा कारोवार मानबहादुरको भन्ने स्पष्ट देखिएको, कर निरीक्षकको प्रतिवेदन र पूर्व वर्षहरुको कर निर्धारण भएका तथ्यहरु समेत मनन गरी प्रमुख कर अधिकृत सो क्षेत्रको निरीक्षण गर्दा कारोवारको मुख्य नियन्त्रण र बन्दोवस्त मानबहादुर सुनारले नै गरेको भन्ने कुरा यकिन भएकोले ऐनको दफा ३३(४) बमोजिम सात दिने सूचना जारी गरी पठाउँदा त्यसको जवाफमा निज कारोवारमा इन्कारी रही आफ्नो नाउँमा कर निर्धारण हुने आशंकाले करको दायित्वबाट बच्ने उद्देश्यले कर कार्यालयले बारम्बार पत्राचार गर्दा नभेटिएका भारत खटीमा रहने भाइ प्रेम बहादुर सुनारलाई झिकाई नियोजित रुपमा निर्देशित व्यहोराको जवाफ दिन लगाएको देखिन्छ । कर नतिर्ने उद्देश्यले नियोजित रुपमा अर्कोको नामको फर्मबाट व्यवसाय संचालन गर्ने व्यक्तिको संलग्नताको प्रत्यक्ष प्रमाण नपाइने भएकोले नै ऐनको दफा २४(२) ले अर्काको नाउँबाट कारोवार गरेर प्राप्त गरेको आयमा कर अधिकृतलाई कर निर्धारण गर्न सक्ने अधिकार प्रदान गरे अनुरुप ऐनद्वारा निर्दिष्ट आधार र प्रक्रियाहरु पुरा गरि भएको कर निर्धारण तथा समयमा आय विवरण पेश नगर्ने करदातालाई ऐनको दफा ५९(१) बमोजिम लागेको करको १० प्रतिशत र दफा २८(१) अनुसार आय विवरण नदिने करदातालाई १५ दिनको समय दिंदा पनि आय विवरण पेश नगरेमा दफा ५९(२) ले लागेको करको वार्षिक १५ प्रतिशत जरिवाना लाग्ने व्यवस्था अनुरुप गणेश वस्त्रालय लगाइएको जरिवाना कानूनसम्मत भएकोले रिट निवेदन खारेज हुने गरि भएको प्रस्तुत मुद्दामा सर्वोच्च अदालतको बृहत ईजलाशवाट फैसला हुदा निम्न लिखित आधार हरु लिईएको पाइन्छ :

- *आयकर ऐन, २०३१ को दफा २४(२) मा कुनै व्यक्तिले आफ्नो नाम नराखी अरुको नाम वा कुनै नामबाट कुनै कारोवार गरेको रहेछ भने त्यस्तो कारोवारको मुख्य नियन्त्रण वा कारोवारको बन्दोबस्त निजले नै गरि आएको र त्यस्तो कारोवारबाट भएको आयको सबै वा मुख्य हिस्सा निजले नै प्राप्त गर्ने गरी आएको भन्ने कुरा कर अधिकृतलाई यकिन भएमा सो कारोवारबाट भएको आय निजको आय मानी कर निर्धारण गरिनेछ भन्ने उल्लेख भएको पाइन्छ । निवेदकले आफ्नो एकाघरका भाइ प्रेमबहादुरका नाममा गणेश वस्त्रालय दर्ता गरी आफूले कारोवार*

गरेको भन्ने दोधारका व्यापारी तथा भद्रभलादमी समेतको भनाइको आधारमा कर निरीक्षकबाट उक्त वस्त्रालयको कारोवार माथि सम्पूर्ण रुपले मानबहादुरको नियन्त्रण रहिरहेको भन्ने कर निरिक्षकको प्रतिवेदन परेपछि सो कुरा हो,होइन भन्ने विषयमा सम्वद्ध प्रमाणहरु समेत बुझी त्यस्तो खास कारोवार गर्ने व्यक्ति निवेदकलाई नै ठहर्याई निजका नाउँमा आयकर निर्धारण भएकोदेखिन आउँछ। यसरी ऐनको दफा २४(२) अवस्था विद्यमान भएको भन्ने कुरा विवादिन निर्णयमा खुलाइएको र यस्को आधार प्रमाण उल्लेख गरेको पाइन्छ । तसर्थ अर्काको नाउँमा फर्म दर्ता गराई निवेदकले कारोवार गरेको भन्ने ठहर गरेको देखिंदा क्षेत्राधिकारको अभाग भन्न मिलने ।

- *निवेदकले प्राकृतिक न्याय विपरीत निवेदकलाई सुनुवाइको मौका प्रदान नगरी निर्णय गरेको भन्ने अर्को अपवादात्मक अवस्था विद्यमान छ छैन भन्ने तर्फ विचार गर्दा निवेदकका नाउँमा कर कार्यालयबाट पठाएको सूचना म्याद गा.वि.स.ले निवेदकले नबुझेको भनी फिर्ता पठाएको ततपश्चात २०५०।१२।५ को पत्रबाट सबूद प्रमाण पेश गर्न निवेदकका नाउँमा म्याद पठाइएकोमा गणेश वस्त्रालयका स्टाफ देव गिरीले बुझेको र २०५०।१२।१५ मा निवेदकले आफूसो फर्मको मुख्य व्यक्ति नरहेको भन्ने जवाफ पठाएको र निजको जवाफ समेतलाई मध्यनजर राखी कर निर्धारण भएको देखिन आएकोले आफ्नो कुरा भन्ने मौका प्रदान नगरेको भन्ने भनाई पनि स्वीकारयोग्य देखिएन ।*
- *वदनियतपूर्वक कर निर्धारण गरेको भन्ने निवेदकको अर्को कथनतर्फ विचार गर्दा निवेदकले वदनियतको वस्तुनिष्ठ आधार प्रमाण दिन गुजार्न नसकेको तथा वदनियतको आरोप लगाउनु मात्र पर्याप्त हुँदैन । वस्तुनिष्ठ आधारमा आधारित हुनुपर्ने हुन्छ । त्यस्तो आधार विद्यमान देखिएन । विपक्षी कर अधिकृतले निर्णय गर्दा आधारहरु उल्लेख गरेको देखिन्छ । ती आधार प्रमाणहरु पर्याप्त भए नभएको कारणले मात्र वदनियत भन्न मिल्दैन तसर्थ निवेदकको यस भनाइसँग पनि सहमत हुन नसकिने ।*

प्रस्तुत मुद्दामा अदालतवाट नजिर अनुषरणको सिद्धान्तको वृहत व्याख्या गर्दै कर छलि गर्नका लगी गरिएको कर योजनालाई समेत विस्लेषण गर्दै ,केवल करको दायित्व कम गर्ने उदेश्यले अर्काको नाममा व्ययासाय दर्ता गराउने कार्यलाई मात्रै निरुत्तसाहित गरेको छैनकि कानुनि दायित्व भएको अधिकार प्राप्त अधिकारीको निर्णयलाई विना आधार कारण

खारेज नहुने तथा निर्णयकर्ताले गरेको निर्णयलाई वदनियत पुर्ण भनेरमात्र नहुने त्यसलाई पुष्टी समेत गर्ने सक्नु पर्ने व्याख्या गर्दै विना आधार रिट जारि गर्नु नहुने मान्यता समेत स्थापित गरेको छ । यसका सथै यस मुद्दामा यस अघी, धर्म सागर तुलाधर वी.कर कार्यालय काठमाण्डौ[१७] भएको मुद्दामाप्रतिपादित सिद्दान्त, "कम्पनिको प्रोप्राईटर दानसोभा तुलाधर भएकोमा रिट निवेदक धर्मसागर तुलाधरको नाममा कर निर्धारण गरेको आदेश कानुन अनुकूल भएको नदेखिने" भन्दा अगाढी वढी कर छल्नका लागि कुनै अर्काको नाममा कारोवार गरेकै आधारमा करको दायित्व वाट उन्मुक्ती पाउन नसक्ने व्याख्या गरी, नक्कलि कारोवारी खडा गरी गरेको कर छल्ने प्रयासलाई निरुत्साहित पारेको छ ।

२.६. उल्लेखित नजिरहरुको तुलनात्मक विस्लेषण

क्र.स.	नजिर	प्रतिपादित सिद्धान्त	कैफियत
१	**अर्थ मन्त्रालय, आन्तरीक राजश्व विभाग, कर कार्यालय विराटनगर** *विरुद्ध* **जिल्ला मोरङ्ग विराटनगर स्थित हुलास बायर इण्डष्ट्रिज प्रासंचालक महेन्द्रकुमार .लि. गोल्छा ।**	*कर अधिकृतको कर निर्धारण गर्ने कार्य न्यायिक कार्य हो । कर अधिकृत कर निर्धारणको प्रकृयामा छानविन गर्ने अधिकृत हुनका साथै कर निर्धारण गर्ने अधिकारी पनि हुँदा निजको कानूनी हैसियत आरोपी एवं निर्णयकर्ता दुवै हुने ।* *कर सम्वन्धी विवादमा अमुक रकम यो यस कारणले करयोग्य छैन भनी करदाताले देखाएको अवस्थामा कर लगाउन चाहने कर अधिकृत या कार्यालयले यो यस परिवन्दवाट कर लाग्ने हो भन्ने देखाउन पर्ने हुन्छ । कर लाग्ने आय हो भन्ने कुराको प्रमाण पुर्याउने भार कर*	प्रस्तुत मुद्दामा कर अधिकृतले कर निर्धारण गर्दा कार्यविधी कानुनको पुर्ण रुपमा पालना गर्नु पर्ने र कर निर्धारण गर्दा आधार र कारण खुलाउने पर्ने गरि व्याख्या भएको छ ।

[१७] ने.का.प.२०४०, अंक ८, नि.नं. १७३५, मुद्धाः उत्प्रेषणको आदेश जारि गरी पाऊ ।

क्र.स.	नजिर	प्रतिपादित सिद्धान्त	कैफियत
		कार्यालय वा कर अधिकृत उपरनै हुने । *कर सम्वन्धी विवादमा प्रमाणको भारको अत्यन्तै महत्व र आवश्यकता हुँदा करदाता उपर मात्र प्रमाण पुर्याउने भार नरहने ।* *करदाताले भूलवाट पुरा कट्टा हुन नसकेको भन्दै पछि कानून वमोजिमको रकम स्रोतवाट कट्टी गरि वुझाएको भन्ने देखिएपछि करदाताले कानून उल्लंघन गरेको भन्न सकिने नहुदा सो रकमलाई खूदआयमा समावेश नगर्ने ठहराएको राजस्व न्यायाधिकरणको फैसला न्यायोचित देखिँदा अनुमति प्रदान भएको आदेशसँग सहमत हुन नसकिने*	

क्र.स.	नजिर	प्रतिपादित सिद्धान्त	कैफियत
२	**का.जि. कमलपोखरी स्थित भान भान चाईनिज रेष्टुरेन्ट एण्ड बारका प्रो राजेन्द्रकुमार श्रेष्ठ .** *विरुद्ध* **श्री कर अधिकृत कर कार्यालय काठमाडौं**	*निवेदकले पेश गरेको हिसाव किताबलाई अमान्य घोषित नगरी अघिकै निर्णयमा लिएका आधारलाई पुनः आधार बनाई हचुवा किसिमले आय कायम गरी कर निर्धारण गरेको निर्णय बदर हुने ।* *राजस्व न्यायाधीकरणबाट कर निर्धारण बदर भएपछि पुनः आय र कर निर्धारण गर्न सम्बन्धित पक्षलाई राखी निर्णय गरेको देखिएन साथै जे जति रकम निर्धारण भएको थियो सोही रकम रू.१७०१०। पुनः कायम पनि गरिएकोबाट कानूनले निर्धारित गरेको प्रक्रिया नअपनाई रीत सम्म पुर्योउने उद्देश्यले पर्चासम्म खडा गरेको हुँदा राजस्व न्यायाधीकरणबाट बदर गर्ने गरेको निर्णय निरर्थक हुन गएको छ । तसर्थ पक्षलाई समेत उपस्थित गराई प्रतिवादको मौका दिई निर्णय गर्नु पर्नेमा नगरेको हुँदा कर अधिकृतको निर्णय बदर हुने ।*	प्रस्तुत मुद्दामा हुलास बायर इण्डष्ट्रिज प्रा.लि. मा जस्तै कर अधिकृतले कार्य विधी कानुनको को पुर्ण रुपमा पालना गरि सुनुवाईको उचित मौका समेत दिइ कर निर्धारण गर्नु पर्ने व्याख्या गर्दै , अधिकार प्राप्त अधिकारिले निर्णय गर्दा प्राकृतिक न्यायाको सिद्धान्त कोपालना अनिवार्य रुपले गर्नु पर्ने गरी व्याख्या भएको छ ।
३	**का ३.नं.वा.पं.न.डेरा गरी बस्ने मोहनकृष्ण खरेल** *विरुद्ध* **श्री कर**	*निर्धारित आय करको सम्बन्धमा रिट निवेदकलाई सूचना दिंदा कुन कुन शीर्षकमा*	माथि उल्लेखित दुई मुद्दाहरु जस्तै यस मुद्दामा पनी रित

क्र.स.	नजिर	प्रतिपादित सिद्धान्त	कैफियत
	कार्यालय, राजविराज, सप्तरी।	*के कति रकम खुलाइएको छ सो को हिसाब समेत त्यस्तो सूचनामा खुलाइएको हुनु पर्ने ।* *सूचना दिंदा ऐनको दफासम्म उल्लेख गर्दा ऐनको मनसाय पूरा हुँदैन । ऐनको मनसाय कुन कुन शीर्षकमा के कति आधारमा आयकर निर्धारण गरिएको हो सो कुरा सूचनामा उल्लेख गरिएको खण्डमा सो सम्बन्धमा करदाताले त्यस्तो आयकर लाग्न पर्ने हो वा होइन भन्ने सम्बन्धमा आफ्नो कुरा प्रष्ट राख्न सकोस् वा सबूद प्रमाण पेश गर्न पाउन सकोस् भन्ने हो त्यसरी करदातालाई निर्धारित आयकरको सम्बन्धमा दिइने सूचना ऐ.ऐनको दफा ३३(२) बमोजिमको आधारमा खुलाई निर्धारित आयकरको हिसाब समेत उल्लेख गरी सूचना दिनु पर्ने ।*	पुर्वकको सुचना र कार्यविधी कानुनको पालनामा जोड दिएको छ।
४	**जिपर्सा वीरगंज आदर्श नगर . १३ स्थित गोपाल .नं.वा.पं.न .मोटर स्टोर्सका प्रोनिर्मलकुमार वेरिवाल** *विरुद्ध* **श्री ५ को सरकार अर्थ मन्त्रालयसमेत**	***अधिकारको प्रयोग गर्दा अधिकारको स्रोत खोलिनु पर्ने हुन्छ तर दफा वा उपदफा उद्धृत गर्न छुटेको कारणबाट मात्र अवैध भन्न मिल्दैन । मुख्य कुरा कुनै दफा वा उपदफाले त्यस्तो निर्णय गर्न पाउने अधिकार प्रदान भएको छ छैन भनी हेर्नु पर्ने ।***	मोहनकृष्ण खरेलको मुद्दामा सामान्य प्राविधिक विषयलाइ आधार वनाउदै (निर्धारित कर रकमको शिर्षक उल्लेख नभएको रिट जारि भएको, जवकि रिट निवेदक आफैले आय व्ययको विवरण पेश

क्र.स.	नजिर	प्रतिपादित सिद्धान्त	कैफियत
			गरेको थियो) रिट जारि भएको मा यसमा अधिकार प्राप्त अधिकारीले गरेको निर्णय समान्य प्राविधिक त्रुटिकै आधारमा वदर गरिनु नहुने व्याख्या भएको छ ।
५	**जिल्ला कंचनपुर दोधारा गा.वि.स. वडा नं. वावाथान बस्ने मानबहादुर सुनार** *विरुद्ध* **कर कार्यालय महेन्द्रनगर, कन्चनपुर समेत**	*आयकर ऐन २०३१ को दफा २४(२) मा कुनै व्यक्तिले आफ्नो नाम नराखी अरुको नाम वा कुनै नामबाट कुनै कारोवार गरेको रहेछ भने त्यस्तो कारोवारको मुख्य नियन्त्रण वा कारोवारको बन्दोबस्त निजले नै गरि आएको र त्यस्तो कारोवारबाट भएको आयको सबै वा मुख्य हिस्सा निजले नै प्राप्त गर्ने गरी आएको भन्ने कुरा कर अधिकृतलाई यकिन भएमा सो कारोवारबाट भएको आय निजको आय मानी कर निर्धारण गरिनेछ भन्ने उल्लेख भएको पाइन्छ । निवेदकले आफ्नो एकाघरका भाइ प्रेमबहादुरका नाममा गणेश वस्त्रालय दर्ता गरी आफूले कारोवार गरेको भन्ने दोधारका व्यापारी तथा*	प्रस्तुत मुद्दामा अदालतले साच्चैनै कर कानूनका विधीशास्त्रिय ढंगले व्याख्या गर्न खोजेको हामि पाउदछौ । माथिका चार मुद्दाहरुमा प्राविधिक कुराहरुमा मात्र ध्यान दिएकोमा यसमा कार्यविधी कानुनलाई कर कानुनका विधीशास्त्रिय मान्यता हरुका आधारमा व्याख्या गर्ने प्रयत्न संमानित सर्वोच्च अदालत वाट भएको हामि पाउदछौ । यसै गरि अधिकार प्राप्त अधिकारिले वदनियत पुर्वक काम गरेको

क्र.स.	नजिर	प्रतिपादित सिद्धान्त	कैफियत
		भद्रभलादमी समेतको भनाइको आधारमा कर निरीक्षकबाट उक्त वस्त्रालयको कारोवार माथि सम्पूर्ण रुपले मानबहादुरको नियन्त्रण रहिरहेको भन्ने कर निरिक्षकको प्रतिवेदन परेपछि सो कुरा हो,होइन भन्ने विषयमा सम्वद्ध प्रमाणहरु समेत बुझी त्यस्तो खास कारोवार गर्ने व्यक्ति निवेदकलाई नै ठहर्याई निजका नाउँमा आयकर निर्धारण भएकोदेखिन आउँछ। यसरी ऐनको दफा २४(२) अवस्था विद्यमान भएको भन्ने कुरा विवादिन निर्णयमा खुलाइएको र यस्को आधार प्रमाण उल्लेख गरेको पाइन्छ । तसर्थ अर्काको नाउँमा फर्म दर्ता गराई निवेदकले कारोवार गरेको भन्ने ठहर गरेको देखिंदा क्षेत्राधिकारको अभाव भन्न मिलने । *निवेदकले प्राकृतिक न्याय विपरीत निवेदकलाई सुनुवाइको मौका प्रदान नगरी निर्णय गरेको भन्ने अर्को अपवादात्मक अवस्था विद्यमान छ छैन भन्ने तर्फ विचार गर्दा निवेदकका नाउँमा कर कार्यालयबाट*	भन्नेले वदनियतको पुष्टी गर्नु पर्ने व्याख्या गर्दै नक्कलि करदाता देखाइ कर छलिको योजना वनाउने कार्यलाइ समेत निरुत्तसाइत गरेको छ ।

क्र.स.	नजिर	प्रतिपादित सिद्धान्त	कैफियत
		पठाएको सूचना म्याद गा.वि.स.ले निवेदकले नबुझेको भनी फिर्ता पठाएको ततपश्चात २०५०।१२।५ को पत्रबाट सबूद प्रमाण पेश गर्न निवेदकका नाउँमा म्याद पठाइएकोमा गणेश वस्त्रालयका स्टाफ देव गिरीले बुझेको र २०५०।१२।१५ मा निवेदकले आफूसो फर्मको मुख्य व्यक्ति नरहेको भन्ने जवाफ पठाएको र निजको जवाफ समेतलाई मध्यनजर राखी कर निर्धारण भएको देखिन आएकोले आफ्नो कुरा भन्ने मौका प्रदान नगरेको भन्ने भनाई पनि स्वीकारयोग्य देखिएन । *वदनियतपूर्वक कर निर्धारण गरेको भन्ने निवेदकको अर्को कथनतर्फ विचार गर्दा निवेदकले वदनियतको वस्तुनिष्ठ आधार प्रमाण दिन गुजार्न नसकेको तथा वदनियतको आरोप लगाउनु मात्र पर्याप्त हुँदैन । वस्तुनिष्ठ आधारमा आधारित हुनुपर्ने हुन्छ । त्यस्तो आधार विद्यमान देखिएन । विपक्षी कर अधिकृतले निर्णय गर्दा आधारहरु उल्लेख*	

क्र.स.	नजिर	प्रतिपादित सिद्धान्त	कैफियत
		गरेको देखिन्छ । ती आधार प्रमाणहरु पर्याप्त भए नभएको कारणले मात्र वदनियत भन्न मिल्दैन तसर्थ निवेदकको यस भनाइसँग पनि सहमत हुन नसकिने।	

३. अर्ध न्यायिक निकाय र कर कानुन

प्रशासनिक बर्दी पहिरिएर न्यायिक कार्यसम्पादन गर्न पाउने अधिकार सम्पन्न निकायलाई अर्धन्यायिक निकाय भनिन्छ। प्रकृति र प्रवृत्तिका हिसाबले प्रशासनिक भए तापनि यी निकायले केही निश्चित प्रकारका मुद्दामा न्यायिक अधिकार प्रयोग गर्ने हैसियत राख्छन्।

न्यायिक प्रक्रिया स्वभावैले अधिक औपचारिक, लामो, नजिरमा आधारित र जटिल हुने भएकाले सबै प्रकारका विषयमा न्यायिक निकायबाट नै मुद्दाको सुरु कारबाही र किनारा गर्नु सम्भव हुदैन। त्यसैले तत्काल निरूपण गर्नुपर्ने", अलि विशिष्टीकृत प्रकारका र संवेदनशील प्रकृतिका विषय सम्मिलित मुद्दाहरुको सुरु कारबाही र किनारा गर्नका निमित्त यस्ता खालका अर्धन्यायिक निकाय परिकल्पना गरिएको हो। न्यायिक निकायहरुमा पर्न जाने मुद्दाको भार कम गर्नु, शीघ्र र प्रभावकारी न्याय सम्पादन गर्नु वा विषयवस्तुको सम्बोधन गर्नु, न्याय प्रशासनलाई जनचाहनाअनुरूप सञ्चालन गर्नु, सामान्यतया न्यायिक निकायहरुबाट प्राप्त हुन नसक्ने विशिष्टीकृत र विशेषज्ञतापूर्ण निर्णय प्राप्त गर्ने चाहना नै अर्धन्यायिक निकायको उत्पत्ति पछाडिका कारण हुन्।

कतिपय अवस्थामा पर्याप्त न्यायिक तालिम अभाव, प्राकृतिक न्यायका सिद्धान्त अवलम्बनमा कमी, निष्पक्षताको अभाव, अर्धन्यायिक अधिकार वा विशेषाधिकाको दुरुपयोग तथा राजनीतिक वा अन्य अवाञ्छित प्रभावमा परेको जस्ता आलोचनाबाट अर्धन्यायिक निकाय मुछिने गरेका उदाहरण पनि नभेटिने होइनन्। तथापि कदाचित भेटिने यस्ता कमजोरीका आधारमा मात्र अर्धन्यायिक निकायहरुको आवश्यकता, अपरिहार्यता र महत्व बिर्सन मिल्ने अवस्था छैन। प्रविधिमा आएको परिवर्तन र विस्तार, अपराधहरुको विशिष्टीकरण तथा

समाजमा आइपर्ने नया"खाले कुकृत्यहरुको नियन्त्रण जस्ता गम्भीर विषयको सम्बोधन न्यायिक निकायहरुको मात्र संलग्नताबाट सम्भव देखि"दैन। त्यसैले नया परिवेशमा अर्धन्यायिक क्रियाकलापहरुको सान्दर्भिकता हिजोभन्दा आज र आजभन्दा भोलि बढ्दै गएको पाइन्छ। अजः कर सम्वन्धी विषयहरुमात कर अधिकृत हरुलाई न्यायिक अधिकार विना प्रभावकारी कर प्रशासनका परीकल्पनानै गर्न सकिदैन। तसर्थ प्राय जसो सवै मुलुक हरुमा कर प्रशासक हरुले न्यायिक अधिकारको प्रयोग गर्दछन र उनिहरु निकाय हुन र नेपाल पानि यो सत्यवाट पर भाग्न सक्दैन ।

तसर्थ कर कार्यालयहरु तथा कर अधिकृत हरुले कर निर्धारण गर्दा कानुन तथा न्यायाका मान्य सिद्धान्तहरु तथा कार्याबिधी कानुनको पालना गर्नु पर्ने देखिन्छ जसले गर्दा कर सम्वन्धी विबादहरु न्यायाधिकरण वा अदालत हरुमा कम पुगुन र राजश्व परिचालन प्रबावकारि हुन सकोस, यसकालागी कर कार्यालयहरुले निम्न विषयहरुमा ध्यान पुर्याउनु जरुरी छ :

- आफूले गरेको निर्णय / कारबाही उपर कानून बमोजिम उजुरी पर्छ र त्यस्तो उजुरीको विपक्षमा पर्याप्त आधार र कारणको गुञ्जायस छ भन्ने कुराको निश्चय गरेर मात्र निर्णयमा पुग्नु पर्दछ ।
- निर्णय गर्दा निष्कर्षमा पुग्नका लागि लिइएका आधार र कारण प्रष्ट खुलाउनुका साथै सो निर्णय गर्ने कानूनी आधार (कानूनका दफा, उपदफा आदि) निर्णयमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्दछ ।
- निर्णय गर्नु अधि जसका विरुद्ध निर्णय गर्न लागिएको हो निजलाई पर्याप्त र प्रभावकारी रुपमा सुनुवाईको मौका दिनु पर्दछ ।निर्णय गर्न अनावश्यक विलम्ब गर्नु हुदैन ।
- निर्णयको समर्थनमा प्रमाण पुर्याउने भार निर्णय कर्ताको नै हुन्छ भन्ने कुराको जानकारी हुनु पर्दछ । अर्थात निर्णय गरेरमात्र हुदैन सो निर्णयलाई पार लगाउनु पनि पर्दछ ।
- प्रत्यक्ष कानूनी त्रुटी वा गल्ती भएको अवस्थामा बाहेक आफ्नो पूर्ववर्ती निर्णयलाई पालना गर्नु पर्दछ । निर्णयकर्ताले दोहोरो मापदण्ड अपनाउनु हुदैन ।

- निर्णयमा बदनीयत वा प्रतिशोधको गन्ध पनि आउनु हुदैन । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्नो स्वार्थ / सरोकार रहेकोमा निर्णयमा संलग्न हुनु हुदैन ।
- निर्णय आत्मपरक होईन की वस्तुनिष्ठ प्रमाणमा आधारित हुनु पर्दछ ।

आयकर आयमा आधारित प्रत्यक्ष कर प्रणाली हो । सामान्यतयाः श्रम, पुँजी वा ती दुवैको प्रयोग गरे वापत प्राप्त प्रतिफल आयकर प्रयोजनको लागि आय मानिन्छ । नेपालमा आधुनिक आयकरको अवधारणा वि.सं. २०१७ सालदेखि प्रारम्भ भएको हो । आयकर मुलुकको आर्थिक विकासको लागि आवश्यक राजस्व संकलन गर्ने दृष्टिकोणले मात्र नभई सामाजिक न्याय कायम गर्ने महत्वपूर्ण औजारको रुपमा पनि विश्वभरनै अंगीकार गरेको देखिन्छ । वर्तमान आयकर ऐन, २०५८ १९ चैत्र, २०५८ देखि लागू भएको हो । यो ऐन, लागू भए पश्चात आयकर ऐन, २०३१ तथा घर वहाल कर ऐन २०३३ र आयकर सम्बन्धी अन्य ऐनहरुमा भएका व्यवस्थाहरु खारेज भएका हुन ।साथै आयकर ऐन, २०५८ मा नै आयकरका दरहरुलाई समावेश गरी निश्चितता प्रदान गरेको छ । करका दरहरु रहने अनुसूची १ नेपाल सरकारले फेरबदल गर्न नपाउने र ऐन संशोधनको प्रक्रियाबाट मात्र हेरफेर गरी No Taxation without Representation को सिद्धान्त प्रत्याभूत गरेको छ ।

त्यस्तै हामिले के कुरा पानि भुल्नु हुदेन भने, अहिलेको कर प्रणालीमा करदाता स्वयं कर अधिकृत भएको हुनाले उनीहरुको कारोबारका बारेमा उनीहरु स्वयं जानकार छन राज्य उनिहरूजति जानकार छैन। करदाताहरुको कारोबारको लेखांकन गर्न, करारोपण गर्ने, विवरण पेश गर्ने तथा कर बुझाउने दायित्व उनीहरुमा नै छ। सरकारको दायित्व भनेकोत, सरकारले जारी गरेका कानुनी व्यवस्था, तिनीहरुमा भएका परिवर्तन बारे समय समयमा जानकारी गराउने तथा करदाताको शशक्तीकरण गराउने हो। शशक्तीकरणले कर सहभागितामा अभिवृद्धि हुन्छ जसले गर्दा कर प्रसाशनको कामकारबाही पनि सहज हुन्छ। करदाताले अनावश्यक दबाब बहन गर्नुपर्दैन। अहिले हामि सवैले भनेको आदर्श कर प्रणाली पनि त्यही हो। जसले जति कारोबार गर्यो उसले त्यति कर तिर्ने हो। कानुनबमोजिम बाहेक कर लगाउने र असुल उपर गरिनु हुदैन र कानुनले लाग्ने भनेको कर एक रुपैयाँ पनि छाडिनु पनी हुदैन, यो नै असल कर (Right Taxation) प्रणाली हो।

यसरी आयकर ऐनले करदाता हरूलाई आफुले आफैलाई कर निर्धारण गर्न पाउने अधिकार दिई, राज्य र समाज प्रती थप जिम्मवार र उत्तरदायी वनाएको छ। कर तिर्नुलाई वोझको रुपमा नलिई गौरवको रुपमा करदाता हरुले लीउन, वजारमा राज्यको हस्तक्षेप कम होस र

करदाता हरुले निर्धक्क रुपले आफ्नो करोवार गर्न पाउन भन्नेनै आधुनिक कर प्रणालिको मान्यता हो र नेपालको कर कानुनहरुले निर्दिष्ट गरेको मार्गदर्शन पानि तेही हो ।तर कर तिर्ने संस्कृतिको अभाव लगायतका बिभिन्न कारणहरुले गर्दा हामिहरु कानुनको अपेक्षा भन्दा धेरै टाढा भौतारीही रहेका छौ र कर कानुनका आधुनिक मान्यताहरुलाई अंप्नाइ आधुनिक विधीशास्त्रको विकासमा योगदान दिनुको साटो कर कानुनलाई परंम्परागत देवानि तथा फौज्दारी मुद्दाहरु जस्तै व्याख्या गर्दै आधुनिक कर कानुनका मान्यताहरू भन्दा धेरै टाढा पुग्न खोजिरहेका छौ ।

कहिलेकाँही कतिपय करदाताले कर दाखिला गर्ने क्रममा कानुनको गलत ब्याख्या गरेर अदालतको समय बर्बाद गराइरहेका छन्।नागरिक अधिकार ऐन प्रयोग गरेर, असाधारण अधिकार क्षेत्र प्रयोग गरेर, प्रक्रियाकै बिचैमा आदेश जारी भएका छन्। कर कार्यालयले कानुनबमोजिम कर निर्धारण गर्ने हो र त्यसमा चित्त नबुझे कानुनबमोजिम नै पुनरावलोकनमा जाने हो। त्यो व्यवस्था हुँदा हुँदै कर दायित्वबाट बच्न र कर प्रशासनको छानबिनको प्रक्रियलाई अवरुद्ध पार्न अदालतको समय खर्च गराइएको छ। अदालतको सहारा लिने परिपाटी देखिएको छ। जुन आफैमा आधुनिक कर प्रणालिको मान्यता भन्दा वहिरको कुरा हो।

आयकर ऐन लागु भएको यति लामो समय भइसक्दा पानि अहिले सम्म नेपालमा कर सम्वन्धी विवादहरु न्यायिक निकायहरुवाट भन्दा पनि कर फछ्र्यौट आयोगका माध्यमबाट टुङ्गायाउने प्रचलन बिगत देखिनै रहेकाले दिर्घकालिन करार, पूँजिगत लाभकर, बित्तियपट्टा, स्थाई संरचना,का कर निर्धारणका विवादहरुमा स्पष्ट न्यायिक दृष्टिकोणको अभाव खट्किएको देखिन्छ भने न्यायिक निकायहरु समेत सिद्धान्तहरुको ब्याख्यागरी न्यायिक मान्यताहरुको विकास गर्ने भन्दापनि प्राविधिक विषयहरुमा रुमल्लिएर वसीरहेको देखिन्छ, भने एउटै विषयमा स्वयं सर्वोच्च अदालतले फरक फरक व्याख्या गरेवाट कर कानून अझ वढी जटील बनेको छ।

जस्तै

क्र.स.	**विवादको विषय**	**प्रतिपादीत सिध्दान्त**	
१	व्यवसयीक	**आन्तरीक राजस्व कार्यालय**	**हिमालय आयरन एण्ड स्टील**

	लागत	विराटनगर *वीरुद्ध* शाह उधोग प्रा .लि. [18] विराटनगर व्यवसायीक सिद्धान्त विपरित लागत भन्दा कम मुल्यमा विक्रि गर्नु परेको र लगातार नोक्सानीमा उद्योग संचालन गर्नु परेको सम्वन्धमा उद्योगले तथ्ययुक्त प्रमाण पेश गरी प्रमाणित गर्न नसकेको अवस्थामा उद्योगको भनाइको आधारमा मात्र कर कार्यालयले कर मिन्हा गर्ने स्थित नहुने। मनोगत आधारमा कर मिन्हा गर्दै जाने हो भने कर तथा राजश्व प्रशासनसम्बन्धी कानूनी व्यवस्थाहरू प्रभावहीन भई राष्ट्रको राजश्व असूली प्रक्रिया प्रभावित हुन पुग्ने ।	(प्रा.लि.) को तर्फबाट ऐ.को अधिकार प्राप्त अध्यक्ष मणीहर्ष ज्योति कंशकार विरुद्ध अन्तःशुल्क विभाग, लाजिम्पाट, काठमाडौं समेत [१९] उत्पादित मालसामानमा बजार मूल्य घटबढ हुन स्वभाविक प्रकृया हो एकपटक कायम भएको मूल्य स्थायी रुपमा कायम रहन्छ भन्न पनि न्यायोचित नदेखिने ।
२	असाधारण अधिकार क्षेत्रको प्रयोग	नेपाल दूरसञ्चार कम्पनीका तर्फबाट अधिकारप्राप्त ऐ.ऐ. कम्पनीका निमित्त प्रबन्ध निर्देशक बुद्धिप्रसाद आचार्य विरुद्ध ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत [२०] वैकल्पिक उपचार रहेसम्म रिट क्षेत्राधिकार सामान्यतया आकर्षित हुँदैन । एउटै विषयवस्तुमा एकैपटक दुई निकायले हात हाल्दा न्यायिक अराजकतासमेत जन्मिन्छ ।	साउण्ड इक्युपमेण्ट एण्ड इलेक्ट्रिकल एप्लासन्सेस इण्डष्टिज प्रा.ली. सानेपा ललितपुरको तर्फवाट संचालक विनोद कुमार चौधरी वीरुद्ध कर कार्यालय काठमाण्डौ समेत [२१] साउण्ड इक्युपमेण्ट एण्ड इलेक्ट्रिकल एप्लासन्सेस इण्डष्टिज प्रासानेपा .ली. ललितपुरको तर्फवाट संचालक कार्यालय काठमाण्डौ समेत साउण्ड

[१८] ने.का.प.२०६६,अंक ११, निर्णय.नं. ८२६५।

[१९] ने.का.प. २०४६, अंक ८, निर्णय नं. ३९०८।

[२०] ने.का.प. २०७१, अंक १०, निर्णय नं. ९२६५।

[२१] सम्मत २०४८ सालको रिट नं, १४९३, आदेश मितिः २०५९।०५।३१।०२

		विवादित विषयको वैकल्पिक उपचारको मार्ग अन्तिम भई बसेको र विवादित निर्णयमा कानूनको घोर त्रुटि भएको भन्ने कुरा स्पष्ट देखिएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने कुरालाई अपवादको रूपमा लिइने ।	इक्युपमेण्ट एण्ड इलेक्ट्रिकल एप्लासन्सेस इण्डष्टिज प्रा.ली. सानेपा ललितपुरको तर्फवाट संचालक विनोद कुमार चौधरी वीरुद्ध कर कार्यालय काठमाण्डौ समेत [२२]
३	निर्णय अन्तिम हुने नहुने \	**मोरङ्ग जिल्ला विराटनगर न.पा. वडा नं. ९ स्थित पी.के. केमिकल्सको प्रो.ऐ. बस्ने प्रदीप कुमार अग्रवाल विरुद्ध कर कार्यालय मोरङ्ग, विराटनगर[२३]** **न्यायिक वा अर्धन्यायिक अधिकारी वा निकायले आफ्नो अधिकार क्षेत्रभित्र रहेर गरेको जस्तोसुकै निर्णय पनि कानून बमोजिम अधिकार प्राप्त माथिल्लो अधिकारी वा निकायबाट वदर नभएसम्म अन्तिम हुन्छ र सो निर्णयलाई मान्न सम्बन्धित पक्षलाई कर लाग्छ । सो निर्णय अनुसार भोग्नु वा व्यहोर्नु पर्ने सजाय वा विगो वा अन्य कुनै रकम तत्काल नबुझाएर सो वापतको पूरै वा केही रकमको धरौट वा जमानत दिई वा**	**मनकामना एअरवेज (प्रा.) लि.का अख्तियार प्राप्त ऐ. ऐ. का प्रबन्ध सञ्चालक किशोर सिलवाल विरुद्ध अर्थ मन्त्रालय समेत[२४]** **कर अधिकृतको कर निर्धारणसम्बन्धी निर्णय पुनरावेदन तहबाट समेत अन्तिम नभएसम्म कर निर्धारण अन्तिम हुदैन । यसैले कर निर्धारण प्रक्रियाभित्र पुनरावेदनको बाटो पर्दैन भन्न नमिल्ने ।**

[२२] हाल सम्मानित सर्वोच्च अदालतमा विचाराधिन, सुर्य नेपाल र एनसेल को मुद्धामा भएको अन्तरीम आदेशको विश्लेषण गर्दा यो र यस्तै प्रकारका अन्य नजिरहरु (ने.का.प.२०५२, अंक ७, नि.न. ६०३२, ने.का.प. २०५०, अंक ९, नि.नं. ४७८६,ने.का.प। २०६७, अंक ७, नि.नं.८४०५) वाट प्रति पादित सिद्धान्तहरु समेत पालना नभएको होकि भन्ने देखिन्छ।

[२३] ने.का.प.२०५२,अंक ७, निर्णय.नं. ६०३२।

[२४] ने.का.प.२०६७, ,अंक १, निर्णय.नं. ८३०५।

		पुनरावेदन जिकिर मनासिब नठहरेमा केही प्रतिशत थप शुल्क बुझाउनु पर्ने गरी माथिल्लो अधिकारी वा निकाय समक्ष निवेदन वा पुनरावेदन दिन पाउने व्यवस्था वस्तुतः कानूनले प्रदान गरेको एउटा तात्कालिक सुविधा मात्र हो।	

५. निष्कर्षः

माथि उल्लेखित नजिरहरुलाई विश्लेषण गर्दा के देखिन्छ भने सर्वोच्च अदालतले आधुनिक कर प्रणालिका सिद्धान्तलाई मान्यता दिदै कर प्रशासनलाई कार्यविधी कानून र प्राकृतिक न्यायका सिद्धान्त प्रति सजग रहन सचेत समेत गराएको देखिन्छ। तसर्थ कर अधिकृतहरुले कर निर्धारण गर्दा आफूले गरेको निर्णय वा कारबाही उपर सम्बन्धित निकायहरुमा कानून बमोजिम उजुरी पर्न संक्दछ र त्यस्तो उजुरीको विपक्षमा पर्याप्त आधार र कारणको गुञ्जायस छ भन्ने कुराको निश्चय गरेर मात्र निर्णयमा पुग्नु जरुरी देखिन्छ ।

करदाता कर प्रणालीको महत्वपूर्ण पक्ष हुन् । स्वयं कर निर्धारण पद्धतिमा पहिलो कर प्रशासक पनि करदाता स्वयं नै हुने भएकाले कर प्रणालीको प्रभावकारिताका लागि व्यावसायिक नैतिकताको कसीमा अब्बल करदाता हुनु आवश्यक हुन्छ । करदाता भन्नाले करका औपचारिकता पूरा गर्ने दर्तावाल उद्योगी–व्यापारी मात्र नभई आमउपभोक्ता सबै हुने भएकाले जागरूक उपभोक्ताबिना कर प्रणालीको सुधारका प्रयासहरू एकांकी हुन पुग्छन् । सबैमा असल नागरिक हुनुको नाताले अधिकारको खोजी मात्र होइन, कर्तव्यको बोध पनि हुनु जरुरी छ ।

यसैगरी कर तथा राजस्व सम्वन्धी विवादहरु अन्य परम्परागत मुद्दाहरु भन्दा फरक प्रकृतिको भएकोले कर सम्बन्धी विवादहरुमापनि अन्य मुद्दाहरुमा जस्तै कार्यबिधि कानून तथा प्राकृतिक न्यायका सिद्धान्तको पालना गर्न संभव नहुने अवस्था हुनसक्ने तथा प्रकृया र कार्यविधीको नाममा राज्यको राजस्वको उदेश्य लाई नजरअन्दाज गर्न नसकिने भनी बिभिन्न देशका अदालतहरुले व्याख्या गरीसकेको अवस्थामा ,हाम्रो अदालतले पनि सो तर्फ विचार गर्नु पर्ने हो कि ? जस्तै: **Rajesh Kumar** v. **CIT**[25]

[२५] 287 I.T.R. 91.

- *Applying the principles of natural justice the court must also bear in mind the theory of useless formality ;*
- *Every single order may be challenged on the ground that the principles of natural justice have not been adhered to;*
- *The procedural law will, therefore, have to be overhauled by Parliament if certain principles of natural justice are to be applied and the others are to be specifically excluded by a mandate of law;*
- *The power of judicial review is limited; it is discretionary. The court may not interfere with a statutory power.;*
- *Court must taken into account: (i) the nature of the accounts, (ii) the complexity of accounts, and (iii) the interests of Revenue .*

अनुसुची १ :

अर्थ मन्त्रालय,आन्तरीक राजश्व विभाग,कर कार्यालय विराटनगर *विरुद्ध* **जिल्ला मोरङ्ग विराटनगर स्थित हुलास बायर इण्डष्ट्रिज प्रासंचालक महेन्द्रकुमार गोल्छा .लि.** भएको आयकर मुद्दाको ठहर खण्ड ।

पुनरावेदन सहितको मिसिलको अध्ययन र विद्वान कानुन व्यवसायीहरुको वहस जिकिरलाई मनन गरी निर्णय तर्फ बिचार गर्दा राजस्व न्यायाधिकरण विराटननगरको फैसला मिले नमिलेको के रहेछ ?सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

यसमा विपक्षी हुलास दायर इण्डष्ट्रिज (प्रा) लि.का संचालकले आ.व. ०५०।५१ को कारोवारमा भएको खुद मुनाफा उल्लेख गरी मिति २०५१।९।१ मा स्वयं कर निर्धारण पेश गरेकोमा आयकर ऐन, २०३१ को दफा ३३क(२) बमोजिम उद्योगको संचालकलाई उक्त कारोवारको सम्बन्धमा बयान गराई प्राप्त भएका प्रमाण सूचना आदी समेतलाई बिचार गरी ऐननियमले मिन्हा दिन मिल्ने रकम मिन्हा दिई, मिन्हा दिन नमिल्ने रकम खुद आयमा समावेस गरी आयकर ऐन, २०३१ को दफा ३३क(२) बमोजिम खुद आय रु.५२,२३,४९२।४९ कायम हुने ठहर कर कार्यालय विराटनगरले गरेकोमा सवारी साधन मर्मत खर्च, सेल्स डिपोमा भएका खर्च र कर्मचारीहरुको तलव भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गरी बैंकमा जम्मा गरेको रकम खुद आयमा समावेस गरेको मिलेन भनि कर कार्यालय

विराटनगरको कर निर्धारण आदेश केहि उल्टी गरेको राजस्व न्यायाधिकरण विराटनगरको फैसलामा चित्त नबुझि कर कार्यालय विराटनगरले यस अदालतमा दिएको निवेदनमा पुनरावेदन गर्ने अनुमति प्राप्त भै यस इजलास समक्ष पेश हुन आएको देखियो ।

यसमा विपक्षी उद्योगले उल्लेख गरेको मर्मत संभार खर्च रु.१,६२,१८४।७३, सवारी साधन संचालन खर्च रु.१,२२,९९८। र सेल्सडिपो विरगंजको नोक्सानी खर्च र कर्मचारीको तलव भुक्तानी गर्दा अग्रिम आयकर कट्टा नगरेको रकम समेत पुंजिगत खर्च मान्नुपर्नेमा पुंजीगत खर्च नमानी खुद आयमा समावेस नहुने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला त्रुटीपूर्ण हुंदा बदर हुनुपर्ने भन्ने कर कार्यालय विराटनगरको मुख्य पुनरावेदन जिकिर देखिन्छ । आयकर ऐन, (सं.स.) २०३१ को दफा ३३ क (१) मा करदाता स्वयंमले कर निर्धारण गर्नको निमित्त आफ्नो खुद आय कायम गरी स्वयं कर निर्धारणको फाराममा विवरणहरु पेश गरी आफ्नो स्वयं कर निर्धारण गर्न सक्नेछ भन्ने उल्लेख देखिन्छ । विपक्षी उद्योगले सो ऐन बमोजिम आर्थिक वर्ष २०५०।५१ को आयको स्वयं कर निर्धारण विवरण र प्रमाणहरुको साथै लेखापरिक्षण गरेको वासलात र नाफा नोक्सानी विवरण समेत कर कार्यालय विराटनगरमा २०५१।८।२९ मा पेश गरेको अवस्था देखिएको छ । सो विवरणको जाँचबुझ प्रयोजनको लागि विपक्षी उद्योगलाई कागजपत्र प्रमाणहरु दाखिल गराउने सम्बन्धमा आयकर ऐन, २०३१ को दफा ३३(४) बमोजिम पत्राचार भएको देखिंछ । विपक्षी उद्योगले आ.व. २०५०।५१ को कारोवार सम्बन्धी सम्पूर्ण हिसाव किताव खातावाही, बीदा भरपाई आदी लिई कर कार्यालयमा उपस्थित भै बयान समेत ०५३।३।६ मा गरेको मिसिलबाट देखिन्छ । पुनः २०५३।३।३० मा आ.व. ०५०।५१ को कारोवारको सम्बन्धमा प्रमाणहरु पेश गरेको देखिंन्छ । विपक्षी उद्योगले पेश गरेको प्रमाणको सम्बन्धमा पुनरावेदक कार्यालयले अन्यथा भनि जिकिर लिन सकेको देखिंदेन । आयकर ऐन, (सं.स.) २०३१ को दफा १२(१)(ख) मा यान्त्रिक उपकरण, मेसिन फर्निचर तथा आयआर्जन वा प्राप्त गर्न प्रयोग भएका अन्य सम्पत्ति वा सामानको मर्मत रकम खर्चहरु कट्टा गरी खुद आय निर्धारण गरिने उल्लेख देखिन्छ । उद्योगको सवारी साधन र उद्योग यान्त्रिक साधनहरु मर्मत कार्य गरेको र यस्तो मर्मत कार्यालयलाई पुनरावेदक कार्यालयले पूंजिगत खर्चको संज्ञा दिई खुद आयकर समावेश गरेको कानून अनुकूलको देखिन नआई राजस्व न्यायाधिकरणले पुनरावेदक कार्यालयले गरेको कर निर्धारण आदेश उल्टी गरेको अवस्था छ ।

उपरोक्त मर्मत खर्चहरु एयर कण्डिशनर, जि.आइं सेड र सवारी साधन मर्मत गर्दा पूजीगत प्रकृतिको खर्च भयो भन्ने पुनरावेदन कार्यालयले के कुन कारण वा आधारमा पूजिगत ठहर्ने हो भन्ने कुारको अधार प्रमाण सहित जिकिर लिएको देखिदैन । मर्मत संभार सम्वन्धमा करदाताले प्रयोग गर्दै आएको यान्त्रिक उपकरण, मेसिन फर्निचर तथा आय आर्जन वा प्राप्त गर्न प्रयोग भएको सम्पत्ति भत्कि विग्री मर्मत गर्नुपर्दा सो यन्त्र उपकरण, मेसिन फर्निचर इत्यादिको क्षमता, मोल वा आयु साविक सरह वनाउन लागेको खर्चसम्म छुट हुन सक्ने र साविक भन्दा वढी क्षमता मोल आयु वा मौलिक आकृतिमा फरक पर्ने गरी वनाउन लागेको खर्चलाई पूजीगत खर्च मान्ने सिद्धान्त हो र आयकर ऐन, २०३१ को दफा १२(१)(ख) को प्रतिवन्धात्मक वाक्यांशले सो सिद्धान्तलाई कानूनी रुप दिई प्रचलन गराई आएको छ । करदाताको भनाई हेर्दा सो मर्मत कार्यवाट एयर कन्डिसन र जि.आइं सेड र सवारी साधन पूर्ववत अवस्थाको सम्म हुने गरी मर्मत भएको भन्ने उल्लेख भएको देखिन्छ । कर अधिकृतको कर निर्धारण गर्ने कार्य न्यायिक कार्य हो । कर अधिकृत कर निर्धारणको प्रकृयामा छानविन गर्ने अधिकृत हुनका साथै कर निर्धारण गर्ने अधिकारी पनि हुँदा निजको कानूनी हैसियत आरोपी एवं निर्णयकर्ता दुवै रहेको छ । न्यायिक कार्य गर्ने कर अधिकृत जस्तो अधिकारीले कुनै निर्णयमा पुग्नका लागि वस्तुगत रुपमा प्रमाणको मूल्यांकन गर्नु पर्दछ भने निर्णयमा पुगेको वस्तुगत आधार र कारण समेत दिनुपर्ने हुन्छ । पुनरावेदक कर अधिकृतले विवादस्पद मर्मत खर्चमध्ये पूजीगत मानेर आय तर्फ जोडेको रकम के कुन कारणले सम्वन्धित एयर कण्डिशनर, जि.आई सेड वा सवारी साधनको साविकको क्षमता, आयु मोल वा आकृति भन्दा वढी वा फरक भएको हो भन्ने देखाउनु पर्थ्यो, उसको त्यो न्यायिक कार्य थियो, न्यायिक जिम्मेवारी थियो तर सो भए गरेको भन्ने कर निर्धारण पर्चा वा यस अदालत समक्ष दिएको अनुमतिको निवेदनमा खुलाएको देखाएको पाइएन । पुनरावेदक कार्यालय यस अदालतको दृष्टिमा मुद्दाको अर्को पक्ष सरह रहेको हुदा आफ्नो निर्णय यो यस कारणले सहि छ भनी आफ्नो जिकिरको पुष्ट्याइका लागि आधार र कारण खुलाउनु देखाउन समेत सक्नु पर्ने हुन्छ । पुनरावेदक कार्यालयले यस अदालतमा दायर गरको अनुमतिको निवेदनमा राजस्व न्यायाधिकरणवाट भएको निर्णय फैसला के कुन आधारमा र कसरी त्रुटिपूर्ण छ भन्ने उल्लेख भएको नदेखिदा हचुवा निवेदन जिकिरकै भरमा दावी जिकिर वमोजिम गर्न हुन सक्ने देखिएन । कर सम्वन्धी विवादमा अमुक रकम यो यस कारणले करयोग्य छैन भनी करदाताले देखाएको अवस्थामा कर लगाउन चाहने कर अधिकृत या कार्यालयले यो यस परिवन्दवाट कर लाग्ने हो भन्ने देखाउन पर्ने हुन्छ । कर लाग्ने आय

हो भन्ने कुराको प्रमाण पुर्याउने भार कर कार्यालय वा कर अधिकृत उपरनै हुन्छ । कर सम्वन्धी विवादमा प्रमाणको भारको अत्यन्तै महत्व र आवश्यकता हुन्छ । करदाता उपर मात्र प्रमाण पुर्याउने भार रहदैन । करदाताले तर्कसंगत रुपमा कर लाग्ने होइन भन्दछ भने कर लाग्ने हो भनेर प्रमाण पुर्याउने भार कर अधिकृत उपर हुन्छ । कर न्यायको यो प्राथमिक कुरा हो । उपरोक्त विवेचित कुरा र प्रस्तुत मुद्दामा पुनरावेदक कार्यालयको पुनरावेदन जिकिर लगायतको विश्लेषण गर्दा उल्लेखित रकम पूजीगत खर्च रहेछ भनेर पुनरावेदक कार्यालयले देखाउन सकेका पाइएन । अतः राजस्व न्यायाधिकरणले मर्मत संभार खर्च मानेर गरेको फैसलामा कुनै त्रुटि भएको भन्ने देखिन आएन ।

सेल्स डिपो करदाता उद्योगवाट उत्पादित वस्तुको व्यापारिक कारोवार गर्ने शाखा सरहको एक अंग रहेको देखिन्छ । कुनै उद्योगले आफ्नो उत्पादनको विक्री वितरणका लागि विभिन्न माध्यमहरु जस्तै एजेन्सी, डिस्ट्रीव्युटर जस्ता वाहिरी व्यक्तिहरु नियुक्त गर्ने वा आफेनै शाखा प्रशाखा वा सेल्स डिपो खोल्ने भन्ने कुरा सम्वन्धित उद्योगले गर्ने निर्णय हो यसै गर भनेर अरुले भन्न मिल्दैन तर यदि सम्वन्धित उद्योगले सेल्स डिपो समेत राखेर उत्पादित वस्तुको विक्री वितरण गर्न चाहन्छ भने कानूनले त्यस्तो नगर भन्न हुदैन । सो अनुसार विक्री वितरणका लागि सेल्स डिपो खोली विक्री वितरणको कारोवार गर्ने गरिएको छ भने त्यस्तो सेल्स डिपोको आम्दानी खर्च मूल उद्योगकै आम्दानी खर्च अन्तर्गत आउछ । कुनै सेल्स डिपोमा कारोवार भएन भने पनि त्यसमा लाग्ने न्यूनतम अनिवार्य खर्चहरु हुनसक्ने हुन्छन र त्यस्तो खर्चलाई आय नभएको भनेर अनदेखा वा अमान्य गर्न हुदैन । आय भएमा मात्र खर्च दिन मिल्दछ भन्ने कुरा उचित हुदैन । कारोवारका सिलसिलामा कारणवस कारोवार भएन वा आय हुन सकेन भने पनि कुल आयको अवधारणा अन्तर्गत करदाताका आय आर्जनका क्रममा भएका वास्तविक खर्चहरु कट्टा गर्न पाउने नै हुन्छ । आफ्नो उत्पादन विक्री वितरण गर्ने प्रयोजनका लागि खडा गरेको् सेल्स डिपो कायम राख्न कानून वमोजिम तिर्नुपर्ने लाइसेन्स नविकरण र अन्य स्टेशनरी जस्ता कुरामा भएको सामान्य खर्चहरुलाई डिपोवाट कारोवार नभएको भन्ने आधारमा खर्च कट्टा गर्न पाउन सक्ने होइन भन्न न्यायोचित हुदैन । सेल्स डिपो वीरगन्जको सो आ.व.मा नोक्सानी रु.१०,६४८।- को रकम देखाएको छ । उक्त आ.व.मा उक्त डिपोबाट कुनै खरिद विक्रीको कारोवार नभएको र कारोवार नभए पनि डिपोको लाइसेन्स नविकरण सहित अन्य स्टेशनरी आदि फुटकर खर्चहरु भै, सो खर्चको विल भरपाई पेश गरेको देखिंदा त्यस्तो खर्च भएको भन्ने पुष्टि हुन आयो । अतः सो रकमलाई खुद आयमा समावेस नगर्ने ठहराएको

राजस्व न्यायाधिकरण बिराटनगरको इन्साफ मिलेकै देखियो । त्यस्तै कर्मचारीको तलवभत्ता भुक्तानी गर्दा अग्रिम आयकर कट्टा नगरी भुक्तानी दिएको भनि रु.४२,५२४।२७ खुदआयमा समावेश नगरेको भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा विपक्षी उद्योगले २०५३।३।३० मा दिएको जवाफमा उक्त अग्रिम रकम भूलबाट पूरा कट्टा गर्न नसकिए पनि हाल उक्त रकम त्यस कार्यालयको खातामा जम्मा गरी दिएको छ भनि बैंक भौचर सहित पेश गरेको देखिन्छ । उक्त भौचरलाई पुनरावेदक कार्यालयले नकरा भनी जिकिर लिन सकेको देखिदैन । आयकर (सं.स.) ०३१ को दफा ३६(३) मा छुट रकम बुझाउन पाउने गरी व्यवस्था समेत भएको देखिन्छ । सो उपदफा (३) मा स्पष्टसंग कुनै व्यक्तिले श्रोतमा कर कट्टी गरी वुझाउन पर्ने थियो तर सो गर्न नसकी छुटाएछ वा घटिवढी हुने गरी कट्टा गरि वुझाएछ भने कट्टि गर्न छुटाएको वा घटिवढि गरी वुझाएको रकम अर्को पटकको भुक्तानीवाट मिलाई कट्टा गर्न पाउने कुरा उल्लेख भएको देखिदा स्रोतमा कर कट्टी गर्दा घटिवढी भै भूलचुक हुन सक्ने र त्सलाई पछि मिलाउन सक्ने कानूनको आसय रहेको देखियो । यस अवस्थामा करदाताले भूलवाट पुरा कट्टा हुन नसकेको भन्दै पछि कानून वमोजिमको रकम स्रोतवाट कट्टी गरि वुझाएको भन्ने देखिएपछि करदाताले कानून उल्लंघन गरेको भन्न सकिने भएन । अतः सो रकमलाई खूदआयमा समावेश नगर्ने ठहराएको राजस्व न्यायाधिकरण विराटनगरको फैसला न्यायोचित देखिँदा अनुमति प्रदान भएको आदेशसँग सहमत हुन सकिएन ।

अतः उपरोक्त उल्लेखित आधार कारणहरु समेतवाट कर कार्यालय विराटनगरको कर निर्धारण आदेशलाई केहि उल्टी गर्ने ठहराएको राजस्व न्यायाधीकरण विराटनगरको २०५७।१२।९ फैसला मिलेकै देखिंदा पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्तैन । दायरीको लगत कट्टा गरी मिसिल नियम बमोजिम बुझाई दिनु ।

अनुसुची २ :

का.जि. कमलपोखरी स्थित भान भान चाईनिज रेष्टुरेन्ट एण्ड बारका प्रो राजेन्द्रकुमार .श्रेष्ठ *विरुद्ध* **श्री कर अधिकृत कर कार्यालय काठमाडौं** भएको उत्प्रेषण मुद्दाको ठहर खण्ड।

आजको दैनिक पेशी सुचीमा चढी बेञ्च समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री रतनलाल कनौडीया र विपक्षी तर्फबाट विद्वान वरिष्ठ सरकारी अधिवक्ता श्री केदारनाथ उपाध्यायको बहस जिकिर सुनियो यसमा निवेदकको

मागबमोजिमको आदेश जारी गर्न मिल्ने नमिल्ने के रहेछ त्यसतर्फ हेर्न पर्ने हुन आएको छ।

यसमा ०३५।१०।१२ मा आय कायम गरी गरेको कर निर्धारणको आदेश राजस्व न्यायाधीकरणबाट ०३७।६।९।५ मा बदर भई पुनः आय कायम गरी कर निर्धारण गर्ने गरी ०३७।११।३० मा आदेश भएको देखिन्छ । निवेदकले पेश गरेको हिसाब किताबलाई अमान्य घोषित नगरी अघिकै ०३५।१०।१२ को निर्णयमा लिएका आधारलाई पुनः आधार बनाई हचुवा किसिमले आय कायम गरी कर निर्धारण गरेको त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा उक्त पुनः आय कायम गरी कर निर्धारण गरेको मिति ०३७।११।३० को निर्णय बदर हुने ठहर्छ । यस्मा कानूनबमोजिम पुनः आय कायम गरी कर निर्धारण गर्नु भनी कर अधिकृत कर कार्यालय काठमाडौंको नाउँमा परमादेशको आदेश समेत जारी हुने ठहर्छ । आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाई फाइल नियमबमोजिम गरी बुझाई दिनु ।

प्रस्तुत केशमा राजस्व न्यायाधीकरणबाट २०३५।१०।१२ को कर निर्धारण ०३७।६।९ मा बदर भएपछि पुनः आय र कर निर्धारण गर्न सम्बन्धित पक्षलाई राखी निर्णय गरेको देखिएन साथै ०३५।१०।१२ मा जे जति रकम निर्धारण भएको थियो सोही रकम रू.१७०१०।- पनुः कायम पनि गरिएकोबाट कानूनले निर्धारित गरेको प्रक्रिया नअपनाई रीतसम्म पुर्याभउने उद्देश्यले ०३७।११।३० मा पर्चा सम्म खडा गरेको हुँदा राजस्व न्यायाधीकरणबाट बदर गर्ने गरेको निर्णय निरर्थक हुन गएको छ । तसर्थ पक्षलाई समेत उपस्थित गराई प्रतिवादको मौका दिई निर्णय गर्नु पर्नेमा नगरेको हुँदा कर अधिकृतको ०३७।११।३० को निर्णय बदर हुन्छ । यसरी कर अधिकृतको उक्त निर्णय बदर र कानूनबमोजिम पुनः आय कायम गरी कर निर्धारण गर्ने सम्बन्धमा सहयोगी माननीय न्यायाधीशज्यूको रायसँग सहमति भएको हुँदा कानूनबमोजिम गर्नु ।

अनुसुची ३ :

का.न.पं.वा.नं.३३ डेरा गरी बस्ने मोहनकृष्ण खरेल विरुद्ध श्री कर कार्यालय, राजविराज, ससरी भएको उत्प्रेषण मुद्दाको ठहर खण्ड ।

निर्णयतर्फ विचार गर्दा यसमा रिट निवेदकबाट आ.ब. २०२८।०२९ देखि २०३२।०३३ सम्म ५(पाँच) वर्षको आयकर तथा जरिवाना समेत रु.३८,०००।- असूल गर्ने सम्बन्धमा भएको २०४१।२।३ को विपक्षी कर कार्यालयको निर्णय तथा २०४३।३।६ को पत्र

समेत त्रुटिपूर्ण भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने मुख्य रिट निवेदन जिकिर देखिन्छ ।

रिट निवेदकबाट असूल गर्नु पर्ने भनिएको उपरोक्त आयकर निर्धारण गर्दा आयकर ऐन, २०३१ को दफा ३३(२) बमोजिम न्यायोचित अनुमानको आधारमा गरिएको देखिन आयकर ऐनको उक्त दफा बमोजिम आयकर निर्धारण गर्दा ऐनको दफा ३३(४) बमोजिम त्यस्तो निर्धारण गरिएको आयकरको सम्बन्धमा आफ्नो कुरा भन्न वा सबूद प्रमाण पेश गर्न करदातालाई सूचना दिनु पर्ने अनिवार्य व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दामा रिट निवेदकलाई ऐ.ऐनको उक्त दफा ३३ (४) बमोजिमको सूचना दिइएको छ भन्ने कर कार्यालयको लिखित जवाफबाट देखिएको छ तर त्यसरी निर्धारित आयकरको सम्बन्धमा रिट निवेदकलाई सूचना दिंदा कुन कुन शीर्षकमा के कति रकम खुलाइएको छ सो को हिसाब समेत त्यस्तो सूचनामा खुलाइएको हुनु पर्ने देखिन्छ । त्यसरी सूचना दिंदा ऐनको दफासम्म उल्लेख गर्दा ऐनको मनसाय पूरा हुँदैन । खास गरी ऐनको मनसाय के हो भने कुन कुन शीर्षकमा के कति आधारमा आयकर निर्धारण गरिएको हो सो कुरा सूचनामा उल्लेख गरिएको खण्डमा सो सम्बन्धमा करदाताले त्यस्तो आयकर लाग्न पर्ने हो होइन भन्ने सम्बन्धमा आफ्नो कुरा प्रष्ट राख्न सकोस् वा सबूद प्रमाण पेश गर्न सकोस् भन्ने हो । त्यसरी करदातालाई निर्धारित आयकरको सम्बन्धमा दिइने सूचना ऐ.ऐनको दफा ३३(२) बमोजिमको आधार खुलाई निर्धारित आयकरको हिसाब समेत उल्लेख गरी सूचना दिनु पर्ने हुन्छ । कर कार्यालयको लिखित जवाफमा त्यसरी ऐ.ऐनको दफा ३३(२) बमोजिमको आधार एवं निर्धारित आयकरको हिसाब समेत उल्लेख गरी करदाता (निवेदक) लाई सूचना दिइएको थियो भन्ने उल्लेख गर्नसकेको पाइँदैन । त्यस्तो सूचनालाई कानून बमोजिमको सूचना मान्न सकिन्न । तसर्थ रिट निवेदकबाट आ.ब. २०२८।०२९ देखि २०३२।०३३ सम्म जम्मा ५ (पाँच) वर्षको आयकर लिने भन्ने विपक्षी कर कार्यालयको मिति २०४१।२।३ को निर्णय तथा २०४३।३।६ को पत्र समेत कानुनी त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब कानूनबमोजिम पुनः आयकर निर्धारण गर्नु भनी विपक्षी कर कार्यालय राजविराज, सप्तरीको नाममा परमादेश समेत जारी हुने ठहर्छ । जानकारी निमित्त आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीकहाँ पठाउँनु । फाइल नियमानुसार मिसिल शाखामा बुझाई दिनु ।

अनुसुची : ४

जि. पर्सा वीरगंज आदर्श नगर न.पं.वा.नं. १३ स्थित गोपाल मोटर स्टोर्सका प्रो. निर्मलकुमार वेरिवाल विरुद्ध श्री ५ को सरकार अर्थ मन्त्रालयसमेत भएको उत्प्रेषण वा उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरी पाउँ मुद्दाको ठहर खण्ड।

यसमा निर्णयतर्फ हेर्दा रिट निवेदकलाई आयकर ऐन, २०३१ को दफा ३३(४) बमाजिम पुनः कर निर्धारण हुने भनी सूचना दिएकोमा कुन दफा अन्तर्गत श्री ५ को सरकारबाट निर्णय भएको हो जानकारी दिइएन भन्ने रिट निवेदकले जिकिर लिएको देखिन्छ । अधिकारको प्रयोग गर्दा अधिकारको स्रोत खोलिनु पर्ने हुन्छ । तर दफा वा उपदफा उद्धृत गर्न छुटेको कारणबाट मात्र अवैध भन्न मिल्दैन । मुख्य कुरा कुनै दफा वा उपदफाले त्यस्तो निर्णय गर्न पाउने अधिकार प्रदान भएको छ, छैन भनी हेर्नु पर्ने हुन्छ । प्रस्तुत विषयमा पुनः कर निर्धारण सम्बन्धी सरकारी वकीलले इजलास समक्ष देखाउनु भएको फाइल हेर्दा प्रथम कर निर्धारणको बिक्री अंक एकै कायम गरेको देखिन्छ । खूद आय निकाल्ने प्रकृयामा साविकमा र हालमा प्रतिशतमा परिवर्तन गरेको भन्ने देखिन्छ । यस स्थितिमा रिट निवेदकको हिसाब पहिले स्वीकार भएको र हाल अमान्य गरेको भन्न सकिने देखिँदैन । रिट निवेदक करदाताले घर बहाल बापतको रकमको विवरण दिएको भन्ने पाइन्छ । तर साविक आयकर निर्धारण हुँदा खूद आयमा समावेश हुन नपाइएको भन्ने देखिन्छ । रिट निवेदकको हिसाब किताबलाई मान्यता दिए नदिएको भन्ने प्रश्न प्रस्तुत मुद्दामा विशेष विचारणीय देखिँदैन । २०४३।३।२३ मा कर निर्धारण हुँदा कायम भएको बिक्री अंकलाई रिट निवेदक करदाताले स्वीकार गरी सोमा लाग्ने भनिएका कर रकम बुझाई सकेको भन्ने देखिन्छ । तसर्थ प्रस्तुत रिटनिवेदनमा रिट निवेदक करदातासंग साविक कायम भएको बिक्री अंकलाई यथावत कायम राखी अन्य करदाता सरह खूद आय निकाल्ने आधारमा समान प्रतिशत कायम गरी खूद आय कायम गरेको देखिएको र आयकर ऐन, २०३१ को दफा ५६ अन्तर्गत श्री ५ को सरकारले पुनः कर निर्धारण गर्न आदेश दिनसक्ने हुँदा अधिकार प्राप्त अधिकारीले अधिकार क्षेत्रभित्र रही निर्णय गरेको र पुनः कर निर्धारण गरेको देखिँदा निवेदकको माग अनुसारको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिटनिवेदन खारेज हुने ठहर्छ । फाइल नियम बमोजिम गरी बुझाई दिनु ।

अनुसुची : ५

जिल्ला कंचनपुर दोधारा गा.वि.स. वडा नं. वावाथान बस्ने मानबहादुर सुनार विरुद्ध कर कार्यालय महेन्द्रनगर, कन्चनपुर समेत भएको उत्प्रेषण मिश्रीत परमादेश मुद्दाको ठहर खण्ड ।

आज निर्णय सुनाउने तारेख तोकिएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातका साथै कर अधिकृत कर कार्यालय कन्चनपुरको निर्णय मिसिल यस अदालत तीन सदस्यीयपपूर्ण इजलासको मिति २०५६।११।१९ को निर्णय र निवेदकतर्फका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री रतनलास कनौडिया, श्री गणेशराज शर्मा, श्री सुशिलकुमार सिन्हा र विद्वान अधिवक्ता श्री अनिलकुमार सिन्हाले र विपक्षी तर्फबाट विद्वान महान्यायधिवक्ता श्री बद्रीबहादुर कार्कीले प्रस्तुत गर्नु भएको वहसनोट समेत अध्ययन गर्दा प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नको सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

- तिन सदस्यीय पूर्ण इजलासको निर्णयमा उल्लेख भए बमोजिम निवेदक परशुराम झा विरुद्ध मंत्रीपरिषद सचिवालय समेत भएको उत्प्रेषण मुद्दामा भएको निर्णय र निवेदक प्रदिपकुमार अग्रवाल विरुद्ध कर कार्यालय विराटनगरको मुद्दामा भएको निर्णय एक आपसमा पृथक पृथक रही कुनलाई अवलम्वन गर्ने भन्ने अवस्था विद्यमान रहेको छ, छैन ?
- प्रस्तुत रिट निवेदनमा प्रवशे गर्नुपर्ने अवस्था छ, छैन ? र रिट जारी हुने अवस्था छ, छैन ?

पहिलो प्रश्नतर्फ विचार गर्दा परशुराम झा वि. मन्त्रिपरिषद सचिवालय समेत भएको रिट निवेदनमा निजामती सेवा ऐन, २०१३ को दफा ९(१) अनुसारको व्यवस्थालाई पुनरावेदनको सक्षम बाटो स्वीकार गरिए पनि उक्त ऐनको दफा ६ को प्रतिवन्धात्मक बाक्यांशको खण्ड (ख) अनुसारको पर्चा खडा गर्दा कारण नखोलिएको आधारमा रिट जारी गरिएको र प्रदिपकुमार अग्रवाल विरुद्ध कर कार्यालय, विराटनगरको रिट निवेदनमा आयकर ऐन, २०१३ को दफा ३४(२) र दफा ५७ मा विभागमा निवेदन दिने वा राजश्व न्यायाधिकरण पुनरावेदन दिने वैकल्पिक उपचार विद्यमान रहेको, धरौट वा थप शुल्क बझाउनु पर्ने कारणले मात्र कानूनद्वारा प्रदान गरिएको उपचार पर्याप्त र प्रभावशील नरहेको भन्न नमिल्ने आधारमा खारेज गरिएको छ। यद्यपी औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० क अन्तर्गत निवेदकको उद्योगले ६ वर्षसम्मको आयकर छुट पाएको र सो

छुटलाई स्वयं आयकर ऐन, २०३१ को दफा ४२ ले मान्यता दिएकोमा सो व्यवस्थालाई वेवास्ता गरी आयकर निर्धारण गरेको आदेश उपर औद्योगिक व्यवसाय ऐन, २०३८ अन्तर्गत पुनरावेदको व्यवस्था नगरिएकोमा पनि आयकर ऐन, २०३१ अनुसार पुनरावेदन गरी उपचार प्राप्त गर्न सक्ने भनी कर अधिकृतको कानूनी त्रुटिपुर्ण निर्णय हुँदाहुँदै पनि रिट क्षेत्राधिकारबाट निवेदकलाई उपचार प्रदान गर्न यस अदालतको सं. प्र.न्या. सहितको वृहत पूर्ण इजलासबाट भएका निर्णयहरु मध्ये कुन निर्णयलाई नजिरको रुपमा अवलम्वन गर्ने भन्ने प्रश्तन उपस्थित हुन आएको भन्ने ३ सदस्यीय पूर्ण इजलासको मा.न्या. हरुको राय रहेको देखिंदा ती दुई मुद्दाको रुलिङको साथ साथै नजिरका सम्बन्धमा समेत संक्षिप्त विवेचना हुनुपर्ने देखिन आएको छ ।

निवेदक परशुराम झा को मुद्दामा यस अदालत ७ सदस्यीय पूर्ण इजलासले निर्णय गर्नु पूर्व सो मुद्दामा संयुक्त इजलासमा निर्णय गर्नु हुने माननीय न्यायाधीशहरु मध्ये मा.न्या. श्री त्रिलोकप्रताप राणाले पुनरावेदनको अनुमतीको बाटोलाई वैकल्पिक उपचारको बाटो मान्न नमिल्ने भन्ने निवेदक कुलनारायण विरुद्ध सचिदानन्द श्रीवास्तवको मुद्दामा प्रतिपादित नजीरको आधारमा सो रिटद्वारा उपचार प्रदान गर्न मिल्ने राय व्यक्त गर्नु भई निवेदकलाई हटाएको त्रुटीपूर्ण रहेको भनी रिट जारी गर्नु भएको र मा.न्या. श्री महेशरामभक्त माथेमाले निवेदकलाई अवकास दिएको कार्यमा त्रुटि नरहेको भनी रिट खारेज गरे उपर सो रिट पूर्ण इजलासमा सुनुवाई हुँदा कानूनमा अर्को उपचारको विकल्प भएसम्म अधिकारको संरक्षणको लागि त्यही उपचारको खोजी गर्नुपर्छ, सोझै यस अदालतको असाधारण अधिकारक्षेत्र गुहार्न वा यस अदालतले त्यो अधिकारक्षेत्र ग्रहण गर्न हुँदैन । कानून बमोजिम पुनरावेदन गर्ने अनुमती दिन पर्ने व्यवस्था हुँदाहुँदै पनि अनुमति नदिइएला भन्ने अनमान गर्नु र त्यस्तो अनुमानलाई आधार बनाएर पुनरावेदनको अनुमती सम्बन्धी उक्त व्यवस्थालाई अनिश्चित उपचारको संज्ञा दिनु उचित वा तर्कसगत देखिदैन । निश्चित उपचारको व्यवस्था हुँदाहुँदै पनि रिट निवेदकले यस अदालतको असाधारण अधिकारक्षेत्रबाट उपचार प्राप्त गर्ने प्रयास गरेकाले निजले बाटो बिराएको हो कि जस्तो देखिन आउँछ । तर वैकल्पिक उपचारको यस्तै प्रश्न समावेश भएका अघिका मुद्दाहरुमा यस अदालतले आफ्नो असाधारण क्षेत्र प्रयोग गर्दै आएको (कमल शम्शेर विरुद्ध श्री ५ को सरकार अर्थ मन्त्रालय समेत, ने.का.प. २०४३, पृ.३, पितृभक्त पोखरेल वि. श्री ५ को सरकार निर्णय मिति २०४४।४।१७, भैरवप्रसाद उपाध्याय वि.न.प.स. समेत ने.का.प. २०४४, पृ. ४८१,दुर्गाप्रसाद दाहाल विरुद्ध प्रशासकीय अदालत ने.का.प. २०४६, पृ. ८९२ र त्यसबाट यस अदालतले आफ्नो

निर्णयहरुद्वारा निजामती सेवा ऐन, २०१३ को दफा ९ को उपदफा (३) लाई निश्चित उपचारको व्यवस्था मान्न अस्वीकार गरी आएको देखिनाले निवेदकले बाटो विराएको भनी दोष लगाउनु न्यायसंगत हुँदैन भन्ने आधार लिई पुनरावेदनको अनुमतीको बाटोलाई वैकल्पिक बाटो स्वीकार गरेको गोपालप्रसाद उपाध्याय विरुद्ध श्री ५ को सरकार भएको पूर्ण इजलासको निर्णयलाई स्वीकार गरी सो रिट निवेदनबाट निवेदक परशुराम झालाई सम्म उपचार प्रदान गरेको देखिन आउँछ ।

निवेदक प्रदिपकुमार अग्रवालको मुद्दामा संयुक्त इजलासमा सुनवाई हुँदा कर कार्यालय विराटनगरले ०४७।४।२५ मा निवेदकको नाममा कर निर्धारण गरेको आदेश त्रुटिपूर्ण रहेको भन्ने मा.न्या. श्री गजेन्द्र केशरी वास्तोलाको राय र कर कार्यालय र विभागको तर्फबाट आयकर निर्धारण भएकोमा चित्त नबुझ्ने व्यक्तिले आयकर ऐन, २०१३ को दफा ५७ बमोजिम राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्ने सशक्त प्रभावकारी अन्य उपचारको बाटो विद्यमान भएको भनी मा.न्या. श्री लक्ष्मणप्रसाद अर्यालले पृथक राय व्यक्त गरे अनुरुप सो मुद्दा पूर्ण इजलासमा पेश भएकोमा ३ सदस्यीय पूर्ण इजलासले माथि उल्लेख भएका परशुराम झाको मुद्दा र भन्सार विभाग, विराटनगर भन्सार कार्यालय समेत विरुद्ध राम रिदपाल अग्रवाल भएको परमादेश मुद्दामा भएको निर्णय अनूरप परशुराम झाको मुद्दाको निर्णयानुसार प्रस्तुत रिट निवेदन सुनुवाई हुने हो, होइन ? सिद्धान्तमा एकरुपता कायम गर्नु परेको भनी ३ सदस्यीय पूर्ण इजलासले सो निवेदक प्रदिपकुमार अग्रवालको मुद्दा वृहत पूर्ण इजलासमा पठाएको देखिन्छ । कुलनारायण डंगोलको मुद्दामा पूर्ण इजलासले गरेको व्याख्या, निर्णय र त्यस्को आधारमा पुनरावेदनको अनुमतीका सम्बन्धमा यस अदालतबाट भएका अन्य निर्णयहरुलाई दृष्टिगत गरी परशुराम झाको मुद्दामा ०४८।६।१० को पूर्ण इजलासबाट निवेदकलाई रिट क्षेत्रबाट उपचार दिने निर्णय गर्दा जुन आधार र परिस्थितिलाई विचार गरियो, त्यस्तो आधार वा परिस्थित प्रस्तुत मुद्दामा देखिदैन । यस अदालतबाट भएका कतिपय निर्णयहरुमा पुनरावेदनको उपचारलाई प्रभावकारी उपचार मानेर रिट निवेदनहरु खारेज भएको देखिन्छ । पुनरावेदनको कानूनी उपचार प्राप्त हुँदाहुँदै पनि केही मुद्दाहरुमा भएका निर्णयहरुलाई हेर्दा कानूनमा त्यस्तो उपचारको व्यवसथा हुँदाहुँदै रिट क्षेत्रबाट उपचार दिनुपर्ने कारण के पर्यो ? त्यो उपचार किन पर्याप्त वा प्रभावकारी मानिएन ? त्यस सम्बन्धमा केही नभनी रिट क्षेत्रबाट उपचार प्रदान गर्न संविधानको धारा ८८ को उपधारा (२) को अनुकूल हुन्छ वा हुँदैन ? इत्यादी कुराहरुको कुनै विवेचना नगरी सोझै उपचार प्रदान गर्ने निर्णय सम्म भएको देखिन आउँछ । यो मुद्दामा परशुराम झा को

मुद्दाको जस्तो स्थिति विद्यमान नभएकोले पूर्ण इजलासबाट उठाएको प्रश्नमा अरु केही विचार गरि रहन परेन । यथार्थमा न्यायिक वा अर्धन्यायिक अधिकारी वा निकायले आफ्नो अधिकारक्षेत्र भित्र रहेर गरेको जस्तोसुकै निर्णय पनि कानून बमोजिम अधिकार प्राप्त माथिल्लो अधिकारी वा निकायबाट वदर नभएसम्म अन्तिम हुन्छ र सो निर्णयलाई मान्न सम्बन्धित पक्षलाई कर लाग्छ । सो निर्णय अनुसार भोग्नु वा व्यहोर्नु पर्ने सजाय तत्काल नबुझाएर सो वापतको पुरै वा केही रकमको धरौट वा जमानत दिई वा पुनरावेदन जिकिर मनासिव नठहरेमा केही प्रतिशत थप शुल्क बुझाउनु पर्ने गरी माथिल्लो अधिकारी वा निकाय समक्ष निवेदन वा पुनरावेदन दिन पाउने व्यवस्था वस्तुतः कानूनले प्रदान गरेको एउटा तत्कालिन सुविधा मात्र हो । त्यस्तो व्यवस्थाले कानूनी उपचार नै निरर्थक वा प्रभावहीन हुन्छ भन्नु युक्तियुक्त र तर्कसंगत देखिन्न भन्दै वैकल्पिक उपचार रहेको आधारबाट माननीय न्यायाधीश श्री लक्ष्मण प्रसाद अर्यालले व्यक्त गरेको राय मनासिव छ भनी ७ सदस्यीय पूर्ण इजलासद्वारा निवेदक प्रदिपकुमार अग्रवालको मुद्दामा बहुमतबाट निर्णय भएको देखिन आउँछ।

यस प्रकार ३ सदस्यीय पूर्ण इजलासबाट फैसला भएको प्रस्तुत मुद्दामा ०५६।११।१९ को निर्णयको पृष्ठ ११ को दोश्रो प्रकरणको चौथो पङ्तीको वैकल्पिक उपचार विद्यमान रहेको पाइएमा रिट क्षेत्राधिकार ग्रहण गर्न नमिल्ने र परशुराम झा को रिट निवेदनमा कायम भएको नजीर प्रदिपकुमारको रिट निवेदनमा लागू हुदैन भन्ने व्याख्या भएको पाइन्छ । ती निर्णयहरु सँग असहमत हुने अवस्था छैन भन्ने उल्लेखनबाट सो इजलासको वैकल्पिक उपचार विद्यमान भए सम्म रिटको उपचार ग्रहण गर्न नमिल्ने स्वीकार गरेको भन्नुपर्ने हुन आउँछ । तर सोही निर्णयहो पृष्ठ १७ को अन्तिम बाक्यबाट निवेदक परशुराम झाको रिट निवेदनमा भएको निर्णय र निवेदक प्रदिपकुमार अग्रवाल भएको रिट निवेदनमा भएको निर्णयमा फरक फरक रुलिङ भएको अवस्था देखिंदैन । निवेदक प्रदिपकुमार अग्रवालको मुद्दाको निर्णय गर्ने र ७ सदस्यीय पूर्ण इजलासको बहुमतको निर्णयमा निवेदक परशुराम झाको मुद्दाको प्रकृति र बस्तुस्थिति नै फरक भएको भन्ने स्पष्ट शब्दमा उल्लेख गरेको पाइन्छ । पूर्व निर्णय भएको मुद्दामा प्रतिपादित नजिरहरुलाई मान्यता दिनुपर्ने सिद्धान्त हाम्रो संविधानले स्पष्टरुपमा स्वीकार गरेको र हाम्रो परम्परामा सो सिद्धान्तले मान्यता प्राप्त गरी आएको र सोही बमोजिम प्रदिपकुरमा अग्रवालको मुद्दामा र परशुराम झाको मुद्दाको रुलिङ फरक फरक मानी आएको अवस्था समेत रहेबाट आत्मनिष्ठ दृष्टिकोण लिई वा फितलो तर्क उपस्थित गरी भएका नजिरहरुलाई त्यसै खास कानूनी अवस्था र कारण विद्यमान भएमा

वाहेक नजिरको न्यायिक पुनरावलोकन गर्नुपर्ने स्थिति आउँदैन। अदालतले गरेका पूर्व निर्णयहरुबाट निश्चितरुपमा स्थापित भइसकेको कानूनी सिद्धान्त आफै पनि कानून सरह हुन्छ । एकै किसिमको कानूनी प्रश्न समावेश भएको अलग अलग मुद्दाहरुमा कानूनको अलग अलग व्याख्या भएर वा अलग अलग सिद्धान्तहरु प्रतिपादन भएर न्यायिक अराजकताको स्थिति उत्पनन नहोस भन्ने उद्देश्यको एकरुपमता कायम गर्न नजिरको सिद्धान्तको पलन भएमा कानून र कानूनी सिद्धान्त निश्चित हुन्छ । त्यसको वेवास्ता भएमा कानूनको व्याख्यामा अन्योलको स्थिति उत्पन्न हुने संभावना रहन्छ । यस्तो न्यायिक अन्यौलता हटाउनु यस अदालतको कर्तव्य र अन्तरनिहित अधिकार भएको हुँदा आफ्ना पूर्व मान्य कानूनी सिद्धान्त वा व्याख्यालाई अनुशरण गर्नु न्यायिक अनुशासनमा रहनु हो ।यस अदालतको पूर्व फैसलामा एक पटक प्रश्न उठी आसिन इजलासको माननीय न्यायाधीशहरु भन्दा बढी न्यायाधीहरुको इजलासले गरेको निर्णय वा कानूनी व्याख्या वा कानूनी सिद्धान्त पछिल्लो निर्णय गर्ने कम संख्या भएको इजलासले प्रश्न उठाउन मनासिव हुँदैन । सो गरेमा न्यायिक अवधारणा र हाम्रो संवैधानिक व्यवस्थाको मर्मको समेत प्रतिकूल हुन जान्छ । यसर्थ कुनै पनि विवादको निरोपण गर्दा वा विवादमा उठेको प्रश्नको निरोपण गर्दा पूर्व निर्णयहरुलाई बढी होशियारीसाथ गम्भीर भई न्यायिक विचारधाराबाट उत्प्रेरित भई न्यायिक दृष्टिकोणबाट विश्लेषण र विवेचना हुनुपर्दछ । किनकीत्यस्ता पूर्व नजिरहरु वाध्यात्मक प्रंकृतिका हुन्छन । यदि समानस्तरको इजलासबाट निर्णय भउको रहेछ भने मात्र कारण सहित असहमत हुन सकिने र त्यस्तो अवस्थामा बृहद इजलासमा मुद्दा पठाउन सकिने हुन्छ । तर बृहद इजलासबाट भएका निर्णय वा भएको कानूनी व्याख्या वा प्रतिपादिन सिद्धान्तहरुलाई अन्यथा भनी सो भन्दा कम संख्याको इजलासले भन्न मिल्ने हुँदैन । तीन सदस्यीय पूर्ण इजलासले सो भन्दा वृहत इजलासको नजीरलाई मान्यता दिई निर्णय गर्नुपर्ने न्यायिक मान्यता (Judicial Norms) हो । स्थापित मान्यता (Norms) लाई नमान्ने हो भने न्यायिक अराजकता श्रृजना हुन्छ। साथै मुद्दाको निराकरण वा समाप्ती (Finality) कहिले नहुने अनिश्चितता कानूनी अवस्था उत्पन्न भै मुद्दाका पक्षहरु तथा न्यायकर्मीहरुलाई कठिनाई पैदा हुन्छ ।

अतः माथि गरिएको विवेचनाबाट निवेदक प्रदिपकुमार अग्रवालको रिट निवेदनको निर्णय हुँदा नै यस अदालत ७ सदस्यीय पूर्ण इजलासबाट भएको निर्णयमा नै परशुराम झाको मुद्दासँग निवेदक प्रदिपकुमार अग्रवालको मुद्दाको बस्तुस्थिति र परिस्थिति नै अलग रहेको भनी एउटा निश्चित मार्गदर्शन गरिसकेको अवस्थामा सो सम्बन्धमा उठेको समस्या समाधान

(Settle)भैसकेको हुँदा पुनः सोही प्रश्न उठाउनु उपयुक्त र मनासिव भन्न मिल्दैन । तसर्थ प्रस्तुत मुद्दाका तीन जना माननीय न्यायाधीशहरुको पूर्ण इजलासले फेरी सोही विषयमा नै यस बृहद पूर्ण इजलासमा रुलिङ्ग बाझिएको भनी पठाइएको आदेश मिलेको नदेखिने ।

प्रस्तुत रिट निवेदनमा प्रवेश गर्नुपर्ने अवस्था छ, छैन ? भन्ने समेत प्रश्नतर्फ विचार गर्दा प्रस्तुत रिटमा मानबहादुर उपर आयकर सम्बन्धी कारवाही चलाउने र निर्णय गर्ने अधिकार विपक्षी कर अधिकृतलाई छैन भन्ने रिट निवेदन र आयकर ऐन,२०१३ को दफा २४(२) अनुसार अरुको नाम वा कुनै नामबाट कुनै कारोवार गरेको रहेछ भने त्यस्तो कारोवारको मुख्य नियन्त्रण वा कारोवारको बन्दोबस्त निजले नै गरिआएको र त्यस्तो कारोवारबाट भएको आयको सबै मुख्य हिस्सा निजले नै प्राप्त गर्ने गरी आयको एकिन भएकोले त्यस्तो वास्तविक कारोवार गर्ने व्यक्ति उपर आयकर सम्बन्धी कारवाही र निर्णय गर्न सक्ने हुँदा आयकर निर्धारण गरेको साधिकार छ भन्ने लिखित जवाफ भै अधिकारक्षेत्रको प्रश्न प्रस्तुत रिटमा उठाइउकोले यस अदालतबाट निवेदक प्रदिपकुमार अग्रवालको मुद्दामा प्रतिपादित सिद्धान्त अनुसार अन्य वैकल्पिक उपचार भए पनि अपवादात्मक अवस्थामा जस्तो न्यायिक वा अर्धन्यायिक अधिकारीको निर्णय वा आदेश अधिकारक्षेत्रविहिन छ वा निजले प्रयोग गरेको कानून संविधानसम्मत छैन वा अधिकारै नभएको निकायले अधिकारक्षेत्र ग्रहण गरेको छ अथवा प्राकृतिक न्यायको सिद्धान्त विपरीत प्रतिवाद गर्ने मौका नदिइ निर्णय भएको अवस्था विद्यमान रहेमा रिट निवेदन लाग्न सक्ने भन्ने सिद्धान्त अनुसार प्रस्तुत रिट निवेदनमा प्रवेश गर्न मिल्ने अवस्था देखियो । तसर्थ अधिकारक्षेत्रात्मक त्रुटि विद्यमान छ, छैन हेर्नु पर्ने हुन आयो ।

आयकर ऐन, २०३१ को दफा २४(२) मा कुनै व्यक्तिले आफ्नो नाम नराखी अरुको नाम वा कुनै नामबाट कुनै कारोवार गरेको रहेछ भने त्यस्तो कारोवारको मुख्य नियन्त्रण वा कारोवारको बन्दोबस्त निजले नै गरि आएको र त्यस्तो कारोवारबाट भएको आयको सबै वा मुख्य हिस्सा निजले नै प्राप्त गर्ने गरी आएको भन्ने कुरा कर अधिकृतलाई यकिन भएमा सो कारोवारबाट भएको आय निजको आय मानी कर निर्धारण गरिनेछ भन्ने उल्लेख भएको पाइन्छ। निवेदकले आफ्नो एकाघरका भाइ पे्रमबहादुरका नाममा गणेश वस्त्रालय दर्ता गरी आफूले कारोवार गरेको भन्ने दोधारका व्यापारी तथा भद्रभलादमी समेतको भनाइको आधारमा कर निरीक्षकबाट उक्त वस्त्रालयको कारोवार माथि सम्पूर्ण रुपले मानबहादुरको नियन्त्रण रहिरहेको भन्ने कर निरिक्षकको प्रतिवेदन परेपछि सो कुरा हो, होइन भन्ने विषयमा सम्वद्ध प्रमाणहरु समेत बुझी त्यस्तो खास कारोवार गर्ने व्यक्ति निवेदकलाई नै ठहर्याई

निजका नाउँमा आयकर निर्धारण भएको देखिन आउँछ । यसरी ऐनको दफा २४(२) अवस्था विद्यमान भएको भन्ने कुरा विवादिन निर्णयमा खुलाइएको र यस्को आधार प्रमाण उल्लेख गरेको पाइन्छ । तसर्थ अर्काको नाउँमा फर्म दर्ता गराई निवेदकले कारोवार गरेको भन्ने ठहर गरेको देखिंदा क्षेत्राधिकारको अभाव भन्न मिलेन।

निवेदकले प्राकृतिक न्याय विपरीत निवेदकलाई सुनुवाइको मौका प्रदान नगरी निर्णय गरेको भन्ने अर्को अपवादात्मक अवस्था विद्यमान छ छैन भन्ने तर्फ विचार गर्दा निवेदकका नाउँमा कर कार्यालयबाट पठाएको सूचना म्याद गा.वि.स.ले निवेदकले नबुझेको भनी फिर्ता पठाएको ततपश्चात २०५०।१२।५ को पत्रबाट सबूद प्रमाण पेश गर्न निवेदकका नाउँमा म्याद पठाइएकोमा गणेश वस्त्रालयका स्टाफ देव गिरीले बुझेको र २०५०।१२।१५ मा निवेदकले आफू सो फर्मको मुख्य व्यक्ति नरहेको भन्ने जवाफ पठाएको र निजको जवाफ समेतलाई मध्यनजर राखी कर निर्धारण भएको देखिन आएकोले आफ्नो कुरा भन्ने मौका प्रदान नगरेको भन्ने भनाई पनि स्वीकारयोग्य देखिएन ।

वदनियतपूर्वक कर निर्धारण गरेको भन्ने निवेदकको अर्को कथनतर्फ विचार गर्दा निवेदकले वदनियतको वस्तुनिष्ठ आधार प्रमाण दिन गुजार्न नसकेको तथा वदनियतको आरोप लगाउनु मात्र पर्याप्त हुँदैन । वस्तुनिष्ठ आधारमा आधारित हुनुपर्ने हुन्छ । त्यस्तो आधार विद्यमान देखिएन । विपक्षी कर अधिकृतले निर्णय गर्दा आधारहरु उल्लेख गरेको देखिन्छ । ती आधार प्रमाणहरु पर्याप्त भए नभएको कारणले मात्र वदनियत भन्न मिल्दैन तसर्थ निवेदकको यस भनाइसँग पनि सहमत हुन सकिएन ।

अतः विपक्षी कर कार्यालयबाट निवेदकका नाउँमा खुद आय निर्धारण पर्चा खडा गर्नु पूर्व आयकर ऐन, २०१३ को दफा २८, दफा ३१ क दफा ४५ समेतले निर्दिष्ट गरेको प्रकृया पुरा गरी दफा ३३ बमोजिमको अधिकार प्रयोग गरी निर्णय गरेको देखिंदा रिट जारी हुने अवस्था नुहँदा रिट जारी गर्ने गरेको ३ सदस्यीय पूर्ण इजलासको राय सँग सहमत हुन सकिएन । रिट निवेदन खारेज गर्ने गरेको हदसम्म संयुक्त इजलासका माननीय न्यायधीश श्री मोहन प्रसाद शर्माको राय मनासिव ठहर्छ । आदेशको प्रतिलिपि महान्यायधिवक्ताको कार्यालयमा पठाई नियमानुसार गरी मिसिल बुझाई दिनु ।

सन्दर्भ सामग्री

१. नेपालको संविधान

२.आयकर ऐन, २०५८

३.आयकर नियमावली, २०५९

४. आयकर निर्देशिका, २०६६

५. नेपाल कानून पत्रिका

६.Thrurohji Victor, Tax Law Design and Drafting , Volume २ , International Monetary Fund , १९९८.

७.Kandel Dr. Puhpa Raj , Corporate Taxation Issues in Nepalese Perspective, Bhawana Prakasan Kathmandu, २००१.

८. Kandel Dr. Puhpa Raj, Tax Laws and Tax planning in Nepal , Buddha Academic Publishers and Distributors Pvt Ltd Kathmandu, २००३.

९. Khadka Rup Bahadur, Income taxation in Nepal: Retrospect and Prospect, Ratna Pustan Bhandar Kathmandu, २००१.

१०.Morse Geoffrey, Williams David, et.al., Davies: Principles of Tax Law, Sweet & Maxwell London, २०१६.

९. अधिकारी डा. चन्द्रमणि, नेपालको कर कानून, पैरवी प्रकाशन काठमाण्डौ, २०७३।

१०.ओझा पवन कुमार, कर कानुनका सिद्दान्त, पैरवी प्रकाशन काठमाण्डौ,२०५३ ।

११.श्रेष्ठ ज्ञाइन्द्रबहादुर, कार्यविधी कानूनको रुपरेखा, पैरवी प्रकाशन काठमाण्डौ, २०७२।

१२.श्री सर्वोच्च अदालतवाट भएका कर सम्वन्धी फैसला\नजिरहरुको संग्रह, आन्तरिक राजस्व विभाग काठमाण्डौ, २०७३ ।

g]kfndf cfos/ P]gsf] cEof; Pj+ s/sf lajflbt ljifodf ;jf]{Rr cbfntsf b[li6sf]0f

ओम प्रकाश बराल◊

१. पृष्ठभूमी

आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तः शुल्क ऐन, २०५८ लगायतका कर तथा राजस्व प्रशासनसँग सम्बन्धित कानूनहरु कार्यान्वयन गर्ने, प्रशासित गर्ने मूलभूत नियमनकारी र कार्यकारी निकायका रुपमा नेपालको अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग तथा सो अन्तर्गतका कर कार्यालयहरु रहेका छन भने कर तथा राजस्व प्रशासनसँग सरोकृत बिवादका विषयहरुमा न्याय निरोपणकर्ता एवं कानूनको अन्तिम व्याख्याताका रुपमा सर्वोच्च अदालत रहेको र नेपाल सरकारको हित निहित कर तथा राजस्व सम्बन्धि मुद्दाहरुमा सरकारको प्रतिनिधित्व गर्दै विशेषतः महान्यायाधिवक्ताको कार्यालय, विशेष सरकारी वकील तथा अन्य सरकारी वकील कार्यालयहरुबाट सम्बन्धित अदालत तथा न्यायाधिकरणमा उपस्थित भई बहस, पैरवी एवं प्रतिरक्षा सम्बन्धि कार्यहरु सम्पन्न हुँदै आएको अवस्था र स्थिति छ ।

राजस्व प्रशासनसँग सम्बन्धित कानूनका क्षेत्रमा सरकारी वकीलहरुलाई बिशिष्टिकृत गर्ने र कर सम्बन्धि बिवादका बिषयमा नेपाल सरकारका तर्फबाट हुने प्रतिरक्षा प्रणालीलाई थप सुदृढ बनाउँदै लैजाने मूलभूत उद्देश्यका साथ मिति २०७५।०८।०३ गतेदेखि ऐ. १९ गतेसम्म महान्यायाधिवक्ताको कार्यालय, सिंहदरवारको सभाहलमा उक्त कार्यालयको परस्पर समन्वयमा राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालद्धारा संचालित १५ कार्यदिनको बिशिष्टकरण सम्बन्धि प्रशिक्षण कार्यक्रमका दौरान संयोजन समूहद्धारा दिईएको कार्यदिशमा आधारित रही यो अध्ययनमूलक कार्यपत्र तयार गरिएको छ ।

२. साधारण तथा असाधारण क्षेत्राधिकार अन्तर्गतका कर सम्बन्धि मुद्दाहरुमा अदालतीय दृष्टिकोण

शक्ति पृथकिकरणको बस्तुगत एवं सैद्धान्तिक आधारमा राज्यका व्यवस्थापकीय, कार्यकारिणि तथा न्यायिक कार्य सम्पादनका लागि व्यवस्थापिका, कार्यपालिका एवं न्यायपालिकाको गठन

◊ शाखा अधिकृत, ...

हुने गर्दछ । सोही मुताविक कानून बनाउने, कानूनको कार्यान्वयन गर्ने तथा कानूनको व्याख्या गर्ने गरी राज्य संयन्त्रहरु गठन भई क्रियाशिल रहन्छन ।

नेपालका सन्दर्भमा कानूनको अन्तिम व्याख्याताका रुपमा सम्मानित सर्वोच्च अदालतले भूमिका निर्वाह गर्दै आईरहेको छ । नेपालको संविधान[१]को भाग ११ ले न्यायपालिकाको परिकल्पना गरेको छ भने उक्त संविधानको धारा १३३ बमोजिम सर्वोच्च अदालतको क्षेत्राधिकार[२] तय भएको देखिन्छ । संविधान सिर्जित साधारण तथा असाधारण क्षेत्राधिकारका आधारमा सर्वोच्च अदालतले नियमित प्रकृतिका सरकारवादी तथा दुनियावादी बिवादित विषयहरुको निरोपण गर्दै आईरहेको छ । यसै क्रममा अभिलेख अदालत समेतका रुपमा रहेको सम्मानित सर्वोच्च अदालतबाट कानूनको अन्तिम व्याख्या एवं बिभिन्न सिद्वान्तहरुको प्रतिपादन हुने गरेको देखिन्छ ।

प्रस्तुत कार्यपत्रमा कर सम्बन्धि बिभिन्न बिवादित बिषयमा सम्मानित सर्वोच्च अदालतबाट साधारण तथा असाधारण क्षेत्राधिकार अन्तर्गत भएका फैसलाहरु एवं बिवादित कानून उपर सम्मानित अदालतबाट भएका व्याख्याको संक्षेपीकृत अध्ययनको सार यस प्रकार समेटिएको छ ।

ठूला करदाता कार्यालय बिरुद्ध जीवन विकास समाज[३]

प्रस्तुत मुद्दामा मोरङ जिल्ला, साबिक कटहरी गा.वि.स. १ मा अवस्थित जीवन विकास समाजले निज संस्था गैर नाफामूलक, गैर राजनीतिक, तथा बिशुद्ध सामाजिक संस्थाका रुपमा बिधिवत रुपमा २०५४ सालमा जिल्ला प्रशासन कार्यालय, मोरङमा दर्ता भई संस्थाको बिधानमा उल्लिखित उद्देश्य प्राप्तिका लागि सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पिछडिएका तथा कमजोर महिला, बालबालिका लगायतका बर्गको स्तरोन्तिका लागि देशका बिभिन्न जिल्ला एवं ग्रामिण ईलाकाहरु समेतमा काम गर्दै आएको र लघुबित्त कार्यक्रम समेत संचालनका लागि नेपाल राष्ट्र बैंकबाट २०५९ सालमा बित्तिय मध्यस्थताको काम गर्ने अनुमति समेत संस्थाले प्राप्त गरेको भन्ने जिकिर लिई संस्थाको कार्य प्रकृति तथा आयकर ऐन, २०५८ को दफा २(ध)(१)(क) समेतको कानूनी बनोटका आधारमा आफ्नो संस्था कर छुट पाउने संस्था रही तत्कालिन पुनरावेदन अदालत, विराटनगरको परमादेशबाट

---

[१] नेपालको संविधान, भाग ११

[२] ऐजन धारा १३३

[३] ठूला करदाता कार्यालय बिरुद्द जीवन विकास समाज, ०७३-रु-११६०

आन्तरिक राजस्व कार्यालय विराटनगरबाट आयकर छुटको प्रमाणपत्र प्राप्त गरिसकेको र पछी संस्था ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको कार्यक्षेत्र अन्तर्गत आएका अवस्थामा सो कार्यालयबाट आ.व. २०६५।०६६ देखि २०६७।०६८ सम्मका लागि करयोग्य आय निर्धारण गरी संस्थालाई सो बारेमा सूचित गराएको कार्यबाट उक्त कर कार्यालयले संस्थाप्रति प्रबृत भावना लिएको र सो कार्यबाट सामाजिक उत्थानका कार्यमा क्रियाशिल प्रस्तुत संस्थाको अस्तित्व नै संकटमा पर्न जाने भन्ने समेतको दलिल पेश गरी निज जीवन विकास समाजले ठूला करदाता कार्यालय समेतलाई बिपक्षी बनाई तत्कालिन पुनरावेदन अदालत, पाटनमा ठूला करदाता कार्यालयले करका सम्बन्धमा गरेको निर्णय बदर गराईपाउन निवेदन दिएकोमा उक्त अदालतबाट मुद्दाको अन्तिम आदेश हुँदा निवेदक संस्था आयकर ऐन, २०५८ को दफा २(ध)(१) बमोजिम कर छुट पाउने संस्थाको परिभाषा अन्तर्गत पर्ने देखिँदा बिपक्षी ठूला करदाता कार्यालयबाट निवेदक संस्थाका नाउँमा जारी भएका संसोधित कर निर्धारणका सूचना समेतका पत्रहरु उत्प्रेषणको आदेशद्वारा बदर गर्ने गरी मिति २०७३।०४।१२ मा आदेश भएको देखिन्छ । पुनरावेदन अदालतको उक्त मितिको आदेशलाई लिएर ठूला करदाता कार्यालयका तर्फबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन दायर भएकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५।०१।२३ मा प्रस्तुत मुद्दाको अन्तिम कारवाही, किनारा हुँदा फैसलाको ठहर खण्डमा निम्न व्यहोरा उद्धरण भएको छ ।

ठहर खण्डः "...निर्णयतर्फ विचार गर्दा, रीट निवेदक संस्था जीवन विकास समाजले आफू बिशुद्ध गैरनाफामूलक, गैरराजनीतिक तथा सामाजिक संस्था भई कानूनी रुपमा काम गरिरहेको र आयकर छुटको प्रमाणपत्र समेत प्राप्त गरेको अवस्थामा गैरनाफामुखी सामाजिक संस्थाको कारोबारलाई खुद आम्दानी मानी कर निर्धारण गरी सूचनाको पत्र पठाईएकोमा सो पत्र र पत्र सम्बन्धि सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशद्धारा बदर गरी परमादेशको आदेश समेत माग गरिएकोमा पुनरावेदन अदालत, पाटनबाट रिट निवेदकको माग बमोजिमका आदेश जारी भएको अवस्थामा चित्त नबुझी ठूला करदाता कार्यालयबाट संसोधित कर निर्धारणको आदेश यथावत कायम राखी पाउँ भनी पुनरावेदन पर्न आएको देखियो ।

बिपक्षी "जीवन विकास समाज" संस्था दर्ता ऐन, २०३४ अन्तर्गत जिल्ला प्रशासन कार्यालय, मोरङमा गैरनाफामूलक, गैरराजनीतिक, सामाजिक संस्थाको रुपमा दर्ता भई समाज कल्याण परिषदबाट आवद्धताको प्रमाण पत्र समेत प्राप्त गरेको देखिन्छ । संस्थाले २०५९ सालमा नेपाल राष्ट्र बैंकबाट बित्तिय मध्यस्तताको काम गर्ने संस्था सम्बन्धि ऐन, २०५५ बमोजिम

बित्तिय मध्यस्ततताको काम गर्ने अनुमति समेत प्राप्त गरेको देखिन्छ । बित्तिय मध्यस्थता सम्बन्धि ऐन, २०५५ को प्रस्तावनामा देशका बिभिन्न क्षेत्रका न्यून आय भएका व्यक्तिहरुलाई लघु व्यवसायमा सहभागी बनाई तिनिहरुको आर्थिक स्थिति सुधार गर्न लघु बचत तथा लघु कर्जा कार्यक्रम संचालन गर्ने संस्थाको सम्बन्धमा व्यवस्था गर्ने उद्देश्यले सो ऐन बनेको देखिन्छ । यस ऐन अन्तर्गत स्थापित संस्थाले ऐनको दफा १५ बमोजिम सेवा शुल्क समेत लिन सक्ने व्यवस्था भएकोमा यस संस्थाले त्यसरी सेवा शुल्क लिएको भन्ने देखिँदैन । न्यून आय भएका व्यक्तिहरुको आर्थिक स्थितिमा सुधार ल्याउन बिनाधितो कर्जा उपलब्ध गराउँदा बिभिन्न कारणले कर्जा चुक्ता गर्न नसकेमा पुँजीमा ह्रास आई संस्थालाई दिगो राख्न नसकिने अवस्था हुन सक्ने हुँदा ऐनको अनुमति बमोजिम दाताहरुबाट प्राप्त सहयोग रकमलाई न्यून आय भएका व्यक्तिहरुमा बिना धितो कर्जा प्रवाह गर्दा संस्थागत दिगोपनाका लागि ऋणीहरु सहयोगस्वरुप केही रकम लिई पुँजी निरन्तरताका लागि काम गरेको र प्रतिफललाई संस्थाले संचालन गर्ने सामाजिक कार्यमा नै खर्च गर्दै आएकोले त्यस्तो रकम सम्बन्धित पक्षको योगदानकै रुपमा संस्थामा रहने देखिएको हुँदा सो आयकर ऐन, २०५८ को दफा १०(६) अन्तर्गत नै पर्ने देखिन्छ ।

अतः बिपक्षी जीवन विकास समाज गैरनाफामूलक, गैरराजनीतिक र गैरसरकारी परोपकारी संस्थाको रुपमा दर्ता भई आयकर छुटको संस्थाको रुपमा प्रमाणपत्र प्राप्त गरेको अवस्थामा निज संस्थाले सामाजिक, आर्थिक उन्नयनका लागि दाताबाट प्राप्त केही रकमलाई न्यून आय भएका व्यक्तिमा लगानी गरी प्राप्त आयलाई समेत सोही सामाजिक कार्यमा खर्च गर्दै आईरहेको अवस्थामा ब्यापारिक कारोबार भनी परिभाषा गरी निवेदक ठूला करदाता कार्यालयले बिपक्षी संस्थाका नाउँमा मिति २०७३।०२।१६ मा जारी भएका संसोधित कर निर्धारणका सूचना समेतका पत्रहरु उत्प्रेषणका आदेशद्धारा बदर गर्ने तथा आयकर ऐन, २०५८ को दफा १०(६) को बिपरित बिपक्षी संस्थासँग कर असूल उपर नगर्नु नगराउनु भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०७३।०४।१२ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक ठूला करदाता कार्यालय, हरिहरभवनको पुनरावेदन जिकिर पुग्न सक्दैन ।"

निज बिपक्षीसँगको प्रस्तुत मुद्दाका सम्बन्धमा बिपक्षी बनाईएको ठूला करदाता कार्यालयले जीवन विकास समाज कर निर्धारणका विषयमा आयकर ऐन, २०५८ को दफा ११५ समेतले तय गरेका कानूनी उपचारका बैकल्पिक मार्ग अबलम्वन नगरी सिधै सम्मानित अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको, आयकर ऐन, २०५८ को दफा २(ध)

बमोजिम कर छुट प्राप्त संस्थाका रुपमा विभागमा दर्ता कायम हुनुपर्नेमा सो अनुसार नभएको तथा बिपक्षीले आफूलाई गैरनाफामूलक संस्थाका रुपमा दावी गरेको भए तापनि बित्तिय मध्यस्थता सम्बन्धि ऐन, २०५५ बमोजिम लघुबित्त कार्यक्रम अन्तर्गत ऋण प्रदान र ब्याज आम्दानी प्राप्ति जस्ता व्यापारिक क्रियाकलाप संचालन गर्ने गरेकोले निजको करयोग्य आयमा कर निर्धारण गरेको कानूनतः मिलेको छ भन्ने व्यहोराको जिकिर सम्मानित अदालतसमक्ष प्रस्तुत गरे तापनि सम्मानित सर्वोच्च अदालतबाट संस्था दर्ता ऐन, २०३४, बित्तिय मध्यस्थता सम्बन्धि ऐन, २०५५ समेतको ब्याख्याका रोहमा बिपक्षी जीवन विकास समाजलाई आयकर छुट प्राप्त संस्थाकै रुपमा प्रस्तुत फैसलाले स्थापित गरेको देखिन्छ ।

बद्रीकुमार प्याकुरेल बिरुद्द नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाण्डौ समेत [४]

सम्मानित सर्वोच्च अदालतको रिट क्षेत्राधिकार अन्तर्गत दायर भएको उल्लिखित पक्ष बिपक्ष सहितको प्रस्तुत मुद्दामा रिट निवेदक नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाण्डौका पूर्व कर्मचारी रहेको तथा निज सेवाबाट निबृत हुने समयमा निजले संस्थाबाट निवृत्तिभरण बापत एकमुष्ट रुपमा तिन वर्षको अग्रीम रुपमा प्राप्त गरेको रकममा कर कट्टी गर्ने सबालमा छुट्टाछुट्टै आय वर्ष अनुसार रकमलाई खण्डीकरण गरी सोही बमोजिम कायम हुन आउने आयमा कर कट्टी गरिनुपर्नेमा सो नगरी नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाण्डौबाट रिट निवेदकको निवृत्तिभरण बापत प्राप्त आयलाई एकमुष्ट रुपमा एकै आय वर्षको मानी कर कट्टा गरिएको विषयलाई रिट निवेदकले बिवादित विषयका रुपमा उठान गरेकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७३।१२।१३ मा उक्त बिवादमा निम्नानुसारको ठहर भएको देखिन्छ ।

ठहर खण्डः "...निर्णयतर्फ विचार गर्दा, निवेदकले निवृत्तिभरण बापतको पाउने तीन वर्षको रकममा छुट्टाछुट्टै आय वर्षको अलग अलग गरी कर कट्टा गर्नु पर्नेमा एकै आय वर्षको मानी कर कट्टा गरे उपर दायर भएको रिट निवेदन तथा जुन वर्षमा आय आर्जन गरिन्छ सोही वर्ष कर कट्टा गरिने हुँदा बिपक्षी नागरिक उड्डयन प्राधिकरणले लगाएको कर कानून बमोजिम नै भएकोले रिट खारेज गरी पाउँ भन्ने लिखित जवाफ रहेको प्रस्तुत मुद्दा निर्णयार्थ आज यस ईजलासमा पेश हुन आएको पाईयो ।

यसमा मिसिल संलग्न रहेको नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ, नेपालको मिति २०७०।०८।२३ को उक्त कार्यालयका पूर्व कर्मचारी यी रिट

---

[४] *बद्रीकुमार प्याकुरेल बिरुद्द नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाण्डौ समेत, ०७०-W0-०४८३*

निवेदक बद्रीकुमार प्याकुरेललाई उपलब्ध गराएको कर कट्टा सम्बन्धि बिवरण पत्रको प्रतिलिपीमा *"...तपाईंले पाउनु भएको मिति २०६७ मंसिरदेखि २०६८ साल आषाढ सम्मको जम्मा रु.७६,७७६।००, २०६८ श्रावणदेखि २०६९ आषाढ मसान्त सम्म चाडपर्व खर्च समेत गरी जम्मा रु.३,४७,४३८।०० र २०७० श्रावणदेखि २०७० असोज र चाडपर्व खर्च समेत गरी जम्मा रु.६४,४६५।३२ गरी जम्मा रु.४,८८,६७९।३२ मध्येमा सामाजिक सुरक्षा कर रु.२,५००।००, पहिलो रु.१ लाखमा १५ प्रतिशतले कर कट्टी रकम रु.१५,०००।०० तथा बाँकी रु.१,३८,६७९।३३ मा २५ प्रतिशतले कर कट्टी रकम रु.३४,६६९।८४"* गरी जम्मा रु.५२,१६९।८४ रकम तीन आर्थिक वर्षको जम्मा निवृत्तिभरण रकम (रु.४,८८,६७९.३२) बाट कर कट्टा गरेको देखिएकोले उक्त कुरामा बिवाद रहेन।

आयकर ऐन, २०५८ को दफा २(झ) मा *"आय वर्ष भन्नाले कुनै सालको श्रावण एक गतेदेखि अर्को सालको आषाढ मसान्त सम्मको अवधि सम्झनु पर्छ"* भनी १२ महिनाको समयावधिलाई एक आय वर्षको रुपमा परिभाषा गरेको छ । त्यसैगरी उक्त ऐनको दफा ३ मा *"देहायका प्रत्येक व्यक्तिलाई प्रत्येक आय वर्षमा यस ऐन बमोजिम कर लगाई असूल उपर गरिनेछ"* भन्ने उल्लेख छ । यसरी उक्त कानूनी व्यवस्था बमोजिम व्यक्तिको आयमा कर लगाउँदा प्रत्येक आय वर्षको आधारमा कर लगाउनु पर्ने हुन्छ । दुई वर्षको आय भए दुई वर्षमा, तीन वर्षको आय भए तीन वर्षमा अर्थात् जति वर्षको आय हो त्यति नै वर्ष दामासाहीले हिसाब गरी हरेक आय वर्षमा हुन आउने आयमा कर लगाईनु पर्दछ भनेर ऐनले नै प्रष्टरुपमा बोलेको पाईन्छ ।

त्यसैगरी उक्त ऐनको दफा ८(१) मा *"कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्नेछ ।"* भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्था अनुसार व्यक्तिको कुनै एक आर्थिक वर्षको रोजगारीको आय सो वर्षको आय हुने देखिन्छ । ऐजनको उपदफा (२) मा *"रोजगारदाताबाट कुनै आय वर्षमा प्राकृतिक व्यक्तिलाई दिईएका देहायका भुक्तानीहरु त्यस्तो प्राकृतिक व्यक्तिको सो आय वर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा समावेश गर्नु पर्नेछ ।"* भन्ने उल्लेख भएको छ । ऐजनको देहाय (च) मा *"अवकाश भुक्तानी र रोजगारदाताले सो कर्मचारीको लागि अवकाश कोषमा जम्मा गरेको रकम समेतका अवकाश योगदान,"* तथा देहाय (छ) मा *"रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी"* भन्ने उल्लेख भएको छ । यसरी उक्त कानूनी व्यवस्थाले कुनै पनि प्राकृतिक

व्यक्तिको एक आर्थिक वर्षको अवकास योगदान वा रोगारदाता संस्थाले खडा गरेको अवकास कोषमा जम्मा गरेको समेतका रकम तथा रोजगारीको सन्दर्भमा गरिएका अन्य भुक्तानी रकम सोही आर्थिक वर्षको रोजगारीबाट प्राप्त पारिश्रमिकमा गणना गर्नुपर्ने प्रष्ट कानूनी व्यवस्था रहेको छ ।

उक्त ऐनको दफा ८७ मा रोजगारदाताबाट करकट्टी गर्ने सम्बन्धमा उपदफा (१) मा *"प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमको दरले हुने कर कट्टी गर्नु पर्नेछ"* भन्ने कानूनी व्यवस्था र अनुसूची १ मा उल्लेख भएका करका दरहरु शिर्षकको दफा (१) को उपदफा (१)(क) मा *"एक लाख साठी हजार रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक प्रतिशत कर लाग्ने"* ऐजन खण्ड (ख) मा *"एक लाख साठी हजार रुपैयाँ भन्दा बढी तर दुई लाख साठी हजार रुपैयाँ सम्म रोजगारीको करयोग्य आय भएमा खण्ड (क) बमोजिम एक लाख साठी हजार रुपैयाँसम्म एक हजार छ सय रुपैयाँ र एक लाख साठी हजार रुपैयाँभन्दा बढी करयोग्य आयमा पन्ध्र प्रतिशत"* तथा ऐजन खण्ड (ग) मा *"दुई लाख साठी हजार रुपैयाँभन्दा बढी करयोग्य आय भएमा खण्ड (ख) बमोजिम दुई लाख साठी हजार रुपैयाँसम्म सोह्र हजार छ सय रुपैयाँ र दुई लाख साठी हजार रुपैयाँभन्दा बढी भएको करयोग्य आयमा पच्चीस प्रतिशत" एवं ऐजन खण्ड (घ) मा "पच्चीस लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा खण्ड (ग) बमोजिम लागेको करमा थप चालिस प्रतिशत अतिरिक्त कर लाग्नेछ" भन्ने कानूनी व्यवस्था रहेको छ ।* तथापि प्रस्तुत बिवादमा रिट निवेदकको ती आर्थिक वर्षको निबृत्तिभरणबापतको रकमलाई कुनै एक आर्थिक वर्ष अर्थात् आ.व. २०७०।०७१ को रोजगारीबाट प्राप्त आय रकम जस्तो गरी कर लगाएको कुरा कानून बिपरित भएको देखिन्छ ।

तसर्थ माथि उल्लिखित तथ्य, व्यवस्था एवं बिवेचनासमेतका आधारमा निवेदकले बिपक्षी नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त गरेको तीन आय वर्षको निवृत्तिभरण रकममा आयकर ऐन, २०५८ बमोजिम वर्षै पिच्छेका दरले कर कट्टा नगरी एकमुष्ट रकममा कर कट्टा गरेको नागरिक उड्डयन प्राधिकरणको काम कारवाही कानून बिपरीत देखिँदा उक्त कार्य उत्प्रेषणको आदेशले बदर भई आयकर ऐन, २०५८ को दफा ८, ८७ तथा ऐ. ऐनको अनुसूची १ बमोजिम प्रत्येक आय वर्षको कर लाग्ने भए सोही अनुसार बिपक्षी प्राधिकरणले दामासाहिले अंक गणना गरेर कट्टा गरी बढी कर कट्टा गरेको अंकको हदसम्मको रकम

निजलाई फिर्ता दिनु भनी निवेदन माग बमोजिम बिपक्षीका नाउँमा परमादेशको आदेश समेत जारी हुने ठहर्छ ।"

प्रस्तुत मुद्दामा मूलतः बिपक्षी बनाईएका नेपाल नागरिक उड्डयन प्राधिकरण, आन्तरिक राजस्व विभाग तथा ठूला करदाता कार्यालय समेतका तर्फबाट आयकर ऐनमा उल्लेख भए अनुसार आय बापतको रकम जुन बखत प्राप्त गरेको हो सोही बखतको आय मानी आयमा समावेश गर्नुपर्ने भएबाट बिपक्षी निवेदकले निबृत्तिभरण बापत एकमुष्ट रुपमा आ.व. २०७०।०७१ मा प्राप्त गरेको रकम सोही आ.व. को आय मानी आयकर ऐन, २०५८ को अनुसूची १ मा उल्लेख भएको छुट कटाई बाँकी हुन आउने रकममा सोही अनुसूचीमा उल्लेख भएको करको दर अनुसार कर गणना गरी कर कट्टी गर्ने नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्णय तथा सो निर्णय सम्बन्धि काम कारवाही कानूनसम्मत छ भन्ने व्यहोराको जिकिर प्रस्तुत गरे तापनि प्रस्तुत मुद्दाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट आयकर ऐन, २०५८ को दफा २(झ), दफा ३, दफा ८(१) तथा दफा ८७(१) समेतले गरेका कानूनी व्यवस्थाहरुको प्रष्ट ब्याख्या भई रिट निवेदकका पक्षमा अन्तिम आदेश जारी भएको देखिन्छ। सम्मानित सर्वोच्च अदालतले बिपक्षी नागरिक उड्डयन प्राधिकरणबाट रिट निवेदकले प्राप्त गरेको तीन आय वर्षको निवृत्तिभरण रकममा आयकर ऐन, २०५८ बमोजिम वर्षै पिच्छेका दरले कर कट्टा नगरी एकमुष्ट रकममा कर कट्टा गरेको नागरिक उड्डयन प्राधिकरणको काम कारवाही कानून बिपरीत देखिएको भनी उक्त कार्यलाई उत्प्रेषणको आदेशद्वारा बदर गर्ने गरी गरेको आदेशबाट रोजगारीको आय प्राप्त गर्ने आम नागरिकलाई अग्रीम आयकर कट्टीका सम्बन्धमा केही सुबिधा र सन्तुलन पुग्ने देखिन्छ । यस दृष्टिकोणबाट हेर्दा प्रस्तुत मुद्दाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले गरेको सुनुवाईलाई बिना बिलम्व रोजगारदाता निकायले अबलम्वन गर्नुपर्ने र सो सम्बन्धमा कानूनी बाधा उत्पन्न हुन सक्ने देखिए सोही अनुसार कानून संसोधनमा बिधायिकी ध्यान पुग्नु उचित देखिन्छ ।

ठूला करदाता कार्यालय बिरुद्द प्राईम ईन्टरनेशनल प्रा.लि.[५]

राजस्व न्यायाधिकरण, काठमाण्डौबाट प्राईम ईन्टरनेशनल प्रा.लि. पुनरावेदक, प्रत्यर्थी ठूला करदाता कार्यालय रहेको आ.व. २०५७।०५८ को आयकर मुद्दासँग सम्बन्धित बिवादित

---

[५] *ठूला करदाता कार्यालय बिरुद्द प्राईम ईन्टरनेशनल प्रा.लि. ने.का.प. २०६९, अंक ११, नि.नं. ८९१४*

विषयमा भएको फैसलामा चित्त नबुझि पुनरावेदक ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरले उल्लिखित करदाता बिरुद्द सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको अनुमति माग गरी अनुमति प्राप्त भए बमोजिम अन्तिम कारबाहीको टुंगो लागेको देखिन्छ । प्रस्तुत मुद्दामा पुनरावेदक ठूला करदाता कार्यालयबाट मूलतः बिपक्षी करदाताले बिवादित आ.व. मा अन्य व्यापारिक फर्मलाई उधारोमा सामान विक्री गरेकोमा निजले भुक्तानी पाउन बाँकी रकममा ३० दिन नाघेपछि १३ प्रतिशत व्याजसमेत थप गरी लिन पाउने शर्त उल्लेख भई सम्झौता भएको देखिए अनुरूप निज बिपक्षी करदाताले अर्को पार्टीबाट लिनुपर्ने व्याज बापतको रकमलाई करदाताको आयमा समावेश गर्नेगरी कार्यालयबाट निर्णय भएकोमा सोलाई राजस्व न्यायाधिकरण, काठमाण्डौबाट अन्यथा गरिएको तथा आयबाट कट्टा गर्न नमिल्ने बिना बिजकको खर्च रकम र कर्मचारीलाई दिएको खाजा खर्च रकम आयबाट कटाई आयकर निर्धारण गर्नुपर्न भन्ने व्यहोरा जनाई राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसला बुँदा उपर परेको नेपाल सरकारको पुनरावेदनमा सम्मानित सर्वोच्च अदालतबाट यस प्रकारको ठहर भएको देखिन्छ ।

ठहर खण्डः "...पुनरावेदनपत्र सहितको मिसिल अध्ययन गरी दुवै पक्षका विद्वान कानून व्यवसायीहरूले गर्नु भएको वहस जिकीरसमेत सुनी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकीर पुग्ने हो होइन ? सो विषयमा निर्णय दिनुपर्ने भई इन्साफ तर्फ विचार गर्दा प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आर्थिक वर्ष २०५७/५८ मा गरेको व्यापारिक कारोवारबाट प्राप्त आयमा आयकर ऐन, २०३१ बमोजिम तिर्नु बुझाउनु पर्ने आयकर सम्बन्धमा आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालय काठमाडौंका प्रमुख कर प्रशासकबाट भएको मिति २०६२।३।१२ को निर्णय अनुरूप सोही कार्यालयका कर अधिकृतबाट मिति २०६२।३।३१ मा उक्त प्रा.लि. को आ.व. २०५७/०५८ को खुद आय रु.१४,९२,१२६।२३ कायम गरी जरीवाना समेत रु.५,५९,५४८।–तिर्नु बुझाउनु पर्ने गरी कर निर्धारण भएको देखिन्छ। पुनरावेदक ठूलाकरदाता कार्यालयले उक्त कर निर्धारणसम्बन्धी निर्णय गर्दा प्रत्यर्थी कम्पनीको आय आर्जनसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्च स्वयंकर निर्धारण विवरण फराममा देखाए अनुरूप आयबाट घटाई खुद आय कायम गर्नुपर्नेमा फाराममा देखाएको त्यस्तो खर्च र नोक्सानीलाई मान्यता नदिई करको दायित्व बढाउने गरेको भनी प्रत्यर्थी प्रा.लि. तर्फबाट पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरण काठमाडौंबाट उधारो विक्रीमा भुक्तानी समयमा नभएको कारण सोबापत असूल गर्नुपर्ने व्याज

रकम, विल विजक समर्थित खर्च रकम र कर्मचारीहरूलाई दिएको खाजाबापतको रकम खुद आयमा समावेश गर्ने गरेको हदसम्म शुरु ठूला करदाता कार्यालय काठमाडौंको मिति २०६२।३।१२ को निर्णय र मिति २०६२।३।३१ को कर निर्धारण आदेश केही उल्टी हुने गरी फैसला भएको पाइयो ।

राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको उक्त फैसलाउपर चित्त नबुझाई प्रत्यर्थी कम्पनीले व्यापारिक पार्टीहरूसँग गरेको सम्झौताअनुसार उधारो विक्रीमा १ महिनाभित्र भुक्तानी नभएको रकमको १३% ले हुने व्याज रकम आयमा समावेश गर्नुपर्ने विजक विनाका खर्च र खाजा खर्चबापतको रकम समेत आयमा समावेश हुनुपर्ने भन्नेसमेत जिकीर लिई ठूला करदाता कार्यालय काठमाडौंको तर्फबाट प्रस्तुत पुनरावेदन परेको देखिन्छ ।

प्रस्तुत विवाद आ.व. २०५७/५८ को व्यापारिक कारोवारसँग सम्बन्धित आयकरसम्बन्धी देखिएकोले सो समयमा प्रचलनमा रहेको आयकर ऐन, २०३१ प्रस्तुत मुद्दामा आकर्षित हुने भन्नेमा विवाद देखिँदैन । उक्त ऐनको दफा ६ मा कुनै व्यक्तिले आफ्नो आय वर्षमा उक्त ऐनको दफा ५ मा तोकिएको कुनै वा सबै स्रोतहरूबाट नेपाल भित्र वा नेपालबाट कारोवार गर्दा विदेशमा आर्जन वा प्राप्त गरेको आयमा उक्त ऐन बमोजिम पाउने खर्चहरू कट्टा गरी खुद आयकर लाग्ने व्यवस्था गरेको देखिन्छ । यसरी प्रत्यर्थीको आ.व. २०५७/५८ को आयबाट के कस्ता खर्चहरू कटाउन पाईने हो भन्ने सम्बन्धमा हेर्दा प्रत्यर्थी कम्पनी व्यापारिक कारोवार गर्ने प्राईवेट लिमिटेड कम्पनीको रूपमा दर्ता भएको भन्ने मिसिलबाट देखिँदा प्रत्यर्थी कम्पनीले उक्त आयकर ऐन, २०३१ को दफा १२ मा उल्लेख भएबमोजिमका विभिन्न शीर्षकमा भएका खर्चहरू कट्टा गरी कम्पनीको खुद आय निर्धारण गर्नुपर्ने देखियो । उक्त ऐनको दफा १२(ङ) बमोजिम प्रत्यर्थी जस्ता व्यापारिक कम्पनीले काममा लगाएका कामदार कर्मचारीहरूलाई दिएको पारिश्रमिक रकम सो आ.व. को कम्पनीको कुल आयबाट कट्टा गर्न पाउने देखिन्छ । यसरी दिइने पारिश्रमिक रकम भित्र के कस्तो खर्च रकम समावेश हुन्छ भन्ने सम्बन्धमा उक्त दफामा स्पष्ट उल्लेख भएको नदेखिएपनि कर्मचारीहरूको तलवी भरपाई (Pay Roll) मा उल्लेख भई मासिक रूपमा भुक्तानी पाउने तलव, भत्ता, परिवहन खर्च एवं खाजा खर्च जस्ता रकमहरू पारिश्रमिक रकमभित्रै पर्ने सामान्य प्रचलन रही आएको छ । यसरी कर्मचारीहरूले मासिक रूपमा भुक्तानी पाउने पारिश्रमिक रकम आयकर ऐनबमोजिम छूट पाउने सीमा (Ceiling) भन्दा बढी हुन गएमा स्वतः त्यस्तो पारिश्रमिकमा पनि कर लाग्ने अवस्था हुने भएकोले कम्पनीले आवश्यकताअनुसार आफ्ना कर्मचारीहरूलाई तलवी भरपाईमा लेखी पारिश्रमिकको रूपमा

विभिन्न किसिमका सुविधा दिन सक्ने नै हुन्छ । यस्तो अवस्थामा प्रत्यर्थी कम्पनीले आफ्ना कर्मचारीहरूलाई खाजा खर्चबापत भनी तलवी भरपाईमा उल्लेख गरी दिएको रकम उक्त आयकर ऐन, २०३१ को दफा १२(ङ) बमोजिम आयबाट कट्टा हुनुपर्ने देखिएकोले त्यस्तो खाजा खर्चबापत कर्मचारीहरूलाई भुक्तानी दिएको रकम पनि आयमा समावेश हुनुपर्ने भन्ने पुनरावेदन जिकीर मनासिव देखिन आउँदैन ।

त्यस्तै उल्लिखित आयकर ऐन, २०३१ को दफा १२(ट) बमोजिम प्रत्यर्थी जस्ता व्यापारिक कम्पनीले आय आर्जन प्राप्त गर्नको लागि गरेका अन्य वास्तविक खर्चहरू समेत आयमा कट्टा गरी खुद आय निर्धारण गर्नुपर्ने देखिन्छ । प्रत्यर्थी कम्पनीले डटपेन, ट्युवलाईट, कागज खरीद जस्ता विषयमा भएका खर्चहरूको विल भरपाई संलग्न राखी त्यस्तो खर्चहरू आयबाट कट्टा हुनुपर्ने भनी दावी गरेकोमा त्यस्तो खर्चलाई वास्तविक खर्चमा समावेश गर्नुपर्ने देखिँदा त्यस्तो खर्चलाई पनि खुद आयमा समावेश गर्नुपर्ने भन्ने पुनरावेदन जिकीर मनासिव नदेखिएकोले त्यस्तो विलबमोजिमको खर्च कट्टा हुनुपर्ने गरी भएको राजस्व न्यायाधिकरणको फैसला अन्यथा देखिएन ।

जहाँसम्म प्रत्यर्थी कम्पनीले गरेको उधारो विक्रीमा ३० दिनभित्र भुक्तानी नभएमा त्यस्तो उधारो व्यापारिक खरीद कारोवार गर्ने पक्षबाट सो समय पछि भुक्तानी हुन बाँकी रकमको १३ प्रतिशत व्याज सहित बैंङ्क ग्यारेन्टी रकमबाट असूलउपर गरिलिन सक्ने सम्झौता भएकोले त्यस्ता सम्झौताबमोजिम भुक्तानी हुन बाँकी रकमको व्याज समेतलाई प्रत्यर्थी कम्पनीको आयको रूपमा गणना गरी आयकर निर्धारण हुनुपर्नेमा त्यस्तो व्याजलाई आय गणना नगर्ने गरी भएको राजस्व न्यायाधिकरणको फैसला नमिलेको भन्ने पुनरावेदन जिकीर छ, सो सम्बन्धमा विचार गर्दा प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७/५८ को विभिन्न मितिमा अन्य व्यापारिक पक्षसँग व्यापारिक सम्झौता गरेको मिसिलबाट देखिन्छ । सम्झौतापत्रमा प्रत्यर्थी कम्पनीबाट उधारो कारोवार गर्ने व्यापारिक पक्षले त्यसरी उधारो कारोवारबाट भुक्तानी दिन बाँकी रहेको रकम ३० दिनभित्र भुक्तानी नगरेमा सो समयपछि बाँकी रकमको १३ प्रतिशत व्याज समेत थप गरी त्यस्ता व्यापारिक पार्टीले राखेको बैंङ्क ग्यारेन्टी रकमबाट प्रत्यर्थी कम्पनीले असूलउपर गरी लिन सक्ने भन्ने शर्त उल्लेख भएको देखिन्छ ।

व्यापारिक पक्षहरू बीच हुने सम्झौतामा व्याजसमेत थपी लिन पाउने शर्तहरू राख्नुको कारण उधारो दिने पक्षले वित्तीय संस्थाहरूबाट आफ्नो कारोवारको सिलसिलामा नपुग हुने रकम

ऋणको रूपमा लिने र चुक्ता गर्न बाँकी त्यस्तो ऋणको व्याज आफूले बुझाउनु पर्ने भएकोले हो । वित्तीय संस्थाबाट लिएको चुक्ता गर्न बाँकी ऋणमा तिरेको व्याज रकम त्यस्तो उधारो बिक्री गर्ने व्यापारिक कम्पनीले आयकर ऐन, २०३१ को दफा १२(ग) बमोजिम सम्बन्धित आयवर्षको आयमा कटाई खुद आय कायम गर्न दावी गर्न सक्ने भएकोले त्यसरी आफूले तिर्ने व्याज आयबाट कट्टा गर्न दावी गर्ने पक्षले आफूले उठाउनु पर्ने उधारो कारोवारमा पनि बाँकी रहेको रकमको त्यही अनुपातमा व्याज असूलउपर गरी आयमा देखाउनु वाञ्छनिय हुन्छ । तिर्नुपर्ने रकमको ब्याज तिरेको भनी आयबाट कट्टा गर्ने तर लिनुपर्ने रकम लामो समयसम्म असूल नगरी प्रतिफल प्राप्त नगर्ने कार्यबाट उक्त ऐनको दफा १२(ग) को कानूनी व्यवस्थाको दुरूपयोग गरेको भन्ने देखिनुका साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रूपमा उक्त दफा १२(ग) को व्यवस्था प्रयोग गरेको भन्ने देखिन जान्छ । लेखाको सामान्य सिद्धान्तअनुसार कुनै आय वर्षमा प्राप्त हुनुपर्ने रकम प्राप्त भई नसकेको भएपनि त्यसै बर्षको आयमा समावेश गरिने भएकोले भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना भएपछि भुक्तानी प्राप्त नभएता पनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गर्नुपर्ने हुन्छ । यसप्रकार प्रत्यर्थी कम्पनीले आ.व. २०५७/०५८ मा भएका सम्झौताअनुरूप उधारो कारोवारमा अन्य पक्षबाट भुक्तानी लिन बाँकी रकमको व्याज सम्झौतामा उल्लिखित म्यादपछि स्वतः प्राप्त गरेको मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा प्रत्यर्थी कम्पनीले सम्झौतामा उल्लिखित म्याद पछि भुक्तानी पाउन बाँकी रकमको व्याज स्वतः प्राप्त गरेको मान्नुपर्ने भएकोले त्यस्तो व्याज रकम स्वतः प्रत्यर्थीको आ.व. २०५७/०५८ को आयमा समावेश गर्नुपर्ने हुन्छ । साथै आयकर ऐन, २०३१ को दफा ७ ले कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिको आयवर्ष भित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभ समावेश गरी आय निर्धारण गर्नुपर्ने भन्ने कानूनी व्यवस्था गरेको देखिएबाट प्रत्यर्थी कम्पनीले उधारो कारोवारमा भुक्तानी लिन बाँकी रकमको सम्झौताबमोजिम प्राप्त हुने व्याज पनि कम्पनीको आयभित्रै पर्ने देखियो । त्यस्तै वित्तीय संस्थाबाट ऋण लिई तिर्नुपर्ने व्याज सम्बन्धित आर्थिक वर्षको आयबाट कटाई आयकर निर्धारण गर्न चाहने करदाताले अन्य कुनै व्यक्ति वा फर्मलाई दिएको सापटी,अधिक वर्ष सुविधा वा उधारोमा सामान विक्री गरेको वा उधारो विक्री (Credit Limit) दिएको अवस्थामा त्यसरी दिएको सापटी वा उधारो रकम बराबरको हुने व्याज रकमलाई त्यस्तो करदाताको आय मान्नुपर्ने अथवा त्यस्तो करदाताले आयबाट छूट पाउने रकममा त्यस्तो सापटी वा उधारो दिएको रकमको व्याज बराबरको रकम

समावेश गर्न नमिल्ने भनी यस अदालतबाट २०६४–CR–०५२९ को ठूला करदाता कार्यालय ललितपुर विरुद्ध मल्टी फाईवर्स लि. भएको मुद्दामा सिद्धान्त कायम भैसकेको देखिँदा यी प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७/०५८ मा अन्य विभिन्न व्यापारिक फर्मलाई विक्री गरेको उधारो कारोवारबाट प्राप्त हुनुपर्ने व्याजसमेत कम्पनीको सो आ.व. को करयोग्य आयमा समावेश गर्नुपर्ने देखियो। तसर्थ प्रत्यर्थी कम्पनीले अन्य फर्मसँग भएको सम्झौताबमोजिम उधारो कारोवारमा ३० दिन नाघेपछि भुक्तानी पाउन बाँकी रकमको १३ प्रतिशतका दरले व्याज समेत थपी लिन पाउने गरी उल्लेख भएको शर्तबमोजिम प्राप्त हुने व्याज रकम रु.२५,१७,३३१।७९ प्रत्यर्थी कम्पनीको आ.व. २०५७/०५८ को आयमा समावेश गर्ने गरेको पुनरावेदक ठूला करदाता कार्यालय काठमाडौंको निर्णय आयकर ऐन, २०३१ को कानूनी व्यवस्थाअनुरूप नै भए गरेको देखिएकोमा त्यस्तो उधारो बाँकीबाट प्राप्त हुने व्याजलाई प्रत्यर्थीको आ.व. २०५७/०५८ को आयमा समावेश नगर्ने गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेको देखिन आएन।

अतः माथि विवेचना गरिएबमोजिम प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७/०५८ मा अन्य व्यापारिक फर्मलाई उधारोमा सामान विक्री गरेकोमा भुक्तानी पाउन बाँकी रकममा ३० दिन नाघेपछि १३ प्रतिशत व्याजसमेत थप गरी लिन पाउने शर्त उल्लेख भई भएको सम्झौता अनुरूप लिनुपर्ने व्याज रकम रु.२५,१७,३३१।७९ लाई उल्लिखित आ.व. २०५७/०५८ को करयोग्य आयमा समावेश गर्ने गरी भएको ठूला करदाता कार्यालय काठमाडौंको मिति २०६२।३।१२ को निर्णय र सो अनुरूप कर निर्धारण गर्ने गरी भएको २०६२।३।३१ को आदेश सदर गर्नुपर्नेमा केही उल्टी गर्ने गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।"

प्रस्तुत मुद्दाको न्याय निरोपणका क्रममा सम्मानित सर्वोच्च अदालतबाट तत्कालिन आयकर ऐन, २०३१ को दफा १२(ग), १२(ङ) तथा १२(ट) लगायतका दफाहरुको व्याख्या भएको देखिन्छ । उल्लिखित दफाहरुको व्याख्याका आधारमा सम्मानित अदालतबाट निम्न सिद्दान्तहरु प्रतिपादन भएको अवस्था छ ।

- *कर्मचारीहरूले मासिक रूपमा भुक्तानी पाउने पारिश्रमिक रकम आयकर ऐनबमोजिम छूट पाउने सीमा (Ceiling) भन्दा बढी हुन गएमा स्वतः त्यस्तो पारिश्रमिकमा पनि*

कर लाग्ने अवस्था हुने भएकोले कम्पनीले आवश्यकताअनुसार आफ्ना कर्मचारीहरूलाई तलवी भरपाईमा लेखी पारिश्रमिकको रूपमा विभिन्न किसिमका सुविधा दिन सक्ने (प्रकरण नं. ४)

- *आफूले तिर्ने व्याज आयबाट कट्टा गर्न दावी गर्ने पक्षले आफूले उठाउनु पर्ने उधारो कारोवारमा पनि बाँकी रहेको रकमको त्यही अनुपातमा व्याज असूलउपर गरी आयमा देखाउनु वाञ्छनिय हुने ।*
- *तिर्नुपर्ने रकमको ब्याज तिरेको भनी आयबाट कट्टा गर्ने तर लिनुपर्ने रकम लामो समयसम्म असूल नगरी प्रतिफल प्राप्त नगर्ने कार्यबाट आयकर ऐन, २०३१ को दफा १२(ग) को कानूनी व्यवस्थाको दुरूपयोग गरेको देखिनुका साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रूपमा सो दफाको व्यवस्था प्रयोग गरेको देखिने ।*
- *कुनै आय वर्षमा प्राप्त हुनुपर्ने रकम प्राप्त भई नसकेको भएपनि त्यसै बर्षको आयमा समावेश गरिने भएकोले भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना भएपछि भुक्तानी प्राप्त नभएता पनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गर्नुपर्ने ।*

पशुपति वायर प्रोडक्टस्, बिराटनगर बिरुद्द आन्तरिक राजस्व कार्यालय, बिराटनगर[६]

आर्थिक वर्ष २०५२।०५३ को आयकर सम्बन्धि बिवादमा आन्तरिक राजस्व कार्यालय, बिराटनगरको निर्णयलाई राजस्व न्यायाधिकरण, विराटनगरले सदर गरेकोमा सो उपर चित्त नबुझाई पशुपति वायर प्रोडक्टस् पुनरावेदनको अनुमतिका लागि सम्मानित सर्वोच्च अदालतमा आएको र पुनरावेदनको अनुमति पाए पश्चात् प्रस्तुत मुद्दाको अन्तिम टुंगो लागेको देखिन्छ । नियमित क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मुख्यतः कर छुट सम्बन्धि बिवादित विषयको न्यायिक निरोपण भएको अवस्था छ । प्रस्तुत मुद्दाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएको ठहर देहाय बमोजिम रहेको छ ।

ठहर खण्डः "...नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादी पशुपति वायर प्रोडक्ट्स समेतका तर्फबाट रहनु भएका विद्वान अधिवक्ता सीताराम अग्रबालले आयकर ऐन, २०३१ को दफा ३३(४) को सूचनाको जवाफ

---

[६] *पशुपति वायर प्रोडक्टस्, बिराटनगर बिरुद्द आन्तरिक राजस्व कार्यालय, बिराटनगर ने.का.प. २०६६, अंक १०, नि.नं. ८२५३*

नै नदिएको भन्ने मात्र आधारमा हिसाब अमान्य गर्न मिल्ने हुँदैन। त्यसमाथि पनि कार्यालयबाट माग भएबमोजिमको जवाफ यथासमयमा दिइएको अवस्था छ, स्टोन क्रसर उद्योगले छुट पाएको अबधिको कर प्रयोजनका लागि हिसाब दिनुपर्ने बाध्यता हुँदैन,तसर्थ कर कार्यालयको निर्णय सदर गरेको राजश्व न्यायाधिकरण विराटनगरको फैसला त्रुटिपूर्ण भएकाले उल्टी हुनुपर्छ भनी र प्रत्यर्थी/वादी नेपाल सरकारका तर्फबाट रहनु भएका विद्वान सहन्यायाधिवक्ता महेश थापाले पशुपति स्टोन क्रसर उद्योग र पशुपति वायर प्रोडक्ट्सका प्रोप्राइटर एउटै भै एउटै करदाता भएको कारणले थप विवरण पेश गर्न भनिएकोमा त्यसको जवाफ नै नदिई बसेको अवस्थामा हिसाब अमान्य गरिएको हो। कर छुट पाएको भन्ने आधारमा विवरण नै बुझाउनु नपर्ने गरी उन्मुक्ति पाउने हुँदैन,त्यसैले कर कार्यालय र राजश्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण छैन भनी बहस गर्नुभयो। प्रस्तुत मुद्दाको सम्पूर्ण मिसिल अध्ययन गरी विद्वान कानून व्यवसायीहरूको बहस जिकीर समेत सुनी हेर्दा प्रस्तुत मुद्दामा मूलतः देहायका प्रश्नहरूको निरुपण गरी राजश्व न्यायाधिकरणले गरेको फैसला मिले नमिलेको के छ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो:

१. एउटै व्यक्ति अर्थात् करदाताको स्वामित्वमा रहेका दुईवटा प्राइभेट फर्महरू मध्ये एउटा फर्म अर्थात् उद्योगले सञ्चालन मितिदेखि ५ वर्षका लागि आयकर छुट पाएको अवस्थामा करदाताले पेश गर्ने आयकर विवरणमा त्यस्तो उद्योगबाट भएको आयको विवरण समावेश गर्नुपर्ने बाध्यता रहन्छ वा रहँदैन?

२. उद्योगले पेश गरेको आ.व. २०५२।०५३ को आयव्ययको हिसाव विवरण आयकर ऐन, २०३१ को दफा ५६(२) बमोजिम झूठ्ठआस विवरण भित्र पर्ने हो वा होइन?

३. उद्योगले पेश गरेको आयको विवरण अमान्य गर्न सकिने अवस्था विद्यमान रहेको छ वा छैन?

माथि निर्धारण गरिएका प्रश्नहरूमा प्रवेश गर्नुअघि प्रस्तुत मुद्दाको तथ्यको विश्लेषण गर्नु सान्दर्भिक हुन आउँछ। पशुपति वायर प्रोडक्ट्सका प्रो. अशोककुमार मुरारकाले आर्थिक वर्ष २०५३।०५४ मा सो उद्योगले गरेको कारोबारको आय विवरण पेश गरेको र सो सम्बन्धमा कर कार्यालय विराटनगरले फाँटवारी माग गरेकोमा म्यादभित्र फाँटवारी पेश गरेको अवस्था देखिँदैन। त्यसैगरी निज अशोककुमार मुरारकाकै प्रोप्राइटरसीपमा दर्ता भएको पशुपति स्टोन क्रसर उद्योग सञ्चालनमा आएको र आय विवरणमा सो उद्योगको

कारोबारलाई समावेश नगरेको भन्ने आधारमा ऐनको दफा ५८ बमोजिम निजद्वारा पेश भएको आय विवरणलाई अमान्य गरी दफा ३३(२) बमोजिम खुदआय कायम गरिने व्यहोराको जानकारी सहित पुनः प्रमाण पेश गर्नका लागि मौका दिइएकोमा तोकिएको म्यादभित्र उपस्थित भै प्रमाण पेश गरेको अवस्था पनि देखिँदैन । त्यसरी प्रमाण पेश गर्न पटक–पटक मौका दिइएको भएपनि उद्योगका तर्फबाट प्रमाण पेश नगरिएको कारणबाट कारोवार लुकाइछिपाई लेखामा नदेखाएको र सञ्चालनमा आएको अर्को उद्योगको कारोवार समेत नदेखाएको भन्ने समेतका आधारमा ऐनको दफा ५८ बमोजिम कारोबारको हिसाब किताब (लेखा) मा देखाइएको बिक्रीअङ्क रु.४,७३,०४,६५०।२४ को लेखालाई अमान्य गरी प्रचलित सिद्धान्तबमोजिम भनी कर कार्यालय विराटनगरबाट खुदआय रु. ४७,३०,४६५।०२ कायम हुने ठहऱ्याइएको देखिन्छ । सो निर्णयउपर राजश्व न्यायाधिकरण विराटनगरमा प्रतिवादीको पुनरावेदन परेकोमा सो न्यायाधिकरणबाट समेत कर कार्यालयको निर्णय सदर गरेकोमा सो उपर राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम पुनरावेदनको अनुमति प्रदान भै प्रस्तुत मुद्दा यस इजलाससमक्ष पेश हुन आएको देखिन्छ । यस अदालतबाट अनुमति प्रदान गर्दा कर कार्यालयले खुदआय कायम गर्दा आयकर ऐन, २०३१ को दफा ३३ को उपदफा (२) को खण्ड (क) देखि (छ) सम्मको आधार लिनुपर्ने कानूनी व्यवस्था रहेकोमा उल्लिखित ऐनको कुन आधारमा त्यस्तो खुदआय कायम गरिएको हो भन्ने खुलेको नदेखिएकोले त्रुटि भएको भन्ने आधार लिइएको देखिन्छ ।

उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा अब माथि निर्धारण गरिएका प्रश्नहरू मध्येको पहिलो प्रश्न एउटै व्यक्ति अर्थात् करदाताको स्वामित्वमा रहेका दुईवटा प्राइभेट फर्महरू मध्ये एउटा फर्म अर्थात् उद्योगले सञ्चालन मितिदेखि ५ वर्षका लागि आयकर छुट पाएको अवस्थामा करदाताले पेश गर्ने आयकर विवरणमा त्यस्तो उद्योगबाट भएको आयको विवरण समावेश गर्नुपर्ने बाध्यता रहन्छ वा रहँदैन ? भन्ने सन्दर्भमा विचार गर्दा, आयकर ऐन, २०३१ को दफा २ को परिभाषा खण्ड अन्तर्गत खण्ड (ग) मा करदाताको परिभाषा प्रस्तुत गरिएको देखिन्छ । जसअनुसार करदाता भन्नाले यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम आयकर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति भन्ने बुझिन्छ । त्यसैगरी सोही ऐनको दफा ७ ले कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा, व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिले आय वर्षभित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभ समेत समावेश गरी निर्धारण गरिनेछ भन्ने व्यवस्था गरिएको देखिन्छ । उल्लिखित दुबै

कानूनी व्यवस्थाले कुनै पनि करदाताले आयकर प्रयोजनका लागि पेश गर्ने विवरणमा आफूद्वारा सञ्चालित सबै उद्योग, व्यापार, पेशा वा व्यवसायबाट प्राप्त भएको सबै किसिमको मुनाफा वा लाभ समेतका विवरण समावेश गर्नुपर्ने बाध्यता रहेको देखिन्छ । त्यसैगरी आयकर ऐनको दफा ४२(२) मा औद्योगिक व्यवसायसम्बन्धी प्रचलित नेपाल कानूनमा पूर्ण वा आंशिक रुपले आयकर नलाग्ने गरी व्यवस्था भएको उद्योगहरूलाई सोही बमोजिम औद्योगिक आयमा कर छुट हुनेछ । यसरी कर छुट भएको तोकिएको उद्योगको औद्योगिक आयको हकमा कर अधिकृतले छुट्टै कर निर्धारण गरी त्यस्तो छुट दिनेछ भन्ने उल्लेख भएबाट पनि करदाताले विवरण पेश गर्नुपर्ने बाध्यता कानूनले गरेको देखिन्छ । त्यस्तो विवरणका आधारमा कर निर्धारण पछि मात्र छुटको निर्णय गरिने हुँदा आय विवरण पेश गर्नै नपर्ने खालको उन्मुक्ति नदिइएको भन्ने कुरा त्यसबाट पनि स्पष्ट हुन्छ । त्यसैगरी दफा ४२ को उपदफा (४) मा गरिएको व्यवस्थाअनुसार उपदफा (२) र (३) बमोजिम कर छुट पाएका व्यक्तिहरूले पनि यो ऐनबमोजिम दाखिल गर्नुपर्ने आयको विवरण र त्यसको पुष्ट्याईंको निमित्त चाहिने सबै प्रमाण कर अधिकृतसमक्ष दाखिल गर्नुपर्नेछ भनी कर छुट पाएका करदाताको दायित्व स्पष्ट गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाले कर छुट पाएका करदाताहरूले पनि आयको विवरण पेश गर्नुपर्ने र त्यस्तो विवरणका साथमा सो विवरणलाई पुष्टि गर्ने खालका सबै प्रमाणहरू दाखिल गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको अवस्थामा कर छुट पाएको भन्ने आधारमा कुनै पनि विवरण पेश गर्नु नपर्ने भन्ने तर्कको कानूनी आधार देखिँदैन । प्रस्तुत मुद्दामा करदाताका रुपमा रहेका अशोककुमार मुरारकाले पेश गरेको आय वर्ष २०५२।०५३ को आय विवरणमा आफ्नै प्रोप्राइटरसीपमा सञ्चालित पशुपति स्टोन क्रसर उद्योगको विवरण समावेश नगरेको सन्दर्भमा कर कार्यालय विराटनगरले त्यस्तो लेखालाई आयकर ऐनको दफा ५८ बमोजिम अमान्य गरी दफा ३३(२) बमोजिम खुदआय कायम गरिने समेतको व्यहोरा उल्लेख गरी सो सम्बन्धमा सबूद प्रमाण भए पेश गर्नु भनी ३ दिनको म्याद दिई मिति २०५४।१०।१० मा पत्राचार गरिएको र सो पत्र सोही मितिमा नै बुझेको देखिन्छ । तर सो पत्रको कुनै जवाफ समेत नदिई प्रमाण समेत पेश नगरेको अवस्था हुँदा सम्पूर्ण व्यहोरा खुलाई ऐनको दफा ३३(४) बमोजिम मिति २०५४।१०।१५ मा पुनः ७ दिनको मौका प्रदान गरिएको भए तापनि सो म्यादभित्र समेत कुनै जवाफ दिएको अवस्था मिसिलबाट देखिँदैन । पुनरावेदक/प्रतिवादीले यस अदालतमा पुनरावेदनको अनुमतिका लागि दिएको निवेदनमा यथासमयमा जवाफ पेश गरेको भन्ने जिकीर लिएको भए तापनि त्यसरी कार्यालयसमक्ष उपस्थित भएको वा सबूद

प्रमाण पेश गरेको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट खुल्दैन । पशुपति स्टोन क्रसर उद्योग मिति २०५२।४।१५ देखि नै सञ्चालनमा आएको र सो उद्योगका लागि ५ वर्षको आयकर छुटको निर्णय मिति २०५४।३।१८ मा मात्र भएको भन्ने कुरा प्रतिवादीको निवेदनबाट देखिन्छ । आय विवरण पेश गरेको मिति अर्थात् २०५३।९।२९ सम्म सो उद्योगले आयकर छुट पाउने भन्ने निर्णय भैसकेको पनि देखिँदैन । निर्णय भै नसकेको विषयमा अनुमानका आधारमा आयकर छुट पाएको भनी दावी लिनसक्ने अबस्था हुँदैन । त्यसैले आयकर छुट पाएको कारणबाट विवरण पेश नगरिएको भन्ने प्रतिवादीको सो जिकीरसँग पनि सहमत हुन सकिएन । पशुपति स्टोन क्रसर उद्योगले आयकर छुट पाउने गरी आधिकारिक निकायबाट निर्णय नहुँदासम्म सो उद्योगलाई आयकर छुट भएको उद्योगको श्रेणीमा राख्न मिल्ने अवस्था नहुने हुँदा करदाताले आफ्नो आय विवरणमा सो उद्योगलाई बाहेक गर्न पाउने भन्न सकिँदैन । त्यसमाथि पनि आयकर निर्धारण पछि मात्र आयकर छुटको छुट्टै निर्णय गर्नुपर्ने ऐनको दफा ४२(२) र कर छुट पाएका करदाताले समेत आयको विवरण पेश गर्नुपर्ने दफा ४२(४) को बाध्यात्मक व्यवस्थाको रोहमा विवरण पेश गर्न नपर्ने भन्ने प्रतिवादीको कुनै पनि तर्क र जिकीर ग्राह्य हुन सक्ने देखिएन । तसर्थ करदाताले मिति २०५३।९।२९ मा पेश गरेको आय वर्ष २०५२।०५३ को आय विवरणमा पशुपति स्टोन क्रसर उद्योगको विवरण समेत समावेश गर्नु अनिवार्य हुने देखिन्छ ।

अब, उद्योगले पेश गरेको आ.व. २०५२।०५३ को आयव्ययको हिसाव विवरण आयकर ऐन, २०३१ को दफा ५६(२) बमोजिम झूठ्ठा विवरण भित्र पर्ने हो वा होइन ? भन्ने प्रश्नमा प्रवेश गर्दा यस अघिको प्रश्नमा गरिएको विवेचनालाई समेत आधार बनाउनु पर्ने देखिन्छ । करदाताले मिति २०५३।९।२९ मा पेश गरिएको आय विवरणमा आफ्नै प्रोप्राइटरसीपमा सञ्चालित पशुपति स्टोन क्रसर उद्योगको विवरण संलग्न नगरेको भन्ने कुरामा अब विवादको अवस्था छैन । कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा,व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिले आय वर्षभित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभका आधारमा आय निर्धारण गरिने ऐनको दफा ७ को व्यवस्थाबाट करदाताले आफूद्वारा सञ्चालित सबै उद्योग, व्यापार, पेशा वा व्यवसायको आय विवरण पेश गर्नुपर्ने भन्ने स्पष्ट हुन्छ । तर प्रस्तुत विवादमा यी करदाता अशोककुमार मुरारकाले एउटा उद्योगको आय विवरणलाई पूरै लुकाई विवरण पेश गरेको र पटक–पटक सबूद प्रमाणसहित विवरण पेश गर्ने मौका दिँदा समेत त्यसको वेवास्ता गरेको अवस्था हुँदा निजद्वारा मिति

२०५३।९।२९ मा पेश भएको आय विवरणलाई नै आधार बनाएर हेर्नुपर्ने अवस्था उत्पन्न भएको छ। तर सो विवरण अपूरो, अधुरो र आंशिक मात्र भै त्यसले निज करदाताको सम्पूर्ण आयको प्रतिनिधित्व गर्न नसक्ने प्रकृतिको देखिएको छ। यस्तो अवस्थामा कानूनमा के कस्तो व्यवस्था गरिएको रहेछ भन्नेतर्फ हेर्दा आयकर ऐनको दफा ५६(२) ले झूठा विवरणका सम्बन्धमा उल्लेख गरिएको पाइन्छ। उक्त ऐनको दफा ५६(२)(ख) मा गरिएको कानूनी व्यवस्थाअनुसार कुनै स्रोतबाट भएको आय पूर्ण वा आंशिक रुपमा दबाएको क्रियालाई पनि झूठा विवरण मानिने र प्रस्तुत मुद्दामा यी करदाताले एउटा उद्योगको सम्पूर्ण विवरण दबाएको पुष्टि भैरहेको हुँदा सो विवरण झूठा विवरण अन्तर्गत नै पर्ने देखियो।

अब, उद्योगले पेश गरेको आयको विवरण अमान्य गर्न सकिने अवस्था विद्यमान रहेको छ वा छैन? भन्ने अन्तिम प्रश्नमा विचार गर्दा, यी करदाताले पेश गरेको विवरण झूठा रहेछ भन्ने स्पष्ट भैसकेको सन्दर्भ महत्वपूर्ण हुन आउँछ। करदाताले पेश गरेको विवरण झूठा ठहरिएको अवस्थामा त्यस्तो विवरणलाई अमान्य गर्न सकिने नसकिने भन्ने नै यहाँ विचारणीय हुन आउँछ। आयकर ऐनको दफा ५८ मा लेखा अमान्य हुने केही आधारहरू तोकिएको देखिन्छ। उक्त ऐनको दफा ५८(ङ) मा गरिएको व्यवस्थाअनुसार दफा ५६ को उपदफा (२) मा तोकिएको कुनै वा सबै अवस्थाको लेखालाई अमान्य गर्न सकिने प्राबधान समेत रहेको देखिन्छ। दफा ५६ को उपदफा (२) को खण्ड (ख) मा कुनै स्रोतबाट भएको आय पूर्ण वा आंशिक रुपमा दबाएमा त्यस्तो आय विवरणलाई झूठ्ठा मानिने स्पष्ट व्यवस्था रहेको सन्दर्भमा प्रस्तुत मुद्दामा पेश भएको आय विवरण सोही प्राबधानका आधारमा झूठा देखिएको अवस्था हुँदा त्यस्तो झूठ्ठा विवरणलाई दफा ५८ बमोजिम अमान्य गर्न नसकिने भनी कानूनले कर अधिकृतलाई प्रदान गरेको अधिकारमा संकुचन गर्न मिल्ने हुँदैन।

तसर्थ माथि गरिएको विश्लेषण समेतका आधारमा करदाता अशोककुमार मुरारकाले आय वर्ष २०५२।०५३ का लागि पेश गरेको आय विवरणमा पशुपति स्टोन क्रसर उद्योगतर्फको आय विवरण समावेश नगरेको कारण समेत जनाई सो आय विवरणलाई कर कार्यालय विराटनगरले आयकर ऐन, २०३१ को दफा ५८ बमोजिम अमान्य गरी ऐनको दफा ३३(२) बमोजिम खुदआय कायम गरेको निर्णय सदर गरेको राजश्व न्यायाधिकरण विराटनगरको मिति २०५८।६।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन।"

प्रस्तुत मुद्दाको न्याय निरोपणका सिलसिलामा सम्मानित सर्वोच्च अदालतले तत्कालिन आयकर ऐन, २०३१ का दफा २(ग), दफा ७, दफा ४२(२), ४२(३), ४२(४) तथा दफा ५६(२) लगायतको न्यायिक व्याख्या गरेको देखिन्छ । प्रस्तुत मुद्दामा सम्मानित अदालतबाट देहाय बमोजिमका मार्गदर्शक सिद्दान्तहरु प्रतिपादन भएका छन ।

- *कुनै पनि करदाताले आयकर प्रयोजनका लागि पेश गर्ने विवरणमा आफूद्वारा सञ्चालित सबै उद्योग, व्यापार, पेशा वा व्यवसायबाट प्राप्त भएको सबै किसिमको मुनाफा वा लाभ समेतका विवरण समावेश गर्नुपर्ने ।*
- *कर छुट पाएका करदाताहरूले पनि आयको विवरण पेश गर्नुपर्ने र त्यस्तो विवरणका साथमा सो विवरणलाई पुष्टि गर्ने खालका सबै प्रमाणहरू दाखिल गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको अवस्थामा कर छुट पाएको भन्ने आधारमा कुनै पनि विवरण पेश गर्नु नपर्ने भन्ने तर्कको कानूनी आधार नदेखिने ।*
- *निर्णय भै नसकेको विषयमा अनुमानका आधारमा आयकर छुट पाएको भनी दावी लिन नसक्ने।*
- *कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा, व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिले आय वर्षभित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभका आधारमा आय निर्धारण गरिने ऐनको दफा ७ को व्यवस्थाबाट करदाताले आफूद्वारा सञ्चालित सबै उद्योग, व्यापार, पेशा वा व्यवसायको आय विवरण पेश गर्नुपर्ने ।*
- *कुनै स्रोतबाट भएको आय पूर्ण वा आंशिक रुपमा दबाएको क्रियालाई पनि झूठ्ठा विवरण मानिने ।*

ठूला करदाता कार्यालय बिरुद्द पशुपति सिमेन्ट प्रा.लि.[७]

प्रस्तुत मुद्दामा बिपक्षी करदाताले बैंकबाट कर्जा लिएर कच्चा पदार्थ खरिद गर्नको लागि पेश्की स्वरुप Diamond Cement लाई पैसा दिएको भने तापनि कच्चा पदार्थ नआएबाट जुन आ.व. मा जे प्रयोजनका लागि करदाताले कर्जा लिएको हो सोही प्रयोजनका लागि कर्जाको प्रयोग भएको नदेखिएको, बैंकबाट लिएको कर्जा व्यवसायिक प्रयोजनका लागि प्रयोग नभएको भन्ने समेतका आधारमा करदाताले कर्जा लिएको भनिएको अंकको रकम उपर दावी गरेको

---

[७] *ठूला करदाता कार्यालय बिरुद्द पशुपति सिमेन्ट प्रा.लि., ०७२-RB-०४५२*

ब्याज खर्च कट्टीलाई ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट अमान्य गरेकोमा सो हदको निर्णय राजस्व न्यायाधिकरण, काठमाण्डौबाट उल्टी भएको देखिन्छ । सोही विषयलाई लिएर सम्मानित सर्वोच्च अदालतको नियमित क्षेत्राधिकारभित्र रही वादी ठूला करदाता कार्यालयबाट सम्मानित सर्वोच्च अदालतमा अनुमतिको निवदन दायर भई अनुमतिको निस्सा पाए पश्चात् नियमित प्रकृयाबाट प्रस्तुत बिवादित बिषयमा मिति २०७४।०१।१९ मा फैसला भएको अवस्था छ । प्रस्तुत मुद्दाका सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले निम्न व्यहोराको ठहर गरेको देखिन्छ ।

ठहर खण्डः "...यसमा करदाता पशुपति सिमेन्ट प्रा.लि. ले बैंकबाट ऋण लिएर कच्चा पदार्थ आपूर्तिको लागि पेश्की स्वरुप Diamond Cement लाई रु.१,८९,२२,६५६।०० रकम दिएकोमा पटक-पटक पत्राचार गर्दा समेत कच्चा पदार्थ नपठाई आ.व. ०६४।०६५ मा मात्र केही रकम फिर्ता पठाएको र बाँकी सो कम्पनीले आ.व. ०६५।०६६ मा पठाएको भन्ने करदाताको जिकिर रहेको पाईयो । ठूला करदाता कार्यालयले आ.व. ०६४।०६५ को लागि कर निर्धारण गर्दा उल्लिखित रकमको ब्याज खर्चलाई छुट वा कट्टा नगरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करयोग्य आय भनी रु.७६,९१,६०३।०० कायम गरी संशोधित कर निर्धारण आदेश गरेको देखियो । सो आदेशउपर करदाताले आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा सो विभागले शुरु कर निर्धारण आदेशलाई सदर गरे उपर करदाताको पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरणले शुरु कर निर्धारण आदेश बदर गरेको देखियो । सो फैसलाउपर पुनरावेदन गर्न अनुमति प्रदान भई प्रस्तुत मुद्दा निर्णयार्थ पेश हुन आएको पाईयो ।

करदाता पशुपति सिमेन्ट प्रा.लि. ले Diamond Cement सँग कच्चा पदार्थ आपूर्तिको लागि भनी बैंकबाट ऋण लिएर पेश्की स्वरुप रकम पठाएकोमा पेश्की दिएको रकम मध्ये आ.व. २०६४।०६५ सम्ममा बाँकी रहेको भनिएको रु.१,०९,२२,६५६।०० को ब्याज कट्टा गर्न पाउने हो वा होईन? भन्ने नै निर्णय गर्नुपर्ने मूल प्रश्न रहेको छ ।

प्रस्तुत मुद्दासँग लगाउमा रहेको यिनै पक्ष बिपक्ष बीचको आ.व. २०६३।०६४ को आयकर सम्बन्धि ०७२-RB-०४५१ को मुद्दा आज यसै इजलासबाट फैसला हुँदा करदाता उद्योगले भारतीय Diamond Cement लाई बैंकबाट ऋण लिएर दिएको भनिएको पेश्की रकम बापत बैंकलाई बुझाउनु पर्ने आ.व. २०६३।०६४ को ब्याज बापतको रु.१२,११,०५०।०० रकमलाई आयकर ऐन, २०५८ को दफा १४(१) बमोजिम खर्च कट्टी गर्न नपाउने भनी

फैसला भएको छ । सो मुद्दामा फैसला गर्दा ग्रहण गरिएका समान कारण, आधार र प्रमाणबाट समान प्रकृतिको प्रश्न समावेश भएको देखिँदा करदाताको आ.व. २०६४।०६५ को कारोवारमा खर्च भएको नदेखिएको रकम बापतको ब्याज खर्च भनी छुट दिन मिल्ने देखिएन । तसर्थ राजस्व न्यायाधिकरण, काठमाण्डौको मिति २०६९।०३।२७ गतेको फैसला आयकर ऐन, २०५८ को दफा १४(१)(क)(ख) बिपरित भई त्रुटीपूर्ण हुँदा उल्टी भई आ.व. २०६४।०६५ को ब्याज खर्च रु.१०,०१,६०८।०० लाई खर्च कट्टी गर्न नपाईने गरी ठूला करदाता कार्यालयले मिति २०६७।०४।२७ गते गरेको संशोधित कर निर्धारण आदेशलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।०७।१७ गतेको अन्तिम कर निर्धारण आदेश सदर हुने ठहर्छ ।अरुमा तपसिल बमोजिम गर्नु ।"

प्रस्तुत मुद्दाका सन्दर्भमा बिपक्षी करदाताले ब्याज खर्चका रुपमा खर्च कट्टीको दावी लिएको रकमका सम्बन्धमा उक्त रकम जुन आ.व. मा जे प्रयोजनका लागि लिएको हो सोही प्रयोजनमा खर्च नभएको तथा ब्यवसायको आय आर्जनसँग सम्बन्धित रहेको नदेखिएको भनी खर्चको दावीलाई अस्वीकार गरेको कर कार्यालयको निर्णय नै सम्मानित अदालतको फैसलाबाट अनुमोदित भएको देखिन्छ । जसबाट खर्च कट्टीको दावी लिने पक्षमा प्रमाणको भार रहने तथा कुनै पनि रकमको मौद्रिक मूल्य हुने अवधारणा समेत स्थापित हुन पुगेको छ ।

विष्लेषणात्मक निष्कर्ष

मुलुकको आर्थिक विकासको लागि राजस्व संकलन गर्ने प्रकृयालाई प्रभावकारी बनाई राजस्व परिचालनलाई अभिवृद्धि[८] गर्ने मूलभुत उद्देश्यका साथ पछिल्लो समयमा आयकर ऐन, २०५८ जारी भई कार्यान्वयनको अवस्थामा छ । आयकर ऐन, २०५८ को कार्यान्वयन तथा प्रशासन गर्ने मुख्य कार्यकारी निकायका रुपमा आन्तरिक राजस्व विभाग रहेको छ[९] भने यस मातहत बिभिन्न राजस्व कार्यालय, करदाता कर्यालय तथा करदाता सेवा कार्यालयहरु सेवा प्रदायक सरकारी निकायहरुका रुपमा क्रियाशिल छन ।

आयकर ऐन, २०५८ स्वयंकर निर्धारण पद्धतीमा आधारित भएकोले आफ्नो कर दायित्व यकिन गरी कर निर्धारण गर्ने अधिकार करदाता स्वयंलाई रहेको छ भने करदाताले गरेको स्वयं कर निर्धारणमा संसोधित कर निर्धारण गर्ने अधिकार कर अधिकृतलाई दिएको छ ।

---

[८] आयकर ऐन, २०५८ को प्रस्तावना

[९] ऐजन, दफा २(कत), ७२(१)

कर अधिकृतले गरेको कर निर्धारण आदेशमा चित्त नबुझेका अवस्थामा करदाताले सो आदेश उपर आयकर ऐन, २०५८ को दफा ११५ बमोजिम आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष प्रशासकिय पुनरावलोकनको निवेदन दिन सक्ने तथा प्रशासकिय पुनरावलोकनबाट पनि आफ्नो सुनुवाई नभएमा ऐ. ऐनको दफा ११६ ले राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने कानूनी मार्ग प्रशस्ती गरेको देखिन्छ । त्यसैगरी, राजस्व न्यायाधिकरणबाट हुने फैसला उपर पुनरावेदनको अनुमतिको निवेदन मार्फत् सम्मानित सर्वोच्च अदालतमा यस्ता प्रकृतिका मुद्दाले प्रवेश पाउने अवस्था छ । सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदनको अनुमतिको निस्सा पाएका अवस्थामा कर सम्बन्धि बिवादलाई पुनरावेदनका रुपमा अन्तिम कारबाही किनारा सम्मानित सर्वोच्च अदालतले लगाउने गर्दछ । पुनरावेदनको अनुमतिका लागि सम्मानित सर्वोच्च अदालतमा कर कार्यालय तथा करदाता दुबै पक्षले प्रवेश पाउँदछन ।

पछिल्लो समय कर निर्धारणसँग सम्बन्धित बिवादका विषयहरु तिब्रतर रुपमा बढदो क्रममा रहेको देखिन्छ । प्रशासकिय पुनरावलोकनको रोहबाट आन्तरिक राजस्व विभागले निर्णय गर्नुपर्ने मुद्दाहरुको लगतका सम्बन्धमा हेर्दा उक्त विभागमा प्रशासकिय पुनरावलोकनका लागि परेका निवेदनहरु मध्ये आ.व. २०७४।०७५ सम्मको तथ्यांकलाई हेर्दा उक्त आ.व. मा आ.व. २०७३।०७४ बाट जिम्मेवारी सरेर आएका निवेदन संख्या जम्मा १०४७ तथा आ.व. २०७४।०७५ मा दर्ता भएका निवेदन संख्या जम्मा ४०६ गरी जम्मा १४५३ थान निवेदन रहेकोमा उल्लिखित आ.व. को आखिरीसम्ममा जम्मा १७४ थान निवेदन मात्र फर्छ्यौट भई जम्मा १२७९ निवेदन आ.व. २०७५।०७६ का लागि जिम्मेवारी सरेर आएको देखिन्छ ।[१०] प्रस्तुत तथ्यलाई हेर्दा प्रशासकिय पुनरावलोकनका रोहबाट आन्तरिक राजस्व विभागमा उल्लेख्य संख्यामा करदाताका मुद्दाहरु फर्छ्यौट हुन बाँकी हालतमा देखिन्छन । त्यसैगरी, सम्बन्धित कर कार्यालयबाट माग भए बमोजिमका सक्कल मिसिलहरु समयमा उपलब्ध हुन नसकेका समेतका कारणहरुबाट सम्बन्धित राजस्व न्यायाधिकरण एवं सम्मानित सर्वोच्च अदालत समेतमा उल्लेख्य संख्यामा राजस्व सम्बन्धि धेरै पुराना मुद्दाहरु फर्छ्यौट हुन बाँकी रहेको अवस्था र स्थिति छ । यस अघि कर सम्बन्धि बिवादहरुको निरोपणका लागि कर फर्छ्यौट आयोग समेत गठन भएको एवं प्रशासनिक काम कारवाहीका सिलसिलामा सक्कल मिसिलहरुको आन्तरिक एवं अन्तर निकाय Mobility हुनुपर्ने कारण

[१०] आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन, २०७४।०७५

समेतबाट करदाताहरुका पुराना मुद्दाहरु फर्छ्यौटमा यदाकदा समस्या देखिँदै आएको पाईन्छ । तथापी यस्ता किसिमका समस्याहरु सम्बन्धित कर कार्यालय एवं न्यायिक निकायहरुको अन्तर निकाय समन्वयबाट सहज बन्दै आईरहेको अवस्था छ । अर्कातर्फ, निर्धारित कर तिर्नुभन्दा न्यायिक, अर्धन्यायिक निकायमा मुद्दामा गई बिवादलाई तन्काउन र अल्मल्याउन सहज देख्ने केही करदाताहरुको परिपाटिबाट समेत राजस्व सम्बन्धि मुद्दाहरुको प्रवृत्ति बढ्दो क्रममा देखिन्छ ।

मुद्दा फर्छ्यौटमा हुने ढिलाईका कारणबाट मुद्दामा रहेका करदाताहरुबाट प्राप्त हुन सक्ने सम्भावित राजस्व रकम समेत प्रभावित बन्न पुगेको अवस्था छ । त्यसैगरी, न्यायका लागि बैकल्पिक कानूनी मार्ग रहँदा रहँदै सम्मानित सर्वोच्च अदालतको रिट क्षेत्राधिकार मार्फत् कर निर्धारणका प्रारम्भिक चरणदेखि नै करदाता सर्वोच्च अदालतमा मुद्दामा जाने परिपाटि समेतबाट कर कार्यालयले गर्ने कर निर्धारणका विषयहरु प्रभावित हुने गरेको र त्यसबाट राजस्व संकलनको समग्र प्रकृया समेतमा गम्भिर असर पर्दै आएको अवस्था र स्थिति छ ।

कर सम्बन्धि बिवादमा सम्मानित सर्वोच्च अदालतबाट भएका फैसलाहरु सम्बद्द निकायहरुका लागि अन्तिम र बाध्यकारी रहन्छन् । सम्मानित अदालतमा करका बिवादहरुको संख्या उच्च रहेता पनि फर्छ्यौट भएका मुद्दाहरुको संख्या भने न्यून नै देखिन्छ। पछिल्ला दिनमा सम्मानित सर्वोच्च अदालतबाट यस्ता मुद्दाहरुमा अनुमति नहुने भन्ने आदेश भएका अवस्थामा उक्त आदेशको पूर्णपाठ आउने गरेको नदेखिएबाट अनुमति नहुने आधार र कारण पहिचान हुन नसकेको अवस्था छ । कुनै पनि कर सम्बन्धि मुद्दाहरुमा सम्मानित सर्वोच्च अदालतबाट भएका फैसलाहरुका हकमा त्यस्ता फैसलाहरु कर कार्यालयमा प्राप्त हुनासाथ मुद्दासँग सम्बन्धित शाखाहरु मार्फत् कार्यान्वयनका चरणमा प्रवेश गर्ने गरेको अवस्था छ ।

सम्मानित अदालतबाट हुने फैसलाको कार्यान्वयनको पक्षलाई सुदृढ बनाउने सन्दर्भमा सम्बद्द सबै व्यक्ति तथा निकायहरुको समान भूमिका अपरिहार्य रहन्छ । करका सम्बन्धमा बिवाद नै सिर्जना नहुने भन्ने अवस्था नरहन सक्दछ । कर सम्बन्धि बिवादलाई कम गर्ने सबालमा कानूनको सही प्रयोग तथा न्यायिक मन र मनासिव आधार, कारणसहितको निर्णय एवं स्पष्ट बिभागीय धारणाको बिकल्प देखिँदैन । यसका अलावा कर सम्बन्धि कानूनमा देखिएका छिद्रहरुलाई समसामयिक ढंगले सम्बोधन गर्न सकिएका अवस्थामा समेत करका बिवाद घट्न सक्ने देखिन्छ ।

नेपाल सरकारको हित निहित कर सम्बन्धि मुद्दाहरुलाई सफलताको टुंगोमा पुर्याउनका लागि सम्बद्द सबै सरकारी निकायहरुबीच कार्यगत समन्वयको जरुरी छ । सरकारी वकीलको कार्यालयबाट हुने सुदृढ बहस, पैरवी तथा प्रतिरक्षा नै मुद्दा सफलताको प्रारम्भिक आधार हो । यसका लागि कर प्रशासन र सरकारी वकील कार्यालय दुबै मिलि बिवादित विषयका सम्बन्धमा पर्गेल्ने, कर कार्यालयबाट बिवादित मुद्दाको सक्कल मिसिल सम्बन्धित न्यायालयमा समयमा नै उपलब्ध गराउने र प्रतिरक्षाका लागि सम्बन्धित सरकारी वकील कार्यालय समेतलाई सोको नक्कल प्रति उपलब्ध गराउने तथा सम्मानित अदालतलाई करको बिवादका बारेमा प्रष्ट ढंगबाट बिश्वस्त तुल्याउनु जरुरी देखिन्छ ।

सन्दर्भ सामाग्री

कानून

नेपालको संबिधान

आयकर ऐन, २०३१

आयकर ऐन, २०५८

आयकर नियमावली, २०५९

आयकर निर्देशिका, २०६६

संस्था दर्ता ऐन, २०३४

बित्तिय मध्यस्थता सम्बन्धि ऐन, २०५५

प्रतिवेदन/प्रकाशन

आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन, २०७४।०७५

श्री सर्वोच्च अदालतबाट भएका कर सम्बन्धि फैसला/नजिरहरुको संग्रह, २०७३ (प्रकाशकः नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग)

मुद्दा

ठूला करदाता कार्यालय बिरुद्द जीवन विकास समाज

बद्रीकुमार प्याकुरेल बिरुद्द नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाण्डौ समेत

ठूला करदाता कार्यालय बिरुद्द प्राईम ईन्टरनेशनल प्रा.लि.

पशुपति वायर प्रोडक्टस्, बिराटनगर बिरुद्द आन्तरिक राजस्व कार्यालय, बिराटनगर

ठूला करदाता कार्यालय बिरुद्द पशुपति सिमेन्ट प्रा.लि.

cfos/ P]gdf s/ 5'6 ;DaGwL Joj:yf / Goflos b[li6sf]0f

नगेन्द्र लम्साल◊

१.पृष्ठभूमि

राज्यको राजश्व संकलनको प्रमुख माध्यम नै कर हो । जनताबाट उठेको कर रकम राज्य सञ्चालकहरूबाट राज्य सञ्चालनमा प्रयोग गरिन्छ । नेपाल सरकारले आन्तरिक स्रोतबाट प्राप्त गर्ने राजश्वको आय मध्ये प्रमुख स्रोत कर हो । कर राज्य परिचालनको प्रमुख स्रोत हो । नेपालको संविधानको धारा ११५(१) मा ×कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन" भन्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार नेपाल सरकारले कर उठाउनका लागि कर सम्बन्धी कानूनहरूको निर्माण गरी कार्यान्वयन गरेको छ । नेपालमा राज्य व्यवस्थाको सुरूवातसँगै सरकारले करलाई राजश्वको प्रमुख स्रोतको रूपमा लिदै आएको छ ।

नेपालमा आयकरको सुरुवात भने वि.सं. २०१६ सालबाट भएको पाइन्छ । वि.सं. २०१६ सालमा आर्थिक ऐनमार्फत आयकर कार्यान्वयनमा ल्याइएको हो । यस ऐनले पहिलो पटक पारिश्रमिक र व्यापार मुनाफामा ५ देखि २५ प्रतिशतसम्म कर लगाउने व्यवस्था गरेको थियो । यसमा करका दशवटा दर रहेका थिए भने उद्योग व्यवसायमा २५ प्रतिशत र साना तथा घरेलु उद्योगमा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको थियो । यसले उद्योग, साना तथा घरेलु उद्योग खोल्न तथा सञ्चालन गर्न प्रोत्साहन गरेको देखिन्छ ।[१] वि.सं. २०१७ साल जेठ २ गते २२ वटा दफा भएको आयकर ऐन जारी गरियो । यस ऐनमा करका दरहरू नतोकी आर्थिक ऐनबाट वार्षिक रूपमा तोक्ने गरी व्यवस्था भएको थियो । यो ऐनलाई नेपाल आयकर ऐन, २०१९ ले विस्थापित गरेको थियो । नेपाल आयकर ऐन, २०१९ मा २९ वटा दफा रहेका थिए भने आयका स्रोत व्यापार, पारिश्रमिक, पेसा वा व्यवसाय, घरजग्गा वहाल, नगदी वा जिन्सी लगानी, खेती, बिमा व्यवसाय, एजेन्सी र अन्य स्रोत गरी ९ वटा रहेका थिए । यो ऐन २०१९ श्रावण ९ गतेदेखि लागू भै २०३१

◊ शाखा अधिकृत, विशेष सरकारी वकील कार्यालय

[१]ध्रुवराज ज्ञवाली, *नेपालमा आयकर व्यवस्था,* राजस्व, वर्ष ३८, अंक २, असार, पृष्ठ १५५, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, ललितपुर, नेपाल, (२०७५) ।

कात्तिक ४ सम्म कार्यान्वयनमा रहेको थियो ।[२] आयकर ऐन, २०१९ लाई विस्थापित गरेर वि.सं. २०३१ कात्तिक ५ मा आयकर ऐन, २०३१ जारी भएको थियो । यस ऐनमा ६६ वटा दफा रहेका थिए । यस ऐनले आयका शीर्षकहरूलाई कृषि, पारिश्रमिक, उद्योग व्यापार पेसा वा व्यवसाय, घरजग्गा वहाल र अन्य स्रोत गरी ५ भागमा वर्गीकरण गरेको थियो ।[३]

नेपालमा वि.सं. २०५८ साल चैत १९ गतेदेखि मौजुदा आयकर ऐन २०५८ कार्यान्वयनमा रहेको छ । यो ऐन शुरू हुँदा आयका शिर्षकहरू व्यवसाय, रोजगारी र लगानीको आय गरी तीनवटा रहेका थिए । वि.सं. २०६६ साउन १ गतेदेखि आकस्मिक लाभलाई पनि आयका शीर्षकमा थप गरेकाले आयका शीर्षकहरू चारवटा भएका छन् ।

करको प्रभावका कारण बजारमा स्वतः बढ्नुपर्ने आर्थिक गतिविधिमा आउने चुनौती वा धक्का र असफलतालाई रोक्न कर छुटको व्यवस्था कर कानुनमा गरिएको हुन्छ ।[४] नेपालको आयकर ऐन २०५८ को परिच्छेद ४ को दफा १० देखि १२ मा छुट हुने रकमहरू र अन्य छुटहरू सम्बन्धी व्यवस्था उल्लेख छ ।

यस लेखमा करको परिभाषा, आयकरको परिभाषा, कर छुटको संक्षिप्त चर्चा, आयकर ऐन २०५८ मा भएको कर छुट सम्बन्धी व्यवस्थाको चर्चा र सर्वोच्च अदालतबाट कर छुट सम्बन्धमा भएका फैसला र आदेशहरूको विश्लेषण गरिएको छ ।

२. करको परिभाषा

सरकारले व्यक्तिको आय, सम्पत्ति वा कारोबारमा अनिवार्य असुल गर्ने रकम कर हो । करदाताले सरकारबाट प्रत्यक्ष सुविधा वा प्रतिफलको आशा नगरी कानून बमोजिम अनिवार्य रूपमा बुझाउनुपर्ने रकम कर हो । कर मुख्य रूपमा दुई किसिमका हुन्छन् । प्रत्यक्ष कर र अप्रत्यक्ष कर ।

प्रत्यक्ष कर आफैले तिर्नुपर्ने कर हो ।व्यक्तिले करको दायित्व अरूमा सार्न पाउँदैन । कर सम्बन्धी विवरण पनि आफैले बुझाउनुपर्छ ।प्रत्यक्ष कर आय र सम्पत्तिमा बुझाउनुपर्छ । आयकर प्रत्यक्ष कर अन्तर्गत पर्दछ ।

---

[२] ऐजन

[३] ऐजन

[४]बलराम रिजाल, *नेपालमा कर छुट/सहुलियत व्यवस्थाः एक समिक्षा,* स्मारिका, पृष्ठ ४७, आन्तरिक राजस्व विभाग, काठमाडौं, नेपाल, (२०७५) ।

अप्रत्यक्ष करको भार अन्य व्यक्तिमा सार्न सकिन्छ । वस्तु वा सेवाको कारोबारमा अप्रत्यक्ष कर लाग्छ । यस प्रकारको करको अन्तिम भार उपभोक्तामा पर्छ । मूल्य अभिवृद्धि कर, अन्तशुल्क र भन्सार महसुल अप्रत्यक्ष कर अन्तर्गत पर्दछ ।

कानून, विधान, वा संविधान अन्तर्गत सरकार वा वैधानिक अधिकारीद्वारा सार्वजनिक हित वा विकासमा खर्च गर्ने उद्देश्यका लागि व्यक्ति, फर्म, संगठन वा कम्पनीमाथि भुक्तानीको अनिवार्यता हुने गरी, तत्काल प्रत्यक्षतः कुनै फाइदा प्रदान नगरिकन आय, सम्पत्ति, उपभोग वा खर्चबापत निश्चित प्रकृया एवं मापदण्डअनुरूप लगाएर संकलन गरिने स्रोतलाई कर भनिन्छ ।[५]

३. आयकरको परिभाषा

आयकर ऐन, २०५८ को परिभाषा खण्डको दफा २(ज) मा "आय" भन्नाले कुनै व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय सम्झनु पर्छ र सो शब्दले यस ऐन बमोजिम गणना गरिएको सो आयको कूल रकमलाई समेतलाई जनाउँछ ।

आयकर शब्द स्वयमले "आय" भएमा "कर" लाग्ने कुरा बोध हुन्छ । यसरी कसैले "आय" आर्जन गरेको छ वा छैन, के कति आय आर्जन गरेको छ वा छैन, के कति आय आर्जन गरेको छ वा छैन, के कति आय आर्जन गरेको छ भनी यकिन गर्न कानूनले केही खास सर्त र मापदण्ड निर्धारण गरेको पाइन्छ ।[६]

आयकर व्यक्तिले आर्जन गरेको आयमा कानून बमोजिम सरकारलाई तिर्नुपर्ने कर हो ।

४. कर छुटको संक्षिप्त चर्चा

व्यक्तिले गरेका आय अन्तर्गत पनि कर योग्य आय र कर छुटका आयहरू पर्ने गर्छन् । कर छुट हुने रकम भन्नाले रकम प्राप्त गर्ने व्यक्तिले आय गणना गर्ने प्रयोजनको लागि रोजगारी, व्यवसाय वा लगानीको आयमा समावेश गर्नु नपर्ने रकमहरूलाई बुझाउँछ ।[७]

---

[५] डा. चन्द्रमणि अधिकारी, नेपालको कर कानुन, दोस्रो संस्करण, पैरवी प्रकाशन, काठमाडौं, नेपाल, पृष्ठ ७, (२०७३) ।

[६] नेकाप २०७५, भाद्र, नि.नं. १०००५, पृष्ठ ८५१ (ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर वि. पशुपति सिमेन्ट प्रा.लि. को तर्फबाट ऐ. का अधिकारप्राप्त वीरेन्द्रकुमार संघाई)

[७] आयकर निर्देशिका, २०६६ (दोस्रो संसोधन, २०७३ सहित), पृष्ठ १५५ ।

करको भार घटाउने गरी केही वा सम्पूर्ण कर हटाउनु नै कर सहुलियत वा कर छुट हो । कुनै विशेष आर्थिक क्रियाकलापलाई प्रोत्साहन गर्न वा सुविधा दिन कर छुट दिइन्छ । प्रत्यक्ष करका कारण कुनैपनि कारोबार वा क्रियाकलाप वा लगानी गर्दा बढी भार भयो वा लागत बढ्यो भनी करलाई घटाउनु नै कर छुट सुविधा हो ।कर सहुलियत वा छुट करका दर वा रकम वा भुक्तानी जुनसुकै स्वरूपमा पनि हुन सक्दछ ।[८]

सरकारलाई प्रत्येक व्यक्तिले आफूले गरेको आम्दानीमा कर तिर्नुपर्ने कानूनी व्यवस्था रहेको हुन्छ । कानूनमा नै केही अवस्थामा सरकारलाई व्यक्तिले कर तिर्नु पर्दैन वा कम तिरे पुग्छ । कर योग्य आय निर्धारण गर्दा कुनै व्यक्ति, निकाय वा संस्थाले समावेश नगर्नुपर्ने आय नै कर छुटको आय हो ।

"करदाताले गरेको खर्च वास्तविक, प्रमाणिक र कानूनद्वारा तोकिएको सर्त वा सीमाभित्र रहेर गरिएको भएमा मात्र छुट वा कट्टी गर्न पाउने हुन्छ ।खासगरी व्यापारिक कारोबारको सिलसिलामा खर्च कट्टी हुनका लागि आय आर्जनका लागि भएको वास्तविक खर्चलाई मात्र कानूनले तोकेको सीमा र परिधिभित्र रहेर कट्टी वा छुट दिन सकिने अवस्था रहन्छ ।"[९]

५. आयकर ऐन २०५८ मा कर छुट सम्बन्धी व्यवस्था

आयकर ऐन, २०५८ को दफा २ (ध) मा छुट पाउने संस्था सम्बन्धी ब्यवस्था उल्लेख छ । जस अनुसार (१) कर छुट पाउने संस्थाको रूपमा विभागमा दर्ता भएका (क) नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था, (ख) सामाजिक वा खेलकूद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले सो संस्था वा त्यसका सदस्यहरूले लाभ नलिने गरी गठन भएको अव्यवसायी (एमेच्योर) खेलकूद संस्था, (२) निर्वाचन आयोगमा दर्ता भएका राजनैतिक दल । तर छुट पाउने संस्थाको उद्देश्य अनुसार कार्य सम्पन्न हुँदा वा कुनै व्यक्तिद्वारा सो संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवा वापतको कुनै भुक्तानी गर्दाबाहेक सो संस्थाको सम्पत्ति र सो संस्थाले प्राप्त गरेका रकमबाट कुनै व्यक्तिलाई कुनै फाईदा पुर्याएको भए त्यस्तो संस्थालाई यस खण्ड बमोजिम कर छुट हुने छैन ।

---

[८] पूर्ववत, ४ ।

[९] पूर्ववत, ६ ।

आयकर ऐन, २०५८ को परिच्छेद ४मा छुट हुने रकमहरू र अन्य छुटहरू शीर्षक अन्तर्गत दफा १० देखि दफा १२ एवं अनुसूची १ मा छुट हुने आयहरू एवं करयोग्य आयबाट घटाउन पाउने रकमहरूका सम्बन्धमा उल्लेख गरेको छ ।प्राकृतिक व्यक्तिले करयोग्य आय गणना गर्दा ऐनको अनुसूची १ मा उल्लेख भए बमोजिम कर योग्य आयबाट घटाउन पाउने आशिंक छुट रकमहरूको उल्लेख गरिएको छ ।

दफा १० अनुसारका आयमा कर छुटको व्यवस्था गरेको छ । जसमा मुख्य रूपमा सन्धी वा सम्झौता अन्तर्गत छुट सुविधा प्राप्त व्यक्ति, रोजगारीको कारणले मात्र वासिन्दा वा गैर बासिन्दा भएको तथा विदेशी राष्ट्रको सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिको निकटस्थ परिवारको सदस्यले विदेशी राष्ट्रको सरकारी कोषबाट पाउने भुक्तानी रकम नेपालमा भुक्तानी प्राप्त गरेको रकम, कर तिर्नु नपर्ने शर्तमा नेपाल सरकारको सेवामा नियुक्त भएका गैर नेपाली नागरिकले प्राप्त गरेको रकम, नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट सामाजिक सुरक्षाको रूपमा दिईने सबै प्रकारका भत्ता, उपहार, इच्छापत्र, अपुताली वा छात्रवृत्तिको रूपमा प्राप्त रकमहरू, छुट पाउने संस्थाले प्राप्त गरेको चन्दा, उपहार, छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित अन्य योगदानहरू, नेपाल धितोपत्रबोर्डले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम, विदेशी राष्ट्रको सेना वा प्रहरीबाट अवकाश प्राप्त गरेको नेपाली नागरिकले सो राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको निवृत्तिभरण बापतको रकम, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको जुनसुकै प्रकारको आय र नेपाल राष्ट्र बैंकले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम रहेका छन् ।

दफा ११ मा व्यवसायिक छुट तथा सुविधाहरू अन्तर्गत विभिन्न मापदण्डको आधारमा कर छुट दिने व्यवस्था गरेको छ । यस्तो मापदण्डमा कृषि आम्दानी, कृषि तथा वन पैदावरमा आधारित सहकारी, गाउँपालिकामा रहेका लघु वित्त संस्था, ग्रामीण विकास बैंक, हुलाक बचत बैंक, बचत तथा ऋण सहकारी संस्था, तोकिएको संख्याभन्दा बढीलाई रोजगारी दिने विशेष उद्योग, सूचनाप्रविधि उद्योग, अति अविकसित, अविकसित र अल्पविकसित क्षेत्रमा स्थापित विशेष उद्योग, खनिज, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण तथा उत्खनन गर्ने उद्योग, जलविद्युतको व्यापारिक उत्पादन, प्रसारण र वितरण, उत्पादनमूलक उद्योगको वस्तु निकासी, सडक, पुल, विमानस्थल, सुरुङमार्ग निर्माण र सञ्चालन, अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनी तथा तोकिएको पुँजी लगानी गर्ने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगको लागि विभिन्न करको दरमा छुट व्यवस्था गरेको छ ।

यसैगरी दफा १२ मा विभागबाट स्वीकृत प्राप्त कर छुट पाउने संस्थाहरूलाई दिइएको चन्दा उपहारलाई कर योग्य आय गणना गर्दा तोकिएको रकम वा समायोजित आयमा केहि प्रतिशत घटाउन पाउने व्यवस्था गरेको छ ।

यसैगरी परिच्छेद ५ मा दफा १३ देखि २१ सम्म कुनै व्यक्तिले कुनै आय वर्षमा आय गणना गर्दा कारोबारसँग सम्बन्धित तोकिएको विभिन्न खर्चहरूमा कट्टी हुने रकमहरूको व्यवस्था गरेको छ । दफा १३ मा सामान्य कट्टी, दफा १४ मा व्याज कट्टी, दफा १५ मा ब्यापार मौज्दातको लागतको खर्च कट्टी, दफा १६ मर्मत तथा सुधार खर्च, दफा १७ प्रदुषण नियन्त्रण खर्च, दफा १८ अनुसन्धान र विकास खर्च, दफा १९ ह्रासकट्टी खर्च, दफा २० व्यवसाय वा लगानीबाट नोक्सानी र दफा २१ मा कट्टी नपाउने खर्चहरू उल्लेख छ ।

नेपालको आयकर ऐन, २०५८ ले बासिन्दाको सिद्धान्तलाई अँगालेको छ । नेपालको बासिन्दा व्यक्तिको आय संसारभर जहाँ भए पनि नेपालमा कर तिर्नुपर्ने व्यवस्था छ । यसले व्यक्तिलाई दोहोरो करबाट मुक्ति दिन नेपाल बाहिर आर्जित आयमा विदेशी मुलुकमा तिरेको आयकर मिलान गर्न पाउने व्यवस्था गरेको छ ।

आयकर ऐन, २०५८ को दफा ७३(१) ले "कुनै व्यक्तिको कुनै आयमा यस ऐन वा प्रचलित कानून बमोजिम कर लाग्ने व्यवस्था भएको र सोही आयमा विदेशी मुलुकमा पनि कर लाग्ने रहेछ भने यस्तो दोहोरो कर नलाग्ने गर्न नेपाल सरकारले विदेशी सरकारसित अन्तराष्ट्रिय सम्झौता गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार नेपालले "दोहोरो करमुक्ति तथा वित्तिय छल निरोध सम्झौता" १० देशहरूसँग सम्पन्न गरेको छ । नेपालले पहिलो "दोहोरो करमुक्ति तथा वित्तिय छल निरोध सम्झौता" सन् १९८७ मा भारत सरकारसँग गरेको थियो र सो सम्झौता विस्थापित गरी सन् २०११ मा नयाँ सम्झौता गरिएको छ ।यस्तो सम्झौता भारत लगायत नर्वे, थाईल्याण्ड, श्रीलंका, मौरिसस, अष्ट्रिया, पाकिस्तान, चीन, गणतन्त्र कोरिया र कतार रहेका छन् ।

६. कर छुट सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला र आदेशहरूको विश्लेषण

सर्वोच्च अदालतबाट कर छुट सम्बन्धमा आयकर ऐन, २०५८ सम्बद्ध फैसला र आदेशहरूको संक्षिप्त विश्लेषण गरिएको छः

इष्टर्न सुगर मिल्स लिमिटेड, अमाहिवेल्हा, सुनसरीको तर्फबाट अधिकारप्राप्त ऐ. कम्पनीका सञ्चालक दिवाकर गोल्छा विरुद्ध नेपाल सरकार, उद्योग मन्त्रालय समेत [१०]

प्रस्तत रिट निवेदन उत्प्रेषण मिश्रित परमादेश मागका लागि सर्वोच्च अदालतमा दायर गरिएको थियो । रिट निवेदन कर छुटका सम्बन्धमा आयकर ऐन २०५८ र अन्य ऐन बीचको अन्तरसम्बन्धसँग सम्बन्धित रहेको छ । रिट निवेदन आयकर ऐन, २०५८ को कारणबाट औद्योगिक व्यवसाय ऐन, २०४९ ले प्राप्त गरीसकेको सुविधाहरू अपहरण हुन सक्छ सक्तैन भन्नेमा विवाद सिर्जना भएको देखिन्छ ।

आयकर ऐन, २०५८ ले औद्योगिक व्यवसाय ऐन, २०४९ अन्तर्गत दर्ता भै उत्पादन समेत सुरु गरिसकेका उद्योगहरूलाई दिएका सुविधाहरू खोस्न सक्तैन । कुनै ऐनको कुनै प्रावधानको व्याख्या गर्दा सँगसँगै क्रियाशील अर्को ऐनको कुनै प्रावधानको प्रतिकूल अर्थ गरी व्याख्या गर्नु हुँदैन । यसरी कुनै ऐनमा अस्थित्वमा रहेको कुनै प्रावधान संविधानसँग नबाझिए सम्म त्यस्ता प्राबधानको प्रभावकारितामा कुनै कमि आउन सक्तैन । यस्ता कानूनलाई जीवन्त कानूनको रुपमा प्रयोग गर्नुपर्दछ । अन्य ऐनको कुनै प्रावधानको प्रयोगमा कुनै द्विविधा उत्पन्न भएमा दुवै कानूनको Harmonious Interpretation गर्नु पर्दछ। विधायिकाले सबै कानूनको प्रभावकारिताको अपेक्षा गरी कानून निर्माण गरेको हुन्छ ।

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २९ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुरामा सोहीबमोजिम हुने भन्ने प्रावधानले निवेदक उद्योगले पाएको सुविधा आयकर ऐन, २०५८ द्वारा अपहरण गर्न मिल्ने देखिएन । माथि भनियो औद्योगिक व्यवसाय ऐन, २०४९ कर भन्सार आदिमा सुविधा दिने कानून हो । दफा २९ ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि यसै ऐनबमोजिम हुने भनेको हुँदा यस ऐनको दफा १५ र १६ ले दिएको सुविधा यस ऐनमा तोकिएको अवधि भर कुनै अर्को ऐन वा यसै ऐन संशोधन गरेर परिवर्तन हुन सक्दैन ।

औद्योगिक व्यवसाय ऐन, २०४९ को तत्कालीन प्रावधान १५(ग) (द) र १६(ङ) को आयकर छूटको सुविधा ऐ. ऐनको दफा २०(३) बमोजिम तोकिएको अवधि सम्म प्राप्त गर्नेमा छूट सुविधा नदिने गरी भएको एकद्वार समितिको मिति २०६३।९।२० को निर्णय र सोलाई सदर गर्ने औद्योगिक प्रवर्धन बोर्डको मिति २०६५।८।१८ को निर्णयहरू

---

[१०] नेकाप २०६८, वैशाख, नि.नं. ८५४२, पृष्ठ १२३

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २०(३) तथा दफा २९ को प्रतिकूल हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदन मागबमोजिम औद्योगिक व्यवसाय ऐन, २०४९ को तत्कालीन प्रावधान दफा १५(ग)(द) र १६(ङ) को आयकर छूटको सुविधा प्राप्त हुने सर्वोच्च अदालतको संयुक्त इजलासले मिति २०६७/१०/१२ मा आदेश गरेको थियो ।

प्रस्तुत रिटले कुनै अघिल्लो ऐनले उद्योगलाई प्रदान गरिरहेको आयकर छुटको सुविधा आयकर ऐन २०५८ ले कटौती गर्न नसक्ने भनी ब्याख्या गरेको छ ।

पर्सा जिल्ला वीरगञ्ज उप.म.न.पा. वडा नं. १२ स्थित प्रोवायोटेक इण्डष्ट्रिज प्रा.लि.को तर्फबाट ऐ का अधिकारप्राप्त सञ्चालक ऐ.ऐ. बस्ने जगदिश अग्रवाल विरुद्ध ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेत[11]

प्रस्तत रिट निवेदन उत्प्रेषणसमेत मागका लागि सर्वोच्च अदालतमा दायर गरिएको थियो । रिट निवेदन वैदेशिक कर मिलानसँग सम्बन्धित रहेको थियो । सर्वोच्च अदालतको संयुक्त इजलासले प्रस्तुत रिटमा नेपाल र भारतबीच भएको द्वैध करधान मुक्ति तथा वित्तीय छल निरोधसम्बन्धी सम्झौतामा समेत नेपालमा उत्पादन भएको सामग्री भारत समेतमा बिक्री वितरण गर्दा भारतमा रहेको कम्पनीले प्राप्त गर्ने क्बभिक ऋफष्ककष्यल को रकम नेपालबाटै भुक्तानी पठाएको अवस्थामा नेपालमा स्रोत भएको उक्त भुक्तानी रकमको कर नेपालले लिन नपाउने भन्ने व्यवस्था नरहेको र त्यस्तो रकममा नेपालमा कर तिरिसकेपछि सो वरावरको रकम भारतमा निजले कर छूट (क्रेडिट) लिन पाउने नै रहेको हुँदा दोहोरो कर तिर्नुपर्ने अवस्था रहेको नदेखिने उल्लेख छ । नेपालमा स्थापित भएको कम्पनीले आफ्नो उत्पादन भारतमा बिक्री वितरण गर्न नियुक्त गरिएको ब्नभलत लाई नेपालकै स्रोतबाट भुक्तानी गरिएको रकममा आयकर ऐन, २०५८ बमोजिम कर कट्टा गर्न मिल्ने सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरेको छ ।

प्रस्तुत रिट निवेदक प्रोवायोटेक प्रा.लि. वीरगञ्ज नेपालमा स्थापित भएको र सो कम्पनीले आफूले गरेको उत्पादनको विदेशमा बिक्री वितरण गर्न क्बभिक ब्नभलत को रुपमा भारतको कोलकत्तस्थित ओमेगा भेन्चर्स प्रा.लि. सँग सम्झौता गरेको र सो सेवा गरेवापत निज ओमेगा प्रा.लि. ले प्राप्त गर्ने क्बभिक ऋफष्ककष्यल वापत निवेदकबाट भुक्तानी गरिएको रकमको अग्रिम

[11] नेकाप २०६८, वैशाख, नि.नं. ८५४४, पृष्ठ १४५

कर कट्टा गर्न मिल्ने नमिल्ने के हो भन्ने तर्फ हेर्दा निवेदक प्रोवायोटेक इण्डष्ट्रिज प्रा.लि. नेपालमा स्थापना भएको र सो कम्पनीले नेपालमा उत्पादित भएको सामानको विदेशमा बिक्री वितरण गरेवापतको सेवा शुल्क निवेदक कम्पनीले नेपालबाटै ओमेगालाई भुक्तानी गर्ने गरेको देखिन्छ । आयकर ऐन, २०५८ को दफा ८८(१) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा,रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने छ भन्ने व्यवस्था भएको देखिन्छ भने सोही ऐनको दफा ६७(६) मा वासिन्दा निकायबाट दिइएको भुक्तानीलाई भुक्तानीको स्रोत नेपालमा रहेको मानेको देखिन्छ भने सोही ऐनको दफा २ अनुसार निवेदक कम्पनी वासिन्दा व्यक्तिको परिभाषाभित्र समेत देखिएको छ ।

उल्लिखित तथ्य र कानूनी व्यवस्था समेतबाट निवेदक कम्पनीले नेपालमा स्रोत भएको उत्पादित सामग्री बिक्री वितरण गरेवापतको सेवा शुल्क पनि नेपालकै स्रोतबाट ओमेगा प्रा.लि. लाई भुक्तानी पठाएको रकममा कर कट्टी गर्न पाउने नै देखिँदा विपक्षी ठूला करदाता कार्यालयको उक्त कर संशोधन निर्णय कानून अनुकूलकै देखियो ।

नेपाल र भारतबीच भएको द्वैध करधान मुक्ति तथा वित्तीय छल निरोधसम्बन्धी सम्झौतामा समेत नेपालमा उत्पादन भएको सामग्री भारत समेतमा बिक्री वितरण गर्दा भारतमा रहेको कम्पनीले प्राप्त गर्ने क्वभिक ऋफकष्ककष्यल को रकम नेपालबाटै भुक्तानी पठाएको अवस्थामा नेपालमा स्रोत भएको उक्त भुक्तानी रकमको कर नेपालले लिन नपाउने भन्ने व्यवस्था नरहेका र त्यस्तो रकममा नेपालमा कर तिरिसकेपछि सो वरावरको रकम भारतमा निजले कर छूट (क्रेडिट) लिन पाउने नै रहेको हुँदा दोहोरो कर तिर्नुपर्ने अवस्था समेत रहेको देखिदैन र निवेदकले भारतमा नेपालमा तिरेको करलाई मान्यता दिएको छैन र आफूले तिर्न परेको छ भनी जिकीर लिन र प्रमाण पेश गर्न सकेको पनि छैन । देशमा विद्यमान यही कर कानूनअनुरूप निवेदकलाई अघिल्लो वर्ष पनि यसरी नै कर निर्धारण भएको र सो नियमित समेत भै रहेको पाइन्छ ।

अर्कोतर्फ निवेदक कम्पनीले ओमेगालाई भुक्तानी दिएको रकममा कर कट्टा गरेको देखिएको भए ओमेगा प्रा.लि. ले उजूर गर्नुपर्नेमा सो प्रा.लि. को उजूर परेको नभई निवेदकको उजूर परेको देखिएको र निवेदकले भुक्तानी गरिसकेको रकममा कर लागेको कुराले निवेदकको संविधान तथा कानूनप्रदत्त सम्पत्तिसम्बन्धी हक अधिकारमा कुनै आघात परेको देखिएन ।

तसर्थ ठूला करदाता कार्यालय ललितपुरको कर संशोधन आदेशउपर प्रशासकीय पुनरावलोकन समेतको कानूनले निर्दिष्ट गरेको प्रक्रियामा निवेदक प्रवेश गरी वैकल्पिक उपचारको मार्ग अवलम्वन गरेको, नेपालमा स्थापित भएको निवेदक कम्पनीले आफ्नो उत्पादन भारतमा बिक्री वितरण गर्न नियुक्त गरिएको ब्नभलत लाई नेपालकै स्रोतबाट भुक्तानी गरिएको रकममा आयकर ऐन, २०५८ बमोजिम कर कट्टा गर्न मिल्ने नै देखिएको र निवेदक कम्पनीले Sales commission वापत भुक्तानी गरिसकेको रकममा कर कट्टा गरेकोले निवेदकलाई त्यसबाट प्रत्यक्ष असर परेको नदेखिएको, प्रत्यक्ष असर पर्ने अवस्थाको ओमेगा भेन्चर्स प्रा.लि. को उजूरी नदेखिएको र निवेदकले आफ्नो यही आर्थिक वर्षको अन्य कर भुक्तानी सम्बन्धमा राजस्व न्यायाधिकरणमा पुनरावेदन गरी त्यसै बिषयको एक कलममा रिट निवेदन क्षेत्रबाट दिएको निवेदन जिकीर समेत मान्य हुने अवस्थाको नहुँदा उक्त कर संशोधन आदेश बदर गरिपाऊँ भन्ने निवेदन मागदावी बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था र स्थिति नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ भनी सर्वोच्च अदालतको संयुक्त इजलासले मिति २०६७/०३/१७ मा आदेश गरेको थियो।

कर्पोरेट सोसल कन्सोर्टियमका तर्फबाट अधिकारप्राप्त, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १७ बस्ने सञ्चालक सदस्य मेराज रोशन ठकुरी विरुद्ध अर्थ मन्त्रालय समेत[१२]

प्रस्तत रिट निवेदन परमादेश मागका लागि सर्वोच्च अदालतमा दायर गरिएको थियो । रिट निवेदक कम्पनी ऐन, २०६३ अनुसार सामाजिक, कल्याणकारी वा परोपकारी उद्देश्यको लागि मुनाफा बाँडी लिन नपाउने र मुनाफारहित कम्पनीको रुपमा दर्ता भएको संगठित संस्थालाई आयकर ऐन, २०५८ को दफा २(ध)(१) अनुसार आयकर छूट पाउने संस्थाको मान्यता दिन मिल्ने हो वा होइन भन्ने रहेको छ । सर्वोच्च अदालतको संयुक्त इजलासले मुनाफारहित कम्पनीको रुपमा स्थापना भई दर्ता भएको कम्पनीलाई आयकर ऐन, २०५८ को दफा २(ध)(१) तथा दफा १० को उद्देश्य तथा प्रयोजनको लागि मुनाफा आर्जन नगर्ने सामाजिक, परोपकारी तथा कल्याणकारी संस्थाकै रुपमा लिनुपर्ने सिद्धान्त प्रतिपादन गरेको छ । यसैगरी संस्था दर्ता ऐन, २०३४ र कम्पनी ऐन, २०६३ को दफा ३(३) तथा दफा १६६ मा गरिएको कानूनी व्यवस्थाको उद्देश्य तथा प्रयोजन समेत समान रहेकाले कम्पनी ऐनको दफा ३(३) तथा दफा १६६ अनुसार मुनाफा नकमाउने कम्पनीको रुपमा दर्ता

[१२] नेकाप २०६९, असार, नि.नं. ८७८५, पृष्ठ ४१३

भएका कम्पनीले उक्त ऐनको दफा २(ध)(१) अनुसार कर छूट पाउने संस्थाको मान्यता वा प्रमाणपत्र नपाउने भन्ने निर्णय आफैंमा विभेदकारी भई संविधानको धारा १३ को विपरीत हुने सर्वोच्च अदालतको आदेशमा उल्लेख छ ।

निवेदक कम्पनीलाई कर छूट पाउने संस्थाको रुपमा दर्ता गरी आवश्यक प्रमाणपत्र दिनु र यस्तै प्रकृतिका अन्य संस्थाले पनि निवेदन गरेमा कर छूट पाउने संस्थाको रुपमा दर्ता प्रमाणपत्र दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश समेत जारी हुने ठहर्छ । यो आदेशको जानकारी अन्य राजस्व कार्यालयलाई समेत दिने प्रभावकारी व्यवस्था मिलाउन भनी विपक्षी आन्तरिक राजस्व विभागको नाममा निर्देशनात्मक आदेश जारी हुन्छ भनी सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०६८/३/१२ मा आदेश भएको थियो ।

मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं. १० गहेली टोल बस्ने विपक्षी नागरिक उड्डयन प्राधिकरणबाट अवकाश प्राप्तक कर्मचारी बद्रिकुमार प्याकुरेल विरूद्ध नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ बबरमहल, काठमाडौंसमेत[१३]

प्रस्तत रिट निवेदन उत्प्रेषण/परमादेश मागका लागि सर्वोच्च अदालतमा दायर गरिएको थियो । रिट निवेदन निवेदकले तीन आर्थिक वर्षको रकम एकै पटक भुक्तानी प्राप्त गरेकोमा भुक्तानी प्राप्त गर्दाको रकममा वा प्रत्येक आर्थिक वर्षको दामासाहीको हिसाबले गणना गरी आम्दानीको रकममा कर लाग्ने भन्ने प्रश्नमा केन्द्रीत रहेको थियो । सर्वोच्च अदालतको संयुक्त इजलासले व्यक्तिको आयमा कर लगाउँदा प्रत्येक आय वर्षको आधारमा कर लगाउनु पर्ने ब्याख्या गरेको छ । दुई वर्षको आय भए दुई वर्षमा, तीन वर्षको आय भए तीन वर्षमा अर्थात् जति वर्षको आय हो त्यति नै वर्ष दामासाहीले हिसाब गरी हरेक आय वर्षमा हुन आउने आयमा कर लगाइनु पर्दछ । कुनै पनि प्राकृतिक व्यक्तिको एक आर्थिक वर्षको अवकाश योगदान वा रोजगारदाता संस्थाले खडा गरेको अवकाश कोषमा जम्मा गरेकोसमेतका रकम तथा रोजगारीको सन्दर्भमा गरिएका अन्य भुक्तानी रकम सोही आर्थिक वर्षको रोजगारीबाट प्राप्त् पारिश्रमिकमा गणना गर्नुपर्छ ।

प्रस्तुत रिट निवेदनमा सर्वोच्च अदालतले निवेदकको तीन आर्थिक वर्षको निवृत्तिभरणबापतको रकमलाई कुनै एक आर्थिक वर्ष अर्थात् आ.व. २०७०।०७१ को

---

[१३] नेकाप २०७५, जेठ, नि.नं. ९९४८, पृष्ठ २४९

रोजागारीबाट प्राप्तक आय रकम जस्तो गरी कर लगाएको कुरा कानूनविपरीत हुने उल्लेख गरेको छ ।

निवेदकले विपक्षी नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त गरेको तीन आय वर्षको निवृत्तिभरण रकममा आयकर ऐन, २०५८ बमोजिम वर्षैपिच्छेको दरले कर कट्टा नगरी एकमुष्टि रकममा कर कट्टा गरेको नागरिक उड्डयन प्राधिकरणको काम कारवाही कानूनविपरीत देखिँदा उक्त कार्य उत्प्रेषणको आदेशले बदर भई आयकर ऐन, २०५८ को दफा ८, ८७ तथा ऐ. ऐनको अनुसूची १ बमोजिम प्रत्येक आय वर्षको कर लाग्ने भए सोहीअनुसार विपक्षी प्राधिकरणले दामासाहीले अंक गणना गरेर कट्टा गरी बढी कर कट्टा गरेको अंकको हदसम्मको रकम निजलाई फिर्ता दिनु भनी निवेदन मागबमोजिम विपक्षीको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ भनी सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०७३/१२/१३ मा आदेश भएको थियो ।

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर विरूद्ध पशुपति सिमेन्ट प्रा.लि. को तर्फबाट ऐ. का अधिकारप्राप्त वीरेन्द्रकुमार संघारइ[१४]

प्रस्तुत मुद्दा आयकर (आ.व. ०६३/०६४) सँग सम्बन्धित रहेको छ । प्रस्तुत मुद्दामा उद्योगले जुन आर्थिक वर्षका लागि भनेर व्यवसायिक कारोबार गर्न ऋण रकम लिएको हो। उक्त कारोबार सोही वर्ष भएमात्र ब्याज कट्टी पाउने सर्वोच्च अदालतले फैसलामा ब्याख्या गरेको छ । अन्यथा उक्त आर्थिक वर्षमा उद्योगको कारोबारमा खर्च नै नगरिएको रकमको ब्याजबापतको रकमलाई आयकर प्रयोजनका लागि खर्चको रूपमा कट्टा गर्न नमिल्ने भनी सर्वोच्च अदालतले फैसला गरेको हो ।

सर्वोच्च अदालतको संयुक्त इजलासले करदाताले गरेको खर्च वास्तविक, प्रमाणिक र कानूनद्वारा तोकिएको सर्त वा सीमाभित्र रहेर गरिएको भएमा मात्र छुट वा कट्टी गर्न पाउने हुन्छ भनी उल्लेख गरेको छ । खासगरी व्यापारिक कारोबारको सिलसिलामा खर्च कट्टी हुनका लागि आय आर्जनका लागि भएको वास्तविक खर्चलाई मात्र कानूनले तोकेको सीमा र परिधिभित्र रहेर कट्टी वा छुट दिन सकिने अवस्था रहन्छ ।

करदाताले ऋण लिई वास्तवमा खर्च गरेको भए पनि आय आर्जन सम्बन्धी व्यापारिक कारोबारको कुरामा बाहेक अन्य निजी प्रयोजनमा गरिएको खर्चलाई छुट वा कट्टा गर्ने विषय

---

[१४]नेकाप २०७५, भाद्र, नि.नं. १०००५, पृष्ठ ८५१

बनाउन मिल्दैन। यसैले करदाताले छुटको दाबी गरेको खर्च करदाताको कारोबारको प्रकृति अनुसारको र कारोबारकै सिलसिलामा भएको वास्तविक खर्च हो भन्ने तथ्य स्थापित हुन आवश्यक देखिन्छ । यस प्रतिकूलका खर्चलाई कट्टी गर्न पाउने छुट नहुने भनी सर्वोच्च अदालतले प्रस्तुत मुद्दामा ब्याख्या गर्दै मिति २०७४/१/१९ मा संयुक्त इजलासले फैसला गरेको छ ।

७. निष्कर्ष

सरकारले व्यवसायजन्य सुरक्षा र लगानीको वातावरण बनाउन गर्नुपर्ने धेरै क्रियाकलापहरू मध्ये कर छुट पनि एक हो । कानून बमोजिम कर लगाउनु सरकारको एकाधिकारको क्षेत्र हो । कर छुट सुविधाले तत्काल स्रोतमा संकुचन ल्याएपनि अन्ततः राज्यको आर्थिक विकास र आर्थिक क्रियाकलापलाई सही मार्गमा ल्याउने उद्देश्यबाट प्रेरित हुनुपर्छ । नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा वैदेशिक लगानीलाई आकर्षित गर्ने प्रमुख माध्यम पनि कर छुट हो । निम्न वर्गका नागरिकलाई जीवन निर्वाह गर्नका लागि उनीहरूको आयमा बढि आय गर्ने नागरिकको तुलनामा बढि कर छुट दिनुपर्छ । यसैगरी बढि आय गर्न निकायको तुलनामा कम आय गर्ने निकायलाई बढि कर छुट हुनुपर्छ ।कर छुटसँगै राजश्वमा वृद्धि गर्न करका दायराहरू बढाउनुपर्छ । बढि राजश्व संकलनका लागि करका दायराहरू फराकिलो बनाउँदै नागरिकलाई व्यवसायजन्य क्रियाकलापमा आकर्षित गरी मुलुकको आर्थिक विकासमा टेवा पुर्याउन केहि सिमित अवधी सम्म सरकारको लगानीको प्राथमिकताको क्षेत्रहरूमा कर छुटको ब्यवस्था हुनु सान्दर्भिक हुन्छ ।

सन्दर्भ सामाग्री

पुस्तक

अधिकारी, डा. चन्द्रमणि (२०७३), नेपालको कर कानुन, दोस्रो संस्करण, काठमाडौं, नेपालः पैरवी प्रकाशन ।

नेपाल सरकार (२०७३), दोहोरो करमुक्ति तथा वित्तीय छल निरोध सम्झौता संगालो, आन्तरिक राजश्व विभाग, अर्थ मन्त्रालय ।

श्रेष्ठ, आनन्द (सन् २०१७), ह्याण्डबुक अफ ट्याक्सेसन, छैठो संस्करण, काठमाडौं, नेपालः सेन्टर फर एकाउन्टिङ, अडिटिङ एण्ड ट्याक्सेसन प्रा.लि. ।

जर्नल

रिजाल, वलराम (२०७५), नेपालमा कर छुट/सहुलियत व्यवस्थाः एक समिक्षा, स्मारिका, काठमाडौं, नेपालः आन्तरिक राजस्व विभाग, पृष्ठ ४६ देखि ५३ ।

ज्ञवाली, ध्रुवराज (२०७५), नेपालमा आयकर व्यवस्था, राजस्व, वर्ष ३८, अंक २, असार, ललितपुर, नेपालः सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, पृष्ठ १५५ देखि १६५ ।

संविधान/ ऐन/ नियमावली/ निर्देशिका

नेपालको संविधान

आयकर ऐन, २०५८

आर्थिक ऐन, २०७५

औद्योगिक व्यवसाय ऐन, २०४९

आयकर नियमावली, २०५९

आयकर निर्देशिका, २०६६ (दोस्रो संसोधन, २०७३ सहित)

g]kfndf /fh:j r'xfj6sf If]qx?, ;d:of / lgoGq0fsf] pkfo

केदारकुमार अधिकारी◊

१. पृष्ठभूमि

सरकारले जनताबाट प्राप्त गर्ने अनिवार्य भुक्तानीलाई राजस्व भनिन्छ । यो भविष्यका लागि प्रत्यक्ष दायित्व नरहने गरी प्राप्त अनुदान बाहेकको राज्यको आम्दानी हो । सरकारको आफ्नो स्रोतबाट कानुन बमोजिम प्राप्त गर्ने आम्दानीको रुपमा राजस्वलाई चिनिन्छ । जुन कर र गैर करको माध्यमबाट संकलन गरिन्छ । सार्वजनिक भलाईका लागि सरकारले कर लिने भएकोले करदाताले आफूले तिरेको करको बदलामा सरकारबाट प्रत्यक्ष लाभको आसा गरेका हुँदैनन् ।

राज्यको प्रमुख कार्य भनेको शान्तिसुरक्षा, नियमित प्रशासन, राष्ट्रिय सुरक्षा लगायतका विषयहरु हुन् । जुन राष्ट्र र सरकारको अस्तित्वसँग जोडिएको बिषय हो। जसको व्यवस्थापन राजस्व मार्फत गरिन्छ र यस पछि बँचेको रकमलाई विकास खर्चका रुपमा प्रयोग गरिन्छ। जसको संकलन विधायिकी कानुनको माध्यमबाट मात्र गरिन्छ जुन राज्यद्वारा आफ्ना बासिन्दाहरुको सार्वजनिक हितका लागि खर्च गरिन्छ । कानुन बमोजिम कर नतिर्नुलाई दण्डनीय अपराध पनि मानिन्छ । राजस्वलाई कर र गैर कर राजस्व गरी दुई भागमा बाँडिएको पाईन्छ ।

क. कर राजस्व

सरकारले रकम लिए वापत कुनै सेवा वा वस्तु नदिई फिर्ता नहुने गरी अनिवार्य रुपमा उठाउने रकमलाई कर राजस्व भनिन्छ । यसमा करदाता र सरकार बीचमा सेयक्ष रुपमा लेनदेखको कारोबार हुँदैन । कर सरकारद्वारा प्रदान गरिने कुनै सेवा आपुर्ति गरिएको कुनै वस्तुको बदलामा तिरिएको मुल्य होइन । यो सरकारको कुनै आर्थिक एकाइबाट एक वा एकभन्दा बढी आधारहरुका आधारमा अनिवार्य रुपमा संकलन गर्ने कोष हो । नेपालमा आन्तरिक स्रोतबाट प्राप्त गर्ने राजस्व मध्ये कर राजस्व एक प्रमुख स्रोत हो । कूल राजस्व मध्ये करिब ८५ प्रतिशत रकम कर राजस्वको रुपमा प्राप्त हुन्छ । सरकारले कर लगाउनुको मुख्य उद्देश्य सार्वजनिक राजस्व वृद्धि गर्नु हो ।

◊ शाखा अधिकृत, ...

यस सम्बन्धमा अर्थशास्त्री Plehn भन्छन्– "कर सामान्यतथा राज्यद्वारा आफ्ना बासिन्दाहरुको सार्वजनिक हितमा गरिने खर्च व्यहोर्न प्राकृतिक वा कानूनी व्यक्तिहरुमा लगाइने अनिवार्य भुक्तानी हो ।" अर्का विद्वान Tylor ले "कर भनेको करदाताले कुनै प्रत्यक्ष लाभको आसा नगरिकन नै सरकारलाई तिर्नुपर्ने तिरो हो" भनेका छन् भने सेलिगम्यानले "कर भनेको कुनै व्यक्तिले विषेश लाभको लागि नभई सरकारद्वारा जनहितका लागि गरिने खर्च व्यहोर्नका लागि अनिवार्य रुपमा तिर्ने रकम हो" भनेको छन् ।

विशेषताहरु

- कर अनिवार्य योगदान हो ।
- यो व्यक्तिगत दायित्व हो ।
- यसको सरकारी सेवासँग कुनै सम्बन्ध हुँदैन ।
- कर समाजको हितका लागि लगाइन्छ ।
- कानुनमा व्यवस्था भएबमोजिम मात्र कर लगाइन्छ ।
- यो नियमित वा आवधिक रुपमा संकलन गरिन्छ ।

कर राजस्वका प्रकारहरु

ख. गैरकर राजस्व

सरकारले जनतालाई सेवा प्रदान गर्दछ । त्यसबापत शुल्क वा दस्तु लन्छ । त्यस्तै कुनै नागरिक वा संस्थाले कानुनको उलंघन गरेमा दण्ड जरिवाना असूल गरिन्छ । यसैगरी सरकारले लगानी गरेवापत मुनाफा वा लाभांस प्राप्त गर्दछ । जनपयोगी वस्तु तथा सेवा विक्री गरेर आय पनि प्राप्त गर्दछ । यस्ता प्रत्यक्ष रुपले रुपले आर्थिक क्रियाकलापसँग सम्बन्धित नभएका तथा प्रशासकीय

प्रकृतिका आयलाई गैरकर भनिन्छ । नेपालमा कुल राजस्वको करिब १५ प्रतिशत रकम कर राजस्वबाट प्राप्त हुन्छ ।

गैरकर राजस्वका स्रोतहरु

- दस्तुर तथा शुल्क,
- रोयल्टी तथा सम्पत्ति विक्रि,
- दण्ड,जरिवाना र जफत,
- साँवा फिर्ता,
- लाभांश तथा ब्याज,
- वस्तु तथा सेवा विक्रिबाट प्रप्त आय,
- अन्य रकम आदी ।

२. राजस्व चुहावट

राज्य संचालनार्थ स्थापित संरचनाहरुको भरणपोषण गर्न लोककल्याणकारी कार्य संचालन गर्न तथा विकास निर्माण कार्य गर्न राजस्व संकलन गरिन्छ ।राजस्व आर्थिक गतिविधिमा आधारित हुन्छ । आर्थिक गतिविधि पारदर्शी ढङ्गले सम्पन्नि भएको अवस्थामा त्यस्ता गतिविधिमा संलग्न बीच प्रतिस्पर्धात्मक वातावरण सृजना भई त्यसले समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक आदि अवयवमा अनुकूल प्रभाव पारी देश विकासमा समेत सकारात्मक प्रभाव पार्दछ । आर्थिक गतिविधि पारदर्शी ढङ्गले संचालन भएन भने राजस्वमा पनि नकारात्मक असर पर्न आउँछ । उठ्नुपर्ने जति राजस्व नउठ्ने अवस्था उत्पन्ना हुन्छ । यसरी देशले प्राप्त गर्नुपर्ने आर्थिक स्रोतको हिनामिना हुनुलाई राजस्व चुहावट भनिन्छ । यो आर्थिक अपराध हो । सार्वजनिक ढुकुटीमा जम्मा हुनुपर्ने आर्थिक स्रोत तथा साधन त्यहाँ जम्मा नहुने, राजस्व लुकाउने,कर, दस्तुर, शुल्क, महशुल छल्ने,कतैबाट प्रभावित भई यथर्थपरक कर परीक्षण नगर्ने कामहरु राजस्व चुहावट अन्तर्गत पर्दछ ।

राजस्व चुहावटका कारण राष्ट्रिय उत्पादन,आय,रोजगारी,राष्ट्रिय लगानी,राष्ट्रिय कोष आदिमा प्रतिकुल असर पार्दछ । फलस्वरुप आर्थिक अपराधका क्रियाकलापहरु उच्च रुपमा विर्तार भई गरिवी र दरिद्रता बढ्ने गर्दछ र आर्थिक परिसूचकहरु नकारात्मक भएर जाने गर्दछ । यस किसिमका आपराधिक क्रियाकलापहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष, जानीजानी वा नजानी उद्योगी व्यवसायी, राष्ट्रसेवक, राजनितिज्ञ, उपभोक्ता, करदाता, निकासीकर्ता, पैठारीकर्ता, ठेकेदार, विक्रेता, निर्माता आदि संलग्न भएको पाइन्छ । यो संलग्नतामा निजहरुको तरिका र डिग्री

फरक हुन सक्छ । खुला अर्थतन्त्र र विश्वतव्यापीकरणको कारणले वस्तु तथा सेवाको आप्रवाहलाई मान्छेले बनाएको सानो कानुनी प्रणालीमा कैद गर्न नसकिँदा आर्थिक गतिविधिले अनौपचारिक अर्थतन्त्रलाई मलजल गरिरहेको छ, जसका कारण राज्यलाई प्राप्ति हुनुपर्ने राजस्व गुमेको स्थिति छ । राज्यले तोकेका विभिन्न शीर्षकमा प्राप्त हुनुपर्ने राजस्व छल्ने वा कम तिर्ने प्रवृत्तिलाई उजागर गरी अनुसन्धानको दायरामा ल्याउन तथा बढ्दो अनौपचारिक अर्थतन्त्रलाई कानुनको सीमामा बाँध्नु पर्ने देखिन्छ । दिगो, आफैं धानिन सक्ने र सुदृढ आर्थिक संरचनाको आधारभूमि तयार गरी देश विकासका लागि खर्चको स्रोत जुटाउन, संघीय संरचनानुसार हुने खर्च प्रणालीलाई सबल बनाउन, राजस्वका दायरालाई बढाउन तथा अर्थतन्त्रमा देखिएका गैरकानुनी क्रियाकलाप नियन्त्रण गरी अर्थतन्त्रलाई स्वस्थ एवं गतिशील बनाउन नसक्नाको कारणले नेपालले विकासको गतिमा छलाङ मार्न सकेको छैन । सरकारी नीति, कानुनी, व्यवस्थापकीय र प्रविधिमा कागजी रुपमा यथेष्टर सुधार गरिए पनि नेपालमा रहेको ३५ प्रतिशतको अनौपचारिक अर्थतन्त्रको जालोलाई चिर्न सकिएको छैन । अनौपचारिक अर्थतन्त्रको बढोत्तरीले वस्तु तथा सेवाको आवागमन वैध मार्गबाट कम भइदिनाले राज्यले प्राप्तो गर्ने राजस्वको ठूलो हिस्सा राज्यकोषमा आउन सकेको छैन । भन्सार नाकाबाट भइरहेको आयात निर्यात वास्तविक कारोबार मूल्यमा भएको अवस्था छैन, कतिपय अवस्थामा निर्यात र पूँजीगत सामग्रीको आयात अधिक मूल्याङ्कनमा हुने प्रवृत्तिले वैदेशिक मुद्राको सहज आप्रवाहमा असर पारिरहेको अवस्था छ भने कतिपय मालवस्तु न्यून मूल्याङ्कन भई भित्रिने प्रवृत्तिलाई चिर्न नसकिएकोले मुलुकले प्राप्ता गर्नुपर्ने राजस्व प्राप्त गर्न सकेको छैन ।

राजस्व चुहावटका क्षेत्रहरु

राज्यको लागि आवश्यक पर्ने खर्च व्यवस्थापनको प्रमुख स्रोतको रुपमा राजस्व रहेको हुन्छ । राजस्व प्रणालीमा गरिएको सुधारका प्रयासहरुले कुल ग्राहस्थ उत्पादनमा राजस्वको हिस्सा उल्लेख्य रहे पनि सन्तोषजनक नभएको अवस्था छ । कुल ग्राहस्थ उत्पादनको करिब पैतिस प्रतिशतमा रहेको भनिएको अनौपचारिक अर्थतन्त्रको आकारलाई न्यून गरी राष्ट्रिय कराधारको संरक्षण गर्दै उच्च करनियोजन गर्ने र कर छली गर्ने उपर अनुसन्धान गरी कारबाही गर्ने गरिएको छ । यस अवधिमा विभागले उच्च राजस्व जोखिम भएका व्यावसायिक क्षेत्रहरुको पहिचान गरी त्यस्ता व्यावसायिक क्षेत्रहरुमा अनुसन्धान केन्द्रित गरेको छ । कुनै व्यक्ति वा निकायले नेपाल सरकारलाई कानुनबमोजिम तिर्नुबुझाउनुपर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले वा उद्देश्यले गलत लेखा,विवरण वा कागजात तयार

गरी वा नगरी तिर्नुपर्ने राजस्वभन्दा घटी राजस्व तिरेमा राजस्व छली गरेको मानिन्छ । भन्सार क्षेत्रबाट मालवस्तु निकासी वा पैठारी गर्दा मालवस्तुको रुप, गुण, आकार, परिमाणलगायतका विषयहरु फरक पारी वा गलत घोषणा गरी प्रचलित कानुनले तोकेको महसुल दरबन्दीअनुसार राजस्व नतिरी राजस्व चुहावट गर्ने गरेको देखिन्छ । यसैगरी आफ्नो वास्तविक आय,खर्च र सम्पत्तिको सही रुपमा अभिलेखाङ्कन नगरी गलत विवरण तयार गरी राजस्व चुहावट गर्ने गरेको अनुसन्धानको सिलसिलामा देखिएको छ । मूल रुपमा राज्यले राजस्व प्राप्त गर्ने भन्सार नाका क्षेत्र र आन्तरिक बजार क्षेत्र दुईवटैमा राजस्व चुहावटका जोखिमहरु उत्तिकै देखिएका छन् । ती जोखिमका क्षेत्र र राजस्व चुहावटका तरिकाहरुयस प्रकार छन्ः

(क) भन्सार नाका क्षेत्र- नेपालको अर्थतन्त्र मूलतः आयातमा आधारित रहेको हुँदा दैनिक उपभोग्य वस्तु लगायत औद्योगिक कच्चा पदार्थलगायतका अन्य वस्तुहरु विदेशबाट पैठारी हुने गर्छ । यसरी मालवस्तु पैठारी गर्दा भन्सार बिन्दुमा वास्तविक कारोबार मूल्य घोषणा नगरी वस्तुको रुप, गुण,आकार र परिमाण फरक पारी गलत घोषणा गर्ने,एकै प्रकारको कच्चा पदार्थबाट निर्मित वस्तुलाई फरक फरक नाम राखी महसुल दरबन्दी छल्ने उद्देश्यले गलत वर्गीकरण गर्ने गरेको देखिएकोछ । नेपालको उत्तरी क्षेत्रमा भौगोलिक कारणले आवतजावत गर्न केही कठिन रहेको र हाल सीमावर्ती क्षेत्रमा ठूला बजार विस्तार भई नसकेको अवस्थामा दक्षिणी क्षेत्रको तुलनामा कम आयतनमा भन्सार नाकाबाट राजस्व चुहावट हुने गरेको भए तापनि दक्षिणी क्षेत्रमा खुला सिमाना रहेको, दुवै देशको सीमावर्ती क्षेत्रमा सघन बजारहरु रहेको र भौगोलिक रुपमा आवतजावत सहज भएकोले राज्यका अनुगमन गर्ने निकायको कमजोर उपस्थिति भएको खण्डमा ती क्षेत्रहरुबाट मालवस्तुको चोरी निकासी तथा पैठारी हुने सम्भावना अधिक रहन्छ । कमजोर सुरक्षा व्यवस्था भएमा खुला सिमानाबाट मालवस्तुको अनधिकृत ओसारपसार हुन सक्ने हुँदा यसले अनौपचारिक अर्थतन्त्रको आयतनलाई थप फराकिलो बनाउन सक्दछ । चोरी पैठारी निकासीको अतिरिक्त भन्सार नाकाबाट हुने आयात निर्यातमा राजस्व चुहावटका निम्न तरिकाहरु देखिएका छन्ः-

- आयात निर्यातको कारोबार पूर्ण रुपमा बैङ्किङ्ग प्रणालीमार्फतनगर्ने
- भन्सार विभागले समय समयमा प्रकाशित गर्ने पैठारी सूचना अभिलेख मूल्यलाई छल्ने नियतले मालवस्तु विभिन्न नाममा घोषणा गरी मूल्य फरक पार्ने

- न्यून भन्सार महसुल दर लाग्ने वस्तुमा अधिक विजकीकरण गरी विदेशी मुद्रा अपचलन गर्ने
- अधिक भन्सार महसुल दर लाग्ने वस्तुहरुमा न्यून विजकीकरण गरी राजस्व छली गर्ने
- पैठारी गर्ने मालवस्तुको प्रतितपत्र खोल्दा हार्मोनाइज्ड संकेत (Harmonized Code),नाम, ब्राण्ड, मोडेल, मूल्य स्पष्ट नखुलाउने
- निकासी/पैठारी हुने मालवस्तुको विजकमा विस्तृत विवरण (Specification) उल्लेख गर्ने नगरिएको हुँदा वर्गीकरण सही हुन नसकेको
- गुणस्तरीय प्रयोगशाला परीक्षण (Lab Test) को अभावमा मालवस्तुको सही पहिचान हुन नसकेको
- निकासी पैठारी हुने मालवस्तुको विवरण (परिमाण, मूल्य, प्रकृति, रुप, आकार आदि) गलत घोषणा गरी दरबन्दी फरक पारी न्यून राजस्व तिर्ने
- वास्तविक कारोबार खर्च नदेखाउने
- कम भन्सार दर लाग्नेमा अधिक विजकीकरण (Over Invoicing) र बढी भन्सार दर लाग्नेमा न्यून विजकीकरण (Under Invoicing) हुने
- तयारी वस्तु (Finished Goods)लाई टुक्र्याएर भाग (Parts) को रुपमा फरक फरक प्रज्ञापन पत्र र ढुवानी साधनबाट ढुवानी गर्ने ।

(ख) भन्सार नाका बाहिरका क्षेत्रः

विशेष गरी नेपालको भारततर्फ खुला एवं सहज सिमाना रहेकोले भन्सार बिन्दुबाहेकका स्थानबाट अनधिकृत रुपमा मालवस्तु ओसारपसार हुने गरेको देखिन्छ । खुला सीमा नाकालाई व्यवस्थित गर्न नसक्दा तस्करी कार्यमा संलग्नहरुले अनधिकृत लाभ लिइरहेका छन् । तस्करी कार्यलाई सीमा नाका क्षेत्रका स्थानीय बासिन्दाहरुले स्वरोजगार पेशाको रुपमा लिई जीवन निर्वाहको माध्यम बनाएको अवस्था छ । स्थानीय उपभोगका मालवस्तुलगायत मलखाद एवं इलेक्ट्रोनिक्स सामानसमेतको चोरी पैठारी हुने गरेको छ । भन्सार नाका बाहिरबाट हुने यस्तो अनधिकृत व्यापार प्रणालीलाई नियन्त्रण गर्न स्थानीय

प्रशासन एवं भन्सार प्रशासनलगायतका निकायहरुले सीमा नाका व्यवस्थित गरी सीमा क्षेत्रमा प्रभावकारी रुपमा गस्ती परिचालन गर्नुपर्ने देखिन्छ।

(ग) आन्तरिक बजार क्षेत्रः

मुलुकले प्राप्त गर्ने राजस्वको अर्को क्षेत्र आन्तरिक बजार हो । स्वदेशमा पेशा, व्यवसाय र उद्योग सञ्चालन गर्ने व्यक्ति/निकायले राज्यलाई तिर्नुपर्ने राजस्वभन्दा घटी राजस्व तिर्ने नियतले आफ्नो आयको सही घोषणा नगर्ने, नपाउने छुट दावी गर्ने, असम्बन्धित खर्च दावी गर्ने, अग्रिम कर कट्टी (TDS) नगर्ने, उत्पादन हिसाब सही नदेखाउने, अन्तःशुल्क लाग्ने वस्तुको बिक्रीमा लाग्ने अन्तःशुल्क स्टिकर नक्कली प्रयोग गर्ने, एउटै स्टिकर पटक पटक प्रयोग गर्ने, होटेल तथा ट्राभल व्यवसायीले विदेशी विनिमयको सही हिसाब नदेखाउने, नियमानुसार मूल्य अभिवृद्धि कर असुल नगर्ने,शैक्षिक परामर्श दिने संस्थाहरुले प्रदान गर्ने सेवा परामर्शमा मू.अकर असुल नगर्ने ., विद्यार्थी आपूर्ति गरेवापत बाह्य विश्वविद्यालयबाट प्राप्त हुने कमिशनलाई आयमा नदेखाउने, सम्पत्ति र दायित्वको निसर्गबाट प्राप्त खूद लाभको सही गणना नगर्ने जस्ता क्रियाकलापहरु गरी राजस्व चुहावट गर्ने गरेको देखिएको छ । यसरी हुने राजस्व चुहावटका घटनाहरुको नियन्त्रण प्रभावकारी रुपमा हुन नसकेमा स्वाभाविक रुपमा राजस्व छलीका घटनामा वढोत्तरी आउँदछ । आन्तरिक बजार क्षेत्रमा राजस्व चुहावटका निम्न तरिकाहरु बढी देखिएका छन्-ः

- व्यावसायिक कारोबारसँग असम्बन्धित खर्च दावी गरी करयोग्य आय घटी देखाउने
- राजस्वसम्बन्धी विभिन्न ऐनले दिएको छुटको सीमाभन्दा बढी छुट दाबी गर्ने
- नोक्सानी समायोजन तोकिएको अवधिभन्दा बढी अवधिको गर्ने
- लगानीको नोक्सानीलाई व्यावसायिक नोक्सानीमा समायोजन (Adjustment) गर्ने
- आयकर ऐन, २०५८ ले तोकेको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टी (TDS)नहुने र कट्टी गरेकोमा पनि समयमा दाखिला नहुने
- व्यावसायिक प्रयोजनका लागि भाडामा लिइएका घरवहालको सम्झौता र वास्तविक भुक्तानी फरक फरक हुने

- घर जग्गाको कारोबारमा वास्तविक कारोबार मूल्य नदेखाई मालपोत कार्यालयबाट तोकिएको न्यूनतम मोल देखाई पूँजीगत लाभकर छल्ने
- आकस्मिक रुपमा प्राप्त पुरस्कार, उपहार, चिट्ठा, जुवा आदिमा हुने आकस्मिक लाभमा नियमानुसार कर कट्टी गर्ने
- ऐनले तोकेकोभन्दा बढी ह्रासकट्टी दावी गर्ने आदि ।

यस बाहेक क्षेत्रगत आधारमा राजस्व चुहावटका भिन्न भिन्न स्वरुपहरु देखिन्छन् । खासगरी वस्तु व्यापार, सामान्य उद्योग क्षेत्र, सेवा क्षेत्र, लगानी र रोजगारी आयतर्फ राजस्व चुहावटका निम्नानुसार अलग अलग तरिकाहरु देखिएका छन्:-

(घ) <u>वस्तु व्यापारतर्फ</u>

- सक्कली विजकको आडमा नक्कली कारोबार गर्ने अर्थात् भौतिक रुपमा मालसामान वा सेवा आपूर्ति नगरी विजकमात्र जारी गरी उक्त विजकबाट कर कट्टी र खर्च दावी गर्ने
- करतर्फ खरिद बिक्री वास्तविक कारोबार मूल्यमा नदेखाउन दुई प्रकारका खाता प्रयोग गर्ने
- व्यावसायिक मौज्दात (Stock)को परिमाण र मूल्य वित्तीय हिसाब विवरणमा स्पष्ट रुपमा नदेखाउने
- उद्योग व्यवसायको गोदामको क्षमताभन्दा बढी मौज्दात (Stock)रहेको विवरणमा देखाउने
- व्यापारिक फर्म (Trading Firm)ले असम्बन्धित व्यक्तिलाई नगद कमिशन (Cash Commission) खर्च देखाउने, व्यापारिक छुट/विजकमा छुट (Trade Discount/Bill Discount)भने नदेखाउने ।
- वारेन्टी (Warranty)खर्च दावी गरेकोमा उत्पादकबाट प्राप्त हुने सोधभर्ना रकम देखाउने
- कर विजक प्रयोग नगरी लुज बिलबाट बिक्री गर्ने
- बैङ्क ऋणलाई अन्य भगिनी व्यवसायमा प्रयोग गरी ब्याज खर्च दावी गर्ने

- सञ्चालकहरुले हरेक वर्ष कारखाना (Factory) र व्यावसायिक फर्म (Business Firm)थपिरहने तर सञ्चालकसम्वद्ध व्यवसाय निरन्तर नोक्सानीमा देखाइरहने
- सञ्चालकसम्बद्ध कम्पनीलाई न्यून मूल्यमा आपूर्ति गर्ने
- स्व-उपयोग (Self-Consumption)लाई आयमा नदेखाउने आदि ।

(ङ) <u>सामान्य उद्योग क्षेत्रतर्फ</u>

- कच्चा पदार्थ, अर्द्धतयारी वस्तु र तयारी वस्तुको परिमाण र मूल्यको हिसाब सही रुपमा नदेखाउने
- उद्योग विभागबाट स्वीकृत स्थापित मापदण्ड (Norms) अनुसार उत्पादित वस्तुको हिसाबनदेखाउने
- कारोबारसँग असम्बन्धित खर्च दावी गरी उत्पादन लागत उच्च (High Production Cost)देखाउने
- गलत हिसाब तयार गरी उत्पादित परिमाण (Production Quantity) सही नदेखाउने
- व्यावसायिक भवन वा संरचना निर्माणमा मूल्य अभिवृद्धि कर असुल नगर्ने
- अन्तःशुल्कजन्य कारोबार गर्ने करदाताले प्याकिङ मेटेरियल्समा तिरेको नपाउने क्रेडिट दावी गर्ने
- कर छुट पाएका निकायहरुले छुटको उद्देश्यविपरीत कारोबार गरी करबाट उन्मुक्ति लिने
- अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगको कमजोर Sticker Management प्रणाली रहेकोतथा मदिरा व्यवसायीले कम शक्ति (UP) को स्टिकर बढी शक्ति (UP) को बोतलमा प्रयोग गर्ने गरेको ।
- अन्तःशुल्क लाग्ने वस्तुमा प्रयोग हुने स्टिकर नक्कली प्रयोग हुने
- अन्तःशुल्क लाग्ने वस्तुको जर्ती मिनाहा समयमा नगर्ने आदि ।

(च) <u>सेवा व्यापार क्षेत्रतर्फ</u>

<u>सफ्टवेयर (Software (ICT) Sector)</u>

- नेपालबाट निर्यात हुने कम्प्युटर सफ्टवेयर (Software)लगायत सेवा निर्यात (Export)मा विजक जारी (Invoicing)नहुने
- सेवा व्यापारको भुक्तानीको तरिका (Mode of Payment) को स्पष्ट खुलासा नहुने
- निर्यातकर्ता (Exporter) र आयातकर्ता (Importer)बीचको सम्झौता (Agreement) अनुसार सेवा निर्यात/आयात नहुने आदि ।

<u>म्यानपावर (Manpower) व्यवसाय</u>

- विदेशबाट प्राप्त हुने कामदारको माग पत्र (Demand Letter), शर्तनामा (Terms & Conditions),कमिशन(Commission)र श्रम विभागबाट दिइने पूर्व तथा अन्तिम स्वीकृतिमा कामदारको खर्च र लाग्ने सेवा शुल्क स्पष्ट रुपमा नखुलाउने
- कामदारबाट सेवा शुल्कवापत बढी रकम लिई न्यून आय देखाउने
- विदेशस्थित कम्पनीलाई कामदार आपूर्ति गर्दा भर्नाको लागत (Recruiting Cost) वापतको कमिशन (Commission)आय नदेखाउने आदि ।

<u>निर्माण क्षेत्र (Construction Setor)</u>

- बिलको परिमाण (Bill of Quantities) र सम्झौता (Agreement) अनुसार आय तथा खर्च नदेखाउने
- कामको प्रकृतिसँग अमिल्दो सामान खरिदको विजक देखाउने गरेको जस्तै- कालोपत्रे (Pitch) गर्ने कामको लागि फलामे रड खरिद गरेको विजक हुने
- झुट्टा कारोबारका विजक संलग्न गर्ने
- उपकरण (Equipment) भाडामा लिएको भनी फर्जी सम्झौता पेश गर्ने आदि ।

<u>पर्यटन क्षेत्र (Travel/Hotel)</u>

- विदेशी विनिमयको कारोबार (Foreign Transaction) सही रुपमा नदेखाउने
- मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर नउठाउने
- विदेशी विनिमयको आय नदेखाउने तर खर्च दावी गर्ने आदि ।

शैक्षिक परामर्श सेवा क्षेत्र <u>(Educational Consultancy Sector)</u>

- विदेश जानेसँग सेवा शुल्क बढी लिने तर न्यून आय देखाउने
- विदेशस्थित विश्वविद्यालयबाट प्राप्त कमिशनलाई आयमा नदेखाउने
- सेवा बिक्रीमा मूल्य अभिवृद्धि कर नउठाउने

(छ) <u>लगानीतर्फ</u>

- लामो तथा छोटो अवधिको लगानी (Long Term and Short Term Investment)को प्रतिफलको अभिलेखाङ्कन सही नहुने
- शेयरब/ण्ड/जग्गा (Share/Bond/Land) मा भएका लगानी र प्रतिफलको आय नदेखाउने
- कम्पनीमा प्राप्त भएका आय मध्ये आंशिक आयमात्र घोषणा गर्ने आदि ।

(ज) <u>रोजगारी आयतर्फ</u>

- आय कम देखाउने वा नदेखाउने
- डाक्टर, वकिल, चार्टर्ड एकाउण्टेण्ट जस्ता परामर्शदाताहरुले लिने सेवा शुल्क फरक फरक भुक्तानी केन्द्रबाट भुक्तानी गरी कर छल्ने
- अग्रिम कर १५ प्रतिशत मात्र कट्टा गरी आय विवरण दाखिला नगर्ने, पति पत्नी दुबैको रोजगारी आय हुँदा दम्पत्ति सुविधाको दुरुपयोग गर्ने
- विदेशी विनिमयमा हुने आय सही रुपमा नदेखाउने आदि ।

(झ) <u>विदेशी विनिमय क्षेत्र</u>

- भन्सार माफी तथा न्यून भन्सार महसुल लाग्ने सामान कपास), मेडिकलआदि (पैठारीमा अधिक विजकीकरण गरीविदेशी मुद्रा अपचलन गर्ने।
- न्यून मूल्यको सामानको अधिक विजकीकरण गरी विदेशी विनिमय अपचलन गर्ने।
- हुण्डी (मूलतः विप्रेषण आय)बैङ्किङ्ग माध्यमको पहुँचमा सबै आइनसकेको)Remittance-Without Banking Channel(
- मालवस्तु पैठारी नै नगरी नक्कली बैङ्किङ्ग अभिलेख(Fake Bank Documents) बाट विदेशी मुद्रा अपचलन गर्ने
- विदेशी मुद्रा अवैध रुपमा संचय ओसारपसार र कारोबार/गर्ने आदि ।

(ञ) <u>विशेष जोखिम क्षेत्र</u>

- पचास प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व भएका निकायको स्वामित्व परिवर्तन हुँदा आयकर ऐन, २०५८ को दफा ५७ अनुसार दुईवटा आय विवरण/वित्तीय विवरण पेश गर्नुपर्नेमा सो पेश नगर्ने
- कम्पनी/निकायको घरजग्गाको स्वामित्व बिक्री हुँदा वास्तविक कारोबार मूल्य नदेखाई मालपोत कार्यालयले तोकेको न्यूनतम मूल्य मात्र उल्लेख गर्ने प्रवृत्ति अधिक रुपमा रहेको। यसरी न्यून मूल्याङ्कनमा घर जग्गा रजिष्ट्रेशन गरिए पनि बैङ्क खाताबाट वास्तविक कारोबारको रकम लेनदेन हुने ।

३. राजस्व चुहावट नियन्त्रणमा प्रयोग हुने मुख्य कानुनहरू

नेपाल राजस्व चुहावटको उच्च जोखिममा रहेको छ । उल्लेखित जोखिमका क्षेत्रहरुलाई पहिचान गरी राजश्व चुहावट नियन्त्रणका लागि कार्यान्वयनमा ल्याइएका प्रमुख कानुनहरु निम्न छन्:-

१. सालबसाली रुपमा आउने आर्थिक ऐन
२. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२,
३. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०,
४. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९,
५. विदेशी विनिमय (नियमित गर्ने) नियमावली, २०२०,
६. मूल्य अभिवृद्धि कर ऐन, २०५२,
७. मूल्य अभिवृद्धि कर नियमावली, २०५३,
८. भन्सार ऐन, २०६४,
९. भन्सार नियमावली, २०६४,
१०. अन्तःशुल्क ऐन, २०५८,
११. अन्तःशुल्क नियमावली, २०५९।

४. राजस्व चुहावट नियन्त्रणमा संलग्न प्रमुख निकायहरु

१. अर्थ मन्त्रालय
२. आन्तरिक राजस्व विभाग
३. भन्सार विभाग
४. राजस्व अनुसन्धान विभाग
५. सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग

६. आन्तरिक राजस्व कार्यालयहरु

७. भन्सार कार्यालयहरु

८. सशस्त्र प्रहरी बल नेपाल

९. नेपाल प्रहरी

१०. राष्ट्रिय अनुसन्धान विभाग

राजस्व चुहावट नियन्त्रणमा संलग्न संस्थागत संरचनाहरुमा अर्थ मन्त्रालयले राजस्व चुहावट नियन्त्रणका लागि ऐन कानुनमा शंशोधन लगायत नीतिगत व्यवस्था गर्ने गर्दछ भने अन्य विभाग तथा कार्यालयहरुले आ–आफ्नो कार्यक्षेत्रभित्र रहेर कर तथा भन्सार महशुल संकलन देखि लिएर राजस्व चुहावट नियन्त्रणका लागिका कार्य गर्दछन् । राजस्व चुहावट नियन्त्रणमा मुख्य रुपमा राजस्व अनुसन्धान विभागले काम गर्दै आएको छ । सो विभागले राजस्व चुहावट नियन्त्रणका लागि निम्नानुसार कार्य गर्ने गर्दछ-

(क) उजुरी वा सूचनाको संकलन

जुनसुकै प्रकारको अनुसन्धान प्रक्रियाको लागि उक्त विषयसँग सम्बन्धित विभिन्न प्रकारका सूचना वा तथ्यको जानकारी आवश्यक पर्दछ। राजस्व अनुसन्धान विभागले विभिन्न प्रक्रियाबाट राजस्व चुहावट भए नभएको सम्बन्धमा सूचना संकलन गर्ने गर्दछ। सूचना संकलन विभागको आफ्नै सूचना प्रणाली तथा बाह्य व्यक्ति वा निकायबाट प्राप्त हुने गर्दछ । यसरी विभागमा प्राप्त हुने सूचना वा जानकारीको सत्यता, गाम्भिर्यता, जोखिम, प्रभाव, प्रमाण, कानुनी व्यवस्था, क्षेत्राधिकार लगायतका विषयमा वस्तुगत एवं तथ्यगत अध्ययन र विश्लेषण गरिन्छ। सूचना संकलनका स्रोतहरू मूलतः २ प्रकारका छन्:-

(१) **<u>बाह्य स्रोतः</u>-** सुराकी, पत्रपत्रिका, रेडियो, टेलिभिजनजस्ता सञ्चातरका माध्यमहरू, सरोकार समूहहरू, नियमनकारी निकायहरु, संसदीय समितिका निर्देशनहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,राष्ट्रि य सतर्कता केन्द्र, नेपाल सरकारका मन्त्रालयहरू, विभाग आदिबाट प्राप्तष सूचना र विभिन्ना व्यक्तिहरू/संस्थाहरूबाट प्राप्ट सूचनाहरू, विभिन्नह वेवसाईटहरू आदि ।

(२) **<u>आन्तरिक स्रोतः</u>-** जोखिमको सूचकका आधारमा विश्लेमषण गरिएका आन्तरिक राजस्व विभाग तथाभन्सार विभागको सूचना सञ्जालबाट उपलब्ध तथ्याङ्क तथा सूचनाहरु, स्थलगत अध्ययनबाटविभाग र अन्तर्गत कार्यालयका कर्मचारीहरुले

संकलन गरेका सूचनाहरु, विभाग, क्षेत्रीय कार्यालय र अन्तर्गतका चेकपोष्टतहरूबाट बजार तथा राजमार्ग अनुगमन गर्दा प्राप्तक सूचनाहरू, नियमित/आकस्मिक रुपमा हुने द्रुत तथा राजमार्ग गस्ती परिचालनबाट प्राप्तप सूचनाहरू र आकस्मिक निरीक्षणकोक्रममा र विभागले अपनाएका अन्य रणनीतिहरू एवं अनुसन्धानकोक्रममा उपलब्ध भएका सूचना तथा प्रमाणहरु ।

(ख) सूचना विश्लेषण

विभिन्नं स्रोतहरूमार्फत प्राप्तिराजस्व चुहावटजन्य सूचनाहरूलाई राजस्व जोखिम परिसूचकहरुको आधारमा विश्लेरषण गर्ने गरिन्छ । विश्ले षण गर्ने सन्दर्भमा सूचनाको सत्यता तथा आधिकारिकता जाँच गरी आरोपित व्यक्ति/फर्म/कम्पनीको सम्बन्धमा अन्य क्षेत्रबाट समेत आवश्यकतानुसार सूचना संकलन गरी कारोबारको प्रकृति, स्थान, व्यावसायिक नीति, सम्बद्ध अन्य संस्थासँगको सम्बन्ध लगायतका विषय एवं वित्तीय अनुपात समेतका आधारमा प्रारम्भिक अनुसन्धानका लागि सूचना विश्लेवषण गर्ने गरिन्छ ।

(ग) प्रारम्भिक अनुसन्धान

प्राप्तद सूचना एवं वित्तीय अनुपात जस्ता विषयको गहन विश्ले षण गरी राजस्वचुहावटका सम्बन्धमा प्राप्तत सूचनाको आन्तरिक तथा गोप्यरुपमा अध्ययन, अवलोकन, लेखाजोखा, परीक्षण तथा विश्लेयषणगर्ने कार्यलाई प्रारम्भिक अनुसन्धान भनिन्छ। प्रारम्भिक अनुसन्धान प्रतिवेदन नै विस्तृत अनुसन्धानको लागि मेरुदण्ड हो । प्रारम्भिक अनुसन्धानमा प्राप्तद प्रमाण, अभिलेखसहित उक्त व्यावसायिक फर्मको दर्ता अवधि, कारोबारको किसिम, कारोबारको सीमा, विगत आर्थिक वर्षहरुको कारोबारको मात्रा, मूल्यवृद्धि अनुपात, शाखागतकारोबार, व्यावसायिक मौज्दात, ऋण तथा लगानी, बैङ्किङ्गकारोबार, वित्तीयविवरण, वासलात, स्थिर सम्पत्तिको बिक्री, अपलेखन, अन्य अन्तरसम्बन्धित व्यावसायिक फर्म, पूर्वअनुसन्धान कारबाही भए नभएको लगायका विषयमा अध्ययन र विश्लेनषण गरिन्छ। यसरी अध्ययन र विश्लेषण गर्दा राजस्व चुहावट भएको स्पष्टय आधार वा राजस्व जोखिम भएको देखिएमा उप-महानिर्देशकको सिफारिसमा महानिर्देशकले अनुसन्धान अधिकृत तोकिदिने र अनुसन्धानअधिकृतले प्रारम्भिक अनुसन्धान प्रतिवेदनको आधारमा विस्तृत अनुसन्धान कारबाही अगाडी बढाउने गरिन्छ ।

(घ) विस्तृत अनुसन्धान र छानबिन

प्रारम्भिक अनुसन्धान प्रतिवेदनका आधारमा विस्तृत अनुसन्धान गर्नुपर्ने देखिएमा आवश्यकता र औचित्यताको आधारमा विभागले निम्न कार्यहरू मध्ये केही वा सबै कार्यहरू गर्दछः-

- उद्योग विभाग,वाणिज्य विभाग,कम्पनी रजिष्ट्रारको कार्यालय, घरेलु तथा साना उद्योग विभाग लगायतका सम्बन्धित निकायमा सम्पर्क गरी आवश्यक कागजात माग गर्ने ।
- सम्बन्धित व्यक्ति फर्म वा कम्पनीको ,कारोबारको प्रकृति र आकार अध्ययन गर्न नेपाल राष्ट्र बैङ्कमार्फत वा सोझैबैङ्क खाताको विवरणसम्बन्धी कागजात माग गर्ने ।
- आन्तरिक राजस्व कार्यालयमार्फत कर विवरण लगायतका कागजात माग गर्ने।
- घरजग्गा जस्ता अचल सम्पत्तिको सूचना प्राप्त गर्न र रोक्का गर्न भूमिसुधार तथा व्यवस्थापन विभागमार्फत सम्बन्धित मालपोत कार्यालयहरूमापत्राचार गर्ने।
- थुनछेक वा पक्राउ गर्नुपर्ने भएमासम्बन्धित प्रहरी कार्यालयमा पत्राचार गर्ने ।
- आवश्यकताअनुसार अन्य निकायसँग सम्पर्क गरी सूचनाको सत्यता यकिन गर्न थप अनुसन्धान कार्य अगाडि बढाउने ।
- कारोबारस्थलमा गई कागजात र विद्युतीय सूचना तथा तथ्याङ्क नियन्त्रणमा लिने र उपलब्ध कागजातको आधारमा करदाताको वयान लिएर अनुसन्धान गर्ने।
- विभागमा जडित DRI-CIS (Department of Revenue Investigation-Central Information System)बाट प्राप्त सूचनाको प्रयोग गर्ने ।
- अनुसन्धान र छानबिनपश्चात् भन्सार महसुल छलेको पाइएमा,मूल्य अभिवृद्धि कर छलेको पाइएमा र अन्तःशुल्क छलेको पाइएमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन ,२०५२ र नियमावली, २०७०अनुसारको प्रक्रिया पुऱ्याई अनुसन्धानबाट करछली वा चुहावट गरेकोविगो कायम गरी मुद्दा दायर गर्ने राय सरकारी वकील कार्यालयमा पठाउने र त्यहाँबाट मुद्दा चल्ने गरी निर्णय भई आएपछि मुद्दा दर्ता गर्ने साथैअन्य निकायमा लेखि पठाउने भएमा सोही बमोजिम क्षेत्राधिकार रहेको निकायमा पठाउने ।

(ङ) मुद्दा दायर

विस्तृत अनुसन्धान र छानबिनपश्चायत् विभागबाट सरकारी वकीलको राय लिई सम्बन्धित अदालतमा कर तथा गैरकर राजस्वचुहावटका विशेष प्रकृतिका मुद्दाहरू राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम अदालतमा दायर गर्ने गरिन्छ ।

यसका साथै आन्तरिक राजस्व विभागबाट पनि कर परीक्षणका माध्यमबाट करदाताहरुले छलेको कर आयकर ऐन बमोजिम तिर्न बा बुझाउन लगाउने र जरिवाना समेत गराउने साथै भन्सार कार्यालयहरुले भन्सार छली वा भन्सार चोरी पैठारी गरी ल्याएका सामानहरु जफत गरी कसुरदारलाई भन्सार ऐन तथा नियमावली बमोजिम सजाय र जरिवाना गर्ने गर्दछ । नेपाल प्रहरी र सशस्त्र प्रहरीले राजश्व चुहावट गर्ने शंकित व्यक्तिलाई आवस्यक कारबाहीका लागि पक्राउ गरी कारबाही गर्ने साधिकार निकायमा दाखिल गर्ने काम गर्दछ ।

माथि उल्लिखित क्षेत्रहरुमा हुने गरेको राजस्व चुहावटलाई प्रभावकारी नियन्त्रणका लागि उपयुक्त नीति र कानुनी व्यवस्था, कार्यमूलक संगठन, सक्षम, उत्प्रेरित र सूचना प्रविधिमैत्री मानव संसाधन, सूचना प्रविधिको अधिकतम उपयोग गर्न उपयुक्त सफ्टवेयरको निर्माण, अनुसन्धानको लागि आवश्यक सूचनाको संकलन तथा विश्लेरषण गर्ने संयन्त्र,गुणस्तरीय सूचना प्राप्ता गर्न सुराकी पुरस्कार आदिको व्यवस्था गर्न सकिएमा मात्र आशातित सफलता हासिल हुन सक्दछ । यस्तो सफलता हात लागेमा राजस्व चुहावटका जोखिमका क्षेत्रहरु न्यूनिकरण हुन गई राजस्व संकलनमा अत्यधिक वृद्धि हुने र राजस्व संकलनको बढोत्तरीले मुलुकको विकास निर्माणमा समेत कायापलट हुने देखिन्छ ।

५. राजस्व चुहावट सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित केही नजिरहरु

सर्वोच्च अदालतबाट राजस्वसँग सम्बन्धित मुद्दामा कममात्र फैसलाहरु हुने गरेको पाईन्छ। भएका फैसलाहरुमा धेरै जसो करसँग सम्बन्धित मुद्दामा फैसलाहरु भएका छन् । राजस्व चुहावटका विषयहरुले तुलनात्मक रुपमा अदालतमा प्रवेश कम पाएको देखिन्छ ।अधिकांश विषयहरु रिट क्षेत्राधिकारका माध्यमबाट सर्वोच्च अदालतसम्म पुगेको देखिन्छ भने मुद्दामा पनि कर र भन्सारका मुद्दाहरु अदालतमा केही विचाराधित तथा थोरैमात्र फैसला भएको पाइन्छ।यहाँ राजस्व चुहावटसँग सम्बन्धित केही फैसला तथा आदेशहरुलाई उल्लेख गर्ने प्रयास गरिएको छ ।

पुनरावेदक राजस्व अनुसन्धान विभाग हरिहरभवन, पुल्चोक, ललितपुर विरुद्धडाबर नेपालका प्रबन्धक तरूणकुमार गुप्तासमेत भएको राजश्व चुहावटमुद्दा नं. ०६६-CF-००१२ मिति २०७३।११।१२ को फैसला

- विधायिकाले दफा ८ को व्यवस्था गर्दा राजश्व चुहावटको सूचना प्राप्त भएको ३० दिनभित्रै अनुसन्धान तहकिकात गरिसक्नु पर्ने गरी व्यवस्था गरेको हो भनी व्याख्या हुन गएको अवस्थामा दफा २० मा अनुसन्धान तहकिकात समाप्त भएको ३५ दिनसम्ममा मुद्दा दायर गर्नुपर्ने भनी र ऐ. दफा १३ मा अनुसन्धानको सिलसिलामा बढीमा ४५ दिनसम्म अभियुक्तलाई थुनामा राख्न सकिने भनी व्यवस्था गर्नुपर्नाको औचित्य नै समाप्त हुने देखिँदा राजश्व चुहावटको सूचना प्राप्त भएको ३० दिनभित्रै अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरिसक्नु पर्ने गरी विधायिकाले समयसीमा निर्धारण गरेको हो भनी अर्थ गर्न सकिने अवस्था नहुने ।

- भारतमा बनेको हजमोला केण्डी चोरी पैठारी गरी नेपालमा ल्याई नेपालमा बनेको भन्ने देखाउन सो केण्डी राखिएको जारमा नेपालमा बनेको भन्ने लेमुनेट लगाएको देखिँदा प्रतिवादीहरूले राजश्व चुहावट गरेको भन्ने नै पुष्टि हुन आएको पाइने ।

- राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ को व्याख्या गर्दा सो ऐनको दफा १३ र २० एवं अन्य दफाहरू समेतको सापेक्षतामा गर्नुपर्ने गरी यस अदालतको संयुक्त इजलासबाट ०६४-CR-०००७ को प्रस्तुत मुद्दामा मिति २०६७।३।१६ मा भएको फैसलालाई सदर गरी उल्लिखित दफा ८ को सम्बन्धमा नेपाल सरकार विरूद्ध पृथ्वीमान सिंहसमेतको राजश्व चुहावट मुद्दा संवत् २०५९ सालको फौ.पु.नं.२७०३, ३२०६ र ३२३२ मा यस अदालतको संयुक्त इजलासबाट भएको रूलिङ ओभररूल हुने ।

मानबहादुर सुनार विरुद्धविपक्षीकर कार्यालय महेन्द्रनगर, कन्चनपुर समेत भएको उत्प्रेषण मिश्रीत परमादेश विषयको सम्वत् २०५४ सालको रि.पू.ई.नं. ८७आदेश मितिः २०५७।५।२।६ को वृहत् पूर्ण इजलासबाट भएको आदेश.....

- आयकर ऐन, २०३१ को दफा २४मा कुनै व्यक्तिले आफ्नो नाम नराखी अरुको (२) नाम वा कुनै नामबाट कुनै कारोवार गरेको रहेछ भने त्यस्तो कारोवारको मुख्य

नियन्त्रण वा कारोवारको बन्दोबस्त निजले नै गरि आएको र त्यस्तो कारोवारबाट भएको आयको सबै वा मुख्य हिस्सा निजले नै प्राप्त गर्ने गरी आएको भन्ने कुरा कर अधिकृतलाई यकिन भएमा सो कारोवारबाट भएको आय निजको आय मानी कर निर्धारण गरिनेछ । यसरी ऐनको दफा २४ (२)को अवस्था विद्यमान भएको भन्ने कुरा विवादिन निर्णयमा खुलाइएको र यस्को आधार प्रमाण उल्लेख गरेको पाइँदा अर्काको नाउँमा फर्म दर्ता गराई निवेदकले कारोवार गरेको देखिने ।

- कर अधिकृतले निर्णय गर्दा आधारहरु उल्लेख गरेको देखिएको र ती आधार प्रमाणहरु पर्याप्त भए नभएको कारणले मात्र वदनियत भन्न नमिल्ने।

नेपाल सरकार, भन्सार विभागका महानिर्देशक बोधराज निरौला विरुद्ध पशुपति एक्सपोर्ट एन्ड इम्पोर्ट हाउस वीरगञ्जको प्रो. निर्मलादेवी गोयन्कासमेत भएको भन्सार मूल्याङ्कन धरौट फिर्ता विषयको मु. नं. ०६७-CR-०७९६ फैसला मिति २०७१।११।१५ को फैसला

- पैठारी गरिएको कुनै माल वा वस्तुको धनीबाट पेस भएको कारोबार मूल्य "वास्तविक कारोबार मूल्य कायम गर्ने पद्धति" सँग मेल नखाने भएमा भन्सार अधिकृतले पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्यलाई मान्यता नदिई पैठारी गरिएको माल वा वस्तुको अभिलेख मूल्य, मूल्यसूची वा सोही प्रकारको माल वा वस्तुको मूल्यको आधारमा त्यस्तो माल वा वस्तुको मूल्य कायम गरी भन्सार महसुल निर्धारण गर्नुपर्ने व्यवस्था भन्सार ऐन, २०१९ को दफा १३ को उपदफा ले गरेको देखिने । (४)
- पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्य समरूप वा उस्तै प्रकारको वस्तुको मूल्यभन्दा कम देखिएकोले आर्थिक अध्यादेश, २०६१ को अनुसूची १ को दफा ७ को उपदफा ३ बमोजिम त्यसरी मूल्य कम हुनुको यथेष्ट कारण पेस गर्न भनी पैठारीकर्तालाई लेखिएको, सोधिएको वा मौका दिइएको भन्नेसमेत उक्त कारबाहीसम्बन्धी निर्णय फाइलबाट देखिएको छैन । पैठारीकर्ताले गरेको मूल्यसम्बन्धी घोषणालाई अस्वीकार गरी बढी मूल्य कायम गर्दा भन्सार अधिकृतले विश्व व्यापार संगठनको मूल्याङ्कनसम्बन्धी मूलभूत सिद्धान्तलाई अवलम्बन गरेको भन्ने पनि उक्त निर्णयमा उल्लेख भएको पाइँदैन । पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई अस्वीकार गरी सोभन्दा बढी मूल्य कायम गर्दा उपर्युक्त आर्थिक अध्यादेश, २०६१ को अनुसूची १ को दफा ७ को उपदफा ५ बमोजिम पैठारीकर्ता कम्पनीलाई दिनुपर्ने कारणसहितको लिखित सूचनासमेत दिएको देखिँदैन । यसर्थ वीरगञ्ज भन्सार कार्यालयबाट भएको

उपर्युक्त मिति २०६१।१२।२ को मूल्य निर्धारणसम्बन्धी निर्णयमा कानूनले निर्धारण गरेबमोजिमको माथि वर्णित कुनै पनि कार्यविधि वा प्रक्रिया पुरा गरिएको भन्ने देखिन नआउने ।

अधिवक्ता उद्धवकुमार के. सी. विरुद्धराजश्व अनुसन्धान विभाग, हरिहर भवन, पुल्चोक ललितपुरसमेत भएको उत्प्रेषण / परमादेश / प्रतिषेध / अधिकारपृच्छा विषयको रिट नं. 070-WO-1280आदेश मितिः २०७२।०९।२७।२ मा भएको आदेश

- वस्तुतः नियमितरूपमा दर्तावाला करदाताले बुझाउनु पर्ने विवरण वा कर नबुझाएको अवस्थामा सम्बन्धित निकायले त्यस्तो कर असुलीका लागि के कस्तो कारवाही गर्ने भन्ने कुराको कानूनमा नै स्पष्ट र पर्याप्त व्यवस्था रहेको देखिन्छ । कानूनले स्वाभाविकरूपमा लिने गति र दिशालाई राज्यका जिम्मेवार निकायले अधिकारको बाहुबलमा वा अन्य कुनै उद्देश्यका लागि असाधारण र अतिरञ्जित ढङ्गले परिचालन गर्नु जरूरी हुँदैन । नियमितरूपमा बुझाउनु पर्ने करदाताले कर नबुझाएकोमा कर विवरण दाखिल गराउने वा तिर्न तिराउन लगाउने वैधानिक संयन्त्र र प्रक्रिया छँदाछँदै विना कुनै मनासिब र विश्वसनीय तथ्य एवं आधार राजस्व अनुसन्धान विभाग र सो संस्थालाई प्राप्त अधिकारको आधार देखाई क्रियाशील बनाउन पनि जरूरी नहुने।
- आयकर र मूल्य अभिवृद्धि कर ऐन जस्ता ऐनहरू विशेष ऐन हुन् । ती ऐनमा निश्चित गरिएका प्रक्रियाहरू सोहीबमोजिम मात्र प्रयोग गर्नुपर्ने हुन्छ । ती ऐनमा व्यवस्था भएका कुराहरूको हकमा अन्य सामान्य ऐनको व्यवस्था क्रियाशील हुँदैनन् । यो कानूनको सामान्य सिद्धान्त नै हो । आयकर र मूल्य अभिवृद्धि कर ऐनले कर प्रशासनको सम्बन्धमा गरेको व्यवस्थाहरूलाई स्वचालितरूपमा क्रियाशील गराउनुको साटो राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रणऐनको एकाएक क्रियाशील गराउनु (पनि उपयुक्त हुँदैन । खास प्रयोजनका लागि लागू रहेका विशेष ऐनहरू र सो अन्तर्गत संस्थापित निकायहरू आफ्नो जिम्मेवारीको काममा असफल वा अकर्मण्य भएमा बाहेक नियमित कानूनबाट स्थापित त्यस्ता निकायलाई यो वा यसो गर्नु भनी कुनै पनि विषयमा निर्देशित गर्ने गरी अर्को निकायबाट हुने कुनै पनि रूपको हस्तक्षेप स्वीकार्य नहुने ।
- वस्तुतः कर विवरण दाखिल गर्न गराउन वा कर असुलीको काम बाँकी रहनु भनेको राजस्वको चुहावट गरेको भन्ने हुँदैन । स्वभावैले कर चुहावट भनेको करछलीको

अवस्था हो । कर छल्ने कुरा फौजदारी कार्य हो । कर असुलीको सामान्य प्रक्रियालाई करछलीको रूपमा सहजै परिभाषित गर्न नसकिने ।

- राजस्व चुहावट अनुसन्धान र नियन्त्रण ऐनको अस्तित्व, त्यसको प्रभावकारिता एवं सान्दर्भिकतालाई इन्कार गर्न नमिल्ने भए पनि अख्तियारको दुरूपयोग गरेको वा राजस्व छलीजन्य वा चुहावटजन्य कार्य गरेको देखिने कुनै कार्य भएको कुरा प्रथम दृष्टिमा देखिन नआएपछि कसैको पनि घर, कार्यथलो आदिमा बलात् हस्तक्षेप गरी खानतलासीसमेत गर्न सकिन्छ भन्ने कुरा जायज हुन सक्तैन । व्यक्तिको घर बसोबास वा कार्यथलोको खानतलासी भनेको कसुरजन्य कार्यको अनुसन्धानको एउटा परिपक्व स्थितिमा जरूरी देखिन आएको अवस्थामा मात्र गरिने कार्य हो । त्यसैले यो कार्य अति नै संवेदनशील पनि हुन्छ । यसबाट खानतलासी गरिने व्यक्ति, निजको परिवार र सोसँग सम्बद्ध हुन आउने कतिपय अन्य व्यक्तिको हकहित र प्रतिष्ठासमेत जोखिममा परेको हुन्छ । त्यसैले खानतलासीको कार्य कुनै पनि निकायले आफ्नो अधिकार वा सोको रवाफ देखाउने हिसाबले गर्ने कार्य कदापि होइन । यसको आवश्यकता र औचित्य प्रमाणित नगरीकन खानतलासीको अधिकार प्रयुक्त हुन सक्तैन । साथै कानूनको सीमा र विधिसम्मत प्रक्रिया पुऱ्याएको छैन भने खानतलासीको नतिजासमेत ग्राह्य र स्वीकार्य हुँदैन । त्यसमा पनि कानून व्यवसायसँग जोडिएको संवेदनशीलतालाई कुनै अर्थमा र हदमा पनि उपेक्षा र अनदेखा गरी खानतलासी लिन नमिल्ने ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगले संविधान प्रदत्त आफ्नो अधिकारक्षेत्रभित्र रही अख्तियारको दुरूपयोग गरेको विषय र आफूले कारवाही गर्न सक्ने कुराको यकिन गरी कारवाही अघि बढाउनु पर्नेमा त्यस्तो गर्न नसकी अन्य कानूनबमोजिम अन्य निकायलाई भएको अधिकारको विषयमा अधिकारक्षेत्र बाहिर गई निर्देशित गरी निवेदकको ल फर्ममा खानतलासीको स्तरसम्म पुऱ्याएको कार्य विधिसम्मत भन्न मिलेन । त्यस्तो प्रकृतिको निर्देशित कारवाही अघि नबढाउनु, रोक्नु र अब आइन्दा आफ्नो अधिकारक्षेत्रको सीमाभित्र रहेर कानूनले निर्दिष्ट गरेको कार्यविधि पुऱ्याएर मात्रै कार्य गर्नु भनी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई र राजस्व अनुसन्धान विभागले पनि आफ्नो कानूनी अधिकारअन्तर्गत विधिसम्मतरूपमा प्राप्त सूचना र अनुसन्धानको आधारमा कानूनबमोजिम विवेकसम्मत हिसाबले गर्नुपर्ने काम सुचारू गर्नेबाहेक अन्यथा काम गर्न नहुने ।

- कानूनबमोजिम तिर्न बुझाउनु पर्ने कर वा अन्य शुल्कहरू कानून व्यवसायीले समेत तिर्नुपर्दछ । राज्यको अख्तियारीअन्तर्गत बनेको कानूनबमोजिम व्यवसायको अनुमति प्राप्त गरी प्राप्त शुल्क वा आयमा लाग्ने कानून बमोजिमको कर तिर्नु सबै कानून व्यवसायीको पनि कर्तव्य हुने ।
- कानूनी राज्यको प्रहरीको हिसाबले कानूनको उल्लङ्घन गर्न नदिने र कानूनको रक्षा गर्नुपर्ने ज्ञान, अनुभव र सीपको अपेक्षा गरिने व्यवसायीले कानूनअन्तर्गत गर्ने व्यवसायबाट प्राप्त लाभबापत तिर्नुपर्ने कानूनबमोजिमको कर नतिरेको अवस्थामा सो व्यवसाय र व्यवसायप्रतिको जनताको आस्था समाप्त हुन्छ । आयअनुसार कर तिर्नु व्यवसायीको धर्म पनि हो । तसर्थ प्रचलित कानूनबमोजिम करदातामा दर्ता हुने, नियमितरूपमा आयको विवरण राख्ने, कानूनबमोजिम बुझाउनु पर्ने आयलगायतको विवरण बुझाउने र निर्धारित कर तिर्ने जस्ता कार्यहरू कानून व्यवसायसँग सम्बद्ध प्रतिष्ठा र गौरवको पनि विषय हुनाले यसतर्फ सबै कानून व्यवसायीहरू सचेत रहन र आफ्नो कानूनी कर्तव्य पूरा गर्नबाट चुक्न नहुने ।

पुनरावेदक ठूला करदाता कार्यालय ललितपुर विरुद्धपशुपति सिमेन्ट प्रा.लि.का अध्यक्ष वीरेन्द्र कुमार संघाई भएको मूल्य अभिवृद्धि कर (आ.व.०६४/०६५) मुद्दा नं. ०७२-RB-०४५४ मिति २०७४।१।१९ को फैसला

- कुनै उद्योगले आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि प्रचलित कानूनको अधीनमा रही सवारी साधन खरिद गर्न पाउने नै हुन्छ । उद्योगको व्यवसायिक कारोबार सञ्चालन गर्न आवश्यक भई खरिद गरी प्रयोगमा ल्याइएको सवारी साधन खरिदसम्बन्धी मूल्य अभिवृद्धि करबापतको कर कट्टा गर्न पाउने छुट करदाताले पाउने नै देखिन्छ । यसप्रकारको कुरामा सामान्य प्राविधिक तर्कअगाडि सारेर करदातालाई कानूनबमोजिमको सुविधा प्राप्त गर्नबाट वञ्चित गर्न नमिल्ने ।

६. राजस्व चुहावट नियन्त्रणका समस्याहरु

व्यापार व्यवसायको क्षेत्रमा उपयोग भएका नविन प्रविधि र राजस्व प्रशासनको क्षेत्रमा गरिएको पछिल्लो पुस्ताको सुधार कार्यक्रमले राजस्व जोखिमका क्षेत्रहरुलाई पहिचान गर्न सहज सजिलो भएता पनि यस्ता जोखिमका क्षेत्रहरुको पहिचानको आधार कुनै एउटा स्वरुप र चरित्रको नहुने हुँदा एउटै प्रकृतिको कारोबार गर्नेमा समेत कर चुहावटको तरिका फरक फरक हुन सक्छन् । करदाता स्वयंको संलग्नताबिना कर चुहावट संभव हुँदैन । प्रतिस्पर्धी

अन्य व्यापारीको अनुसरण गर्दै करदाता यस्ता क्रियाकलापमा संलग्न रहने गर्दछन् । कर चुहावटमा मद्दत गर्ने, उक्साउने र त्यसको मतियार हुने श्रेणीमा लेखा परीक्षण गर्ने कर्मचारी, कर सहयोगी र विचौलिया समेतको संलग्नता रहने गरेको पाइन्छ । राजस्व चुहावट नियन्त्रणको क्षेत्रमा हाल देखिएका मूलभूत समस्याहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः-

<u>समस्याहरु</u>

१. भन्सार बिन्दुमा पैठारीकर्ताबाट मालवस्तुको सही घोषणा (Right Declaration) नहुनु।

२. राजस्व छलीसम्बन्धीतथ्याङ्क e-mail, icloud, Wechat र WhatsApp मा भण्डारण गर्ने गरेकोमा त्यस्तो तथ्याङ्क (Data) मा पहुँच (Access)नहुनु ।

३. अनुसन्धान तथा तहकिकातलाई अझ बढी परिणाममूलक बनाउन तथ्याङ्क बैङ्क स्थापना नहुनु ।

४. राजस्व चुहावट रआर्थिक अपराधसम्बन्धी तथ्याङ्कको प्राप्ति,जोखिमको अवस्था विश्लेषण,प्रशोधन,भण्डारण र उपयोग गर्ने संयन्त्र नहुनु ।

५. राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित अनुसन्धान तथा तहकिकात सम्बन्धी मुद्दा विशेष अदालतमा दायर गर्ने व्यवस्था नहुँदा समय र लागत बढी लाग्नु ।

६. भन्सार बिन्दुबाट जाँचपास भई भन्सारबाट सिलछाप लागि ढुवानी भएका साधनको परम्परागत प्रणाली (Manual System)अपनाईचेकजाँच गर्नु पर्दा समय र लागत बढी लाग्नु ।

७ . दुर्गम क्षेत्रलगायत मुलुकका अन्य बहुसंख्यक जनतामा बैङ्किङ्ग पहुँच नपुगेकोले नगद कारोबारलाई प्रश्रय मिल्न गई अनौपचारिक अर्थतन्त्र मौलाउन पुग्दा राजस्व छली र अवैध आयका छिद्रहरुलाई बढावा मिल्नु ।

८ . गैरकर राजस्वको चुहावट र अनुसन्धान सम्बन्धमा कानुनी अधिकार क्षेत्र स्पष्ट नहुनु ।

९. घरजग्गाको न्यून मूल्याङ्कन देखाई मालपोत राजस्व कम तिर्ने तर बढी मूल्यमा कारोबार गरेको स्वीकार्दा पनि सो सम्बन्धमा तत् तत् ऐनहरुमा दण्ड,जरिवानाको व्यवस्था नहुँदा कारबाहीमा समस्या रहनु ।

१० . राजस्व चुहावट नियन्त्रणसम्वद्ध निकायहरू बीच आपसी समन्वय, सहकार्य र साझेदारीको भावना पर्याप्त नरहँदा राजस्व छली एवं आर्थिक अपराधजन्य कार्यलाई आशातीत नतिजामुखी बनाउन नसकिनु ।

११. मालवस्तुको आन्तरिक ओसारपसारलाई व्यवस्थित,पारदर्शी बनाई अर्थतन्त्रको मूलधार मा पूर्ण रुपमा ल्याउन नसकिनु ।

१२. भारतीय सवारीसाधनहरुको उचित नियमन गर्ने, खुला सीमानालाई व्यवस्थित गर्ने, भन्सार मूल्याङ्कनलाई पूर्णरुपमा कारोबारमा आधारित बनाउने तथा कर कानुनको पूर्णपरिपालना गर्ने गराउने कार्य अझै चुनौतीपूर्ण रहनु ।

१३. राजस्व अनुसन्धान विभागबाट हाल प्रयोगमा रहेका कानुनहरु पूर्ण, एकिकृत र समयानुकुल नहुँदा चुहावट नियन्त्रण कार्य अपेक्षाकृत प्रभावकारी हुन नसक्नु, पहिले राजस्व चुहावट ,ऐन (अनुसन्धान तथा नियन्त्रण)२०५२ प्रभावकारी कार्यान्वयनमा आउन नसक्दा राजस्वसम्बन्धी अन्य कानुनको प्रत्यायोजित अधिकारबाट कार्यसम्पादन हुँदा मुख्य भुमिकाबाट विचलित हुन पुगेको ।

१४. विद्यमान विभागको कार्यसञ्चालन(Operational) प्रकृतिको संरचनालाई परिवर्तन गरी नीतिगत अनुगमन (Policy Monitoring) गर्ने संयन्त्रको रुपमा विकास गर्न नसकिनु।

१५. विद्यालय तथा विश्वविद्यालयलगायतका अन्य व्यावसायिक निकाय आफैंले सञ्चालन गरेका होस्टेल सेवा व्यवसायमा मूल्य अभिवृद्धि कर संकलन गरेको नपाइनु ।

१६. सघन रुपमा वजार अनुगमन नहुँदा उत्पादन स्थलबाट एउटै विजकबाट पटक पटक ढुवानी गरी स्थानीय विक्रेतालाई मालवस्तु बिक्री गरि राजस्व चुहावट हुनु ।

१७. Fun Park जस्ता मनोरञ्जनस्थलहरुमा हुने अन्य सबैकारोबारको विजक जारी नहुनु।

१८. अन्तःशुल्कको स्टिकर नलगाउने र नक्कलीस्टिकर लगाउने प्रवृतिले राजस्व छली हुनु ।

१९. Travel Agency ले सञ्चानलन गर्ने टुर प्याकेजमा Zooर Museumको प्रवेश शुल्कमा मात्र VATछुट हुनेमा मनोरञ्जपन स्थल प्रवेश शुल्क, Guide Hire Service, Hotel Service, Trekking Serviceर पर्यटकीय यातायात सेवा लगायतका पर्यटकीय सेवामा मू.अ.कर असूल नहुनु आदि ।

२० .हुण्डी नियन्त्रण सम्बन्धी कानुन नहुँदा आर्थिक अपराध गरी आर्जन गरेको फोहोर धन (Dirty Money)को प्रयोग गरी हुण्डी कारोबारले विदेशी मुद्रा अपचलन बढ्नु ।

२१ .बाहिरबाट अवैध रुपमा विदेशी मुद्राको कारोबार भइरहेको र यसको मूल कारकको रुपमा विप्रेषण (Remittance)आय रहेको पाइनु ।

२२ .बैङ्किङ्ग प्रणालीमार्फत सबै विप्रेषण (Remittance) आय प्राप्त गर्न नसक्दा अवैद्य रुपमा विदेशी विनिमय अपचलन भइरहनु ।

२३ .मालवस्तु पैठारी नगरी Fake Bank Documentप्रमाणित गरी विदेशी मुद्रा अपचलन हुनु ।

२४ .त्रिभुवन विमानस्थल र अन्य उत्तरी तथा दक्षिणी नाकाहरुबाट व्यक्तिले विदेशी मुद्रा ओसारपसार गर्ने गरेको पाइनु आदि ।

७. निष्कर्ष र नियन्त्रणका लागि सुझाबहरु

राजस्व प्रणालीमा गरिएका सुधार प्रयासका वावजुद कुल ग्राहस्थ उत्पादनमा राजस्वको अंश अपेक्षित रुपमा हासिल हुन सकेको छैन । मुलुकको वित्तीय प्रणालीलाई सुदृढ बनाउन राष्ट्रिय कराधारहरुको संरक्षण गर्दै दायरा फराकिलो बनाउनुपर्ने देखिएको छ । राजस्व चुहावट कार्यलाई नियन्त्रण गर्नका लागि उच्च राजस्व जोखिम भएका व्यावसायिक क्षेत्रको पहिचान गरी अनुसन्धान कार्यलाई बढी नतिजामुखी बनाउन आवश्यक देखिएको छ । अर्थतन्त्रको सबलीकरणका लागि राज्यले अवलम्बन गरेको उपयुक्त नीति, सक्षम संगठन, उत्प्रेरित मानव संसाधन जस्ता आन्तरिक तत्वहरु र राज्यप्रति दायित्वबोध भएका इमान्दार उद्यमी व्यवसायीहरु, ती उद्यमी व्यवसायीहरुका छाता संगठनहरु, व्यावसायिक कारोबारसँग प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहने पेशाविद् (चार्टर्ड एकाउण्टेण्ट्सअन्य लेखा व्यवसायी, वकील र परामर्शदाता आदि) जस्ता बाह्य तत्वहरु जिम्मेवार हुन्छन् ।

सार्वजनिक ढुकुटीमा जम्मा हुनुपर्ने आर्थिक स्रोत तथा साधन त्यहाँ जम्मा नगर्ने, राजस्व लुकाउने,कर, दस्तुर, शुल्क, महशुल छल्ने,कतैबाट प्रभावित भई यथर्थपरक कर परीक्षण नगर्ने कामहरु गर्नेलाई राजस्व चुहावट, भन्सार तथा कर कानुन अन्तर्गत कारबाहीको लागि सम्बन्धित निकायहरुमा मुद्दा दायर गरिन्छ । त्यसरी दायर गरिएका मुद्दाहरु प्रकृयागत कमजोरी, कानुनी त्रुटीका कारण असफल हुने र राज्यलाई प्राप्त हुनुपर्ने ठुलो परिमाणको राजस्व गुम्न गएको यथार्थता हामीबीच छर्लङ्ग छ । प्रकृयागत तथा कानुनी त्रुटिका कारण मुद्दा असफल भएका दर्जनौं उदाहरणहरु हुँदाहुँदै पनि मनोवृत्तीमा सुधार नगर्ने र कानुन परिमार्जन नगर्ने परिपाटी विद्यमान छ । यसमा सुधार गर्नु आवश्यक देखिन्छ ।

४.२. नियन्त्रणका लागि सुझावहरु

विद्यमान अबस्थामा मुलुकको कुल ग्राहस्थ उत्पादनमा राजस्वको योगदान अपेक्षाकृत रुपमा सन्तोषजनक देखिएको छैन । अनौपचारिक अर्थतन्त्रको आकार बढ्दो छ, यस अवस्थामा राज्यले प्राप्त गर्नुपर्ने राजस्वको हिस्सा गुम्दै गएकोले सो राजस्वको हिस्सालाई राज्यकोषमा ल्याउनुपर्ने चुनौती रहेको छ । बढ्दो अनौपचारिक अर्थतन्त्रले गर्दा आर्थिक विचलनका क्रियाकलापहरु झाँगिदै गएका छन् । आर्थिक विचलनलाई समयमा नियन्त्रण गर्न नसक्दा उत्पन्न आर्थिक विकृतिले अर्थतन्त्रलाई असर पुऱ्याइरहेको देखिन्छ । अवैध व्यापार,राजस्व चुहावट रविदेशीमुद्रा अपचलन कार्यलाई नियन्त्रण गरी प्रचलित राजस्वसम्बन्धी कानुनको परिपालनामार्फत राज्यकोष वृद्धिका लागि राजस्व प्रशासनमा संगठनात्मक सुधार र कर्मचारीको मनोवृत्तिमा समेत सुधार गर्नुपर्ने अवस्था छ । वर्तमान समयमा राजस्व चुहावट,अवैध व्यापार र विदेशी मुद्राको अपचलनबाट राज्यले प्राप्त गर्नुपर्ने राजस्वको अंश गुम्दै गएको ,अनौपचारिक अर्थतन्त्रको आकारमा वृद्धि हुँदै गएको र अवैध आयलाई वैध वनाउने कार्यमा संलग्न व्यक्तिको क्रियाकलापलाई नियन्त्रण गरी कुलग्राहस्थ उत्पादनमा राजस्वको हिस्सा बढाउने कार्यलाई प्राथमिकतामा राखेर कार्य गर्न जरुरी छ । राजस्व चुहावट नियन्त्रणका लागि केही सुझाबहरु यस प्रकार छन् :-

(क) कानुनी सुझाव

१. आर्थिक अपराध नियन्त्रण गर्न हुण्डी नियन्त्रण सम्बन्धीकानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।

२. राजस्व चुहावट २०५२ को प्रभावकारी ,ऐन (अनुसन्धान तथा नियन्त्रण) कार्यान्वयनको लागि ऐन संशोधन तथापुनर्लेखन गरी विद्यमान प्रत्यायोजित ऐनको कार्यान्वनको अन्त्य गर्नु पर्ने ।

३. विदेशी विनिमय)नियमित गर्ने(ऐन, २०१९ लाई समसामयिक बनाई विदेशी मुद्रा अपचलनलाई नियन्त्रण गर्नु पर्ने ।

४. विदेश भ्रमणगर्दा त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा विदेशीमुद्रा घोषणा (Declaration)गर्ने प्रावधान ल्याउनु पर्ने ।

५. अनुसन्धान तथा तहकिकातको सिलसिलामा सरकारका अन्य निकायहरुको तथ्याङ्क(Database)मा सोझै पहुँच हुने गरी कानुनी व्यवस्था गर्नु पर्ने ।

६. भन्सार दरबन्दी न्यून लाग्ने मालवस्तु पैठारी गर्दा अधिक विजकीकरण भएको पाइएमा विदेशी मुद्रा अपचलनमा कारबाही गर्ने व्यवस्था भन्सार ऐन, २०६४ मा समावेश गर्नुपर्ने ।

७. राजस्व चुहावट नियन्त्रणसँगसम्बन्धित अनुसन्धान तथा तहकिकातसम्बन्धी मुद्दा विशेष अदालतमा दायर गर्ने व्यवस्था राखी ऐनमा संशोधन गर्नुपर्ने ।

८. गैरकर राजस्वको चुहावट र अनुसन्धान सम्बन्धमा कानुनी अधिकार क्षेत्र स्पष्ट गर्नु पर्ने ।

९. घरजग्गाको न्यून कारोबार देखाई मालपोत राजस्व कम तिर्ने तर बढी मूल्यमा कारोबार गरेको स्वीकार गर्दा पनि सो सम्बन्धमा कारबाही गर्न नसकिएकोले तत् तत् ऐनहरुमा दण्ड, जरिवानाको व्यवस्था गर्नुपर्ने ।

(ख) संस्थागत सुझाव

१. बजार क्षेत्रमा भएको विस्तारले बढ्दो गैर आर्थिक क्रियाकलापलाई नियन्त्रण गर्न संघीय ढाँचाअनुकूल हुनेगरी प्रत्येक प्रदेशमा एक कार्यालय स्थापना हुनुपर्ने ।

२. राजस्व अनुसन्धान विभागको हालको सञ्चालन कार्य(Operational Function)लाईनीतिगत कार्य(Policy Function)मा रुपान्तरण गर्नुपर्ने र उपत्यकामा विशेष अनुसन्धान एकाई स्थापना गर्नुपर्ने।

३. राजस्व अनुसन्धान विभाग अन्तर्गतका क्षेत्रीय कार्यालयहरुलाई साधनस्रोत सम्पन्न बनाउनु पर्ने ।

४. नेपाल राष्ट्र बैङ्कमा रहेको वित्तीय जानकारी एकाईलाई पुनर्संरचना गरी स्वतन्त्र र सक्षम वित्तीय सूचना एकाइ (Financial Intelligence Unit)को रुपमा विकास गर्नुपर्ने।

(ग) प्रक्रियागत सुझाव

१. अनुसन्धन प्रक्रियालाई एकरुपता कायम गर्न अनुसन्धान निर्देशिकाको मस्यौदा तयार गरी लागु गर्नुपर्ने ।

२. राजस्वको उच्च जोखिम पहिचानका क्षेत्रहरुको तथ्याङ्कप्राप्त गर्ने ,विश्लेषण गर्ने , भण्डारण गर्ने र उपयोग गर्नका लागिसूचना व्यवस्थापन एकाइ(Intelligence Unit)स्थापना गर्नुपर्ने ।

३. उच्च राजस्व जोखिम भएका क्षेत्र पहिचान गरी नतिजामूलक अनुसन्धान कार्य गर्न राजस्व जोखिम परिसूचकहरुको परिमार्जन गर्नुपर्ने ।

४. अनुसन्धान तथा तहकिकात निकायहरुमा सुराकी व्यवस्थापन,अनुसन्धान र विश्लेषण (Research and Analysis)र उच्च राजस्व जोखिम (High Revenue Risk) हुने क्षेत्रमा नियन्त्रणमुखी कार्यलाई प्रभावकारी बनाउनुपर्ने।

५. भन्सार बिन्दुबाट जाँचपास भई भन्सारबाट सिलछाप लागि ढुवानी भएका साधनको चेकजाँच राजस्व जोखिमको परिसूचकका आधारमा गर्नुपर्ने ।

६. नगद कारोबारलाई निरुत्साहित गर्न दुर्गम क्षेत्र लगायत मुलुकका अन्य बहुसंख्यक जनतामा बैङ्किङ्ग पहुँच पुऱ्याउनुपर्ने।

७. भारतीय सवारी साधनहरुको उचित नियमन गर्ने, खुला सीमानालाई व्यवस्थित गर्ने, भन्सार मूल्याङ्कनलाई पूर्णरुपमा कारोबारमा आधारित बनाउने तथा कर कानुनको पूर्णपरिपालना गर्नुपर्ने आदि ।

(घ) प्रशासनिक सुझाव

१. तालिम प्राप्त मानव संशाधन (Human Resource)व्यवस्थापन गर्न पुनर्ताजगी तालिम (Refresher Training)को सञ्चा लन गर्नुपर्ने ।

१. राजस्व छली तथा वित्तीय लगानी सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमहरु व्यापक रुपमा जनस्तरमा पुऱ्याउनुपर्ने ।

२. राजस्व छली तथा वित्तीय लगानी सम्बन्धी तथ्याङ्क e-mail, icloud, Wechat र WhatsApp मा भण्डारण गर्ने गरेकोमा त्यस्तो तथ्याङ्क (Data) मा पहुँच (Access)स्थापित गर्न कर्मचारीहरुलाई प्रविधि सम्बन्धी तालिम प्रदान गर्नुपर्ने ।

३. कर छलीको अनुसन्धान तथा विभिन्न वित्तीय अपराध एवं ठगी कार्यमा सहकारी संस्थाहरु प्रयोग भएको पाइएकोले त्यस्ता निकायहरुमा निगरानी बढाउनुपर्ने ।

४. प्राप्त सूचनाको वस्तुनिष्ठ र गहन विश्लेषण गरी राजस्व चुहावट भएको तथ्य र प्रमाणबाट देखिन आएमा त्यस्तो शंकास्पद कारोबारको अनुसन्धान तथा तहकिकात गर्नुपर्ने ।

५. मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने वा मूल्य अभिवृद्धि कर लाग्ने बस्तुहरूको कारोबार गर्नेले मूल्य अभिवृद्धि कर कानुनको पालना गरे नगरेको अनुसन्धान गरी कारबाही गर्नुपर्ने।

६. सबै प्रकारका राजस्व चुहावट भएको वा हुन लागेको सूचनाको आधारमा प्रारम्भिक अनुसन्धान गरी थप अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाउने वा विस्तृत अनुसन्धान गरी आवश्यक कारबाही गर्नु पर्ने ।

७. मालवस्तुको आन्तरिक ओसारपसारलाई नियमित तथा आकस्मिक अनुगमन गरी बिलविजक लगायतका कानुनी प्रावधानहरु पालना भए नभएको विषयमा केन्द्रित रही स्थलगत अनुगमनलाई तीब्रता दिनुपर्ने आदि।

(ङ) अन्य सुझावहरु

१. चोरी निकासी पैठारी हुने मालवस्तु नियन्त्रण गरी कानुन बमोजिम कारबाही गर्नुपर्ने।

२. विदेशी विनिमयको अवैध ओसारपसार ,सञ्चय तथा अपचलनको गहन तरिकाले अनुसन्धान गर्नु पर्ने ।

३. राजस्व संकलन सम्बन्धी नीति परिमार्जन तथा राजस्व प्रशासनको आधुनिकीकरण र सुदृढीकरणको लागि नीतिगत पृष्ठपोषण गर्नु पर्ने ।

४. विप्रेषण आयलाई बैङ्किङ्ग माध्यमबाट नेपालमा रकम भित्र्याउन लाग्ने शुल्क छुट दिई प्राप्त रकमको आधारमा थप रकम प्रोत्साहन समेत दिनु पर्ने।

५. वैदेशिक रोजगारीका सिलसिलामा विदेश गई नेपाल आएका र पुनः सोही स्थानमा जाने कामदारको भिषा नविकरण गर्दा निजको मासिक आयको ५० प्रतिशत रकम बैङ्किङ्ग माध्यमबाट आए/नआएको यकिन गरी बैङ्किङ्ग माध्यमबाट रकम पठाउने कवुलियतनामा गराई एकपटकलाई भिषा नविकरण अनुमतिदिने व्यवस्था गर्नु पर्ने ।

६. वैदेशिक रोजगारीका लागि नेपालबाट विदेश पठाउने म्यानपावर व्यवसायीले नेपालबाट कामदार आपूर्ति गरे वापत पाउने भर्ना शुल्क कमिशन/(Recruitment Fee/Commission) रकम बैङ्किङ्ग माध्यमबाट नेपाल नल्याउने वा व्यक्तिगत खाता मार्फत जम्मा गर्ने गरेकोले यस्तो रकम बैङ्किङ्ग माध्यमबाट नेपाल नल्याएमा विदेशी मुद्रा अपचलनमा कारबाही गर्ने व्यवस्था गर्नु पर्ने।

७. सुन तस्करी बढ्दो रुपमा देखा परेकोले यसको नियन्त्रण गर्न प्रभावकारी सुराकी परिचालन गर्न हालको सुराकी पुरस्कार व्यवस्थालाई साविक झैं बनाउनेगरी कानुन पुनरावलोकन गर्नु पर्ने।

८. भन्सार बिन्दुबाट जाँचपास भएका मालवस्तुको घोषित परिमाण वा मूल्यमा ५० प्रतिशतभन्दा बढी फरकगरी मालवस्तुको जाँचपास भएको पाइएमा त्यस्तो कार्यमा संलग्न कर्मचारीलाई आवश्यक कारबाही गर्नु पर्ने ।

९. यथार्थ कारोबार मूल्यमा मालवस्तुको घोषणा नहुने भएकोले प्रचलनमा ल्याइएको सूचना मूल्यलाई समेत आधार मानी जाँचपासगर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्नु पर्ने ।

१०. घरजग्गाको कारोबारमा वास्तविक कारोबार मूल्य नदेखाई मालपोतको अङ्कित मूल्य देखाई पूँजीगत लाभकर छल्ने गरेकोले वास्तविक मुल्य देखाउने व्यक्तिलाई निश्चित प्रतिशत छुट दिने व्यवस्था गर्नु पर्ने ।

११. तोकिएको थ्रेसहोल्डभन्दा माथिको कारोबारमा पूँजीगत लाभकर लाग्ने भएकोले सो कर छल्ने उद्देश्यले पटकपटक गरी जग्गाको टुक्राटुक्रा गरी बिक्री गर्ने कार्यलाई निरुत्साहित गर्नु पर्ने ।

१२. विद्यालय र विश्व विद्यालय आफैंले सञ्चालन गरेका होस्टेल सेवा व्यवसायमा मूल्य अभिवृद्धि कर संकलन गर्नु पर्ने आदि ।

अन्तमा, मुलुकले अवलम्बन गरेको नीतिले अर्थतन्त्रका समग्र क्षेत्रहरुलाई सारभूत रुपमा स्पर्श गर्न नसक्दा अनौपचारिक अर्थतन्त्रको आकार बढ्न पुगेको छ । झण्डै झण्डै पैतीस प्रतिशत रहेकोभनिएको अनौपचारिक अर्थतन्त्रको आकारले मुलुकका विद्यमान नीति, संगठन, मानव संसाधनको उत्पादनशीलता र उत्पादकत्व कमजोर हुने गर्दछ । यस्तो अवस्था सिर्जना हुन नदिन आन्तरिक साधन परिचालनको अवस्था सुदृढ गरी राजस्व प्रणालीलाई गतिशील र उत्पादनशील बनाई कुल ग्रार्हस्थ उत्पादनमा कुल राजस्वको योगदानमा बढोत्तरी गर्नु आवश्यक हुन्छ । यस सन्दर्भमा राजस्व प्रणालीमा हाल देखिएका कमजोरीहरुलाई न्यूनीकरण गर्दै सुदृढ राजस्व प्रणालीको विकासका लागि राज्यले वातावरण निर्माण गर्ने सो कार्यमा उद्योगी व्यवसायी, राष्ट्रसेवक, राजनितिज्ञ, उपभोक्ता, करदाता, निकासीकर्ता, पैठारीकर्ता, ठेकेदार, विक्रेता, निर्माता आदी सबैले सहयोग गरे मात्र राज्यले लिएको समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई सार्थक बनाउन सकिन्छ ।

सन्दर्भ सामग्रीहरु

१. अधिकारी, ड चन्द्रमणि (२०६७), नेपालको सार्वजनिक वित्त, पैरवी प्रकाशन, पुतलीसडक, काठमाडौं ।

२. ओझा, पवनकुमार (२०५३), कर कानुनका सिद्धान्तः पैरवी प्रकाशन, पुतलीसडक, काठमाडौं

३. बास्तोला बन्धुप्रसाद र अन्य (२०६७), राजस्व नीति तथा राजस्व प्रशासन, प्रशान्ति पुस्तक भण्डार, काठमाडौं ।

४. लुइटेल, डा. चक्रपाणी (२०६७), सार्वजनिक वित्त, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार, तेस्रो संस्करण, २०६७ (परिमार्जित), काठामाडौं प्रधान बुक हाउस, प्रदर्शनी मार्ग, काठमाडौं ।

५. शर्मा, चुडामणि (२०६७), राजस्व नीति तथा राजस्व प्रशासन, प्रशान्ति पुस्तक भण्डार, काठमाडौं ।

६. शर्मा, निलमकुमार (२०६७) सरकारी वित्त, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार अर्थशास्त्र, काठमाण्डौं, पैरवी प्रकाशन, पुतलिसडक, काठमाडौं ।

७. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

८. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
९. आयकर ऐन, २०५८
१०. आयकर नियमावली, २०५९
११. मुल्य अभिवृद्धि कर ऐन, २०५२
१२. मुल्य अभिवृद्धि कर नियमावली, २०५३
१३. अन्तःशुल्क ऐन, २०५८
१४. अन्तःशुल्क नियमावली, २०५९
१५. भन्सार ऐन, २०६४
१६. भन्सार नियमावली, २०६४
१७. भन्सार स्मारिका, विभिन्न अङ्क, भन्सार विभाग, काठमाडौं ।
१८. राजस्व, विभिन्न अङ्क, राजस्व प्रशासन तालिम केन्द्र, ललितपुर ।
१९. आन्तरिक राजस्व स्मारिका, विभिन्न अङ्क, आन्तरिक राजस्व विभाग, काठमाडौं ।
२०. आर्थिक सर्वेक्षण (२०७५), आर्थिक वर्ष २०७४/७५ काठमाडौः नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरवार,

g]kfndf cfos/ ;DaGwL sfg"gL Joj:yf / cbfntsf] e"ldsf

खुम बहादुर कुँवर[◊]

१. पृष्ठभूमि

वर्तमान विश्व अर्थतन्त्रको संरचना आर्थिक अन्तरनिर्भरतामा आधारीत छ । पूँजी प्रविधि र श्रमको बढदो प्रवाहले विश्वव्यापीकरणको चुनौती बढीरहेको छन । यस परीप्रेक्षमा मुलुकको कराधारको संरक्षण गर्न र राजश्वमा दिगो वृद्धि ल्याउन कर प्रणालीमा नीतिगत तथा संरचनागत सुधारको प्रयास शुरु भएको छ ।

नेपालमा आयकर ऐनको अवधारणा वि.सं.२०१७ सालमा आएको थियो । वि.सं.२०३१ सालमा लागु भएको आयकर ऐन हालको आयकर ऐन २०५८ लागु हुनु पूर्व प्रचलनमा रहेको थियो । उक्त ऐन कर कानूनको अवशिष्टताको आधारमा स्तरीय थिएन । नेपालमा २०५८ सालमा आयकरको आधुनिक कानूनी संरचना र प्रणाली स्थापना भएको हो । आयकर प्रणालीलाई विश्वव्यापी रुपमा प्रतिस्पर्धी र तुलना योग्य बनाउन कराधारलाई फराकीलो र दिगो बनाउन विगतका असल अभ्यास कानूनी प्रबन्धलाई व्यवस्थीत गर्दै २०५८ चैत्र १८ गते आयकर ऐन २०५८ लागु भएको थियो । यस ऐनले आयआर्जन गर्ने जुनसुकै व्यक्ति वा निकायलाई पनि करको दायरामा ल्याउने, व्यवसाय रोजगारी र लगानीका क्षेत्रमा करारोपण गर्ने तथा स्वयंकर निर्धारण प्रणालीमा आधारीत कर लगाउने कानूनी व्यवस्था रहेको छ ।

मुलुकको वित्त नीतिको प्रमुख उपकरण कर राजश्व अन्तर्गत आन्तरीक राजश्व परीचालनमा सक्षमता र प्रभावकारीता ल्याउने उद्देस्यले २०५८ साल बैशाखमा साविकको राजश्व प्रशासनलाई पुनरसंरचना गरी आन्तरीक राजश्व विभागको गठन भएको छ । यस विभाग अन्तर्गत देशभर १ ठूला करदाता कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, ३८ आन्तरीक राजश्व कार्यालय र १९ वटा कर सेवा कार्यालय संचालीत रहेका छन ।[१]

करको दर वृद्धि गरेर होईन करको दायरा वृद्धि गरेर राजश्व परिचालन गर्नुपर्छ भन्ने वर्तमान राजश्व नीतिको मान्यता रहेको छ । यसै मान्यताको आधारमा व्यक्तिको

◊ शाखा अधिकृत, ...

[१] बार्षिक प्रतिवेदन २०७४/२०७५, आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाण्डौं, पृष्ठ ७ ।

कुनैपनि किसिमको आय चाहे त्यो श्रम लगानी गरेर प्राप्त गरेको होस वा श्रम वा पूँजीको समिश्रणबाट प्राप्त गरेको होस वा श्रोत एवं सम्पत्ती प्रवाह गरी प्राप्त गरेको होस, जसरी आयआर्जन गरेको भएतानि त्यस्ता सबै किसिमका आयआर्जनलाई आयकर ऐन २०५८ ले आयकरको दायरामा समाहित गरेको छ ।[२]

आयकर ऐन २०५८ आधृनिक अवधारणमा आधारीत रहेको छ । व्यक्तिको आय कुनै निश्चीत भौगोलिक क्षेत्रकमा मात्र नहुने, पूँजि एवं प्रविधिको प्रयोग देशको सिमा भित्र मात्र सिमित नरहने वर्तमान विश्व अर्थ व्यवस्था, विश्व व्यापार संगठनको मान्यता एवं खुल्ला प्रतिष्पर्धायूक्त अर्थव्यवस्थाको कारणबाट व्यक्ति विशेषको आय जहाँसुकै रहने अवस्था रहेको छ । आयकर ऐन २०५८ ले आयकरको Residence Principle लाई अँगालेको छ । यस सिद्धान्त अनुसार नेपालको वासिन्दा व्यक्तिको आय संसारभर जहाँ भएपनि नेपालमा कर तिर्नुपर्ने व्यवस्था छ । यसले व्यक्तिलाई दोहोरो करबाट मुक्ति दिन नेपाल बाहिर आर्जित आयमा विदेशी मुलुकमा तिरेको आयकर मिलान गर्न पाउने व्यवस्था गरेको छ ।

२. आयकरको सिद्धान्त

- वासिन्दाको सिद्धान्त (Resident Principle)
- श्रोतको सिद्धान्त (Source principle)
- मिश्रित सिद्धान्त (Hybrid Principle)

२.१ वासिन्दाको सिद्धान्त (Resident Principle)

- जुन देशको आयकर ऐनले परिभाषित गरेको वासिन्दाहरु ह्ये त्यस देशको आयकर ऐन अनुसारको त्यस देशको श्रोत लगायत देश वाहिर (Global) को आय समेत समावेश गरी आयकर तिर्नु पर्ने
- गैर वासिन्दा व्यक्तिले त्यस देशको आयकर ऐनले आयको श्रोतको रुपमा समावेश गरेको आयमा मात्र कर तिर्नु पर्ने

  (दोहोरो करबाट उन्मुक्ति दिन विदेशको आयमा तिरेको कर मिलान गर्न पाउने)

२.२ श्रोतको सिद्धान्त (Source principle)

[२] आयकर निदेर्शिका २०६६ (दोश्रो संशोधन २०७३ समेत), आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाण्डौं, पृष्ठ १।

- आयकर ऐनले आयको श्रोतको रुपमा परिभाषित गरेको आयमामात्र त्यस देशमा कर लाग्ने
- वसिन्दा व्यक्तिको समेत देश वाहिरको आयमा कर नलाग्ने
- देश वाहिरको आयमा कर नलाग्ने हुदाँ विदेशमा तिरेको कर मिलान गर्न नपाउने

२.३ मिश्रित सिद्धान्त (hybrid Principle)

- आयकार ऐनले आयको श्रोतको रुपमा परिभाषित गरेको आयमा कर लाग्ने
- वासिन्दाको देश वाहिरको केही आय करको दायरामा आउने केही आयलाई देशको आयकरको दायराबाट वाहिर राख्ने

२.४ नेपालको आयकरको सिद्धान्त

<u>आयकर ऐन २०५८ वासिन्दाको सिद्धान्तमा आधारित</u>

- वासिन्दा व्यक्तिको आयको श्रोत जहाँसुकै भएपनि सो वर्षमा सो व्यक्तिको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय (दफा ६ क)
- गैर वासिन्दा व्यक्तिको सो वर्षको आयको श्रोत नेपालमा भएको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय (दफा ६ ख)
- वैदेशिक कर मिलान (दफा ७३ (१))

२.५ Global VS Scheduler System

- Global System : कुनैपनि व्यक्तिको सवै प्रकारको आयलाई समावेश गरी कायम हुने करयोग्य आयमा प्रगतिशिल करको दरले कर लगाउने प्रणाली
- Scheduler system : कुनै व्यक्तिको आयको प्रकृतिको आधारमा छुट्टा छुट्टै आयमा फरक करको दरले वा फरक तरिकाले कर लगाउने प्रणाली
- आयकर ऐन २०५८ ले दुवै प्रणालीलाई अवलम्वन गरेको

  आयकर ऐनको दफा ९२ मा उल्लेख भएको अन्तिम कर कट्टी हुने भुक्तानी अन्तर्गतको आयहरु Scheduler system अन्तर्गत पर्ने

३. राजस्वहरु वा करहरु

❖ कर राजस्व

- प्रत्यक्ष कर
- अप्रत्यक्ष कर

❖ **गैह्र कर राजस्व**

३.१ कर राजस्व

- आयकर
- मूल्य अभिबृद्धि कर
- अन्त:शुल्क
- भन्सार महसुल

३.२ गैर कर राजस्व

- अनिवार्य र कुनै कार्यको वदलामा गरिने भुक्तानी
  जस्त: दण्ड, जरिवाना एवम जफत
- स्वेच्छिक र प्रतिफल विहिन भुक्तानी
  जस्तै: दान दान्तव्य र उपहार
- स्वेच्छिक र प्रतिफल सहितको भुक्तानी
- जस्तै:- प्रशासनिक सेवा दस्तुर, इजाजत दस्तुर, सरकारी सम्पत्ति प्रयोग गरे वापतको भुक्तानी तथा सरकारी वस्तु, सेवा अनिवार्य र कुनै कार्यको वदलामा गरिने भुक्तानी :-
  जस्तै दण्ड, जरिवाना एवम जफत
- स्वेच्छिक र प्रतिफल विहिन भुक्तानी :- जस्तै दान दान्तव्य र उपहार
- स्वेच्छिक र प्रतिफल सहितको भुक्तानी :-
  जस्तै प्रशासनिक सेवा दस्तुर, इजाजत दस्तुर, सरकारी सम्पत्ति प्रयोग गरे वापतको भुक्तानी तथा सरकारी वस्तु, सेवा सम्पत्ति खरिद वापत भुक्तानी आदिसम्पत्ति खरिद वापत भुक्तानी आदि

४. आयको शिर्षक

- रोजगारी : कुनै प्राकृतिक व्यक्तिले रोजगारी गरे वापत प्राप्त गर्ने नगद, जिन्सि वा सुविधाहरु आयमा समावेश हुने
- व्यवसाय : कुनै व्यक्तिले उद्योग, व्यापार, कृषि वा सेवा प्रदान गरे वापत प्राप्त गरेको रकम आयमा समावेश हुने
- लगानी : कुनै व्यक्ति प्रत्यक्ष रुपमा संलग्न नभई लगानी गरे वापत प्राप्त गर्ने रकम वा सम्पति प्रयोग गर्न दिए वापत प्राप्त गर्ने रकम आयमा समावेश हुने

- आकस्मिक लाभ : आकस्मिक रुपमा प्राप्त गर्ने रकम जस्तै चिट्ठा उपहार वा पुरस्कार आदि

५. सम्पत्तिको प्रकार

कर प्रयोजनका लागि सम्पत्तीलाई ५ प्रकारमा बिभाजन गरिएको पाईन्छ ।

क) व्यापारिक मौज्दात

- कुनै व्यक्तिको स्वामित्वमा रहेको,व्यबसायको क्रममा बिक्री प्रयोजनका लागि राखिएका सम्पत्ति,
- कार्य प्रगतिमा रहेको सम्पत्ति,
- सम्पत्तिमा समाविष्ट हुने सामाग्रीहरु,
- तर यस अन्तर्गत विदेशी मुद्रामा रहेको सम्पत्ति जस्तै विदेशी मुद्रा, यात्रु चेक पर्दैनन्, यिनलाई वैदेशिक सम्पत्ति मानिन्छ,।
- ब्यक्तिको व्यवसायको आधारमा यस्तो बस्तुको उदाहरण फरक फरक हुन सक्दछ,।
- यो सम्पति अन्तर्गत प्राप्त रकम आयमा समावेश गरिन्छ र लागतलाई खर्च वापत कट्टा गरिन्छ ।

ख) ह्रासयोग्य सम्पत्ति

- कुनै व्यवसाय वा लगानीमा आय आर्जनको लागि प्रयोग गरिएका व्यापारिक मौज्दात बाहेक टुटफुट, पूरानो हुंदै गएको वा समय व्यतीत हुदै गएको कारणबाट मूल्यमा ह्रास हुने सम्पत्ति पर्दछन् ।
- व्यवसायको प्रकृतिको आधारमा यस्तो बस्तुको उदाहरण फरक फरक हुन सक्दछ
- आयकर प्रयोजनको लागि ह्रास योग्य सम्पत्ति समुहको आधारमा लेखाङ्कन गरिने र सो समुहको कुनै सम्पत्ति निसर्ग गर्दा प्राप्त हुने रकम सो समुहको ह्रास आधार भन्दा बढी भएको अवस्थामा बढी भए जति रकम आयमा समाबेस गर्नु पर्छ र त्यस्तो सम्पत्तिको समुहको बाँकी मूल्य शुन्य हुन्छ र सो सम्पत्ति निसर्ग भएको मानिन्छ ।

ग) व्यवसायिक सम्पत्तिको खुद लाभ गणना

- व्यवसायको स्वामित्वमा रहेका र त्यसको अधिकार स्थापित भएका सम्पत्ति, जस्तै, शेयर, जग्गा, लिनु पर्ने रकम, पेश्की हिसाब, नगद तथा बैंक मौज्दात आदी पर्दछन् ।

- तर व्यवसायको आय आर्जन गर्ने कार्यमा प्रयोग नभएको अर्थात सो ब्यक्तिले धारण मात्र गरेको व्यवसायिक सम्पति तथा व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्ति व्यवसायिक सम्पतिमा पर्दैनन् ।
- व्यवसायमा भएको व्यवसायिक सम्पत्ति वा दायित्वको निसर्गमा भएको खुद लाभ व्यवसायको आय निर्धारण गर्दा समावेश हुन्छ ।

घ) गैर व्यवसायिक करयोग्य सम्पत्तिको खुद लाभ गणना

- यस किसिमको सम्पतिमा सामान्यतयाः जग्गा, भवन तथा कुनै निकायमा रहेको हित वा सुरक्षण (जस्तै, शेयर, डिबेञ्चर, आदी) पर्दछन् ।
- कुनै प्राकृतिक ब्यक्तिको अबिच्छिन्न (लगातार) दश बर्ष भन्दा कम स्वामित्व रहेको र सो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कुल दश वर्ष भन्दा कम बसोबास गरेको (दुवै अवस्था पुरा गरेको) निजी भवन,
- कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँ वा सो भन्दा बढी मूल्यमा निसर्ग गरेको जग्गा,घरजग्गा तथा निजी भवन (जग्गा भएको भवनको हकमा जग्गाको क्षेत्रफल भवनले चर्चेको जग्गा बराबर वा एक रोपनीमध्ये जुन घटी हुन्छ सो),
- तीन पुस्ताभित्र सामान्य रुपमा खरिद बिक्री भएको (अंशबण्डा, अपुताली, बकस पत्र, आदीबाट हस्तान्तरण गरी निसर्ग गरेको सम्पत्ति बाहेक) सम्पति,
- कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,
- यस किसिमको सम्पतिमा व्यवसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात पर्दैन ।
- यस अन्तर्गत खुद लाभलाई आय मानिन्छ, खुद नोक्सान वापत खर्च पूँजीगत लाभको गणना बाहेकमा कट्टा गर्न पाइदैन र आगामी बर्ष सार्न सकिन्छ ।

ङ) अन्य सम्पत्तिः

- अन्य सम्पतिमा मूलतःप्राकृतिक व्यक्तिको निजी सम्पति पर्दछ, ।
- यस्तो सम्पतिको निसर्गले आयकरमा कुनै असर पार्दैन। जस्तै दश बर्ष वा सो भन्दा बढी स्वामित्व रहेको र सो व्यक्तिले अविच्छिन्न वा पटक

पटक गरी कुल दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको निजी भवन ।

६. नेपालमा आयकर सम्बन्धी कानूनी व्यवस्था

६.१ नेपालमा संबैधानिक व्यवस्था

हालको नेपालको संविधान २०७२ मा आयकर सम्बन्धी प्रश्ट व्यवस्था नगरेतापनि संघ, प्रदेश सरकार र स्थानीय सरकार बिच राजश्व तथा श्रोत साधनको बाँडफाँडको कुरा गरेको पाईन्छ ।[३]

धारा ६० - राजश्व श्रोतको बाँडफाँड

- संघ प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती श्रोतहरुबाट राजश्व उठाउन सक्नेछन् ।
- नेपाल सरकारले संकलन गरेको राजश्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाईने छ ।
- संघ, प्रदेश र स्थानीय तह बिच राजश्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रुपमा गर्नु पर्नेछ ।

धारा ११५ - कर लगाउन वा ऋण लिन नपाईने

- कानून बमोजिम बाहेक कुनै कर नलगाईने र उठाईने छैन ।

त्यसैगरी धारा ११९ ले वार्षिक राजश्व र व्ययको अनुमान पेश गर्ने कुरा गरेको छ । त्यस्तै प्रदेश सरकार र स्थानीय सरकारले पनि कानून बनाएर मात्र कर लगाउने व्यवस्था गरेको छ ।

६.२ कानूनी व्यवस्था

६.२.१ आयकर ऐन २०५८[४]

दफा ३ कर लगाउने : देहायका प्रतेक व्यक्तिलाई प्रतेक आय वर्षमा यस ऐन बमोजिम कर लगाई असुल उपर गरिनेछ ।

- कुनै आय वर्षमा कर योग्य आय भएको व्यक्ति
- दफा ६८ को उपदफा (३) (४) बमोजिम कुनै आय वर्षको आय विदेशमा पठाउने गैर वासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन र
- कुनै आय वर्षमा अन्तीम रुपमा कर कट्टी भै भुक्तानी प्राप्त गर्ने व्यक्ति ।

दफा ४ करको गणना र करको दर

---

[३] नेपालको संविधान २०७२, कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाण्डौं ।

[४] आयकर ऐन २०५८, कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाण्डौं ।

- अनुसूची १ मा उल्लेखित करको दर अनुसार कर गणना गरीने व्यवस्था गरेको छ ।

दफा ५ करयोग्य आय र आयका शीर्षकहरुको वर्गीकरण : कुनै व्यक्तिको कुनै आय वर्षको करयोग्य आय सो वर्षमा देहायका प्रतेक आयका शिर्षकहरुको निर्धारणयोग्य आयको कुल जम्मा रकमबाट दफा १२ वा ६३ बमोजिम कुनै दावी गरेको रकम भए सो रकम घटाई गणना गरीएको रकम बरावर हुनेछ :-

- व्यवसाय
- रोजगारी र
- लगानी

दफा ६ निर्धारणयोग्य आय : यस ऐनको अधिनमा रहि कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय,रोजगारी वा लगानीबाट भएको देहायका आयहरुलाई निर्धारणयोग्य आय मानिनेछ ।

- वासिन्दा व्यक्तिको आयको श्रोत जहाँसुकै भएपनि सो वर्षमा सो व्यक्तिको रोजगारी, व्यवसाय वा लगानीबाट भएको आय
- गैर वासिन्दा व्यक्तिको सो वर्षमा आयको श्रोत नेपालमा भएको रोजगारी, व्यवसाय वा लगानीबाट भएको आय ।

  तर निर्धारणयोग्य आयमा दफा ११ वा ६४ बमोजिम कर छुट दिइएको कुनैपनि आय समावेश हुने छैन ।

<u>आयको गणना</u>

परिच्छेद ३ मा आयको गणना सम्बन्धमा व्यवस्था गरेको छ जसमा निम्न आयको गणना गरीने भनेर विस्त्रीत व्यवस्था गरेको छ :

- व्यवसायबाट भएको आयको गणना
- रोजगारीबाट भएको आयको गणना
- लगानीबाट भएको आयको गणना

दफा १० कर छुट हुने रकमहरु सम्बन्धमा व्यवस्था छ ।

दफा ११ व्यवसायिक छुट तथा सुविधाहरु

परिच्छेद ५ मा कट्टी हुने रकमहरु सम्बन्धमा व्यवस्था गरेको छ ।

- सामान्य कट्टी
- व्याज कट्टी
- व्यापार मौजदातको लागतको खर्च कट्टी
- मर्मत तथा सुधार खर्च कट्टी

- प्रदुर्षण नियन्त्रण खर्च कट्टी
- अनुसन्धान तथा विकास खर्च कट्टी
- ह्रासकट्टी खर्च
- व्यवसाय वा लगानीबाट नोक्सानी

दफा ३४ आयको खण्डीकरण सम्बन्धी व्यवस्था रहेको छ ।

परिच्छेद ८ ले सम्पत्ती र दायित्वबाट प्राप्त खुद लाभको निर्धारण सम्बन्धी व्यवस्था गरेको छ ।

परिच्टेद ९ ले प्राकृतिक व्यक्ति सम्बन्धी विषेश व्यवस्था गरेको छ,,

- दफा ५० दम्पत्ति
- दफा ५१ औषधी उपचार वापत कर मिलान

परिच्छेद १० मा निकायहरुका लागि विशेष व्यवस्था गरेको छ ।

परिच्छेद १३ ले अन्तर्राष्ट्रिय कर सम्बन्धी व्यवस्था गरेको छ :

- दफा ६७ आयको श्रोत, नोक्सानी लाभ र भुक्तानी,
- दफा ७० नेपालमा जलयात्रा, हवाई यातायात वा दुर सञ्चार सेवा उपलब्ध गराउने गैर वासीन्दालाई लाग्ने कर,
- त्यसैगरी दफा ७१ मा वैदेशिक कर मिलान कसरी गर्ने सम्बन्धी कानूनी व्यवस्था गरेको छ ।

परिच्छेद १६ मा करको भुक्तानीको व्यवस्था गरेको छ ।

- दफा ८५ करको भुक्तानीको समय, स्थान र तरिका

परिच्छेद १७ मा भुक्तानीमा करि कट्टी सम्बन्धी कानूनी व्यवस्था

- दफा ८७ रोजगारदाताबाट कर कट्टी
- दफा ८८ लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टी
- दफा ८९ ठेक्का वा करारको भुक्तानी गर्दा कर कट्टी
- दफा ९१ कर कट्टी प्रमाणपत्र दिने

परिच्छेद १८ मा किस्तावन्दीमा कर दाखीला गर्ने व्यवस्था गरेको छ ।

परिच्छेद १९ मा आय विवरण र कर निर्धारण सम्बन्धी कानूनी व्यवस्था गरेको छ ।

परिच्छेद २० मा कर संकलन मिन्हा र फिर्ता सम्बन्धी व्यवस्था गरेको छ ।

- दफा १११ मा कसैले तीर्नपर्ने कर नतिरेमा विभागले कर असुलीका लागि सम्बन्धीत जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछ ।

परिच्छेद २१ पुनरावलोकन र पुनरावेदन

- ➢ दफा ११४ मा प्रशासकिय पुनरावलोकन हुन सक्ने निर्णयहरु तथा कार्यविधिको व्यवस्था गरेको पाईन्छ ।
- ➢ दफा ११५ प्रशासकिय पुनरावलोकनका लागि निवेदन दिन सक्ने ।
    - दफा ११४ बमोजिम गरीएका निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना पाएको मितिले ३० दिन भित्र विभाग समक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ ।
- ➢ दफा ११६ मा राजश्व न्यायाधिकरण समक्ष पुनरावेदन लाग्ने
    - दफा ११५ बमोजिम प्रशासकिय पुनरावलोकनको लागि दिएको निवेदनमा गरेको विभागको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले राजश्व न्यायाधिकरण समक्ष पुनरावेदन दिन सक्ने र त्यसरी पुनरावेदन दिएको १५ दिन भित्र सो पुनरावेदन दिने व्यक्तिले पुनरावेदनको सूचनाको १ प्रति विभागमा दर्ता गराउनु पर्नेछ ।

परिच्छेद २३ मा कसूर तथा सजाय सम्बन्धी व्यवस्था गरेको छ ।

- ➢ दफा १२३ मा कर दाखिला नगर्नेलाई हुने सजाय सम्बन्धी व्यवस्था गरेको छ ।
    - निर्धारीत समायमा कर दाखिला नगर्नेलाई ५००० देखि ३०००० सम्म जरिवाना र १ महिना देखि ३ महिनासम्म कैद सजाय हुन सक्ने ।
    - दफा १२४ मा झुट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजाय सम्बन्धी व्यवस्था गरेको पाईन्छ ।
- ➢ दफा १३० नेपाल सरकार वादी हुने
- ➢ दफा १३१ मुद्दाको तहकिकत र दायरी
    - तहकिकात तोकिएको अधिकारीले गर्ने । तहकिकात पुरा भएको ३५ दिन भित्र सम्बन्धीत जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ । त्यसरी तहकिकात गर्दा तहकिकात अधिकृतले सरकारी वकिलको राय लिनुपर्नेछ ।
- ➢ दफा १३५ विभागलाई अदालतलाई सरहको अधिकार हुने व्यवस्था गरेको छ ।

अनुसूचि १ करका दरहरु

अनुसूचि २ ह्रास कट्टिको निर्धारण

६.२.२ औद्योगिक व्यवसाय ऐन २०७३[५]

---

[५] औद्योगिक व्यवसाय ऐन २०७३, कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाण्डौं ।

दफा-८ व्यवसायिक उत्पादन वा कारोबार गरेको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनुपर्ने ।

दफा १२ प्रतेक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रतेक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नुछ ।

दफा १५ मा उद्योग वर्गीकरण सम्बन्धमा व्यवस्था गरेको छ

- :

  १) लघु उद्योग

  २) घरेलु उद्योग

  ३) साना उद्योग

  ४) मझौला उद्योग

  ५) ठूला उद्योग

- सेवाको प्रकृतिको आधारमा

  १) उर्जामुलक उद्योग - अनुसूचि ३ मा उल्लेखित उद्योग

  २) उत्पादनमूलक उद्योग

  ३) कृषि तथा वन पैदावरमा आधारित उद्योग - अनुसूचि ४ मा उल्लेखित उद्योग

  ४) खनीज उद्योग

  ५) निर्माण उद्योग - अनुसूचि ५ मा उल्लेखित उद्योग

  ६) पर्यटन उद्योग - अनुसूचि ६ मा उल्लेखित उद्योग

  ७) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारीत उद्योग - अनुसूचि ७ मा उल्लेखित उद्योग

  ८) सेवामूलक उद्योग - अनुसूचि ८ मा उल्लेखित उद्योग

परिच्छेद ५ उद्योगलाई प्रदान गरीने छुट, सुविधा र सहुलियत सम्बन्धी व्यवस्था गरेको छ ।

- दफा २२ आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियत
- दफा २४ लघु उद्योगका लागि अन्य सुविधा एवं सहुलियत
  - कारोबार शुरु भएको कम्तीमा ५ वर्षसम्म आयकर छुट पाउने ।
- दफा २५ महिला उद्यमीका लागि थप सुविधा
- दफा २७ थप सुविधा तथा सहुलियत

परिच्छेद ७ रुग्ण उद्योग सम्बन्धी व्यवस्था गरेको छ ।

परिच्छेद ८ सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था गरेको छ :

- दफा ४१ सजाय सम्बन्धी व्यवस्था गरेको छ ।
- दफा ४२ पुनरावेदन सम्बन्धी व्यवस्था
    - दफा ४१ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले ३५ दिन भित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धीत उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

६.२.३ आयकर नियमावली २०५९[६]

यस नियमावलीले आयकर ऐनलाई सहज पार्न निम्न व्यवस्था गरेको देखिन्छ ।

- नियम ३ कर छुटको लागि निवेदन दिनु पर्ने
- नियम ५ वित्तिय विवरण पेश गर्नुपर्ने : आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र विभागमा पेश गर्नु पर्नेछ ।
- दफा ६ सानातिना रकमको भुक्तानी
- दफा ८ लेखाङ्कन तरिका
- दफा १४ चानचुन हिसाब गणना नगरीने ।
- दफा १८ लाभाँसको रकमलाई निकायको आय गणना गर्दा समावेश गर्नु नपर्ने ।
- प

रिच्छेद ४ मा प्राकृतिक व्यक्ति र निकाय सम्बन्धी विशेष व्यवस्था ।

७. अदालतको भूमिका

आयकर असुली नेपालमा समस्याको रुपमै देखिएको छ । यसमा अदालतले सकारात्मक भूमिका निर्वाह गरेको अवस्था निम्न मुद्दाहरुको झलकबाट देखिएको छ :-

१) ने.का.प. २०६३, निर्णय नं. ७७३०, अङ्क ७[७]

मुद्दा :- आयकर ।

पुनरावेदक / वादी - अर्थ मन्त्रालय, आन्तरीक राजश्व विभाग, कर कार्यालय विराटनगर

विरुद्ध

प्रत्यर्थी / विपक्षी - जिल्ला मोरङ्ग विराटनगर स्थित हुलास बायर इण्डष्ट्रिज प्रा.लि. संचालक महेन्द्रकुमार गोल्छा

---

[६]) आयकर नियमावली २०५९, कानून किताब व्यवस्था समिति, ववरमहल, काठमाण्डौं ।

[७]) ने.का.प.२०६३, निर्णय नं. ७७३०, अङ्क ७, सर्वोच्च अदालत ।

यसमा विपक्षी हुलास दायर इण्डष्ट्रिज (प्रा) लि.का संचालकले आ.व. ०५०।५१ को कारोवारमा भएको खुद मुनाफा उल्लेख गरी मिति २०५१।९।१ मा स्वयं कर निर्धारण पेश गरेकोमा आयकर ऐन, २०३१ को दफा ३३क(२) बमोजिम उद्योगको संचालकलाई उक्त कारोवारको सम्बन्धमा बयान गराई प्राप्त भएका प्रमाण सूचना आदी समेतलाई बिचार गरी ऐननियमले मिन्हा दिन मिल्ने रकम मिन्हा दिई, मिन्हा दिन नमिल्ने रकम खुद आयमा समावेस गरी आयकर ऐन, २०३१ को दफा ३३क(२) बमोजिम खुद आय रु.५२,२३,४९२।४९ कायम हुने ठहर कर कार्यालय विराटनगरले गरेकोमा सवारी साधन मर्मत खर्च, सेल्स डिपोमा भएका खर्च र कर्मचारीहरुको तलव भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गरी बैंकमा जम्मा गरेको रकम खुद आयमा समावेस गरेको मिलेन भनि कर कार्यालय विराटनगरको कर निर्धारण आदेश केहि उल्टी गरेको राजस्व न्यायाधिकरण विराटनगरको फैसलामा चित्त नबुझि कर कार्यालय विराटनगरले यस अदालतमा दिएको निवेदनमा पुनरावेदन गर्ने अनुमति प्राप्त भै यस इजलास समक्ष पेश हुन आएको देखियो ।

यसमा विपक्षी उद्योगले उल्लेख गरेको मर्मत संभार खर्च रु.१,६२,१८४।७३, सवारी साधन संचालन खर्च रु.१,२२,९९८। र सेल्सडिपो विरगंजको नोक्सानी खर्च र कर्मचारीको तलव भुक्तानी गर्दा अग्रिम आयकर कट्टा नगरेको रकम समेत पुंजिगत खर्च मान्नुपर्नेमा पुंजीगत खर्च नमानी खुद आयमा समावेस नहुने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला त्रुटीपूर्ण हुंदा बदर हुनुपर्ने भन्ने कर कार्यालय विराटनगरको मुख्य पुनरावेदन जिकिर देखिन्छ । आयकर ऐन, (सं.स.) २०३१ को दफा ३३ क (१) मा करदाता स्वयंमले कर निर्धारण गर्नको निमित्त आफ्नो खुद आय कायम गरी स्वयं कर निर्धारणको फाराममा विवरणहरु पेश गरी आफ्नो स्वयं कर निर्धारण गर्न सक्नेछ भन्ने उल्लेख देखिन्छ । विपक्षी उद्योगले सो ऐन बमोजिम आर्थिक वर्ष २०५०।५१ को आयको स्वयं कर निर्धारण विवरण र प्रमाणहरुको साथै लेखापरिक्षण गरेको वासलात र नाफा नोक्सानी विवरण समेत कर कार्यालय विराटनगरमा २०५१।८।२९ मा पेश गरेको अवस्था देखिएको छ । सो विवरणको जाँचबुझ प्रयोजनको लागि विपक्षी उद्योगलाई कागजपत्र प्रमाणहरु दाखिल गराउने सम्बन्धमा आयकर ऐन, २०३१ को दफा ३३(४) बमोजिम पत्राचार भएको देखिंछ । विपक्षी उद्योगले आ.व. २०५०।५१ को कारोवार सम्बन्धी सम्पूर्ण हिसाव किताव खातावाही, बीदा भरपाई आदी लिई कर कार्यालयमा उपस्थित भै बयान समेत ०५३।३।६ मा गरेको मिसिलबाट देखिन्छ । पुनः २०५३।३।३० मा आ.व. ०५०।५१ को कारोवारको सम्बन्धमा प्रमाणहरु पेश गरेको देखिंन्छ । विपक्षी उद्योगले पेश गरेको प्रमाणको सम्बन्धमा पुनरावेदक कार्यालयले अन्यथा भनि जिकिर लिन सकेको देखिंदेन । आयकर ऐन, (सं.स.) २०३१ को दफा १२(१)(ख) मा यान्त्रिक उपकरण, मेसिन फर्निचर तथा आयआर्जन वा प्राप्त गर्न प्रयोग भएका अन्य सम्पत्ति

वा सामानको मर्मत रकम खर्चहरु कट्टा गरी खुद आय निर्धारण गरिने उल्लेख देखिन्छ । उद्योगको सवारी साधन र उद्योग यान्त्रिक साधनहरु मर्मत कार्य गरेको र यस्तो मर्मत कार्यालयलाई पुनरावेदक कार्यालयले पूंजिगत खर्चको संज्ञा दिई खुद आयकर समावेश गरेको कानून अनुकूलको देखिन नआई राजस्व न्यायाधिकरणले पुनरावेदक कार्यालयले गरेको कर निर्धारण आदेश उल्टी गरेको अवस्था छ ।

उपरोक्त मर्मत खर्चहरु एयर कण्डिशनर, जि.आइं सेड र सवारी साधन मर्मत गर्दा पूजीगत प्रकृतिको खर्च भयो भन्ने पुनरावेदन कार्यालयले के कुन कारण वा आधारमा पूजिगत ठहर्ने हो भन्ने कुरको अधार प्रमाण सहित जिकिर लिएको देखिदैन । मर्मत संभार सम्वन्धमा करदाताले प्रयोग गर्दै आएको यान्त्रिक उपकरण, मेसिन फर्निचर तथा आय आर्जन वा प्राप्त गर्न प्रयोग भएको सम्पत्ति भत्कि विग्री मर्मत गर्नुपर्दा सो यन्त्र उपकरण, मेसिन फर्निचर इत्यादिको क्षमता, मोल वा आयु साविक सरह वनाउन लागेको खर्चसम्म छुट हुन सक्ने र साविक भन्दा वढी क्षमता मोल आयु वा मौलिक आकृतिमा फरक पर्ने गरी वनाउन लागेको खर्चलाई पूजीगत खर्च मान्ने सिद्धान्त हो र आयकर ऐन, २०३१ को दफा १२(१)(ख) को प्रतिवन्धात्मक वाक्यांशले सो सिद्धान्तलाई कानूनी रुप दिई प्रचलन गराई आएको छ । करदाताको भनाई हेर्दा सो मर्मत कार्यवाट एयर कन्डिसन र जि.आइं सेड र सवारी साधन पूर्ववत अवस्थाको सम्म हुने गरी मर्मत भएको भन्ने उल्लेख भएको देखिन्छ । कर अधिकृतको कर निर्धारण गर्ने कार्य न्यायिक कार्य हो । कर अधिकृत कर निर्धारणको प्रकृयामा छानविन गर्ने अधिकृत हुनका साथै कर निर्धारण गर्ने अधिकारी पनि हुँदा निजको कानूनी हैसियत आरोपी एवं निर्णयकर्ता दुवै रहेको छ । न्यायिक कार्य गर्ने कर अधिकृत जस्तो अधिकारीले कुनै निर्णयमा पुग्नका लागि वस्तुगत रुपमा प्रमाणको मूल्यांकन गर्नु पर्दछ भने निर्णयमा पुगेको वस्तुगत आधार र कारण समेत दिनुपर्ने हुन्छ । पुनरावेदक कर अधिकृतले विवादस्पद मर्मत खर्चमध्ये पूजीगत मानेर आय तर्फ जोडेको रकम के कुन कारणले सम्वन्धित एयर कण्डिशनर, जि.आई सेड वा सवारी साधनको साविकको क्षमता, आयु मोल वा आकृति भन्दा वढी वा फरक भएको हो भन्ने देखाउनु पर्थ्यो, उसको त्यो न्यायिक कार्य थियो, न्यायिक जिम्मेवारी थियो तर सो भए गरेको भन्ने कर निर्धारण पर्चा वा यस अदालत समक्ष दिएको अनुमतिको निवेदनमा खुलाएको देखाएको पाइएन । पुनरावेदक कार्यालय यस अदालतको दृष्टिमा मुद्दाको अर्को पक्ष सरह रहेको हुदा आफ्नो निर्णय यो यस कारणले सहि छ भनी आफ्नो जिकिरको पुष्ट्याइका लागि आधार र कारण खुलाउनु देखाउन समेत सक्नु पर्ने हुन्छ । पुनरावेदक कार्यालयले यस अदालतमा दायर गरको अनुमतिको निवेदनमा राजस्व न्यायाधिकरणवाट भएको निर्णय फैसला के कुन आधारमा र कसरी त्रुटिपूर्ण छ भन्ने उल्लेख भएको नदेखिदा हचुवा निवेदन जिकिरकै भरमा दावी जिकिर वमोजिम गर्न हुन सक्ने देखिएन । कर सम्वन्धी

विवादमा अमुक रकम यो यस कारणले करयोग्य छैन भनी करदाताले देखाएको अवस्थामा कर लगाउन चाहने कर अधिकृत या कार्यालयले यो यस परिवन्दवाट कर लाग्ने हो भन्ने देखाउन पर्ने हुन्छ । कर लाग्ने आय हो भन्ने कुराको प्रमाण पुर्याउने भार कर कार्यालय वा कर अधिकृत उपरनै हुन्छ । कर सम्वन्धी विवादमा प्रमाणको भारको अत्यन्तै महत्व र आवश्यकता हुन्छ । करदाता उपर मात्र प्रमाण पुर्याउने भार रहदैन । करदाताले तर्कसंगत रुपमा कर लाग्ने होइन भन्दछ भने कर लाग्ने हो भनेर प्रमाण पुर्याउने भार कर अधिकृत उपर हुन्छ । कर न्यायको यो प्राथमिक कुरा हो । उपरोक्त विवेचित कुरा र प्रस्तुत मुद्दामा पुनरावेदक कार्यालयको पुनरावेदन जिकिर लगायतको विश्लेषण गर्दा उल्लेखित रकम पूजीगत खर्च रहेछ भनेर पुनरावेदक कार्यालयले देखाउन सकेका पाइएन । अतः राजस्व न्यायाधिकरणले मर्मत संभार खर्च मानेर गरेको फैसलामा कुनै त्रुटि भएको भन्ने देखिन आएन ।

सेल्स डिपो करदाता उद्योगवाट उत्पादित वस्तुको व्यापारिक कारोवार गर्ने शाखा सरहको एक अंग रहेको देखिन्छ । कुनै उद्योगले आफ्नो उत्पादनको विक्री वितरणका लागि विभिन्न माध्यमहरु जस्तै एजेन्सी, डिस्ट्रीव्युटर जस्ता वाहिरी व्यक्तिहरु नियुक्त गर्ने वा आफेनै शाखा प्रशाखा वा सेल्स डिपो खोल्ने भन्ने कुरा सम्वन्धित उद्योगले गर्ने निर्णय हो यसै गर भनेर अरुले भन्न मिल्दैन तर यदि सम्वन्धित उद्योगले सेल्स डिपो समेत राखेर उत्पादित वस्तुको विक्री वितरण गर्न चाहन्छ भने कानूनले त्यस्तो नगर भन्न हुदैन । सो अनुसार विक्री वितरणका लागि सेल्स डिपो खोली विक्री वितरणको कारोवार गर्ने गरिएको छ भने त्यस्तो सेल्स डिपोको आम्दानी खर्च मूल उद्योगकै आम्दानी खर्च अन्तर्गत आउछ । कुनै सेल्स डिपोमा कारोवार भएन भने पनि त्यसमा लाग्ने न्यूनतम अनिवार्य खर्चहरु हुनसक्ने हुन्छन र त्यस्तो खर्चलाई आय नभएको भनेर अनदेखा वा अमान्य गर्न हुदैन । आय भएमा मात्र खर्च दिन मिल्दछ भन्ने कुरा उचित हुदैन । कारोवारका सिलसिलामा कारणवस कारोवार भएन वा आय हुन सकेन भने पनि कुल आयको अवधारणा अन्तर्गत करदाताका आय आर्जनका क्रममा भएका वास्तविक खर्चहरु कट्टा गर्न पाउने नै हुन्छ । आफ्नो उत्पादन विक्री वितरण गर्ने प्रयोजनका लागि खडा गरेको् सेल्स डिपो कायम राख्न कानून वमोजिम तिर्नुपर्ने लाइसेन्स नविकरण र अन्य स्टेशनरी जस्ता कुरामा भएको सामान्य खर्चहरुलाई डिपोवाट कारोवार नभएको भन्ने आधारमा खर्च कट्टा गर्न पाउन सक्ने होइन भन्न न्यायोचित हुदैन । सेल्स डिपो वीरगन्जको सो आ.व.मा नोक्सानी रु.१०,६४८।- को रकम देखाएको छ । उक्त आ.व.मा उक्त डिपोबाट कुनै खरिद विक्रीको कारोवार नभएको र कारोवार नभए पनि डिपोको लाइसेन्स नविकरण सहित अन्य स्टेशनरी आदि फुटकर खर्चहरु भै, सो खर्चको विल भरपाई पेश गरेको देखिंदा त्यस्तो खर्च भएको भन्ने पुष्टि हुन आयो । अतः सो रकमलाई खुद आयमा समावेस नगर्ने

ठहराएको राजस्व न्यायाधिकरण बिराटनगरको इन्साफ मिलेकै देखियो । त्यस्तै कर्मचारीको तलवभत्ता भुक्तानी गर्दा अग्रिम आयकर कट्टा नगरी भुक्तानी दिएको भनि रु.४२,५२४।२७ खुदआयमा समावेश नगरेको भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा विपक्षी उद्योगले २०५३।३।३० मा दिएको जवाफमा उक्त अग्रिम रकम भूलबाट पूरा कट्टा गर्न नसकिए पनि हाल उक्त रकम त्यस कार्यालयको खातामा जम्मा गरी दिएको छ भनि बैंक भौचर सहित पेश गरेको देखिन्छ । उक्त भौचरलाई पुनरावेदक कार्यालयले नकरा भनी जिकिर लिन सकेको देखिदैन । आयकर (सं.स.) ०३१ को दफा ३६(३) मा छुट रकम बुझाउन पाउने गरी व्यवस्था समेत भएको देखिन्छ । सो उपदफा (३) मा स्पष्टसंग कुनै व्यक्तिले श्रोतमा कर कट्टी गरी वुझाउन पर्ने थियो तर सो गर्न नसकी छुटाएछ वा घटिवढी हुने गरी कट्टा गरि वुझाएछ भने कटि्ट गर्न छुटाएको वा घटिवढि गरी वुझाएको रकम अर्को पटकको भुक्तानीवाट मिलाई कट्टा गर्न पाउने कुरा उल्लेख भएको देखिदा स्रोतमा कर कट्टी गर्दा घटिवढी भै भूलचुक हुन सक्ने र त्सलाई पछि मिलाउन सक्ने कानूनको आसय रहेको देखियो । यस अवस्थामा करदाताले भूलवाट पुरा कट्टा हुन नसकेको भन्दै पछि कानून वमोजिमको रकम स्रोतवाट कट्टी गरि वुझाएको भन्ने देखिएपछि करदाताले कानून उल्लंघन गरेको भन्न सकिने भएन । अतः सो रकमलाई खूदआयमा समावेश नगर्ने ठहराएको राजस्व न्यायाधिकरण विराटनगरको फैसला न्यायोचित देखिँदा अनुमति प्रदान भएको आदेशसँग सहमत हुन सकिएन ।

अतः उपरोक्त उल्लेखित आधार कारणहरु समेतवाट कर कार्यालय विराटनगरको कर निर्धारण आदेशलाई केहि उल्टी गर्ने ठहराएको राजस्व न्यायाधीकरण विराटनगरको २०५७।१२।९ को फैसला मिलेकै देखिंदा पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्तैन ।

२) निर्णय नं.८२०६ ने.का.प. २०६६ अङ्क ८[८]

मुद्दाः आयकर (२०५४।०५५) ।

पुनरावेदकः सीता ट्रेड सेन्टर प्रा.लि.कलंकीको अधिकार प्राप्त प्रवन्ध सञ्चालक सीताराम तिमल्सिना

विरुद्ध

प्रत्यर्थीः ४ नं. क्षेत्र कर कार्यालय, काठमाडौं, हाल आन्तरिक राजश्व कार्यालय काठमाडौं

[८] ने.का.प. २०६६, निर्णय नं.८२०६, अङ्क ८, सर्वोच्च अदालत ।

निर्णयतर्फ विचार गर्दा पुनरावेदक सीता ट्रेड सेन्टर प्रा.लि.ले आ.व. २०५४।०५५ मा पेट्रोलियम पदार्थ कारोवारको आय विवरण समयमा पेश नगरेकोले ४ नं. क्षेत्र कर कार्यालय, कुलेश्वर, काठमाडौँबाट च.नं. ४०७९, मिति २०५५।१०।१८ को पत्रद्धारा १५ दिनको म्याद सहितको पत्र पठाइएकोमा पुनरावेदक कम्पनीले आ.व. २०५४।०५५ मा पेट्रोलियम पदार्थ कारोवारको आय विवरण भरी स्वयं कर निर्धारण विवरणमा खुद आय रु. ४,५२,५१५।२४ उल्लेख गरी मिति २०५५।११।३ मा कर कार्यालयमा आय विवरण पेश गरेकोमा कर निर्धारणको फारामसाथ आवश्यक विवरण पेश नगरेकोले ७ दिनको समय दिई आवश्यक कागजातहरू पेश गर्न कर कार्यालयबाट मिति २०५५।११।२५ को साथै पुनः मिति २०५६।१२।२१ मा समेत ७ दिनको अन्तिम समय दिई पत्र पठाइएकोमा कम्पनीको तर्फबाट सोही मितिमा पत्र वुझी मिति २०५६।१२।२८ मा ३० दिनको समय माग गरी कर अधिकृतसमक्ष दिएको निवेदनमा म्याद थप नहुने व्यहोरा उल्लेख भएकोमा पुनरावेदक कम्पनीको तर्फबाट आवश्यक कागजात सहितको विवरण कर कार्यालयमा पेश नगरी अटेर गरी वसेको देखिन्छ । .

आयकर ऐन, २०३१ को दफा ३३(२) ले करदाताले आय विवरण दाखिला नगरेमा वा झूट्ठा विवरण दाखिला गरेमा वा कारोवारको लेखा नराखेमा वा राखेको लेखालाई मान्यता दिन नमिल्ने भएमा कर अधिकृतले करदाताको दायित्व, सम्पत्ति, आय-व्ययको स्रोत र विवरणहरू समेतको आधारमा खुद आय कायम गरी कर निर्धारण गर्न सक्ने कानूनी व्यवस्था गरेको पाइन्छ । पुनरावेदक कम्पनीले भरेको स्वयं कर निर्धारण फारमबाट खुद आय रु. ४,५२,५१५।२४ देखाएकोमा करदाता पुनरावेदकले सोको सम्पूर्ण यथार्थ विवरण उल्लेख नगरी हिसाव किताव पारदर्शी रुपमा नराखी हचुवाको आधारमा स्वयंकर निर्धारण फारम भरेको देखिन आउँछ ।

करदाता स्वयंले आफूलाई लाग्ने कर आफैले निर्धारण गरी बुझाउने प्रक्रिया नै स्वयंकर निर्धारण हो । आफ्नो कारोवारको सम्बन्धमा सवै भन्दा वढी जानकारी स्वयं करदातालाई नै हुन्छ भन्ने सिद्धान्तका आधारमा करदातालाई कानूनबमोजिमको निर्धारण गरी सम्बन्धित निकायमा वुझाउने दायित्व सुम्पिएको पाइन्छ । आफ्नो आयको स्वयंलाई कर निर्धारण गर्न दिंदा आयमा पारदर्शिता समेत देखाउन सक्नु पर्दछ । करदाताले पेश गरेको विवरण झुठा ठहरिन गएमा भने करदाताले मूल्य चुकाउनु पर्छ अर्थात करदाताले झुठो विवरण दिएमा, कर छलेमा, घटी कर निर्धारण गरेमा भने सजाँयको भागीदार बन्नु पर्ने हुन्छ ।

पुनरावेदक कम्पनी स्वयंले आय विवरण दाखिला गर्दा आफ्नो कारोवार वा आयस्रोतको किसिम, वासलात, नाफा नोक्सान, हिसाव किताव समेतको सम्पूर्ण हिसाव किताव पारदर्शी रुपमा उल्लेख नगरी हचुवाको आधारमा कम्पनीको खुद आय ४,५२,५१५।२४

भएको भनी स्वयंकर निर्धारण फारम भरी कर कार्यालयमा पेश गरेकोमा कर कार्यालयबाट स्वयंकर निर्धारण फारममा उल्लेख गरेको विवरण पुष्टि गर्ने कागज प्रमाण पेश गर्न पटक पटक सूचीत गर्दा समेत आफ्नो तर्फबाट हिसाव किताव पेश नगरी वसेको अवस्थामा आन्तरिक राजश्व विभागको मिति २०४२।७।१६ को परिपत्रबमोजिम आयल निगमका डिलरहरूको आय कायम गर्दा निजहरूले प्राप्त गरेको कमिशन मध्ये रु.१ लाख सम्मको कमिशनमा ५० प्रतिशत रु.१ लाखदेखि रु.२ लाखसम्मको आय ४० प्रतिशत र २ लाख भन्दा वढी भए जतिमा मात्र ३० प्रतिशतले खर्च मिन्हा दिने भन्ने उल्लेख भएअनुसार पुनरावेदक कम्पनीलाई ४ नं. क्षेत्र कर कार्यालयबाट उपरोक्त बमोजिम खर्च मिन्हा दिई जम्मा खूद आय रु. ८,२०,७७९।४१ कायम गर्ने गरेको आदेशलाई अन्यथा भन्न मिल्ने अवस्था देखिन आएन ।

अतः पुनरावेदक सीता ट्रेड सेन्टर प्रा.लि.को आ.व. २०५४।०५५ को कारोवारमा खुद आय रु. ८,२०,७७९।४१ निर्धारण गर्ने गरी तत्कालीन ४ नं. क्षेत्र कर कार्यालय, कुलेश्वर, काठमाडौँबाट भएको आदेशलाई सदर गरेको राजश्व न्यायाधीकरण काठमाडौँको मिति २०६०।२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्दैन ।

३) भाग : ५१ साल : २०६६ महिना : फागुन अंक : ११

निर्णय नं. ८२६५ फागुन, २०६६

मुद्दा :- आयकर ।

पुनरावेदकः आन्तरिक राजश्व कार्यालय, विराटनगर

विरुद्ध

प्रत्यर्थीः शाह उद्योग प्रा.लि. विराटनगर

निर्णयतर्फ विचार गर्दा, प्रत्यर्थी उद्योगले लागत मूल्यभन्दा घटी मूल्यमा बिक्री गरेको रकम रु.२५,६५,२८५।८२ र सापटी लिएको धागोमा बैंक ब्याज बापतको रु.३,०९,९५८।२५ खुद आयमा समावेश गरेको शुरु कर कार्यालयको निर्णय केही उल्टी गरी उक्त रकमहरू मिन्हा हुने ठहर्या एको हदसम्म राजश्व न्यायाधिकरण विराटनगरको फैसलाउपर प्रस्तुत पुनरावेदन परेको देखियो । प्रत्यर्थीले मिति २०६३।७।३० गतेदेखिको तारेख गुजारी बसेको देखिन्छ । अब, सर्वप्रथम लागतभन्दा घटी मूल्यमा बिक्री गरेको देखाइएको न्यून बिक्री रकमलाई खुद आयमा समावेश गरेको शुरु निर्णय उल्टी गरी सो रकम मिन्हा हुने ठहर्या एको राजश्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकीरतर्फ हेर्दा, कर कार्यालय विराटनगरका प्रमुख

कर अधिकृतबाट मिति २०५५।३।१५ मा भएको निर्णय पर्चाको प्रकरण ८ मा प्रत्यक्ष उत्पादन खर्च र अप्रत्यक्ष खर्चहरूमध्येको सम्बन्धित केही खर्चसमेत समावेश गरी कायम हुने कारखानाको प्रति इकाइ लागत मूल्य रु.५९।३७ देखिएको तर प्रा.लि. ले कायम गरेको सरदर बिक्री मूल्य प्रति इकाई रु.५३।८९ देखिएकोले यसरी न्यून फरक दरले हुन आउने रकम रु.२५,६५,२८५।८२ लाई खुद आयमा समावेश गरेको देखिन्छ । राजश्व न्यायाधिकरण विराटनगरबाट फैसला हुँदा त्यस्तो न्यून दरमा बिक्री भएको कुरा स्वीकार गरी त्यस्तो लागत मूल्यभन्दा घटाएर बिक्री गरेको अवस्थालाई करदाताको अहितमा उपयोग गरिनु न्यायपूर्ण हुँदैन भन्ने आधार लिई त्यस्तो रकम खुद आयतर्फ समावेश गर्न मिलेन भनी सो रकम मिन्हा गर्ने गरेको पाइयो ।

प्रत्यर्थी उद्योग नाफामूलक व्यावसायिक कम्पनी भएको कुरामा विवाद छैन । मुनाफाको व्यवसायिक उद्देश्य राखी स्थापना भएको उद्योगले उत्पादित वस्तुको मूल्य निर्धारण गर्दा उत्पादन लागतसमेतलाई विचार गरी अधिकतम मुनाफा हासिल हुने गरी मूल्य निर्धारण गर्ने गर्दछन् । यो व्यावसायिकताको सिद्धान्त नै हो । यसको विपरीत लागतभन्दा कम मूल्यमा वस्तु बिक्री गर्नुपर्ने अवस्थालाई सामान्य रुपमा लिन सकिँदैन । काबूभन्दा बाहिरको परिस्थितिका कारण अपवादको रुपमा कहिलेकाहिँ यसरी लागतभन्दा कम मूल्यमा सामान बिक्री गर्नु परी उद्योग घाटामा जानसक्ने अवस्था पर्नसक्छ तर त्यस्तो अवस्थामा उद्योगले सोको भरपर्दो आधार प्रमाण सम्बन्धित कर कार्यालयमा पेश गरी आफ्नो दावी प्रमाणित गराउन सक्नुपर्दछ । प्रस्तुत विवादमा प्रत्यर्थी उद्योगले लागतभन्दा कम बिक्री मूल्य कायम गर्नुपरेको सम्बन्धमा तथ्ययुक्त आधार प्रमाण पेश गरी आफ्नो दावी प्रमाणित गर्नसकेको पाइँदैन । प्रत्यर्थी उद्योगले पेश गरेको नाफा नोक्सान हिसाबमा प्रस्तुत आ.व.को मात्र कूल नोक्सानी रु.४८,७९,७४१।६३ रहेको देखाइएको छ । त्यस्तै वासलातबाट प्रस्तुत आ.व.सम्मको सञ्चित नोक्सानी २ करोड १२ लाख पुगेको देखिन्छ । यसरी व्यवसायिकताको सामान्य सिद्धान्तविपरीत लागतभन्दा कम मूल्यमा वस्तु बिक्री गर्नुपरेको र लगातार नोक्सानीमा उद्योग सञ्चालन गर्नुपरेको सम्बन्धमा प्रत्यर्थी उद्योगले तथ्ययुक्त ठोस आधार प्रमाण पेश गरी प्रमाणित गर्न नसकेको अवस्थामा प्रत्यर्थी उद्योगको भनाई मात्रको आधारमा कर कार्यालयले प्रत्यर्थी उद्योगलाई कर मिन्हा गर्ने स्थिति हुँदैन । यसरी मनोगत आधारमा कर मिन्हा गर्दै जाने हो भने कर तथा राजश्व प्रशासनसम्बन्धी कानूनी व्यवस्थाहरू प्रभावहीन भई राष्ट्रको राजश्व असूली प्रक्रिया प्रभावित हुन पुग्दछ । तसर्थ लागतभन्दा कम बिक्री मूल्य देखाएको रु.२५,६५,२८५।८२ प्रत्यर्थी उद्योगको खुद आयमा समावेश गरेको कर कार्यालयको निर्णय कर निर्धारण आदेश उल्टी गरी उक्त रकम मिन्हा गरेको राजश्व न्यायाधिकरणको फैसला कानूनसम्मत देखिएन ।

अब, सापटी दिएको धागोमा बैंक व्याज बापतको रु.३,०९,९५८।२५ खुद आयमा समावेश गरेको शुरु कर कार्यालयको निर्णय उल्टी गरी उक्त रकम मिन्हा गरेको राजश्व न्यायाधिकरण विराटनगरको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको अर्को पुनरावेदन जिकीरका सम्बन्धमा विचार गर्दा, कर कार्यालय विराटनगरको मिति २०५५।३।१५ को उक्त निर्णय पर्चाको प्रकरण २ मा कपडा उत्पादन गर्न धागो खरीद पैठारी गर्दा बैंकबाट ऋण लिई सो ऋणको व्याज खर्च लेखिएको साथै प्रा.लि.ले अन्यत्रबाट धागो सापटी प्राप्त गरी उत्पादन कारोवार गरेको देखिएकोले यसरी प्रयोग हुने सापटी धागोमा व्याज खर्च समावेश हुन कारोवारसँग सम्बन्धित नभई कूल व्याज खर्चमध्ये रु.३,०९,९५८।२५ आयमा समावेश गरिएको भन्ने उल्लेख भएको पाइन्छ । प्रत्यर्थी उद्योगले बैंकबाट ऋण लिएको कुरामा विवाद रहेको देखिँदैन र व्याज खर्च लेखेको कुरामा पनि शुरु कर कार्यालयले निर्णयमा विवाद उठाएको पाइँदैन तर के कति व्याजमध्ये के कति आधार कारणबाट अन्य रकम छुट पाउने र प्रस्तुत रकम रु.३,०९,९५८।२५ छुट नपाउने हो भन्ने सम्बन्धमा सो निर्णयमा कुनै विवेचना गरिएको पाइँदैन । यसरी बिना विश्लेषण र बिना आधार कारण मनोगत रुपमा उक्त रकम खुद आयमा समावेश गरेको कर कार्यालयको निर्णय कानूनसम्मत नदेखिँदा सो निर्णय उल्टी गरी उक्त रकम मिन्हा दिने ठहर्यालएको राजश्व न्यायाधिकरण विराटनगरको फैसला अन्यथा देखिएन ।

अतः लागतभन्दा कम बिक्री मूल्य देखाएको रु.२५,६५,२८५।८२ प्रत्यर्थी उद्योगको खुद आयमा समावेश गरेको शुरु कर कार्यालयको निर्णय तथा कर निर्धारण आदेश उल्टी गरी उक्त रकम मिन्हा गरेको हदसम्म राजश्व न्यायाधिकरण विराटनगरको फैसला त्रुटिपूर्ण भएकोले सो हदसम्म उक्त फैसला उल्टी हुने ठहर्छ । अन्य कुरामा पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्तैन ।

४) निर्णय नं. ९१६१ आयकर (आ.व.०६०/०६१)

भाग : ५६ साल : २०७१ महिना : भाद्र अंक : ५

मुद्दा : आयकर (आ.व. ०६०/०६१)

पुनरावेदक/वादी : श्री आन्तरिक राजस्व कार्यालय, विराटनगरकातर्फबाट प्रमुख कर अधिकृत ढुण्डिराज पोखरेल

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : श्री गोल्डेन ग्लोव लिकर्स प्रा.लि., विराटनगर

पहिलो प्रश्नको हकमा विचार गर्दा सो खर्च उद्योगको लन्चिङ र विज्ञापनबापतको खर्च भएको हो र उक्त खर्च एउटै आर्थिक वर्षमा माग्दा अत्यधिक हुने हुँदा विभिन्न आ.व. मा मागिएको हो भनी जिकिर लिएको देखिन्छ । यसरी गत वर्षका खर्चहरू यस वर्षमा कट्टिको माग गर्न र पाउने हो होइन भनी विचार गर्नुपर्ने देखियो । अगाडिको आर्थिक वर्षमा भएका खर्चहरू भुक्तानी गरिएकोले कर छुट हुनुपर्ने भनी आय विवरणमा उल्लेख भएको अवस्था देखिन आएको छ । व्यक्तिले आय गणना गर्ने प्रयोजनको लागि के कस्ता रकमहरू खर्चकट्टि गर्न पाउने रहेछ भन्ने सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १३ मा निम्न कानूनी व्यवस्था भएको देखिन्छ ।

"कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित देहायका खर्चहरू कट्टि गर्न पाउनेछ :

(क) सो आय वर्षमा भएका,

(ख) सो व्यक्तिबाट भएका,

(ग) व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका ।"

उपर्युक्त दफा १३ को कानूनी व्यवस्था हेर्दा कुनै व्यक्तिले कुनै व्यवसाय वा लगानीबाट प्राप्त आय गणना गर्दा जुन आर्थिक वर्षको आय घोषणा गर्ने हो सोही आर्थिक वर्षमा भएको खर्चलाई मात्र खर्चकट्टि गर्न पाउने व्यवस्था दफा १३ (क) मा उल्लेख गरिएको देखिन्छ । तर प्रस्तुत मुद्दामा विपक्षी प्रा.लि.ले देखाएको लन्चिङ तथा विज्ञापनका खर्चहरू चालु आर्थिक वर्ष २०६०।०६१ को हो भन्न सकेको देखिँदैन अपितु एकै पटक माग गर्दा ज्यादै बढी हुने हुँदा विभिन्न आ.व. मा खर्चकट्टि माग गरिएको हो भनी जिकिर लिएको देखिन्छ । यसरी विगतका आ.व.मा भएका खर्चहरू तत्तत् वर्षहरूमा नै खर्चकट्टि गर्नुपर्ने हुन्छ । विगतका आ.व.मा भएको खर्च यस आ.व. २०६०।०६१ मा खर्चकट्टिको माग गरेको र सोलाई उचित मानी राजस्व न्यायाधिकरण, विराटनगरबाट खर्चकट्टि गर्ने गरी भएको निर्णयबाट आयकर ऐन, २०५८ को दफा १३ को प्रत्यक्ष गम्भीर कानूनी त्रुटी हुन गएको देखियो ।

दोस्रो प्रश्नको निरूपण गर्ने सन्दर्भमा मिसिल अध्ययन गर्दा, विपक्षी गोल्डेन ग्लोव लिकर्स प्रा.लि. विराटनगरले आर्थिक वर्ष २०६०।२०६१ को आय विवरण पेस गर्दा देखाएको रकममध्ये बोतल खरिद खर्च, प्रत्यक्ष खर्च, प्रशासनिक खर्च र ज्यालाबापत भएको भुक्तानी खर्च पुष्टि नभएकोले खर्च पुष्टि हुने सबुद प्रमाणपत्र पाएको मितिले १५ दिन भित्र कार्यालयमा पेस गर्नुहुन भनी आन्तरिक राजस्व कार्यालय, विराटनगरबाट च.नं ८३३७० बाट मिति २०६२।१२।२७ मा पत्राचार भएको देखिन्छ ।

सो पत्र व्यहोराबमोजिम खर्च रकम पुष्टि हुने गरी सबुद प्रमाण पेस गर्नुपर्नेमा सो नगरी विपक्षीले मिति २०६३।२।२ मा आफ्नो लेटर प्याडमा आय विवरणअनुसार कर निर्धारण हुन भनी निवेदन लेखी कर कार्यालयमा पेस गरेको देखिन्छ । आफूले माग गरेको खर्च पुष्टि हुने प्रमाण विपक्षीबाट प्राप्त नभएपछि सुरु आन्तरिक राजस्व कार्यालयले संशोधित कर निर्धारण आदेश जारी गरेको देखिन आएको छ । आफूले गरेको खर्च वास्तविक र यथार्थ हो भन्नु प्रथमतः प्रा.लि.ले खर्च भुक्तान गरी प्राप्त गरेको बिल भर्पाईसहितका सबुद प्रमाणहरू प्रमाणको मूल्याङ्कन गर्ने सुरु निकाय आन्तरिक राजस्व कार्यालयमै पेस गर्नुपर्ने हुन्छ । सुरु निकायले पेस हुन आएको प्रमाणको मूल्याङ्कन गरी सोही आधारमा निर्णय लिने हो । आन्तरिक राजस्व कार्यालयमा त्यस्तो माग भए अनुसारको बिल भर्पाई पेस हुन सकेको देखिन आएन । तथापि, पुनरावेदन गर्दा पनि त्यस्तो छुट प्रमाणहरू पेस गर्न सकिन्छ । तर राजस्व न्यायाधिकरणको फैसला हेर्दा पुनरावेदन तहमा आई इजलाससमक्ष पक्षले बहसको क्रममा सबुद प्रमाण प्रत्यक्षीकरण गरेको भनी माग गरेबमोजिमको खर्च मिनाहा दिइएको देखिन्छ । पुनरावेदन तहमा के के कुन किसिमका प्रमाणहरू प्रत्यक्षीकरण भए सो प्रमाणहरूको छायाप्रतिसमेत मिसिलमा रहेको पनि देखिएन । कुनै कागज प्रमाणमा लिनलाई सो कागज मिसिल संलग्न हुनुपर्ने हुन्छ । मिसिल संलग्न नै नरहेको बिल भरपाइलाई बिल भरपाइ छ भनी सोअनुरूपको रकम आय निर्धारण गर्दा कट्टि गर्न मिल्दैन ।

इजलाससमक्ष प्रत्यक्षीकरण भएको भए पनि के कति कुन प्रमाण प्रत्यक्षीकरण भए र कुन कुन बिल भरपाइहरूबाट के कति रकम कट्टि हुनुपर्ने हो सो आफ्नो निर्णयमा निर्णयकर्ताबाट उल्लेख हुनुपर्ने हुन्छ । न्यायिक निर्णय आत्मनिष्ठ तवरबाट गरिनुहुन्न अपितु वस्तुनिष्ठ आधारबाट गरिनुपर्दछ । मिसिल संलग्न नरहेको बिल भर्पाईलाई निर्णयकर्ताले प्रत्यक्षीकरण भयो भन्नु नै पर्याप्त हुँदैन । प्रत्यक्षीकरण के कसरी र कति भयो भन्ने कुरा उक्त निर्णयमा प्रष्ट देखिनु पनि पर्दछ । फगत प्रत्यक्षीकरण भयो भनी त्यसको अस्तित्व र त्यसबाट सन्तुष्टी हुनुपर्ने कारण नदेखाई खर्च मिन्हा दिने गरी बुझ्नुपर्ने प्रमाण नबुझी नबुझ्ने प्रमाण बुझी प्रत्यक्ष त्रुटी भएको निर्णय कानूनबमोजिम भएको भन्न मिल्ने देखिएन ।

तसर्थ, माथि विश्लेषण भएबमोजिम सुरु तहको कार्यालयमा सबुद प्रमाणद्वारा विपक्षीले आय विवरणमा देखाएको खर्च पुष्टी गर्न नसकेको र आयकर ऐन, २०५८ को दफा १३ बमोजिम आय विवरणमा उल्लेखित खर्च विगतका आर्थिक वर्षको भएको अवस्थामा र पुनरावेदन तहमा बहसको क्रममा प्रमाण प्रत्यक्षीकरण गरिएको भन्ने आधारमा सुरु आन्तरिक राजस्व कार्यालयको कर निर्धारण आदेश बदर गरी खर्च मिनाहा दिने गरी

राजस्व न्यायाधिकरण, विराटनगरबाट मिति २०६५।४।१३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ ।

५) निर्णय नं. ९४३० आयकर

भाग : ५७ साल : २०७२ महिना : कार्तिक अंक : ७[9]

मुद्दा : आयकर ।

पुनरावेदक :- आन्तरिक राजश्व कार्यालय, विराटनगर

विरूद्ध

प्रत्यर्थी :- मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं.६ स्थित पशुपति ट्युब मिल्स प्रा.लि.

निर्णयतर्फ विचार गर्दा आर्थिक वर्ष २०५८।५९ मा प्रत्यर्थी पशुपतिट्युब मिल्स प्रा.लि.ले बोनस प्रोभिजनबापत खर्च लेखेको रू.१,१८,८६५।८७ खुदआयमा समावेश गरेको आन्तरिक राजश्व कार्यालय,को निर्णय आयकर ऐन, २०५८ को दफा१३ विपरीत रहेको भन्ने प्रत्यर्थी करदाताको मुख्य जिकिर रहेको प्रस्तुतमुद्दामा राजश्व न्यायाधिकरण, विराटनगरले बोनसबापत छुट्योइएको रकम खुदआयबाट कट्टा गर्न पाउने ठहराएको फैसलाउपर आन्तरिक राजश्व कार्यालय, विराटनगरको यस अदालतमा पुनरावेदनको अनुमति पाउँ भनी निवेदन परी यस अदालतबाटपुनरावेदनको अनुमति प्रदान भई पुनरावेदनको रोहमा निर्णयार्थ यस इजलाससमक्षपेस भएको रहेछ ।

यससम्बन्धमा प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरीहेर्दा प्रत्यर्थी पशुपति ट्युब मिल्स प्रा.लि.ले आर्थिक वर्ष २०५८।५९ माआफ्नो खुद आयबाट बोनस ऐन, २०३० को दफा ५ बमोजिम बोनस वितरणको प्रयोजनकोलागि रू.१,१८,८६५।८७ छुट्या एकोभन्ने कुरामा विवाद छैन । उक्त तथ्यमापुनरावेदक आन्तरिक राजश्व कार्यालय,ले समेत अन्यथा जिकिर लिएको पाइँदैन ।आयकर ऐन, २०५८ को दफा २४(२)(क) को देहाय (१) बमोजिम बोनस प्रोभिजनबापतछुट्याएको सो रकमको दायित्व प्रत्यर्थी कम्पनीमा निहित रहेको देखिन आउँछ ।सो रकमको दायित्व प्रत्यर्थी कम्पनीमा निहित नरहने भन्ने कुनै कानूनीव्यवस्था भएको पनि पाइँदैन । वस्तुतः बोनसबापत छुट्यानएको रकम सो आर्थिकवर्ष समाप्त भएपछि कम्पनीको लेखा परीक्षण भएपश्चात् कम्पनीको आयबाट वितरणगर्नुपर्ने रकम हो । कम्पनीको दायित्वमा रहने धारा पानी, बिजुली, बैंककोब्याज इत्यादिबापत तिर्नुपर्ने रकम सोही आर्थिक वर्ष खर्च हुने रकम भए पनिबोनसबापतको रकम चालु आर्थिक वर्षमा छुट्याबई आगामी वर्षमा वितरण

[9]) ने.का.प.२०७२, अंक ७, नि.नं.९४३०, सर्वोच्च अदालत ।

गरिने रकमहो । आगामी वर्षमा पनि बोनसबापत छुट्याएको रकम वितरण नगरिएको अवस्थामा सोरकम कम्पनीको खुद आयमा गणना हुन्छ र करयोग्य हुन जान्छ । तर कम्पनीकोखातामा सो रकम रहेको देखिएको भन्ने मात्र आधारमा उक्त रकम कम्पनीकोदायित्वभित्र नपर्ने र खुद आयमा समावेश हुने भन्न मिल्ने हुँदैन । यसअवस्थामा बोनसबापत छुट्याभएको रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम कट्टीहुने रकम भएको भनी खुद आयमा समावेश नगरेको राजश्व न्यायाधिकरण, विराटनगरकोफैसला मनासिब देखिन आएकाले यस अदालतबाट पुनरावेदनको अनुमति प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन सकिएन ।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट चालु आर्थिक वर्षको नाफाबाटबोनस ऐन, २०३० को दफा ५ बमोजिम बोनस प्रोभिजनको लागि छुट्यामएको रकमकोदायित्व प्रत्यर्थी कम्पनीमा निहित रहेको हुँदा उक्त रकम आयकर ऐन, २०५८ कोदफा १३ बमोजिम खुद आयमा कट्टा हुने भएकाले पुनः आयमा गणना गर्नुपर्ने भन्नेपुनरावेदकको कथन कानूनअनुकूल नहुँदा बोनसबापतको रू.१,१८,८६५।७८ खुद आयमासमावेश हुन नसक्ने भन्ने राजश्व न्यायाधिकरण, विराटनगरको मिति २०६६।१०।३ कोफैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक आन्तरिक राजश्वकार्यालय, विराटनगरको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

८. फैसलाको विष्लेषण

विराटनगर स्थित हुलास वायर इण्डस्ट्रीज प्रा.लि.का संचालक महेन्द्र कुमार गोल्छा भएको मुद्दामा कम्पनीको विरगंज स्थित सेल्स डिपोले यस आ.व.मा कुनै कारोबार नगरेको भएपनि सेल्स डिपो बन्द नभएको स्थितिमा सामान्य खर्च हुदैन भन्न मिल्ने नदेखिदा सो रकम खुद आयमा समावेश गरेको र कर्मचारीको पारीश्रमीक तलब भुक्तानी दिदा करयोग्य आयमा लाग्ने कर कट्टी गरी सोको प्रमाण समेत पेश भैरहेको अवस्थामा त्यस्तो खर्चलाई कर कार्यालयले मिन्हा नदिई खुद आयमा समावेश गर्ने गरी गरेको निर्णय मिलेको देखिएन भनी राजश्व न्यायाधिकरण विराटनगरको फैसला रहेकोमा सो फैसलालाई सम्मानित अदालतबाट समेत सदर गरेको देखिन्छ । सिता ट्रेड सेन्टर प्रा.लि. कलंकीको मुद्दामा तत्कालिन कर कार्यालय क्षेत्र नं.४ बाट भएको खुद आयकर निर्धारण पर्चा र कर निर्धारण आदेश मिलेकै देखिदा सदर हुने गरी राजश्व न्यायाधिरण काठमाण्डौंबाट फैसला भएकोमा सो फैसला समेत सदर हुने गरी सर्वोच्च अदालतले समेत समर्थन गरेको स्थिती छ । शाह उद्योग प्रा.लि.विराटनगरको मुद्दामा के कति धागो सापटी वापत व्याज छुट पाउने हो सो सम्बन्धमा तथ्यपूर्ण आधारमा निणयमा बोलिएको पाईएन । अन्यत्रबाट धागो सापटी लिई उत्पादन गरेको व्यवसायिक कार्यलाई अन्यथा मान्न मिल्ने हुदैन । के कति व्याज मध्ये के कति आधार प्रमाणले

अन्य रकम छुट पाउने भएको र यो अङ्क छुट नपाउनृ हो सोको तथ्याङ्क प्रमाण भन्दा मनोगत आधारमा उक्त रकम खुद आयमा समाबेश गर्ने गरेको मिलेन । कारखानाको प्रति इकाई लागत मुल्य रु.५९।३७ देखिएको तर प्रा.लि.ले कायम गरेको सरह बिक्रि मुल्य प्रति इकाई रु.५३।८९ देखिएकोले यसरी न्यून फरक दरले हुन आउने रकम रु.२५,६५,२८५.८२ खुद आयमा समाबेश गर्ने गरी गरेको निर्णयसम्म मिलेन, उक्त रकम मिन्हा हुन्छ भनि राजश्व न्यायाधिरण विराटनगरको फैसला रहेकोमा मिन्हा गरेको हदसम्मको फैसला केहि उल्टी हुने गरी सर्वोच्च अदालतबाट फैसला भएको पाईन्छ । त्यसैगरी श्री ग्लोव लिकर्स प्रा.लि. विराटनगरको मुद्दामा करदाताले इजलास समक्ष प्रत्यक्षीकरण गराएको भरपाई समेतबाट ज्याला वापतको रक मजदुरले बुझेको देखिदा श्रमिकलाई पारिश्रमीक भुक्तानी गराएको उक्त रकम मध्ये प्रत्यर्थी कार्यालयले भरपाई नभएको भनि रु.१,०९,९०० खुद आयमा समबेश गरेको मिलेको नदेखिदा सो रकम खुद आयमा समाबेश हुन नसकी मिन्हा हुन्छ । मिन्हा हुने ठहरेको हदसम्म प्रत्यर्थी आन्तरिक राजश्व कार्यालय विराटनगरको निर्णय र अन्तिम कर निर्धारण आदेश उल्टी हुने गरी राजश्व न्यायाधिकरण विराटनगरबाट फैसला भएकोमा उक्त मिन्हा दिने गरी भएको सो फैसला उल्टी गर्ने गरी फैसला भएको अवस्था छ । त्यसैगरी पशुपति ट्यूब मिल्स प्रा.लि.को मुद्दामा बोनस वापत छुट्टयाईएको रु.१,१८,८६५।८७ खुद आयमा समाबेश गर्ने गरी गरेको फैसलाको हदसम्म नमिलेको भनि राजश्व न्यायाधिकरण विराटनगरबाट फैसला भएकोमा सोहि फैसला सदर गर्नेगरी सर्वोच्च अदालतबाट फैसला भएको देखिन्छ । यसरी उपरोक्त सबै फैसलामा आयकर्ताले पेश गरेको आय विवरण तथा कर छुट सम्बन्धमा राजश्व कार्यालयहरुको निर्णयलाई शुक्ष्म विश्लेष गर्दै उपयूक्त निर्णय दिने प्रयास गरेको देखिन्छ । सकेसम्म आयकर्ता पनि मर्कामा नपरुन र ऐन कानून अनुसार उचित राजश्व समेत संकलन होस भन्ने दृष्टिबाट नै अदालती फैसलाहरु भएको पाईएको छ ।

९. सुझाव तथा निष्कर्ष

९.१ सुझाव

आयकर सम्बन्धमा निम्न सुधारका पक्ष देखिन्छन् :

- अ
  ायकर ऐन २०५८ र औद्योगिक व्यवसाय ऐन २०७३ विशेष ऐन रहेका र दुबै ऐन एक अर्कामा बाझिने किसिमका रहेका छुन ।
- स
  मसामयिक एकिकृत ऐन आउनु जरुरी छ ।

- क
  र असुली प्रकृयामा अदालतले समेत सहयोगी भूमिका निर्वाह गनु जरुरी छ ।
- अ
  ाय विवरण र कर छुट सिमा स्पष्ट रुपमा समयमै पेश गर्ने र गराउने व्यवस्था गरीनु पर्छ ।
- अ
  ायकर लुकाउने विषय नभै नागरिकको कर्तव्यको विषय हुदा सबै ईमान्दार भै आयकर बुझाउनु जरुरी छ ।
- र
  ाजश्व संकलनमा यदाकदा अन्यथा कुरा सुन्नमा आउने हुदा त्यस तर्फ सम्बन्धीत निकाय सचेत रहनु जरुरी छ ।

९.२ निष्कर्ष

वास्तवमा राज्य राजश्वबाट संचालित हुन्छ । यदि राजश्व उठाईएन भने राज्य क्षण भर मै चल्न बन्द हुन्छ । राज्य मानव सभ्यताको पहिचान, आत्मा हो । राज्य विना मानव सभ्यताको परिकल्पना गर्न सकिदैन र राज्य सन्चालनको आधार राजश्व हुदा यो विषय आफैमा अनिवार्य र अत्यावश्यक रहेको छ । यसरी राजश्व तीर्नु प्रतेक नागरीकको दायित्व तथा कर्तव्य भित्र पर्दछ । आयकर ऐनमा समसामयिक तथा एकिकृत ऐन ल्याई शुद्ध आसयले कार्यान्वयनमा ल्याउनु जरुरी छ । आय विवरण समयमा पेश गर्नु र समयमा उचित कर निर्धारण गर्नु आयकर्ता तथा कर अधिकृतको दायित्व तथा कर्तव्य हो । राज्य हाम्रो आयमा नै चल्ने हुदा आफ्नो आयको केहि अँश राज्यलाई कर तिर्नु कुनै कन्जुस्याई गर्नु हुदैन । आफ्नो सम्पती तथा आय लुकाउने र कर छली गर्ने ज्ञात अज्ञात पद्धतीको अन्त्य हुनु जरुरी छ ।

सन्दर्भ सामाग्री

१) नेपालको संविधान २०७२, कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाण्डौं ।
२) आयकर ऐन २०५८, कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाण्डौं ।
३) औद्योगिक व्यवसाय ऐन २०७३, कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाण्डौं ।
४) बार्षिक प्रतिवेदन २०७४/२०७५, आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाण्डौं, पृष्ठ ७ ।

५) आयकर निदेर्शिका २०६६ (दोश्रो संशोधन २०७३ समेत), आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाण्डौं, पृष्ठ १ ।
६) ने.का.प.२०६३, निर्णय नं. ७७३०, अङ्क ७, सर्वोच्च अदालत ।
७) ने.का.प.२०६६, निर्णय नं. ८२०६, अङ्क ८, सर्वोच्च अदालत ।
८) ने.का.प.२०६६, निर्णय नं. ८२६५, अङ्क ११, सर्वोच्च अदालत ।
९) ने.का.प.२०७१, निर्णय नं. ९१६१, अङ्क ५, सर्वोच्च अदालत ।
१०) ने.का.प.२०७२, निर्णय नं. ९४३०, अङ्क ७, सर्वोच्च अदालत ।

cfos/ P]g, @)%* / ;f] ;DaGwdf ;af{]Rr cbfntaf6 k|ltjfbL l;4fGtx?sf] laZn]if0f

बद्रीकुमार कार्की◊

१.परिचय

आयकर (Income Tax) भन्नाले कुनै पनि व्यक्तिको आयमा लाग्ने प्रत्यक्ष करलाई जनाउँदछ । कानुनले आयकर छुट भनी तोकेका ब्यक्ती वा निकाय बाहेकलाई रोजगारी, लगानी, ब्यावसाय वा पुंजीगत लाभबाट आर्जित गरेको मुनाफामा कानुनले तोके बमोजिम दरले लाग्ने कर लाई आयकर भनिन्छ । नेपालको संबिधानको धारा ११५ मा कानुन बमोजीम बाहेक कुनै कर लगाउने र उठाउने छैन भन्ने व्यवश्था रहेको देखिन्छ । नेपालमा आयकरको अवधारणा आयकरको अबधारणा २००८ को बजेटबाट शुरु भएको र त्यसपस्चात आर्थिक ऐन २०१६, ब्यापार मुनाफा र पारिश्रमिक कर ऐन २०१७, आयकर ऐन २०१९, आयकर ऐन २०३१ र आयकर ऐन २०५८सम्म आईपुगेको अवस्था छ भने आयकर ऐनमा रहेका प्राबधानलाई आर्थीक ऐनले प्रत्येक बर्ष शंसोधन गर्ने गरेको समेत पाईन्छ। हाल नेपालमा लाग्ने आयकरलाई आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ ले निर्दिश्ट गर्ने गर्दछ ।आयकरका सिद्धान्तहरुवासिन्दाको सिद्धान्त (Resident Principle), श्रोतको सिद्धान्त (Source principle) र मिश्रित सिद्धान्त (hybrid Principle) मध्ये मुलुकको आर्थिक विकासको लागि राजस्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचालनलाई अभिवृद्धि गर्न आयकर सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गरी समयानुकुल वनाउन नेपालको आयकर ऐन २०५८ ले आयकरको वासिन्दाको सिद्धान्त (Resident Principle) लाई अंगालेको छ । यस सिद्दान्त अनुसार नेपालको बासिन्दा ब्यक्तीको आय संसारभर जहां भएता पनी नेपालमा कर तिर्नुपर्ने ब्यवस्था छ । यसले ब्यक्तीको दोहोरो करबाट मुक्ती दिन नेपाल बाहिर आर्जित आयमा बिदेशी मुलुकमा तिरेको आयकर मिलान गर्न पाउने ब्यवस्था गरेको छ । त्यस्तै नेपालको आयकर प्रणाली Pay as you earn को सिद्दान्तमा आधारीत छ । यसले करदाताले आफुले गरेको आयको स्वयं घोषणा तथा स्वयं कर निर्धारण गर्न पाउने ब्यावस्था गरेको छ । आयकर राज्यले व्यवस्था गरे अनुसार फरक राज्यमा फरक दरमा लागू हुन्छ ।

◊ शाखा अधिकृत,.....

नेपालको कर प्रणाली अनुसार व्यक्तिको आयमा आयकर लाग्दछ भने कर प्रयोजनको लागी व्यक्ति भन्नाले दुई प्रकारको व्यक्तिलाई बुझाउँदछ प्राकृतिक व्यक्ति तथा निकाय ।

२.आयकर ऐन, २०५८ मा भएका व्यवस्था

आयकर ऐन, २०५८ को दफा २(ढ) अनुसार आयकर भन्नाले आयकर ऐन बमोजिम लाग्ने कर तथा कर बक्यौता रहेको व्यक्तिको सम्पत्तिका सम्बन्धमा दावी र लिलाम बिक्री बापत बिभागले गरेका दफा १०४ को उपदफा (८) को खण्ड (क) मा उल्लिखित खर्चहरु,अग्रिम कर कट्टी गर्ने व्यक्ति वा कर कट्टी हुने व्यक्तिले दफा ९० बमोजिम वुझाउनु पर्ने रकम वा किस्तावन्दीमा दाखिला गर्ने व्यक्तिले दफा ९४ वमोजिम वुझाउनु पर्ने रकम वा अग्रिम कर दाखिला गर्नु पर्ने व्यक्तिले दफा ९५क. वमोजिम बुझाउनु पर्ने रकम वा दफा ९९, १००,१०१ बमोजिम कर निर्धारण भए अनुसार बुझाउनु पर्ने रकम,दफा १०७ को उपदफा (२), दफा १०८ को उपदफा (३) वा (४)दफा १०९ को उपदफा (१) र दफा ११० को उपदफा (१) बमोजिम तेस्रो पक्षको कर दायित्वको सम्बन्धमा विभागलाई बुझाउनु पर्ने रकम,शुल्क तथा ब्याज बापत बुझाउनु पर्ने परिच्छेद-२२ बमोजिमको रकम र बिभागले आदेश दिए बमोजिम दाखिला गर्नु पर्ने दफा १२९ बमोजिमको जरिवाना रकम । दफा ४ बमोजीम कराधार सम्बन्धी व्यवश्थामा कुनै पनि व्यक्तिलाई प्राप्त आय,कुनै आय वर्ष भित्र प्राप्त आय,कर नलाग्ने आय भए सो रकम समावेश नगरी त्यस्तो आयबाट आय आर्जन गर्न लागेको खर्च कट्टा गरी बांकी रहेको रकमलाई सम्झनु पर्दछ भनि उल्लेख गरेको पाईन्छ ।

२.१ कर लाग्ने व्यक्ति (Taxable Persons)

आयकर ऐन २०५८ ले Global System जस अनुसार कुनै पनि व्यक्तिको सवै प्रकारको आयलाई समावेश गरी कायम हुने करयोग्य आयमा प्रगतिशिल करको दरले कर लगाउने र Schduler system जसअनुसार कुनै व्यक्तिको आयको प्रकृतिको आधारमा छुट्टा छुट्टै आयमा फरक करको दरले वा फरक तरिकाले कर लगाउने दुवै प्रणालीलाई अवलम्वन गरेको पाईन्छ । आयकर ऐनको दफा ९२ मा उल्लेख भएको अन्तिम कर कट्टी हुने भुक्तानी अन्तर्गतको आयहरु Schduler system अन्तर्गत पर्ने देखिन्छ । आयकर ऐन २०४८ को दफा- ५ ले मुख्यतः व्यवसाय,रोजगारी,लगानी र आकस्मिक लाभबाट प्राप्त आयलाई कर प्रयोजनका लागि आयमा समावेश गरेको देखिन्छ । दफा ३ बमोजीम कुनै आय वर्षमा

अन्तिम रूपमा करकट्टी भई भुक्तानी आय प्राप्त गर्ने व्यक्तिलाई करारोपण गरिने व्यक्तिका रुपमा उल्लेख गरेको पाईन्छ भनेदफा ६८ को उपदफा (३) र (४) बमोजिम कुनै आय वर्षको आय विदेशमा पठाउने गैर बासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन र कुनै आय वर्षमा अन्तिम रुपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्तिका रुपमा अंगीकार गरी कुनै आय वर्षको आय विदेशमा पठाउने गैरबासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन र गैरबासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा लाग्ने करविदेशी स्थायी संस्थापनले सो वर्षमा वितरण गरेको लाभांश रकम बराबर हुने व्यवश्था आयकर ऐनले गरेको पाईन्छ ।

२.२ आयको शिर्षक

आयकर ऐन, २०५८ ले आयका शिर्षकलाई रोजगारी,व्यवसाय,लगानी र आकस्मिक लाभ गरी ४ खण्डमा बर्गिकरण गरेको पाईन्छ जसअनुसार कुनै प्राकृतिक व्यक्तिले रोजगारी गरे वापत प्राप्त गर्ने नगद,जिन्सि वा सुविधाहरु रोजगारी आयको रुपमा लिई आयमा समावेश गरीएको पाईन्छ, कुनै व्यक्तिले उद्योग, व्यापार, कृषि वा सेवा प्रदान गरे वापत प्राप्त गरेको रकम व्यवसाय आयको रुपमा लिई आयमा समावेश गरीएको,कुनै व्यक्ति प्रत्यक्ष रुपमा संलग्न नभई लगानी गरे वापत प्राप्त गर्ने रकम वा सम्पति प्रयोग गर्न दिए वापत प्राप्त गर्ने रकम लगानी आयको रुपमा लिई आयमा समावेश गरीएको र आकस्मिक रुपमा प्राप्त गर्ने रकम जस्तै चिट्ठा, उपहार वा पुरस्कार आदिलाई आकस्मिक लाभ आयको रुपमा लिई आयमा समावेश गरीएको पाईन्छ ।

२.३ आय गणना

आयकर ऐन २०५८को दफा-७,२२, २४,२५, २६, २७, २९, ३१ ५६, ६० मा आय गणना सम्बन्धी व्यवश्था भएको पाईन्छ ।सेवा शुल्क,व्यापारिक मौज्दातको निसर्गबाट प्राप्त रकम,कुनै व्यक्तिको व्यावसायिक सम्पत्ति वा व्यावसायिक दायित्वको निसर्गबाट प्राप्त खुद लाभ,व्यवसायको ह्रासयोग्य सम्पत्तिको निसर्गबाट प्राप्त गरेको रकम,व्यवसायका सम्बन्धमा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार,व्यवसाय सञ्चालनको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरेबापत प्राप्त गरेको रकम,कुनै व्यक्तिले प्राप्त गरेको रकम लगानीबाट हुने आयमा समावेश हुने प्रकृतिको भए तापनि त्यस्तो व्यक्तिले आफ्नो व्यवसायसंग प्रत्यक्ष रुपमा सम्बन्धित भई लगानीबाट प्राप्त गरेको रकम,निकाय तथा हितधारीबीचको

सम्बन्धको कारणले पाउने वा सामान्य बिमा व्यवसायबाट प्राप्त आयमा समावेश गरिनुपर्ने अन्य रकमहरु,लेखांकनको तरिकामा परिवर्तन गर्दाको कारणले आयमा समावेश गर्नुपर्ने हुन आएको रकम,लेखाको तरिका र सिद्धान्तअनुसार आयमा समावेश गर्नुपर्ने रकमहरू,मुद्राको मूल्यांकनको फरकको कारणले अर्थात् मुद्राको विनिमय दरमा वृद्धि भएको कारणले समावेश गर्नुपर्ने रकमहरू, डुबेको ऋण रकमहरूको रिभर्स वा मिनाहा भएका तर पछि असुलउपर भएका रकमहरू, दीर्घकालीन करार अन्तर्गतको कार्यमा कार्य सम्पन्न प्रतिशत अनुसार प्राप्त रकम,कसैबाट ऋण लिई प्रचलित दरभन्दा कम दरमा ब्याज भुक्तानी गरेको भए कम अर्थात् फरक भए जति रकम,एउटा व्यक्तिले भुक्तानी पाउनुपर्ने रकम अन्य व्यक्तिले भुक्तानी पाएको भए त्यस्तो रकम अथवा समायोजित रकम,क्षतिपूर्ति प्राप्त गरेको रकम, मुनाफा तथा लाभमा समावेश गर्नुपर्ने अन्य रकमहरू तर छुट पाउने रकम र अन्तिम रुपमा कर कट्टी हुने भुक्तानीहरु व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा समावेश गर्नु नपर्ने देखिन्छ रोजगारीबाट भएको बाहेक सबै आयलाई व्यवसाय वा लगानीको आयमा समावेश तर व्यवसाय वा लगानीको सम्बन्धमा नभएको अन्य कुनै प्राप्ति भए आयमा देखाउनु पर्दैन देखिन्छ उदाहरणको लागी कसैले अपुताली पायोको अवश्था तर कुनै फर्म वा कम्पनी नखोली अदृश्य रुपमा गरिएको आयलाई व्यवसाय वा लगानीको आयका रुपमा देखाउनु पर्ने जस्तैः कसैले कुनै एक व्यक्तिलाई कुनै फाइदा प'ऱ्याउनु कुनै अर्को व्यक्तिसंग व्यवहार मिलाई दिएबापतजस्तै- लमीको काम गरेबापत कुनै आम्दानी भयो भने त्यस्तो आम्दानीलाई व्यावसायिक आम्दानीमा समावेश गरी आय र कर गणना गर्नुपर्दछ ।

कुनै व्यक्तिले सेवा प्रदान गरे वापत प्राप्त गरेको वा गरिने रकम(सेवा शुल्क) जस्तैकमिशन,वैठक भत्ता,व्यवस्थापन शुल्क र प्राविधिक सेवा शुल्क,व्यापारिक मौज्दातको निशर्गबाट प्राप्त रकम जस्तै विक्री गर्ने उद्देश्यले खरिद गरिएको वस्तु विक्री वापत प्राप्त रकम,विक्री गर्ने उद्देश्यले उत्पादन गरिएको वस्तु बिक्री वापत प्राप्त रकम, विक्री गरिने उद्देश्यले निर्माण गरिएको वस्तु विक्री वापत प्राप्त रकमविशेष सेवा प्रदान गर्ने उद्देश्यले व्यवसाय गरेको व्यक्तिले प्राप्त गरेको रकम आदि,विक्रीको लागि खरिद गरिएको वा उत्पादन गरिएको वा निर्माण गरिएको सम्पत्ति तथा ह्रासयोग्य सम्पत्ति वाहेक व्यवसायमा प्रयोग भएको वा व्यसशायको स्वामित्वमा रहेको सवै सम्पत्तिहरु जस्तै नगद, वैक मौज्दात, आसामि, जग्गा, शेयर लगायत लिनुपर्ने अन्य सवै प्रकारको रकम जस्ता व्यवसायिक सम्पत्तिको

निसर्ग वापतको खूद लाभ, व्यवसायको सम्वन्धमामा प्राप्त गरेको उपहारहरु, व्यवसाय संचालनको सम्वन्धमा कुनै प्रतिवन्ध स्विकार गरे वापत प्राप्त रकम,लेखाको नीति परिवर्तनको कारणबाट समावेश हुने रकम,डुवेको ऋण लगायतको रकमहरुको रिर्भस, लगानीको प्रकृतिको भएपनि व्यवसायसगँ प्रत्यक्ष रुपले सम्वनिधत रकमहरु, रकमहरुको परिमाणीकरण एवम वाढँफाढँको कारणबाट समावेश हुने रकम चारीत्रिकरण, सामान्य विमा वापत आयमा समावेश हुने रकम, निकाय र हिताधिकारीको विचमा भएको कारोवारको कारणबाट आयमा समावेश हुने रकम, अन्तिम कर कट्टी भै प्राप्त गरेको भुक्तानी रकम,कर छुट हुने रकम, लाभाशं रकम, नियन्त्रित विदेशी निकायबाट प्राप्त रकम व्यवसायको आय गणनामा समावेश हुने रकमहरुको रुपमा, नियमित रुपमा प्राप्त हुने आय जस्तैः तलव,भत्ता,संचय कोष थप, प्रोत्साहन भत्ता, लुगा भत्ता, निवृतभरण रकम आदि, अवकाश भुक्तानी जस्तै उपदान,संचय कोष,नागरिक लगानी कोष,संचित विदा वापतको रकम,औषधी उपचार खर्च(अवकाशपछि प्राप्त), विमा (जीवन विमा वाहेक), अन्य कुनै अवकाश पश्चातमात्र पाउने रकम, निज (रोजगारीको आय भएको व्यक्ति) वा निजको (रोजगारीको आय भएको व्यक्ति) सम्बद्ध व्यक्तिले व्यक्तिगत प्रयोजनको लागि गरेको खर्चको फछ्र्यौट वा सोधभर्ना बापत प्राप्त गरिएको भुक्तानी,रोजगारीका कुनै शर्तमा सहमती जनाएबापत गरिएका भुक्तानी,रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी,परिच्छेद ६(करको लेखाकंन र समय) वा ७ (रकमहरुको परिमाणिकरण, वाडँफाडँ तथा चारित्रिकरण) बमोजिम समावेश गरिनु पर्ने अन्य रकमहरू रोजगारीको आय गणनामा समावेश हुने रकमहरुको रुपमा लाभांश, ब्याज, भाडा, लगानी विमाबाट प्राप्त लाभ, स्विकृत नलिएको अवकाश कोषको प्राप्त लाभ, स्विकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानी, गैर व्यवसायिक करयोग्य सम्पतिको निसर्गबाट भएको खुद लाभ,ह्रासयोग्य सम्पतिको निसर्गबाट प्राप्त रकम (निसर्ग भएको सम्पतिको समुहको प्राप्त रकम (सो समुहको सम्पति प्राप्त गर्न भएको खर्च), लगानीको सम्वन्धमा प्राप्त उपहार,लगानीको सम्वन्धमा गरिएको अवकाश भक्तानी र अवकाश कोषमा जम्मा गरिएको अवकाश योगदान,लगानीको प्रतिवन्ध स्विकार गरे वापत प्राप्त रकम,लगानीको प्रतिवन्ध स्विकार गरे वापत प्राप्त रकम, परिच्छेद ६ (करको लेखाकंन र समय) ७ (रकमहरुको परिमाणिकरण, वाडँफाडँ तथा चारित्रिकरण) वा दफा ५६ (निकाय र हिताधिकारीवीचको कारोवार) वमोजिम समावेश गरिनु पर्ने रकम लगानीको आयमा समावेश हुने रकमहरुको

रुपमा र आकस्मिक रुपमा प्राप्त गर्ने रकम जस्तै चिट्ठा,उपहार वा पुरस्कार आदिलाई आकस्मिक लाभ आयको रुपमा लिई आयमा समावेश गरीएको पाईन्छ ।

२.४ रोजगारी आयमा समावेश रकम र लगानी आयमा समावेश हुने स्रोत

आयकर ऐन, २०५८ को दफा-८, २४, २५, २७, २९, ३०, ३१ मा रोजगारी आयमा समावेश रकम/आयहरूको सम्बन्धमा व्यवश्या गरेको पाईन्छ जसअन्तर्गत ज्याला र तलब, बिदाबापतको रकम, अतिरिक्त समय काम गरेबापतको रकम, शुल्क र कमिसन, रोजगारीको सिलसिलामा प्राप्त गरेको पुरस्कार, उपहार, बोनस, अन्य सुविधाहरूबापतको भुक्तानी, महङ्गी भत्ता, जीवन निर्वाह खर्च,दफा-९, २४, २५, २७, २९, ३०, ३१ मा लगानी आयमा समावेश हुने स्रोत/आयहरूको सम्बन्धमा व्यवश्या गरेको पाईन्छ जसअन्तर्गत लाभांश (अन्तिम रुपमा कर कट्टी नभएको मात्र),व्याज (अन्तिम रुपमा कर कट्टी नभएको मात्र),प्राकृतिक स्रोतबापतको भुक्तानी, रोयल्टी (अन्तिम रुपमा कर कट्टी नभएको मात्र), लगानी बिमाबाट प्राप्त लाभ, भाडा (अन्तिम रुपमा कर कट्टी नभएको मात्र), स्वीकृति प्राप्त नगरेको अवकाश कोषको हितबाट प्राप्त लाभ वा स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानी, लगानीको गैरव्यावसायिक करयोग्य सम्पत्तिको निसर्गबाट प्राप्त खुद लाभ, अवकाश भुक्तानी र सो व्यक्तिका लागि जम्मा गरिएको रकमसमेतको अवकाश योगदान भुक्तानी, भाडा, मनोरञ्जन वा यातायात भत्ताबापतको रकमसमेतका कुनै पनि व्यक्तिगत भत्ताका भुक्तानी,निज वा निजको सम्बद्ध व्यक्तिले व्यक्तिगत प्रयोजनका लागि गरेको खर्चको फछ्र्यौट वा सोधभर्नाबापत प्राप्त गरिएको भुक्तानी,रोजगारीका कुनै सर्तमा सहमति जनाएबापत गरिएको भुक्तानी,रोजगारीको अन्त्य, नोक्सानी वा अनिवार्य अवकाशबापत गरिएको भुक्तानी,अवकाश भुक्तानी र रोजगारदाताले सो कर्मचारीका लागि अवकाश कोषमा जम्मा गरेको रकमसमेतका अवकाश योगदान,रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, र(आ)आय गणनाका लागि रोजगारी आयमा समावेश हुने रकमहरु, सवारी साधन सुविधाबापतको रकम, खाइपाई आएको वार्षिक तलब रकमको शून्य दशमलव ०.५ प्रतिशत, अन्य अवस्थामा सवारी साधनको बजार मूल्यको १ प्रतिशत रकम,भवन वा आवास सुविधाबापतको रकम (खाइपाई आएको वार्षिक तलब रकमको दुई प्रतिशत, २ प्रतिशत), कर्मचारीबाहेक अन्यलाई घरबहाल लिई सुविधा उपलब्ध गराएको भए भाडाबापत घरभाडा भुक्तानी गरेको रकमको प्रतिशत रकम,घरको रेखदेख हेरचाह

गर्ने वा हेरचाहकर्ता, भान्से, सवारी चालक, माली वा अन्य यस्तै घरेलु सहायकको सेवाबापतको रकम, खाना, जलपान वा मनोरञ्जनबापत प्राप्त रकम, निवासस्थानमा जडान भएको धारा, बिजुली, टेलिफोनजस्ता सेवाबापत रोजगारदाताले तिरेको रकम, रोजगारदातालाई प्रचलित ब्याजदरभन्दा कम दरमा ब्याज तिरेको भए सो फरक वा कम तिरे जति रकम,लगानीको ह्रासयोग्य सम्पत्ति निसर्ग गर्दा ह्रासयोग्य सम्पत्तिको समूहमा भएका सम्पत्तिका लागि गरिएको खर्चहरु सहितको बाँकी मूल्यभन्दा प्राप्त हुने आम्दानीहरु बढी भएमा सो बढी भए जति रकम, अर्थात् निसर्ग गर्दा वा हस्तान्तरण गर्दा प्राप्त आयमा सम्पत्तिका लागि गरिएको खर्चहरु घटाई बचत हुन गएको रकम, लगानीका सम्बन्धमा प्राप्त गरेको उपहार, लगानीका सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरेबापत प्राप्त गरिएका रकमहरु, क्षतिपूर्ति प्राप्त गरेको रकम, संयुक्त स्वामित्वमा रहेको लगानीबाट प्राप्त गरेको रकम, लेखांकनको तरिकामा परिवर्तन गर्दाको कारणले आयमा समावेश गर्नुपर्ने हुन आएको रकम, लेखाको तरिका र सिद्धान्तअनुसार आयमा समावेश गर्नुपर्ने रकमहरु,मुद्राको मूल्यांकनको फरकको कारणले अर्थात् मुद्राको विनिमय दरमा वृद्धि भएको कारणले समावेश गर्नुपर्ने रकमहरु, डुबेको ऋण रकमहरुको रिभर्स वा मिनाहा भएका तर पछि असुलउपर भएका रकम, प्रचलित ब्याजदरभन्दा कम दरमा ब्याज तिरेको भए सो फरक वा कम तिरे जति रकम, दीर्घकालीन करार अन्तर्गतको कार्यमा कार्यसम्पन्न प्रतिशत अनुसार प्राप्त रकम, कसैबाट ऋण लिई प्रचलित दरभन्दा कम दरमा ब्याज भुक्तानी गरेको भए कम अर्थात् फरक भए जति रकम, एउटा व्यक्तिले भुक्तानी पाउनुपर्ने रकम अन्य व्यक्तिले भुक्तानी पाएको भए त्यस्तो रकम अथवा समायोजित रकम, मुनाफा तथा लाभमा समावेश गर्नुपर्ने अन्य रकमहरु रहेको देखिन्छ ।

२.५ व्यवसाय वा लगानी आयबाट कट्टी गर्न पाइने र नपाईने खर्चहरु

आयकर ऐन, २०५८ को दफा १३, १४,१५,१६,१७,१८,१९,२० मा व्यवसाय वा लगानी आयबाट कट्टी गर्न पाइने खर्चहरुका सम्बन्धमा व्यवश्था गरेको पाईन्छ जसअन्तर्गत प्रशासकीय तथा सञ्चालन खर्च खर्च कट्टीसम्बन्धी विशेष व्यवस्थाहरु, ब्याज कट्टीको विशेष व्यवस्था, व्यापार मौज्दातको लागतको खर्च कट्टी, मर्मत तथा सुधार खर्च, प्रदूषण नियन्त्रण खर्च, अनुसन्धान र विकास खर्च, सम्पत्तिको ह्रास खर्च, नेकसानी मिलान रहेका छन र दफा १० र २१ मा कट्टी गर्न नपाइने खर्चहरुका सम्बन्धमा उल्लेख गरेको पाईन्छ जसअन्तर्गत घरेलु वा

व्यक्तिगत प्रयोजनका खर्च, जरिवाना र शुल्क, छुट पाउने रकमहरु प्राप्त गर्न भएको खर्च,अन्तिम रुपमा कर कट्टी गरिएका रकमहरु प्राप्त गर्न गरिएका खर्चहरु, रु. पचास हजारभन्दा बढीको नगद भुक्तान, कुनै निकायबाट गरिएको मुनाफाको वितरण, कट्टी गर्न पाउने भनेको बाहेक मिनाहा नहुने भनी किटानी नगरे पनि अरु कुनै खर्च र पुँजीगत प्रकृतिको खर्च वा विदेशी आयकर रहेको देखिन्छ ।

२.६ व्यावसायिक आयमा छुट तथा सुविधाहरु

आयकर ऐन, २०५८ को दफा-११,१२ र ६४ मा व्यावसायिक आयमा छुट तथा सुविधाहरुका सम्बन्धमा कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाका रुपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा र भूमिसम्बन्धी ऐन, २०२१ को दफा-१२ को खण्ड घ) र (ङ) मा उल्लेख भएबमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको आयबाहेक अन्य कृषि आम्दानीमा कर लाग्दैन , सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडीबुटी खेती तथा प्रशोधन, तरकारीका बीउ-बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियती वन, एग्रोफरेस्ट्री आदि व्यावसायिक वनसम्बन्धी व्यवसायहरुजस्ता कृषि तथा वनजन्य उद्योगहरु, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषिसम्बन्धी बीउ-बिजन, पशु आहार दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्नेबाहेक) को कारोबार गर्ने सहकारीको आयमा कर लाग्दैन,त्यस्तै गरी समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्था वा संघको आय र संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्दैन । मानौं सगरमाथा सहकारी संस्थाले एकातिर डिपार्टमेन्ट स्टोर चलाएको छ भने अकार्तिर मौरीपालन, मत्स्यपालन, गोलभेडाबाट बन्ने जाम उद्योगमा पनि लगानी गरी बचत तथा ऋणसम्बन्धी कारोबार गर्दछ भने यस अवस्थामा उक्त सहकारी संस्थाले डिपार्टमेन्ट स्टोर तथा बचत तथा ऋणसम्बन्धी कारोबारको छुट्टाछुट्टै आयव्यय हिसाब निकाल्नुपर्दछ । किनभने डिपार्टमेन्ट स्टोरबाट प्राप्त आयमा कर लाग्दछ भने बचत तथा ऋणसम्बन्धी कारोबारको आयमा कर लाग्दैन,ग्रामीण समुदाय भन्नाले महानगरपालिका, उपमहानगरपालिका, तथा ती क्षेत्रसँग जोडिएका गाउँ विकास समिति र नगरपालिका बाहेकका क्षेत्रलाई जनाउँछ,त्यस्तै

स्वीकृत अवकाश कोषको आयमा कर नलाग्नेः कसैले कानुनको परिधिभित्र रही तोकिएका सर्तमा अवकाश कोष सञ्चालन गरेको छ र त्यस कोषमा प्राप्त भएको अवकाश योगदान लगानी गरी मुनाफा आर्जन गर्दछ भने त्यस्तो आय वा मुनाफामा आयकर नलाग्ने व्यवस्था गरेको पाईन्छ । बासिन्दा निकायले वितरण गरेको लाभांशमा कुनै कम्पनीको सेयरवालालाई वितरण गरेमा अन्तिम रुपमा कर कट्टीको विधिले कर लाग्छ, र अन्य निकायहरुले वितरण गरेमा कर लाग्दैन । त्यस्तै कुनै गैरबासिन्दा निकायले कुनै बासिन्दा हिताधिकारीलाई वितरण गरेको लाभांशलाई सो हिताधिकारीको आयको गणना गर्दा समावेश गरी कर लाग्दछ ।कुनै निकायको हिताधिकारीको हितबापत प्राप्त हुने सम्पत्ति र दायित्वबाट प्राप्त खुद लाभका आम्दानीहरुमा सो हितबापत कुनै निकायबाट गरिएको पुजीको फिर्ता रकमसमेत समावेश गर्नुपर्दछ तर निकायले वितरण गरेको लाभांश भने समावेश गर्नु नपर्ने व्यवश्था गरेको देखिन्छ ।

२.७ बैंकिङ व्यवसाय

आयकर ऐन, २०५८ को दफा ५९ मा बैंकिङ व्यवसाय सम्बन्धमा नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैंकिङ व्यवसाय गर्ने व्यक्तिले जोखिम बेहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको बढीमा ५ प्रतिशतसम्मको रकमलाई खर्चका रुपमा कट्टी गर्न पाउँछ तरबैंकिङ व्यवसाय नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही जोखिम बेहोर्ने कोष खडा गरेको हुनु पर्दछ,दोस्रोमा असुल हुन ऋणको अंशमध्येबाटै जोखिम बेहोर्ने कोषमा राखेको हुनु पर्दछ,तेस्रोमा यसरी कट्टी गरिने रकम असुल हुन बाँकी ऋणबाट खडा गरिएको कोषको पाँच प्रतिशतभन्दा बढी हुनु हुदैन तर कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखेको अवस्थामा,जोखिम बेहोर्ने कोषमा राखेको रकम पुँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिको अवस्थामा भने त्यस्तो रकम मिनाहा नहुने व्यवश्था छ ।

२.८ कर कट्टी र आय विवरण पेस गर्ने सम्बन्धमा व्यवश्था

आयकर ऐन, २०५८ को दफा-८७, ८८, ८९ स्रोतमा कर कट्टी सम्बन्धमा व्यवश्था गरेको र दफा ९६ र ९९ मा आय विवरण स्वयंकर निर्धारण गरी आय वर्ष समाप्त भएको तीन महिनाभित्र दाखिला गर्नुपर्ने आय विवरण पेस गर्दा प्रत्येक रोजगारी व्यवसाय वा लगानीबाट सो व्यक्तिको सो वर्षमा भएको निर्धारण योग्य आय र त्यस्तो आयको स्रोत,सो वर्षमा सो व्यक्तिको करयोग्य आय र सो

आयमा लाग्ने कर, गैरबासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापनले सो आय सो वर्षमा विदेश पठाएको आय र सो आयमा लाग्ने कर खुलाई विभागद्वारा तोकिएको ढाँचा र तरिकामा आय विवरण दाखिला गर्नुपर्ने र आय विवरणमा प्रत्येक रोजगारी, व्यवसाय वा लगानीबाट सो व्यक्तिको सो वर्षमा भएको निर्धारणयोग्य आय र त्यस्तो आयको स्रोत,उक्त वर्षमा सो व्यक्तिको करयोग्य आय र सो आयमा लाग्ने कर, गैरबासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापनले सो आय वर्षमा विदेश पठाएको आय र सो आयमा लाग्ने कर,कर मिलान गर्न पाउने गरी कुनै व्यक्तिले सो वर्षमा दाखिला गरेको कर कट्टी,किस्ताबन्दी वा निर्धारण गरिएको कुनै कर रकम,उक्त व्यक्तिले सो वर्षमा उल्लिखित करको रकमबाट दाखिला गरिसकेको कर घटाई हुन आउने दाखिला गर्न बाँकी करको रकम,विभागले तोकेको भए अन्य कुनै सूचना तथा जानकारीसमेत स्पष्ट देखिने गरी आय विवरणमा उल्लेख गर्नु पर्ने देखिन्छ । आय विवरणसाथ आय विवरण दाखिल गरेको वर्षमा प्राप्त गरेको भुक्तानीमा कर कट्टी भएको भए त्यस्तो अग्रिम कर कट्टी गरिएको प्रमाणपत्र,आय विवरण दाखिल गरेको वर्षको कर तिरेको भए सोको प्रमाण,आय सीमा रु. दुई लाख र कारोबार सीमा रु. बीस लाखभित्र (आय वर्ष) पर्ने गरी कुनै छनोट गरिएको भए सोको प्रमाण र विभागले तोकेको अन्य कुनै प्रमाण कागज, सूचना तथा जानकारी भए त्यस्तो जानकारी संलग्न हुनुपर्ने देखिन्छ । कुनै व्यक्तिले कुनै आय वर्षको आय विवरण ऐनले तोकेको म्याद अर्थात् आउँदो वर्षको आश्विन मसान्तभित्र वा म्याद थप भएकामा थपिएको म्यादभित्र दाखिला नगरेमा त्यस्तो व्यक्ति वा करदातालाई प्रत्येक महिना र महिनाको भागका लागि कुनै आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए त्यस्तो रकम नकटाई र कुनै रकम समावेश गर्नुपर्ने भए समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम वा एक सय रुपैयाँ प्रतिमहिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्ने,ऐनको म्यादभित्र आय विवरण नबुझाएमा आय अर्थात् कर लाग्ने आयमा वार्षिक ०.१ दरले हिसाब गर्दा आउने रकम वा वार्षिक रु. १२००। जुन बढी हुन्छ सो बराबरको रकम विलम्ब शुल्क लाग्ने । तर पूर्वअनुमानित विवरण बुझाउनेको हकमा भने एक सय रुपैयाँ प्रतिमहिनाका दरले शुल्क लाग्ने व्यवश्था दफा-४ र दफा-११७ मा व्यवश्था गरेको देखिन्छ । पहिलो कर किस्ता रकम बुझाउनुपर्ने मितिभित्र सो वर्षका लागि अनुमानित करको विवरण पेस गर्नुपर्ने जसमारोजगारी, व्यवसाय र लगानीको प्रत्येक स्रोतबाट सो

वर्षमा प्राप्त गर्न सक्ने निर्धारणयोग्य आय तथा आयको स्रोत,सो वर्षमा प्राप्त हुन सक्ने करयोग्य आय र औषधि उपचार खर्चबापत कर मिलानको रकम नघटाई हिसाब गर्दा हुन आउने वा दाखिला गर्नुपर्ने कर रकम,गैरबासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनको सम्बन्धमा त्यस्तो विदेशी संस्थापनले सो वर्षमा विदेश पठाएको आय रकम र त्यस्तो आयमा गणना गर्दा दाखिला गर्नुपर्ने कर रकम समावेश गर्नुपर्ने,कुनै व्यक्तिले कुनै आय वर्षको आय विवरण ऐनले तोकेको म्यादभित्र दाखिला नगरेमा प्रतिविवरण रु. २०००।- का दरले शुल्क लाग्ने व्यवश्था दफा-९५ र दफा-११७ मा गरेको देखिन्छ ।

२.९ कर लेखांकन र कर दाखिला गर्ने समय

आयकर ऐन, २०५८ को दफा २२ र २४ मा प्राकृतिक व्यक्तिले रोजगारी तथा लगानीबाट प्राप्त गरेको आय कर प्रयोजनका लागि नगद आधारमा लेखांकन गर्नु पर्ने,कम्पनीले आफ्नो व्यवसाय तथा लगानीबाट प्राप्त आयको लेखांकन एक्रुएल आधारमा गर्नुपर्ने, कुनै निकायले आफ्नो आम्दानी तथा खर्चलाई स्पष्ट रूपमा देखाउनका लागि लेखांकन गर्ने तरिकामा परिवर्तन गर्न करदाताले लिखित निवेदन दिएमा विभागले लेखांकन गर्ने तरिकामा परिवर्तन गर्न स्वीकृति दिन सक्ने तर बैंकिङ व्यवसायका सम्बन्धमा भने नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङसम्बन्धी प्रचलित कानुनका अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्ने व्यवस्था र आयकर नियमावलीको नियम ८(२) बमोजिम कुनै लेखामानको व्यवस्था नभएको अवस्थामा कुनै अन्तर्राष्ट्रिय सिद्धान्त वा प्रचलनका आधारमा विभागले तोकेको लेखामानअनुसार गर्नुपर्ने देखिन्छ । दाखिला गर्नुपर्ने मिति दाखिला गर्नुपर्ने रकम पुस महिनाको अन्त्यसम्म अनुमानित करको ४० प्रतिशत रकममध्ये तिर्न बाकी कर रकम,चैत महिनाको अन्त्यसम्म अनुमानित करको ७० प्रतिशत रकममध्ये तिर्न बाकी कर रकम,आषाढ महिनाको अन्त्यसम्म अनुमानित करको १०० प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम किस्ता बन्दीका आधारमा गरीने व्यवश्था रहेको देखिन्छ । आवश्यक कागजात नराखेमा, कुनै वर्षको आय विवरण पेस नगरेमा,कुनै वर्षको अनुमानित आय विवरण पेस नगरेमा, कट्टी गरिएको करको विवरण दाखिला वा पेस नगरेमा शुल्क लाग्ने, झुट्टा वा भ्रमपूर्ण विवरण दाखिल गरेमा,मतियारलाई शुल्क लाग्ने व्यवश्था समेत गरेको देखिन्छ भने किस्ताबन्दी करदाखिला नगरेमा वा कम दाखिल गरेमा,समयमा कर नबुझाएमा सामान्य दरमा ब्याज लाग्ने

देखिन्छ,कागजात नराखेमा दफा-११७ मा निर्धारणयोग्य आयको रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम वा एक हजार रुपैया प्रतिवर्षका दरले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्ने देखिन्छ,कुनै वर्षको आय विवरण पेस नगरेमा दफा-११७ बमोजीम प्रत्येक महिना र महिनाको भागका लागि कुनै आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए सो नकटाई र कुनै रकम समावेश गर्नुपर्ने भए सो समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम वा एक सय रुपैया प्रतिमहिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्ने देखिन्छ कट्टी गरिएको करको विवरण दाखिला नगरेमाशुल्कः अग्रिम कर कट्टी गर्ने कुनै एजेन्ट वा व्यक्तिले माथि भनिएझैं कट्टी गरिएको करको विवरण दाखिला नगरेमा वा पेस नगरेमा त्यस्तो एजेन्टलाई विवरण पेस गर्नुपर्ने मितिबाट यस्तो विवरण दाखिला नभएको मितिसम्मको प्रत्येक महिना र महिनाको भागका लागि अग्रिम कर कट्टी गर्नुपर्ने कर रकमको वार्षिक डेढ प्रतिशतका दरले हुने रकम शुल्क लाग्ने देखिन्छ,किस्ताबन्दीमा अनुमानित कर कम बुझाएमा दफा ११८ बमोजीम कम भएको रकममा सामान्य दरमा ब्याज लाग्ने र कर रकम निर्धारण भई कर बुझाउनुपर्ने मितिसम्म पनि दाखिला नगरेमा किस्ता बुझाउनुपर्ने मितिदेखि कर बुझाउनुपर्ने मितिसम्मको प्रत्येक महिना र महिनाको भागको सामान्य १० प्रतिशतले ब्याज लाग्ने देखिन्छ त्यसैगरी जरिवाना बमोजिम शुल्क लाग्ने दफा-११९ बमोजीम आयकर ऐन तथा आयकर नियमावलीको व्यवस्थाको पालना नगर्ने कर अधिकृतले दफा १२८ ले तोकेको जरिवाना सरह शुल्क लगाउन सक्ने शुल्क रु.५ हजारदेखि ३० हजार सम्म लाउन सक्ने देखिन्छ ।

२.१० प्राकृतिक व्यक्ति

आयकर ऐन, २०५८ ले प्राकृतिक व्यक्तिमा एकल व्यक्ति, दम्पति(आश्रितलाई भरण पोषण गर्नु पर्ने विधवा वा विदुर), एकलौटी फर्म,बासिन्दा प्राकृतिक व्यक्ति गरी बर्गीकरण गरेको पाईन्छ जसमा सामान्य बसोबासको स्थान नेपाल भएको, अविछिन्न ३६५ दिनमा १८३ दिन भन्दा बढी नेपालमा बसोवास गरेको,आय वर्षको कुनै समयमा नेपाल सरकारले विदेश खटाएको व्यक्तिलाई लिने गरेको देखिन्छ । गैर बासिन्दा प्राकृतिक व्यक्तिमा अविछिन्न ३६५ दिनमा १८३ दिन र सो भन्दा घटी नेपालमा बसोवास गरेको व्यक्तिको व्यवश्था गरेको र बासिन्दा प्राकृतिक व्यक्तिको कर गणनाएकल व्यक्तिको हकमा ३.५ लाख सम्म १ प्रतिशत,

३.५ देखि ४.५ लाख सम्म १० प्रतिशत,४.५ देखि ६.५ लाख सम्म २० प्रतिशत,६.५ देखि २० लाख सम्म ३० प्रतिशत र २० लाख भन्दा बढी आयको लागि ३६ प्रतिशत,एकलौटी फर्म भएका करदाता र निवृत्तिभरण आय भएका करदातालाई १ प्रतिशत नलाग्ने व्यवश्था,बासिन्दा प्राकृतिक व्यक्तिको कर गणना गर्दा दम्पत्ति रआश्रितलाई भरण पोषण गर्नु पर्ने विदुर वा विधवाको लागि ४ लाख सम्म १ प्रतिशत,४ लाख देखि ५ लाख सम्म १० प्रतिशत,५लाख देखि ७ लाख सम्म २० प्रतिशत,७ लाख देखि २० लाख सम्म ३० प्रतिशत,२० लाख भन्दा बढी आयको लागि ३६ प्रतिशत,गैर वासिन्दा प्राकृतिक व्यक्तिको करयोग्य आयमा २५ प्रतिशतका दरले कर लाग्ने व्यवश्था र निकायमा करको दर २५ प्रतिशत रहेको छ । पेट्रोलियम पदार्थ मदिरा तथा सूर्ती जन्य पदार्थ,बैक तथा वित्तिय संस्थाको आयमा ३० प्रतिशत लाग्दछ,उद्दयोगको आयमा २० प्रतिशत तथा निकासी गरेर प्राप्त आयमा थप छुट हुने व्यवस्था रहेको छ । बासिन्दा प्राकृतिक व्यक्तिको आय तथा कर गणना गर्दा पाउने छुट सुविधाहरुमा स्विकृत अवकाश कोषमा जम्मा गरेको ३ लाख वा निर्धारण योग्य आयको एक तिहाइमा जुन कम हुन्छ सो रकम,स्वास्थ्य वीमा गरेकोमा प्रिमियमको २० हजार सम्म वा उपचार खर्चको १५ प्रतिशत रु ७५० मा नवढने गरी,लगानी वीमा गरेकोमा प्रिमियमको २५ हजार सम्म,दुर्गम क्षेत्र भत्ताको १०देखी ५० हजार सम्म,निवृत्तिभरण आय भएकोमा छुट सीमाको २५ प्रतिशत वा निवृतिभरण आय जुन कम हुन्छ सो,वैदेशिक भत्ताको ७५ प्रतिशत छुट,अपाङ्गले छुट सिमाको ५० प्रतिशतले रकम (३.५र४ लाखको ५० प्रतिशत),पारिश्रमिक आयमात्र हुने महिलाको लागि करदायित्वमा १० प्रतिशत छुट रहेको देखिन्छ । स्विकृत अवकाश कोषमा जम्मा गरेको ३ लाख वा निर्धारण योग्य आयको एक तिहाइमा जुन घटी हुन्छ सो रकम आयवाट घटाउन पाईने,स्विकृत नभएको अवकाशकोषमा जम्मा गरेको रकम आयकर प्रयोजनको लागि घटाउन नपाईने व्यवश्था, स्विकृत नभएको अवकाशकोषवाट अवकाश भुक्तानी गर्दा योगदान भन्दा बढी पाएको रकममा मात्र ५ प्रतिशत कर लाग्ने,अवकाश भुक्तानीमा सामान्यतय १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने,योगदानमा आधारित क.सं. कोष र नेपाल सरकारले अवकाश भुक्तानी गर्दा भुक्तानी रकमको ५० प्रतिशत वा ५ लाख मध्ये जुन बढी हुन्छ सो घटाइ वाँकी हुन आउने रकममा ५ प्रतिशत कर लाग्ने, आयकर ऐन २०५८ प्रारम्भ हुँदाका वखत सेवामा रहेका कर्मचारीहरुको हकमा सो अघि संचय कोष वा नागरिक लगानी कोषमा जम्मा भएको साँवा व्याज लगायतका रकममा र सो अघि पाकेको संचित विदा

वापतको रकममा कर छुट हुने तथा १ लाख ८० हजार सम्मको औषधि उपचार रकम कर्मचारीको आयमा समावेश नगरिने वयवस्था,नेपाल राष्ट्र बैकले तोकेको मापदण्डको अधिनमा रही बैंकिङ्ग व्यवसाय गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असूल हुन वाँकी ऋण रकम तथा गैर बैंकिङ्ग सम्पत्ति वापत व्यवस्था गरिएको रकम समेतको बढिमा ५५ रकम आयकर प्रयोजनको लागि खर्च कट्टी गरिने, पछि मुनाफा वाँड फाँड गरियो वा पूँजीकृत गरेमा भने आयमा समावेश गर्नु पर्ने,यस अवस्थामा नउठने आसामी भनी खर्च लेख्न नपाईने,सामान्य बीमा व्यवसायमा (अग्नी, चोरी, दुर्घटना, प्राकृतिक प्रकोप आदीबाट हुने क्षतिको बीमा)खुद बीमा प्रिमीयमको ५०५ रकम जगेडा कोषमा राखेर खर्च दावी गर्न पाईने,अर्को वर्ष खर्च नभएको रकम भने आयमा समावेश गर्नु पर्ने,बीमा दावी परेको तर निर्क्यौल नभै सकेको अवस्थामा दावी रकमको ११५ प्रतिशत समेत खर्च लेख्न सकिने,सामान्यत ५ वर्ष वा सो भन्दा बढी अवधिको लागि वीमित व्यक्तिको मृत्यु वा चोटपटक संग सम्बन्धित बीमा रहेको,बीमकले ५ वर्ष अगाडि करार समाप्त गर्न नसक्ने किसिमको हुनु पर्ने,यसमा प्राप्त प्रिमियम आयकर प्रयोजनको लागि आम्दानी नमानिने दावि भुक्तानी खर्च दावी गर्न नमिल्ने,बीमितले जम्मा गरेको रकम भन्दा बढी निजलाई भुक्तानी दिएको हदसम्म अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने व्यवश्था रहेको देखिन्छ ।

३.आयकर सम्बन्धमा सर्बोच्च अदालतबाट भएका फैसलाहरु

३.१ आय गणना

३.१.१ बिबादीत बिषय

(क) रीतपूर्वकको विजक वेगर खर्च भएको भनी दावी गरेको रकमलाई आयबाट घटाउन मिल्ने नमिल्ने ।

(ख) कर्मचारीलाई खाजा खर्च भनी पेरोल भन्दा बाहिर राखी खर्च दावी गरेको रकमसमेत आयबाट घटाउन नपाउने भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना भएपछि भुक्तानी प्राप्त नभएतापनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गर्नु पर्ने नपर्ने ।

३.१.२ अदालतको ठहर

ठुला करदाता कार्यालय बिरुद्ध प्राईम इन्टरनेशनल प्रा.ली.का संचालक मदनकृष्ण श्रेष्ठ भएको आयकर मुद्दा (नि.नं.८९१४,ने.का.प.२०६९,अंक ११) मा प्राईम

इन्टरनेशनल प्रा.लि.ले आर्थिक वर्ष २०५७ । ५८ मा गरेको व्यापारिक कारोवारबाट प्राप्त आयमा आयकर ऐन, २०३१ बमोजिम तिर्नु बुझाउनु पर्ने आयकर सम्बन्धमा आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालय काठमाडौंका प्रमुख कर प्रशासकबाट भएको मिति २०६२।३।१२ को निर्णय अनुरूप सोही कार्यालयका कर अधिकृतबाट मिति २०६२।३।३१ मा उक्त प्रा.लि. को आ.व. २०५७र०५८ को खुद आय रु.१४,९२, १२६।२३ कायम गरी जरीवाना समेत रु.५,५९,५४८।- तिर्नु बुझाउनु पर्ने गरी कर निर्धारण भएको देखिन्छ । ठूलाकरदाता कार्यालयले उक्त कर निर्धारणसम्बन्धी निर्णय गर्दा प्रत्यर्थी कम्पनीको आय आर्जनसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्च स्वयंकर निर्धारण विवरण फराममा देखाए अनुरूप आयबाट घटाई खुद आय कायम गर्नुपर्नेमा फाराममा देखाएको त्यस्तो खर्च र नोक्सानीलाई मान्यता नदिई करको दायित्व बढाउने गरेको भनी प्रत्यर्थी प्रा.लि. तर्फबाट पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरण काठमाडौंबाट उधारो विक्रीमा भुक्तानी समयमा नभएको कारण सोबापत असूल गर्नुपर्ने व्याज रकम, विल विजक समर्थित खर्च रकम र कर्मचारीहरूलाई दिएको खाजाबापतको रकम खुद आयमा समावेश गर्ने गरेको हदसम्म शुरु ठूला करदाता कार्यालय काठमाडौंको मिति २०६२।३।१२ को निर्णय र मिति २०६२।३।३१ को कर निर्धारण आदेश केही उल्टी हुने गरी फैसला भएको पाइयो ।

राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको उक्त फैसलाउपर चित्त नबुझाई प्रत्यर्थी कम्पनीले व्यापारिक पार्टीहरूसँग गरेको सम्झौताअनुसार उधारो विक्रीमा १ महिनाभित्र भुक्तानी नभएको रकमको १३५ ले हुने व्याज रकम आयमा समावेश गर्नुपर्ने विजक विनाका खर्च र खाजा खर्चबापतको रकम समेत आयमा समावेश हुनुपर्ने भन्नेसमेत जिकीर लिई ठूलाकरदाता कार्यालय काठमाडौंको तर्फबाट पुनरावेदन परेको देखिन्छ ।

प्रस्तुत विवाद आ.व. २०५७।५८ को व्यापारिक कारोवारसँग सम्बन्धित आयकरसम्बन्धी देखिएकोले सो समयमा प्रचलनमा रहेको आयकर ऐन, २०३१ प्रस्तुत मुद्दामा आकर्षित हुने,उक्त ऐनको दफा ६ मा कुनै व्यक्तिले आफ्नो आय वर्षमा उक्त ऐनको दफा ५ मा तोकिएको कुनै वा सबै स्रोतहरूबाट नेपाल भित्र वा नेपालबाट कारोवार गर्दा विदेशमा आर्जन वा प्राप्त गरेको आयमा उक्त ऐन बमोजिम पाउने खर्चहरू कट्टा गरी खुद आयकर लाग्ने व्यवस्था गरेको देखिन्छ ।

यसरी प्रत्यर्थीको आ.व. २०५७।५८ को आयबाट के कस्ता खर्चहरू कटाउन पाईने हो भन्ने सम्बन्धमा हेर्दा प्रत्यर्थी कम्पनी व्यापारिक कारोवार गर्ने प्राईवेट लिमिटेड कम्पनीको रूपमा दर्ता भएको भन्ने मिसिलबाट देखिँदा प्रत्यर्थी कम्पनीले उक्त आयकर ऐन, २०३१ को दफा १२ मा उल्लेख भएबमोजिमका विभिन्न शीर्षकमा भएका खर्चहरू कट्टा गरी कम्पनीको खुद आय निर्धारण गर्नुपर्ने देखियो । उक्त ऐनको दफा १२(ङ) बमोजिम प्रत्यर्थी जस्ता व्यापारिक कम्पनीले काममा लगाएका कामदार कर्मचारीहरूलाई दिएको पारिश्रमिक रकम सो आ.व. को कम्पनीको कुल आयबाट कट्टा गर्न पाउने देखिन्छ । यसरी दिइने पारिश्रमिक रकम भित्र के कस्तो खर्च रकम समावेश हुन्छ भन्ने सम्बन्धमा उक्त दफामा स्पष्ट उल्लेख भएको नदेखिएपनि कर्मचारीहरूको तलवी भरपाई (Pay Roll) मा उल्लेख भई मासिक रूपमा भुक्तानी पाउने तलव, भत्ता, परिवहन खर्च एवं खाजा खर्च जस्ता रकमहरू पारिश्रमिक रकमभित्रै पर्ने सामान्य प्रचलन रही आएको छ । यसरी कर्मचारीहरूले मासिक रूपमा भुक्तानी पाउने पारिश्रमिक रकम आयकर ऐनबमोजिम छूट पाउने सीमा (Ceiling) भन्दा बढी हुन गएमा स्वतः त्यस्तो पारिश्रमिकमा पनि कर लाग्ने अवस्था हुने भएकोले कम्पनीले आवश्यकताअनुसार आफ्ना कर्मचारीहरूलाई तलवी भरपाईमा लेखी पारिश्रमिकको रूपमा विभिन्न किसिमका सुविधा दिन सक्ने नै हुन्छ । यस्तो अवस्थामा प्रत्यर्थी कम्पनीले आफ्ना कर्मचारीहरूलाई खाजा खर्चबापत भनी तलवी भरपाईमा उल्लेख गरी दिएको रकम उक्त आयकर ऐन, २०३१ को दफा १२(ङ) बमोजिम आयबाट कट्टा हुनुपर्ने देखिएकोले त्यस्तो खाजा खर्चबापत कर्मचारीहरूलाई भुक्तानी दिएको रकम पनि आयमा समावेश हुनुपर्ने देखिन आउँदैन ।

त्यस्तै उल्लिखित आयकर ऐन, २०३१ को दफा १२(ट) बमोजिम प्रत्यर्थी जस्ता व्यापारिक कम्पनीले आय आर्जन प्राप्त गर्नको लागि गरेका अन्य वास्तविक खर्चहरू समेत आयमा कट्टा गरी खुद आय निर्धारण गर्नुपर्ने देखिन्छ । प्रत्यर्थी कम्पनीले डटपेन, ट्युवलाईट, कागज खरीद जस्ता विषयमा भएका खर्चहरूको विल भरपाई संलग्न राखी त्यस्तो खर्चहरू आयबाट कट्टा हुनुपर्ने भनी दावी गरेकोमा त्यस्तो खर्चलाई वास्तविक खर्चमा समावेश गर्नुपर्ने देखिँदा त्यस्तो खर्चलाई पनि खुद आयमा समावेश गर्नुपर्ने नदेखिएकोले त्यस्तो विलबमोजिमको खर्च कट्टा हुनुपर्ने गरी भएको राजस्व न्यायाधिकरणको फैसला अन्यथा देखिएन ।

जहाँसम्म प्रत्यर्थी कम्पनीले गरेको उधारो विक्रीमा ३० दिनभित्र भुक्तानी नभएमा त्यस्तो उधारो व्यापारिक खरीद कारोवार गर्ने पक्षबाट सो समय पछि भुक्तानी हुन बाँकी रकमको १३ प्रतिशत व्याज सहित बैंङ्क ग्यारेन्टी रकमबाट असूलउपर गरिलिन सक्ने सम्झौता भएकोले त्यस्ता सम्झौताबमोजिम भुक्तानी हुन बाँकी रकमको व्याज समेतलाई प्रत्यर्थी कम्पनीको आयको रूपमा गणना गरी आयकर निर्धारण हुनुपर्नेमा त्यस्तो व्याजलाई आय गणना नगर्ने गरी भएको राजस्व न्यायाधिकरणको फैसला नमिलेको भन्ने पुनरावेदन जिकीर छ, सो सम्बन्धमा विचार गर्दा प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७र५८ को विभिन्न मितिमा अन्य व्यापारिक पक्षसँग व्यापारिक सम्झौता गरेको मिसिलबाट देखिन्छ । सम्झौतापत्रमा प्रत्यर्थी कम्पनीबाट उधारो कारोवार गर्ने व्यापारिक पक्षले त्यसरी उधारो कारोवारबाट भुक्तानी दिन बाँकी रहेको रकम ३० दिनभित्र भुक्तानी नगरेमा सो समयपछि बाँकी रकमको १३ प्रतिशत व्याज समेत थप गरी त्यस्ता व्यापारिक पार्टीले राखेको बैंङ्क ग्यारेन्टी रकमबाट प्रत्यर्थी कम्पनीले असूलउपर गरी लिन सक्ने भन्ने शर्त उल्लेख भएको देखिन्छ ।

व्यापारिक पक्षहरू बीच हुने सम्झौतामा व्याजसमेत थपी लिन पाउने शर्तहरू राख्नुको कारण उधारो दिने पक्षले वित्तीय संस्थाहरूबाट आफ्नो कारोवारको सिलसिलामा नपुग हुने रकम ऋणको रूपमा लिने र चुक्ता गर्न बाँकी त्यस्तो ऋणको व्याज आफूले बुझाउनु पर्ने भएकोले हो । वित्तीय संस्थाबाट लिएको चुक्ता गर्न बाँकी ऋणमा तिरेको व्याज रकम त्यस्तो उधारो बिक्री गर्ने व्यापारिक कम्पनीले आयकर ऐन, २०३१ को दफा १२(ग) बमोजिम सम्बन्धित आयवर्षको आयमा कटाई खुद आय कायम गर्न दावी गर्न सक्ने भएकोले त्यसरी आफूले तिर्ने व्याज आयबाट कट्टा गर्न दावी गर्ने पक्षले आफूले उठाउनु पर्ने उधारो कारोवारमा पनि बाँकी रहेको रकमको त्यही अनुपातमा व्याज असूलउपर गरी आयमा देखाउनु वाञ्छनिय हुन्छ । तिर्नुपर्ने रकमको ब्याज तिरेको भनी आयबाट कट्टा गर्ने तर लिनुपर्ने रकम लामो समयसम्म असूल नगरी प्रतिफल प्राप्त नगर्ने कार्यबाट उक्त ऐनको दफा १२(ग) को कानूनी व्यवस्थाको दुरूपयोग गरेको भन्ने देखिनुका साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रूपमा उक्त दफा १२(ग) को व्यवस्था प्रयोग गरेको भन्ने देखिन जान्छ । लेखाको सामान्य सिद्धान्तअनुसार कुनै आय वर्षमा प्राप्त हुनुपर्ने रकम प्राप्त भई नसकेको भएपनि त्यसै बर्षको आयमा समावेश गरिने भएकोले भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना भएपछि भुक्तानी प्राप्त नभएता पनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा

समावेश गर्नुपर्ने हुन्छ । यसप्रकार प्रत्यर्थी कम्पनीले आ.व. २०५७।०५८ मा भएका सम्झौताअनुरूप उधारो कारोवारमा अन्य पक्षबाट भुक्तानी लिन बाँकी रकमको व्याज सम्झौतामा उल्लिखित म्यादपछि स्वतः प्राप्त गरेको मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा प्रत्यर्थी कम्पनीले सम्झौतामा उल्लिखित म्याद पछि भुक्तानी पाउन बाँकी रकमको व्याज स्वतः प्राप्त गरेको मान्नुपर्ने भएकोले त्यस्तो व्याज रकम स्वतः प्रत्यर्थीको आ.व. २०५७।०५८ को आयमा समावेश गर्नुपर्ने हुन्छ । साथै आयकर ऐन, २०३१ को दफा ७ ले कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा व्यवसायबाट भएको आय निर्धारण गर्दा सो व्यक्तिको आयवर्ष भित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त गरेको सबै किसिमको मुनाफा वा लाभ समावेश गरी आय निर्धारण गर्नुपर्ने भन्ने कानूनी व्यवस्था गरेको देखिएबाट प्रत्यर्थी कम्पनीले उधारो कारोवारमा भुक्तानी लिन बाँकी रकमको सम्झौताबमोजिम प्राप्त हुने व्याज पनि कम्पनीको आयभित्रै पर्ने देखियो । त्यस्तै वित्तीय संस्थाबाट ऋण लिई तिर्नुपर्ने व्याज सम्बन्धित आर्थिक वर्षको आयबाट कटाई आयकर निर्धारण गर्न चाहने करदाताले अन्य कुनै व्यक्ति वा फर्मलाई दिएको सापटी, अधिक वर्ष सुविधा वा उधारोमा सामान विक्री गरेको वा उधारो विक्री (Credit Limit) दिएको अवस्थामा त्यसरी दिएको सापटी वा उधारो रकम बराबरको हुने व्याज रकमलाई त्यस्तो करदाताको आय मान्नुपर्ने अथवा त्यस्तो करदाताले आयबाट छूट पाउने रकममा त्यस्तो सापटी वा उधारो दिएको रकमको व्याज बराबरको रकम समावेश गर्न नमिल्ने भनी यस अदालतबाट २०६४-CR–०५२९ को ठूला करदाता कार्यालय ललितपुर विरुद्ध मल्टी फाईवर्स लि. भएको मुद्दामा सिद्धान्त कायम भैसकेको देखिँदा यी प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७।०५८ मा अन्य विभिन्न व्यापारिक फर्मलाई विक्री गरेको उधारो कारोवारबाट प्राप्त हुनुपर्ने व्याजसमेत कम्पनीको सो आ.व. को करयोग्य आयमा समावेश गर्नुपर्ने देखियो । तसर्थ प्रत्यर्थी कम्पनीले अन्य फर्मसँग भएको सम्झौताबमोजिम उधारो कारोवारमा ३० दिन नाघेपछि भुक्तानी पाउन बाँकी रकमको १३ प्रतिशतका दरले व्याज समेत थपी लिन पाउने गरी उल्लेख भएको शर्तबमोजिम प्राप्त हुने व्याज रकम रु.२५,१७,३३१।७९ प्रत्यर्थी कम्पनीको आ.व. २०५७।०५८ को आयमा समावेश गर्ने गरेको पुनरावेदक ठूला करदाता कार्यालय काठमाडौंको निर्णय आयकर ऐन, २०३१ को कानूनी व्यवस्थाअनुरूप नै भए गरेको देखिएकोमा त्यस्तो उधारो बाँकीबाट प्राप्त हुने व्याजलाई प्रत्यर्थीको आ.व.

२०५७ ।०५८ को आयमा समावेश नगर्ने गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेको देखिन आएन ।

अतः माथि विवेचना गरिएबमोजिम प्रत्यर्थी प्राईम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७।०५८ मा अन्य व्यापारिक फर्मलाई उधारोमा सामान विक्री गरेकोमा भुक्तानी पाउन बाँकी रकममा ३० दिन नाघेपछि १३ प्रतिशत व्याजसमेत थप गरी लिन पाउने शर्त उल्लेख भई भएको सम्झौता अनुरूप लिनुपर्ने व्याज रकम रु.२५,१७,३३१।७९ लाई उल्लिखित आ.व. २०५७।०५८ को करयोग्य आयमा समावेश गर्ने गरी भएको ठूला करदाता कार्यालय काठमाडौंको मिति २०६२।३।१२ को निर्णय र सो अनुरूप कर निर्धारण गर्ने गरी भएको २०६२।३।३१ को आदेश सदर गर्नुपर्नेमा केही उल्टी गर्ने गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ उल्लेख भएको देखिएको ।

३.१.३ प्रतिपादित सिद्धान्त

- कर्मचारीहरूले मासिक रूपमा भुक्तानी पाउने पारिश्रमिक रकम आयकर ऐनबमोजिम छूट पाउने सीमा (Ceiling) भन्दा बढी हुन गएमा स्वतः त्यस्तो पारिश्रमिकमा पनि कर लाग्ने भएकोले कम्पनीले आवश्यकताअनुसार आफ्ना कर्मचारीहरूलाई तलवी भरपाईमा लेखी पारिश्रमिकको रूपमा विभिन्न किसिमका सुविधा दिनसक्ने ।
- आफूले तिर्ने व्याज आयबाट कट्टा गर्न दावी गर्ने पक्षले आफूले उठाउनु पर्ने उधारो कारोवारमा पनि बाँकी रहेको रकमको त्यही अनुपातमा व्याज असूलउपर गरी आयमा देखाउनु वाञ्छनिय हुने ।
- तिर्नुपर्ने रकमको ब्याज तिरेको भनी आयबाट कट्टा गर्ने तर लिनुपर्ने रकम लामो समयसम्म असूल नगरी प्रतिफल प्राप्त नगर्ने कार्यबाट आयकर ऐन, २०३१ को दफा १२(ग) को कानूनी व्यवस्थाको दुरूपयोग गरेको देखिनुका साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रूपमा सो दफाको व्यवस्था प्रयोग गरेको देखिने ।
- कुनै आय वर्षमा प्राप्त हुनुपर्ने रकम प्राप्त भई नसकेको भएपनि त्यसै बर्षको आयमा समावेश गरिने भएकोले भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना भएपछि भुक्तानी प्राप्त नभएतापनि भुक्तानी प्राप्त गरेको मानी आय गणनामा समावेश गर्नुपर्ने ।

३.१.४ बिश्लेषण

प्राईम इन्टरनेशनल प्रा.ली.ले आवश्यकताअनुसार आफ्ना कर्मचारीहरूलाई तलवी भरपाईमा लेखी पारिश्रमिकको रूपमा विभिन्न किसिमका सुविधा दिनसक्ने,प्राईम इन्टरनेशनल प्रा.ली.का संचालक मदनकृष्ण श्रेष्ठलेउधारो खरीद गरी लैजाने अन्य व्यापारिक पार्टीसँग लगेको वस्तुको रकम एक महिनाभित्र भुक्तानी नगरे त्यस्तो पक्षले राखेको बैंक ग्यारेन्टीबाट व्याज समेत असूल गरी लिन पाउने गरी सम्झौता गरेका देखिन्छ,आयकर ऐन, २०३१ को दफा १२(ट) बमोजिम व्यापारिक कम्पनीले आय आर्जन प्राप्त गर्नको लागि गरेका अन्य वास्तविक खर्चहरू समेत आयमा कट्टा गरी खुद आय निर्धारण गर्नुपर्ने रहेकोमा सम्झौताअनुरूप व्याज असूल गर्ने दायित्व भएका प्राईम इन्टरनेशनल प्रा.लीले व्याज उठाउन नसक्ने अवस्था भए कारणसहित घाटा (Loss) मा देखाउनु पर्नेमा आयकर ऐन, २०३१ को दफा १२(ग) को कानूनी व्यवस्था बिपरित व्याज उठाउन नसकेको भनी आयमा घटाउन मिल्ने देखिदैन ।

३.२.खुद आय

३.२.१ बिबादीत बिषय

(क) मूल्य भन्दा घटाएर बिक्री गरेको अवस्थामा त्यस्तो रकम खुद आयतर्फ समावेश गर्न मिले, नमिल्ने ।

३.२.२ अदालतको ठहर

आन्तरीक राजस्व कार्यालय बिराटनगर बिरुद्ध शाह उद्दोग प्रा.ली.बिराटनगर भएको आयकर मुद्दा(नि.नं.८२६५,ने.का.प.२०६६,अंक ११) मा प्रत्यर्थी उद्योगले लागत मूल्यभन्दा घटी मूल्यमा बिक्री गरेको रकम रु.२५,६५,२८५।८२ र सापटी लिएको धागोमा बैंक ब्याज बापतको रु.३,०९,९५८।२५ खुद आयमा समावेश गरेको शुरु कर कार्यालयको निर्णय केही उल्टी गरी उक्त रकमहरू मिन्हा हुने ठर्हयाएको हदसम्म राजश्व न्यायाधिकरण विराटनगरको फैसलाउपर प्रस्तुत पुनरावेदन परेको देखियो । प्रत्यर्थीले मिति २०६३।७।३० गतेदेखिको तारेख गुजारी बसेको देखिन्छ । अब, सर्वप्रथम लागतभन्दा घटी मूल्यमा बिक्री गरेको देखाइएको न्यून बिक्री रकमलाई खुद आयमा समावेश गरेको शुरु निर्णय उल्टी गरी सो रकम मिन्हा हुने ठर्हयाएको राजश्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकीरतर्फ हेर्दा, कर कार्यालय विराटनगरका प्रमुख कर अधिकृतबाट

मिति २०५५।३।१५ मा भएको निर्णय पर्चाको प्रकरण ८ मा प्रत्यक्ष उत्पादन खर्च र अप्रत्यक्ष खर्चहरूमध्येको सम्बन्धित केही खर्चसमेत समावेश गरी कायम हुने कारखानाको प्रति इकाइ लागत मूल्य रु.५९।३७ देखिएको तर प्रा.लि. ले कायम गरेको सरदर बिक्री मूल्य प्रति इकाई रु.५३।८९ देखिएकोले यसरी न्यून फरक दरले हुन आउने रकम रु.२५,६५,२८५।८२ लाई खुद आयमा समावेश गरेको देखिन्छ । राजश्व न्यायाधिकरण विराटनगरबाट फैसला हुँदा त्यस्तो न्यून दरमा बिक्री भएको कुरा स्वीकार गरी त्यस्तो लागत मूल्यभन्दा घटाएर बिक्री गरेको अवस्थालाई करदाताको अहितमा उपयोग गरिनु न्यायपूर्ण हुँदैन भन्ने आधार लिई त्यस्तो रकम खुद आयतर्फ समावेश गर्न मिलेन भनी सो रकम मिन्हा गर्ने गरेको पाइयो ।

प्रत्यर्थी उद्योग नाफामूलक व्यावसायिक कम्पनी भएको कुरामा विवाद छैन । मुनाफाको व्यवसायिक उद्देश्य राखी स्थापना भएको उद्योगले उत्पादित वस्तुको मूल्य निर्धारण गर्दा उत्पादन लागतसमेतलाई विचार गरी अधिकतम मुनाफा हासिल हुने गरी मूल्य निर्धारण गर्ने गर्दछन् । यो व्यावसायिकताको सिद्धान्त नै हो । यसको विपरीत लागतभन्दा कम मूल्यमा वस्तु बिक्री गर्नुपर्ने अवस्थालाई सामान्य रुपमा लिन सकिँदैन । काबूभन्दा बाहिरको परिस्थितिका कारण अपवादको रुपमा कहिलेकाहिँ यसरी लागतभन्दा कम मूल्यमा सामान बिक्री गर्नु परी उद्योग घाटामा जानसक्ने अवस्था पर्नसक्छ तर त्यस्तो अवस्थामा उद्योगले सोको भरपर्दो आधार प्रमाण सम्बन्धित कर कार्यालयमा पेश गरी आफ्नो दावी प्रमाणित गराउन सक्नुपर्दछ । प्रस्तुत विवादमा प्रत्यर्थी उद्योगले लागतभन्दा कम बिक्री मूल्य कायम गर्नुपरेको सम्बन्धमा तथ्ययुक्त आधार प्रमाण पेश गरी आफ्नो दावी प्रमाणित गर्नसकेको पाइँदैन । प्रत्यर्थी उद्योगले पेश गरेको नाफा नोक्सान हिसाबमा प्रस्तुत आ.व.को मात्र कूल नोक्सानी रु.४८,७९,७४१।६३ रहेको देखाइएको छ । त्यस्तै वासलातबाट प्रस्तुत आ.व.सम्मको सञ्चित नोक्सानी २ करोड १२ लाख पुगेको देखिन्छ । यसरी व्यवसायिकताको सामान्य सिद्धान्तविपरीत लागतभन्दा कम मूल्यमा वस्तु बिक्री गर्नुपरेको र लगातार नोक्सानीमा उद्योग सञ्चालन गर्नुपरेको सम्बन्धमा प्रत्यर्थी उद्योगले तथ्ययुक्त ठोस आधार प्रमाण पेश गरी प्रमाणित गर्न नसकेको अवस्थामा प्रत्यर्थी उद्योगको भनाई मात्रको आधारमा कर कार्यालयले प्रत्यर्थी उद्योगलाई कर मिन्हा गर्ने स्थिति हुँदैन । यसरी मनोगत आधारमा कर मिन्हा गर्दै जाने हो भने कर तथा राजश्व प्रशासनसम्बन्धी कानूनी व्यवस्थाहरू प्रभावहीन भई राष्ट्रको राजश्व असूली प्रक्रिया प्रभावित हुन पुग्दछ ।

तसर्थ लागतभन्दा कम बिक्री मूल्य देखाएको रु.२५,६५,२८५।८२ प्रत्यर्थी उद्योगको खुद आयमा समावेश गरेको कर कार्यालयको निर्णय कर निर्धारण आदेश उल्टी गरी उक्त रकम मिन्हा गरेको राजश्व न्यायाधिकरणको फैसला कानूनसम्मत देखिएन ।

अब, सापटी दिएको धागोमा बैंक व्याज बापतको रु.३,०९,९५८।२५ खुद आयमा समावेश गरेको शुरु कर कार्यालयको निर्णय उल्टी गरी उक्त रकम मिन्हा गरेको राजश्व न्यायाधिकरण विराटनगरको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको अर्को पुनरावेदन जिकीरका सम्बन्धमा विचार गर्दा, कर कार्यालय विराटनगरको मिति २०५५।३।१५ को उक्त निर्णय पर्चाको प्रकरण २ मा कपडा उत्पादन गर्न धागो खरीद पैठारी गर्दा बैंकबाट ऋण लिई सो ऋणको व्याज खर्च लेखिएको साथै प्रा.लि.ले अन्यत्रबाट धागो सापटी प्राप्त गरी उत्पादन कारोवार गरेको देखिएकोले यसरी प्रयोग हुने सापटी धागोमा व्याज खर्च समावेश हुन कारोवारसँग सम्बन्धित नभई कूल व्याज खर्चमध्ये रु.३,०९,९५८।२५ आयमा समावेश गरिएको भन्ने उल्लेख भएको पाइन्छ । प्रत्यर्थी उद्योगले बैंकबाट ऋण लिएको कुरामा विवाद रहेको देखिँदैन र व्याज खर्च लेखेको कुरामा पनि शुरु कर कार्यालयले निर्णयमा विवाद उठाएको पाइँदैन तर के कति व्याजमध्ये के कति आधार कारणबाट अन्य रकम छुट पाउने र प्रस्तुत रकम रु.३,०९,९५८।२५ छुट नपाउने हो भन्ने सम्बन्धमा सो निर्णयमा कुनै विवेचना गरिएको पाइँदैन । यसरी बिना विश्लेषण र बिना आधार कारण मनोगत रुपमा उक्त रकम खुद आयमा समावेश गरेको कर कार्यालयको निर्णय कानूनसम्मत नदेखिँदा सो निर्णय उल्टी गरी उक्त रकम मिन्हा दिने ठर्हयाएको राजश्व न्यायाधिकरण विराटनगरको फैसला अन्यथा देखिएन ।

अतः लागतभन्दा कम बिक्री मूल्य देखाएको रु.२५,६५,२८५।८२ प्रत्यर्थी उद्योगको खुद आयमा समावेश गरेको शुरु कर कार्यालयको निर्णय तथा कर निर्धारण आदेश उल्टी गरी उक्त रकम मिन्हा गरेको हदसम्म राजश्व न्यायाधिकरण विराटनगरको फैसला त्रुटिपूर्ण भएकोले सो हदसम्म उक्त फैसला उल्टी हुने ठहर्छ उल्लेख भएको देखिएको ।

३.२.३ प्रतिपादित सिद्धान्त

- व्यावसायिकताको सामान्य सिद्धान्तविपरीत लागतभन्दा कम मूल्यमा वस्तु बिक्री गर्नुपरेको र लगातार नोक्सानीमा उद्योग सञ्चालन गर्नुपरेको सम्बन्धमा उद्योगले तथ्ययुक्त ठोस आधार प्रमाण पेश गरी प्रमाणित गर्न नसकेको

अवस्थामा उद्योगको भनाई मात्रको आधारमा कर कार्यालयले कर मिन्हा गर्ने स्थिति नहुने ।

- मनोगत आधारमा कर मिन्हा गर्दै जाने हो भने कर तथा राजश्व प्रशासनसम्बन्धी कानूनी व्यवस्थाहरू प्रभावहीन भई राष्ट्रको राजश्व असूली प्रक्रिया प्रभावित हुन पुग्ने ।

३.२.४ बिश्लेषण

शाह उद्दोग प्रा.ली.बिराटनगरले लागत मूल्यभन्दा घटी मूल्यमा बिक्री गरेको रकम रु.२५,६५,२८५।८२ र सापटी लिएको धागोमा बैंक ब्याज बापतको रु.३,०९,९५८।२५ खुद आयमा समावेश गरेकोआयकर ऐन २०३३को दफा ३३(३)मा कर अधिकृतलेप्राप्त भएको आय विवरण छानविन वाजांचवुझ गर्दा यस ऐनबमोजिम कट्टी गर्न पाउने खर्च कट्टा गरी आय तर्फ समावेश गर्नु पर्ने अन्य रकमहरु भए सो समेत समावेश गरी खुद आय कायम गरी कर निर्धारण गर्न सक्ने व्यवश्था रहेको र दफा ३३(४) माखुद आय निर्धारण गर्दा कर अधिकृतले त्यसरी आय निर्धारण गर्नु परेको आधार स्पष्ट खुलाई करदातालाई लिखित सुचना दिई आफ्नो आय सम्वन्धमा केही कुरा भन्न वा सवुदप्रमाण पेश गर्न ७ (सात) दिनको म्याद दिनु पर्ने,अन्य रकमहरु भए सो समेत समावेश गरी खुद आय कायम गरी कर निर्धारण गर्न सक्ने भन्ने उल्लेख भएकोमा लागतभन्दा कम मूल्यमा वस्तु बिक्री गर्नुपरेको र लगातार घाटामा उद्योग सञ्चालन गर्नुपरेको प्रत्यर्थीले पुष्टि गर्नु पर्नेमा सो गर्न नसकेको अबश्थामासोही ऐनको दफा ६०(४) बमोजीम स्वयं कर निर्धारण गर्ने करदाताले पेश गरेको विवरण झुठ्ठा नभई कर निर्धारण गर्ने प्रयोजनकोलागी ऐनको दफा १२, ४१ र ४३ बमोजिम खर्च मिन्हा पाउन सक्ने वा आयतर्फ समावेश हुनु पर्ने रकमहरुकोसम्वन्धमा मात्र त्रुटी गरेको देखिएमा यस्तो त्रुटीबाट घट्न गएको रकम निजबाट असुल गरी निजलाई सो रकमको पचास प्रतिशत जरिवाना हुने व्यवश्था रहेको देखिदा मूल्य भन्दा घटाएर बिक्री गरेको अवस्थामा त्यस्तो रकम खुद आयतर्फ समावेश गर्न नमिल्ने देखिन्छ ।

३.३.पुनः आयकर निर्धारण

३.३.१ बिबादीत बिषय

(क) बैंकबाट आउने मुद्दती ब्याजलाई आयमा गाभी पुनःआयकर निर्धारण गर्न पाउने,नपाउने ।

३.३.२ अदालतको ठहर

शहदेव शमशेर जवरा बिरुद्ध नेपाल सरकार भएको रिट मुद्दा(नि.नं.२९६१,ने.का.प.२०४३,अंक ९) मा आर्थिक वर्ष १९८० ज.डि. भन्नाले मिति २०३६।९।१८ देखि २०३७।९।१७ सम्म वर्ष १ को पर्न आउने र आर्थिक ऐन, २०३७ मिति २०३७।४।१ देखि लागु भएकोले मिति २०३७।४।१ लागु भएको मिति देखि २०३७।९।१७ सम्ममा के कति निक्षेप व्याज वापत आय आर्जन गरेको लगत दाखिल गर्नु भनी विपक्षी कर कार्यालयले मिति २०४२।८।१० को श्री ५ को सरकारको निर्णय भएको भन्दै पत्र लेखेकोले सो आर्थिक ऐन बमोजिम ब्याज कर लागी सकेको निक्षेप ब्याज आयमा आयकर नलाग्ने गरी लेखा हिसाब समेतका आधारमा आयकर निर्धारण भई सकेकोमा पुनः सोही निक्षेप ब्याजमा पुनः आय कायम गर्ने गरी गरेको विपक्षीको सम्पूर्ण काम कारवाही तथा निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने मुख्य रिट निवेदकको भनाई भएकोमा त्यसतर्फ हेर्दा निवेदकले आफ्नो उल्लेखित आ.ब. को आय विवरण सहितको नाफा नोक्सानको हिसाब र वासलात म्यादमै दाखिल गरी त्यसमा कानूनको प्रकृया पूरा गरी आयकर निर्धारण गरी लागेको करको रकम समेत निवेदकले दाखिल गरी सकेको देखिन्छ । निवेदकलाई पुनः कर निर्धारण गर्ने विषयमा निर्णय गर्दा जानकारीसम्म दिएको पनि देखिँदैन । आर्थिक ऐन तथा आयकर ऐन समेतका सम्बन्धित कानूनी व्यवस्थामा ब्याजलाई अन्य आयमा समावेश गरी पुनः कर निर्धारण गर्न पाउने प्रकृया रहे भएको पनि पाइँदैन । यस्तो स्थितिमा आफ्नो बैंकको मुद्दती ब्याजलाई समेत कानून अनुरुप आयमा समावेश गरी हिसाब किताब समेत राखी दिएको विवरण आधारमा कर कार्यालयले कानून बमोजिमको प्रकृया अपनाई सोही आय विवरणको आधारमा आयकर निर्धारण गरी सकेकोमा बैंकबाट आउने मुद्दती ब्याजलाई आयमा गाभी पुनः आयकर निर्धारण गर्न पाउने श्री ५ को सरकारलाई कानूनी अधिकारको विद्यमानता भएको देखिन नआएकोले, यस्तो कानूनी व्यवस्थाको अभावमा निवेदकलाई ब्याज वापतको रकम समेत समावेश गरी पुनः कर निर्धारण गर्ने भनी मिति २०४२।८।१० मा श्री ५ को सरकारले गरेको निर्णय समेतको सम्पूर्ण कारवाही तथा निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ भन्ने उल्लेख भएको देखिएको ।

३.३.३ प्रतिपादित सिद्धान्त

- आर्थिक ऐन तथा आयकर ऐन समेतका सम्बन्धित कानूनी व्यवस्थामा ब्याजलाई अन्य आयमा समावेश गरी पुनः कर निर्धारण गर्न पाउने प्रकृया रहे भएको पाइँदैन ।
- आफ्नो बैंकको मुद्दती व्याजलाई समेत कानून अनुरुप आयमा समावेश गरी हिसाब किताब समेत राखी दिएको विवरण आधारमा कर कार्यालयले कानून बमोजिमको प्रकृया अपनाई सोही आय विवरणको आधारमा आयकर निर्धारण गरी सकेकोमा बैंकबाट आउने मुद्दती ब्याजलाई आयमा गाभी पुनः आयकर निर्धारण गर्न पाउने श्री ५ को सरकारलाई कानूनी अधिकारको विद्यमानता भएको देखिन नआएको ।

३.३.४ बिश्लेषण

आर्थिक ऐन, २०३७ को दफा ११ अनुसार पुरै ब्याजमा ५प्रतिशतका दरले ब्याज कर लगाई असूल उपर गरी सकेपछि त्यस्तो ब्याज रकममा पुनः कर लिइने व्यवश्था गरेकोमा कानून बमोजिम बाहेक कर लगाइने छैन,ऐनको अख्तियारी बेगर कसैको सम्पत्ति लिने छैन भन्ने संवैधानिक व्यवस्था विपरितआफ्नो अधिकार क्षेत्र नभएको विषयमा गैरकानूनी तरिकाबाट क्षेत्राधिकार ग्रहण गरी सम्पत्ति सम्बन्धी संवैधानिक हकलाई असर पार्ने गरी निर्णय भएको,आफ्नो बैंकको मुद्दती व्याजलाई समेत कानून अनुरुप आयमा समावेश गरी हिसाब किताब समेत राखी दिएको विवरण आधारमा कर कार्यालयले कानून बमोजिमको प्रकृया अपनाई सोही आय विवरणको आधारमा आयकर निर्धारण गरी सकेकोमा बैंकबाट आउने मुद्दती ब्याजलाई आयमा गाभी पुनः आयकर निर्धारण गर्न पाउने देखिदैन ।

३.४.बोनस आयबाट वितरण

३.४.१ बिबादीत बिषय

(क) बोनस बापत छुट्याएको रकम सो आर्थिक वर्ष समाप्त भएपछि कम्पनीको लेखा परीक्षण भएपश्चात् कम्पनीको आयबाट वितरण गर्नुपर्ने रकम हो,होईन ।

३.४.२ अदालतको ठहर

आन्तरीक राजस्व कार्यालय बिराटनगर बिरुद्ध पशुपति ट्युव मिल्स पा.लि.भएको आयकर मुद्दा(नि.नं.९४३०,ने.का.प.२०७२,अंक ७) मापशुपति ट्युब मिल्स प्रा.लि.ले आर्थिक वर्ष २०५८।५९ मा आफ्नो खुद आयबाट बोनस ऐन, २०३० को

दफा ५ बमोजिम बोनस वितरणको प्रयोजनको लागि रू.१,१८,८६५।८७ छुट्याएको भन्ने कुरामा विवाद छैन । उक्त तथ्यमा पुनरावेदक आन्तरिक राजश्व कार्यालय,ले समेत अन्यथा जिकिर लिएको पाइँदैन । आयकर ऐन, २०५८ को दफा २४(२)(क) को देहाय (१) बमोजिम बोनस प्रोभिजनबापत छुट्याएको सो रकमको दायित्व प्रत्यर्थी कम्पनीमा निहित रहेको देखिन आउँछ । सो रकमको दायित्व प्रत्यर्थी कम्पनीमा निहित नरहने भन्ने कुनै कानूनी व्यवस्था भएको पनि पाइँदैन । वस्तुतः बोनसबापत छुट्याएको रकम सो आर्थिक वर्ष समाप्त भएपछि कम्पनीको लेखा परीक्षण भएपश्चात् कम्पनीको आयबाट वितरण गर्नुपर्ने रकम हो । कम्पनीको दायित्वमा रहने धारा पानी, बिजुली, बैंकको ब्याज इत्यादिबापत तिर्नुपर्ने रकम सोही आर्थिक वर्ष खर्च हुने रकम भए पनि बोनसबापतको रकम चालु आर्थिक वर्षमा छुट्याई आगामी वर्षमा वितरण गरिने रकम हो । आगामी वर्षमा पनि बोनसबापत छुट्याएको रकम वितरण नगरिएको अवस्थामा सो रकम कम्पनीको खुद आयमा गणना हुन्छ र करयोग्य हुन जान्छ । तर कम्पनीको खातामा सो रकम रहेको देखिएको भन्ने मात्र आधारमा उक्त रकम कम्पनीको दायित्वभित्र नपर्ने र खुद आयमा समावेश हुने भन्न मिल्ने हुँदैन । यस अवस्थामा बोनसबापत छुट्याएको रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम कट्टी हुने रकम भएको भनी खुद आयमा समावेश नगरेको राजश्व न्यायाधिकरण, विराटनगरको फैसला मनासिब देखिन आएकाले यस अदालतबाट पुनरावेदनको अनुमति प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन सकिएन ।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट चालु आर्थिक वर्षको नाफाबाट बोनस ऐन, २०३० को दफा ५ बमोजिम बोनस प्रोभिजनको लागि छुट्याएको रकमको दायित्व प्रत्यर्थी कम्पनीमा निहित रहेको हुँदा उक्त रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खुद आयमा कट्टा हुने भएकाले पुनः आयमा गणना गर्नुपर्ने भन्ने पुनरावेदकको कथन कानूनअनुकूल नहुँदा बोनसबापतको रू.१,१८,८६५।७८ खुद आयमा समावेश हुन नसक्ने भन्ने राजश्व न्यायाधिकरण, विराटनगरको मिति २०६६।१०।३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ उल्लेख भएको देखिएको ।

३.४.३ प्रतिपादित सिद्धान्त

- बोनस बापत छुट्याएको रकम सो आर्थिक वर्ष समाप्त भएपछि कम्पनीको लेखा परीक्षण भएपश्चात् कम्पनीको आयबाट वितरण गर्नुपर्ने रकम हो ।

- कम्पनीको दायित्वमा रहने धारा पानी, बिजुली, बैंकको ब्याज इत्यादिबापत तिर्नुपर्ने रकम सोही आर्थिक वर्ष खर्च हुने रकम भए पनि बोनसबापतको रकम चालु आर्थिक वर्षमा छुट्याई आगामी वर्षमा वितरण गरिने रकम हो ।
- आगामी वर्षमा पनि बोनसबापत छुट्याएको रकम वितरण नगरिएको अवस्थामा सो रकम कम्पनीको खुद आयमा गणना हुन्छ र करयोग्य हुन जान्छ । कम्पनीको खातामा सो रकम रहेको देखिएको भन्ने मात्र आधारमा उक्त रकम कम्पनीको दायित्वभित्र नपर्ने र खुद आयमा समावेश हुने भन्न नमिल्ने ।

३.४.४ **बिश्लेषण**

पशुपति ट्युब मिल्स प्रा.लि.ले आर्थिक वर्ष २०५८।५९ मा आफ्नो खुद आयबाट बोनस ऐन, २०३० को दफा ५ बमोजिम बोनस वितरणको प्रयोजनको लागि छुट्याएको रकम आयकर ऐन, २०५८ को दफा २४(२)(क) को देहाय (१) बमोजिम बोनस प्रोभिजनबापत छुट्याएको रकमको दायित्व कम्पनीमा निहित रहने र सो रकम आर्थिक वर्ष समाप्त भएपछि कम्पनीको लेखा परीक्षण भएपश्चात् कम्पनीको आयबाट वितरण गर्नुपर्ने रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खुद आयमा कट्टी हुने देखिएको ।

३.५.औद्योगिक व्यवसाय ऐन,२०४९ को दफा १५(ञ) र आयकर ऐन २०५८ सम्बन्धमा

३.५.१ बिबादीत बिषय

(क) जडित क्षमता बृद्धि भएको कारणले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(ञ) अनुसार स्थिर जेथामा भएको मूल्य बृद्धिको मूल्यको रकममा औद्योगिक व्यवसाय ऐन,२०४९ को दफा १५(ञ) ले हुने रकम खुद आयबाट कट्टा गर्ने सुविधा प्राप्त गर्नको लागि उद्योग विभागले थप छानबिन गर्नुपर्ने कारण र आवश्यकता हुने,नहुने ।

३.५.२ अदालतको ठहर

२ नं.क्षेत्र कर कार्यालय काठमाण्डौ बिरुद्ध महेन्द्र राज पाण्डे भएको आयकर मुद्दा(नि.नं.८९९६,ने.का.प.२०६६,अंक ७) माकरदाताले जडित क्षमतामा बृद्धि गरी यसबाट स्थिर जेथामा भएको बृद्धि पूँजिगत खर्चको विवरण समेत उल्लेख गरी

करछुटको सुविधाको लागि मिति २०५२।९।१२ मा उद्योग विभागलाई पठाएको पत्रका साथ संलग्न प्रतिवेदनको बुदा नं. ११ मा दिइएको विवरणमध्ये बुदा नं. (ङ) मा उल्लिखित अन्य सम्पत्ति शीर्षकमा देखाइएको रु.१,३६,९८,९२६।- खर्चलाई औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा (८) मा उल्लिखित स्थिर जेथाको परिभाषाभित्र नपर्ने देखिएकोले उक्त खर्चलाई स्थिर जेथामा भएको खर्च मान्न सकिने अवस्था भएन । तसर्थ उक्त प्रतिवेदनको प्रस्तावमा स्थिर जेथामा भएको भनिएको जम्मा खर्च रु.. ५९,४०,१८,१००।- बाट उक्त रु.१,३६,९८,९२६।- कटाई बाँकी हुन आउने रु.५८,०३,१९,१६४।- को ४० प्रतिशतले हुने रु.२३,२१,२७,६६९।६० उक्त ऐनको दफा १५(ञ) अनुसार पुनरावेदक करदाताले एकै पटक वा पटक-पटक गरी तीन वर्ष भित्र खुद आएबाट कट्टा गर्न पाउने देखिएकोले उद्योग विभाग एकद्वार समितिको ८९ औं बैठकले पुनरावेदक करदाताले खुद आएबाट कट्टी गरी लिन पाउने भनेको रु.८,४०,६१,१९१।९५ समेत उक्त रु.२३,२१,२७,६६९।६०.भित्र नै समावेश हुने हुँदा सोही आधारमा पुनरावेदक करदाताको आ.व. २०५२।०५३ को कर निर्धारण गर्नु भनी विपक्षी कर कार्यालयलाई लेखी पठाउने ठहर्छ उल्लेख भएको देखिएको ।

३.५.३ प्रतिपादित सिद्धान्त

- होटल उद्योगहरूको क्षमता विस्तार लगायतका कुराहरूको जाँचबुझ गर्ने, नियमन गर्ने र इजाजत दिने बारेमा प्रचलित कानूनअनुसार अधिकार प्राप्त नेपाल सरकारको निकायको रुपमा रहेको पर्यटन विभागले जडित क्षमता बृद्धिको प्रतिशत र यसको लागि स्थिर जेथामा भएको जम्मा खर्च रकम र सोमध्येबाट औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(ञ) अनुसार खुद आयबाट छुट पाउने रकम समेत यकीन गरेपछि यसलाई नेपाल सरकारको नै अर्को निकायको रुपमा रहेको उद्योग विभागले स्पष्ट कारण र आधार नदेखाई अन्यथा भन्ने र गर्ने अवस्था नआउने ।
- उद्योग विभागले कारण र आधार देखाई सुविधा नपाउने वारेमा निर्णय नै नगरेको अवस्थामा कानूनले प्रत्याभूति गरेको सुविधाबाट करदातालाई बञ्चित गर्नु न्यायोचित नहुने ।
- कुनै सरकारी निकायको अनिर्णय तथा अकार्यको दोष वा यसको भार करदाताले वोक्नु नपर्ने ।

३.५.४ बिश्लेषण

करदाताका साविक जडित क्षमता १२० कोठा भएकोमा सो मा १५० कोठा थप गरी जडित क्षमतामा शतप्रतिशत भन्दा बढी बृद्धि गरेको र यसको लागि होटल उद्योगले कूल स्थिर पूँजीगत खर्चको रुपमा रु.५९,४०,१८,१००।- खर्च गरेको,औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (ञ) अनुसार जडित क्षमतामा २५५ भन्दा बढी बृद्धि गरेमा यसरी क्षमता बृद्धि भएको कारणले थप भएको स्थिर जेथाको मूल्यको ४० प्रतिशतले हुने रकम खुद आय (ट्याक्सेवल इनकम) बाट एक मुष्ट वा पटक-पटक गरी तीन वर्ष भित्र कट्टा गर्न पाउने व्यवस्था गरेको देखिन्छ,होटेल उद्योगहरूको क्षमता विस्तार लगायतका कुराहरूको जाँचबुझ गर्ने, नियमन गर्ने र इजाजत दिने बारेमा प्रचलित कानूनअनुसार अधिकार प्राप्त नेपाल सरकारको निकायको रुपमा रहेको पर्यटन विभागले जडित क्षमता बृद्धिको प्रतिशत र यसको लागि स्थिर जेथामा भएको जम्मा खर्च रकम र सोमध्येबाट उक्त ऐनको दफा १५(ञ) अनुसार खुद आयबाट छुट पाउने रकम समेत यकीन गरेकोमा उद्योग विभागले स्पष्ट कारण र आधार नदेखाई अन्यथा भन्नर गर्न नमिल्ने हुदाऔद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(ञ) अनुसार करदाताले एकै पटक वा पटक-पटक गरी तीन वर्ष भित्र खुद आएबाट कट्टा गर्न पाउने देखिन्छ ।

४.निश्कर्ष

आयकर ऐन, २०५८ लागु भएको झण्डै एक दशक भईसकेको छ । यस अवधिमा ऐनको कार्यान्वयनले थुप्रै प्रकारका आरोह अवरोह पार गरेको छ । यसको अलावा ऐनका प्रावधानहरु एकत्रित रुपमा प्रस्तुत गर्न साथै नियमावलीमा ब्यबस्था गरिएका नियमहरुलाई एकत्रित गरी सवैले बुझ्ने गरी सरल र सहज तरिकाले ऐनको कुनै खास दफामा उल्लेखित व्यवस्था र सो दफाले समेटेका ऐनका अन्य दफा समेतलाई क्रमवद्ध समावेस गरी सरल ढंगबाट सबैले सजिलैसँग बुझ्न सक्ने गरी व्याख्या गरिनु पर्दछ ।आयकर ऐन,२०५८ को दफा १४२ र औधोगीक व्यवसाय ऐन,२०४९ को दफा मा १५(ञ) को बिषयमा अन्यौल देखिएको छ । आयकर असुल उपर सम्बन्धी कारवाही र निर्णय गर्दा कानून र कर सम्बन्धी न्यायिक सिद्धान्तलाई आधार मानि कर अधिकृतले आधार कारण सहित न्यायिक मन प्रयोग गरी कानूनको व्याख्या गरी गर्नु पर्दछ । त्यस्तो नभएमा कर अधिकृतद्वारा भएका निर्णय, काम कारवाही बदर हुन्छन् । कर अधिकृतलाई

कानूनले विवेक प्रयोग गर्ने प्रशस्त अवसर दिन्छ,त्यस्तो विवेक प्रयोग गर्दा तर्क एवं न्याय संगत ढंगले गर्नु पर्दछ ।न्यायाधिकरणले प्रतिस्पर्धा प्रणाली अन्तर्गत परस्पर वहस छलफल गरी वा गराई कानून र न्यायका मूल्य मान्यताको आधारमा फैसला गर्ने हुँदा न्यायाधिकरणबाट व्यक्त राय, ठहर वा कानूनको व्यवस्था कर अधिकृतले निर्यण गर्दा अवलम्वन गर्नु पर्दछ । सर्वोच्च अदालतबाट कर सम्बन्धमा प्रतिपादित सिद्धान्त कानून सरह हुन्छ तसर्थ, त्यसको पालना सबैले गर्नु पर्दछ । तसर्थ कुनै निर्णय, काम कारवाहिको क्रममा कुनै न्यायिक सिद्धान्तको प्रश्न उपस्थित भएमा त्यसप्रति सम्वेदनशिल भई उचित र उपयुक्त निर्णय दिनु पर्दछ ।हाल बिध्यमान फैसलाहरुको अध्ययनबाटआयकर सम्बन्धमा भएका फैसलामा समानता रहेको देखिदैन तसर्थ कानुनको व्याख्या गर्दा बिधायीकी मनसाय समेतलाई मध्यनजर गरी कानुनको सही प्रयोग गरी प्रतिपादीत सिद्धान्त समतेको आधारमा गरीनु पर्ने देखिन्छ ।

सन्दर्भ सामग्री

१. नेपालको संबिधान २०४७,

२. आयकर ऐन २०५८,

३. औधोगीक व्यवसाय ऐन,२०४९

४. आयकर नियमावलि २०४९,

५. कर बुलेटीन २०७५

६. आन्तरीक राजस्व कार्यालयबाट प्रकाशित सर्वाच्च अदालतबाट भएका कर सम्बन्धी फैसलाको संग्रह ।

७. आन्तरीक राजस्व कार्यालयबाट प्रकाशित बार्षिक प्रतिवेदन २०७३।७४

८. राजस्व अनुसन्धान बिभागबाट प्रकाशित बार्षिक प्रतिवेदन २०७३।७४